
# अर्थनीति

सेजन म्यागेजिन २०८०



## अर्थतन्त्रको संकटमोचन




The all-new Hyundai Venue combines advanced technology with new-age style. Brace yourself for style that grabs attention with flair. The all-new Venue is all about drive, about style and most importantly making a statement that matches your vibe.




Dark chrome front grille



LED projector headlamps



Connecting LED tail lamps



Wireless phone charger



Puddle lamps



20.32 cm (8") HD infotainment system

HYUNDAI

6 YEARS FREE SERVICE

3 YEARS WARRANTY

HYUNDAI परिवार

HYUNDAI | LAXMI

Laxmi InterContinental Pvt. Ltd.
(An ISO 9001:2015 Certified Company) an entity of Laxmi Group Nepal

**Hyundai Call Center No:** 01-5970226
**Dealership:**
**Bhaktapur:** 01-6635266, 6637147, 9801201104, **Naxal:** 01-4413934, 4413942, 9801201082, **Thapathali:** 01-5911553, 5911554, 5911556, 5911457, 5911558, 5911568, 9801239277, **Thapathali-EV:** 01-5912626, 5913636, 9801201508, **Maharajgunj:** 01-5911009, 9801201103
**Bhairahawa:** 071-575428, 9802608803, 9802608801, **Bharatpur:** 056-522776, 9801353761, 9801353765, **Biratnagar:** 021-460609, 9802763896, 9802780946, **Birgunj:** 051-527507, 9801087477, 9801005377, **Birtamod:** 023-541495, 9802672044, 9802672041, **Butwal:** 071-415278, 9801943959, **Dang:** 082-563634, 9801347966, 9801347967, **Dhangadi:** 091-524492, 9802540105, **Hetauda:** 057-520200, 9855068578, 9802641989, **Itahari:** 025-588486,9801239293, **Nepalgunj:** 081-550427, 9802546481, **Pokhara:** 061-537426, 9801201010, 9801240155

VENUE


एकको दुई
दुईको चार
खुसि राखौं आफ्नो परिवार
prabhu Bank
SALARY
SAVINGS
prabhu Bank
Prabhu Building, Babarmahal, Kathmandu
Post Box no.: 19441
Phone: +977-1-5719000
Fax: +977-1-4780588
E-mail: info@prabhubank.com
Toll Free No
16600107777
www.prabhubank.com
Swift Code: PRVUNPKA

NEEK
SINCE 1992

CPRI | NS No. 166 | MGMT. SYS. RvA C 046 | ISO 9001 CERTIFICATE ISO 9001:2015 | NEA Test Certified | ISO 45001



# NEED A TRANSFORMER?




## Our Services

**BUY BACK FACILITY**

**ON-SITE AFTER SALES TRANSFORMER CHECK UP**


**CONSULTANCY SERVICE**

**LEASING SERVICE**

**INSTALLATION PACKAGES**

**ON- CALL AFTER SALES SUPPORT**

01-5970391, 01-5343436, 01-5344857 | info@neek-transformer.com




# Scan, pay and go with QR Payments now using SC Mobile App

Transform your transaction experience with QR codes: the magic is the scan.

Enjoy the perfect solution for cashless payments through our SC Mobile App – it is fast, safe and easy.

The QR payment feature is available in all Nepalpay/ Smartpay QR accepted merchant outlets and online portals.

For more information, please contact our 24X7 Client Care Centre at +977 1 4791800/5424198 or visit your nearest branch.

standard chartered

*Terms and Conditions apply.



कुमारी
गज्जबको बचत खाता
उच्चतम ब्याजदर
रू. १,000/- न्यूनतम मौज्दात
रू. २0,000/- सम्मको स्वास्थ्य बीमा
शर्तहरु लागु हुनेछन् ।
फाईदा दमदार,
कुमारी बैंक सही छ यार ।
Scan for more details:
For more details: www.kumaribank.com
Insurance partner: Siddhartha Premier Insurance Co. Ltd.
For any queries and support,
Please call us at 01-5970499
कुमारी बैंक लि. डिजिटल बैंकिङ्ग प्रणालीको प्रवर्द्धन गर्दछ ।

# अर्थनीति

नेपाल आर्थिक पत्रकार समाज
(सेजन) द्वारा
२७औं वार्षिकोत्सवका अवसरमा
प्रकाशित सेजन म्यागेजिन

सम्पादक
**कृष्ण आचार्य**

सह-सम्पादक
**केदार भट्टराई**
**भूमीश्वर पौडेल**

कभर
**भानु भट्टराई**

लेआउट
**विश्वराज सापकोटा**

व्यवस्थापन
**अश्विन पराजुली**
**सुन्दर दाहाल**

**सचिवालय**
**नेपाल आर्थिक पत्रकार समाज**
(सेजन)
अनामनगर, काठमाडौं
फोन नं. : ०१-४१०२९७४
इमेल : nepal.sejon@gmail .com
www .sejonnepal .com
प्रकाशित प्रतिः १०,०००

**प्रिन्टिङ**
क्लासी प्रिन्टिङ प्रेस
ठिमी, भक्तपुर




# संकटमोचनको कुन्जी

विगतमा विकास तथा समग्र आर्थिक क्षेत्रमा समस्या आउँदा होस् वा सुधार हुन नसक्दा कुनै खास कारण हुन्थे । १९९० बाट गरिएको आर्थिक सुधारका क्रियाकलापले तीव्रता नपाउनुका पछाडि दशवर्षे द्वन्द्व, २०६२/६३ को जनआन्दोलन र राजनीतिक संक्रमणकाल, संविधान निर्माणको चरण, ०७२ सालको भूकम्प, भारतीय नाकाबन्दीलाई बहाना बनाउने गरिएको थियो । विश्वव्यापी कोभिड-१९ को महामारीपछिका वर्षमा केही समस्या रहे पनि नेपालको विकास र समग्र अर्थतन्त्रले गति लिन नसक्नुका पछाडि कुनै उचित कारण देखिन्न । मूलतः प्रशासनिक तथा राजनीतिक नेतृत्वको कार्यक्षमता, कार्यशैली र राजनीतिक खिचातानीले समग्र अर्थतन्त्रमा अस्थिरता, मन्दी र शिथिलता मात्रै होइन, संकट पनि छ ।

मुख्यतः अर्थतन्त्रको स्वास्थ्य अवस्था चार क्षेत्र (सरकारी वित्त, मौद्रिक स्थिति, बाह्य क्षेत्र र आर्थिक वृद्धि) लाई छुट्याएर हेर्ने गरिन्छ । सरकारी वित्तको सन्दर्भमा चालु आर्थिक वर्षको साढे चार महिना बितिसक्दा पुँजीगत खर्च जम्मा १० प्रतिशत मात्रै छ । राजस्व संकलन वार्षिक लक्ष्यको करिब २१ प्रतिशत हाराहारी मात्रै छ । आन्तरिक ऋण उल्लेख्य मात्रामा उठाइएको छ भने वैदेशिक ऋण तथा अनुदानको उपलब्धि कम छ ।

अर्को क्षेत्र मौद्रिक स्थितिमा पनि उत्साहको सूचक देखिएको छैन । नयाँ उद्यम व्यवसाय गर्नेले होस् वा पुराना उद्यमी व्यवसायीले बैंक तथा वित्तीय संस्थाबाट सहज रूपमा ऋण पाउने अवस्था छैन । पाइहाले पनि ऋणको ब्याजदर उच्च छ । अर्कोतर्फ बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य रकम थुप्रिएर बसेको छ । बैंकहरूको नाफा घटेको छ, विगतमा परिचालित ऋण उठ्न नसकेर खराब कर्जा बढ्दो क्रममा छ । बैंकबाट कर्जा परचिालन र ऋणीलाई कर्जाको उपलब्धता, ब्याजदर र वित्तीय पहुँचको अवस्थाका सूचकांकले प्रतिनिधित्व गर्ने मौद्रिक क्षेत्र समस्यामा छ, सुधारको संकेत पनि कम देखिन्छ ।

तुलनात्मक रूपमा बाह्य क्षेत्रमा सुधार भएको छ । कुल विदेशी विनिमय सञ्चिति १४ खर्ब ३३ अर्ब रुपैयाँ पुगेको छ, जसले साढे १० महिनाको वस्तु तथा सेवा आयात गर्न पुग्छ । यस हिसाबले बाह्य क्षेत्रमा तुलनात्मक रूपमा सुधार देखिए पनि यसका पछाडि आन्तरिक आर्थिक सामर्थ्य कारण भने छैन । श्रम गर्न बिदेसिएकाहरूले पठाएको रेमिट्यान्सका कारण बाह्य क्षेत्रमा सुधार भएको हो । विदेशी विनिमय सञ्चितिमा आयात प्रतिस्थापन, निर्यातबाट प्राप्त आम्दानी, वैदेशिक लगानीको हिस्सा बढी हुँदा मात्रै बाह्य क्षेत्रको सुधार दिगो मान्न सकिन्छ । एउटा आशाको संकेत सूचना प्रविधि उद्योगले देखाएको छ । नेपाली युवाहरूले सृजना गरेका सूचना प्रविधि क्षेत्रका वस्तु तथा सेवाको निर्यात बढ्दो क्रममा छ । तर विदेशी विनिमय सञ्चितिमा यसको हिस्सा पनि निकै कम छ । अर्थतन्त्रको एक प्रमुख क्षेत्र बाह्य क्षेत्रमा केही सकारात्मक संकेत देखिए पनि दिगो बनाउन जरूरी छ ।

चालु वर्षमा पनि आर्थिक वृद्धिको सरकारी लक्ष्य पूरा हुने सम्भावना देखिँदैन । अर्थतन्त्रको मुख्य ऐना मानिने सेयर बजारमा उत्साहप्रद अवस्था देखिँदैन । विगतमा राजनीतिक तथा प्राकृतिक केही स्वाभाविक कारणले समस्या सृजना भए पनि गतवर्षबाट नै मुलुकमा कुनै पनि प्रकारका अस्वाभाविक घटनाक्रम छैनन् । सरकारी अधिकारीहरूले विश्वव्यापी वित्तीय अस्थिरता तथा मन्दीको असरलाई दोष देखाउने गरेका छन् । निश्चय पनि विश्वव्यापी अवस्थाले नेपालमा केही असर गरेको हो । तर यो अवस्था आउनुको जड अर्थतन्त्रको बागडोर सम्हालेका नेतृत्वको असक्षता हो । मुख्यगरी अर्थतन्त्र सम्हाल्ने नेतृत्वदायी भूमिका खेल्नुपर्ने प्रधानमन्त्री, अर्थमन्त्री र राष्ट्र बैंकका गभर्नरबीच फरक मत तथा समन्वय अभावका कारण कतिपय ससाना समस्यासमेत सामधान हुन सकेका छैनन् । कर्मचारीतन्त्रमा अस्थिरता र सरकारी निकायपिच्छेका फरक-फरक नीति छन् । संसदले आर्थिक सुधारका कानुन बनाउन सकेको छैन । विकास र अर्थतन्त्रलाई प्राथमिकतामा राखेर सरकारको खबरदारी गर्नुपर्ने प्रमुख प्रतिपक्षको ध्यान अन्तै देखिन्छ ।

बजारमा माग छैन । पुँजी प्रवाह रोकिएको छ । सरकारी खर्च बढ्न सकेको छैन । स्वदेशी तथा विदेशी लगानी बढ्न सकेको छैन । लगानीकर्ता पर्ख र हेरको स्थितिमा छन् । रोजगारीका अवसर बढ्न सकेका छैनन् । सबैभन्दा निराशाजनक अवस्था निजी क्षेत्रमा आत्मविश्वास घटेको छ । यो आर्थिक अनिश्चयको भुमरीबाट बाहिर निस्कनमा सरकार खासगरी प्रधानमन्त्री, अर्थमन्त्री, गभर्नर र सरोकारवाला निकायकै भूमिका बढी रहन्छ । त्यो भूमिका निर्वाह गराउन प्रतिपक्ष दल, कार्यक्षेत्रअनुसार संवैधानिक निकायको हस्तक्षेप, अर्थशास्त्रीहरूको प्रभावकारी सुझाव र निजी क्षेत्रले पनि ठोस पहल गर्नु उत्तिकै आवश्यक छ ।

# हाम्रा लेखक


प्रा.डा. अच्युत वाग्ले


अनुपकुमार उपाध्याय


डा. अमृता शर्मा


आङकाजी शेर्पा


डा. कल्पना खनाल


गगनकुमार थापा


चन्द्र घिमिरे



चन्द्रप्रसाद ढकाल


जुना माथेमा


दीपेन्द्र चौलागाईं


नरबहादुर थापा


नरविक्रम थापा


नाथुप्रसाद चौधरी



डा. प्रकाशशरण महत


प्रतीक प्रधान



प्रदीपकुमार ज्ञवाली


पशुपति मुरारका


डा. पारस खरेल


पुष्पकमल दाहाल


पोषकराज पौडेल



डा. बाबुराम भट्टराई



प्रा. डा. बालचन्द्र लुइँटेल


बालानन्द पौडेल


डा. विपीन अधिकारी


विशाल उपाध्याय


विष्णु पौडेल


डा. भगवान कोइराला


भेषराज लोहनी


मनीष झा



डा. मानबहादुर बीके


महाप्रसाद अधिकारी


यमुना श्रेष्ठ


डा. यमुना घले


यामकुमारी खतिवडा


डा. युवराज खतिवडा


रञ्जित आचार्य


रवि सिंह


डा. रमेशचन्द्र पौडेल


राजेन्द्र मल्ल


राजेशकुमार अग्रवाल


राजेशकुमार अग्रवाल


राधा पोखरेल


राधेश पन्त


रामबहादुर यादव


रिचन श्रेष्ठ


लक्ष्मी पाण्डे


वर्षमान पुन


डा. समीर खतिवडा


सरोज आचार्य


सहारा जोशी


डा. स्वर्णिम वाग्ले


सुजन ओली



सुनिल केसी



सुनिल जाकिबाञ्जा


सुमन जोशी


सुवास शर्मा


सुशील भट्ट


प्रा.डा. शिवराज अधिकारी


हरि शर्मा

# यसभित्र


वित्तीय संघीयताको चिरफार ज्यादै फितलो कार्यान्वयन
प्रा.डा. अच्युत वाग्ले १०

सुदूरका गेमचेन्जर आयोजनाको प्राथमिकता
अनुपकुमार उपाध्याय १६

सूचना प्रविधि : सम्भावना भएको निर्यात क्षेत्र
डा. अमृता शर्मा २०

पर्यटकका आधार : हिमाल, हिउँ र हिमनदी
आङकाजी शेर्पा २३

अनुसन्धानमा आधारित नीति निर्माण
डा. कल्पना खनाल २६

गिग अर्थव्यवस्था अर्थतन्त्रको नयाँ रूप
गगनकुमार थापा ३०

टाढा छ अन्तर्राष्ट्रिय व्यापारको लाभ
चन्द्र घिमिरे ३४

अर्थतन्त्रको संकटमोचनमा निजी क्षेत्रको भूमिका
चन्द्रप्रसाद ढकाल ३८

तीव्र वृद्धिलाई स्टार्टअपमैत्री दिशा
जुना माथेमा ४१

निजी क्षेत्र सरकारको शत्रु होइन
दीपेन्द्र चौलागाईं ४५

कर्जा प्राथमिकताको पुनर्संरचना अपरिहार्य
नरबहादुर थापा ४८

खोइ साझा अधिकारसम्बन्धी कानुन ?
नरविक्रम थापा ५२

सिँचाइ नै प्रदेश विकासको रामवाण
नाथुप्रसाद चौधरी ५५

अर्थतन्त्रबारेको भाष्यमा सुधार आवश्यक
डा. प्रकाशशरण महत ५९

धराशायी हुँदै नेपाली मिडिया
प्रतीक प्रधान ६३

आर्थिक कूटनीतिको मार्गचित्र र पर्गेल्नुपर्ने मुद्दा
प्रदीपकुमार ज्ञवाली ६७

लगानी बढाउन उत्तरदायी कर्मचारीतन्त्र
पशुपति मुरारका ७१

एलडीसी स्तरोन्नति यात्रामा तय गर्नुपर्ने बाटो
डा. पारस खरेल ७४

अर्थतन्त्र सुधारमा सरकारको संकल्प
पुष्पकमल दाहाल ७८

साक्षरता र चेतनाको खोजी
पोषकराज पौडेल ८०

समृद्धिका लागि संरचनागत सुधार पहिलो सर्त
डा. बाबुराम भट्टराई ८२

शिक्षाबाट समाज पुनःसंरचना
प्रा. डा. बालचन्द्र लुइँटेल ८५

वित्तीय संघीयतामा स्पष्ट हुनुपर्ने सवाल
बालानन्द पौडेल ८९

कानुनी शासनबाट अर्थतन्त्रको पुनरूत्थान
डा. विपीन अधिकारी ९३

रूपान्तरणको पूर्वसर्त नीतिगत सुधार
विशाल उपाध्याय ९९

पहल गरे समाधान निस्कन्छ
विष्णु पौडेल १०२

स्वास्थ्य सेवा सुधारमार्फत अर्थतन्त्रको पुनरूत्थान
डा. भगवान कोइराला १०५

घरजग्गा कारोबार व्यवस्थित बनाउने उपाय
भेषराज लोहनी १०८

उद्यमशीलताप्रति उत्साह र आवश्यकता
मनीष झा ११०
बाधक पुरातन सोच र पूर्वाग्रही मनोविज्ञान
डा. मानबहादुर बीके ११४
अर्थतन्त्रको विद्यमान अवस्था र मौद्रिक नीति
महाप्रसाद अधिकारी ११९
सङ्कटग्रस्त अटो व्यवसाय सुधार्न स्थिर नीति
यमुना श्रेष्ठ १२४
नीतिदेखि भान्सासम्म छैन उपभोग अनुशासन
डा. यमुना घले १२७
सम्भाव्यता आन्तरिक उत्पादन र व्यापारको
यामकुमारी खतिवडा १३०
सरकारी वित्त नीति र मौद्रिक नीतिबीचको तादात्म्य
डा. युवराज खतिवडा १३३
समस्या छ भन्दैमा निराश नबनौं
रञ्जित आचार्य १३७
टेको खोज्दै निर्माण क्षेत्र
रवि सिंह १४१
सोह्रौं योजनाले कोर्न खोजेको विकासको बाटो
डा. रमेशचन्द्र पौडेल १४५
अर्थतन्त्र सुधार्न नीतिगत सुधार
राजेन्द्र मल्ल १४९
सम्भाव्यता आन्तरिक उत्पादन र व्यापारको
राजेशकुमार अग्रवाल १५४
नीतिगत स्थायित्वदेखि संरक्षणसम्मको खाँचो
राजेशकुमार अग्रवाल १५७
पुँजीबजारमा अन्तर्राष्ट्रिय मापदण्डको खोजी
राधा पोखरेल १६१
लगानीमा जोखिम व्यवस्थापन
राधेश पन्त १६५
लघुवित्तका समस्याको निकासका नौ सूत्र
रामबहादुर यादव १६९
परिवर्तनीय सूचना प्रविधिलाई नीतिगत प्राथमिकता
रिचन श्रेष्ठ १७३
अर्थतन्त्र सुधार्न स्थानीय तह महत्वपूर्ण
लक्ष्मी पाण्डे १७७
अर्थतन्त्र सुधारलाई सबैको हातेमालो
वर्षमान पुन १७९
श्रमबजारको हल्ला र वास्तविकता
डा. समीर खतिवडा १८३
सार्वजनिक वित्तीय व्यवस्थापन र अभ्यास
सरोज आचार्य १८७
सानो बजार स्टार्टअपका लागि सुखद
सहारा जोशी १९२
अर्थतन्त्रको चरित्रीकरण र मध्यकालीन दिशा
डा. स्वर्णिम वाग्ले १९७
आवश्यकता नयाँ सोचको
सुजन ओली २००
बैंकिङ क्षेत्रको असर र वित्तीय औजारसहितका उपाय
सुनिल केसी २०३
अर्थतन्त्र उकास्न दूरसञ्चार क्षेत्रको भूमिका
सुनिल जाकिबाञ्जा २०६
जलविद्युत्को उज्यालो बाटो
सुमन जोशी २०९
पारदर्शिता र समावेशिताका लागि विद्युतीय अर्थतन्त्र
सुवास शर्मा २१२
सार्वजनिक-निजी साझेदारी र निजी लगानी प्रवर्द्धन
सुशील भट्ट
२१५
कुशल मानव संसाधन, अर्थतन्त्र सुधार्ने साधन
प्रा.डा. शिवराज अधिकारी २१९
युवा बिदेसिए भन्ने होइन,फर्किंदैनन् कि भन्ने चिन्ता
हरि शर्मा २२३

# वित्तीय संघीयताको चिरफार ज्यादै फितलो कार्यान्वयन

नेपालको वित्तीय संघीयताको संवैधानिक र कानुनी, संस्थागत र आर्थिक सुशासनका पक्षहरूको पृष्ठभूमिमा यस आलेखले संघीय प्रणालीअन्तर्गत विगत पाच वर्षको अनुभवका आधारमा वित्तीय संघीयताका आधारभूत लक्षण र प्रवृत्तिको समीक्षाको प्रयास गरेको छ ।



प्रा.डा. अच्युत वाग्ले

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान लागु भएको आठवर्ष पूरा भएको छ । यसको वास्तविक कार्यान्वयन भने २०७४ सालमा संघीय, प्रादेशिक एवं स्थानीय व्यवस्थापिकाका लागि भएका निर्वाचन र त्यसपछि बनेका तीनओटै तहका सरकारले आफ्नो जिम्मेवारी बहन गरेपछि प्रारम्भ भएको हो । यसरी हेर्दा संघीयता कार्यान्वयनको आरम्भ भएको सात वर्ष पूरा गरेको छ । वित्तीय संघीयताको वास्तविक कार्यान्वयन भने आर्थिक वर्ष २०७५/७६ सालका तीनवटै तहले आ-आफ्ना बजेट प्रस्तुत गरेपछि आरम्भ भएको हो । संघले प्रदेश र स्थानीय तहलाई तथा प्रदेशले स्थानीय तहलाई दिने वित्तीय समानीकरण अनुदान, राजस्व बाँडफाँटको हिस्सा र प्राकृतिक स्रोतबाट आउने रोयल्टीको वितरणको आधार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयागले सिफारिस अनुरूप सो आर्थिक वर्षको संघीय बजेटले प्रस्ताव गर्‍यो । यसरी आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत हुँदासम्म वित्तीय संघीयताले पनि पाँच वर्षको चक्र पूरा गरेको छ । २०७४ सालको चुनावबाट निर्वाचित जनप्रतिनिधिको पाँचवर्षे कार्यकाल सकिएर गत वर्ष भएको चुनावपछि संघीयता कार्यान्वयनको एउटा चक्र पूरा भएको छ ।

यी दृष्टिकोणबाट नेपालको वित्तीय संघीयताको कार्यान्वयन कति सफल वा असफल भयो र यसका कुनकुन आयाममा व्यापक र तात्त्विक परिवर्तन गर्नु आवश्यक छ भन्ने समीक्षाका लागि यो उपयुक्त समय हो । संघीय शासनका प्रमुख चारवटा खम्बाहरू (संवैधानिक संघीयता, राजनीतिक संघीयता, प्रशासनिक संघीयता र वित्तीय संघीयता) रहेको सैद्धान्तिक व्याख्याले विश्वव्यापी मान्यता पाएको छ । तर संघीय शासनको वास्तविक औचित्य स्थापित गर्न र यो शासनलाई कुनै पनि मुलुक र उपराष्ट्रिय अर्थतन्त्रविशेषका लागि समृद्धिदायक एवं आममानिसका लागि लोककल्याणकारी बनाउने मुख्य कडी चाहिँ वित्तीय संघीयता नै हो ।

## प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन

वित्तीय संघीयताले कानुनी, संरचनागत र संचालनगत आधार र दिशा प्रस्ट्याएपछि अरू तीनवटा खम्बाले त्यसलाई सघाउने हुन् । वित्तीय संघीयताले ल्याउने सार्वजनिक वित्त व्यवस्थापनमा चुस्तता, स्रोत परिचालन प्रभावकारिता, आर्थिक पारदर्शिता र सार्वजनिक सेवामाथि सहज पहुँच र यी सबैको समुच्च परिणामस्वरूप अर्थतन्त्रको फराकिलो र दिगो विकास सम्भव हुन्छ । यथार्थमा नेपालको वित्तीय संघीयताले नीति र योजनागत प्राथमिकतामा यथोचित महत्त्व र सफल सञ्चालनका लागि संघीयताका अरू तीनवटा खम्बाबाट यथेष्ट परिपूरण पाएको देखिँदैन ।

नेपालको वित्तीय संघीयताको संवैधानिक र कानुनी, संस्थागत र आर्थिक सुशासनका पक्षहरूको पृष्ठभूमिमा यस आलेखले संघीय प्रणालीअन्तर्गत विगत पाँच वर्षको अनुभवका आधारमा वित्तीय संघीयताका आधारभूत लक्षण र प्रवृत्तिको समीक्षाको प्रयास गरेको छ ।

## संवैधानिक र कानुनी आधार

नेपालको वित्तीय संघीयता सञ्चालनकालागि संविधानको धारा ६० सबैभन्दा महत्त्वपूर्ण संवैधानिक आधार हो । यसले तीनै तहका सरकारलाई कर लगाउने आधार र अधिकार दिएको छ । आर्थिक स्रोतको वितरण र बाँडफाँटका आधार तय गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमार्फत् वित्तीय समानीकरण अनुदान ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको व्यवस्था तथा प्राकृतिक स्रोतबाट आम्दानी हुने रोयल्टीको समेत न्यायोचित बाँडफाँटको परिकल्पना संविधानले गरेको छ । संविधानको धारा २५१ ले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकार प्रस्ट्याएको छ । उठेको राजस्वका संघ, प्रदेश र स्थानीय तहबीच बाँडफाँटको प्रावधान अनुरूप मापदण्ड तयार गर्ने, सबै प्रकारका अनुदान वितरणका लागि सूत्र बनाएर संघीय र प्रादेशिक सरकारहरूलाई सिफारिस गर्ने, संघीय, प्रादेशिक एवं स्थानीय सञ्चित कोषको व्यवस्था गर्ने, प्राकृतिक स्रोतबाट उठ्ने राजस्वको बाँडफाँटका आधार र मापदण्ड वित्त आयोगले बनाउँछ । त्यसैगरी, संविधानको धारा ११५ र २२८ ले क्रमशः प्रादेशिक एवं स्थानीय सरकारले कानुनले दिए अनुसारको तर संघीय सरकारको पूर्वस्वीकृति लिएर ऋण लिन पाउने व्यवस्था पनि गरेको छ ।

वित्तीय संघीयता कार्यान्वयनमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ सबैभन्दा महत्त्वपूर्ण कानुन हो । यसका अतिरिक्त राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जस्ता कानुन उत्तिकै महत्वका छन् । अन्तरसरकारी वित्तीय व्यवस्था ऐनको दफा ८, ९, १० र ११ ले क्रमशः वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको व्यवस्था गरेको छ । त्यस्तैगरी दफा १४ ले स्थानीय तहले समेत आन्तरिक ऋण लिन पाउने उल्लेख गरेको छ ।

दुई अपेक्षाकृत नयाँ कानुन पनि लागू भएका छन् । संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ ले तीनवटा तहका सरकारबीच समन्वय र सहकार्यलाई प्राथमिकता दिएको छ । ऋण तथा ग्यारेन्टी ऐन, २०२५ र सार्वजनिक ऋण ऐन, २०५९ लाई खारेज गरी तीनै तहका सरकारका लागि 'सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९' लागू छ । सरकारले सार्वजनिक ऋण व्यवस्थापन कार्यालय नामको नयाँ निकाय स्थापना गरेको छ ।

वित्तीय संघीयतालाई कार्यान्वयनमा ल्याउने प्रमुख संवैधानिक निकायका रूपमा कार्य गरिरहेको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले विविध प्रकृतिका वित्तिय हस्तान्तरणलाई मुख्यगरी ५ वटा समूहमा वर्गीकरण गरेर कार्यन्वयनमा लगेको छ ।

क) राजस्व बाँडफाँट,

ख) वित्तीय समानीकरण अनुदान,

ग) ससर्त अनुदान,

घ) आन्तरिक ऋण, र

ङ) प्राकृतिक स्रोत (यसको रोयल्टी)

क) राजस्व बाँडफाँट

धारा ११६, २०४ र २२९ ले क्रमशः संघीय, प्रादेशिक र स्थानीय तहको सञ्चित कोषका लागि यी कोषमा जम्मा हुने राजस्वको प्रकारलाई प्रस्ट्याएको छ । अन्तरसरकारी वित्तीय व्यवस्था ऐन, २०७४ को दफा ६ ले मूल्य अभिवृद्धि कर (भ्याट) र अन्तःशुल्कबाट सङ्कलित राजस्व बाँडफाँड गर्न निम्न व्यवस्था गरेको छ :

१. नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकम बाँडफाँट गर्न नेपाल सरकारले एक संघीय विभाज्य कोष खडा गरी त्यस्तो रकम सो कोषमा जम्मा गर्नेछ ।

## राजस्व बाँडफाँटको सूत्र र भार

२ उपदफा (१) बमोजजम संघीय विभाज्य कोषमा जम्मा भएको रकममध्ये सत्तरी प्रतिशत नेपाल सरकारलाई, पन्ध्र प्रतिशत प्रदेशलाई र पन्ध्र प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिनेछ ।

यी व्यवस्था कार्यान्वयन गर्न, वित्त आयोग ऐन २०७४ को दफा १५(१) बमोजिम आयोगले तीन तहबीचको राजस्व बाँडफाँटका लागि विस्तृत आधार र बनाएको छ र सोको गणनाका लागि देहायबमोजिमको भार निर्धारण गरी सरकारलाई सिफारिस गर्दछ ।

## प्रदेशगत खर्च र राजस्वको प्रतिशत

### ख) वित्तीय समानीकरण अनुदान

संवैधानिक व्यवस्थाका अतिरिक्त अन्तरसरकारी वित्तीय व्यवस्था ऐन, २०७४ को दफा ८(१) ले आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहमा वित्तीय समानीकरण अनुदान वितरण गर्न नेपाल सरकारलाई अधिकार दिएको छ । त्यसैगरी, दफा ८(२) बमोजिम प्रदेश सरकारले आफ्नो क्षेत्राधिकारभित्र रहेका स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ ।

### सूत्रमा आधारित समानीकरण अनुदान गणाना

वित्त आयोग ऐन, २०१७ को दफा १६(१) बमोजिम आयोगले नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई दिने वित्तीय समानीकरण अनुदानको सिफारिस गरेको छ । आयोग समानीकरण अनुदानको रकम निर्धारण गर्न अपनाएको सूत्र निम्न भारमा आधारित छ ।

## वित्तीय हस्तान्तरण


यसका अतिरिक्त, वित्त आयोगले प्रत्येक उपराष्ट्रिय तह (प्रदेश र स्थानीय तह) ले संघीय सरकारबाट न्यूनतम अनुदान पाउने पनि सुनिश्चित गर्नेगरी सिफारिस गर्दछ ।

### ग) सशर्त अनुदान

अन्तरसरकारी वित्तीय व्यवस्था ऐन, २०७४ को दफा (९)ले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै पनि आयोजना कार्यान्वयन गर्न संघबाट प्रदेश र स्थानीय तह र प्रदेशबाट स्थानीय तहलाई ससर्त अनुदान दिने व्यवस्था गरेको छ । आयोगले तोके अनुसार अनुदान पाउने सरकारले परियोजना कार्यान्वयनका सम्बन्धमा अनुदान पाउने सरकारलाई आवश्यक नियम र सर्त तोक्न सक्नेछ ।

संघबाट प्रादेश वा प्रदेशबाट स्थानीय तहले पाउने थप दुई

समपूरक अनुदान र विशेष अनुदानसमेत गरी चार प्रकारका अनुदानको व्यवस्था छ । आयोजनाको तयारी सम्भाव्यता, आयोजनाको अनुमानित लागत-लाभ नक्साङ्कन र कार्यान्वयनका लागि वित्तीय तथा जनशक्ति परिचालन क्षमतासहितको कुनै पनि प्राथमिकता प्राप्त पूर्वाधार विकास आयोजना कार्यान्वयन गर्न पूरक अनुदान उपलब्ध गराउन सकिने छ । शिक्षा, स्वास्थ्य र खानेपानी जस्ता आधारभूत सेवाको विकास र वितरण गर्न, अन्तरप्रदेश वा अन्तरस्थानीय तहको सन्तुलित विकास गर्न र आर्थिक, सामाजिक रूपमा पछाडि परेका वर्ग वा समुदायको उत्थान वा विकास गर्न विशेष अनुदान उपलब्ध गराइने छ ।




स्रोतः राष्ट्रिय योजना आयोग, २०७९

## प्रदेश सञ्चित कोषमा जम्मा भएको रकम

उल्लेख्य के छ भने, विगत पाँच वर्षमा स्थानीय तहमा हस्तान्तरण गर्दा वित्तीय समानीकरण अनुदान र ससर्त अनुदानको हिस्सा करिब ५५ र ३५ प्रतिशत रहेको छ भने बाँकी १० प्रतिशत हाराहारी मात्रै समपूरक र विशेष अनुदानका रूपमा वित्तीय हस्तान्तरण भएको देखिन्छ ।

आर्थिक सामाजिक सूचकमा रहेको फराकिलो भिन्नताले एउटै सूत्र आपनाएर तय गरिने अनुदान रकम न्यायेचित देखिँदैन ।

## बहुआयामिक गरिबी

### घ) आन्तरिक ऋण

नेपालको संघीय राज्य संरचनाले अझै पनि ऋणमा उपराष्ट्रिय सरकारहरूको पहुँच विस्तार गर्न र उनीहरूलाई ऋण दिगोपन अनुगमन गर्न सघाउने संस्थागत संरचना निर्माण गर्न बाँकी छ । यस्तो ऋण र उपादेयताबारे नै राज्यको उपल्लो नीतिनिर्माणको तहमा प्रष्ट दृष्टिकोण बन्न नसकेको देखिन्छ । गच्छे अनुसारको ऋणले खासगरी स्थानीय सरकारको वित्तीय प्रभावकारिता बढाउँछ, बजेट निर्माणमा स्वामित्व र जिम्मेवारी भाव बढ्छ भन्ने सुझबुझ कानुन र नीतिनिर्माणमा प्रतिविम्बित भएको छैन । संविधान र सम्बन्धित कानुनहरू दुवैले सार्वजनिक ऋण प्राप्तिमा उपराष्ट्रिय सरकारहरूलाई सहजीकरण गर्नुभन्दा नियन्त्रणमुखी रूढिग्रस्त दृष्टिकोण अपनाएका छन् ।

संविधानको धारा ११५ र २२८ मा क्रमशः प्रदेश र स्थानीय सरकारले आवश्यक कानुन बनाएर संघीय सरकारको पूर्वस्वीकृति लिएर ऋण उठाउने व्यवस्था गरेको छ । संविधानका अन्य दुई धारा, २०३ र २३० ले क्रमशः प्रादेशिक र स्थानीय सरकारहरूलाई ऋण उठाउन र ग्यारेन्टी प्रदान कानुनी सीमा तोकेको छ । धारा २३०(२) मा गाउँपालिका र नगरपालिकाले राजस्व र व्ययको अनुमान पेस गर्दा घाटा बजेट निर्माण गर्नुपर्ने भए 'संघीय कानुन र प्रदेश कानुन बमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नु पर्ने' प्रावधान छ ।

धारा २५१(१ङ) ले वित्त आयोगलाई संघ, प्रदेश र स्थानीय सरकारको खर्च धान्न र राजस्व सङ्कलन सुधार गर्न उपाय सिफारिस गर्ने र (१च)ले बृहत् आर्थिक परिसूचकको विश्लेषण गरी संघीय, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको अधिकतम सीमा सिफारिस गर्ने अधिकार दिएको छ ।

अन्तरसरकारी वित्तीय व्यवस्था ऐन, २०७४ को दफा १४(१)मा आयोगले सिफारिस गरेबमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहले सीमाभित्र आन्तरिक ऋण लिनसक्ने तर प्रदेश र स्थानीय तहले आन्तरिक ऋण लिनुअघि नेपाल सरकारको स्वीकृति लिनुपर्ने व्यवस्था छ । उपदफा (२)मा नेपाल सरकार र प्रदेशले प्रचलित कानुनको अधीनमा रही ऋणपत्र जारी गरी आन्तरिक ऋण उठाउन सक्ने र उपदफा (३)मा प्रदेश र स्थानीय तहले नेपाल सरकारसँग ऋण लिनका लागि स्वीकृति लिँदा कुन योजनाका लागि ऋण माग गरिएको हो, त्यसबाट प्राप्त हुने उपलब्धिको विवरणसहित मन्त्रालयमा प्रस्ताव पेस गर्नुपर्ने, ऋण भुक्तानी योजना र ऋण दिने संस्था उल्लेख अनिवार्य हुनुपर्ने व्यवस्था छ । यसरी पेस भएको प्रस्ताव कार्यान्वयनका लागि योग्य देखिएमा नेपाल सरकारले आन्तरिक ऋण लिन सम्बन्धित प्रदेश वा स्थानीय तहलाई स्वीकृति दिने प्रावधान उपदफा ४ मा छ ।

नयाँ सार्वजनिक ऋण व्यवस्थापन ऐन २०७९ अनुसार नेपाल सरकार वा प्रदेश सरकारले तोकेको सीमाभित्र एक वा एकभन्दा बढी प्रकारका ऋणपत्र जारी गरी समय समयमा आन्तरिक ऋण उठाउन सक्नेछ । यसअघिको सार्वजनिक ऋण ऐनमा यस्तो व्यवस्था थिएन ।

## प्रदेश सरकारहरूले प्रस्ताव गरेका घाटा बजेट

वित्त आयोगले संघीय सरकारलाई चालु आर्थिक वर्षका लागि कुल गार्हस्थ्य उत्पादनको ५.५ प्रतिशतभन्दा बढी नहुने गरी सार्वजनिक ऋण उठाउने सीमा सिफारिस गरेको छ । प्रदेश र स्थानीय सरकारका लागि आफ्नो स्रोतको कुल राजस्वको १२ प्रतिशत र सरकारको माथिल्लो तहबाट राजस्व बाँडफाँटको रूपमा प्राप्त हुने रकमको सीमा तोकिएको छ । यी व्यवस्था भए पनि उपराष्ट्रिय सरकारले आन्तरिक ऋण परिचालनलाई व्यवहारमा ल्यउन सकेका छैनन् । भाषामा ऋण दिने प्रावधान भनिए पनि यी कानुनी व्यवस्था प्रादेशिक र स्थानीय तहहरूले ऋण लिनै नसक्ने गरी नियन्त्रणकारी छन् ।

वित्त आयोगको प्रतिवेदन (२०७९) अनुसार विगतमा कतिपय प्रदेश सरकारले आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य राखेर आम्दानी र व्ययको अनुमान (घाटा बजेट) प्रस्तुत गरे पनि अहिलेसम्म त्यस्तो कर्जा उठाउन र सदुपयोग हुन सकेको छैन । कतिपय स्थानीय तहले आफ्नो बजेट वक्तव्यमा केही आयोजनाका लागि कर्जा प्रवाह भएको उल्लेख गरे पनि त्यसलाई सहजीकरण गर्ने ऐन-नियम नहुँदा कुनै पनि आयोजनाले ऋण उठाउन सकेको

छैन ।

**ङ) प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट**

संविधानको धारा ५९(४)मा प्राकृतिक स्रोत वा विकासको उपयोगबाट प्राप्त लाभको न्यायोचित वितरण संघ, प्रदेश र स्थानीय तहलाई गर्ने प्रावधान छ । धारा ५९(५)मा प्राकृतिक स्रोत साधनको उपयोगमा स्थानीय समुदायले लगानी गर्न चाहेमा लगानी गर्न प्राथमिकता दिइने पनि उल्लेख छ ।

संविधानको धारा २५१ (१ज)ले वित्त आयोगलाई प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने, (१झ) ले प्राकृतिक स्रोतको बाँडफाँड सम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबिच उठ्नसक्ने सम्भावित विवादका विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न सुझाव दिन र उपधारा (२) ले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कनका सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्ने अधिकार दिएको छ ।

अन्तरसरकारी वित्तीय व्यवस्था ऐन, २०७४को दफा ७(१) ले प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीलाई नेपाल सरकार, प्रदेश र स्थानीय तहमा बाँड्न नेपाल सरकारले रोयल्टीबाट प्राप्त रकम संघीय कानुन बमोजिम जम्मा गर्न संघीय विभाज्य कोषको स्थापना गर्ने, दफा (२)ले सो कोषमा रहेको रोयल्टीको बाँडफाँट नेपाल सरकारले सो ऐनको अनुसूची ४ बमोजिम वर्षिक रूपमा गर्ने व्यवस्था गरेको छ । यसरी बाँडफाँट भएको रकममध्ये नेपाल सरकारले पाउने रकम संघीय सञ्चित कोषमा, प्रदेशले प्राप्त गने रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा र स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी उपलब्ध गराइने व्यवस्था उपदफा ३ ले गरेको छ ।

आयोगले एकपटक गरेको यस्तो सिफारिस अर्को पाँच वर्षसम्म मान्य हुन सक्नेछ ।

## ३. संस्थागत व्यवस्था र प्रभावकारिता

वित्तीय संघीयताको कार्यान्वयनको

अनुसूची ४

(दफा ७ को उपदफा (२) सँग सम्वन्धित)

**प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट (प्रतिशतमा)**

| क.सं. | रोयल्टीको शीर्षक | नेपाल सरकार | सम्वन्धित प्रदेश | सम्वन्धित स्थानीय तह |
|---|---|---|---|---|
| १ | पर्वतारोहण | ५० | २५ | २५ |
| २ | विद्युत | ५० | २५ | २५ |
| ३ | वन | ५० | २५ | २५ |
| ४ | खानी तथा खनिज | ५० | २५ | २५ |
| ५ | पानी तथा अन्य प्राकृतिक स्रोत | ५० | २५ | २५ |

मूल्याङ्कन गर्दा सिङ्गो संघीयताको डिजाइन, यस व्यवस्था स्थापनासँगै निर्माण भएका संस्थाहरू, तिनको चरित्र र प्रभावकारिता महत्त्वपूर्ण हुन्छ । यस व्यवस्थामा संघीय, प्रादेशिक र स्थानीय व्यवस्थापिका र सरकार नै निःसन्देह संघीयताका सबैभन्दा महत्त्वपूर्ण संस्था हुन् । प्रदेशको स्थापनाको मुख्य उद्देश्य तिनीहरूलाई अलग राजनीतिक/प्रशासनिक एकाइको रूपमा मात्र नभई सक्रिय, स्वतन्त्र एवम् सम्भावित विस्तारकारी अर्थतन्त्रका रूपमा पनि परिकल्पना गरिनु पर्थ्यो । संघीय एकाइ निर्माणको मुख्य औचित्य भनेकै आर्थिक समृद्धि हो । तर संघीयताको डिजाइनका क्रममा यो वास्तविकतातर्फ ख्याल गरिएन । प्रस्तावित प्रादेशिक अर्थतन्त्रमा उपलब्ध स्रोत, विशेष गरी आकर्षक कर बिन्दुहरू प्रदेशहरूबिचको बाँडफाँटमार्फत् स्रोतको परिचालन र सदुपयोगबारे विभिन्न वैकल्पिक परिदृश्यमाथि विचार गरिएन । त्यसैगरी सीमाङ्कन गर्दा जनसंख्या, भूगोल, आकार, प्राकृतिक स्रोतको उपलब्धता र यातायात जस्ता पूर्वाधारमा पहुँचको तथ्यांकीय विश्लेषण गरी स्थानीय तहको संख्या निर्धारण गरिनु आवश्यक थियो र प्रत्येक एकाइ सानो भए पनि सक्रिय अर्थतन्त्र बन्ने सम्भावनालाई ध्यान दिनु जरूरी थियो । कुनै अध्ययन, विश्लेषण वा प्रमाणबिना प्रदेश र स्थानीय तहको सिमाना तोकियो । आर्थिक सक्षमता र दिगोपनको सिद्धान्तका आधारमा प्रदेश निर्माण भएनन् । विद्यमान गरिबी दर, मानव विकास सूचकांक, साक्षरता दर, प्रतिव्यक्ति आय, औसत आयु र सार्वजनिक सुविधामा पहुँचका आधारमा सीमाङ्कन नगरिएका कारण उपराष्ट्रिय एकाइहरू अलग्गै अर्थतन्त्रका रूपमा उभिएका छैनन् । त्यभन्दा पनि जोखिम, त्यसरी उभिने बाटोमा अग्रसर छैनन् ।

वित्तीय संघीयतालाई प्रशासनिक संघीयताले आवश्यक टेको दिएन । कर्मचारी व्यवस्थापन पूर्णतः तदर्थवादी भयो । स्थानीय निर्वाचित प्रतिनिधिहरूको क्षमता आर्थिक प्रशासान, न्याय निरूपण र शैक्षिक लगायत अन्य संविधानले दिएका अधिकारको परिणाममुखी सदुपयोग हुनेगरी विस्तार गर्न सकिएन । विगत पाँच आर्थिक वर्षको अनुभवपछि पनि प्रदेश र केही ठूला नगरपालिकाबाहेकले प्रभावकारी र प्राविधिक अङ्ग पुगेका वार्षिक योजना र बजेट तर्जुमा गर्न सकेका छैनन् । स्थानीय तह र केही हदसम्म प्रादेशिक तहमा वार्षिक बजेट लेखन विधि र विनियोजन आर्थिक सुशासन अनुरूप हुन सकेको छैन । निर्वाचित जनप्रतिनिधिमा बजेटको प्रकृति र प्रणालीबारे सामान्य ज्ञान नहुनु र त्यसबारे जानकारी भएका कर्मचारी नहुँदा कतिपय नगरपालिकाले समयमै बजेट तयार गरी कार्यान्वयन गर्न सकेका छैनन् । बजेट पेस गर्ने संस्कार पूरा गरेका अधिकांश नगरपालिकाले तयार पारेको बजेट अपेक्षित स्वरूपमा वा संघीय मामिला मन्त्रालयले दिएको 'टेम्प्लेट' अनुसार हुन सकेको छैन । बजेट अनुशासनमा खर्च गर्ने प्रचलन र परम्परा दुवैको कदर र व्यवहारमा कार्यान्वयन हुँदैन ।

## प्रदेशगत आधारमा कुल खर्चमा पुँजीगत खर्चको हिस्सा

संविधान कार्यान्वयनमा आएको आठ वर्ष बितिसक्दा पनि संघीय र प्रदेश सरकारले बनाउन आवश्यक सबै कानुन बनाउन सकेनन् । प्रदेश र स्थानीय तहले आफ्नो अधिकार प्रयोग गर्न नसक्ने गरी संविधानले धेरै ठाउँमा संघीय वा प्रादेशिक कानुनले निर्धारण गरेबमोजिम मात्रै महत्त्वपूर्ण विषयमा निर्णय लिन पाउन गरी असङ्ख्य ठाउँमा

अवरोध गरेको छ । यी कानुनको अभावमा प्रादेशिक र स्थानीय अर्थतन्त्रले अपेक्षित गति र दिशामा काम गर्न सकेका छैनन् । सार्वजनिक वित्त व्यवस्थापन, मुख्यतया वार्षिक बजेट तर्जुमा प्रत्येक उपराष्ट्रिय तहमा अझै ठूलो चुनौती छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग वित्तीय संघीयतालाई कार्यान्वयन गर्ने सबैभन्दा महत्त्वपूर्ण संवैधानिक निकाय हो । आयोगले आफ्नो संवैधानिक अधिकार र कार्यलाई उच्च संवैधानिक निकायका रूपमा नभई कर्मचारीतन्त्रको विस्तारित हाँगाको भूमिकामा सीमित गरिएको छ । सफल संघीय राष्ट्रहरूमा, तुलनात्मक यस्तो आयोग उच्च संवैधानिक अधिकार प्रदान गरिएको छ । उदाहरणका लागि, भारतको वित्त आयोगले सिधै भारतका राष्ट्रपतिलाई रिपोर्ट गर्छ, सरकारलाई होइन । भारतको वित्त आयोगले आफ्नो कार्यविधि निर्धारण गर्छ र तिनको कार्यसम्पादनमा देवानी अदालतको सबै अधिकार प्रयोग गर्छ । यस दृष्टिमा, नेपालको वित्त आयोगलाई संविधानको मस्यौदाको सुरुवातदेखि नै अपूर्ण बनाइएको छ । यसको भूमिका 'सिफारिस गर्नु' वा 'सुझाव दिनु'मा मात्र सीमित गरिएको छ । त्यसको असर वित्तीय संघीयताको सञ्चालन पनि एकात्मक राज्य प्रणालीको आर्थिक अधिकार विकेन्द्रीकरणभन्दा स्वरूप र परिणाममा फरक हुन सकेको छैन ।

सरकारले सार्वजनिक ऋण सम्बन्धी सबै काम गर्न सार्वजनिक ऋण व्यवस्थापन कार्यालय स्थापना गरेको छ । यो कार्यालयको कार्यशैली र नयाँ कानुन दुवै प्रादेशिक र स्थानीय तहलाई ऋण लिने स्वतन्त्रता नदिने मानसिकताबाट ग्रस्त देखिन्छन् । महालेखा नियन्त्रकको कार्यालय नेपाल सरकारको ट्रेजरी सञ्चालनका लागि जिम्मेवार छ र सबै सरकारी खर्चको व्यवस्थापना लागि ७७ जिल्लामा यसका कार्यालय छन् । उपराष्ट्रिय स्तरमा वित्तीय संघीयताको कार्यान्वयनसँग वित्तीय व्यवस्थापन प्रक्रियालाई सहजीकरण र कार्यान्वयन गर्न योजना, बजेट र लेखा सफ्टवेयर, (क्गदलबतष्यलबि त्वभबकगचथ च्मनगबितयचथ क्यातधबचभ ब्उउष्अिबतष्यल( क्गत्च्ब) कार्यान्वयनमा ल्याएको छ । यी कार्यहरू वित्तीय संघीयता सञ्चालनमा महत्त्वपूर्ण छन् र तिनलाई खोटरहित सञ्चालन हुने व्यवस्था गर्न अझै पूर्वाधार अभाव देखिएको छ ।

यसका अतिरिक्त छ अन्तरसरकारी वित्तीय व्यवस्था ऐन, २०७४ को दफा ३३ ले व्यवस्था गरेको अन्तरसरकारी वित्तीय परिषद् र संविधानको धारा २३४ ले संघ र प्रदेश र प्रदेशबिचको राजनीतिक विवाद समाधान गर्न व्यवस्था गरेको अन्तरप्रदेश परिषद् जस्ता निकायको भूमिका वित्तीय संघीयतालाई सबल पार्न प्रभावकारी भएको छैन । उदाहरणका लागि, अर्थतन्त्र सङ्कटमा परेको र प्रादेशिक सरकारहरूले आफ्नो संवैधानिक अधिकारको प्रयोग गर्नका लागि सर्वोच्च अदालतको ढोका ढकढक्याइरहेका बेला अन्तरसरकारी वित्तीय परिषद् र अन्तरप्रदेश परिषद्को बैठक पनि समयमै बस्न सकेको छैन । यी संस्थागत व्यवस्थाको भूमिका र प्रभावकारिता गम्भीर प्रश्नको घेरामा छन्, जसको विस्तृत समीक्षा आवश्यक छ ।

## वित्त प्रशासन र स्रोत परिचालन

### क) वित्तीय खाडल

उर्ध्व र पार्श्व दुवै प्रकतिको वित्तीय अन्तर नेपालको संघीय प्रणालीका लागि ठूलो चुनौतीका रूपमा खडा भएको छ । प्रदेशहरूबिच र स्थानीय तहहरूबिचको आय र खर्चको खाडलमा व्यापक भिन्नता छ । संघीयतामार्फत कल्याणकारी राज्यको परिकल्पना गर्दा संघीय सरकारसँग उपराष्ट्रिय सरकारहरूको वर्तमान र भविष्यका सबै माग पूरा गर्न पर्याप्त वित्तीय स्रोत छन् भन्ने स्वैरकल्पनाले राजनीतिक वर्ग अविभूत भएको देखिन्छ । यथार्थ त्यसको ठिक विपरित छ । सिङ्गो संघीयता अनुदान माग्ने र दिनेबिचको मात्र खेल जस्तो देखिएको छ । संघले जति दिन्छ त्यति खर्च गरेर बस्ने वा त्यति पनि खर्च गर्न नसक्ने संस्थागत निम्छरोपन केन्द्रबाट प्रदेश र स्थानीय तहसम्म फैलिएको छ ।

## प्रदेशगत आर्थिक सामाजिक परिसूचक

नेपालको सार्वजनिक वित्त व्यवस्थापन सामान्यतया माग र आपूर्ति दुवै पक्षका विकृतिग्रस्त छ । आपूर्ति पक्षमा, मुख्यतया ठूलो पुँजीगत खर्च गर्ने मन्त्रालयहरूको प्रणाली र प्रक्रिया अवलम्बनको संस्थागत क्षमता अत्यन्त कमजोर छ । माग पक्षमा, स्रोतको प्रशोचन क्षमता, सार्वजनिक खरिदमा पारदर्शिता, निर्णयकर्ताको जवाफदेहिता र वित्तीय प्रतिवेदन प्रणालीमा सबै तहका सरकारमा उल्लेख्य सुधार आवश्यक छ । स्थानीय सञ्चित कोषमा थुप्रिएको रकमले यो समस्यालाई उजागर गरेको छ ।

संघीय संरचनाअन्तर्गत प्रदेश र स्थानीय तहको योजना, बजेट तर्जुमा, विनियोजन र कार्यान्वयन एकात्मक शासन प्रणालीको तुलनामा सैद्धान्तिक रूपमा बढी प्रभावकारी हुने स्वाभाविक अपेक्षा पूरा भएको छैन ।

### ख) स्रोत प्रशोचन क्षमता

संघीय सरकारको स्तरमा समेत उपलब्ध वित्तीय स्रोतको खर्च गर्ने क्षमता अभाव नेपालको सार्वजनिक वित्त व्यस्थापनको निरन्तर अड्चनको रूपमा रहेको छ । आर्थिक वर्ष २०६७/६७ देखि २०७६/७७ को दश वर्षमा विनियोजित पुँजीगत बजेटको ६२.८ प्रतिशत मात्रै खर्च भएको थियो । यस्तो विनियोजनको ठूलो हिस्सा आर्थिक वर्षको अन्त्यतिर प्रायः उचित प्रक्रियाविना खर्च हुने र विनियोजन गरिएको बजेटलाई हतारमा असार एक महिनामा उडाएर सार्वजनिक कामको गुणस्तरमा सम्झौता गरी खर्च गर्ने प्रवृत्ति मौलाउँदा पनि आँकडा यस्तो दयनीय भएको हो । 'संघीय सरकारबाट प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने अनुदान संघीय सरकारको चालु खर्चमा लेखिने गरेको छ । प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने अनुदानको ठूलो हिस्सा प्रदेश र स्थानीय सरकारको पुँजीगत खर्चमा प्रयोग गर्न सकिने, प्रदेश र स्थानीय सरकारको संयुक्त पुँजीगत खर्च संघीय सरकारको पुँजीगत खर्चभन्दा बढी हुने गरेको छ' (आर्थिक सर्वेक्षण, २०७६/७७ अनुच्छेद ३.२६०) ।

## स्थानीय तहको बजेट खर्च

२०७९ फागुन मसान्तसम्म पनि स्थानीय तहमा खर्चको प्रवृत्तिमा सुधार हुन सकेको छैन । चालु र पुँजीगत खर्चको अंश क्रमशः ७१ र २९ प्रतिशत रहेको छ । स्वीकृत बजेट विनियोजन अनुसार खर्च गर्ने क्षमताको तथ्यांक व्यवस्थित रूपमा उपलब्ध छैन । र, स्थानीय तहमा पुँजीगत खर्चको कथा पनि आधारभूत रूपमा फरक छैन ।

### ग) सार्वजनिक खरिद

नेपालको सार्वजनिक खरिद अझै पनि अत्यधिक केन्द्रीकृत सत्ताको मानसिकताले ग्रस्त छ । सार्वजनिक खरिद ऐन, २०६३ हालसम्म दसौं पटक संशोधन भए पनि यसले प्रदेश र विशेषगरी स्थानीय सरकारका लागि प्रभावकारी सार्वजनिक खरिद नियम र कार्यविधि व्यवस्था गर्न सकेको छैन ।

सार्वजनिक खरिद तथा अनुगमन कार्यालयको आर्थिक वर्ष २०७५/७६ को वार्षिक प्रतिवेदनमा मुलुकको संघीय संरचना अनुसार पारदर्शी सार्वजनिक खरिद संयन्त्र कार्यान्वयन गर्नु प्रमुख चुनौती रहेको उल्लेख छ । सार्वजनिक खरिद नियम र प्रक्रियालाई विकेन्द्रीकरण गर्ने राजनीतिक इच्छाशक्तिको अभाव छ ।

बोलपत्र प्रक्रियामा उपराष्ट्रिय तहका राजनीतिक नेताहरूबिचको स्वार्थको द्वन्द्व धेरै हदसम्म अनुगमनविहीन भएको छ । 'मेयरको डोजर' भन्ने शब्द अहिले स्थानीय तहमा प्रचलनमा छ । स्थानीय तहमा दोस्रो चक्रमा निर्वाचित जनप्रतिनिधिले पदभार ग्रहण गरेपछि पनि स्थानीय तहमा अनियमितता भएको गुनासो कम भएको छैन । खासगरी ठेकेदारको पृष्ठभूमि भएका निर्वाचित जनप्रतिनिधिहरूले प्रष्ट स्वार्थको द्वन्द्व देखिने सरकारी आयोजनाहरूमा ठेक्का लिइरहेका छन् ।

**घ. वित्तीय अनुशासन र पारदर्शिता**

नेपाली लेखा तथा लेखापरीक्षण प्रणालीमा बदनाम शब्द 'बेरूजु' व्यापक चल्तीमा छ । वित्तीय कार्यविधि ऐन, २०५६ले त्यस्तो बेरूजुलाई प्रचलित कानुन बमोजिम पूरा गर्नुपर्ने आवश्यकताहरू पूरा नगरी गरिएको लेनदेनको रूपमा देखाइएको वा लेखापरीक्षणमा फेला परेका लेनदेनका रूपमा परिभाषित गरेको छ । वित्तीय सुशासनमा भएको विकृतिको गम्भीरताको झलक जस्तै, महालेखा परीक्षकको ६०औँ वार्षिक प्रतिवेदन २०७९ले सो वर्ष संघीय, प्रदेश सरकारी निकाय र स्थानीय तह समेतको रू७१ खर्ब ३८ अर्ब १७ करोडको लेखापरीक्षणबाट रु १ खर्ब १९ अर्ब ७८ करोड बेरूजु कायम भएको छ । सोमध्ये संघीय सरकारी निकायको रु ५६ अर्ब ३१ करोड (२.३९%), प्रदेशको रु ७ अर्ब २० करोड (२.३०%) र स्थानीय तहको रु ४२ अर्ब ८८ करोड (३.८८%) बेरूजु देखिएको छ । कारबाही गरी टुङ्गो लगाउनु पर्ने कुल रकम १५.७५ प्रतिशतले बढेको छ । उपराष्ट्रिय स्तरमा पनि यो तहमा बढेको आर्थिक अनियमितता वास्तवमा वित्तीय संघीयता कार्यान्वयन र वित्तीय शक्तिको हस्तान्तरणको दृष्टिकोणबाट खास चिन्ताको विषय बनेको छ । अख्तियारमा परेका उजुरी मूल्याङ्कन एउटा आधार बन्न सक्छ ।

## उजुरी प्रतिशत

वित्तीय संघीयताको वास्तविक कार्यान्वयनले नै यो समस्याको पनि समाधान दिन सक्छ । जुन तहको सरकारले बजेट र योजना कार्यान्वयन गर्ने हो, सोही तहको व्यवस्थापिकाले आर्थिक जवाफदेहिताको कानुन पनि बनाउनुपर्छ । यो संघ, प्रदेश र स्थानीय तह सबैका हकमा लागू हुन्छ र हुनुपर्छ । संघले बनाइदिने सार्वजनिक खरिद र वित्तीय पारदर्शिता कानुनहरू प्रादेशिक र स्थानीय तहले स्वामित्व लिनुपर्ने र कार्यान्वयन गर्नुपर्ने अवधारणामा नै परिवर्तन आवश्यक छ । आ-आफ्नो सरकारको तहमा नै 'जवाफदेहिता संयन्त्र', प्रक्रिया र अभ्यास अपनाउनुपर्छ । संघले बनाएका कानुन लागु भए पनि सबै स्थानीय तहको अनुगमन र केन्द्रबाट नियमन गर्न सम्भव र व्यवहारिक नभएकाले यसो गर्नु आवश्यक आवश्यक छ ।

## निष्कर्ष

उपराष्ट्रिय तहले आफ्नो क्षेत्राधिकारभित्रका आर्थिक विकासका सबै पक्षलाई समेट्ने योजना तर्जुमा गर्ने, स्रोत व्यवस्थापन गर्ने र कार्यान्वयनको चुनौती लिने हिम्मत र अभ्यास प्रदर्शन गर्नु आवश्यक छ । सबै तहका व्यवस्थापिकमा नयाँ निर्वाचित कार्यकारी र निजामती सेवाका कर्मचारी दुवैको क्षमता अभिवृद्धि गरी प्रदेश र स्थानीय तहलाई 'आफ्नो अर्थतन्त्रको व्यवस्थापन' आफ्नै क्षमताले गर्न सशक्त बनाउनु अपरिहार्य छ । संघले यसमा उदारतापूर्वक सघाउनु पर्छ ।

उपराष्ट्रिय एकाइहरू, मुख्यतया स्थानीय तहहरूबिच स्रोतको अन्तर, सार्वजनिक वस्तु र सेवाको आवश्यकता र वित्तीय क्षमतामा अत्यधिक विविधता रहेकाले स्थानीय तहहरूको क्षमता अनुसार पुनः वर्गीकरण अपरिहार्य छ । स्थानीय सरकारका विभिन्न आर्थिक, भौगोलिक र सामाजिक अवस्थालाई स्पष्ट रूपमा हेर्दा उनीहरूप्रति आर्थिक र अन्य स्रोतको बाँडफाँडमा मात्र नभई संघीयता कार्यान्वयनका हरेक पक्षमा न्यायोचित व्यवहार गर्नु जरूरी छ । कानुनी परिभाषामा एउटै कोष्ठकमा भए पनि प्रत्येक स्थानीय तहको संस्थागत क्षमता, स्रोतसाधनको आवश्यकता, परिचालन क्षमता, सामाजिक सूचक र स्रोतमा पहुँच एकदमै फरक छ ।

पहिलो, वित्तीय खाडल कम गर्न आर्थिक स्रोत परिचालन र 'आफ्नै स्रोत राजस्व' बढाउने गरी संरचनागत परिवर्तन आवश्यक छ । दोस्रो, उपराष्ट्रिय सरकारहरूलाई थप स्रोत परिचालन गर्न सक्षम बनाउने उद्देश्यले उदार आन्तरिक ऋण नीति बनाएर तत्काल लागू गर्नुपर्छ । उनीहरूलाई प्रभावकारी र जवाफदेही बनाउन कार्यसम्पादन र समग्र मूल्याङ्कन प्रणालीका आधारमा वार्षिक 'डाइनामिकक रेटिङ' प्रणाली अपनाउन आवश्यक छ । तेस्रो, वित्त आयोगको हैसियत र कार्यशैलीलाई संवैधानिक आयोग सद्दहाउँदो बनाउनद्द पर्छ र यसका हचद्रवा र तदर्थवादी वित्तिय हस्तान्तरण सूत्रहरूलाई व्यापक परिवर्तन गर्नु आवश्यक छ । चौथो, संघीय, प्रदेश र स्थानीय सरकारहरूबिचका सबै पक्षमा ठाडो र तेर्सो रूप हुने अन्तरसरकारी सम्बन्धलाई मान्यता दिनुपर्छ । यसले वित्तीय स्रोत परिचालनमा राम्रो नतिजा ल्याउँछ । पाँचौं, सञ्चित कोषको रकम व्यवस्थापन र पचिालनबारे प्रष्ट र दूरगामी राष्ट्रिय दृष्टिकोण निर्माण हुनु जरूरी छ । र, छैठौ, कानुनी र संस्थागत संरचनाहरू कति संघीय प्रणाली अनुकूल र सहयोगी छन् भन्ने सारभूत समीक्षा राज्यले आफ्नै पहलमा गर्नुपर्छ ।

अन्तमा, संघीय प्रणालीको अवलम्बन नेपालको इतिहासमा एउटा ऐतिहासिक मोड थियो । यो व्यवस्था नेपालका लागि आवश्यक वा उपयुक्त थियो वा थिएन भन्ने बहस अब इतिहास भइसकेको छ । अब देशको विकास सम्पूर्णतः यो प्रणालीको सफलतामा निर्भर छ । निःसन्देह, संघीयता कार्यान्वयनका धेरै महत्त्वपूर्ण पक्षलाई बेवास्ता गरिएको छ र खासगरी वित्तीय संघीयता मार्फत् आर्थिक सम्भावनाको सदुपयोग गर्ने अवधारणले राजनीति तहमा स्वामित्व पाएको छैन । यसका आधारभूत पक्षलाई बेवास्ता गरिएको छ, जसमा निरन्तर सुधार आवश्यक छ । नेपालको संघीयताका आर्थिक र राजनीतिक सबल पक्षहरू जस्तै : स्थानीय सरकारको लगभग असीमित अधिकारलाई मात्रै पूर्ण कार्यान्वयमा लैजान सकियो भने देशले विकासको अपेक्षित तीव्र गति पक्रन सम्भव छ । त्यो विकास वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयनभन्दा अर्को बाटोबाट हासिल हुँदैन ।

*-वाग्ले काठमाडौं विश्वविद्यालयका रजिस्ट्रार हुन् ।*

# सुदूरका गेमचेन्जर आयोजनाको प्राथमिकता

**नीतिको उद्देश्य प्राप्तिका लागि सहयोगी कानुन बनाइनु पर्नेमा बनाइएका कानुन नै उद्देश्य असहयोग नगर्ने गरी व्याख्या गर्न सकिने खालका भए । कानुनलाई सहज हुने गरेर कार्यविधि बन्नु पर्नेमा कानुनको व्याख्या नै उद्देश्य पूर्तिमा बाधा पुग्ने गरेर कर्मचारीले गर्नसक्ने अवस्था आयो ।**



अनुपकुमार उपाध्याय

अर्थतन्त्र सङ्कटमा छ भन्ने भाष्यसँग म सहमत छैन । वस्तु, सेवा, उत्पादन, वितरण, उपभोगको प्रणालीलाई नै अर्थतन्त्र भन्छन् । यसलाई हामीले उत्पादन क्षेत्र, सेवा क्षेत्र आदि टुक्राटुक्रामा हेर्न सक्छौँ । विभिन्न कारणले बजारको ग्यारेन्टी नहुँदा कुनै क्षेत्र अपेक्षाकृत अगाडि बढ्न सकेन । कतिपय क्षेत्रमा राम्रो पनि भएको छ । जस्तै विद्युत्मा अपेक्षाभन्दा राम्रो काम भएको छ । सिमेन्ट क्षेत्रमा राम्ररी काम भएको देखिन्छ । खाद्यान्न प्रशोधन उद्योग राम्ररी नै चलेका छन् । सेवा क्षेत्रको कुरा गर्दा हाम्रो बुझाइ अलिकति फरक छ । हामीसँग भएको १८ देखि ४० वर्ष उमेरको उत्पादनशील ठूलो जनशक्ति देश छोडेर गएको छ । त्यसको प्रत्यक्ष असर घरेलु उद्योग र स्थानीय उद्योगमा पर्ने भयो नै । अधिकांश उद्योगलाई चाहिने दक्ष जनशक्ति देशभित्रै तयार हुन सकेको छैन । उद्योगका लागि चाहिने प्राविधिक जनशक्ति अहिले पनि हामीले विदेशबाट ल्याइरहेका छौँ । रेमिट्यान्सका कारणले होला परिवारको आर्थिक हैसियत बढेजस्तो भयो र हामी उपभोगमुखी हुन पुग्यौँ । यति हेर्दै जाँदा हाम्रो अर्थतन्त्र विभिन्न कारणले गर्दा धेरै सुरक्षित किसिमको छैन । तर अर्थतन्त्र सङ्कटमा छ भन्ने किसिमको भाष्यसँग सहमत हुन सकिँदैन ।

विदेश गएको उत्पादनशील जनशक्ति द्वन्द्व, त्यहाँ रोजगारीको अभावजस्ता विभिन्न कारणले फर्किनुपर्ने अवस्था आए त्यसका लागि हामी तयार छैनौँ । जसकारण त्यसरी आउने जनशक्ति तुरुन्तै बेरोजगारमा परिणत हुने अवस्था छ । यो एउटा भयावहको स्थिति देखिन्छ । हामीले गर्ने तयारी के हुनसक्छ भने विदेशमा विभिन्न सीप सिकेर आउनसक्ने जनशक्तिलाई नेपालमा लगानी गर्नसक्ने वातावरण राज्यका तर्फबाट बनाइ दिनुपर्छ । कृषि, पर्यटन क्षेत्रमा आफै केही गर्नसक्ने वातावरण बनाइ दिनुपर्छ । उद्योगहरू किन धरासायी भए भन्ने हाम्रा अनुभव पनि छन् । जस्तै ह्याचरी उद्योग, मत्स्य उद्योग, कृषिका उत्पादन र विभिन्न समयमा कपडा उद्योग पनि थिए । यी करको नीतिका कारण धरासायी हुन पुगे । यस्ता उद्योगको सुरक्षा हुने गरी करको नीति आउन सकेन र ती फस्टाउन सकेनन् । यसको मार कहाँ पर्‍यो भने स्वदेशभन्दा बाहिर हाम्रा उत्पादनले प्रतिस्पर्धा गर्नसक्ने अवस्था रहेन । यहाँ जिन्स कपडा उद्योग स्थापना भएको थियो । राम्ररी चल्दै पनि थियो तर कच्चा पदार्थमा थोरै कर लगाइयो र तयारी कपडाको आयातलाई पनि खुला छोडियो । यसले गर्दा धेरै ठूलो लगानी सङ्कटमा पर्‍यो ।

हाम्रै प्रदेशको सन्दर्भ हेर्ने हो भने छिमेकको बजारसँग हामी प्रतिस्पर्धा गर्न सकिरहेका छैनौँ । त्यताबाट धेरै सस्तो मूल्यमा खाद्य, पदार्थ, तरकारी आदि आउँछ । त्यससँग प्रतिस्पर्धा गर्न नसकेका कारण हाम्रो उत्पादनले बजार नपाएको अवस्था छ । तर समग्रमा हेर्दा अर्थतन्त्र धेरै नै खस्किसकेको वा गुज्रिसकेको अवस्थामा हामी छैनौँ; सचेतचाँहि हुनुपर्छ ।

तथ्यांकले पनि अर्थतन्त्र खस्केको देखाएको छैन । जस्तै कृषितर्फ झन्डै एकतिहाइको योगदान छ । योगदान धेरै हुनुपर्ने भए पनि यो क्षेत्र धरासायी नै भयो भन्न मिल्दैन । कृषिमा उत्पादकत्व बढाउन चाहिने जनशक्ति हामीसँग भएन । उत्पादनशील जनशक्ति यहीँ रोकिएको भए हामी कृषिमा आत्मनिर्भर बन्थ्यौँ । कृषिमा राज्यले दिएको अनुदानले पनि त्यति प्रतिफल

दिन सकेको छैन । अनुदान दिनेभन्दा पनि किसानका उत्पादन राज्यले किनिदिनु पर्छ । मूलतः अर्थतन्त्र सङ्कटोन्मुख हुन नदिन माथि उल्लिखित विषयमा सचेत हुनुपर्ने जरूरी छ ।

प्रदेश सरकारले कृषि क्षेत्रलाई पहिलो प्राथमिकतामा तोकेको छ । पर्यटन दोस्रो र उद्योग तेस्रो प्राथमिकतामा छन् । तिनलाई सम्बोधन हुने गरी कार्यक्रम ल्याउनु पर्छ । तर प्राथमिकताका क्षेत्र निर्धारण गरे पनि बजेट भने वितरणमुखी र लोकप्रिय कार्यक्रममा छरिने गरेको देखिन्छ । अनुत्पादक क्षेत्रमा भइरहेको स्रोतको बाँडफाटमा कडा निर्णय लिन प्रदेश सरकार तयार हुनुपर्छ । वितरणमुखी र लोकप्रियताका लागि आएका कार्यक्रम केही समयका लागि बन्द गर्नुपर्छ । अर्थतन्त्रमा सुधारका लागि प्रदेशले कृषिमा आधारित उद्योगलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । उद्योगको विकासका लागि प्रदेश सरकारले सार्वजनिक-निजी साझेदारीको अवधारणा अगाडि बढाउनु पर्छ । यसको विकल्प छैन तर सार्वजनिक-निजी साझेदारीलाई भ्रष्टाचार भनेर बेलाबेलामा व्याख्या गर्ने गरिएको पनि छ । त्यसको मार कर्मचारीको निर्णय क्षमतामा पर्ने गरेको छ । प्रशासन सदाझैं नतिजामुखी नभई प्रक्रियामुखी बढी हुँदाको असर काममा पर्ने गरेको छ ।

## प्रक्रियागत र नीतिगत समस्या

कुनै उद्देश्य प्राप्तिका लागि सहयोग हुने गरी कानुन बनाइदिनु पर्नेमा बनाइएका कानुन कुनै उद्देश्य प्राप्तिका लागि सहयोग नगर्ने गरी व्याख्या गर्न सकिने खालका भए । नीतिको उद्देश्य प्राप्तिका लागि कानुन बन्नु पर्थ्यो, त्यसलाई सहज हुने गरेर कार्यविधि बन्नु पर्थ्यो तर कानुनको व्याख्या त्यो उद्देश्य पूर्तिका लागि बाधा पुग्ने गरेर कर्मचारीले गर्नसक्ने अवस्था आयो । यसको कारण भनेको नियमन र निरीक्षण गर्ने निकाय पनि हुन् । महालेखा परीक्षकको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विगतमा गरेका क्रियाकलापलाई अदालतले गलत छ भनेर पटकपटक निर्णय दिएको छ । त्यसबिचमा कर्मचारी संयन्त्रले भोगेको अपमान र तनावको सिधा असरका कारण हामीले लक्ष्य पूरा गर्न सकिरहेका छैनौं ।

हामीसँग नीतिगत समस्या छ । विकास, निर्माण प्राथमिकतामा भए पनि केही नीतिगत र प्रक्रियागत समस्या छन् । जस्तै : वन क्षेत्रको नीति संरक्षणमा बढी केन्द्रित छ; कानुन चाहिँ संरक्षणमा केन्द्रित छैन तर त्यसका प्रक्रिया यस्ता छन् कि विकास निर्माणका काम समयमा हुन सक्दैनन् । त्यसैले केही 'गेम चेन्जर' आयोजनाको हकमा यी कानुनलाई सहजीकरण गरिदिनुपर्ने अवस्था छ । वन क्षेत्र धेरै नै प्रक्रियामुखी भयो । सुदूरपश्चिमका हकमा भन्ने हो भने हामीसँग ५२ प्रतिशत वन क्षेत्र छ । यसको उपयोग पनि गर्ने नीति आउनु पर्थ्यो । त्यसका लागि हामी तयार रहेनछौं । वनको संरक्षणका लागि सरकारले विभिन्न निकायसँग गरेका सम्झौताका कारण पनि यसले सहज निकास पाइरहेको छैन । जस्तै : हामीले तराइलाई पहाडसँग जोड्नुपर्ने छ । पहाडी क्षेत्रमा भएका जलविद्युत् आयोजना निर्माण गर्नुपर्ने छ, त्यहाँ उत्पादन भएको बिजुली हामीले तराईमा ल्याउनै पर्ने छ र यहाँबाट छिमेकीको बजारसम्म पुऱ्याउनु पर्ने छ । यसको विकल्प छैन तर जग्गा प्राप्ति, रूख कटान जस्ता प्रक्रिया असहज र लामा छन् । आयोजना, प्रसारण लाइन निर्माणमा बाधा पुऱ्याउने अथवा समयमा सम्पन्न गर्न नसक्ने गरी नियम, कानुन बनेका छन् । त्यसको जिम्मा विधायकहरूले जिम्मा लिनुपर्छ । के कानुन बनाउँदैछौं, त्यसको असर के पर्छ भन्ने हेक्का विधायकमा हुनुपर्छ ।

> उत्तरदक्षिण जोड्ने सडक निर्माण, दुवैतिरका नाका स्तरोन्नति, जलविद्युत आयोजना निर्माण, औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्र, जडीबुटी प्रशोधन उद्योग स्थापनाका लागि प्रदेश सरकारले संघीय सरकारसाग ठूलोमात्रामा लगानीको साझेदारी गर्न नसक्ला तर ती आयोजना निर्माणका लागि आवश्यक वातावरण बनाउन सक्छ

## सुदूरपश्चिमका सम्भावना र प्राथमिकता

सुदूरपश्चिम प्रदेशले जलविद्युत् क्षेत्रमा सार्वजनिक-निजी साझेदारीको अवधारणा अपनाएको छ । निजी क्षेत्रको लगानी प्रवर्द्धन गरेको छ । यसका कारण करिब १ हजार ८ सय मेगावाट जतिको पूर्वाधार निर्माणको चरणमा छ । यसले नै औद्योगिकीरणको लागि चाहिने प्रमुख योगदान दिन्छ । उद्योगका लागि विद्युत्को ग्यारेन्टी गर्नसक्ने अवस्थामा हामी छौं । केही खानीजन्य उद्योग सञ्चालन गर्नसक्ने गरी क्षेत्र पहिचान भएका छन् । कृषिजन्य उद्योगलाई प्राथमिकतामा राखिएको छ । अहिलेसम्म भए गरेका कामको मूल्याङ्कन गर्दै हामीले थप सहयोग गर्नुपर्ने छ । अघि भनेजस्तो किसानलाई अनुदान बाँड्नुभन्दा उत्पादन किनिदिएर सहयोग गर्न सकियो भने प्रत्यक्षरूपमा किसानलाई मद्दत पुग्छ । अनुदानको प्रभावकारिताको मूल्याङ्कन गर्दै केही नीतिमा सुधार गर्नुपर्ने छ । निजी लगानी आउनसक्ने अर्को क्षेत्र जडीबुटी हो । सरकार आफै यी काम गर्न सक्षम नभएकाले र उसँग भएको स्रोत, साधन, जनशक्तिले नपुग्ने हुँदा निजी क्षेत्र आउनु पर्छ भनिएको हो ।

सुदूरपश्चिममा पर्यापर्यटन, धार्मिक तथा सांस्कृतिक पर्यटन र सूचना प्रविधि (आइटी) क्षेत्रको सम्भावना पनि धेरै छ । आइटी क्षेत्रमा जनशक्ति पनि भएकाले ठूलो लगानीविना प्रवर्द्धन गर्न सकिने सम्भावना छ । कानुनमा धेरैजसो स्पष्टता नभएको र व्याख्या पनि तीनवटा निकायबाट फरकफरक हुन थालेका कारण पुँजीगत खर्चमा कमी हुने अवस्था देखिँदैछ । दक्ष जनशक्तिको अभाव सधैं नै छ । अहिले पनि सुदूरपश्चिममा दरबन्दी अनुसार जनशक्ति छैन । यहाँको विकासका लागि आवश्यक उच्च तहको जनशक्तिको व्यवस्थापन संघले नै गरिदिनुपर्ने देखिन्छ ।

विदेशी मुद्रा आर्जन गरेर संघीय सरकारको शोधानान्तर स्थिति अनुकूल बनाउँदै देशको अर्थतन्त्र सुधार गर्न सुदूरपश्चिमले जलस्रोत, कृषि, आइटी, पर्यटन, जडीबुटी उद्योगको क्षेत्रबाट सहयोग पुऱ्याउन सक्छ । प्रदेश सरकारको तर्फबाट गर्नुपर्ने सहयोगमात्र गरिदियो भने जलविद्युत उद्योगहरू सजिलै आउन सक्छन् । सेती कोरिडोर प्रसारण लाइनका लागि हामी ' इन्डियन लाइन अफ क्रेडिट'का लागि पहल गरिरहेका छौँ । यो हुनेबित्तिकै करिब १८ सय थप विद्युत उत्पादनका लागि बाटो खुल्छ ।

हामीले पहिचान गरेका क्षेत्र प्रवर्द्धनका लागि विकास तथा लगानी सम्मेलन आयोजना गर्न गइरहेका छौँ । यसले सुदूरपश्चिमका सम्भावना र हामीसँग भएका नीतिनियमबारे लगानीकर्तालाई जानकारी दिन्छौँ । उहाँहरूले प्रदेशबाट चाहेको सहयोगबारे जानकारी लिन्छौँ र सोही अनुसार हाम्रा नीति, कार्यक्रम, कार्ययोजना तयार गर्छौँ । सुरु भएका विकास निर्माणका आयोजना समयमै सम्पन्न गर्नुपर्ने आवश्यकता छ । अहिले बजेट छरिएको अवस्था छ र पूर्वाधारको प्राथमिकीकरण हुन सकेको छैन । यसलाई हामीले पुनर्मूल्याङ्कन गर्छौँ ।

दोधारा-चाँदनीको सुख्खा बन्दरगाहले निर्माण हुँदै गरेका विकास निर्माणका ठूला आयोजनाका लागि तत्काल मद्दत गर्छ । पश्चिम सेतीका लागि चाहिने सडक निर्माण प्रदेश सरकारले गरिदिनु पर्छ । सेती नदी आयोजनाका लागि सेती लोकमार्गको दक्षिण खण्डको काम समयमा सम्पन्न हुनु पर्छ । त्यस्तै ठूलो प्रसारण लाइनका लागि बाजुरा, डोटी र कैलालीमा सबस्टेशन निर्माणको जग्गा प्राप्तिको काम अगाडि बढेको छ । यसमा लगानीको लागि प्रदेश सरकारले संघमार्फत् पहल गर्नुपर्ने छ । कञ्चनपुरको दैजी औद्योगिक क्षेत्रको काम तत्कालै अगाडि बढाउनुपर्ने छ । कैलालीको डुडेझारीमा विशेष आर्थिक क्षेत्रको अध्ययनको काम भइरहेको छ । औद्योगिक विकासको यो एउटा सम्भावना हो । जलविद्युत क्षेत्रमा अर्को सम्भावना अछामको ढकारी र तुर्माखाँदमा पर्ने बेतन कर्णाली आयोजना हो । यो निर्माण भए सुदूरपश्चिम विद्युत्मा आत्मनिर्भर भएर निकासी गर्न सक्षम बन्छ । यसलाई कसरी अगाडि बढाउने भनेर संघीय सरकारले तुरुन्तै निर्णय गरिदिनु पर्छ ।

सुदूरपश्चिमको सन्दर्भमा तराइलाई पहाड जोड्ने सबै सडक अहिलेको आवश्यकता होइनन् । त्यस्ता आयोजनामा स्रोतमात्र बाँडिएको छ । यसमध्ये कुन आयोजनालाई पहिले सुचारू गरेर उत्तरको नाकासँग जोड् नसक्छौँ, त्यसको प्राथमिकीकरण गर्नुपर्छ । संघीय सरकारले प्राथमिकतामा राखेर पर्याप्त बजेटको व्यवस्था गरिदिनु पर्छ । सडक आयोजना सञ्चालनमा जनप्रतिनिधिले पनि आफ्नो पहुँचको दुरूपयोग रोक्नु पर्छ । उत्तरतिरका नाका खोल्नेमा दुविधा छैन तर त्यही अनुसार काम पनि हुनुपऱ्यो । दोधारा-चाँदनीको नाका तुरुन्तै खोल्ने र सुदूरपश्चिमको कुनै एउटा ठाउँलाई विशेष आर्थिक क्षेत्रको रूपमा अगाडि बढाइदिनुपर्छ । नाकामा क्वारेन्टाइनको अन्यौल छ; संघले आवश्यक जनशक्ति पठाएर अन्यौल हटाउनु पर्छ । १६औँ योजनामा सुशासनको पाटोलाई प्राथमिकता दिनु पर्छ र परस्पर बाझिएका नीति मिलाउनु पर्छ ।

## सङ्कट मोचन गर्ने 'गेमचेन्जर' आयोजना

सुदूरपश्चिम विकासको दृष्टिले पछि परेको प्रदेश हो । सुदूरपश्चिमको आम्दानीले कर्मचारीको तलबसुविधासमेत धान्नसक्ने अवस्था छैन । त्यसैले अब जनसङ्ख्या र भूगोलका आधारमा मात्र नभई पछि परेको क्षेत्रका आधारमा प्राथमिकतामा राखेर बजेट विनियोजन गरिदिनु पर्छ ।

सुदूरपश्चिममा पूर्वाधार बनिसकेका भारतसँग जोडिएका परम्परागत नाकाको स्तरोन्नति गर्न र दोधारा-चाँदनीलाई प्रदेशको प्रमुख नाकाको रूपमा विकास गर्न आवश्यक छ । भारततर्फबाट पनि नाकासम्म पूर्वाधार बनिसकेका नाका खोल्नेतर्फ संघले पहल गरिदिनु पर्छ । कञ्चनपुरमा बन्दै गरेको सुख्खा बन्दरगाहले यहाँ सञ्चालन हुने ठूला आयोजनालाई मद्दत पुग्छ । निर्माणाधीन सेती लोकमार्ग छिटो पूरा हुनु आवश्यक छ । त्यसले उत्तरदक्षिण सीमा जोड्ने, दर्जनौँ बस्तीमा सडक सुविधा पुग्नेमात्र नभई तीन/चारवटा जलविद्युत आयोजना निर्माणमा पनि मद्दत गर्छ । ठूला उद्योग र आयोजना ल्याउन यहाँका राजमार्गको स्तरोन्नति संघीय सरकारले गरिदिनु पर्छ । त्यसका लागि पर्याप्त बजेटको व्यवस्था हुनुपऱ्यो र जग्गाप्राप्ति, रूख कटानीको प्रक्रिया छोट्याइदिनु पऱ्यो । सहुलियतपूर्ण ऋणको लागि विकास साझेदारसँग संघीय सरकारले सुदूरपश्चिमलाई प्राथमिकतामा राखिदिनुपर्ने देखिन्छ ।

सुदूरपश्चिम स्वास्थ्य र शिक्षाको हब बन्न सक्ने देखिन्छ । त्यसका लागि मेडिकल विश्वविद्यालय स्थापनाको निर्णय गरेको गेटामा स्वास्थ्य उपचारसँगै स्वास्थ्य शिक्षण पनि सुरू गर्नुपर्छ । धनगढी विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थल बनाउनु पर्छ भनेर हामी भन्दैनौँ तर अन्तर्राष्ट्रियस्तरको विमानस्थललाई चाहिने पूर्वाधारका लागि पर्याप्त बजेट दिनुपर्छ । वनजन्य उद्योग स्थापनाका लागि बाधक नीतिमा संघीय सरकारले सुधार गरिदिनुपर्छ ।

उत्तरदक्षिण जोड्ने सडक निर्माण, दुवैतिरका नाका स्तरोन्नति, जलविद्युत आयोजना निर्माण, औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्र, जडीबुटी प्रशोधन उद्योग स्थापनाका लागि प्रदेश सरकारले संघीय सरकारसँग ठूलोमात्रामा लगानीको साझेदारी गर्न नसक्ला तर ती आयोजना निर्माणका लागि आवश्यक वातावरण बनाउन सक्छ र सक्दो साझेदारी गर्नसक्छ । सुदूरपश्चिममा अर्को ठूलो सम्भावना भएको क्षेत्र खानेपानी हो । यी आयोजनाले सुदूरपश्चिमको मात्र नभइ देशकै अर्थतन्त्रमा योगदान पुऱ्याउनसक्ने देखिन्छ । मानसरोवर जाने धेरै भारतीय पर्यटकलाई सुदूरपश्चिम भित्र्याउन सकिने सम्भावना छ । त्यसका लागि धनगढी विमानस्थल स्तरोन्नति र उरै जोड्ने सेती लोकमार्ग निर्माण गरिदिनुपर्छ । खप्तड, बडिमालिका, रामारोशन, बैजनाथ धाम, बडिकेदारजस्ता पर्यटकीय क्षेत्रको एकीकृत विकासमा संघीय सरकारको साथ आवश्यक छ ।

प्रदेश योजना आयोगले पञ्चवर्षीय योजना बनाएर योजनाको प्राथमिकीकरण गरेको छ । सरकारलाई नीति निर्माण, कार्यक्रम, कार्ययोजना बनाउनमा सहयोग गर्ने नियमित काम भइरहेका छन् । हामीले प्राथमिकता तोकिएका क्षेत्रमा बजेट विनियोजनका लागि पहल गरिरहेका छौँ । सुदूरपश्चिम विकासको दृष्टिले पछि परेको प्रदेश हो । सुदूरपश्चिमको आम्दानीले कर्मचारीको तलबसुविधासमेत धान्नसक्ने अवस्था छैन । त्यसैले अब जनसङ्ख्या र भूगोलका आधारमा मात्र नभई पछि परेको क्षेत्रका आधारमा प्राथमिकतामा राखेर बजेट विनियोजन गरिदिनु पर्छ । यो क्षेत्र पटकपटक भूकम्पआदि प्रकोपबाट पनि ग्रसित छ । यसले अर्थतन्त्रलाई पनि कमजोर बनाइरहेको छ । त्यसैले अब प्रदेशले एकीकृत आवासको नीतिलाई अगाडि बढाउनुपर्ने देखिन्छ ।

*- उपाध्याय सुदूरपश्चिम योजना आयोगका उपाध्यक्ष हुन् ।*

**HBL**
**क्रेडिट कार्ड**

# हिमालयन बैंकको क्रेडिट कार्डबाट खरिद

## सरल मासिक किस्तामा भुक्तानी




- कार्ड सीमाको २.५ गुणा सम्म खरिद गर्न सकिने
- ३६ महिनाको अवधि
- सेवा शुल्क नलाग्ने
- रु. ५00,000/- सम्मको खरिद
- सहज प्रक्रिया
- अग्रिम भुक्तानी शुल्क नलाग्ने
- साधारण ब्याज ६.९९%

*शर्तहरु लागु हुनेछन् ।

**HBL** हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

himal@himalayanbank.com | www.himalayanbank.com

**Please Contact**
**Card and Digital Channel Business Development Department**
**Phone No.: 01-4245979, 4245980 | Viber: 9803560838 | Toll Free No: 16600112000**
**E-Mail: cardcenter@himalayanbank.com | Kamaladi, Kathmandu**

QR SCAN FOR MORE DETAILS.

himalayanbankltd | @himalayanbanknp | Himalayan Bank Ltd. | Himalayan Bank (Viber)

# सूचना प्रविधि : सम्भावना भएको निर्यात क्षेत्र

**अपर्याप्त डिजिटल पूर्वाधार, सीमित नीतिगत संरचना, दक्ष जनशक्तिको अभाव यथोचित क्षमताको प्रयोग गर्न अपर्याप्त प्रयास, प्रतिबन्धित भुक्तानी प्रणाली, अवैज्ञानिक कर छुट प्रणाली, संस्थागत व्यवस्था र केही सामाजिक संरचना केही चुनौतीका रूपमा देखिएका छन् ।**



डा. अमृता शर्मा

नेपालको वर्तमान आर्थिक परिदृश्यमा, सूचना प्रविधि (आइटी) सेवा निर्यात उदीयमान क्षेत्रका रूपमा विकास भरहेको छ । २१औँ शताब्दीमा प्रविधिको विकास र विश्वव्यापी बजारीकरणले सम्भावित उपभोक्तामा पहुँच, डिजिटल उत्पादनको बढ्दो माग, रोजगारीका अवसरले सीमाविहीन श्रमबजार र उत्पादनको अवधारणालाई मूर्तरूप दिएको छ । विश्वभर नै सूचना प्रविधि उद्योगको योगदान बढ्दो भएकाले नेपालले यसबाट अझै बढी लाभ लिनसक्ने सम्भावना पनि त्यतिकै रहेको छ ।

आइआइडिएसको एक अध्ययनका अनुसार नेपालमा वार्षिक करिब ६७ अर्ब रूपैयाँ बराबरको आइटी सेवा निर्यात भएको छ । सन् २०२२ लाई आधार मानेर हेदा यो विदेशी मुद्रा सञ्चितिको ५.५% र नेपालको कुल अर्थतन्त्रको १.४% हो । आइटी निर्यात कम्पनी र स्वतन्त्र निर्माता (फ्रिल्यान्सर) को संलग्नता उच्च गुणस्तरको रहेको र यी उपलब्धिले नेपालको आर्थिक विकासमा ठूलो योगदान पुऱ्याउने सम्भावनालाई पनि उजागर गरेको छ । नेपालको आइटी क्षेत्रले सेवा निर्यातमा देखाएको आशाजनक वृद्धिले भविष्यमा राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याउने योगदान पनि ठूलो अवसरका रूपमा लिन सकिन्छ ।

यति हुँदा हुँदै पनि आइटी उद्योग प्रवर्द्धन गर्ने नेपालको प्रयास छिमेकी देशहरूको तुलनामा सीमित छ । दुई ठूला उत्पादक देशबाट घेरिएको भूपरिवेष्टित नेपाल निर्यात गर्ने क्षमतालाई हेर्दा वस्तु निर्यात गर्न तुलनात्मक रूपमा धेरै पछाडि छ । तथापि नेपाल जस्तो देशको लागि सेवा निर्यात वर्तमान र भविष्य हो, जसले हालको व्यापार घाटालाई सन्तुलित बनाउन पनि सहयोग गर्न सक्छ ।

नेपालमा यस उद्योगले हालैका वर्षहरूमा गरेको उल्लेखनीय वृद्धिलाई अझै विकास गर्न विद्यमान समस्या समाधान गर्न जरूरी देखिन्छ । अपर्याप्त डिजिटल पूर्वाधार, सीमित नीतिगत संरचना, दक्ष जनशक्तिको अभाव यथोचित क्षमताको प्रयोग गर्न अपर्याप्त प्रयास, प्रतिबन्धित भुक्तानी प्रणाली, अवैज्ञानिक कर छुट प्रणाली, संस्थागत व्यवस्था र केही सामाजिक संरचना केही चुनौतीका रूपमा देखिएका छन् ।

नेपालले आधारभूत पूर्वाधारमा ठुलै फड्को मारेर कनेक्टिभिटी सुनिश्चित गर्दै उल्लेखनीय प्रगति गरे तापनि यसको पहुँच सहरी क्षेत्रमा मात्र सीमित छ । त्यसैगरी, उच्च गतिको इन्टरनेट जडान, डाटा सेन्टरहरूको विदेशमा निर्भरता, विपद् पुनर्स्थापना केन्द्र, उच्च क्षमताको सूचना प्रविधि राजमार्गको आवश्यकता पनि उत्तिकै छ ।

आइटी सेवा निर्यात उद्योगमा अर्को समस्या भनेको अस्पष्ट नीति रहेको छ । आइआइडिएसकै अध्ययन अनुसार पनि करिब ७०% उत्तरदाताले सूचना प्रविधि क्षेत्रको विकासका लागि नेपालको नीतिगत रूपरेखा राम्रोसँग तयार नभएको बताए । अपर्याप्त बौद्धिक सम्पत्ति संरक्षण, डेटा गोपनीयता र सुरक्षा ड्राफ्ट आइटी बिलहरू, सीमापार डेटा प्रवाहमा सम्भावित प्रतिबन्धका सङ्केत केही सम्बोधन गर्न आवश्यक क्षेत्रहरू हुन् । आर्थिक वर्ष २०७९/८० को बजेटमा गरिएको प्रत्यक्ष वैदेशिक लगानीको न्यूनतम थ्रेसहोल्ड, बिपिओ कम्पनीलाई ५०% कर छुट आदिको समायोजनले आईटी सेवा निर्याततलाई केही बढावा दिए पनि प्रोत्साहनका हिसाबले सर्वाङ्गीण विकासका लागि अझै पर्याप्त र स्पष्ट नीति नियमको आवश्यकता रहेको छ । त्यसैगरी राजनैतिक र प्रशासनिक क्षेत्रले यस

आइटी सेवा निर्यातको महत्व बुझेमा थप अवसरको सिर्जना गर्न पनि सकिन्छ ।

अर्को समस्याका रूपमा देखिएको मानव संसाधनको गुणस्तर हो, जसलाई सबै क्षेत्रबाट प्राथमिकतामा राख्नुपर्ने आवश्यकता छ । आइआइडिएसकै सर्वेक्षणमा पनि ७४.२% कम्पनीका सञ्चालकले नेपालको शैक्षिक गुणस्तरमा प्रश्न गरेका छन् । साथै उनीहरूले यसलाई एक प्रमुख समस्याका रूपमा पहिचान गरेका छन् जसले उत्पादकत्वमा ठूलो प्रभाव पर्ने गर्दछ । समग्रमा शैक्षिक प्रणालीमा सुधार र थप प्रशिक्षणका अवसर मार्फत गुणस्तर साथै पर्याप्ततालाई सम्बोधन पनि गर्ने देखिन्छ ।

त्यसैगरी, चुनौतीका रूपमा देखिएको भुक्तानी प्रणालीसँग सम्बन्धित समस्या सम्बोधन गर्न बैंकिङ र वित्तीय संस्थाका लागि विश्वव्यापी आइटी उद्योगका अभ्यासबारे जानकारी हुनु आवश्यक देखिएको छ । अर्को चुनौती सार्वजनिक सेवा प्रवाहमा देखिएको झन्झट, कर प्रणालीमा अस्पष्टता आदि देखिएको छ, जसबारे सरोकारवालाहरूलाई आवश्यक सूचना दिई यसको संवेदनशीलतालाई सम्बन्धित कम्पनीलाई बुझाउन जरूरी देखिन्छ ।

त्यसैगरी, अर्को महत्त्वपूर्ण पाटो भनेको प्रभावकारी संस्थागत संयन्त्रको अभाव हो । आइटी क्षेत्रलाई प्रवर्द्धन गर्नका निम्ति एक स्वायत्त संस्थाको आवश्यकता पनि सरोकारवालाहरूले महसुस गरेका छन् । यस क्षेत्रका विकासका लागि आवश्यक कानुन, योजना नीति निर्माण र कार्यान्वयनलाई प्राथमिकतामा राख्नका निम्ति स्वायत्त संस्थाले प्रमुख भूमिका खेल्न सक्छ ।

आइटी क्षेत्रको विकासका लागि अर्को महत्त्वपूर्ण पाटो भनेको हाम्रो सामाजिक–सांस्कृतिक पृष्ठभूमि पनि हो । हाम्रो जस्तो विविधता भएको देशमा यस क्षेत्रको विकासका लागि हाम्रो मानसिकता परिवर्तनलाई आत्मसात् गर्न सक्ने सोच, र निरन्तर सिकाइलाई प्रोत्साहन गर्न वातावरणको पनि त्यतिकै महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसैगरी, व्यावसायिक विकासका अवसर प्रदान गर्न, स्वस्थ कार्य–जीवन सन्तुलनलाई प्रवर्द्धन गर्ने संस्कृतिले आइटी सेवा निर्यात उद्योगले सकरात्मक कार्य संस्कृतिको विकासका साथै यस यस क्षेत्रको वृद्धिमा योगदान पुऱ्याउँछ ।

## सङ्कटमोचन

आइटी सेवा निर्यात गर्ने, कुल गार्हस्थ्य उत्पादन बढाउन र विदेशी मुद्रा आर्जनमा योगदान गर्ने क्षमता छ । यस क्षेत्रको थप विकास र रोजगारी सिर्जना गर्न सम्भाव्यतालाई पूर्ण उपयोग गर्न नीति, कार्यन्वयन, नवप्रवर्तन र उद्यमशीलतामा सुधार, सार्वजनिक–निजी साझेदारीको विकासका साथै सरोकारवालाहरूको सहकार्य आवश्यक छ ।

यी सबै चुनौतीको सम्बोधन गर्न विशेषतः सातवटा क्षेत्रमा कार्य गर्नुपर्ने देखिन्छ । पूर्वाधार विकास, लगानी र वित्तीय क्षेत्रको पर्याप्त सहयोग, मानव संसाधनको विकास, नीतिगत सुधार, आईटी क्षेत्रको ब्रान्डिङ र प्रवर्द्धन, समन्वय र सहयोग, नवीनता तथा उद्यमशीलताको प्रवर्द्धन ।

आईटी पूर्वाधारमा विशेषगरी नियमित विद्युतीय र इन्टरनेट आपूर्ति, भरपर्दो डाटा ब्याकअप, सुरक्षा र व्यवस्थापन सुनिश्चितताका लागि रणनीतिक विकास गर्न आवश्यक छ । निर्बाध रूपमा गुणस्तर पूवार्धारले पहुँच बढाउनका साथै आर्थिक वृद्धिलाई बढावा दिँदै बृहत् इकोसिस्टमलाई बढावा दिन्छ ।

त्यसैगरी, आइटी क्षेत्रको विकासलाई बढावा दिन पर्याप्त आर्थिक स्रोतका लागि सरकार र वित्तीय क्षेत्रको प्रमुख भूमिका रहेको हुन्छ । त्यसैगरी अत्याधुनिक प्रविधि विकास गर्नका लागि अनुदान, कम्पनीलाई कम ब्याजमा ऋण र प्रोत्साहनका लागि सरकारले पनि सक्रिय भूमिका खेल्नु पर्छ । सरकारी पहलका अतिरिक्त बैंक तथा वित्तीय संस्थाले ऋण सुविधा र लगानीका विकल्प उपलब्ध गराउनु पर्ने देखिन्छ ।

आइटी क्षेत्र गतिशील भएकाले मानव पुँजी विकास निकै नै महत्त्वपूर्ण पाटो हो । नेपालको आइटी क्षेत्रमा रहेको सक्षम जनशक्तिको अभाव, शिक्षा प्रणाली र उद्योगबीचको खाडललाई कम गर्नका लागि युवाको सीप विकास, उद्योग शैक्षिक संस्थाबिचको साझेदारी र पाठ्यक्रमहरूलाई अद्यावधिक गर्नु आवश्यक छ । यसका साथसाथै महिला, अपाङ्गता भएका व्यक्ति, ग्रामीण क्षेत्रमा जनशक्तिको विकास र अल्पसङ्ख्यक समुदायका लागि समावेशी कार्यक्रम निर्माण गर्नु आवश्यक छ । यसबाहेक मेन्टरसिप र उद्यमशीलतामा केन्द्रित कार्यक्रमले विश्वव्यापी प्रतिस्पर्धाका लागि दक्ष जनशक्ति विकास गर्न मदत गर्दछ । आइटी क्षेत्रको विकासलाई सबैभन्दा महत्त्वपूर्ण भूमिका सरकारी नीति र नियमले निर्वाह गर्दछ । यस उद्योगको समष्टिगत विकासका लागि सहज वातावरण सिर्जना गर्न कानुन, नीति निर्माण स्पष्ट हुन जरूरी देखिन्छ । यसका लागि उचित नीति, कर र श्रमसम्बन्धी कानुन तर्जुमा र भएका कानुनको उचित कार्यान्वयन आवश्यक छ ।

त्यसैगरी, नेपाली आइटी कम्पनीलाई विदेशमा आफ्नो उपस्थिति स्थापित गर्न अनुकूल वातावरण सिर्जना गर्न अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको आइटी क्षेत्रलाई प्रवर्द्धन गर्न धेरै पहलको आवश्यकता देखिन्छ । यसका लागि सरकारले नेपालको सूचना प्रविधि क्षेत्रलाई सम्भावना भएको मुलुकका रूपमा बजारीकरण गर्ने रणनीति बनाउन सक्छ । यसका लागि नेपालको आइटी क्षेत्रको ब्रान्डिङमा केन्द्रित हुन अन्तर–मन्त्रालय समन्वय, र प्रभावकारी नाराबाट नेपालको सूचना प्रविधि क्षेत्रलाई उच्च क्षमता भएको उदीयमान क्षेत्रका रूपमा चिनाउन सकिन्छ ।

यस उद्योगका सन्दर्भमा विभिन्न सरोकारवालाहरूबिच समन्वय र सहयोग आवश्यक छ । निजी–सार्वजनिक साझेदारी विश्वविद्यालय–उद्योग र अन्तर्राष्ट्रिय सहकार्यले विभिन्न क्षेत्रबाट विशेषज्ञता र स्रोत प्रयोग गर्न तथा आइटी उद्योगको विकासलाई बढावा दिन मदत गर्छ । त्यसैगरी नवप्रवर्तन र उद्यमशीलता यस उद्योगका केन्द्रविन्दु नै हुन् । शैक्षिक संस्थाहरूले अनुसन्धान र विकासका लगानी गर्ने र विद्यार्थीलाई सानैदेखि रचनात्मक परियोजनामा संलग्न हुन प्रोत्साहित गरियो भने यस क्षेत्रको विकासमा ठूलो टेवा पुग्दछ ।

आर्थिक रूपान्तरण र वृद्धिको अवसरको रूपमा प्रस्तुत आइटी सेवा निर्यात क्षेत्र नेपालका लागि निकै महत्त्वपूर्ण छ । नेपालसँग आइटी सेवा निर्यात गर्ने, कुल गार्हस्थ्य उत्पादन बढाउन र विदेशी मुद्रा आर्जनमा योगदान गर्ने क्षमता छ, तर यस क्षेत्रको थप विकास र रोजगारी सिर्जना गर्न सम्भाव्यतालाई पूर्ण रूपमा उपयोग गर्न नीति, कार्यन्वयन, नवप्रवर्तन र उद्यमशीलतामा सुधार, सार्वजनिक–निजी साझेदारीको विकासका साथै सरोकारवालाहरूको सहकार्य आवश्यक छ । विश्वव्यापी परिदृश्यमा महत्त्वपूर्ण प्रभाव पार्न अनुकूल वातावरणको सिर्जना गर्नु महत्त्वपूर्ण देखिन्छ ।

- शर्मा आईआईडीएसकी अनुसन्धाता हुन् ।


ISO 9001:2015 CERTIFIED

SuryaJyoti
जीवनको लागि

# नेपालको पहिलो र कम प्रिमियममा 'आजीवन सुरक्षा दिने

## सही Plan

सही सोचौं, सही रोजौं!



- कम प्रिमियममा, ठूलो Plan
- ७० वर्षको उमेरमा सम्पुर्ण प्रिमियम Refund
- सीमित भुक्तानी, असीमित Coverage

Shanta Plaza, Gyaneshwor
Kathmandu, Nepal

P.O. Box 19433
01-4545947/48/50
sahi@suryajyotilife.com

suryajyotiofficial
www.suryajyotilife.com

# पर्यटकका आधार : हिमाल, हिउँ र हिमनदी

सरकारले कृषि, जलविद्युत्, र पर्यटनमध्ये पर्यटनलाई नै पहिलो प्राथमिकता दिएर योजनासहित अगाडि बढ्नु पर्दछ । पर्यटन विकासको लागि सबैभन्दा ठूलो चुनौती भनेकै आधारभूत पूर्वाधारको कमी हो । पूर्वाधार विकास गर्न सके धेरै पर्यटक आगमन बढाउन सकिन्छ ।



आङकाजी शेर्पा

नेपाल कृषिप्रधान देश भए पनि कृषि क्षेत्रमा गुणात्मक, आधुनिकीकरण र व्यावसायीकरण नहुँदा अहिलेसम्म यसमा आत्मनिर्भर हुन सकेको छैन । उपलब्ध स्रोत र साधनका आधारमा आवधिक योजनाहरूमा कृषि क्षेत्रलाई उच्च प्राथमिकता दिँदै आए पनि अहिले आर्थिक विकासको प्रमुख आधार पर्यटन क्षेत्र हो ।

सरकारले कृषिलाई आर्थिक विकासको आधार भनिरहँदा पर्यटन क्षेत्र पनि समृद्व नेपालको आर्थिक विकासको प्रमुख पक्ष हो । एक मुठी माटोसमेत निर्यात नगरी अर्बौं डलर भित्र्याउन सक्ने पर्यटन क्षेत्रको विकास रोजगार र आर्थिक विकाससँग जोडिन्छ । पर्यटन क्षेत्र उद्योगका रूपमा विकास हुँदै यसैबाट गरिबी निवारण, रोजगारी सिर्जना, वैदेशिक मुद्रा आर्जन हुँदै आएको छ ।

राष्ट्रिय पहिचान बढाउन पनि योगदान गर्ने पर्यटन क्षेत्रलाई नेपालको आर्थिक विकासको मेरूदण्डको रूपमा हेरिन्छ । नेपाल प्राकृतिक, धार्मिक, सांस्कृतिक विविधतायुक्त पहिचान भएको देश भएकाले यहाँ पर्यटनका अपार सम्भावना छन् । पर्यटन गतिशील र तीव्र रूपमा विकास भएको एक प्रतिस्पर्धी क्षेत्र भए पनि पर्यटकको कुल आगमन संख्या र पर्यटकबाट हुने लाभको हिस्सा भने नेपालले एकदमै कम पाउने गरेको छ ।

तुरुन्तै प्रतिफल पाउने क्षेत्र मानिएको पर्यटन क्षेत्रलाई उद्योगको मान्यता दिँदै नेपाललाई पर्वतारोहण, पदयात्रालगायत साहसिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्दै लैजानुपर्ने आवश्यकता छ । भूकम्प र कोरोना महामारीका कारण प्रभावित पर्यटन क्षेत्र अहिले लयमा फर्किएको छ ।

भूकम्प र कोरोना महामारीले सबैभन्दा बढी प्रभावित हिमाली पर्यटन क्षेत्र चलायमान भएको छ । देशमा ठूला-ठूला चेन होटल भित्रिएका छन् । नेपालमा उडान गर्ने अन्तर्राष्ट्रिय हवाई उडानले नयाँ रेकर्ड राख्न थालेको छ । नेपाल भित्रिने पर्यटकको संख्याले समेत इतिहासकै सर्वाधिक रेकर्ड राखेको छ । हिमाली दस्तुर वापत सरकारलाई प्राप्त हुने राजस्व बढेको छ ।

सरकारले यस वर्ष १० लाख पर्यटक भित्र्याउने लक्ष्य राखेको छ । सन् २०२३ अक्टोबरमा एक लाख १७ हजारभन्दा बढी पर्यटक नेपाल भित्रिएसँगै नेपाली पर्यटन जगत्मा नयाँ उत्साहको सञ्चार हुन पुगेको छ ।

सन् २०२३ को १० महिनामा नेपाल भित्रिने पर्यटकको संख्या आठ लाख नौ हजार ६७८ पुगेको छ । हाल अन्तर्राष्ट्रियतर्फ दैनिक झन्डै १५ हजार यात्रुले ओहोर-दोहोर गरिरहेका छन् । सन् १९४९ मा नीतिगत निर्णय भएर सन् १९५० देखि सुरु भएको पर्वतारोहणमा सन् २०२३ मा सबैभन्दा बढी आरोहीले सगरमाथा शिखर टेकेका छन् । एक सिजनमा सगरमाथाबाट मात्रै ७० करोड रुपैयाँ हिमाली दस्तुर सङ्कलन भएको छ ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले हालै नेपालका प्रमुख हिमाली पर्यटकीय क्षेत्रमा गरेको अवलोकन भ्रमणले नेपालका हिमालको थप अन्तर्राष्ट्रिय प्रचार भएको छ । उहाँको भ्रमणले संसारको सबैभन्दा अग्लो हिमाल सगरमाथामा नै जलवायु परिवर्तनको चपेटामा परेको सन्देश प्रवाहित गरेर उक्त एजेन्डालाई कोप-२८ मार्फत स्थापित गर्न नेपाललले अवसर पाएको छ ।

पर्वतीय पर्यटन जलवायु परिवर्तनका कारण अधिक मात्रामा हिउँ पग्लिँदा सङ्कटमा देखिएको छ । गुटेर्रेसले विश्वको शिखर सगरमाथा क्षेत्रबाट हिमाल, हिउँ र हिमनदी बचाउन जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने प्रतिबद्धता कार्यान्वयन गर्न विश्व समुदायमा आह्वानसमेत गरेका छन् ।

सरकारले कृषि, जलविद्युत्, र पर्यटनमध्ये पर्यटनलाई नै पहिलो प्राथमिकता दिएर योजनासहित अगाडि बढ्नु पर्दछ । पर्यटन विकासको लागि सबैभन्दा ठूलो चुनौती भनेकै आधारभूत पूर्वाधारको कमी हो । पूर्वाधार विकास गर्न सके धेरै पर्यटक आगमन बढाउन सकिन्छ ।

राम्रो नीति भएमा ठूलो लगानीबिना नै प्रशस्त विदेशी मुद्रा आर्जन गर्न सकिने क्षेत्र हो पर्यटन । नेपाल जस्तो भूपरिवेष्टित र विकासोन्मुख राष्ट्रका लागि पर्यटन विकासको अनिवार्य सर्त हो । पर्यटन क्षेत्रको विकासले आर्थिक वृद्धि भई सम्पूर्ण नेपालीको जीवनस्तर उकासिन्छ । नेपाल र नेपालीले विश्वभर प्रसिद्धि पाउँछन् । पर्यटन क्षेत्रमा द्रुत गतिमा विकास हुनसके यही रोजगारीको आधार बन्छ र लाखौँ युवा बिदेसिनु पर्दैन । एक पटक नेपाल आउने विदेशी पर्यटकले नेपालको विज्ञापन गर्ने वातावरण बनाउन सरकार र निजी क्षेत्र एक भएर लाग्नुपर्छ । सरकारको नीति विकास र प्रवर्द्धन गर्ने मात्रै नभई लगानीमैत्री र पर्यटकमैत्री हुनुपर्छ ।

विविध समस्या

सरकारले विसं २०८० को दशकलाई नेपाल भ्रमण दशक र सन् २०२५ लाई विशेष पर्यटन वर्षका रूपमा मनाउने वार्षिक नीति तथा कार्यक्रममा समेटेको छ । तर, सरकारसँग पर्याप्त राष्ट्रिय ध्वजावाहक नहुँदा विदेशी मुद्रा विदेशी हवाई कम्पनीहरूले नै लगिरहेका छन् ।

पर्यटकले भ्रमण गर्ने राष्ट्रको राष्ट्रिय ध्वजावाहक जहाजलाई बढी विश्वास गर्छन् । अहिले नेपाल वायुसेवा निगमसँग १५ वटा वाइडबडी जहाज भएको भए २५-३० लाख पर्यटक भित्र्याउन समस्या हुँदैनथ्यो । निगमलाई विश्व बजारमा प्रतिस्पर्धी बनाउन र सिधा उडानमार्फत लाखौँ पर्यटक भित्र्याउन निगमले थप जहाज खरिद गर्नु आवश्यक छ । पर्यटकले सिधा उडान, सस्तो हवाई भाडा र विश्वासिलो सुनिश्चित यात्राका लागि सम्बन्धित देशको हवाई सेवा रोज्ने भएकाले निगमसँग अहिले उपलब्ध जहाजको संख्या बढाउनुको विकल्प छैन । सरकारले

**सरकारले नीति निर्माण र पूर्वाधार निर्माणमा प्राथमिकता दिनुपर्छ भने निजी क्षेत्रको गुणस्तरीय सेवा दिने र बजारीकरणमा विशेष ध्यान जानुपर्छ । संघीय ढाँचा अनुसार प्रादेशिक तहसम्मको पर्यटन प्रवर्द्धनका लागि नयाँ संरचना र नयाँ परिस्थिति तथा अन्तर्राष्ट्रिय परिवेशअनुकूल नयाँ पर्यटन नीति आवश्यक छ ।**

पर्यटक उद्गम हुने देशसँग थप हवाई सेवा सम्झौता गर्ने, नयाँ हवाई प्रवेश बिन्दु तय गर्ने, नयाँ हवाई मार्ग प्रयोगका लागि छिमेकी राष्ट्रहरूसँग समझदारी एवं सम्झौता गर्ने योजना अघि बढाउनुपर्छ ।

## पूर्वाधार विकास र सञ्चालन

सर्वोच्च शिखरलगायत अन्य धेरै साहसिक पर्यटनका अवसर, हिन्दु तथा बौद्ध धर्मावलम्बीको आस्थाको धरोहरलगायत विविध कारणले नेपालमा करोडौं पर्यटकको आगमन हुनुपर्ने देखिन्छ । तर हाम्रो अपुरो व्यवस्थापन, यातायातलगायतको पूर्वाधारको कमी, प्रचार प्रसारमा कमजोरी लगायत विविध कारणले पर्यटकको आगमन आशा गरेको अनुरूप वृद्धि हुन सकिरहेको छैन ।

नेपालको पर्यटनको विकासका लागि पूर्वाधारमा लगानी सबैभन्दा आवश्यक पक्ष हो । निजीक्षेत्र, निजी र सार्वजनिक क्षेत्रको साझेदारी तथा वैदेशिक लगानीबाट यस्ता पूर्वाधार निर्माण गर्नुपर्ने आवश्यकता छ । खासगरी हवाईस्थल र हवाई उडानलाई प्रभावकारी बनाउनु आवश्यक छ । पर्यटन क्षेत्रलाई देश विकासको प्रमुख आधार बनाउन पूर्वाधारको विकासको समेत उत्तिकै भूमिका छ । आर्थिक उन्नतिको आधार बन्ने ठूलो सपना देखेर अर्बौंको लागतमा निर्माण भएका भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनबारे अब सरकारले सोच्नैपर्छ । विमानस्थल सञ्चालनमा देखिएको समस्या र हवाई रूटको समाधान गर्न सरकार क्रियाशील हुनुपर्छ । दुई वटा नयाँ विमानस्थललाई नियमित सञ्चालनको वातावरण बनाउन विमानस्थलमा विजनेस खोज्ने जिम्मेवारी र विकल्पबारे छलफल अघि बढनुपर्छ ।

## हिमालमा असर

नेपालको पहिचान हिमाल हो । अन्तर राष्ट्रिय समुदायले नेपाललाई हिमाली मुलुक भनेर चिन्छन् । हिमाल बिग्रँदा, त्यसको असर पहाडी र तराई क्षेत्रमा पनि देखिन्छ । अध्ययनका अनुसार हिमाल बिग्रेको अनुपातको धेरै गुणा बढी असर पहाड र तराईमा पर्ने अध्ययनले देखाएको छ । हालै प्रकाशित एक प्रतिवेदन अनुसार सन् २१०० सम्ममा हिमाली क्षेत्रको हिउँ एक तिहाइभन्दा बढीले क्षति हुने प्रक्षेपण गरिएको छ ।

बढ्दो उच्च तापमान यही क्रममा रहने हो र विद्यमान कार्बन उत्सर्जनलाई घटाउने ध्याउन्नमा विश्व समुदाय नलाग्ने हो भने हिमाली क्षेत्रबाट करिब दुई तिहाइ हिउँ नै रित्तिने सम्भावना छ । विगतमा जाडोयाममा हिउँले हिमालका डाँडा सबैतिर सेताम्मे देखिन्थे, हिजोआज हिमालमा समेत हिउँ छैन, सेता हिमाल काला बन्दै गएका छन् । हिमालमा हिउँको मात्रा घट्दै जाँदा जङ्गली फलफूल बेमौसममा नै फुल्न र फल्न थालेका छन् । पृथ्वीमा अहिले १.२ डिग्री सेल्सियसले तापक्रम वृद्धि भइरहेको अध्ययनले देखाए पनि हिमाली क्षेत्रमा भने योभन्दा बढी तातो भइरहेको छ । हिमपात नहुँदा चिस्यान नहुने आलु, उवा र फापर छर्ने ठाउँमा जोत्नसमेत कठिन हुँदै गएपछि हिमाली भेगमा बसोबास गर्नेहरू थातथलो छोड्न थालेका छन् । जलवायु परिवर्तनले हिमालमा हिउँ जम्न छाडेको, समयमा हिउँ र पानी नपर्ने समस्या बाक्लिँदै गएको छ । जलवायु परिवर्तनबाट हिमाल र हिमाली क्षेत्रमा परेको असर न्यूनीकरणका गर्दै

हिमाल, हिउँ र हिमनदीको संरक्षणमा सरकार गम्भीर हुनु आवश्यक छ ।

## सङ्कटमोचन

हिमालको प्रवर्द्धन गर्न सकेमा पर्यटनबाटै समृद्धि सम्भव छ । नेपाल आउने पर्यटकमध्ये सबैभन्दा बढी खर्चालु पर्यटक नै पर्वतीय पर्यटक हुन् । पछिल्लो समय एकातर्फ दक्ष पर्वतारोही, सहयोगी, भरिया शेर्पासमेत विदेश पलायन हुन थालेका छन् भने अर्कोतर्फ कयौँ हिमक्षेत्रहरू खुला नहुँदा पर्यटन प्रवर्द्धनमा समेत असर पर्दै आएको छ । नेपालको पर्यटन क्षेत्रलाई थप चलायमान बनाउन मनासलु क्षेत्रसहित तत्काल थप हिमाल आरोहणका लागि खुला गर्नुपर्छ । सरकारले मनासलु क्षेत्रलाई खुला गर्नासाथ सिजनमा ९० हजार पर्यटक त्यहाँ पुग्छन् ।

पर्यटक आवागमन बढाउन र विदेशी मुद्रा आर्जनका लागि सरकारले आरोही तथा पदयात्री पर्यटकको सुरक्षा र आकस्मिक उद्धारको भरपर्दो व्यवस्थासहित नयाँ हिमाल आरोहणका लागि खुला गर्नु आवश्यक छ ।

नेपालमा पाँच हजार आठ सय मिटरमाथिका एक हजार ७९२ वटा चुचुरा छन् । तीमध्ये ४०८ वटा आरोहणका लागि खुला गरिएका छन् । हाल एक हजार ३८४ वटा हिमाल आधिकारिक रूपमा खुला गरिएका छैनन् । नेपाल र चीनको बीचमा २५७ र नेपाल भारतबीच २८ वटा चुचुरा रहेका छन् । नेपाल र चीनको सिमानामा रहेका सबै चुचुरा खोल्न सरकारलाई सुझाव दिँदै आएका छौँ । आठ हजार मिटर उचाइका १४ वटा हिमालमध्ये आठ वटाले मात्रै विश्व पर्वतारोहण महासंघको अन्तर्राष्ट्रिय मान्यता प्राप्त रहेकाले थप छ हिमाललाई समेत सूचीकृत गर्नुपर्ने चुनौती हामी सामु छ ।

पर्यटन व्यवसाय सेवामूलक व्यवसाय मानिन्छ यसलाई राजनीतिबाट मुक्त राख्नुपर्छ । पर्यटन क्षेत्रबाट देशको अर्थतन्त्र धान्न सकिन्छ, समग्र पर्यटन क्षेत्रको विकास आजको आवश्यकता भएको भन्दै राजनीतिक मुद्दालाई छाडेर विकास निर्माणमा लाग्नुपर्ने देखिन्छ । विकासका लागि स्वच्छ राजनीति हुनुपर्ने भए तापनि राजनीतिले नीति कार्यान्वयनलाई फितलो बनाइदिन्छ । यद्यपि, पर्यटन क्षेत्र अहिले पनि व्यावसायिक बन्न भने सकेको छैन । पछिल्लो समय व्यवसायमै राजनीतीकरण हुँदा यो क्षेत्र विकृतिको दलदलमा फसेको छ, जसका कारण व्यवसायी-व्यवसायीबिचमै समन्वय नहुँदा अस्वस्थ प्रतिस्पर्धा बढेको छ । राजनीतिक दलहरू विकास तथा पूर्वाधार निर्माणमा जिम्मेवार नहुँदा सरकारी योजना समयमै अगाडि बढ्न सकेका छैनन् ।

> पर्यटन क्षेत्रको विकासबाट राष्ट्रिय आर्थिक क्रियाकलापमा अभिवृद्धि गरी रोजगारी सिर्जना गर्ने, राष्ट्रिय तथा अन्तर ाष्ट्रिय रूपमा पर्यटन क्षेत्रको प्रर्वद्धन मार्फत संख्यात्मक तथा गुणात्मक रूपमा पर्यटक आगमनमा वृद्धि गरी प्राप्त लाभको समन्यायिक वितरण गर्ने कार्यको पनि थालनी गरिनु पर्छ ।

जति बढी पर्यटकलाई नेपालमा आकर्षित गर्न सकिन्छ, त्यति नै बढी रोजगारीका अवसर सृजना हुन्छन्, विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । पर्यटकको संख्यामा वृद्धि गर्न सके यससँग सम्बन्धित होटल, रेस्टुरेन्ट, ट्राभल एजेन्सी, प्याराग्लाइडिङ, पर्वतारोहण, हस्तकला, पदयात्रा लगायत अन्य पर्यटन व्यवसाय चलायमान हुन्छ । जसबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा थप लाभान्वित हुन वर्तमान पर्यटन ऐन २०३५ संशोधन गर्न आवश्यक छ । पर्यटन क्षेत्रका नीतिमा सहजता ल्याउँदै पर्यटन उद्योगको विकास र विस्तार गर्न नयाँ गन्तव्य स्थलको खोजी गरी त्यसको विकास र विविधीकरण गर्ने, पर्यटकीय पूर्वाधारको विकास र क्षेत्रमा लगानी बढाउन सरकारले ध्यान दिन आवश्यक छ ।

पर्यटन क्षेत्रको विकासबाट राष्ट्रिय आर्थिक क्रियाकलापमा अभिवृद्धि गरी रोजगारी सिर्जना गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा पर्यटन क्षेत्रको प्रर्वद्धन मार्फत संख्यात्मक तथा गुणात्मक रूपमा पर्यटक आगमनमा वृद्धि गरी प्राप्त लाभको समन्यायिक वितरण गर्ने कार्यको पनि थालनी गरिनु पर्छ ।

नेपाल संघीय ढाँचामा प्रवेश भइसकेको परिप्रेक्ष्यमा समग्र नेपाल र प्रादेशिक तहसम्मको पर्यटन प्रवर्द्धनका लागि नयाँ संरचना निर्माण गर्ने, नयाँ परिस्थिति र अन्तर्राष्ट्रिय परिवेशअनुकूल हुने गरी नयाँ पर्यटन नीति बनाई लागू गर्न सरकारले ध्यान दिनुपर्छ ।

पर्यटक आगमन बढाउन भरपर्दो हवाई सेवाको सुनिश्चितता गर्ने, पूर्वाधारमा लगानी वृद्धि गर्ने, पर्यटन विविधीकरण तथा गुणस्तरमा वृद्धि, परम्परागत मौलिक संस्कृतिहरूको संरक्षण र प्रवर्द्धन गर्ने, व्यावसायिक, दक्ष जनशक्ति विकास गर्ने, गन्तव्यको पहिचान, प्रवर्द्धन तथा बजारीकरणमा समेत जोड दिनु आवश्यक छ ।

पदयात्रा मार्गहरू जोगाउने र वैकल्पिक पदयात्रा मार्गहरूको खोज, पहिचान र विकासमा स्पष्ट नीति हुनुपर्छ । पर्यटकको आगमन संख्या, बसाइ अवधि, प्रतिपर्यटक खर्च आदि बढाउन पर्यटकीय सम्पदा र वस्तुको विविधीकरण तथा विकास गर्दै विश्व पर्यटन बजारमा बजारीकरण गर्नुपर्छ भने दक्ष जनशक्ति विकासमा पनि उत्तिकै ध्यान दिनुपर्छ ।

सरकारका तर्फबाट नीति निर्माण र पूर्वाधार निर्माणमा प्राथमिकता दिनुपर्छ भने निजी क्षेत्रको गुणस्तरीय सेवा दिने र बजारीकरणमा विशेष ध्यान जानुपर्छ । संघीय ढाँचा अनुसार प्रादेशिक तहसम्मको पर्यटन प्रवर्द्धनका लागि नयाँ संरचना निर्माण गर्ने, नयाँ परिस्थिति र अन्तर्राष्ट्रिय परिवेशअनुकूल हुने गरी नयाँ पर्यटन नीति बनाई लागू गरि नुपर्छ ।

हवाई सेवा सक्षम र बनाउनुपर्छ । पर्यटन व्यवसायमा दक्ष जनशक्ति अनिवार्य तयार गर्नुपर्छ । पर्यटकलाई आवश्यक वस्तु तथा सेवाको उत्पादनमा राज्य अग्रसर हुनुपर्छ । पर्यटकको सुरक्षा र उद्धारमा राज्य सक्षम बन्नुपर्छ । जसले गर्दा प्रत्येक पर्यटकले फर्कर नेपाल घुम्दा त्यहाँ सुरक्षा छ भन्ने सन्देश प्रवाह गर्न सकियोस् । पर्यटन उद्योगको विकास तथा व्यावसायिकता हासिल गर्न राज्यले पर्यटन व्यवसायको सुरक्षा र विकासमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ । पर्यटन एउटा व्यवसाय तथा उद्योग भएकाले सरकार एक्लैले बल गरेर यसको विकास हुन सक्दैन । यसका लागि निजी क्षेत्रको संलग्नता आवश्यक हुन्छ ।

*– शेर्पा पर्यटन व्यवसायी हुन् ।*

# अनुसन्धानमा आधारित नीति निर्माण

जलवायु परिवर्तन, जैविक विविधता तथा वातावरणीय ह्रास, प्रदूषण जस्ता मानव जातिकै अस्तित्वमाथि प्रश्न चिह्न खडा गर्ने खालका समस्यालाई पनि ध्यानमा राख्दै हाम्रा विकास र नीति निर्माणको खाका तयार गर्नुपर्ने छ । ती विश्वव्यापी र स्थानीय सरोकारका विषय पनि हुन् ।



डा. कल्पना खनाल

कुनै पनि मुलुकको आर्थिक तथा पूर्वाधार विकास, सुशासन, सार्वजनिक सेवा प्रवाह, शिक्षा, स्वास्थ्य, समसामयिक घटनाक्रम लगायत नागरिक तथा अन्तर्राष्ट्रिय समुदायसँग समेत सरोकार राख्ने सार्वजनिक महत्त्वका विषयमा सरकारको दृष्टिकोणलाई कार्यान्वयनमा लैजाने माध्यम सार्वजनिक नीति हो । राज्य सञ्चालन र सार्वजनिक सेवा प्रवाहलाई व्यवस्थित गर्न निर्माण गरिएका संविधान, नीति, रणनीति, ऐन, कानुन, कार्यविधि जस्ता दस्तावेजलाई नै समस्टिगत रूपमा राज्यका नीति भन्ने गरिन्छ ।

कुनै पनि देशको विकास र परिवर्तन सार्वजनिक नीतिको समयसापेक्षता, कार्यन्वयन-योग्यता, प्रभावकारिता तथा गतिशीलताले निर्दिष्ट गरेको हुन्छ । नीति निर्माणमा अनुसन्धान र तथ्यको प्रयोग र सरोकारवालाहरूको स्वामित्व र अपनत्वको विकास गर्न सकेमा मात्र नीतिलाई तथ्यपरक र कर्यान्वयनयोग्य, वैज्ञानिक र व्यावहारिक बनाउन सकिन्छ । समुदायले राजनीतिको माध्यमबाट सार्वजनिक नीतिबारे एकीकृत निर्णय गर्दछ, यसर्थ सार्वजनिक नीतिको आकार तथा निर्माण र निर्णय प्रक्रियालाई राजनीतिले निर्धारण गर्दछ ।

वर्तमान समाज र नीति निर्माताले निकै अनौठो परिवेशमा बाँचिरहनु परेको छ । एकातिर हाम्रा सामु पहिलो औद्योगिक क्रान्तिको समयको समस्या छन् भने अर्कातर्फ हामीले अहिलेको चौथो औद्योगिक क्रान्ति र सूचना क्रान्तिको समयका चुनौती एकैसाथ सामना गर्नु परिरहेको छ । राजनैतिक, सामाजिक र आर्थिक हिसाबले पनि अहिलेको नेपाल थुप्रै चुनौतीका बिचमा खडा छ । ऐतिहासिक रूपमा हामीले प्राप्त गरेका ठूला राजनैतिक उपलब्धि (गणतन्त्र, संघीयता) आदिलाई जोगाउँदै हामीले गरिबी निवारण, रोजगारी सृजना, स्तरीय शिक्षा, सुलभ स्वास्थ्य सेवा, सामाजिक सुरक्षा, समानता, सुशासन जस्ता नयाँ लक्ष्य प्राप्त गर्न अपरिहार्य छ । यसो भएमा मात्र जनताको जीवनस्तर र आत्मसम्मान माथि उठ्नसक्छ । अर्कातिर विश्वव्यापी रूपमा देखापरेका जलवायु परिवर्तन, जैविक विविधता तथा वातावरणीय ह्रास, प्रदूषण जस्ता मानव जातिकै अस्तित्वमाथि प्रश्न चिह्न खडा गर्ने खालका समस्यालाई पनि ध्यानमा राख्दै हाम्रा विकास र नीति निर्माणको खाका तयार गर्नुपर्ने छ ।

यो विषम परिस्थिति माझ कतिपय चुनौती छन् । ती विश्वव्यापी र स्थानीय दुबैखाले सरोकारका विषय पनि हुन् । यिनलाई समाधान गर्दै आर्थिक सम्वृद्धिको बाटोमा अगाडि बढ्न हाम्रा नीति अध्ययन अनुसन्धानमा आधारित र प्रमाणका आधारमा सूचित हुन जरूरी छ । एकातिर विश्वव्यापी घटनाक्रमले सिर्जना गरेका चुनौती स्थानीय प्रमाणहरूद्वारा सूचित गर्न आवश्यक छ भने अर्कातर्फ स्थानीय ज्ञान र समाधान र प्रमाणहरूलाई पनि विश्वसामु लानु जरूरी छ ।

उदाहरणका लागि संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसको नेपाल भ्रमणका बेला प्रस्तुत गरेका तीन वटा मुख्य बुँदामा नेपालको शान्तितर्फको यात्रा सबैको लागि अनुकरणीय रहेको, जलवायु परिवर्तन र नेपालको भूमिका प्रशंसनीय रहेको र वनजङ्गलको पुन:स्थापनाका प्रयास अनुकरणीय रहेको बताउनु भएकोलाई लिन सकिन्छ । यस भ्रमणले नेपालको विदेश नीति, जलवायु परिवर्तन कूटनीतिलाई प्रतिविम्बित

गर्दछ । साथै, विश्वव्यापी घटनाक्रमले सिर्जना गरेका चुनौतीलाई स्थानीय प्रमाणहरूद्वारा विश्वलाई सूचित गर्न खोजेको देखिन्छ ।

सोह्रौं योजनाको अवधारणा पत्र प्रकाशित भइसकेको छ । यसमा पत्रमा पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) असफल हुनुका विभिन्न कारण प्रस्तुत गरिएका छन् । त्यहाँ भनिएका कारणहरू धेरैजसो दोहोरिँदै आइरहेका छन् । सधैँ एकै किसिमले योजना बनाउने तर नतिजा भने फरक आशा गर्नेलाई अल्बर्ट आइन्सटाइनले पागलपन भनेका थिए । त्यसैले अब सोह्रौं योजना तर्जुमा गर्दा अनुसन्धान र तथ्यमा आधारित भएर गर्न जरूरी छ र अहिलेको यथास्तिथिवादी चक्रबाट निस्केर प्रस्थान गर्नु जरूरी छ ।

नेपालको भौगोलिक विविधताका कारण यहाँका फरकफरक स्थानको विकासको मोडल भूगोल र सांस्कृतिक विविधतालाई ध्यानमा राखेर नै हुनुपर्छ । तराईमा जुन संख्यामा ठूला सडक चाहिन्छन्, र जसरी हेभी डोजर प्रयोग गरेर सडक बनाउन सम्भव छ, त्यो कमजोर चट्टान भएका पहाडी र हिमाली क्षेत्रमा सम्भव छैन । हिमालका पातला बस्तीहरूका घरघरमा सडक पुर्‍याउन तराईकै प्रविधि प्रयोग गर्दा त्यस क्षेत्रको भूगोल र वातावरणमा क्षय हुन सक्छ । यस्ता व्यावहारिक र संवेदनशील पक्षको अनुसन्धानमा आधारित भएर तथ्यपरक रूपमा उठान गरी त्यसलाई नीतिमा ढाल्न जरूरी छ ।

सरकारले आफ्नो वार्षिक मौद्रिक र वित्तीय नीतिमार्फत लगानी केन्द्रित अर्थतन्त्रमा ध्यान दिन आवश्यक छ । विशेषगरी प्राविधिक क्षेत्रका नयाँ अवसरहरूको अवधारणाबाट लगानीका लागि नवप्रवर्तन उत्प्रेरक हुने तथ्य अधिकांश अर्थशास्त्रीले औँल्याएका छन् । अझ कुनै पनि मुलुकमा यी अवसर स्पष्ट भएमा मात्र निजी लगानी भित्रिन्छ । तसर्थ, सबै नीतिगत क्षेत्रमा ती अवसर सिर्जना गरी सम्पूर्ण अर्थतन्त्रलाई सुधारतर्फ उन्मुख गराउन सार्वजनिक लगानीलाई निर्देशित गर्नुपर्दछ । यसबाहेक, लगानीकर्ताका रूपमा राज्यको पहिलो खुड्किलो भनेको जोखिम लिनु हो । यसो गर्दा केही जित हुन्छ भने केही हार बेहोर्नु पनि पर्छ । यस्ता जोखिमलाई पुरस्कृत गरिनुपर्छ, जसका कारण करदाताले जोखिमलाई समाजीकरण मात्र गर्दैनन्, यसमा साझेदार पनि हुन्छन् । यी विषय पनि हाम्रा नीतिले अनुसन्धानमा आधारित भएर तथ्यपरक रूपमा निर्दिष्ट गर्नु जरूरी छ

यस्तै, नवप्रवर्तनका लागि हाम्रा स्थानीय स्तरमा उपलब्ध सीप र ज्ञानको समयसापेक्ष स्तरीकरणको सवालमा के गर्न सकिन्छ भन्ने विषयलाई अनुसन्धानमा आधारित भएर हाम्रा नीतिमा यी विषय जोड्न जरूरी छ ।

## समस्या र तिनका कारण

सार्वजनिक नीति कसको मागको आधारमा कसरी र केमा आधारित भएर बन्छ ?

नीति निर्माणमा कस्को संलग्नता छ ? सरोकारवालाहरूसँग पर्याप्त अन्तरक्रिया भएको छ कि छैन ?

नीति बनाउन कति समय लाग्छ ? सरकारी ढुकुटीबाट कति स्रोत, साधन र रकम परिचालन गरिन्छ ?

बनेका नीतिको कार्यान्वयनको अवस्था र कार्यान्वयन भएका नीतिको पनि कार्यान्वयनको अवस्था कस्तो छ ? कार्यन्वयन नभएको अवस्थामा को जवाफदेही हुन्छ ?

## नीति पुनरावलोकनको अवस्था

नीति निर्माणकर्ताले नीतिगत भ्रष्टाचार गर्छ कि ? वा स्वार्थको द्वन्द्व हुन्छ कि ?

नीति निर्माणको लागि ज्ञान र प्रमाण जुटाउनु जरूरी छ । प्रमाणका स्रोत निम्न प्रकारका हुन सक्छन् ।

प्राज्ञिक अभ्यास, सामाजिक र वैज्ञानिक खोजबाट आदिबाट सृजना हुने ज्ञान,

सञ्चार माध्यममा आउने घटना विवरणको विश्लेषण मार्फत समाजमा नागरिकले भोग्न पर्ने चुनौती - आर्थिक, सामाजिक,

नीति नियम कार्यान्वयनका क्रममा भोग्नुपरेका समस्यालाई मौजुदा नीतिको परिमार्जन वा नयाँ नीति तर्जुमा गर्ने क्रममा प्रमाणका रूपमा प्रयोग गर्न सकिन्छ ।

सरकारी वा गैरसरकारी संस्थानले प्रकाशित गर्ने श्वेतपत्र,

अन्तर्राष्ट्रिय कानुन, विभिन्न सन्धि सम्झौता तथा राष्ट्रले अन्तर्राष्ट्रिय जगत समक्ष गरेका प्रतिवद्धता र अन्तराष्ट्रिय सन्धि सम्झौता,

वर्तमान र पूर्वकर्मचारीको अनुभवका आधारमा कर्मचारीतन्त्र

प्राथमिक (सार्वजनिक नीति संवाद, सर्वेक्षक, प्रमुख सूचनादाता अन्तर्वार्ता) र द्वितीय स्रोतको तथ्यांक (केन्द्रीय तथ्यांक विभाग, भन्सार विभाग) विश्लेषण गरी निकालिएका निष्कर्ष ।

राष्ट्र प्रमुख, सरकार प्रमुख आदिले महत्त्वपूर्ण मञ्चहरूमा गरेका सम्बोधन आदि नीति निर्माण र परिमार्जन मा उपयोगी स्रोत हुन् ।

यी विभिन्न स्रोतबाट हासिल गरिने तथ्यांकको विश्लेषण र संश्लेष्णबाट आएका सुझावका आधारमा बनेको नीति नै कार्यान्वयनयोग्य नीति हुनसक्छ ।

## सङ्कटमोचन

नेपाली थिङ्क ट्याङ्कको क्षमता र विश्वसनीयता निर्माण गर्न सकेमा उनीहरूले स्थानीय ज्ञान, समाधानका उपाय र प्रमाणलाई विश्वसमक्ष लान र विश्वज्ञानलाई हाम्रो स्थानीय सन्दर्भमा बदल्न मध्यस्थकर्ताको भूमिका खेल्न सक्छन् ।

विद्यमान नीतिमा भएका कमी कमजोरीलाई विश्लेषण गरी आम नागरिकका माग र आवश्यकता पूरा गराउन नीति निर्माता समक्ष समाधानका उपाय/विकल्प सुझाउनु आवश्यक हुन्छ । यसका लागि देशभित्र थिङ्क ट्याङ्कको परामर्शलाई बलियो बनाउनु जरूरी छ । यसो गर्दा सार्वजनिक नीति अध्ययन गर्ने विज्ञ संस्थानको संस्थागत प्रवर्द्धन हुने छ । नीति अध्ययन, नयाँ नीतिको निर्माण र मौजुदा नीतिको परिमार्जन आदिको गुणात्मक पक्षमा सुधार गर्न सकिन्छ । राज्यका नीति निर्माण प्रक्रियामा अनुसन्धानमा आधारित प्रमाणको प्रयोगमा वृद्धि हुनसक्छ । सामूहिक प्रयास मार्फत सार्वजनिक नीति अनुसन्धान गरिने संस्कृतिको प्रोत्साहनका लागि समन्वय र सहकार्य संस्थागत गर्न सकिन्छ ।

विश्व परिवेशमा हेर्दा प्रबुद्ध वर्ग सरकारी संयन्त्र, फाउन्डेसन, राजनैतिक पार्टी वा विश्वविद्यालयहरूको मातहतमा रहेको देखिन्छ । नेपाली थिङ्क ट्याङ्कको क्षमता र विश्वसनीयता निर्माण गर्न सकेमा उनीहरूले स्थानीय ज्ञान, समाधानका उपाय र प्रमाणलाई विश्वसमक्ष लान र विश्वज्ञानलाई हाम्रो स्थानीय सन्दर्भमा बदल्न मध्यस्थकर्ताको भूमिका खेल्न सक्छन् ।

नेपालका पहिलो लहरका थिङ्क ट्याङ्कमा त्रिभुवन विश्वविद्यालयका सेडा, सिनास, रिकास्ट, सेरिड आदिलाई लिन सकिन्छ । तथापि, यीमध्ये प्रायः सबै अहिलेको

समयमा गतिविधि शून्य भएका छन् । नेपाल विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठान (नास्ट), नेपाल कृषि अनुसन्धान प्रतिष्ठान (नार्क), नीति अनुसन्धान प्रतिष्ठान (पिआरआई) आदि वर्तमान अवस्थामा कार्यगत रूपमा सरकारसँग आवद्ध थिङ्क ट्याङ्क हुन् । यिनले विभिन्न तवरले पूर्वसूचित नीति निर्माण प्रक्रियामा सरकारी, गैरसरकारी निकायलाई सहयोग पुऱ्याउँदै आएका छन् । यस्तै गैरसरकारी हिसाबले पनि धेरै थिङ्क ट्याङ्क कार्यरत छन्; जसमध्ये आइआइडिएस, एसडब्ल्युएटिइई, एफइएस ९क्षक्ष्म्क, क्ध्ब्त्भ, ँभ्क० आदिले लामो इतिहास बोकेका छन् ।

नेपालमा थिङ्क ट्याङ्कले गर्ने काम र यिनको दिगोपनबारे स्पष्ट हुनु पनि जरूरी छ । थिङ्क ट्याङ्कको नेतृत्व चयन, अनुसन्धानकर्ताको क्षमता अभिवृद्धि र वित्तीय व्यवस्था सुनिश्चितताले यसमा सहयोग गर्दछ । राष्ट्रियस्तरमा अनुसन्धान कोष अथवा दातृकोष ९भलमयधकभलत ागलमक० को व्यवस्था भएमा वित्तीय/आर्थिक हिसाबले थिङ्क ट्याङ्कहरूलाई सहजता मिल्छ ।

## नीति अनुसन्धान प्रतिष्ठान

नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक, विकास निर्माण, सुरक्षा, परराष्ट्र सम्बन्ध तथा शासकीय सुधार पक्षमा नेपाल सरकारले अपनाउने वा अपनाएका विभिन्न नीतिको अध्ययन, विश्लेषण र अनुसन्धान गरी गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्न नीति अनुसन्धान प्रतिष्ठानको गठन गरिएको छ ।

साविक नीतिहरूको समीक्षा, नयाँ नीतिको आवश्यकता पहिचान र अनुसन्धान, अनुरोध भएमा नीतिको मस्यौदा निर्माण, अनुसन्धान परिणामको सार्वजनिकीकरण प्रतिष्ठानको कार्यक्षेत्र हो ।

## नीतिगत

नीति निर्माणको प्रक्रियामा संसद् र राजनैतिक दलहरूको सक्रिय र प्रभावकारी सहभागिता हुन जरूरी,

नीति कार्यान्वयनको आवधिक अनुगमन, मूल्याङ्कन र समीक्षा गरी नीति संशोधन, खारेजी र नयाँ नीति निर्माण गर्ने प्रणाली बनाउन जरूरी ।

## कानुनी

ऐन निर्माणका लागि गरिने अध्ययन अनुसन्धानमा कानुन आयोग, मन्त्रालय, नीति अनुसन्धान प्रतिष्ठान र संसदीय समितिको भूमिका बलियो बनाउनु जरूरी,

कार्यपालिकाले बनाउने नीति र व्यवस्थापिकाले बनाउने कानुनबिच सामञ्जस्य हुनु जरूरी,

नीति कार्यन्वयन गर्ने व्यक्ति र संस्थालाई जवाफदेही नबनाइनु पर्ने ।

## कार्यान्वयन प्रक्रिया

नीति कार्यान्वयनमा जिम्मेवार अधिकारीहरूको बारम्बार सरूवा गर्न नहुने,

सरोकारवालाहरूको सहभागिता : सार्वजनिक नीतिको बहसमा आम नागरिकको सचेतना तथा सहभागिता बढाउन जरूरी,

नीति निर्माणमा प्रमाणको महत्त्वबारे सार्वजनिक नीति निर्माण गर्ने निकायहरू जागरूक र संवेदनशील हुन जरूरी, र

नीति निर्माण र कार्यान्वयनका क्रममा अन्तरमन्त्रालय र अन्तरनिकाय समन्वय हुनु जरूरी ।

*- खनाल नीति अनुसन्धान प्रतिष्ठानकी वरिष्ठ अनुसन्धाता हुन् ।*



UNITED AJOD
Insurance Limited
United by Trust

Property Insurance



# Secure Today, Reassured Tomorrow.

Don't let uncertainties cast a shadow on your home. Invest in peace of mind.
Secure your assets with our **Property Insurance** today!

- Property Insurance
- Marine Insurance
- Travel Medical Insurance
- Agriculture Insurance
- Micro Insurance
- Personal Accident Insurance
- Motor Insurance
- Health Insurance
- Engineering Insurance
- Third Party Insurance
- Aviation Insurance
- Bankers Indemnity Insurance

**UNITED AJOD**
Insurance Limited
United by Trust

Toll Free: 1660-01-86496 (NTC), +977-1-5333743
info@unitedajodinsurance.com
unitedajodinsurance.com
CTC Mall (7th Floor), Sundhara, Kathmandu

# गिग अर्थव्यवस्था अर्थतन्त्रको नयाँ रूप

विकसित देशका अर्थशास्त्री, वैज्ञानिक र नीति निर्माताहरूले चौथो औद्योगिक क्रान्तिको बहस र पाचौं चरणको औद्योगिक क्रान्तिबारे सोच्न र तयारी गर्न थालिसकेका छन् । हामी भने अझै पनि परम्परागत मान्यताभन्दा माथि उठेर चिन्तन गर्न सकेका छैनौं ।



गगनकुमार थापा

नेपालले अर्थतन्त्रको आकार बढाउनुपर्नेछ । नयाँ अवसर र सम्भावनाको खोजी गर्नुपर्ने आवश्यकता छ । नयाँ-नयाँ रोजगारी सृजना गर्दै आर्थिक गतिविधि बढाउनुपर्नेछ ।

अर्थतन्त्रमा विभिन्न नयाँ अवसर तथा उतारचढाव आइरहन्छन् । कोभिडको महामारीपछि पनि नयाँ परिस्थिति सृजना भयो । विश्वभर विकसित भए झैं नेपालमा पनि एउटा व्यवसाय खाद्य पदार्थको गृह-ढुवानी सेवा सुरु भयो । घरघरमा गृहिणीहरूले खाद्य परिकार बनाएर कार्यालयहरूमा आपूर्ति गर्ने गरी समेत आंशिक रूपमा रोजगारी प्राप्त गरे ।

ठीक त्यसैगरी आफू खाली रहेको समयमा वा आफ्नो सवारी हुने मार्गमा कुनै व्यक्तिलाई आवश्यक भए सवारीसाधन उपलब्ध गराउने गरी कतिपयले सवारीसाधन साझेदारी (राइड सेयरिङ) सेवा पनि प्रारम्भ गरे र आम्दानीको अतिरिक्त स्रोतको जोहो गरे ।

अहिलेको चलनचल्तीको 'पठाओ', 'इनड्राइभर', 'टुटल', 'फुडमान्डु' आदि यसैका विस्तारित रूप हुन् । आफ्नो घरमा उब्रेर बसेका कोठाहरू केही दिनका लागि भाडामा दिने गरी अहिले कतिपयले 'एयर बीएन्डबी' मोडेलमा 'होम स्टे' समेत सञ्चालन गरेर अतिरिक्त आर्जनको माध्यम बनाएका छन् ।

अहिले विशेषगरी आईटी क्षेत्रका व्यक्तिहरू आंशिक रूपमा आफ्नो समय र दक्षताअनुरूप स्वदेशी एवम् विदेशी सफ्टवेयरसम्बन्धी कम्पनीहरूमा निश्चित अवधि तथा निश्चित परियोजनाका लागि पनि सेवा प्रदान गरिरहेका छन् । त्यसैगरी घरघरमा गएर ट्युसन पढाउनेदेखि लिएर स्वतन्त्र रूपमा परामर्श सेवा प्रदान गर्ने व्यक्ति पनि बग्रेल्ती भेटिन्छन् ।

## के हो गिग अर्थव्यवस्था ?

आंशिक रूपमा कुनै परियोजना तथा समय विशेषमा निश्चित पारिश्रमिक लिने गरी नेपालमा मात्र होइन, विश्वभरि नै मानिस विभिन्न काममा यसरी आबद्ध भएका छन् । यस्ता कामलाई 'गिग काम' भन्ने गरिएको छ । यस्तै गिग कामले प्राप्त हुने आर्थिक अवस्थालाई 'गिग अर्थव्यवस्था' भनेर बुझ्न सकिन्छ । अर्को शब्दमा भन्ने हो भने 'गिग अर्थव्यवस्था' भनेको वास्तवमा एक प्रकारको स्वतन्त्र बजार व्यवस्था हो, जहाँ विभिन्न जनशक्तिले कुनै निश्चित अवधि र परियोजनाका लागि मात्र रोजगारी प्रदान गर्ने गर्छन् ।

कुनै गिग-जनशक्तिले आफूले वहन गर्नुपर्ने जिम्मेवारीका लागि कुनै अर्को व्यक्तिमा निर्भर हुनु नपर्ने र आफ्नो काम आफूले चाहेको तरिकाले चाहेको समयमा सम्पन्न गर्न पाउने स्वच्छन्दताको सुन्दर अवसर यसले प्रदान गर्छ ।

वास्तवमा कुनै कलाकारलाई केही समयको अभिनयका लागि अथवा कुनै गीतकारलाई कुनै गीत लेखाउन वा कुनै संगीतज्ञलाई संगीत सृजना गराउन निर्धारित पारिश्रमिक दिने गरी निश्चित समयका लागि अनुबन्ध गरिन्छ भने त्यसलाई कलाकारिताको क्षेत्रमा 'गिग' भनिन्छ । पछि कालान्तरमा यस्तो प्रचलन कलाकारिताका अतिरिक्त अन्य पेसा र व्यवसायमा समेत विस्तारित भयो । पछि जुनसुकै क्षेत्रमा भए पनि यस्तो आंशिक रूपमा सेवा खरिद गर्ने चलनलाई 'गिग अर्थव्यवस्था'का रूपमा बुझिन थाल्यो । 'गिग काम' र 'गिग अर्थव्यवस्था'मा आबद्ध हुने

जनशक्तिलाई चाहिँ 'गिग-जनशक्ति' भनेर परिभाषित गर्ने गरिएको छ । अहिले विश्वमा करिब ६ करोड व्यक्ति गिग-जनशक्तिका रूपमा रहेको अनुमान छ ।

## फाइदाको लेखाजोखा

गिग अर्थव्यवस्थाका फाइदा र बेफाइदाका दुवै पक्ष छन् । 'काममा लचकता' गिग अर्थव्यवस्थाको सबैभन्दा महत्त्वपूर्ण फाइदाजनक विशेषता हो । आफ्नो अनुकूलतामा आफूले चाहेको माध्यमबाट आफूले निर्धारण गरेको पारिश्रमिकमा सेवा दिन सकिने भएकाले गिग-जनशक्तिको दृष्टिकोणमा यस्तो व्यवस्थाको 'लचकता' वरदान नै सावित हुन सक्छ । धेरैजसो अवस्थामा गिग-जनशक्तिले कार्यालयमा नगई आफ्नै घरबाट समेत यस्ता सेवा दिन सक्ने सहुलियत पाउँछन् । त्यसैले 'गिग व्यवस्था'ले कार्य-जीवन सन्तुलन कायम गर्न पनि उनीहरूलाई भरपूर मद्दत गर्ने कुरामा सन्देह छैन ।

गिग व्यवस्थाको अर्को महत्त्वपूर्ण फाइदा भनेको आत्म-स्वतन्त्रता पनि हो । कुनै गिग-जनशक्तिले आफूले वहन गर्नुपर्ने जिम्मेवारीका लागि कुनै अर्को व्यक्तिमा निर्भर हुनु नपर्ने र आफ्नो काम आफूले चाहेको तरिकाले चाहेको समयमा सम्पन्न गर्न पाउने स्वच्छन्दताको सुन्दर अवसर यसले प्रदान गर्छ ।

गिग-जनशक्ति माथि उल्लेख भए झैं आफ्नो समय र दक्षताअनुरूप संलग्न हुने भएकाले सेवा लिने कम्पनीहरूप्रति उनीहरूको प्रतिबद्धता सीमित मात्र हुने गर्छ, जसले गर्दा त्यस्ता जनशक्ति कुनै कम्पनीप्रति असन्तुष्ट भए तुरुन्तै त्यसबाट अलग रहन स्वतन्त्र हुन्छन् । आफ्नो अनुकूलतामा आफ्नो इच्छाअनुरूप संलग्न हुन पाइने भएकाले गिग-जनशक्ति कुनै एकै प्रकारको कामको कारण विरक्तिनुपर्ने अवस्थाको सृजना हुँदैन ।

खासगरी स्थायी प्रकृतिका जनशक्तिलाई समाहित गर्नु नपर्ने र अवकाश कोष, सामाजिक सुरक्षा कोष, सञ्चय कोष जस्ता कामदारका लागि व्यवस्था हुने कोषहरूमा कुनै योगदान गर्नु नपर्ने भएकाले कम्पनीहरूले दीर्घकालीन दायित्व वहन गर्नुपर्दैन । यसलाई व्यावसायिक प्रतिष्ठानहरूको दृष्टिकोणमा गिग अर्थव्यवस्थाको सबैभन्दा महत्त्वपूर्ण फाइदाका रूपमा लिन सकिन्छ ।

यस्तो परिपाटीमा आफूलाई आवश्यक जनशक्ति बजारमा यथेष्ट मात्रामा उपलब्ध हुने हुनाले कम्पनीहरूले तुलनात्मक लाभहानि विश्लेषण गरी उनीहरूबाट उचित पारिश्रमिकमा उल्लेख्य सेवा प्राप्त गर्न पनि सक्छन् ।

> गिग अर्थव्यवस्थाका फाइदा र बेफाइदाका दुवै पक्ष छन् । काममा लचकता गिग अर्थव्यवस्थाको सबैभन्दा महत्त्वपूर्ण फाइदाजनक विशेषता हो । आफ्नो अनुकूलतामा आफूले चाहेको माध्यमबाट आफूले निर्धारण गरेको पारिश्रमिकमा सेवा दिन सकिने भएकाले गिग-जनशक्तिको दृष्टिकोणमा यस्तो व्यवस्थाको लचकता वरदान नै सावित हुन सक्छ ।

## नेपालमा सम्भावना

हिजोआज संसारभरि नै गिग अर्थतन्त्र विस्तार हुँदै गएको छ । विश्व आर्थिक मञ्चले गिग अर्थतन्त्रलाई डिजिटल माध्यमबाट फ्रिलान्सरहरूलाई ग्राहकसँग जोड्ने खासगरेर अल्पकालीन प्रकृतिका सेवाका रूपमा अर्थ्याएको छ । नेपालमा पनि काठमाडौंमा केही वर्षयतादेखि राइड सेयरिङ सेवा लोकप्रिय भइरहेको छ । स्पेनले त केही वर्षअघि नयाँ कानुन स्वीकृत गरी गिग अर्थतन्त्रमा आधारित चालक (राइडर) हरूलाई ज्यालादारी मजदुरका रूपमा वर्गीकरण गरेको छ ।

विकसित अर्थतन्त्रमा सम्पत्ति साझेदारी (एसेट सेयरिङ) जस्तै, कार, घर, पार्किङ स्थल आदि व्यवसाय गिग प्रणालीमा चल्ने गरेको पाइन्छ । घरेलु उपभोग, औद्योगिक वृद्धि र निजी लगानीमा आएको कमीका कारण विगत दुई वर्षमा रोजगारी सृजना सुस्त भएको छ । तसर्थ रोजगारीको अभावका कारण धेरै स्नातक, व्यावसायिक डिप्लोमा र डिग्री लिएका युवा अहिले गिग अर्थतन्त्रको हिस्सा बन्न थालेका छन् ।

नेपालमा 'गिग अर्थतन्त्र' अझै प्रारम्भिक चरणमा छ । सरकारसँग यकिन तथ्यांक नभए पनि अहिले आईटी प्रविधिमा आधारित नेपालकेन्द्रित सेवा प्रदान गर्ने व्यापार जस्तै पठाओ, फुडमान्डु, उपाय सिटी कार्गोका साथै विदेशी कम्पनीका लागि नेपालमा बसी विभिन्न सेवा प्रदान गर्ने कम्पनी मूलतः आईटी प्रविधिमा आधारित सेवा दिने थुप्रै कम्पनी दिनप्रतिदिन खुल्दै छन्, जसले सानोतिनो जागिरदेखि उच्च प्राविधिक कौशलमा आधारित ठूलो मात्रामा रोजगारी प्रदान गरिरहेको छ । त्यस्ता कम्पनीले नेपालमा अत्यावश्यक विदेशी मुद्रा ल्याएका छन् ।

त्यस अतिरिक्त यस्ता कम्पनीले युवा र दक्ष श्रमिकहरूलाई रोजगारीका धेरै अवसर नेपालमै उपलब्ध गराउँदै आएका छन् । अझ आउटसोर्सिङका रूपमा काम गर्ने नेपाली आईटी कम्पनीहरूले दक्ष नेपाली जनशक्तिलाई उच्च पारिश्रमिक उपलब्ध गराउँदै आएका छन् । कुनै पनि नेपाली कर्पोरेट क्षेत्रले दिन सक्नेभन्दा बढी छ । लिप फ्रोग टेक्नोलोजी, कोटीभीटी, इन्सेसान्त रैन एनिमेसन स्टुडियो, सेडार गेट टेक्नोलोजी जस्ता आईटी सेवा सम्बन्धित विश्वप्रसिद्ध कम्पनीहरूमा नेपालबाट काम गरिरहेका छन् । हजारौं नेपाली युवाहरूलाई उच्च सीप र उच्च पारिश्रमिकको रोजगारी प्रदान गरिरहेका छन् ।

नेपालको अर्थतन्त्रलाई गिग अर्थतन्त्रतर्फ लैजानुको सबैभन्दा ठूलो कारण भनेको डिजिटल सञ्चारको द्रुत विकास हो । अहिले डिजिटल सञ्चारले भौगोलिक बाधाहरूलाई पूर्ण रूपमा हटाएको छ । डिजिटल सञ्चारको द्रुत वृद्धिले गिग अर्थतन्त्रलाई सबैभन्दा बढी उत्प्रेरित गरेको छ । काम अत्यधिक लचिलो र यसमित्र कुनै पनि भौगोलिक बाधाबिना जता बसेर पनि गर्न सकिन्छ ।

नेपालको अर्थतन्त्रमा रोजगारीबाहेक कृषिबाट उत्पन्न बेरोजगारीको समस्या झेलिरहेका ग्रामीण युवालाई लाभदायक रोजगारी उपलब्ध गराउन सक्नेछ । यो नयाँ अर्थतन्त्रमा कर्मचारी र रोजगारदाता दुवै

लाभान्वित भएका छन् । वास्तवमा एकातिर ठूला कम्पनीले दक्ष कर्मचारीलाई सस्तोमा राखेर काम लिइरहेका छन् । उनीहरूलाई निवृत्तिभरण, प्रोत्साहन वा अन्य सुविधा दिन कुनै बाध्यता छैन । अर्कोतर्फ श्रमिक जनसंख्याले विश्व अर्थतन्त्रमा योगदान गर्ने अवसर पाउँछन् । उनीहरूका लागि रोजगारीको उपलब्धता बढ्छ । गिग अर्थतन्त्रका कर्मचारीहरूसँग आफ्नो मनपर्ने काम गर्ने स्वतन्त्रता छ ।

तिनीहरू कुनै पनि समयमा आफ्नो जागिर छाडेर नयाँ काम गर्न सक्छन् । गिग अर्थतन्त्र महिलाका लागि पनि धेरै लाभदायक साबित हुँदै छ । वास्तवमा, सबै सामाजिक कारणले गर्दा नेपालमा महिला धेरै अवसरबाट वञ्चित छन् । उनीहरूलाई बाहिर काम गर्नबाट रोकिएको छ । यस्तो अवस्थामा गिग अर्थतन्त्रअन्तर्गत उनीहरूले घरबाटै काम गर्ने वाञ्छित विकल्प पाइरहेका छन् । महिलाहरूले पनि अर्थतन्त्रमा आफ्नो उचित योगदान दिइरहेका छन् ।

> अर्थतन्त्रको आकार कसरी बढाउने, नयाा रोजगारीका अवसर सृजना, रोगजारीको बजारमा शोषण नहुने सुनिश्चितता, पुरानो रोजगारीबाट विस्थापित हुनेलाई कसरी परिपूूण गर्ने भन्नेलगायत विषयमा ध्यान दिनु आवश्यक छ ।

## 'गिग अर्थतन्त्र'का चुनौती

विकसित देशका अर्थशास्त्री, वैज्ञानिक र नीति निर्माताहरूले चौथो औद्योगिक क्रान्तिको बहस र पाँचौं चरणको औद्योगिक क्रान्तिबारे सोच्न र तयारी गर्न थालिसकेका छन् । हामी भने अझै पनि परम्परागत मान्यताभन्दा माथि उठेर चिन्तन गर्न सकेका छैनौं । अझ भनौं, पहिलो औद्योगिक क्रान्तिका बेलाको जस्तो सोच, चिन्तन र मानसिकता बोकिरहेका छौं । प्रविधि हस्तान्तरण र विस्तारको गति तीव्र छ । यस्तो अवस्थामा अमुक पक्षलाई दोष दिनुभन्दा पहिले नै विकसित हुँदै गरेका विश्वव्यापी ट्रेन्ड र नवप्रवर्तन पछ्याउन सकिएन भने प्रतिस्पर्धामा पछि परिन्छ ।

अहिले पनि नेपाली समाजमा पूर्णकालीन र स्थायी प्रकृतिको नोकरी र जागिर हुनुपर्छ भन्ने आम मान्यता छ । यस्तो रोजगारीबाट अप्रत्यक्ष लाभहरू-पेन्सन, स्वास्थ्य बिमा र नियमित तलब भुक्तानी मिल्छ । अर्कोतर्फ कोभिडको प्रभावले गर्दा निजी र असंगठित क्षेत्रमा कार्य गर्ने थुप्रै श्रमिक बेरोजगार हुन पुगेका छन् । भनिन्छ– हरेक समस्याले सँगसँगै समाधान पनि बोकेर ल्याएको हुन्छ । 'जहाँ चुनौती, त्यहाँ अवसर' भन्ने प्रचलित मान्यता नै छ । नेपालको अर्थतन्त्रमा यस्तै नयाँ प्रकृतिको अवसर स्थापित हुन खोजिरहेको छ ।

तर सरकार धेरै रोजगारी प्रदान गर्ने यस्ता कम्पनीलाई प्रवर्द्धन र प्रोत्साहन गर्नुको साटो उल्टै कानुनको नाममा सरकारले समय-समयमा धेरै बाधा अवरोध गर्ने काम गर्दै आएको छ । यी योगदानका बाबजुद नेपाल सरकार यी कम्पनीहरूप्रति खासै सकारात्मक देखिएको छैन । जस्तै, सवारी तथा यातायात ऐन २०४९ को दफा ८ (२०) मा 'निजी सवारी यातायात सेवाका लागि प्रयोग गर्न नपाइने' र दफा १२ मा 'कुनै एक प्रयोजनको निम्ति दर्ता भएको सवारी अर्को प्रयोजनका निम्ति प्रयोग गर्न नपाइने' भन्ने कानुनी व्यवस्थाका अनुसार सरकारले समय-समयमा सार्वजनिक यातायातमा सेवा दिइरहेका टुटल र पठाओलाई कारबाही गर्ने चेतावनी दिने गरेको छ ।

नेपालस्थित आईटी कम्पनीहरूलाई विदेशी मुद्रा नेपालमा ल्याउन कठिन कानुनी प्रक्रियाबाट गुज्रिनुपरेको छ । करका नाममा उनीहरूलाई कर कार्यालयले सास्ती दिने गरेको छ । विदेशी लगानी भएका आईटी कम्पनीहरूले नेपालबाट लाभांश लान हरेक वर्ष समस्या झेलिरहेका छन् ।

गिग अर्थतन्त्रमा काम गर्ने कर्मचारी असंगठित क्षेत्रबाट आउने भएकाले उनीहरूलाई संगठित क्षेत्रका कर्मचारीले जस्तै सुविधा (निवृत्तिभरण, जीवन बिमा, स्वास्थ्य, शिक्षा, तलब) उपलब्ध गराइँदैन, जुन गिग अर्थतन्त्रको सबैभन्दा ठूलो कमजोरी हो । त्यसैले गिग अर्थतन्त्रमा काम गर्ने मानिसको सामाजिक र आर्थिक असमानता सधैं बढ्ने जोखिम छ ।

समयमै सम्पन्न गर्नुपर्ने भएको यो अर्थतन्त्रमा कामको दबाब एकदमै धेरै हुन्छ । यस अर्थतन्त्रमा श्रमिकहरू सामाजिक सुरक्षा र श्रम अधिकारबाट पनि वञ्चित छन् । यद्यपि कोही/कोही तर्क गर्छन् कि नेपालको गिग अर्थतन्त्र अनौपचारिक श्रमको विस्तार हो, जहाँ श्रमिकहरूका लागि सामाजिक सुरक्षा, बिमा, आदि छैन, जुन लामो समयदेखि प्रचलित छ र अनियन्त्रित छ ।

## निष्कर्ष

गिग अर्थतन्त्रअन्तर्गत रोजगारी सिर्जना हुनु नेपालको अर्थतन्त्रको वृद्धिका लागि राम्रो संकेत हो । देशको आर्थिक मन्दी र रोजगारीको अभावलाई दृष्टिगत गरी गिग अर्थतन्त्रलाई प्रवर्द्धन गर्न आवश्यक छ । तर त्यसमा रहेका कमीकमजोरी पनि हटाउनुपर्छ । यसबाहेक हामीले यो बिर्सनुहुँदैन कि औपचारिक वा परम्परागत कामहरूको कमीका कारण गिग अर्थव्यवस्था बढिरहेको छ ।

अर्थतन्त्रको आकार कसरी बढाउने, नयाँ रोजगारीका अवसर सृजना, रोगजारीको बजारमा शोषण नहुने सुनिश्चितता, पुरानो रोजगारीबाट विस्थापित हुनेलाई कसरी परिपूूण गर्ने भन्नेलगायत विषयमा ध्यान दिनु आवश्यक छ ।

यसलाई व्यवस्थित गर्न र नयाँ अवसर सृजना गर्न सरकारले अतिरिक्त सक्रियता बढाउनुपर्छ । समस्या घटाएर लाभ कसरी बढाउने भन्नेमा ध्यान दिनुपर्छ । कानुनमा भएका व्यवस्थालाई गिग इकोनोमिलाई टेवा पुग्ने गरी परिमार्जन गर्नुपर्छ । नयाँ कानुन बनाउँदा यी विषयवस्तुलाई ध्यान दिनुपर्छ ।

*- थापा नेपाली कांग्रेसका महामन्त्री हुन् ।*

GOVERNMENT OF NEPAL
INVESTMENT BOARD NEPAL

#investinnepal
PARTNERING FOR ECONOMIC PROSPERITY

## Vision

Develop Nepal as an attractive investment destination

## Mission

Accelerating investment in transformative infrastructure by promoting and managing PPP projects & facilitating private investment

## Strategic Pillars

**Pillar 1** – Project Development and Management

**Pillar 2** – Investment Promotion

**Pillar 3** – Institutional Development

**Pillar 4** – Coordination, Collaboration and Partnership

## GOAL

**GOAL 1**
Approve Investment of at least USD 10 billion by FY 2025/26.

**GOAL 2**
Manage PPP projects of at least USD 6 billion by FY 2025/26.

**GOAL 3**
Contribute to generating employment opportunities to at least 1,00,000 people by FY 2025/26.

**GOAL 4**
Contribute to improving investment environment through effective investment promotion.

**GOAL 5**
Develop IBN as a PPP Center of Excellence.

## IBN Projects

| Sector | Projects | NPR Crores |
|---|---|---|
| ENERGY | 28 PROJECTS | 93472.07 NPR CRORES |
| MINES & MINERALS | 7 PROJECTS | 21005.93 NPR CRORES |
| TOURISM | 1 PROJECT | 1398.69 NPR CRORES |
| INDUSTRIAL INFRASTRUTURE | 3 PROJECTS | 8512.63 NPR CRORES |
| URBAN INFRASTRUTURE | 3 PROJECTS | 591.24 NPR CRORES |

12 YEARS OF INVESTMENT BOARD NEPAL

OFFICE OF THE INVESTMENT BOARD NEPAL
ICC Complex, New Baneshwor, Kathmandu
Phone: +977-1-4575278, 4575281, Fax: +977-1-4475291
Website: www.ibn.gov.np

# टाढा छ अन्तर्राष्ट्रिय व्यापारको लाभ

व्यापार घाटाको रेखा निरन्तर आकासिन छोडेन । यसबाट उत्पादनशील क्षेत्रमा पर्याप्त लगानीको अभाव भएको र बजारमा बढेको मागको आपूर्ति धान्न आयात उकासिएको देख्न सकिन्छ । लगानी नहुनमा स्वदेशी उत्पादनभन्दा आयात सस्तो हुने गरेको बिडम्बना प्रभावी छ ।



चन्द्र घिमिरे

वर्तमान वैश्विक युगमा हरेक मुलुकको अर्थतन्त्र अन्तरनिर्भरतामा अडिएको छ । यसैपनि सबै वस्तु वा सेवा आफैले उत्पादन गर्न खोज्दा लाभभन्दा हानी अधिक हुन्छ । अन्यत्रबाट ल्याएर अर्को वस्तु वा सेवाको उत्पादन गर्दा बढी लाभ हुन्छ भने अन्तरनिर्भरता रोज्नु धेरै उपयुक्त हुन्छ । तर अन्तरनिर्भरतालाई दिगो बनाउन अन्य मुलुकबाट त्यस्ता वस्तु वा सेवा खरिद गर्नसक्ने क्षमता अर्थतन्त्रको वालेटसँग सुरक्षित र दिगो हुनुपर्छ । यसो भएमात्रै अन्तर्राष्ट्रिय व्यापारमा संलग्न मुलुकहरूले अन्तरनिर्भरताबाट केही न केही लाभ पाउँछन् ।

नेपालले अटोमोबाइल्स अन्य मुलुकबाट खरिद वा आयात गर्ने तर बिजुली बत्ती छिमेकीलाई बेच्ने विकल्प अन्तरनिर्भरताको उत्तम नमुना हो । कुन वस्तु वा सेवा आफै उत्पादन गर्ने र कुन अन्य मुलुकबाट खरिद गर्ने भन्ने जवाफ पहिल्याउँदा सिद्धान्ततः दुई खाले लाभलाई जोखेर हेरिन्छ : तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक लाभ । जस्तै, खाडीका कतिपय मुलुकहरूसँग तेलको अथाह भण्डार भए जस्तै नेपालमा जलस्रोतको उपलब्धता र भूबनोटका कारणले जलविद्युत् उत्पादनमा तुलनात्मक लाभ प्रचुर छ । त्यसैगरी, नेपाली एक्रेलिक धागो उद्योगले प्रविधि वा अन्य विशिष्टताका मदतले अन्य प्रतिस्पर्धी मुलुकका तुलनामा विश्व बजारमा सस्तो र राम्रो धागो बेच्न सक्ने क्षमता राख्छन् । यसले गर्दा नेपाली उद्योगसँग धागोका मामिलामा प्रतिस्पर्धात्मक लाभ उपलब्ध छ । तथापि यस्तो प्रतिस्पर्धात्मक क्षमता अस्थायी र दिगो दुवै खाले हुनसक्छ; दिगोपनामा लाभ टिक्छ ।

नेपालको अन्तर्राष्ट्रिय व्यापार किन लगातार ओरालो यात्रामा छ ? तुलनात्मक र प्रतिस्पर्धात्मक लाभको उपयोग भयो कि भएन ? नेपालसँग तुलनात्मक र प्रतिस्पर्धात्मक लाभ छैनन् ? यस्ता मूलभूत प्रश्न उब्जिन्छन् । ओरालो यात्राको बयान गर्दा सन् २००९ देखि २०२२ सम्मको चौध वर्षको अवस्थालाई यस लेखले केलाएको छ । व्यापार घाटा सन् २००९ मा कुल ग्राईस्थ उत्पादनको २१.९३ प्रतिशत रहेकोमा सोको अनुपात क्रमशः बढ्दै गएर सन् २०२२ मा ३४.८७ प्रतिशत पुगेको छ । आयाततर्फ नियाल्दा सन् २००९ मा यो कुल ग्राईस्थ उत्पादनको २८.७८ प्रतिशत बराबर भएकोमा सन् २०२२ मा यसको ३८.९३ प्रतिशत पुगेको छ । निर्यात भने उल्टो गतिमा हिँडिरहेको देखिन्छ जसको अनुपात सन् २००९ मा कुल ग्राईस्थ उत्पादनको ६.८५ प्रतिशत भएकोमा सन् २०२२ मा यो अनुपात ४.०५ प्रतिशतमा सङ्कुचित भएको देखिन्छ ।

अब अर्को तथ्य हेरौँ । सन् २००९ मा बजेट घाटाको अनुपात कुल ग्राईस्थ उत्पादनमा ३.४८ प्रतिशत बराबर रहेकोमा सन् २०२२ मा यो बढेर ५.३४ प्रतिशत भएको छ । यहाँनेर बजेट घाटा बढ्दा आयात र व्यापार घाटा दुवै बढ्ने गरेको प्रवृत्ति मौलाएको देखिन्छ । यसबाट बजेट घाटा बढ्दा पनि राष्ट्रिय अर्थतन्त्रले लाभ लिन नसकेको मान्न सकिन्छ । यो प्रवृत्ति दुर्भाग्यपूर्ण छ ।

यहाँ प्रस्तुत दुई रेखाचित्रका आधारमा केही निचोड निकाल्न सकिन्छ । पहिलो, केही दशकयता नेपालमा व्यापार उदारीकरण त भयो र अझै हुँदैछ तर नेपाली अर्थतन्त्रले पर्याप्त लाभ लिन सकेन । यसको मूल कारण नेपालको व्यापारमाथि चलेको औसत बहस र सोका आधारमा निर्मित भाष्यहरूमा व्यापारको आपूर्तिजन्य समस्यालाई बढी दोषी ठहऱ्याउने गरिन्छ । तर सोको जरोसम्म बहस पुग्ने गरेको छैन । खासमा यसका पछिल्तिर लगानीको वातावरण बन्न नसकेको कटुसत्य जिम्मेवार छ जुन यहाँ निकालिएको दोस्रो निचोड हो । सम्भवत आन्तरिक र बाह्य बजार नदेखेर पनि यहाँ लगानी आउन लजाएको हुनपर्छ । अथवा, तमाम असफलता पछिल्तिर सीमित बजार पहुँच, आपूर्तिजन्य समस्या, कमजोर लगानी वातावरण जस्ता तथ्यले नेपालको


अघिल्तिर व्यापार र लगानी सम्बन्धी एउटा दुश्चक्र नै निर्माण गरिदिएको हुनपर्छ ।

यथार्थ जे भए पनि बजार उदारीकरण गरिँदा लगानीको वातावरण बनेन भने राष्ट्रिय अर्थतन्त्रले लाभ पाउन असक्षम हुन्छ भन्ने जिउँदो उदाहरण नेपाली अर्थतन्त्र बनिरहेको छ । नेपालमा सन् १९९० अघि र पछि क्रमशः व्यापार उदारीकरणका ठूला पहल त भए तर सोको अनुपातमा लगानी वातावरण सुध्रिएन वा सुधारिएन । जस्तै, व्यापार उदारीकरणका लागि भन्सारका पर्खाललाई होचो त बनाइयो तर स्वदेशमा लगानीको वातावरण नबनेकाले नेपाली अर्थतन्त्र क्रमशः आयात व्यापारका लागि मलिलो बन्यो । साथै, व्यापार उदारीकरण गरिएको तुलनामा लगानीको वातावरण सुदृढ नबन्दा निर्यात व्यापार कमजोर हुँदै गएको अनुमान माथिको पहिलो रेखाचित्रबाट गर्न सकिन्छ ।

सन् २००९ को तुलनामा सन् २०२२ मा आइपुग्दा कुल गार्हस्थ्य उत्पादनमा निर्यातको आकार दुब्लाउँदै गएबाट यो सहजै अनुमान लगाउन सकिन्छ । नेपालमा तुलनात्मक र प्रतिस्पर्धात्मक लाभ उपलब्ध भएका कतिपय वस्तु र सेवाको उत्पादन नबढ्दा त्यस्ता वस्तु र सेवामा समेत बाह्य मुलुकबाट गरिने आयात निर्भरता बढ्न थाल्यो र अद्यापि बढिरहेछ । परिणामतः सिङ्गो अर्थतन्त्र आयातमुखी बन्दै गयो ।

दोस्रो रेखाचित्रले यसबीच विप्रेषण आप्रवाह र वैदेशिक लगानीसँग व्यापार घाटाको अचम्मलाग्दो तस्बिर देखाएको छ । सन् २००९ देखि २०२२ सम्मको व्यापार घाटालाई हेर्दा सन् २०११ देखि लगातार व्यापार घाटा चढ्दो छ । तथापि सन् २०२० मा यसको पारो केही झरेको थियो, जुन खासमा विश्वव्यापी कोरोना महामारीका कारणले भएको थियो । यो लेखले समेटेको १४ वर्षको अवधिमा व्यापार घाटाको प्रतिवर्ष सरदर अनुपात कुल गार्हस्थ्य उत्पादनको २८.०२ प्रतिशत बराबर रह्यो । यो अनुपात संसारकै सबैभन्दा उच्चतम व्यापार घाटाको कोटीमा पर्छ ।

यसबीच नेपाली उपभोक्ताको उपभोग प्रवृत्ति बढाउने मुख्य फ्याक्टर विप्रेषण आप्रवाह अत्यधिक सक्रिय रह्यो । उक्त १४ वर्षलाई थप केलाउँदा विप्रेषण आप्रवाह २०११ बाट क्रमशः उकालो लाग्दा सन् २०१६ देखि भने क्रमशः ओह्रालो यात्रामा छ । जे भएपनि उक्त १४ वर्षको अवधिमा नेपालीले कुल गार्हस्थ्य उत्पादनको २१.९४ प्रतिशत बराबर विप्रेषण स्वदेशमा पठाएका छन् । त्यसले बढाएको




*स्रोत : नेपाल सरकार र नेपाल राष्ट्र बैंकको तथ्यांकका आधारमा लेखकद्वारा तयार पारिएको*

बजार मागको मदतले उत्पादनशील क्षेत्रलाई जगाउन सकेको भए अर्थतन्त्रले छक्का प्रहार गर्न सक्थ्यो तर दुर्भाग्यवस त्यसो भएन ।

अब जाऔँ विदेशी लगानीतर्फ । नेपाल राष्ट्र बैंकबाट उपलब्ध नेपालमा भित्रिएको विदेशी लगानी सम्बन्धी तथ्यांकलाई हेर्दा सन् २००९ र २०२२ बीच वैदेशिक लगानीमा सीमान्त वृद्धि मात्र भएको छ । यस लेखले समेटेको १४ वर्षको अवधिमा कुल गार्हस्थ्य उत्पादनमा मुस्किलले ०.३५ प्रतिशत बराबर प्रतिवर्ष विदेशी लगानी भित्रियो । कुल गार्हस्थ्य उत्पादनमा वैदेशिक लगानीको अनुपात सन् २००९ मा केवल ०.१९ प्रतिशत रहेकोमा सन् २०२२ मा १ प्रतिशत पनि उक्लिन नसकी ०.३९ प्रतिशतमा लटकिएको छ । अर्कोतिर व्यापार घाटाको रेखा भने निरन्तर आकाशिन छोडेन । यसबाट उत्पादनशील क्षेत्रमा पर्याप्त लगानीको अभाव भएको र बजारमा बढेको मागको आपूर्ति धान्न आयात उकासिएको देख्न सकिन्छ । लगानी नहुनमा स्वदेशी उत्पादनभन्दा आयात सस्तो हुने गरेको बिडम्बना प्रभावी छ । यति भनेपछि लगानी वातावरणमा खोट छ भन्ने तथ्य सप्रमाण उजागर हुन्छ ।

व्यापार उदारीकरण गरिरहँदा नेपालले गुमाएको अर्को अवसर बहिर्मुखी नीतिको कठोर परिपालना पनि हो । कुन नेपाली वस्तु र सेवालाई कुन देशको बजारमा पठाउन वा निर्यात गर्न सकिन्छ, त्यसको खोजी हुन सकेन । आन्तरिक बजारमा उत्पादन हुने तुलनात्मक र प्रतिस्पर्धात्मक वस्तुको उत्पादनमा विशेष जोड दिन नेपाल चुक्यो । यस कोटीमा कृषिजन्य, वनजन्य, खानीजन्य, प्रविधिजन्य र औद्योगिक वस्तु सबै पर्छन् । नेपाल भिड्न चुकेको अर्को मैदान भनेको व्यापार उदारीकरणको लागि नेपाली मोडेल हालसम्म कोर्न नसक्नु पनि हो । अन्तर्राष्ट्रिय व्यापारको बहसमा भनिन्छ, राष्ट्रिय आवश्यकता अनुकूल हुनेगरी व्यापार उदारीकरण हरेक देशले तय गर्नुपर्छ, तब मात्रै देशको स्वदेशी आर्थिक वृद्धिलाई सहयोग गर्ने खालको व्यापार उदारीकरण हात लाग्छ । यसको अभावमा अरूको साइजको जुत्ता लाउन बाध्य हुनपर्छ अर्थात् अन्यत्रबाट आयातित उदारीकरणको मोडेल अपनाउनुपर्ने हुन्छ । दुःखका साथ स्विकार्नु पर्छ, यही नेपालमा भइरहेछ ।

सामान्यतः व्यापार घाटा केही बढ्यो भनेर सत्यानाश भइहाल्ने होइन । पुँजीगत निर्माण जस्तो कि विकास गतिविधि, उद्योग, पूर्वाधार निर्माण, प्रविधि हस्तान्तरण देशभित्र आयात गर्दा त्यस्तो घाटा बढेको भएमा त्यो चिन्ताभन्दा खुसी मान्नु पर्ने विषय हो । त्यस्तो अवस्थामा तत्काललाई व्यापार घाटा भए जस्तो देखिए पनि केही समयपछि त्यसबाट अर्थतन्त्रले राम्रो लाभ लिन्छ । तर तलको तालिकाले त्यस्तो सुखद अनुभूति गर्ने अनुमति नेपाली अर्थतन्त्रलाई दिँदैन । किनकि यो तालिका बमोजिम पछिल्लो तीन वर्षको आयात प्रवृत्तिलाई केलाउँदा कुल आयातमा उपभोक्ताले उपभोग गर्ने उपभोग्य वस्तुको कुल आयातमा योगदान निकै उच्च रहँदै आएको छ । नेपालमा यस सम्बन्धी तथ्यांक उपलब्ध भएका वर्षहरू क्रमशः सन् २०२०, २०२१ र २०२२ मा यस्तो योगदानको अनुपात झन्डै ३७ प्रतिशत हाराहारीमा पुगेको देखिन्छ ।

पुँजीगत निर्माणका लागि गरिएको आयातको योगदान भने केवल १०-१३ प्रतिशतभन्दा माथि

उक्लिन सकेको छैन । पुँजीगत निर्माणका लागि हुने आयातको यो दृश्यले फेरि पनि त्यस क्षेत्रमा लगानी अपर्याप्त रहेको धारणा बनाउन सकिन्छ । यस्तो लगानी सरकारी तथा निजी क्षेत्र दुवैबाट घनीभूत हुनु पर्थ्यो । लगानी भएको थियो भने तीमध्ये कतिपय वस्तु नेपालमै उत्पादन हुन सक्थे; नीतिले तिनलाई सही ढङ्गले बोकेर हिँडिदिएको भए । त्यस्तै, उत्पादनमा खपत गर्न कच्चा पदार्थका रूपमा आयात भएका वस्तुको योगदान कुल आयातमा कम्तीमा सरदर ५० प्रतिशत रहेको पाइन्छ । त्यस्ता कच्चा पदार्थमध्ये कतिपय नेपालमै उत्पादन गर्न पनि सकिने थियो । आफूले खेल्नुपर्ने आफ्नो यस्तो मैदान नेपालले अरूलाई खेल्न 'वाकओभर' दिएपछि जित्ने त अरूले नै हो ।

**Table 1: Import Composition (End User Category) of Nepal (Rs. In Millions)**

| Product Category | 2020 | 2021 | 2022 |
|---|---|---|---|
| Intermediate Consumption | 596,201.86 | 822,550.21 | 999,199.51 |
| Gross Fixed Capital Formation | 158,840.33 | 186,428.16 | 194,147.11 |
| Final Consumption | 441,756.87 | 530,858.71 | 727,101.73 |
| Total | 1,196,799.06 | 1,539,837.07 | 1,920,448.35 |
| Intermediate Consumption (% of Total) | 49.82% | 53.42% | 52.03% |
| Gross Fixed Capital Formation (% of Total) | 13.27% | 12.11% | 10.11% |
| Final Consumption (% of Total) | 36.91% | 34.47% | 37.86% |
| Total | 100.00% | 100.00% | 100.00% |

स्रोत : नेपाल राष्ट्र बैंकको तथ्यांकका आधारमा लेखकद्वारा तयार पारिएको

## सङ्कटमोचनको मार्ग

नेपालको व्यापार क्षमता विकासका लागि संघीय सरकारको नेतृत्वमा प्रादेशिक सरकारका साथै स्थानीय तहले आ-आफ्नो कार्यक्षेत्रमा प्रमुख जिम्मेवारी निर्वाह गर्नुपर्छ । नीति तर्जुमा र नीतिको कार्यान्वयनमा तीनवटै तहको सरकारको नेतृत्वदायी भूमिका चाहिन्छ ।

व्यापार उदारीकरण अपनाइए पनि सन् १९९० यता अर्थतन्त्र सुधारका लागि ठूलो संरचनात्मक परिवर्तन ९क्तचगअतगचब ित्रजबलनभ० गरिएन । अर्थतन्त्र सुधारबिना राजनैतिक परिवर्तन मात्रैले लगानीको वातावरण बन्दैन । अतः लगानीको वातावरण निर्माणका लागि दोस्रो संरचनात्मक सुधार गर्न अब ढिलाइ गर्न भएन ।

दोस्रो, उत्पादनशील क्षेत्रलाई सहयोग हुने गरी ठुल्ठूला भौतिक पूर्वाधार विकासमा विशेष लगानी गरिनु पर्छ । यस्तो लगानीबाट हाल मन्दीग्रस्त अर्थतन्त्रमा नयाँ प्राण भर्न अतिरिक्त उत्पादनशील क्षेत्रहरू जस्तै : कृषि, वन, खानी, जलस्रोत, उद्योग लगायतमा लगानी भित्र्याउन निजी क्षेत्रलाई 'बुस्टरडोज' प्राप्त हुन्छ ।

तेस्रो, नेपाल सन् २०२६ मा अल्पविकसित मुलुकबाट स्तरोन्नतिमा लागिरहेको सन्दर्भ यहाँनेर विचारणीय छ । अहिलेसम्म अल्पविकसित मुलुकका हैसियतले अनेकन देशमा निर्यात गर्दा नेपालले जिएसपी जस्ता विभिन्न योजनामार्फत शून्य भन्सारसहितको बजार पहुँचको सुविधा पाइरहेको थियो । स्तरोन्नतिपछि यस्ता सुविधा गुम्ने हुँदा अब नेपालले आफै बजार खोज्दै हिँड्नु पर्छ । यसका लागि नयाँ व्यापार सम्झौतामा प्रवेश गरेर बजार पहुँच हासिल गर्न र विस्तार गर्न सरकारले निकै चतुरो व्यापार कूटनीति ९कबचत त्वबमभ म्ष्उिकिबअथ० अपनाउनु पर्छ ।

चौथो, विश्वव्यापीकरणबाट लाभ लिन मानव संशाधनको प्रतिस्पर्धी क्षमता विश्वस्तरीय हुनैपर्छ । यस सिलसिलामा सामाजिक क्षेत्रको लगानी जस्तै : स्वास्थ्य, शिक्षा जस्ता क्षेत्रमा गरिने लगानी भरपर्दो हुने गर्छ, जसले विश्वस्तरीय जनशक्ति उपलब्ध गराएर वैश्विक युगमा सूचना तथा सञ्चार प्रविधि जस्ता नयाँ-नयाँ सम्भावनाको ढोका खोल्न सक्छ ।

पाचौँ, नेपालसँग वाणिज्य नीति छ; राष्ट्रिय व्यापार एकीकृत रणनीति पनि छ तर नेपालको बजार सम्भावना बोकेका अलगअलग देशका मुद्दालाई एउटै नीति वा रणनीतिले मात्रै सम्बोधन गर्न सक्तै-सक्तैन । अतः त्यस्ता देशगत रणनीति तर्जुमा गर्दै चतुऱ्याइँपूर्वक अघि बढेमा मात्रै व्यापार सफलता हात पार्न सहज हुन्छ ।

छैटौँ, निर्यातमा प्रमुख बाधकका रूपमा भारतीय रुपैयाँसँग गरिएको नेपाली मुद्राको आवद्धता पनि हो । यस्तो आबद्धताको दर सन् १९९४ पछि पुनरवलोकन नगरिएकाले नेपाली वस्तुको प्रतिस्पर्धी क्षमतामा क्षयीकरण जारी छ । यसलाई सम्बोधन गर्न जरूरी भइसकेको छ तर यसको 'साइड इफेक्ट' बाट बच्न दुई मुख्य सर्त पूरा हुन जरूरी छ । पहिलो, नेपालको निर्यात बास्केटमा बाह्य बजारमा बेच्ने वस्तु पर्याप्त हुने पर्नेछ । दोस्रो, घरघरमा दैनन्दिन खपत गरिने उपभोग्य वस्तु बाह्य जगतबाट आयात गर्नुको सट्टा नेपालमा उत्पादन गर्न सकिने त्यस्ता वस्तु आन्तरिक बजारबाट आपूर्ति हुन सक्ने वातावरण सृजना गर्नु पर्छ । यस्ता पूर्वसर्त पूरा भएपछि नेपाली मुद्राको आबद्धता दरमा समयानुकूल पुनरवलोकन गर्न आँट गर्नुपर्छ ।

नेपालको व्यापार क्षमता विकासका लागि संघीय नेपाल सरकारको नेतृत्वमा प्रादेशिक सरकार साथै स्थानीय तहले आ-आफ्नो कार्यक्षेत्रमा प्रमुख जिम्मेवारी निर्वाह गर्नुपर्छ । नीति तर्जुमा र नीतिको कार्यान्वयनमा तिनै तहको सरकारको नेतृत्वदायी भूमिका चाहिन्छ । यसका अतिरिक्त लगानी बिस्तार, उत्पादन र उत्पादकत्व वृद्धि साथै लगानी वृद्धि, व्यापार क्षमताको विकास र बजार पहुँच विस्तार सम्बन्धी नीतिगत सुधारलाई यथार्थमा अनुवाद गर्न निजी क्षेत्र सरकारको सबैभन्दा घनिष्ठ परामर्शदाताका रूपमा सक्रिय हुनपर्छ । यसका लागि प्राज्ञिक तथा 'थिङ्क ट्याङ्क'हरूले निजी क्षेत्र अर्थात व्यावसायिक जगत्का नेतृत्वदायी संस्थाहरूलाई यस्तो भूमिका खेल्न प्रबलीकरण गर्नुपर्छ । राज्यको एक प्रमुख हिस्साको रूपमा रहेको संसदले यस्ता भूमिका खेल्न माथि भनिएका जिम्मेवार सरोकारवालालाई सुस्ताउन दिनु हुन्न ।

## टुङ्ग्याउनुअघि

माथि भनिएका (र नभनिएका पनि) पूर्वसर्त पूरा गर्न अहिलेसम्म राजनैतिक नेतृत्वले देखाएको शासकीय शैली बिल्कुलै अपर्याप्त छ । आम जनमानसमा चरम निराशा छ र त्यो लगानीकर्तासम्म सङ्क्रमित छ । दूरदर्शी, पारदर्शी, स्वच्छ र देशको पुनःनिर्माण गरेर नयाँ इतिहास रच्न प्रतिवद्ध नेतृत्व पाएमा मात्रै लगानीको वातावरणमा सुधार र अन्तर्राष्ट्रिय व्यापार क्षमताको विकास सम्भव हुन्छ । हालसम्म कार्यकारी नेतृत्व गरेका सरकार प्रमुखहरूको कार्यशैलीबाट शासन धान्नेभन्दा बढी अपेक्षा गर्न सकिने ठाउँ नदेखिएको हुँदा अहिलेलाई त्यस्तो सरकारको आगमन पर्खनुको विकल्प छैन ।

*– घिमिरे पूर्वसचिव हुन् ।*

# तपाईं जहाँ WORLDLINK त्यहाँ



## सातै प्रदेशहरुमा रहेको हाम्रो सञ्जालमा

## आजै जोडिनुहोस्।

SCAN HERE

**9801523050**

wlink.np wlinkcommunications

www.worldlink.com.np

# अर्थतन्त्रको संकटमोचनमा निजी क्षेत्रको भूमिका

नेपाली अर्थतन्त्रको लाइफ लाइन रेमिट्यान्स हो । तर त्यही रेमिट्यान्स ग्रामीण क्षेत्रसम्म पुग्न सकेको छैन । आन्तरिक रेमिट्यान्स सेवा बन्द हुदा गाउगाउसम्म पैसा नपुग्दा ग्रामीण अर्थतन्त्र शिथिल जस्तै भएको छ । यसले ग्रामीण क्षेत्रका साना तथा मझौला व्यवसायलाई समस्यामा पारेको छ ।



चन्द्रप्रसाद ढकाल

मुलुक आर्थिक संकटबाट गुज्रिरहेको छ । आर्थिक गतिविधि चलायमान हुन सकेका छैनन् । लगानीकर्ता र उपभोक्ता दुवैमा आत्मविश्वास छैन । परिणामस्वरूप बैंक वित्तीय संस्थाहरूसँग करिब ५ खर्ब रूपैयाँ लगानीयोग्य रकम जम्मा भएको छ । लगानीयोग्य रकम बढ्दै जाने तर लगानीकर्तामा आत्मविश्वास नहुने अवस्थाले बैंक तथा वित्तीय क्षेत्रले समेत दबाब खेपिरहेको छ । यसको सिधा असर बैंक तथा वित्तीय संस्थाको आय थप घटेर राजस्वमा पर्ने देखिएको छ ।

अर्कोतर्फ अर्थतन्त्रको बाह्य क्षेत्रमा देखिएको सुधारले केही उत्साह थपेको छ । रेमिट्यान्स आप्रवाह हालसम्मकै बढी छ । विदेशी विनिमय सञ्चिति पनि उच्च छ । गत असोजमा करिब एक लाख २० हजार पर्यटक भित्रिए । चालु आर्थिक वर्षमा शोधनान्तर अवस्था निरन्तर सकारात्मक छ । लगानीकर्ताहरूका लागि वित्तीय जोखिम कम हुँदै गएको छ । तर बाह्य क्षेत्रमा देखिएको सुधारको प्रभाव वास्तविक क्षेत्रमा न्यून देखिन्छ ।

अर्थतन्त्रको वास्तविक क्षेत्रलाई उकास्न उत्पादनशील क्षेत्रमा पुँजी परिचालन अनिवार्य सर्त हो । त्यस्तो पुँजी प्रवाह सहरदेखि गाउँगाउँसम्म हुनुपर्थ्यो । दुर्भाग्यवश, त्यसो हुन सकेको छैन । विकास खर्च अत्यासलाग्दो गरी न्यून छ । मूल्यवृद्धिदर २० महिनायता ७ प्रतिशतभन्दा माथि छ । निजी क्षेत्रद्वारा सञ्चालित सिमेन्ट, छड जस्ता उद्योग ३० प्रतिशतभन्दा कम क्षमतामा चलिरहेका छन् । केही महिनाअघि नेपाल राष्ट्र बैंकले नै गरेको अध्ययनले पनि उद्योगहरू ४३ प्रतिशत क्षमतामा चलिरहेको देखाएको थियो । यो क्षमता अझ घट्दो छ ।

साना तथा मझौला व्यवसायीका सटर बन्द भएका छन् । कृषि उत्पादनले थप बजार गुमाउँदै छन् । बिदेसिनेहरूमा साना व्यवसाय वा कृषि गरिरहेका युवा बढी छन् । यसले के देखाउँछ भने सरकार, निजी क्षेत्र र सर्वसाधारण तीन वटै क्षेत्र समस्यामा छन् । मागमा संकुचन भइरहेको छ । उद्यमी व्यवसायीमा चरम निराशा छ । व्यवसायीले लगानीको नभई पलायनको योजना बनाइरहेका छन् । सबल बाह्य क्षेत्रले यी तीन वर्गलाई छुन सकेको छैन । अर्थतन्त्रका बाह्य परिसूचकमा देखिएको सुधारले अपेक्षित आर्थिक वृद्धिलाई भरथेग गर्न सक्दैन । यसका लागि अर्थतन्त्रका वास्तविक समस्या केलाउन र समाधानमा थप पहल लिन जरूरी भइसकेको छ ।

## अर्थतन्त्रका समस्या

मुलुकको वर्तमान आर्थिक अवस्थाबारे धेरै चर्चा-परिचर्चा त भयो । तर समाधानको स्पष्ट तस्बिर आउन सकेन । कोभिड महामारीपछिको तीव्र आर्थिक विस्तारबाट धेरै आत्तिएर राज्यका विभिन्न अंगले लिएको नियन्त्रणमुखी नीति नै यसको प्रमुख कारण छ । कोभिड महामारीको समयमा ब्लक भएका आर्थिक गतिविधि महामारीपछि एकै चोटि सञ्चालनमा आउँदा आर्थिक गतिविधि तीव्र रूपमा विस्तार हुन गए । तर त्यो आर्थिक विस्तारबाट आत्तिएर निजी क्षेत्रलाई संकुचित बनाई माग घटाउने र आर्थिक गतिविधि नियन्त्रण गर्ने काम भयो । यसले अर्थतन्त्रलाई दबाबमा पार्‍यो । असहज आर्थिक अवस्थामा सरकारले खर्च बढाउनुपर्ने र सहजीकरण गर्नुपर्नेमा राज्यले खर्च कटौती गर्ने र अर्थतन्त्रलाई नियन्त्रण गर्ने नीति लियो । यसले समस्यालाई थप बढाउने

काम गऱ्यो ।

दोस्रो कुरा, समस्या छ भन्ने थाहा हुँदाहुँदै पनि सुधारको उपाय अवलम्बन गर्ने काम राज्यबाट हुन सकेन । निजी क्षेत्रबाट दिइएका सुझावको सुनुवाइ हुन सकेन । बजेट, मौद्रिक नीतिलगायत बेलाबेलामा निजी क्षेत्रले दिएका सुझावलाई बेवास्ता गरियो । त्यो संकटबाट मुलुकलाई बाहिर निकाल्न नेपाली उत्पादन बढाउनु र भएकाको प्रवर्द्धन गर्नु पहिलो सर्त हुनुपर्ने थियो । तर त्यसो हुन सकेन । न त सरकारको वित्तीय नीति र केन्द्रीय बैंकको मौद्रिक नीतिले त्यसमा बलियो भरथेग नै गर्न सके । अप्ठ्यारो अवस्थामा उद्यम व्यवसाय र अर्थतन्त्रलाई सही मार्गमा डोऱ्याउन विशेष नीति र कार्यक्रम आवश्यक थियो । तर हामीले त्यो आवश्यकतालाई सम्बोधन गर्न सकेनौं । तत्कालका लागि सरकार र नेपाल राष्ट्र बैंकले लिएको राहतमुखी नीतिले व्यवसायलाई सम्हाल्न मद्दत पुगेको थियो । दीर्घकालमा भने अवस्था उस्तै रहन सकेन ।

अहिले आम उपभोक्ताको क्रयशक्ति कमजोर बनेको छ, जसले बजारमा माग ह्वात्तै घटाएको छ । त्यसको प्रमाण भर्खरै सम्पन्न दसैं-तिहारमा पनि देखियो । विगत कैयौं महिनादेखि व्यवसायी ठूला चाडमा व्यवसायमा केही पुनरूत्थान हुने अपेक्षामा थिए । तर त्यसो हुन सकेन । पहिलाभन्दा बजार केही चलायमान देखिए पनि गतिविधि भने कम रहे । बजारमा मानिसहरूको भीड अपेक्षाभन्दा कम देखियो । खर्च झनै कम भयो ।

कमजोर पूर्वाधार, कुँजिएको औद्योगिक विकास, अनौपचारिक अर्थतन्त्रलाई औपचारिक बनाउनमा असफलता, व्यवसायलाई सहयोग नगर्ने खालको प्रशासनिक तथा नीतिगत संरचना, कानुनको समयोचित सुधारको उपेक्षा तथा भएका असल नीतिको कमजोर कार्यान्वयन अहिले नेपाली अर्थतन्त्रले भोगिरहेका प्रमुख समस्या हुन् । समग्र निजी क्षेत्रप्रति सरकारको अविश्वास, विदेशी लगानी प्रवर्द्धन गर्ने नाममा स्वदेशी लगानी र लगानीकर्ताको उपेक्षा, सार्वजनिक सेवा प्रदायक संस्थाहरूमा सूचना प्रविधिको कमजोर कार्यान्वयन तथा बढ्दो व्यावसायिक लागत पनि उत्तिकै ठूला चुनौती छन् । यी सबैलाई थप खराब बनाउने भ्रष्टाचारको कुरै नगरौं । सरकार आफैंले नेपालमा नीतिगत विसंगति तथा कमजोर नियमन, आपूर्तिमा समस्या, कमजोर पूर्वाधार, असफल औद्योगिक पुन:संरचना, पारवहनमा चुनौती तथा कमजोर अन्तरनिकाय समन्वय जस्ता समस्याले औद्योगिक तथा व्यावसायिक

> हामीले सरकार र अर्थतन्त्रका सरोकारवालासाग निरन्तर अर्थतन्त्रकेन्द्रित बहस गरिरहेका छौं । पटकपटक अर्थतन्त्रमा देखिएका समस्याको जड पहिल्याएर त्यसको समाधानका लागि प्रभावकारी उपाय राज्यका विभिन्न निकायमा प्रस्तुत गरिरहेका छौं । महासंघले प्रस्तुत गरेका सुझावलाई गम्भीरतापूर्वक लिएर अहिलेको आर्थिक संकटबाट सकेसम्म छिटो उम्किनुपर्छ ।

वातावरण बिगारेको स्वीकार गरे पनि लामो समयदेखि यथावत् रहेका यस्ता अवरोधको निराकरणका लागि कुनै ठोस कदम चालेको देखिँदैन ।

अर्कातर्फ कमजोर पूर्वाधार छ भनिरहने तर आफैंले बनाएका गौतम बुद्ध विमानस्थल तथा पोखरा विमानस्थल जस्ता ठूला संरचनाको पूर्ण सञ्चालनमा उदासीन पनि देखिएको छ । भैरहवाको अन्तर्राष्ट्रिय विमानस्थल मात्र सञ्चालनमा ल्याउने हो भने त्यहाँ सयौं उद्यम तथा व्यवसाय थपिने र दशौं हजार रोजगारी सिर्जना हुनेमा शंका छैन । तर उल्टो नयाँ थपिनेभन्दा विमानस्थल लक्षित भएर थपिएका होटल तथा रिसोर्टमा भएको लगानी जोखिममा परेको छ । संकट अन्य ठूला पूर्वाधार परियोजनासँग जोडिएला भन्ने डर सृजना भएको छ ।

नेपालमा लगानीका लागि वातावरण र मनोबल अझै कमजोर बनेको छ । सरकारले आर्थिक परिसूचक सकारात्मक रहेको बताए पनि व्यवसायी र आमजनता दुवैले त्यसको महसुस गर्न पाएका छैनन् । कतिपय उत्पादक र आपूर्तिकर्ता आपूर्ति शृंखलामा रकम फसेर समस्यामा परेका छन् । सहकारीका कारण समस्या पर्ने घरेलु, साना तथा मझौला उद्यमीको संख्या पनि उल्लेख्य छ । पछिल्ला धेरै वर्षदेखि विदेशी लगानी उत्साहजनक देखिएको छैन । सरकारले विभिन्न छुट तथा सुविधा दिएर स्वदेशी लगानीकर्तालाई लगानीका परम्परागत तथा नयाँ क्षेत्रमा आकर्षित गर्न सक्नुपर्थ्यो । त्यो पनि हुन सकेको छैन । विदेशी लगानी आकर्षित गर्न नसक्दा नयाँनयाँ प्रविधि भित्र्याउन र प्रविधि हस्तान्तरणमा समस्या छ ।

युवा बिदेसिने क्रम तीव्र बन्दा स्वदेशमा जनशक्ति अभाव बढ्दै गएको छ । भएको जनशक्ति पनि दक्ष नहुँदा र विश्वविद्यालयले सीपभन्दा ज्ञान बाँड्नमा ध्यान दिँदा जनशक्ति समस्या अझै चर्किने सम्भावना छ । विभिन्न नयाँ नीतिका बाबजुद नेपालले निर्यात वृद्धिमा सफलता पाउन सकेको छैन । अझै पनि निर्यातको दयनीय अवस्था छ । यो आयातको १० प्रतिशतभन्दा कम छ । माथि भनिए जस्तै औद्योगिक विकासले गति लिन नसक्दा नेपालसँग निर्यातयोग्य वस्तु नै कम छन् । भएकाको पनि आवश्यकताअनुसार उत्पादन हुन सकेको छैन । त्यसमा विद्युत्को कमसल आपूर्ति, पुरानो प्रविधि, भन्सार तथा गैरभन्सारजन्य अवरोधको पनि योगदान रहँदै आएको छ । सरकारले एकीकृत व्यापार रणनीति निर्माण गरिरहे पनि त्यसको प्रभाव निर्यात प्रवर्द्धन र विस्तारमा प्रतिबिम्बित देखिँदैन ।

एकतिहाइभन्दा बढी लघु, घरेलु तथा साना उद्योग बन्द भएको, बैंकको ऋण तिर्न नसकेर व्यवसाय तथा घर लिलाम भएको अवस्थामा छन् । आधाभन्दा बढी लघु, घरेलु तथा साना उद्योग दर्ता नभई अनौपचारिक रूपमा चलेको सरकारले घोषणा गरेका विभिन्न सुविधा तथा सहुलियतबाट समेत वञ्चित छन् भने स्थानीय साहुकार तथा सहकारीबाट चर्को ब्याजदरमा ऋण लिएर व्यवसायमा लगानी गर्न बाध्य छन् ।

## समाधानको बाटो

कोभिड महामारीका कारण डेढ वर्षभन्दा बढी थलिएको निजी क्षेत्र बीचमा केही समय तंग्रिन खोजेको थियो । तर महामारीका साथै रूस-युक्रेन युद्ध अनि वस्तु आपूर्तिमा

आएको अवरोध र कच्चापदार्थमा भएको मूल्यवृद्धिका कारण यो पुनः समस्याको भुमरीमा पऱ्यो । करिब चार वर्ष अप्ठ्यारो झेलिसकेको निजी क्षेत्रको मनोबल बढाउन राज्यका विभिन्न निकायले आआफ्नो भूमिका निर्वाह गर्दै आर्थिक सुधारका तत्कालीन र दीर्घकालीन कार्यक्रम साथै साना तथा मझौला व्यवसायलाई उद्धार गर्न केही राहतका कार्यक्रम ल्याउनु आवश्यक छ । अहिले व्यवसायीको कन्फिडेन्स लुज भएको छ । उनीहरूको मनोबल बढाउन राज्यले पुँजी खर्च बढाएर, लगानीमैत्री वातावरण बनाउँदै आर्थिक गतिविधि बढाउन आवश्यक छ । सरकारी पुँजीगत खर्चको वृद्धिदर गत आर्थिक वर्षको पहिलो ३ महिनामा १८.६ प्रतिशतले बढेकामा यस आर्थिक वर्ष ०.९ प्रतिशतले मात्र वृद्धि भएको तथ्यांक छ । आर्थिक गतिविधि सुस्त हुनुमा यो पनि एक प्रमुख कारण हो । त्यसैले सरकारको पुँजीगत खर्च बढाउन जरूरी छ । वर्षा र मुख्य चाडपर्व पनि सकिए । अब खर्च बढाउन कामलाई गति दिने समय आएको छ । अब कामलाई तीव्र गर्नुपर्ने समयमा विभिन्न ढंगले अराजक गतिविधि बढ्न थालेको देखिन्छ । कुनै पनि हालतमा यस्ता गतिविधि नियन्त्रण गर्न जरूरी छ । अन्यथा मुलुकभित्र मात्र होइन, बाहिरबाट आउने पर्यटक र विदेशी लगानीलाई पनि गलत सन्देश जान्छ । शान्ति सुरक्षा, लगानी सुरक्षा र लगानीकर्तालाई उत्प्रेरणा हुने वातावरण बनाउन जरूरी छ ।

सरकारले अहिले आन्तरिक ऋण उठाएको छ । यो पनि खर्च भएको छैन । सरकारले आन्तरिकका साथै बाह्य ऋण लिएर विकासका कामलाई तीव्र रूपमा अघि बढाउनुपर्छ । क्रेडिट रेटिङ गरी विदेशी लगानी भित्र्याउने वातावरण बनाउन जरूरी छ । यो समयमा लगानी बढाउने र आर्थिक गतिविधि बढाउन सके मात्र व्यवसायीको मनोबल उच्च बनाउन सकिन्छ ।

अहिले विद्युत् उत्पादन पर्याप्त छ । त्यसैले यसको खपत बढाउनु जरूरी छ । अहिलेका लागि उद्योगलाई सहुलियत दिँदा दोहोरो फाइदा हुनेछ । साथै उत्पादित विद्युत् प्रसारण लाइनका कारण प्राधिकरणले खरिद गर्न सकिरहेको छैन । भूतप्रभावी कानुन र अस्थिर नीतिगत व्यवस्थाले आन्तरिक तथा बाह्य लगानीलाई दुरूत्साहन गर्ने गरेका छन् । त्यसैले यसतर्फ राज्यले लचिलो व्यवस्था मिलाउनुपर्छ ।

पर्यटन प्रवर्द्धनका कार्यक्रमबाट छोटो समयमा अधिकतम फाइदा लिन सकिन्छ । यसलाई प्राथमिकतामा राख्नुपऱ्यो । निर्माण सकिएका विमानस्थललाई सञ्चालनमा ल्याउने र निर्माणाधीन राजमार्ग छिटो सम्पन्न गर्दै सडक यातायातलाई सहज बनाउनुपर्छ । केही खास प्राविधिक विषय जस्तै नर्सिङ कलेज खोल्न रोक्दा विद्यार्थी भारतीय सीमा क्षेत्रमा गएर पढ्न बाध्य छन् । यसरी विद्यार्थी बाहिर जाँदा एकातर्फ मुलुकभित्र लगानी, रोजगारी बढ्न सकेको छैन भने विदेशी मुद्रा बाहिरिएको छ । यसमा निर्णायक कदम चाल्ने समय आइसकेको छ ।

व्यवसायीले पुँजीगत खर्चको सिलसिलामा गर्ने खर्चहरूमा ठूलो अंशमा सरकारलाई मूल्य अभिवृद्धि कर (भ्याट) दाखिला गरी आएका छन् । तर आयआर्जन गर्न उल्लेख्य समय लाग्ने भएकाले आउटपुट ट्याक्सको दायित्व नहुने र उल्लेख्य रूपमा स्रोतमा तिरिएको मूल्य अभिवृद्धि कर क्रेडिट रहिरहेको अवस्था छ, जसले गर्दा निजी क्षेत्रलाई पुँजीगत लगानीको स्रोत व्यवस्थापन गर्न थप कठिन बनाएको छ । यस्तो समस्या खासगरी होटल, पूर्वाधार विकास आयोजनालगायत दीर्घकालीन लगानीमा हुने व्यवसायमा बढी देखिएको छ । सरकारमा अग्रिम रूपमा जम्मा भएको मूल्य अभिवृद्धि कर रकम तत्काल व्यवसायीलाई फिर्ता गर्ने व्यवस्था भए उक्त रकमले पुँजीगत लगानीमा सहजता हुन जाने निश्चित छ ।

अर्थतन्त्रलाई चलायमान बनाउन सहरदेखि गाउँगाउँसम्म पुँजी प्रवाहलाई चलायमान बनाउनुपर्नेछ । त्यसका लागि गाउँगाउँसम्म पुँजी प्रवाहमा देखिएका अवरोध हटाउनुपर्छ । जिल्ला जिल्लामा रहेका साना तथा मझौला व्यवसायलाई प्रवाह हुने कर्जालाई सहज बनाउनुपऱ्यो । जस्तै, घर कर्जालाई सरल र सुलभ बनाउन सके यसले सिमेन्ट, छडदेखि फर्निचरसम्मका उद्योगलाई चलायमान बनाउन सघाउँछ भने व्यापक मात्रमा रोजगारी पनि सृजना हुन सक्छ । बैंकहरूको फिक्स्ड डिपोजिटको ब्याजदर कम गर्न मौद्रिक नीतिको समीक्षामा नेपाल राष्ट्र बैंकले केही उपकरण ल्याउन सक्छ । फिक्स डिपोजिटको ब्याज बढी हुँदा बैंकमा पैसा राखेर ब्याज खाने प्रचलन बढेको छ । पैसा बजारमा चलायनमान हुने, उत्पादनमूलक या अरु केहीमा लगानी नहुने भयो । कृषि, पर्यटन पूर्वाधार र आईसीटीलगायतका सेवा तथा उत्पादनमूलक क्षेत्रमा पुनर्कर्जा र करमा सहुलियतसहितको प्याकेज आवश्यक छ ।

नेपाली अर्थतन्त्रको लाइफ लाइन रेमिट्यान्स हो । तर त्यही रेमिट्यान्स ग्रामीण क्षेत्रसम्म पुग्न सकेको छैन । आन्तरिक रेमिट्यान्स सेवा बन्द हुँदा गाउँगाउँसम्म पैसा नपुग्दा ग्रामीण अर्थतन्त्र शिथिल जस्तै भएको छ । यसले ग्रामीण क्षेत्रका साना तथा मझौला व्यवसायलाई समस्यामा पारेको छ । गाउँसम्म सहजै रकम पुग्ने संयन्त्र रोकिनुहुँदैन । नेपाली समाज ऋण नतिर्ने समाज होइन । तर पछिल्लो समय ऋण नतिर्नेसम्मको आवाज उठिरहेको छ । यो उचित होइन । त्यसैले यसको समाधानका लागि बैंकहरूलाई ऋणीको अवस्था हेरी केही समयका लागि पुनर्संरचना र पुनर्तालिकीकरणलगायतको अधिकार दिनु आवश्यक छ ।

साना तथा मझौला कर्जालाई बैंकले आफैं अध्ययन गरेर ऋण दिन सक्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ । चालु पूँजी कर्जासम्बन्धी व्यवस्था पनि बैंक वित्तीय संस्थाले नै निर्णय गर्ने गरी छाडनु उपयुक्त हुन्छ । हालै नेपाल राष्ट्र बैंकले एकीकृत निर्देशिकाको संशोधनमार्फत साझेदारलाई पनि वाच लिस्टमा राख्ने र कालोसूचीबाट बाहिर निस्किन ६ महिना लाग्ने प्रावधान ल्याएको छ । यसले व्यवसायी हतोत्साही छन् । यसलाई तत्काल संशोधन गर्न जरूरी छ ।

सरकार र निजी क्षेत्र अर्थतन्त्रका दुई प्रमुख साझेदार हुन् । त्यसमा पनि रोजगारी सिर्जना र आर्थिक गतिविधिको विस्तारको नेतृत्व निजी क्षेत्रले नै गरिरहेको छ । राष्ट्रिय अर्थतन्त्रमा करिब ८१ र रोजगारीमा ८६ प्रतिशत योगदान निजी क्षेत्रकै व्यापार व्यवसाय र उद्योगहरूको छ । सन् २०१८ अघिको तीन दशकमा निजी क्षेत्रका उद्यम व्यवसायको संख्या २८ हजार ६ सयको हाराहारीबाट ९ लाख २३ हजारभन्दा बढी पुगेको छ । त्यो भनेको ३२ गुणाको वृद्धि हो । यसरी अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान दिएको निजी क्षेत्रको प्रवर्द्धनमा सरकारले अझै काम गर्नुपर्ने आवश्यकता छ । त्यसैले अर्थतन्त्रलाई सही बाटोमा हिँडाउन नेपाल उद्योग वाणिज्य महासंघ सरकारसँग सहकार्य गर्न तयार छ । हामीले सरकार र अर्थतन्त्रका सरोकारवालासँग निरन्तर अर्थतन्त्रकेन्द्रित बहस गरिरहेका छौं । पटकपटक अर्थतन्त्रमा देखिएका समस्याको जड पहिल्याएर त्यसको समाधानका लागि प्रभावकारी उपाय राज्यका विभिन्न निकायमा प्रस्तुत गरिरहेका छौं । महासंघले प्रस्तुत गरेका सुझावलाई गम्भीरतापूर्वक लिएर अहिलेको आर्थिक संकटबाट सकेसम्म छिटो उम्किनुपर्छ । त्यसका लागि बल फेरि पनि सरकारकै कोर्टमा छ ।

*- ढकाल नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष हुन् ।*

# तीव्र वृद्धिलाई स्टार्टअपमैत्री दिशा

कम्पनी ऐनले व्यवसाय बेचेर वा अन्य कुनै प्रकारले मुलुकबाट बहिर्गमन (रिपार्टेसन) को प्रक्रियालाई अनावश्यक रूपले बोझिलो र लामो बनाउँछ । नेपालमा स्टार्टअपले आफ्ना व्यावसायिक अवधारणा विकास गर्ने, विशेषज्ञ सल्लाह, प्रारम्भिक बीउ कोष, अन्य पुजी स्रोतमा पहुँच, नेटवर्किङका अवसर र परामर्शसहित व्यवसायका लागि आवश्यक सेवासुविधा पाउने इन्क्युबेसन र इनोभेसन सेन्टर छैनन् ।



जुना माथेमा

स्टार्टअप के हो ? स्टार्टअप र लघु तथा मझौला उद्यम (एसएमई) बीच के भिन्नता/फरक छ ? के जो-कसैले सुरूवात गरेको कुनै पनि प्रकारको कम्पनीलाई स्टार्टअप भन्न सकिन्छ ? जब हामी स्टार्टअपको कुरा गर्छौं, आम रूपमा उठ्ने प्रश्न हुन् यी ।

निःसन्देह, स्टार्टअपलाई संसारभर विभिन्न तरिकामा परिभाषित गरिएको छ । तर अधिकांश परिभाषाले कम्पनीको कानुनी हैसियत, कम्पनीको उमेर (मालिकको होइन), कारोबार (राशि) र कम्पनीले प्रदान गरिरहेका उत्पादन, सेवा वा प्रक्रियाहरूको नवीनतालाई केन्द्रमा राखेका हुन्छन् ।

स्टार्टअपलिंकको अध्ययनअनुसार सबैभन्दा धेरै स्टार्टअप भएका शीर्ष पाँच देशमा अमेरिका, चीन, बेलायत, भारत र जर्मनी छन् । यीमध्ये दुई देश हाम्रे छिमेकी हुन् । जब कि भारतको स्टार्टअप संस्कृतिमा उछालको यात्रा एक दशक पनि पुरानो छैन । भारत सरकारले स्टार्टअप इन्डिया पहल सन् २०१६ को जनवरीबाट सुरू गरेको थियो । प्रधानमन्त्रीको नेतृत्वमा मूलधारका सबै नेताले देशमा स्टार्टअपलाई बढावा दिने नीतिलाई आफ्नो प्राथमिक एजेन्डा बनाए । भारतको यस पहलकदमीका तीन प्रमुख क्षेत्र थिए– १) सरलीकरण र सहयोग एवं मार्गनिर्देशन २), लगानी तथा प्रोत्साहन र ३) इन्क्युबेसन तथा इन्डस्ट्री-अकाडेमिया पार्टनरसिप (उद्योग-शैक्षिक क्षेत्र साझेदारी) । उनीहरूका मुख्य पहलकदमीमा बीउ कोष (पुँजी), परामर्शदायी प्लाटफर्म, लगानीकर्तासँग जोडिदिने इन्भेस्टर कनेक्सन र पुरस्कार समावेश छन् ।

| स्टार्टअप संख्याका आधारमा शीर्ष १० क्षेत्र |
|---|
| आईटी सेवा |
| हेल्थकेयर एन्ड लाइफ साइन्स (स्वास्थ्य क्षेत्र) |
| शिक्षा |
| पेसागत तथा व्यापारिक सेवा |
| खाद्य तथा पेय |
| कृषि |
| वित्त प्रविधि |
| प्रविधि हार्डवेयर |
| निर्माण |
| हरित प्रविधि |
| स्रोत : पाँचवर्ष उपलब्धि प्रतिवेदन (अचिभमेन्ट रिपोर्ट) २०२०, स्टार्टअप इन्डिया |

भारतीय स्टार्टअपहरूले अहिले अर्बौं लगानी आकर्षित गर्छन् र रोजगारी, लगानी एवम् नवप्रवर्तन संस्कृति सिर्जना गरेर अर्थ व्यवस्थामा योगदान पुऱ्याउँछन् ।

नेपालको स्टार्टअप इकोसिस्टम (पर्यावरण) सन् २००० को दशकको सुरूवातको भारतको जस्तै छ । यो भनेको भारतको 'स्टार्टअप इन्डिया'को राष्ट्रिय लहरभन्दा पहिलेको अवस्था हो । युवा प्रतिभा, स्रोत र विश्वव्यापी रूपमा प्रविधिले मारेको फड्कोको उपयोग गर्दै स्टार्टअपले अर्थतन्त्रमा एउटा प्रमुख शक्ति बन्ने क्षमता राख्छ । हामीसँग पिच कम्पिटिसन (लगानी वा अन्य सहयोग जुटाउन व्यवसायको अवधारणा वा सुरूवाती

चरणका स्टार्टअप जुरीसमक्ष प्रस्तुत गरिने प्रतियोगिता), परामर्श सत्र र पुरस्कार एवं प्रोत्साहन दिएर स्टार्टअपहरूलाई बढावा दिने थुप्रै गतिविधि सञ्चालनमा छन् ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले सन् २०३० सम्ममा नेपाललाई स्टार्टअप राष्ट्र बनाउने लक्ष्यसहित एउटा कन्सोर्टियम (निकाय) नै गठन गरेको छ । हामीसँग आइडिया स्टुडियो, इम्प्याक्ट हब, अन्तरप्रेरणा, क्लक बी, वान टु वाच, सफल पार्टनर्स र ऊर्जा ल्याब जस्ता निजी स्तरबाट सञ्चालित राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संस्था पनि क्रियाशील छन्, जसले स्टार्टअप व्यवसायमा सहयोग गर्दै आएका छन् ।

विश्वविद्यालय र निजी बिजनेस कलेजहरूले पनि आफ्ना स्नातक र स्नातकोत्तर तहका पाठ्यक्रममा उद्यमशीलतालाई समावेश गरिरहेका छन् । विद्यार्थीहरूमा उद्यमशीलतालाई बढावा दिने कार्यक्रम चलाइरहेका छन् । नेपाल प्राइभेट इक्विटी एसोसिएसनलगायत संगठनको आगमनसँगै वैकल्पिक लगानीको अवधारणा मौलाउँदै गएको छ, जसमा (नेपाल प्राइभेट इक्विटी एसोसिएसन) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका निजी इक्विटीका लगानीकर्ता, उद्यम पुँजी प्रदायक तथा वैकल्पिक लगानीकर्ता पर्छन् । नेपाली डायस्पोरा (एनआरएन) पनि स्टार्टअपको प्रवर्द्धनमा योगदान गर्न इच्छुक छन् । यस क्षेत्रमा आफ्नो योगदानका लागि व्यापारिक संघसंस्था र मञ्च पनि उत्तिकै इच्छुक छन् ।

नेपालको बजेटले पनि स्टार्टअपको महत्त्वलाई स्विकारेको छ । विगत ७-८ वर्षदेखि उद्यमशीलता र स्टार्टअप प्रवर्द्धनका लागि सबै प्रदेशमा इन्क्युबेसन सेन्टर बनाउन र कम ब्याजदरमा ऋणको बीउ कोष (पुँजी) उपलब्ध गराउन रकम विनियोजन गर्दै आएको छ । सरकारले यस आर्थिक वर्षको बजेट भाषणमा (यो वर्षलाई) 'उद्यमशीलता वर्ष' मनाउने घोषणा गरेको छ । औद्योगिक व्यवसाय ऐन २०७६ मा 'वन स्टप सेन्टर (एकद्वार सेवा केन्द्र)' सञ्चालनसम्बन्धी व्यवस्था गरिएको छ । यद्यपि सरकारका यी पहलकदमीमा योजना र कार्यान्वयनको भने अभाव छ ।

## चुनौती

पूर्वउद्योगमन्त्री स्व. नवीन्द्रराज जोशीको संयोजकत्वमा आव २०७२-७३ मा स्टार्टअप नीति तर्जुमा गर्न एउटा समिति गठन गरिएको थियो । वर्तमान उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय विगत केही वर्षदेखि स्टार्टअप नीति बनाउने प्रक्रियामा छ । नेपाल उद्योग वाणिज्य महासंघ अहिले छलफलमा रहेको स्टार्टअप पोलिसी (नीति) र स्टार्टअप इन्टरप्राइज लोन (स्टार्टअप उद्यम ऋण) निर्देशिकाको मस्यौदा तयार गर्न सक्रियतापूर्वक सहभागी थियो । अन्तरमन्त्रालयगत समीक्षा र सरोकारवालासँगको परामर्शका बैठक सम्पन्न भए पनि थप छलफलका लागि यो नीति मस्यौदा मन्त्रिपरिषद्मा पुग्न सकेको छैन । स्टार्टअपको परिभाषाका लागि यो नीति एकदमै महत्त्वपूर्ण छ । यसले सरकारी पहलकदमीहरूलाई कार्यान्वयनका लागि अगाडि बढाउने बाटो मात्र प्रदान गर्दैन स्टार्टअप इकोसिस्टमलाई जिवन्त बनाउने ढोका पनि खोल्नेछ ।

> आर्थिक वृद्धिलाई बढावा दिने मजबुत स्टार्टअप इकोसिस्टम विकास गर्न अधिकभन्दा अधिक खेलाडीलाई संलग्न गराउने सन्दर्भमा गर्नुपर्ने काम अरू पनि धेरै छन् । हामीले देशलाई बढीभन्दा बढी स्टार्टअपमैत्री बनाउनुपर्छ । स्टार्टअप रोजगारी सिर्जना गरेर, नवप्रवर्तन र प्राविधिक उन्नतिको संस्कृतिलाई बढावा दिँदै नेपालको आर्थिक विकासको इन्जिन बन्न सक्छन् ।

नेपालमा छाता नीति छन्, जसले व्यवसायको प्रकृति र क्याटगोरी (श्रेणी) हरूबीच भेद गर्दैन । राष्ट्रिय तथ्यांक विभागले राष्ट्रिय आर्थिक गणना २०७५ मा नेपालमा नौ लाखभन्दा बढी व्यावसायिक प्रतिष्ठान रहेको र यसबाट ३२ लाखभन्दा बढी रोजगारी सिर्जना भएको जनाएको छ । यीमध्ये ६३ प्रतिशतको स्वामित्व पुरूष र २६ प्रतिशतको स्वामित्व महिलामा छ । अर्थात् ६३ प्रतिशत प्रतिष्ठानका मालिक पुरूष छन् भने २६ प्रतिशत प्रतिष्ठानका मालिक महिला । तर ९ लाखभन्दा बढी प्रतिष्ठानमध्ये आधा दर्ता नै छैनन् । यसमा उद्योगहरूलाई अन्तर्राष्ट्रिय औद्योगिक वर्गीकरणअन्तरगत वर्गीकृत गरिएको छ, जसअनुसार ५४ प्रतिशत प्रतिष्ठान थोक तथा खुद्रा व्यापारमा संलग्न छन् ।

कम्पनी दर्ता गर्न देखिएको अनिच्छाले दर्ता हुँदा कम्पनीहरूमा उच्च दायित्वहरू सृजना गरिदिने हाम्रा छाता नीतिहरूको कठोरतालाई नै प्रतिबिम्बित गर्छ । केही अन्य नीति छन्, जसले पनि समस्याकै संकेत गर्छन् । दिवालियासम्बन्धी कानुनले सबै कम्पनीका निर्देशकलाई कालोसूचीमा राख्छ । विद्युतीय कारोबार ऐनले नेपालबाहिर रकम स्थानान्तरण गर्न एकदमै कठिन बनाएको छ । यसबाहेक कम्पनी दर्ता ऐनले व्यवसाय बेचेर वा अन्य कुनै प्रकारले मुलुकबाट बहिर्गमन (रिपार्टसन) को प्रक्रियालाई अनावश्यक रूपले बोझिलो र लामो बनाउँछ ।

नेपालमा स्टार्टअपहरूले आफ्ना व्यावसायिक अवधारणहरूको विकास गर्ने, विशेषज्ञ सल्लाह, प्रारम्भिक बीउ कोष, अन्य पुँजी स्रोतमा पहुँच, नेटवर्किङका अवसर र परामर्शसहित व्यवसायका लागि आवश्यक सेवासुविधा पाउने इन्क्युबेसन र इनोभेसन सेन्टर छैनन् भन्दा पनि हुने अवस्था छ । इन्क्युबेसन सेन्टरले सामान्य कार्यालय व्यवस्थापनसहित लेखांकन, ब्रान्डिङ एवं मार्केटिङ र मानव संसाधन व्यवस्थापन जस्ता व्यावसायका लागि सहयोगी ज्ञान-सीप पनि प्रदान गर्छन् ।

'फ्याब ल्याब' भनेर चिनिने फेब्रिकेसन ल्याबोरेटरिजहरूको पनि यहाँ अभाव छ, जहाँ स्टार्टअपले कुनै पनि चीजको प्रोटोटाइप तयार गर्न सक्छन् । इन्क्युबेसन सेन्टर र फ्याब ल्याबहरूले स्थानीय अर्थ व्यवस्थाको नवप्रवर्तनन र प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्छन् । मेन्टरिङ, बुट क्याम्प, इन्क्युबेटर, एक्सेलेरेटर, भेन्चर क्यापिटलिस्ट र प्राइभेट इक्विटी इन्भेस्टर्स जस्ता शब्द नयाँ शब्द हुन् । यी अवधारणालाई व्यवहारिक अनुभव र वास्तविक कामसँग जोड्न आवश्यक छ । यी शब्द अंग्रेजी भए तापनि यी शब्द स्व-व्याख्यात्मक अर्थात् स्वतः अर्थ लाग्ने खालका छन् । नेपालले यी शब्दलाई आगन्तुक शब्दका

रूपमा अपनाउन र यिनको भावार्थ स्विकार्न आवश्यक छ ।

पछिल्लो एक दशकमा सहरी क्षेत्रहरू विशेषगरी काठमाडौंमा प्रतियोगिता, इन्भेस्टर पिच र नेटवर्किङका कार्यक्रम जस्ता स्टार्टअपहरूलाई बढावा दिने गतिविधि व्यापक मात्र होइन, आवश्यकताभन्दा बढि नै हुन थालेका हुन् कि जस्तो देखिन्छ । हामीले हरेक कार्यक्रम र अभियानमा उही एउटै कम्पनी सहभागी भएको देख्न थालेका छौं । कार्यक्रमका उद्देश्य र लक्षित वा लाभान्वित हुने वर्गमा पनि डुप्लिकेसन (दोहोरोपन) देखिन्छन् । गतिविधि पनि एकांगी र खण्डित रूपमा भइरहेका छन् । यसले देशको एउटा तह र तप्कालाई मात्र असमान रूपले अवसर दिइरहेको छ ।

## सिफारिस

सामान्यतया स्टार्टअप इकोसिस्टममा छ वटा स्तम्भ हुन्छन् । ती हुन्– नीति, वित्त, सहयोग, बजार, मानव पुँजी र संस्कृति । एउटा जीवन्त स्टार्टअप इकोसिस्टम निर्माण गर्न यी प्रत्येक स्तम्भका प्रमुख खेलाडीहरूको भूमिका महत्त्वपूर्ण हुन्छ ।

यी स्तम्भअन्तर्गत थुप्रै क्षेत्र छन्, जसमा ध्यान दिन आवश्यक छ । लगानी र नेपाली स्टार्टअपको विकासमा मानिसलाई प्रतिबद्ध गराउन यी कुरामा ध्यान दिन आवश्यक छ । स्टार्टअप इकोसिस्टमका प्रमुख खेलाडीहरूले प्राथमिकता दिन सक्ने केही सिफारिस यहाँ दिइएको छ–

## अनुसन्धान र समीक्षा/पुनरवलोकन

नेपाल सरकारले कम्पनीहरूको अवस्था बुझ्न र स्टार्टअपमा रहेका कमजोरी (पीडादायी बिन्दुहरू) पत्ता लगाउन एउटा राष्ट्रव्यापी अध्ययन गर्नुपर्छ । र तिनलाई सम्बोधन गर्न रणनीतिक कार्ययोजना बनाउनुपर्छ । स्टार्टअपलाई प्रभावित गर्ने सबै नीतिको पनि नीति समीक्षा हुनुपर्छ । यसो गर्दा धेरैजसो स्टार्टअपलाई प्रभावित गर्ने नीतिहरूको पुनरवलोकनलाई प्राथमिकता दिनुपर्छ र तत्तत् नीतिमा आवश्यक परिमार्जन गर्नुपर्छ । यी नीतिले स्टार्टअपको जोखिम कम गर्नुपर्छ र उत्प्रेरित गर्नुपर्छ । स्टार्टअपहरूसँगको प्रणालीगत संवाद र छलफलका आधारमा नीति निर्माताहरूले जुन क्षेत्रमा स्टार्टअपहरूले काम गर्न चाहन्छन्, जुन क्षेत्रमा उद्यम गर्न सक्छन्, त्यस्ता क्षेत्रमा केन्द्रित रणनीतिहरूलाई सहजीकरण गर्नुपर्छ ।

## अस्थायी लेखा नम्बर

स्टार्टअपहरूलाई दर्ता हुन प्रोत्साहित गर्न, सरकारले कर लाभ तथा प्रोत्साहन प्रदान गर्दै सहज प्रवेश र बहिर्गमन प्रावधानसहित टीटीएएन (अस्थायी लेखा नम्बर) लागु गर्नुपर्छ । यसले दर्ता नभएका व्यवसायलाई करको दायरामा ल्याउनुका साथै स्टार्टअप व्यवसायको अनुगमनमा समेत सहयोग पुऱ्याउनेछ । हाल नेपालमा स्टार्टअपको संख्या, तिनको क्षेत्र, व्यवसायको परिमाण, राजस्वको परिमाण र तिनको आकार आदिबारे जानकारीको अभाव छ । स्टार्टअपहरूको औपचारिकीकरणले उनीहरूको विकास र सम्भावनाबारे पनि जानकारी प्रदान गर्नेछ ।

## पूर्वाधारमा लगानी

सरकारले इन्क्युबेसन सेन्टर, इनोभेसन सेन्टर र फ्याब ल्याबको पूर्वाधारमा लगानी गर्नुपर्छ । यी संस्थाका लागि आत्मनिर्भर मोडेल अपनाउनुपर्छ । सरकारले विश्वविद्यालय, कर्पोरेट हाउस र एफएनसीसीआई जस्ता निजी संस्थासँग सहकार्य गरेर सहयोग प्रणाली निर्माण गर्न आवश्यक छ । सरकारले सफल इनोभेसन, इन्क्युबेटर र एक्सेलेरेटर प्रोग्रामका लागि ट्रिपल हेलिक्स (सरकार, विश्वविद्यालय र उद्योगको तीनखम्बे मोडल) मोडेल अनुसरण गर्न आवश्यक छ ।

## स्टार्टअप पोलिसी

सबभन्दा महत्त्वपूर्ण कुरा, सरकारले स्टार्टअप नीति पास गरेर स्टार्टअप इन्टरप्राइज लोन फन्डअन्तर्गत स्टार्टअपहरूलाई ऋण प्रदान गर्न आवश्यक छ । आर्टिफिसियल इन्टेलिजेन्स (एआई) तथा मेसिन लर्निङ (एमएल), अगमेन्टेड रियालिटी (एआर), क्वान्टम कम्प्युटिङ, ब्लकचेन टेक्नोलोजी, डिजिटल भुक्तानी, हरित व्यवसाय, आनुवंशिक भविष्यवाणी, क्लाउड कम्प्युटिङ जस्ता उदीयमान प्रविधिका साथ बदलिँदो स्टार्टअप परिदृश्यलाई सम्बोधन गर्न नीतिहरूको बारम्बार समीक्षा आवश्यक अपरिहार्य हुन्छ ।

## मेन्टरसिप र आफूले सिकेको सीप तथा अनुभव हस्तान्तरण

मेन्टरिङ एउटा जादुयी शब्द हो । तपाईं नेपालमै बस्नुहुन्छ भने आफ्नो र घरको काम गरेर मात्र सन्तुष्ट हुन नसक्नुहोला । तर आफ्नो अनुभवलाई कुनै पनि रूपमा, कुनै पनि क्षेत्रमा र कुनै पनि परिमाणमा हस्तान्तरण गर्न सकिन्छ । तपाईं जुनकुनै क्षेत्रमा हुनुहोस्, आफ्नो विशेषज्ञता प्रयोग गरेर समाजलाई गुन तिर्न सक्नुहुन्छ । समाजमा योगदान गर्नु भनेको आर्थिक योगदान मात्र होइन । सेवानिवृत्त सीईओ, सीओओ एवं कार्यकारीहरूको सञ्जाल बनाएर सहयोग गर्न सकिन्छ । विशेषज्ञहरूले रणनीतिक योजना, वित्त व्यवस्थापन, बजार व्यवस्थापन र विशिष्ट क्षेत्रहरूमा परामर्श दिन सक्छन् ।

## बीउ पुँजी

धेरैजसो स्टार्टअप थोरै र आफ्नै लगानी (बुटस्ट्र्यापिङ) बाट सुरु हुन्छन् । उनीहरूले आफ्ना आमाबाबु, साथीभाइबाट सापटी वा व्यक्तिगत बचतबाट पुँजी जुटाउँछन् । स्टार्टअपहरूलाई प्रारम्भिक चरणमा बीउ कोष अत्यावश्यक हुन्छ । यसर्थ वैकल्पिक वित्तीय स्रोतहरूबारे जानकारी दिने अभियान चलाइनुपर्छ ।

## सरकारद्वारा मान्यता

स्टार्टअपहरूको मनोबल बढाउन, स्टार्टअपहरूका लागि शीर्ष करदाता क्याटगोरी थप्न आवश्यक छ । साना तथा मझौला उद्योगका उत्कृष्ट करदाता र महिला सञ्चालित उत्कृष्ट करदाता कम्पनीका लागि पनि एउटा छुट्टै वर्ग आवश्यक छ ।

## मानसिकता

नेपाल छाड्ने दुईखालका मानिस छन्– एउटा वैदेशिक रोजगारीमा जाने (अधिकतर) ग्रामीण भेगका र कम सीप भएका युवा छन् । अर्को चाहिँ, सहरी वा अर्धसहरी क्षेत्रका विद्यार्थी वैदेशिक अध्ययनका लागि जाने गरेका छन् । श्रमिक आप्रवासीहरूको हकमा, उनीहरू सीप लिएर वा बिनासीप नेपाल नै फर्कन्छन् । यसैले नेपालले उनीहरूलाई कार्यक्षेत्रमा पुनः समायोजन गर्न आवश्यक हुन्छ । विद्यार्थीहरूको सन्दर्भमा, उनीहरू विदेशमै बस्न रूचाउँछन् । तर नेपालले उनीहरूलाई पनि ज्ञान र विशेषज्ञताका साथ स्वदेश फर्काउनु आवश्यक छ । सरकार र साझेदार संस्थासँग मिलेर निजी क्षेत्रले नेपालमै काम गर, नेपालकै लागि काम गर भन्ने वातावरण सिर्जना गर्नुपर्छ ।

## रोल मोडल

हामीले नेपाली स्टार्टअपलाई रोल मोडलका रूपमा लोकप्रिय बनाउन जरूरी छ । स्टार्टअपको सफलता र असफलताका कथा सबैले सुन्न आवश्यक छ । सामान्यतया, असफलताको कथालाई बदनामीका रूपमा हेर्ने गरिएको छ । समाजले व्यवसायमा असफल व्यक्तिलाई हेयका दृष्टिले हेर्छ । तर यसविपरीत व्यक्ति जति धेरै असफल हुन्छ, उसले त्यति नै धेरै सिक्छ । स्टार्टअप र असफलता सगसँगै जान्छन् भन्ने बुझ्नुपर्छ र यो तथ्यलाई स्विकार्नुपर्छ । हामीले असफलताको स्वामित्व लिन सिक्नुपर्छ अनि यसलाई स्टार्टअप चलाउने एउटा प्रक्रियाका रूपमा सामान्यीकरण गर्नुपर्छ ।

## स्टार्टअपमा महिला

चाहे कर्मचारीका रूपमा होस् वा रोजगारदाताका रूपमा, हाम्रो सांस्कृतिक प्रणालीमा महिलाहरूले दोहोरो भूमिका निर्वहन गर्नुपर्छ । पछिल्लो समय घरबाहिर महिलाको भूमिका बढेको छ । तर अफसोस, उनको घरभित्रको भूमिका भने उस्तै छ, घटेको छैन । उनले घरको कामधन्दा, केटाकेटी तथा वृद्धवृद्धाको हेरचाहका साथै कुनै पनि सामाजिक जमघटको भार उठाउनुपर्छ । त्यसैले घरमा उनको भूमिका उनको प्राथमिक जिम्मेवारीहरूमध्ये एक हो । स्टार्टअपले यो दोहोरो भूमिकालाई स्विकार्नु र महिलाका लागि सहज र समावेशी कार्यस्थल सिर्जना गर्नु आवश्यक छ ।

यी त केही सिफारिस हुन् । आर्थिक वृद्धिलाई बढावा दिने मजबुत स्टार्टअप इकोसिस्टम विकास गर्न अधिकभन्दा अधिक खेलाडीहरूलाई संलग्न गराउने सन्दर्भमा गर्नुपर्ने काम अरु पनि धेरै छन् । हामीले देशलाई बढीभन्दा बढी स्टार्टअपमैत्री बनाउनुपर्छ । स्टार्टअपहरू रोजगारी सिर्जना गरेर, नवप्रवर्तन र प्राविधिक उन्नतिको संस्कृतिलाई बढावा दिँदै नेपालको आर्थिक विकासको इन्जिन बन्न सक्छन् । विशेषगरी उदीयमान क्षेत्रका स्टार्टअपले अर्थव्यवस्थालाई विविधीकरण गर्न र मन्दीका लागि अधिक लचिलो (सबल) बनाउन मद्दत गर्न सक्छन् । बलियो स्टार्टअप इकोसिस्टमले प्रतिभाशाली युवालाई स्वदेशमै राख्न र लगानी आकर्षित गर्न सक्ने गरी नेपालको विश्वव्यापी प्रतिस्पर्धात्मक क्षमता बढाउन पनि मद्दत गर्न सक्छ ।

*माथेमा नेपाल उद्योग वाणिज्य महासंघअन्तर्गत स्टार्टअप एन्ड इनोभेसन फोरमका सभापति हुन् ।*


**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजस्व विभाग**

# प्रथम चौमासिक मू.अ.कर विवरण पेश गर्ने सम्बन्धी सूचना ।

मूल्य अभिवृद्धि करमा दर्ता भई वार्षिक १ करोडसम्मको मू.अ.कर लाग्ने कारोवार गर्ने करदाताहरुले मू.अ.कर विवरण बुझाउने अवधि चौमासिक गर्न सक्ने गरी मू.अ.कर नियमावली, २०५३ को २५ औं संशोधन, २०८० ले व्यवस्था गरे बमोजिम वार्षिक १ करोडसम्मको कारोवार भएका करदाताको कर विवरण पेश गर्ने अवधि चौमासिक कायम हुने गरी एकीकृत कर प्रणाली (ITS) मा व्यवस्था गरिसकिएको छ । अतः वार्षिक एक करोडसम्म कारोवार भएका मू.अ.करमा दर्ता भएका करदाताहरुले चालु आर्थिक वर्षको प्रथम चौमासिक (श्रावण, भाद्र, असोज र कार्तिक महिना) अवधिको मू.अ.कर विवरण र सो वमोजिमको मू.अ.कर २०८० मंसिर २५ गतेभित्र दाखिला गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# निजी क्षेत्र सरकारको शत्रु होइन

दिनरात काम गरेर, लागानी गरेर अनेक जोखिम मोलेर व्यवसाय गर्दै गरेको निजी क्षेत्रका उद्यमीहरूको जीवनस्तर, उनीहरूले चढ्ने गाडी, लगाउने सुट अनि देश-विदेश घुमेको देखेर त्यो सबै सम्पत्ति गलत कार्यबाट आर्जित हो भन्ने सोच कर्मचारीतन्त्रमा छ । नेपालमा हुने कुनै पनि व्यापारलाई सहजीकरण (जुन उसले गर्नैपर्ने हो) गरिदिएबापत आफ्नो भाग खोज्छ ।



दीपेन्द्र चौलागाईं

नेपाली अर्थतन्त्रको विकासका लागि नीतिगत रूपमै पहिलो चरणका सुधारका कार्यक्रम लागु गरेको तीन दशक बितिसक्दा पनि यहाँको आर्थिक विकासमा अपेक्षा गरेअनुसार प्रगति देख्न र अनुभूत गर्न सकिएको छैन । सन् १९९० को दशकको सुरूवाती चरणमा लिइएका कदमले दक्षिण एसियाली परिप्रेक्ष्यमा नेपाललाई सबैभन्दा लगानीमैत्री र क्षेत्रीय रूपमै प्रतिस्पर्धात्मक देशका रूपमा स्थापित गर्ने संकेत देखाएको थियो ।

औद्योगिक व्यवसाय ऐन र वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐनमार्फत लगानी भित्र्याउने प्रावधानका साथै सार्वजनिक संस्थाको निजीकरणद्वारा अनावश्यक खर्च कटौती नेपालका लागि टर्निङ प्वाइन्ट थियो । आर्थिक दृष्टिबाट हेर्ने हो भने यी कदमको परिणामस्वरूप नेपालको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदरलाई सन् १९९४ मा ८.४ प्रतिशतसम्म पुर्‍यायो । त्यसपछिका दशकमा आन्तरिक र बाह्य दुवै कारणले वृद्धि रोकिएको छ । यसरी हाम्रो वृद्धि रोकिनुमा मुख्य रूपमा दुई कारकबारे सबैले चर्चा गर्ने गरेका छन् । पहिलो, एक दशक लामो नेपालको आन्तरिक युद्ध र दोस्रो, संविधान निर्माण प्रक्रियामा लामो समय अल्झिनु ।

यी घटना आफ्नै सन्दर्भमा महत्वपूर्ण हुन् । तर कसैले लाज नमानी स्वीकार गर्नुपर्ने मुख्य कुरो चाहिँ विगत तीन दशकमा राज्य सञ्चालन गर्ने जुनसुकै पार्टी, नेता वा कर्मचारीतन्त्र कसैको पनि प्राथमिकतामा यो मुलुकको आर्थिक विकासका एजेन्डा पर्न सकेनन् । दुर्भाग्यवश हाल देखिएका प्रायः धेरै चुनौती हामीले बेला गर्नुपर्ने आर्थिक सुधारका कार्यक्रमलाई बिर्सिएका कारण नै देखिएका हुन् ।

लामो समयदेखि केन्द्रीकृत रूपमा चलिरहेको र राज्यसँग प्रत्यक्ष सम्बन्ध भएका कुलीन वर्गको नियन्त्रणमा रहेको आर्थिक अवसरलाई हरेक नेपालीको पहुँचमा पुर्‍याउन र देशकै आर्थिक दायरा वृद्धि गर्न कोसेढुंगा ठानेर सन् १९९० मा सुरू गरिएका नीतिगत सुधारका कार्यक्रम सन् २०१५ सम्म पनि पूर्ण लागु गर्न नसक्नुले देशमा सधैं नीतिगत अस्थिरता र अन्योल सृजना गरेको देख्न सकिन्छ । त्यसपछि भने सापेक्षिक हिसाबले स्थिरता हासिल गरे पनि सुधारका पहल कमै भेटिन्छ । अर्थात् कागजी दस्तावेजमा मात्रै सीमित पाइन्छ । यस्तो उदासीनताको असर अर्थतन्त्रको भयावह अवस्थाले देखाउँछ । विगत ६ वर्षको औसत आर्थिक वृद्धिदर ३ प्रतिशतभन्दा कम छ । उत्पादनमूलक क्षेत्रको हिस्सा ५ प्रतिशत हाराहारीमा छ । प्रत्यक्ष विदेशी लगानी (एफडीआई) वृद्धि सन्तोषजनक छैन । प्रत्येक वर्ष २० अर्ब रूपैयाँभन्दा कम एफडीआई भित्रिएको छ । त्यसमाथि हाम्रो श्रमशक्तिको झन्डै ८५ प्रतिशत अनौपचारिक रूपमा कार्यरत छन् ।

नेपालको नीतिगत सुधारका महत्त्वपूर्ण काम राज्य सञ्चालन गर्ने प्रमुख राजनीतिक पार्टीहरूको प्राथमिकतामा नपर्दा स्थायी सरकार भनेर चिनिएको कर्मचारीतन्त्रले आफ्ना स्वार्थपूर्ति गर्ने र तजबिजी अधिकार प्रयोग गर्ने मौकाका रूपमा यो समयलाई लिएको पाइन्छ । निजी क्षेत्रप्रतिको गलत बुझाइ अनि स्वार्थसमूहसँग मिलेर कमाउनकै लागि नीतिगत भ्रष्टाचारमा तल्लीन कर्मचारीतन्त्र नेपालको नीतिगत एउटा मुख्य बाधक हो । दिनरात काम गरेर, लागानी गरेर अनि अनेक जोखिम मोलेर व्यवसाय गर्दै गरेको निजी क्षेत्रका उद्यमीहरूको जीवनस्तर, उनीहरूले चढ्ने गाडी, लगाउने सुट अनि देश-विदेश घुमेको देखेर त्यो सबै सम्पत्ति गलत कार्यबाट आर्जित हो भन्ने सोच कर्मचारीतन्त्रमा छ । नेपालमा हुने कुनै पनि व्यापारलाई सहजीकरण (जुन उसले गर्नैपर्ने हो) गरिदिएबापत आफ्नो भाग खोज्छ ।

यस्ता गलत प्रवृत्तिबाट आजित भएर वा गलत मनसायले प्रेरित हुँदै आफ्नो व्यापारको एकाधिकार र अनैतिक विशेष सुविधा लिन निजी क्षेत्रले पनि कर्मचारीतन्त्रलाई प्रलोभनमा नपारेको होइन । नीतिगत सुधारमा समग्र बजारको विषय केन्द्रमा हुनुपर्नेमा निजी क्षेत्रले कर्मचारीसँगको मिलेमतोमा आफ्नो व्यापारको मात्र रक्षा गर्न वा विशेष सुविधा लिन केही तलमाथि गरेको पक्कै होला । जब देशको राजनीति अस्थिर हुन्छ, देशमा नीतिगत भ्रष्टाचार बढ्छ । अनौपचारिक लेनदेन पनि बढ्छ । नीति स्पष्ट नहुने, सीमित व्यक्तिले मात्र अवसरको उपभोग गर्न पाउने कारणले नै अर्थतन्त्र केही सीमित परिवारको हातमा पुग्ने गरेका उदाहरण धेरै छन् । नेपालमा स्वादेशी लगानी होस् वा विदेशी, सजिलै नआउनुमा नेपाली कर्मचारीतन्त्र, राजनीतिक नेता अनि यहाँका निजी क्षेत्रका नेताको गैरजिम्मेवारीपन कारण देखिन्छ ।

कागजी रूपमा नेपालमा लगानीको वातावरण नियन्त्रण गर्ने चार वटा मात्र कानुन छन् । तथापि यी कानुनको धेरै खण्डमा तजबिजीको अधिकार दिने प्रावधान प्रशस्त छन् । विगत केही वर्षमा बेअर्थी र दोहोरो अर्थ लाग्ने कानुन संशोधन गर्नुको साटो हामीले व्यावसायिक वातावरणलाई कठोर नियमन गर्ने नीति अँगालेका छौं । हालै राष्ट्रियसभाबाट पारित विद्युतीय व्यापार विधयेक यही प्रवृत्तिको उदाहरण हो ।

दोस्रो, यथास्थितिको संरक्षणको पक्षमा हुने नीति निर्माणमा स्वार्थ समूहहरूको प्रभाव उल्लेख्य बढेको छ । स्वदेशमै उत्पादन गरौं र स्वदेशी मालसामानलाई नै प्रोत्साहन गरौं भन्ने भाष्यले नेपालको निजी क्षेत्रमा रहेको प्रतिस्पर्धी वातावरणलाई समेत कार्टेलिङ्तर्फ धकेल्ने खतरालाई हल्का रूपमा हेर्न मिल्दैन । लगानीलाई निश्चित संरचनात्मक विषय चाहिन्छ । यसमा सडक जडान, दक्ष श्रम र समर्पित ऊर्जा जस्ता विषय पर्छन् । तीमध्ये हामीसँग एउटा मात्र छ, अर्थात् समर्पित ऊर्जा । हामीले सुधारको थालनी गरेको दशकौं बित्दा सडक सञ्जाल जति बढ्नुपर्ने थियो, त्यति बढेको छैन । श्रम सेवा क्षेत्रमा केन्द्रित भएर बसेको छ र उत्पादन क्षेत्रलाई चाहिने सीपमूलक श्रमको अभाव हामीले पूरा गर्न चुकेका छौं ।

नेपाल विरोधाभासपूर्ण देश हो । विगत एक दशकमा उल्लेख्य वृद्धि हासिल गर्न नसके पनि गरिबी घटाउन हामी सफल भएका छौं । तर यो कुनै सरकारी नीतिबाट आएको होइन, रेमिट्यान्सबाट हो । गरिबी न्यूनीकरणका सम्बन्धमा हाम्रा लक्ष्य प्राप्त गर्ने बाटोमा भए तापनि प्रतिस्पर्धात्मक व्यापारिक वातावरण र आम्दानी एवं जीवनस्तर बढाउने सन्दर्भमा हामी जुनसुकै सूचकको तल्लो भागमा छौं । नेपालले अबको दशकमा उल्लेखनीय सुधार नगरे आर्थिक रूपमा समृद्धि हासिल गर्न सकिँदैन । जतिसुकै समिति बनाएर बहुवर्षीय योजना तर्जुमा गरे पनि बाधक देखिने यी समस्यामा ध्यान नदिँदा निर्धारित लक्ष्य हासिल गर्न सकिँदैन । ९० को दशकमा सबै कुरा र सबै पहल ठीक थिए भन्ने पनि होइन । तर निश्चय पनि त्यो समयका सिकाइलाई हेरेर अगाडि बढ्न सकिन्छ । यस सन्दर्भमा केही कदम ढिलाइबिना चल्नुपर्छ ।

पहिलो, नेपालले आफ्नै पहलहरू जहाँबाट रोक्यो, त्यहाँबाट नै सुरू गर्नुपर्छ । नीतिगत रूपमा हामीले निजीकरणलाई अँगाले तापनि नयाँ सहस्राब्दीको सुरवातपछि यो एजेन्डालाई हामीले प्राथमिकतामा राखेनौं । आर्थिक वर्ष २०२१/२२ सम्म सार्वजनिक संस्थामा सरकारी लगानी १६९ प्रतिशतले बढेर ६ खर्ब १८ अर्ब १६ करोड पुगेको छ । ऋण, अनुदान र व्यापक लगानीका रूपमा पर्याप्त सरकारी समर्थन हुँदाहुँदै पनि सार्वजनिक संस्थाको वित्तीय अवस्था राम्रो छैन । विगत पाँच वर्षमा घाटामा रहेका सार्वजनिक संस्थानको सञ्चित नोक्सान ६३६१.५ प्रतिशतले वृद्धि भई आर्थिक वर्ष २०२१/२२ मा ४१ अर्ब ४८ करोड रूपैयाँ पुगेको छ । नाफामा रहेका सरकारी कम्पनीहरूको नाफा २.४ प्रतिशतले घटेको छ । यसबाहेक आर्थिक वर्ष २०२१/२०२२ मा कुल गार्हस्थ्य उत्पादनको करिब ३ प्रतिशत हुन आउने रकम बराबरको ऋण निकासा सार्वजनिक संस्थाहरूमा गरिएको छ ।

करदातालाई ठूलो भर पुऱ्याएको यो क्षेत्रलाई वैकल्पिक रूपले हेर्न जरूरी छ । सरकारले व्यवसाय गर्ने होइन, न उसले व्यवसाय गर्न सक्ने क्षमता नै राख्छ ।

दोस्रो, भौतिक पूर्वाधारको उपलब्धता लगानी र व्यवसायलाई आकर्षित गर्न आवश्यक सर्तमध्ये एक हो । ग्लोबल कोम्पेटिटिभ्नेस इन्डेस्कको उपसूचक पूर्वाधारमा नेपाल १४१ देशमध्ये ११२औं स्थानमा छ । पूर्वाधारमा वित्तीय अभावबाहेक, सार्वजनिक निर्माणको खरिदमा नवीनताको अभाव पूर्वाधार आयोजनाहरूको निर्माणमा ढिलाइ हुनुको प्रमुख कारण हो ।

संसारभरि नै सार्वजनिक खरिदलाई भ्याल्यू फर मनी जस्ता सूचकले मूल्यांकन गरिरहँदा हामीले अझै न्यूनतम रकमलाई आधार मान्ने गरेका छौं । काम गर्नमा ढिलाइ हुने, काम समयमा समाप्त भए पनि राम्रो गुणस्तरको नहुने जस्ता समस्या हामीले अँगालेको नीतिका कारण पनि हो । यसका अतिरिक्त संघीय शासन प्रणाली अँगाले तापनि दुवै तहको सरकारलाई खरिद प्रणालीमा नवीनताको प्रयोग गर्नबाट बन्देजसमेत लगाइएको छ । यस पृष्ठभूमिमा हामीले खरिद क्षेत्रमा दुई वटा ठूला सुधार गर्न सक्छौं । पहिलो, संघीय सरकारले सार्वजनिक खरिद विधिमा नयाँ मूल्यांकन विधिहरूको प्रयोग र दोस्रो संघीय मर्मबमोजिम स्थानीय र प्रदेश स्तरको सरकारलाई आफ्नो हिसाबले खरिद प्रक्रिया अगाडि बढाउने वातावरण सिर्जना ।

तेस्रो, अनौपचारिक क्षेत्रलाई औपचारिकताको दायरामा कसरी ल्याउने भन्नेमा ध्यान दिन जरूरी देखिन्छ । केन्द्रीय तथ्यांक विभाग (सीबीएस) द्वारा प्रकाशित अनौपचारिक क्षेत्रसम्बन्धी प्रतिवेदनअनुसार नेपालमा प्रतिष्ठानहरूको संख्याका आधारमा कुल व्यवसायको ५० प्रतिशतभन्दा बढी अनौपचारिक उद्यले ओगटेको छ । तर यस क्षेत्रको विकासको सम्भावनालाई आत्मसात् गर्न सक्ने गरी र सहजीकरण गर्न कुनै ठूला कदम चालिएका छैनन् । यसको सट्टा, हामीले अनौपचारिक क्षेत्रको ठूलो भाग समावेश गर्ने सडक विक्रेताहरूलाई हप्काएका छौं, जब कि एकै समयमा पाकिस्तान, ब्राजिल र मेक्सिकोको जस्ता देशले अनौपचारिक उद्यमलाई सुविधा दिन प्रमुख कदम चालेका छन् ।

ब्राजिल र मेक्सिकोले अनौपचारिक व्यवसायलाई लक्ष्य गरी विशेष कार्यक्रम ल्याएका थिए । पाकिस्तानमा समेत यस्ता कदम चालिएका छन् । यी सबै देशमा नियामक निकायको प्रक्रियालाई कटौती गरी अनौपचारिक क्षेत्रलाई औपचारिक क्षेत्रमा ल्याउन सम्भव भयो । जति बढी नियमन र नियमनकारी निकाय हुन्छन्, त्यति नै बढी अनौपचारिक क्षेत्रको वृद्धि हुन्छ भन्ने बुझ्न जरूरी छ । नेपालले नियमन गर्ने मनसायले गर्दा अनौपचारिक क्षेत्रबाट हुने कर अपेक्षाकृत रूपमा आउन सकेको छैन ।

अन्त्यमा नीति निर्माण प्रक्रियालाई पारदर्शी र सहभागितामूलक बनाउनुपर्ने देखिन्छ । यस विषयमा केही कदम चालिएको छ । विशेषगरी, राष्ट्रियसभामा दर्ता भएको विधेयकले नीति निर्माण प्रक्रियालाई थप सहभागितामूलक बनाउन आह्वान गरेको छ । नीति निर्माण पारदर्शी मात्रै भएर पनि हुँदैन, यसले कर्मचारीतन्त्रलाई प्रदान गरिने विभेधकारी अधिकारलाई कसरी सीमित गर्ने र भएका कानुनसँग कसरी तादात्म्य मिलाउने भन्नेमा समेत ध्यान दिनुपर्छ ।


*– चौलागाईं समृद्धि फाउन्डेसनका निर्देशक हुन् ।*

देशैभरी पाइने, सुरक्षित नि भइने

टोल फ्रि हेल्पलाइन:
०१-४१०३४५६/४१०३४५७

# EVEREST GAS SANSAR

# नेपालकै सबै भन्दा ठूलो ग्याँस उद्योग समुह




एउटै छातामुनि ७ विभिन्न ब्राण्डहरू

देशैभरी ३ हजार भन्दा बढी डिलरहरूको संजाल भएको

नेपाल गुणस्तर चिन्ह प्राप्त

अत्याधुनिक प्रविधिबाट सुरक्षित रूपमा रिफिलिङ्ग गरिने

एक करोडसम्मको दुर्घटना बिमा भएको



हाम्रो विभिन्न ब्रान्डका ७ वटा ग्याँसहरू:

एभरेष्ट ग्याँस | सुगम ग्याँस | सैपाल ग्याँस | त्रिशुल ग्याँस | साहारा ग्याँस | प्रिमा ग्याँस | कामख्या ग्याँस

EVEREST GAS SANSAR

कालाम्रा कम्पलेक्स, धोबीघाट, ललितपुर, नेपाल
फोन नं: + ९७७१५५४२९३४
इमेल: info@everestgas.com.np
www.everestgas.com.np

A subsidiary of:
SG GROUP

# कर्जा प्राथमिकताको पुनर्संरचना अपरिहार्य

विकास प्याकेजको रणनीति बनाउन नसक्दा नेपालमा निर्देशित कर्जा कार्यक्रमले अपेक्षित लाभ दिन सकेन । ऊर्जा क्षेत्रबाहेक नेपालले निर्देशित कर्जा कार्यक्रमबाट अपेक्षित लाभ लिएको देखिादैन । नेपालको निर्देशित कर्जा कार्यक्रममा थुप्रै समस्या देखिएका छन् । पहिलो समस्या डिजाइन र प्रतिबद्धताको हो । दोस्रो, वित्तीय पहुाचको प्रयोग हो । बैंक कर्जाले मात्र क्षेत्रगत विकास हुन सक्दैन ।



नरबहादुर थापा

दोस्रो विश्वयुद्धपछि केनेसियन अर्थशास्त्र सिद्धान्तको प्रभावस्वरूप अभ्यासमा ल्याएको बैंक कर्जा प्राथमिकीकरणको नीति कतिपय मुलुकमा सफल भएको छ । कतिपय मुलुकमा भने उपलब्धिमूलक हुन सकेको छैन । दोस्रो विश्वयुद्ध विजेता राष्ट्रहरूले अन्तर्राष्ट्रिय नयाँ मौद्रिक व्यवस्था निर्माण गरी लागु गरे । अन्तर्राष्ट्रिय नयाँ मौद्रिक व्यवस्थाको केन्द्रबिन्दुमा स्थिर विनिमय दर प्रणाली रह्यो, जसको कार्यान्वयन गर्न अन्तर ाष्ट्रिय मुद्राकोष र विश्व बैंक स्थापना गरिएका थिए । अन्तर्राष्ट्रिय पुँजी मोबिलिटीले कतिपय मुलुकमा त्यति प्रश्रय पाइरहेको थिएन ।

राष्ट्रिय पुँजी परिचालनलाई कतिपय मुलुकले केन्द्रबिन्दुमा राखेका थिए । केनेसियन सिद्धान्तको प्रभावस्वरूप धेरैभन्दा धेरै मुलुकले मिश्रित अर्थतन्त्र अंगीकार गर्दै आए मिश्रित अर्थतन्त्रको सिद्धान्तलाई आत्मसात् गर्दै कतिपय विकसित तथा विकासशील मुलुकले आर्थिक–सामाजिक तथा राजनीतिक उद्देश्य प्राप्तिका लागि अर्थतन्त्रका विविध क्षेत्रमा नीतिगत हस्तक्षेप गर्न थाले । यही क्रममा मुलुकमा उत्पादनशील अर्थतन्त्रको आधारशिला निर्माण, निर्यात प्रवर्द्धन, उद्यमशीलताको विकास, वित्तीय पहुँच अभिवृद्धि र रोजगारीका अवसर सिर्जना गर्ने उद्देश्य राखी तय गरिएका राष्ट्रिय प्राथमिकताप्राप्त क्षेत्रमा बैंक तथा वित्तीय संस्थाले अनिवार्य रूपमा एक निश्चित प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने नीतिगत अभ्यासमा कतिपय मुलुक लागे ।

बैंकिङ सेवाको परिधिबाट बाहिर रहेका क्षेत्रको बैंक कर्जामा पहुँच बढाउने उद्देश्य राखी नेपालले २०३१ देखि कर्जा प्राथमिकीकरणको नीति अवलम्बन गर्न थालेको हो । कर्जा प्राथमिकीकरणमा राज्यको नीतिका सफलता तथा असफलताका कथाव्यथा छन् । विश्व आर्थिक चिन्तनमा हुने परिवर्तन तथा विश्व आर्थिक एवम् वित्तीय संकटको प्रभाव नेपालको आर्थिक तथा वित्तीय नीतिमा पर्ने गरेको पृष्ठभूमिमा २०३१ देखि सुरू गरिएको निर्देशित कर्जा कार्यक्रम आर्थिक वर्ष २०५९/६० देखि निष्कासित कर्जाको अनुपात क्रमशः घटाउँदै लगी आर्थिक वर्ष २०६५/६६ देखि अनिवार्य नहुने व्यवस्था लागु गरियो । आर्थिक वर्ष २०६९/७० देखि भने उत्पादनशील क्षेत्रमा औसत कर्जा लगानीको २० प्रतिशत पु¥याउने कार्ययोजना बैंकहरूलाई पेस गर्न लगाई पुनः उक्त कार्यक्रमको पुनः थालनी गरियो ।

आर्थिक वर्ष २०७०/७१ को मौद्रिक नीतिमा २०७२ असार मसान्तसम्ममा कृषि र ऊर्जा क्षेत्रमा कम्तीमा १२ प्रतिशत कर्जा प्रवाह बैंकहरूले गर्नुपर्ने व्यवस्था गरियो । निर्देशित कर्जा कार्यक्रमको दायरा तथा अनुपात क्रमशः बढाउँदै २०८४ असार मसान्तभित्र अनिवार्य रूपमा उठाउँन बाँकी बैंक कर्जाको कम्तीमा ४० प्रतिशत पु¥याउनुपर्ने व्यवस्था गरिएको छ । भारतमा जस्तो नेपालमा कर्जा प्राथमिकता नीतिमा निरन्तरता देखिँदैन । जलवायु परिवर्तन संयुक्त राष्ट्रसंघको तत्त्वावधानमा फेरबदल गरिने विश्व विकास एजेन्डा विश्व मूल्यशृंखलासँग स्वदेशी अर्थतन्त्रलाई जोड्नुपर्ने विकास आवश्यकता र सूचना तथा प्रविधिको क्षेत्रमा भएको ठूलो क्रान्तिको पृष्ठभूमिमा कर्जा प्राथमिकीकरण सोच तथा दायरामा फेरि पुनर्संरचना गर्न पनि आवश्यक छ ।

## कर्जा प्राथमिकताको अवस्था

कृषि, लघु, साना तथा मझौला व्यवसाय, निर्यात शिक्षा,ा आवास, सामाजिक पूर्वाधार, नवीकरणीय ऊर्जा र प्रविधिलाई कर्जा प्रवाह गर्दा प्राथमिकता दिनुपर्ने विश्व अभ्यास देखिन्छ । संयुक्त राज्य अमेरिकाले साना व्यवसाय शिक्षा तथा विद्यार्थीलाई कर्जा प्राथमिकतामा राखेको देखिन्छ । जापान र दक्षिणी कोरियाले कुनै समय कृषि निर्यात र औद्योगिक क्षेत्रलाई कर्जा प्राथमिकतामा राखेर प्रगति गरेको देखिन्छ ।

चीनले पनि निर्यात तथा औद्योगिक क्षेत्रलाई कर्जा प्राथमिकतामा राख्दा औद्योगिकीकरणमा ठूलो उपलब्धि हासिल गरेको देखिन्छ । त्यसैगरी थाइल्यान्ड, मलेसिया फिलिपिन्स, इन्डोनेसिया तथा भियतनामले कृषि साना व्यवसाय निर्यात तथा प्रविधिको क्षेत्रलाई कर्जा प्राथमिकतामा राखेर राम्रै उपलब्धि गरेको देखिन्छ । कतिपय मुलुकले उद्देश्य प्राप्तिपछि कर्जा प्राथमिकताको नीतिबाट बहिर्गमन लिएको र बैंकहरूलाई आफ्नो लोन पोर्टफोलियो निर्धारणमा स्वतन्त्रता दिएको देखिन्छ । भारतले भने कर्जा प्राथमिकताको नीतिलाई निरन्तरता दिएको र उपलब्धिपूर्ण बनाएको देखिन्छ ।

नेपालले २०३१ सालमा बैंकहरूलाई आफ्नो निक्षेपको ५ प्रतिशत कृषि, साना उद्योग तथा सेवा व्यवसाय जस्ता साना क्षेत्रमा सुपरिवेक्षण कर्जाका रूपमा निर्देशित कर्जा कार्यक्रम सुरू गरेको हो । २०३३ सालमा औद्योगिक सेवा व्यवसाय तथा सम्पूर्ण कृषि क्षेत्रलाई प्राथमिक क्षेत्र नामकरण गरी कुल निक्षेप ७ प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने गरिएको थियो । २०३८ कात्तिक १ देखि नेपालले क्षेत्र विकास पद्धतिमा आधारित रही सघन बैंकिङका रूपमा नेपालले निर्देशित कर्जा कार्यक्रमलाई अगाडि बढाएको देखिन्छ ।

आर्थिक वर्ष २०४१/४२ मा कुल कर्जाको २५ प्रतिशत उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्नुपर्ने व्यवस्थालाई २०४७ मा सो अनुपात ४० प्रतिशत पुऱ्याउनुपर्ने र त्यसमध्ये १२ प्रतिशत प्राथमिकताप्राप्त क्षेत्रमा रूपमा अनिवार्य लगानी गर्नुपर्ने व्यवस्था गरिएको थियो । निर्देशित कर्जा कार्यक्रमलाई सफल बनाउन कर्जा सुरक्षणको व्यवस्था र कृषि आयोजना सेवा केन्द्र स्थापना गरिएको थियो । वित्तीय सुधार कार्यक्रम अवलम्बन गरेको पृष्ठभूमिमा प्राथमिकता क्षेत्र कर्जा अनुपात क्रमशः घटाउँदै लगी आर्थिक वर्ष २०६३/६४ देखि अनिवार्य नीति २०५९ मा लगिएको थियो ।

**नेपालले जनसांख्यिकीय लाभ लिने एउटा उपाय लघु साना तथा मझौला उद्यम अर्थात् उद्यमशीलताको विकाससाग बैंक कर्जा प्राथमिकता नीतिलाई निरन्तरता आवश्यक छ । कर्जा प्राथमिकताको पुनःसंरचना अर्थात् औजार परिवर्तन गर्न आवश्यकता देखिन्छ । भारतमा जस्ता उद्यमशीलता विकासका लागि वैदेशिक सहयोगसमेत जोड्ने गरेर विकास कोषहरु स्थापना गरिनुपर्छ ।**

सन् २००८ को विश्व वित्तीय संकट र घरघडेरी (रियल इस्टेट) सेयर बजार तथा व्यापारमा अत्यधिक कर्जा विस्तार भई वित्तीय क्षेत्र संकटोन्मुख रहेको पृष्ठभूमिमा आर्थिक वर्ष २०६९/७० देखि नेपाल राष्ट्र बैंकले बैंकहरूलाई उत्पादनशील क्षेत्र र खासगरी कृषि, ऊर्जा पर्यटन घरेलु तथा साना उद्योगतर्फ औसत कर्जा लगानीको २० प्रतिशत पुऱ्याउने गरी कार्ययोजना पेस गर्न लगाई निर्देशित कर्जा कार्यक्रम पुनः थालनी गऱ्यो । उत्पादनशील क्षेत्रमध्ये कृषि र ऊर्जा क्षेत्रमा कम्तीमा १२ प्रतिशत २०७२ असारभित्र कर्जा प्रवाह गरिसक्नुपर्ने व्यवस्था परिमार्जन गरी २०८४ असार मसान्तभित्र कृषिमा न्यूनतम १५ प्रतिशत, ऊर्जामा १० प्रतिशत र साना तथा मझौला उद्यम व्यवसायतर्फ १५ प्रतिशत गरी कुल ४० प्रतिशत प्राथमिकताप्राप्त क्षेत्रमा कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरेको छ ।

वाणिज्य बैंकहरूको बढाउन बाँकी कुल कर्जामध्ये कृषि ऊर्जा र लघु घरेलु साना तथा मझौला उद्यमका श्वेतमार्फत २ ९.८ प्रतिशत कर्जा प्रवाह भएको आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिमा उल्लेख छ । नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशित कर्जा कार्यक्रममध्ये पुँजी निर्माणका हिसाबले उपलब्धि हासिल गरेको क्षेत्र ऊर्जा छ । बैंक तथा वित्तीय संस्थाहरूबाट २०८० साउन मसान्तसम्म ऊर्जातर्फ ३ सय ७ अर्ब कर्जा प्रवाह भएको देखिन्छ, जुन कुल कर्जाको ६.३ प्रतिशत हुन आउँछ । यो प्रावधानका समेत कारण जलविद्युत्मा निजीक्षेत्रको पुँजी निर्माण मात्र बढेको छैन, चार महिनामा नेपाल विद्युत् उत्पादनमा आत्मनिर्भर भई भारततर्फ निकासी गर्न थालेको छ, बाँकी आठ महिनामा समेत बिजुलीमा आत्मनिर्भर हुने गरी क्षेत्रतर्फ बैंक तथा वित्तीय क्षेत्रको स्रोत परिचालन गर्नुपर्ने देखिन्छ ।

निर्देशित कर्जा कार्यक्रमका कारणले कृषिक्षेत्रतर्फ बैंक तथा वित्तीय संस्थाहरूको उठाउन बाँकी कर्जाको १३.१ प्रतिशत कर्जा प्रवाह भएको देखिन्छ । तर कृषितर्फ प्रवाह भएको कर्जाबाट कृषिमा ठूलो उपलब्धि देखिँदैन । कृषि उत्पादन, उत्पादकत्व, निर्यात तथा रोजगारीमा सुधार भएको फिटिक्कै देखिँदैन । मुलुकको व्यापार घाटामा उल्लेख्य सुधार आएको देखिँदैन । प्रत्येक वर्ष कृषि आयात बढेको बढ्यै छ ।

बैंक तथा वित्तीय संस्थाबाट लघु, घरेलु साना तथा मझौला उद्यमका क्षेत्रतर्फ ९.९ प्रतिशत कर्जा प्रवाह भएको देखिन्छ । तर मुलुकमा उद्यमशीलताको विकास भएको देखिँदैन । मुलुकमा स्वरोजगार तथा रोजगारीको अवसर नपाएर युवाहरूको वैदेशिक पलायनमा कुनै कमी आएको छैन ।

## समस्या

ऊर्जा क्षेत्रबाहेक नेपालले निर्देशित कर्जा कार्यक्रमबाट अपेक्षित लाभ लिएको देखिँदैन । नेपालको निर्देशित कर्जा कार्यक्रममा थुप्रै समस्या देखिएका छन् । पहिलो समस्या डिजाइन र प्रतिबद्धताको हो । बैंक कर्जाले मात्र क्षेत्रगत विकास हुन सक्दैन । विकास प्याकेजको आवश्यकता हुन्छ ।

बैंक कर्जा एउटा सहायक हो उत्पादनको पूर्णतया आगत होइन । विकास प्याकेजको रणनीति बनाउन नसक्दा नेपालमा निर्देशित कर्जा कार्यक्रमले अपेक्षित लाभ दिन सकेको छैन । निर्देशित कर्जा कार्यक्रममा संलग्न सरोकारप्रति यो कार्यक्रम प्रतिबद्ध देखिँदैन । दोस्रो समस्या वित्तीय पहुँचको प्रयोग हो ।

निर्देशित कर्जा कार्यक्रमका कारण पुगेको वित्तीय पहुँच अपेक्षित क्षेत्रमा लगानी नगरी घरघडेरी जस्ता अनुत्पादक क्षेत्रमा लगानी गर्ने प्रवृत्तिका कारण उपलब्धिपूर्व हुन सकेन ।

नेपालले बैंक कर्जा प्राथमिकताका थुप्रै उपाय अवलम्बन गरेको देखिन्छ । तर ती उपायको निरन्तरता र सही किसिमले अनुगमन नभएकाले पनि प्रभावकारिता नदेखिएको हो । निर्देशित कर्जा कार्यक्रमका अतिरिक्त नेपाल सरकारले ११ ओटा कर्जा शीर्षकका लागि सहुलियतपूर्ण कर्जाको व्यवस्था गरेको छ । सरकारले ५ प्रतिशत ब्याज अनुदानको व्यवस्था गरेको कर्जा कायक्रमको व्यापक दुरूपयोग भएको गुनासो आएपछि अहिले लगभग स्थगनमा परेको छ ।

नेपाल राष्ट्र बैंकले विपन्न वर्ग कर्जा कार्यक्रम पनि लागु गरेको छ । यो कार्यक्रमका लागि ब्याज अनुदानको व्यवस्था छैन । तर कर्जा सुरक्षण व्यवस्था गरेको छ । कर्जा सुरक्षणको ८० प्रतिशत अनुदान दिने व्यवस्था व्यवस्था गरेको छ । त्यसका अतिरिक्त नेपाल सरकारले पशु कर्जा, लघुवित्त कर्जा, साना तथा मझौला उद्यमी कर्जा र कृषि कर्जा सुरक्षण व्यवस्था गरेको छ । कर्जा कोटा ब्याज अनुदान र कर्जा सुरक्षण जस्ता कर्जा प्राथमिकताका औजार प्रयोग गर्दा पनि अपेक्षित मात्रामा उत्पादनशील तथा रोजगारी सिर्जना गर्ने क्षेत्रमा बैंक कर्जा प्रवाह नहुनु र भएको कर्जाको पनि दुरुपयोग हुनु चिन्ताको विषय हो ।

एकातिर निर्देशित कर्जा कार्यक्रमअनुसार प्रवाह भएको कर्जाको दुरूपयोग भइरहेको छ भने अर्कोतिर निक्षेप तथा कर्जा सुरक्षण कोषमा सुरक्षणका लागि आवश्यक पुँजी नभएकै कारण खासगरी निजी क्षेत्रका बैंक तोकिएका प्राथमिकताका क्षेत्रमा लगानी गर्न इच्छुक देखिँदैनन् । निक्षेप तथा सुरक्षा कोषको दुवै प्रयोजनका लागि चुक्ता पुँजी जम्मा १० अर्ब मात्र रहेकाले कर्जा सुरक्षण कार्यक्रम प्रभावकारी हुन नसकेको हो ।

कतिपय मुलुकले कर्जा प्राथमिकताका लागि कर्जा कार्यक्रम जस्ता औजारका अतिरिक्त संस्था तथा कोष खडा गरेको छ । नेपालमा सुरूवाती चरणमा कर्जा प्राथमिकताको संस्थागत व्यवस्थाका लागि डेडिकेटेड संस्थाका रूपमा कृषि विकास बैंक र नेपाल औद्योगिक विकास निगम खडा गरिएका थिए । नेपाल औद्योगिक विकास निगमले नेपालको औद्योगिक र पर्यटन क्षेत्रको विकासका लागि सुरूवाती चरणमा महत्त्वपूर्ण भूमिका खेलेको थियो । हाल औद्योगिक विकास निगम अस्तित्वमा छैन ।

कृषि विकास बैंक वाणिज्य बैंकमा रुपान्तरण भइसकेको छ । लघुवित्तको प्रवर्द्धनका लागि स्थापित ग्रामीण स्वावलम्बन कोष हाल गुमनाम छ । अमेरिका, भारतलगायत थुप्रै देशमा कर्जा प्राथमिकताका लागि वित्तीय औजार कार्यक्रम वा अतिरिक्त थुप्रै वित्तीय संस्था तथा कोषहरू खडा गरिएका कारण कृषि, नवीकरणीय ऊर्जा, निर्यात साना तथा मझौला उद्योग व्यवसाय शिक्षा तथा प्रविधि जस्ता राष्ट्रिय प्राथमिकताप्राप्त क्षेत्रको विकास सम्भव भएको छ ।

कर्जा प्राथमिकताका कारण बैंकहरूको लागत तथा खराब कर्जा बढ्ने र कर्जाको पोट्रफोलियो निर्धारणमा बैंकहरूलाई स्वतन्त्रता नदिँदा वित्तीय स्रोत बाँडफाँट फलदायी नहुनेतर्फ अन्तर्राष्ट्रिय मुद्रा कोष जस्ता निकायको धारणा छ । तर नेपालमा निर्देशित कर्जा कार्यक्रमका कारण बैंकहरूको खराब कर्जा अनुपात बढेको देखिँदैन । यसको विपरीत ठूला ऋणीहरूका कारण नेपालमा कर्जा नोक्सानी तथा खराब निष्क्रिय कर्जा अनुपात बढेको देखिन्छ ।

सन् १९९० को दशकयता अर्थनीतिमा नवउदारवाद नीति हाबी हुँदै आएको छ । अनुशासित वित्त नीति, खुलापन, पुँजी बजारको उदारीकरण र प्रतिस्पर्धाका आधारमा निर्धारित ब्याजदर धनात्मक हुनुपर्ने अवस्था वित्तीय स्रोतको कुशल बाँडफाँट र डिरेगुलेसन हुन् । नवउदारवादलाई वासिङटन कन्सेन्स पनि भनिन्छ । साधारण अवस्थामा नवउदारवादसँग बाझिने खालको कर्जा प्राथमिकता जस्ता निर्देशित कर्जा कार्यक्रम यथावत् जोगाइराख्न नेपाल जस्ता देशलाई चुनौती रहने गरेको छ । खुला अर्थतन्त्र बैंक तथा वित्तीय संस्थामा वैदेशिक लगानी तथा पुँजीबजारको उदारीकरणबाट लाभ लिने हो भने हालको निर्देशित कर्जा कार्यक्रमलाई पुनःसंरचना गर्नुपर्ने चुनौती देखिन्छ ।



## कर्जा प्राथमिकताको पुनर्संरचना

नवउदारवाद अर्थनीति अवलम्बन गरेका थुप्रै विकसित तथा विकासशील मुलुकले कर्जा प्राथमिकताको नीति अख्तियार गरेको माथि चर्चा भइरहेको छ । वित्तीय क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रसँग जोड्न र अर्थतन्त्रको रूपान्तरण गर्न बैंक कर्जा प्राथमिकताको आवश्यकता नेपाल जस्तो अर्थतन्त्रलाई बढी देखिन्छ ।

विभिन्न अध्ययनले कर्जा प्राथमिकताका केही क्षेत्रमा राम्रो प्रभाव पर्न सक्ने देखाएका छन् । उदाहरणका लागि १ प्रतिशत बैंक कर्जा बढ्दा लघु, साना तथा मझौला उद्यम व्यवसायको कुल गार्हस्थ्य उत्पादनमा योगदान १.११ प्रतिशतले बढ्ने अध्ययनले देखाएको छ । कृषिमा भने १ प्रतिशतले बैंक कर्जा बढ्दा कृषिको कुल गार्हस्थ्य उत्पादनमा योगदान ०.६१ प्रतिशतले बढ्ने अध्ययनले देखाउँछ । संयुक्त राज्य अमेरिका, जापान, दक्षिण कोरिया, इन्डोनेसिया, थाइल्यान्ड, मलेसिया फिलिपिन्स र भारतको अनुभवलाई पनि नेपालले आत्मसात् गर्नुपर्छ । कतिपय मुलुकले उद्देश्य प्राप्तिपछि कर्जा प्राथमिकताको नीतिबाट बहिर्गमन लिएको र परिमार्जन गरेको माथि उल्लेख भइसकेको छ ।

दातृ निकायको सहयोगमा नेपालले हाल हरित उत्थानशील तथा समावेशी विकास रणनीति कार्यान्वयनमा ल्याएको छ । यो रणनीतिसँग तादात्म्य राख्ने खालको बैंक कर्जा प्राथमिकताको नीति नेपालले अवलम्बन गर्नुपर्छ ।

कृषि-पर्यटन र सूचना प्रविधि नेपालका भविष्य तथा तुलनात्मक लाभसमेत भएका क्षेत्र हुन् । बैंक कर्जा प्राथमिकता गर्दा क्षेत्रहरू छुट्याउनुहुँदैन । कर्जा प्राथमिकताको नीति परम्परागत अर्थतन्त्रसँग मात्र होइन, अर्थतन्त्रलाई रूपान्तरण ल्याउने क्षेत्रहरूलाई जोड्ने हुनुपर्छ ।

नेपालले जनसांख्यिकीय लाभ लिने एउटा उपाय लघु साना तथा मझौला उद्यम अर्थात् उद्यमशीलताको विकाससँग बैंक कर्जा प्राथमिकता नीतिलाई निरन्तरता हो । हाल कार्यान्वयनमा ल्याएको कर्जा प्राथमिकताको नीतिले उद्यमशीलता विकासमा सहयोग पुऱ्याएको देखिँदैन । तसर्थ कर्जा प्राथमिकताको पुनःसंरचना अर्थात् औजार परिवर्तन गर्न

अर्थतन्त्र बाह्य लगानीका लागि खुला र सहज नगर्दासम्म वैदेशिक प्रविधि आउदैन र कर्जा प्राथमिकताको नीति प्रभावकारी हुन सक्दैन । चीन, दक्षिण कोरिया, भियतनाम, थाइल्यान्ड र भारतको अनुभवले यही भन्छ ।

आवश्यक देखिन्छ । कार्यक्रम होइन, कर्जा प्राथमिकताको संस्थागत व्यवस्था गरिनुपर्छ । उदाहरणका लागि उद्यमशीलता प्रवर्द्धनमा अमेरिकाको जस्तो स्थायी तथा प्रादेशिक विकास बैंकले महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । त्यसैले भारतमा जस्तो उद्यमशीलता विकासका लागि वैदेशिक सहयोगसमेत जोड्ने गरेर विकास कोष स्थापना गरिनुपर्छ ।

कर्जा प्राथमिकताको तेस्रो उपाय कर्जा सुरक्षण हो । निक्षेप तथा कर्जा सुरक्षण कोषले कृषि, लघु, साना तथा मझौला उद्यम, लघुवित्त तथा विपन्न वर्ग, शैक्षिक बेरोजगार कर्जा, निर्यात कर्जा, सहुलियत कर्जा र पशु उद्यम कर्जा सुरक्षणमा समेट्ने नीति लिए पनि यी सबै क्षेत्रमा जाने कर्जाको सुरक्षण हुन सकेको छैन । भारतमा जस्तो स्ट्रिट व्यापारीहरूलाई कर्जा सुरक्षणमा जोडिएको छैन । नेपालमा मिटर ब्याजपीडितको मुद्दालाई कर्जा प्राथमिकतामा जोड्न संस्थागत व्यवस्था गर्न जरूरी छ । सूचना प्रविधि सेवा व्यवसाय पनि बैंक कर्जा प्राथमिकतामा पर्न नसकेकोलाई नीतिगत बोध हुन आवश्यक छ । पछिल्लो समय निर्यात क्षेत्र पनि कर्जा प्राथमिकताको सूचीमा प्रमुखतासाथ पर्न सकेको छैन ।

कर्जा प्राथमिकताको अर्को उपाय भेन्चर तथा इक्विटी क्यापिटल जस्ता वैकल्पिक लगानी कोष हुन् । नेपालमा यस्ता कोष पछिल्लो समयमा अस्तित्वमा आए पनि धितोपत्र बोर्डमा आबद्धता भई औपचारिक हुन सकेका छैनन् ।

अरु मुलुकमा जस्तो बैंक कर्जा प्राथमिकता उद्देश्य प्राप्तिमा प्रभावकारी नआउनुमा प्रविधि भित्र्याउन नसक्नु एउटा प्रमुख कारण हो । अर्थतन्त्र बाह्य लगानीका लागि खुला र सहज नगर्दासम्म वैदेशिक प्रविधि आउँदैन र कर्जा प्राथमिकताको नीति प्रभावकारी हुन सक्दैन । चीन, दक्षिण कोरिया, भियतनाम, थाइल्यान्ड र भारतको अनुभवले यही भन्छ ।

बैंक तथा वित्तीय संस्थाहरूमा विदेशी लगानी प्रभावित हुने गरी बैंक कर्जा प्राथमिकता अर्थात् निर्देशित कर्जा कार्यक्रम लागु गर्नुहुँदैन । सकभर वाणिज्य बैंकहरूको लोन पोर्टफोलियो र ब्याजदर निर्धारणमा प्रत्यक्ष कुनै हस्तक्षेप हुनुहुँदैन । कर्जा प्राथमिकताका लागि लघुवित्त वित्तीय संस्थाहरू बचत तथा सरकारी संस्थाहरूको सबलीकरण हुनु जरूरी छ । राज्यले यी संस्थालाई स्रोतसाधन तथा नियमनमा सबल बनाउने संस्थागत व्यवस्था गर्नुपर्छ । अनि मात्र वित्तीय पहुँच तथा उद्यमशीलता विकासले सार्थकता पाउँछ ।

## निष्कर्ष

कर्जा प्राथमिकता विद्यमान नीतिले ऊर्जा क्षेत्रबाहेक अन्य क्षेत्रका सम्बन्धमा कहीँकतै पुऱ्याउँदैन । नेपाल विद्युत् प्राधिकरणले विद्युत् खरिद सम्झौता गरिसकेपछि बैंकहरूलाई पनि जलविद्युत् परियोजनामा लगानी गर्न ठूलो समस्या हुँदैन । तसर्थ विद्यमान कर्जा प्राथमिकताको नीतिमा ठूलो रूपान्तरण हुन जरूरी देखिन्छ । कर्जा प्राथमिकता नीतिको स्वरूपमा परिवर्तन गर्दा हरित उत्थानशील र समावेशी अर्थतन्त्र निर्माणलाई केन्द्रबिन्दुमा राख्नुपर्छ ।

*- थापा नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक हुन् ।*

# खोइ साझा अधिकारसम्बन्धी कानुन ?

सात प्रदेशमध्ये तुलनात्मक रूपमा बागमती प्रदेश अरूभन्दा आर्थिक अवस्था सबल त देखिन्छ तर उपत्यकाका तीन वटा जिल्लालाई अलग गरेर हेर्ने हो भने यो बाँकी १० वटा जिल्ला करिब कर्णाली प्रदेशभन्दा पछाडि छ ।



नरविक्रम थापा

कुनै राष्ट्रमा गरिबी बढ्नु, आर्थिक सङ्कट हुनुको लहरो धेरै परसम्म गाएको हुन्छ । अहिले त विश्वमै आर्थिक सङ्कट छ । कोरोना महामारीका कारण विश्वको आर्थिक अवस्था कमजोर भइरहेकै थियो । त्यसमाथि युक्रेन र रूस, इजरायल र हमासको युद्धले ठूलो सङ्कट निम्तिँदैछ । यस्ता कारणले समग्र विश्वकै अर्थतन्त्र कमजोर भइरहेको अवस्थामा नेपालको अर्थतन्त्र पनि प्रभावित हुने नै भयो । नेपालको अर्थतन्त्र अहिले सङ्कटमै छ तर देश चाहिँ जेनतेन चलिरहेकै छ ।

हुन त हामी पञ्चायत कालदेखि नै गरिबी र आर्थिक सङ्कटमै बाँचिरहेका थियौँ । ३० वर्षको पञ्चायती व्यवस्था, त्यसपछिको १५ वर्षको बहुदलीय व्यवस्था र अहिले लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाा पनि यो समस्या उस्तै छ ।

नेपालमा गरिबीको निरन्तरको चक्र घुमिरहेको छ । यो गरिबीको दुष्चक्र तोड्नु नेपालका लागि ठूलो चुनौतीको विषय बनेको छ । यसलाई तोड्न केही महत्त्वपूर्ण काम गर्नु जरूरी छ । पहिलो कुरा देशमा राजनीतिक स्थिरता त आयो तर सुशासन हुन सकिरहेको छैन । दोस्रोमा नियम कानुन समयमा नबन्ने समस्या रहेको छ । संविधानले व्यवस्था गरेबमोजिम तीन तहको सरकार त बनेको छ तर, संविधान लागु भएको नौ वर्ष पूरा हुँदा पनि संघीयता पूर्णरूपमा कार्यान्वयन हुन कानुन बनेका छैनन् । जस्तो साझा अधिकारका कानुनहरू संघीय सरकारले बनाउनुपर्ने हुन्छ । त्यस्ता कानुन बनाउन नसक्दा प्रदेश र स्थानीय तहले पनि कानुन बनाएर जान सकेका छैनन् । त्यतातर्फ राज्यको ध्यान जानु जरूरी छ ।

जहाँसम्म बागमती प्रदेशको कुरा छ, यो प्रदेश पनि आर्थिक सङ्कटबाट अछुतो छैन । हुन त सात वटा प्रदेशमध्ये तुलनात्मक रूपमा यो प्रदेश अरूभन्दा आर्थिक अवस्था सबल रहेको देखिन्छ तर, उपत्यकाका तीन वटा जिल्लालाई अलग गरेर हेर्ने हो भने यो बाँकी १० वटा जिल्ला करिब कर्णाली प्रदेशभन्दा पछाडि छ । बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा करिब ७७ प्रतिशत, उद्योग र अन्य क्षेत्रको ११ र करिब ७ प्रतिशत कृषि क्षेत्रको भूमिका रहेको देखिन्छ ।

बागमती प्रदेश जनजातिको बाहुल्यको क्षेत्र हो । जनजातिमध्ये अल्पसङ्ख्यक जनजाति थामी, मुसहर, बोटे, जिरेल, हायूलगायत अनि सीमान्तकृत चेपाङ जातिको पनि बसोबास छ । जबसम्म यी पछाडि परेका जातिको आर्थिक अवस्था राम्रो हुँदैन र सामाजिक विभेद हट्दैन तबसम्म यो प्रदेशको विकासको गति तीव्र रूपमा अगाडि बढ्न सक्दैन । पछाडि परेका समुदायको उत्थानलाई केन्द्रित गरेर कार्यक्रम ल्याउनुपर्ने जरूरी छ । यही कुरालाई ध्यानमा राख्दै बागमती प्रदेश सरकारले एकीकृत सामुदायिक विकास नीति बनाएर अघि बढ्ने सोच बनाएको छ । त्यसको मस्यौदा तयार भइसकेको छ ।

बागमती प्रदेश दोस्रो आवधिक योजना बनाउने चरणमा छ । त्यसको अवधारणापत्र बनाइसकेका छौँ पूर्ण आधारपत्र तयार गर्ने क्रममा छौँ । त्यसमार्फत बागमती प्रदेशलाई कसरी सबल र सक्षम बनाउने भन्नेमा हामी लागि नै रहेका छौँ । हाम्रो मुख्य ध्यान भनेकै अर्थतन्त्रलाई कसरी बलियो बनाउने भन्ने हो । बागमती प्रदेशको अर्थतन्त्र मजबुत बनाउन सकियो भने समग्र देशकै अर्थतन्त्रलाई राम्रो प्रभाव पर्ने देखिन्छ ।

हाम्रो देश नै गरिब हुनुका दुई वटा कारण छन् । पहिलो, विकसित देशहरूले बनाउने नीति हाम्रा लागि अनुकूल कम र तिनीहरूको हितमा बढी केन्द्रित हुनु हो । विकसित देशले बनाउने नीतिका कारण गरिब देश मारमा परिरहेका हुन्छन् । विकसित देशको हित केन्द्रित व्यापार नीति, आयात निर्यात नीतिका कारण गरिब देश मारमा छन् । हाम्रो देश पनि आयातमुखी भयो ।

निर्यात व्यापारलाई प्रवर्द्धन गर्न नसकेका कारण व्यापार घाटा चुलिएको छ । यसकारण पनि नेपालको अर्थतन्त्र कमजोर भइरहेको छ ।

दोस्रो, मुलुकमा पूर्वाधार विकास नभएका कारण आम समुदाय विकासको मूल प्रवाहमा समावेश हुन सकिरहेका छैनन् । केहीअघिसम्म सूचना प्रविधि, शिक्षा र स्वास्थ्यमा नेपाल निकै पछाडि थियो । जसका कारण पनि मुलुकको आर्थिक अवस्था कमजोर भएको हो । नेपाल केही समयदेखि सबै खालका पूर्वाधारको विकासको क्रममा छ ।

विश्वव्यापीकरणका कारण वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या पनि बढ्दो छ । धेरै नेपालीको रोजाइ वैदेशिक रोजगारीमा हुँदा त्यसका थोरै राम्रो प्रभाव रहे तापनि नराम्रा पक्ष पनि उत्तिकै छन् । वैदेशिक रोजगारीले सामाजिक र पारिवारिक विखण्डन पनि ल्याउँदैछ । यातायातको सञ्जाल राम्रो बन्दै गएका कारण सहरको पहुँच बढ्दो छ । गाउँमा भएका विदेश जाने र विदेश जान नसकेका कारण गाउँको जमिन बाँझो छ । कृषिको उत्पादन कम हुँदैछ । जसले कृषिको विकासमा नराम्रो प्रभाव पनि पर्दैछ । उत्पादन लागत घट्न नसक्दा उत्पादनमूलक काममा वृद्धि नहुँदा र उद्योग धन्दाको पनि प्रयाप्त विकास नहुँदा देशको अर्थतन्त्र सुधारिन सकेको छैन । मुलुकमै काम गर्नसक्ने जनशक्ति विदेशमा जाँदा उत्पादनमूलक क्षेत्र र उद्योग व्यवसायमा ठूलो ह्रास आएको छ ।

मुलुकको अहिलेको अवस्थालाई पार लगाउन धेरै काम गर्नु जरूरी छ । पहिलो अपरिहार्यता भनेको व्यवस्था परिवर्तन थियो, त्यो काम हामीले गरिसकेका छौं । विश्वकै एउटा उत्कृष्ट व्यवस्था लोकतान्त्रिक संघीय प्रणालीको अवलम्बन गरी राजनीतिक स्थिरताको अवस्थामा हामी छौं । अब व्यवस्था परिवर्तन गर्नुपर्ने आवश्यकता छैन । यही व्यवस्थालाई टेकेर अन्य धेरै सुधारका काम गर्नुपर्ने हुन्छ ।

तत्काल गर्नुपर्ने सुधार भनेको नीतिगत हो । त्यसका लागि मुलुकको चौतर्फी हितलाई ध्यानमा राखेर ऐन कानुन बनाउनु जरूरी छ । संविधानले संघ, प्रदेश र स्थानीय सरकारलाई छुट्टाछुट्टै अधिकार तोकेको छ । त्यसमा पनि १५ प्रकारका साझा अधिकार छन् । संघीय सरकारले ती अधिकारबारे तत्काल कानुन बनाउनु जरूरी देखिन्छ । साझा अधिकार सम्बन्धी कानुन नबनाएसम्म प्रदेश र स्थानीय तहले कानुन बनाएर लागू गर्न सक्दैनन् । त्यसैले मुलुकुको अवस्था परिवर्तनका लागि पहिलो सर्त भनेको साझा अधिकारका कानुन छिटोभन्दा छिटो बनाउनु हो ।

अर्को कुरा राष्ट्रिय योजना आयोगले १६औँ योजना बनाउँदैछ । त्यस योजनामा आयोगले मुख्य ३-४ वटा कुरामा ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । नेपालको हावापानी, भूमि, जैविक विविधतालगायत कृषिका लागि निकै अनुकूल छ । त्यसैले सरकारले कृषि क्षेत्रमा प्राथकितासाथ लगानी बढाउनुपर्ने देखिन्छ । सरकारले कृषिमा अनुदानको नीति लिएर जसरी अघि बढेको थियो, त्यो असफल भयो । वास्तविक कृषकले अनुदान पाएनन्, जसले माटो छुँदैन उसैले पाए । तसर्थ उत्पादनका आधारमा अनुदान दिने नीति ल्याउनु जरूरी देखिन्छ । कृषिलाई व्यवसायीकरण गर्ने, पशुपालन, फलफूल र नगदेबाली उत्पादनमा जोड दिनुपर्ने देखिन्छ । त्यसैगरी सिँचाइको सुविधा वृद्धि गर्न पनि सरकारले ध्यान दिनु जरूरी छ । सदाबहार बग्ने नदी तथा खोला धेरै छन् । त्यसैले लिफ्ट सिँचाइ र डिप बोरिङ गरेर पर्याप्त सिँचाइको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

मुलुकमा प्रत्येक वर्ष साढे तीन सय अर्बभन्दा बढीको कृषि वस्तु आयात हुने गर्दछ । ती कृषि वस्तु हामी आफैंले नेपालमै उत्पादन गर्न सक्छौं । नेपालका लागि चाहिने कृषि उत्पादन यहीँ गरी आयात प्रतिस्थापन गर्न सकेमा त्यसले मुलुकको अर्थतन्त्रमा ठूलो टेवा पुग्छ । अर्को कुरा हामीले जलस्रोतलाई बढीभन्दा बढी प्रयोग गर्नुपर्ने देखिन्छ । जलस्रोतको बहुउपयोग नीति ल्याउनु जरूरी छ । हामीले अहिले जलस्रोतलाई बहावका आधारमा बिजुली निकाल्ने र सिँचाइका लागि मात्रै प्रयोग गर्दैछौं । त्यसबोहक ठूला जलाशययुक्त आयोजना सञ्चालन गर्न सकिन्छ । जलाशय निर्माण गरी माछा पाल्ने, त्यसैमा डुङ्गा चलाउने र पर्यटन विकास गर्ने, ठूला होटल सञ्चालन गर्ने गर्न सकिन्छ । ठूला नदीमा जलबिहार गर्ने गर्न सकिन्छ ।

नेपालमा रहेका हिमालय क्षेत्रलाई पनि आकर्षक पर्यटकीय क्षेत्रको रूपमा विकास गर्दै लैजानुपर्छ । धार्मिक पर्यटकीय विकासबाट पनि मुलुकको समृद्धि हासिल गर्न सकिन्छ । नेपालमा प्रख्यात धार्मिक स्थल छन् । लुम्बिनी बौद्ध धर्मावलम्बीको प्रख्यात स्थल छँदैछ । त्यससँगै मुक्तिनाथ क्षेत्र, पशुपतिनाथ जस्ता स्थल पनि धार्मिक पर्यटकीय हिसाबले निकै महत्त्वपूर्ण छन् । पर्यटन, कृषि, जलविद्युत् सबै क्षेत्रलाई बहुआयामिक प्रयोग गरी आम्दानी बढाउन सकिन्छ ।

हिमालबाट बग्ने पानीलाई सामान्य प्रशोधन गरेर विश्वभर बेच्न सकिन्छ । खाडी मुलुकले तेल बेचेर पैसा कमाएजस्तो नेपालले पनि पानी बेचेर धेरै आम्दानी गर्न सक्छ । हिमालय मिनरल वाटर भनेर हामीले संसारभर बेच्न सक्छौँ । हिमालबाट निस्किएको पानीलाई प्रशोधन गरी विश्वव्यापी बजारीकरण गर्न सके नेपालले दीर्घकालसम्म आम्दानी गर्न सक्छ ।

अर्को कुरा नेपालमा धेरै जडिबुटी छन् । प्रशोधन नभएका जडिबुटी बाहिर गइरहेका छन् । हामीले नेपालमै जडिबुटी प्रशोधन गर्ने उद्योग विकास गरेर प्रशोधन गरेर मात्रै बेच्ने नीति लिनु जरूरी छ । जसले गर्दा जडिबुटीबाट नेपालको आम्दानी वृद्धि भई समग्र अर्थतन्त्र सुधारमा ठूलो योगदान पुग्ने छ । घरेलु तथा कुटिर उद्योग प्रशस्त मात्रामा खोलेर रोजगारी सिर्जनाका साथै आम्दानी बढाउन सकिन्छ ।

अर्को महत्त्वपूर्ण कुरा भनेको युवालाई नेपालमै टिकाउनका लागि सूचना तथा सञ्चार प्रविधि (आइटी) क्षेत्रको विकास गर्नु पर्दछ । नेपाली आइटी विशेषज्ञ नेपालमै रोजगारी दिनसक्ने अवस्था निर्माण गर्नुपर्छ । विकास निर्माणको क्षेत्रमा हुने गरेको ढिलासुस्तीलाई निरूत्साहित गर्न कडा नीति बनाउनुपर्ने हुन्छ । त्यसैगरी सेवा प्रवाहलाई चुस्त बनाउन पनि सरकारले प्रष्ट र प्रभावकारी नीति लिनु जरूरी छ । हामीले बनाउने योजना, नीति, कानुनको प्रभावकारी कार्यान्वयनको अभावले हामी पछाडि परिरहेका छौं । यसका साथै अनुगमन र मूल्याङ्कन नै नहुने प्रवृत्तिले ठूलो समस्या निम्तिइरहेको छ । काम हुँदै गर्दा नियमित अनुगमन गर्ने र केही समस्या भए तत्कालै हल गर्ने गर्नुपर्दछ । जिम्मेवारी पूरा गर्नेलाई प्रोत्साहन र नगर्नेलाई दण्ड सजायको व्यवस्था गर्नुपर्छ ।

भ्रष्टाचार पनि उत्तिकै हुने गरेको छ । भ्रष्टाचार नियन्त्रणका लागि प्रभावकारी योजना बनाउनुपर्ने हुन्छ । नीतिगत रूपमा हुने भ्रष्टाचारले झन् समस्या भइरहेको छ । त्यस्ता नीतिगत भ्रष्टाचार शून्यमा झार्नुपर्ने हुन्छ । त्यसैगरी हाम्रा विश्वविद्यालय बेरोजगार उत्पादन गर्ने कारखाना जस्तो मात्रै भइरहेका छन् । विश्वविद्यालय धेरै हुनु त राम्रो कुरा हो तर, गुणस्तरीय शिक्षामा पनि ध्यान दिनुपर्छ । उच्च शिक्षा हासिल गरेका स्वरोजगार हुनसक्ने अवस्था बनाउनुपर्छ । नेपालमा शिक्षा र स्वास्थ्य धेरै महँगो छ । यसलाई सस्तो बनाउनुपर्छ । साथै शिक्षा र स्वास्थ्य क्षेत्रको स्तरोन्नतिमा ध्यान दिनु जरूरी छ । मानिसहरूले गाउँमै गुणस्तरीय शिक्षा र स्वास्थ्यको सेवा प्राप्त गर्न सकेमा उनीहरूले गाउँमै बसेर विकास गर्न सक्छन् । यसरी विविध पक्षमा ध्यान दिँदै समग्र विकासमार्फत मुलुकको आर्थिक संकट हल गर्दै जान सकिन्छ ।

*- थापा वाग्मती प्रदेश योजना आयोगका उपाध्यक्ष हुन् ।*

LUCKY GROUP
growth with a vision

स्वदेशी

AN ISO CERTIFIED COMPANY 9001 : 2015 14001 : 2015
Ganapati Vanaspati Ltd.

A 'LUCKY GROUP' ENTERPRISE

Ramdev
रामदेव
Adding Health to
your Food



Safari
सफारी
सुन्दर यो जिन्दगीका
मीठा मीठा पलहरू




Newari
For Excellent Health




www.ganpativanaspati.com/www.luckygroupnepal.com

Trust built over
30
YEARS

# सिँचाइ नै प्रदेश विकासको रामवाण

विभिन्न प्रचुर सम्भावना बोकेको मधेश प्रदेश भने मानव सूचकांकका प्रायः सबै सूचकमा कमजोर छ । हामीलाई यही तथ्यले घोतिल्न बाध्य पारेको छ । हामी कहाँ चुक्यौँ ? अब के गर्ने ? यही मामिलामा बढी ध्यान केन्द्रित गरेर प्रदेश सरकारको नीति तथा योजना तर्जुमा गरिरहेका छौ ।



नाथुप्रसाद चौधरी

नेपालको मध्य-पूर्वी मधेशका सप्तरीदेखि पर्सासम्मका आठ वटा जिल्ला मधेश प्रदेशमा पर्दछन् । नौ हजार ६६१ वर्ग किलोमिटर क्षेत्रफल र समतल भूभाग भएको मधेश प्रदेशको पूर्व र उत्तर-पूर्वमा कोशी प्रदेशको सुनसरी जिल्ला, पश्चिममा बागमती प्रदेशको चितवन जिल्ला, उत्तरमा बागमती प्रदेशको मकवानपुर र सिन्धुली जिल्ला तथा कोशी प्रदेशको उदयपुर जिल्ला र दक्षिणमा भारत पर्दछ । प्रदेशका जिल्लामध्ये क्षेत्रफलको हिसाबले सबैभन्दा ठूलो जिल्ला बारा र सबैभन्दा सानो पर्सा हो । मधेश प्रदेशका १३६ स्थानीय तहमध्ये क्षेत्रफलको हिसाबले सबैभन्दा ठूलो महोत्तरीको बर्दिवास नगरपालिका र सबैभन्दा सानो बाराको परवानीपुर गाउँपालिका हो ।

मधेश प्रदेशको भौगोलिक स्वरूपलाई मूलतः चार भागमा वर्गीकरण गर्न सकिन्छ । चुरे पर्वत, दुन, भावर र तराई-मधेश । प्रदेशको एक लाख ५२ हजार तीन सय ३९ हेक्टर (१५.८८००) जमिनमा चुरे पर्वत, ३५५ हेक्टर (०.०४००) जमिनमा दुन, दुई लाख ४५ हजार ८२९ हेक्टर (२५.६२००) जमिनमा भावर र पाँच लाख ६० हजार ९४३ हेक्टर (५८.४६००) जमिनमा तराई-मधेश फैलिएको छ । दुन क्षेत्र चुरे पर्वतको उत्तरतर्फ रहेको भित्री मधेशको क्षेत्र हो । मधेश प्रदेशको सप्तरी र पर्सा जिल्लामा मात्रै दुन क्षेत्र छ । मधेश प्रदेशको कुल जनसंख्या ६१ लाख १४ हजार छ सय छ । जसमा पुरूष ३० लाख ६५ हजार ७५१, महिला ३० लाख ४८ हजार ८४९ छ भने अन्य लिङ्गी दुई हजार ९२८ छन् । क्षेत्रफलका हिसाबले मधेश सानो प्रदेश रहे पनि यहाँको जनसंख्या अन्य प्रदेशभन्दा उच्च छ ।

मधेश प्रदेशमा दर्जनौँ ठूला नदी/खोला छन् । प्रदेशको पूर्वी सिमानाबाट सप्तकोशी नदी बग्छ । अर्को ठूलो नदी बागमती हो । तेस्रो ठूलो नदी कमला पनि मधेश प्रदेश भएरै बग्छ । घुर्मी, बतहा, लखनदेई र रातु खोला मधेश प्रदेशमै छन् । सप्तकोशी नदीबाट सप्तरी जिल्लामा सिँचाइका लागि नहर निकालिएको छ । बागमती नदीबाट निकालिएको नहरले रौतहट र सर्लाहीको लगभग ५० हजार हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध छ । मधेश प्रदेशमा विभिन्न समुदायको आफनै मौलिक संस्कृति, परम्परा र रीतिरिवाज छन् । मधेशी समुदायको बाहुल्य रहेको यस प्रदेशमा हिन्दु, बौद्ध, इस्लाम, किराँत, क्रिस्चियनलगायतका धर्मालम्बीको बसोबास छ । मधेश प्रदेशमा थुप्रै धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू छन् । मधेश प्रदेशमा पहिचान नखुलेका सहित ११६ जातजातिको उपस्थिति छ । जातिगत हिसाबले यस प्रदेशमा यादवको संख्या सबैभन्दा बढी र दोस्रो ठूलो संख्या मुसलमानको छ । त्यसपछि थारू, तेली र कोइरी-कुशवाहा छन् । समथल भूमि, चुरेको फेददेखि भारतीय सिमासँग जोडिएको र कृषि तथा धार्मिक पर्यटकको प्रचुर सम्भावना बोकेको मधेश प्रदेश भने मानव सूचकांकका प्रायः सबै सूचकमा कमजोर छ ।

## समस्या र सम्भावना

हामीलाई यही तथ्यले घोतिल्न बाध्य पारेको छ । हामी कहाँ चुक्यौं ? अब के गर्ने ? यही मामिलामा बढी ध्यान केन्द्रित गरेर प्रदेश सरकारको नीति तथा योजना तर्जुमा गरिरहेका छौँ । मधेश प्रदेशको समग्र विकासका लागि कृषि, सिँचाइ, पर्यटन, शिक्षा, स्वास्थ्य र रोजगारी

नै प्रमुख समस्या देखिन्छ । सबैभन्दा बढी समस्या देखिएको क्षेत्र कृषि र रोजगारी नै हो । यी दुबै एक-अर्कासँग जोडिएका छन् । कृषि र रोजगारी समस्या समाधानका लागि सिँचाइ नै प्रमुख कडी हो । त्यसैले प्रदेश सरकारले सिँचाइमा बढी ध्यान दिएको छ ।

आर्थिक वर्ष २०८०/८१ को बजेटमा किसान र कृषि क्षेत्रलाई फाइदा पुग्ने थुप्रै योजना अघि सारेका छौँ । कृषि विद्युतीकरणलाई पहिलो प्राथमिकतामा राखेर प्रदेश सरकारले काम गरिरहेको छ । प्रदेश सरकारले कृषि मिटर जडानको खर्च र महसुलको ५० प्रतिशत व्यहोर्ने नीति ल्याएको छ । कृषि मिटर जडान भएपछि किसानले त्यसमा लागेको शुल्क प्रदेश सरकारबाट फिर्ता पाउँछ । सिँचाइ गर्दा खर्च भएको विद्युत् महसुलको ५० प्रतिशत प्रदेश सरकारले किसानलाई दिनेछ ।

प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले कृषि मिटर प्रयोगसम्बन्धी कार्यविधि बनाएर छिट्टै कार्यान्वयनमा लैजान अन्तिम तयारीमा जुटेको छ । त्यसपछि, प्रदेश सरकारले स्यालो ट्युबवेलका लागि किसानलाई अनुदान उपलब्ध गराउँदैछ । कृषि सडकका लागि चालु आर्थिक वर्षमा ४० करोड रूपैयाँ विनियोजन गरिएको छ । खेत-खलिहानसम्मै सडक पुगेपछि किसानको उत्पादनलाई सजिलै बजारसम्म पुऱ्याउन सकिन्छ भनेर कृषि सडक योजनालाई अगाडि बढाइएको छ । समग्रमा आर्थिक वर्ष २०८०/८१ मा कृषि क्षेत्रमा प्रदेश सरकारले दुई अर्ब रूपैयाँभन्दा बढी बजेट विनियोजन गरेको छ ।

किसानको उत्पादनका लागि सिँचाइको बन्दोबस्तसँगै हामीले कृषि बजारमा पनि ध्यान दिएका छौँ । मधेश प्रदेशका केही स्थानमा कृषि बजार छन् तर ती पुरानै ढाँचामा चलेका छन् । किसानभन्दा पनि त्यस्ता बजारमा बिचौलिया हाबी छन् । प्रदेश सरकारले भएका कृषि बजारलाई स्तरोन्नति गर्दै आधुनिक बनाउने र प्रदेशका आठ वटै जिल्लामा सङ्कलन केन्द्र सञ्चालनमा ल्याउने सोच बनाएको छ । त्यसैअनुरूप भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले कृषि बजार सङ्कलन केन्द्रका लागि सम्भाव्यता अध्ययन थालेको छ । धान र उखुमा पनि समस्या छ । कोटा तोक्ने चलनले किसानको धान र उखु सप्पै बिक्री हुन सकेको छैन । त्यसैले धान र उखु किसानसँग सोझै किनेर प्रदेश सरकारले बजारसम्म पुऱ्याउने विषयमा पनि छलफल भइरहेको छ ।

कृषिको उर्वरभूमि मधेश प्रदेशमा शीत भण्डारको पनि समस्या छ । पुराना शीत भण्डार पुरानै तरिकाले चलेका छन् । त्यसलाई आधुनिक बनाउनुपर्ने चुनौती छ । शीत भण्डारका लागि प्रदेश सरकारले यस वर्ष पनि बजेट विनियोजन गरेको छ । तर, समस्या कहाँ छ भने, शीत भण्डार निर्माण हुन्छ तर अपुरै रहन्छ । शीत भण्डारको सञ्चालनमा ठूलो समस्या देखिएको छ । अपुरो रहेको शीत भण्डारको निर्माण पुरा गर्ने र आवश्यकता अनुसार नयाँ थप्ने योजनामा प्रदेश सरकार छ । रोजगारी पनि कृषिसँगै जोडिएको छ । त्यसैले कृषिलाई सुधार नगरेसम्म मधेशको टाउको दुखाइ बनेको बेरोजगारीलाई सुल्झाउन सकिन्न । मधेश प्रदेशमा पछिल्लो समय कृषिको क्षेत्रफल घटेको छ । तर, कृषि क्षेत्रमा संलग्नको संख्या बढेको छ । यो सुखद् पक्ष हो । मधेशको चार लाख ८१ हजार हेक्टर खेतीयोग्य जग्गामध्ये एक लाख हेक्टर बाँझो छ । सिँचाइको अभावले बाँझो रहेको जग्गालाई कसरी सदुपयोग गर्ने भन्नेतर्फ पनि प्रदेश सरकार लागिपरेको छ ।

**कृषिलाई आधुनिकीकरण, व्यवसायीकरण, औद्योगीकरण र बजारीकरण गरेपछि मात्रै मधेशको बेरोजगारी समस्या हट्छ । नभए रोजगारीको क्षेत्रमा गाह्रो छ । मल, खाद्य र बिउ त अरू देशबाट ल्याइएला तर पानी कहाँबाट बोकेर ल्याउने ? त्यसैले सतह प्रणालीको सिँचाइ परियोजना मधेश प्रदेशमा चाहिएको छ ।**

नदी उकासको जग्गा पहिचान गरेर कर्जन्हा, कमला र बडहरीमा उत्पादन थालिएको छ । खेर गएको जग्गालाई सदुपयोग गर्ने काम भइरहेको छ ।

मधेश प्रदेशको अर्को सम्भावना क्षेत्र धार्मिक पर्यटन नै हो । धार्मिक, ऐतिहासिक र पर्यटकीय हिसाबले धेरै महत्त्वपूर्ण स्थान यहाँ छन् । जनकपुरको जानकी मन्दिर, मिथिला आर्ट हाउस, विवाह मण्डप, रङ्गभूमि मैदान, जनकपुर रेल्वे, धनुषाधाम, जलेश्वरनाथ, मटिहानी मन्दिर, रौजा मजार, सलहेश फूलबारी, गढीमाई, पर्सा राष्ट्रिय निकुञ्ज, सखडा भगवती, कङ्कालनी मन्दिर सर्लाहीको भरतताल, रौतहटको नुनथरलगायतका पर्यटकीय स्थललाई जोडेर पर्सादेखि सप्तरीसम्मै पर्यटकलाई घुमाउने थुप्रै स्थल छन् । धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास गरेर पर्यटक भित्र्याउन सकिने सम्भावना छ । प्रदेश सरकारले मधेशका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलमा लागनी बढाएको छ । ती स्थलको सौन्दर्यकरणमा प्रदेश सरकारले ध्यान दिएर काम गरिरहेको छ ।

मधेश प्रदेशको अर्को समस्या शिक्षा पनि हो । मधेश प्रदेशको आठ वटै जिल्ला साक्षर घोषणा हुन सकेको छैनन् । साक्षरता अनुपात हेर्दा मधेश प्रदेशका आठ जिल्लामध्ये पाँच जिल्ला देशकै कमजोरमा देखिन्छन् । रौतहट, सर्लाही, महोत्तरी र बारा जिल्लाको साक्षरता दर कम छ । प्रदेश सरकारको शिक्षा तथा समाज कल्याण मन्त्रालयले यस वर्ष साक्षरतासँग जोडिएको कार्यक्रममै बढी ध्यान केन्द्रित गरेको छ । मधेश प्रदेशमा साक्षरता अभियानलाई अगाडि बढाइएको छ । प्रदेशलाई पूर्ण साक्षर बनाउने अभियानमा मधेश प्रदेश सरकार जुटेको छ । यस्तै, शिक्षालाई दरिलो बनाउन मधेश प्रदेश सरकारले छोरी शिक्षा बिमा कार्यक्रम लागु गरेको छ । छोरीलाई उच्च शिक्षा दिलाउन बिमा कार्यक्रम प्रभावकारी देखिएको छ । यसैगरी, विपन्न परिवारलाई पनि शिक्षासँग जोड्न विद्युतीय चुलो वितरण कार्यक्रम ल्याइएको छ । चालु आर्थिक वर्षमा विद्युतीय चुलो वितरणका लागि करिब १२ करोड रूपैयाँ विनियोजन गरिएको छ । चुलो-चौकामै छोरी व्यस्त रहँदा पढाइबाट बञ्चित रहनुपरेको गुनासो आएपछि विद्युतीय चुलो वितरणको योजना ल्याइएको हो ।

मधेश प्रदेशमा स्वास्थ्य क्षेत्रमा उतिकै समस्या छ । स्वास्थ्य क्षेत्रमा पूर्वाधार र उपकरण पर्याप्त रहेपनि जनशक्ति अभाव तथा भएका जनशक्तिले पनि इमानदारीपूर्वक काम नगर्दा यहाँको स्वास्थ्य क्षेत्र नाजुक छ । ठूलो

संख्यामा यो प्रदेशका मानिस उपचार गराउन अरू प्रदेश र भारत जानुपर्ने बाध्यता छ । त्यो बाध्यता हटाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले चालु आर्थिक वर्षमा केही योजना अगाडि ल्याएको छ । यस्तै, प्रदेशलाई पूर्ण खोपयुक्त बनाउन प्रयास जारी छ । पूर्ण सुरक्षित मातृत्व र कुपोषणमुक्त प्रदेश बनाउन काम भइरहेका छन् ।

रोजगारी, शिक्षा, कृषि, स्वास्थ्य र सिँचाई क्षेत्रमा सुधार ल्याएपछि मधेश प्रदेशको आर्थिक सवलता लिकमा आउने छ । मधेश प्रदेशका ३१ प्रतिशत मानिस कृषिकर्ममा छन् । यो ठूलो अवसर हो, तर यसलाई सदुपयोग गर्न सकिएको छैन । मधेश प्रदेशमा रोजगारीको ठूलो समस्या छ । सिँचाइ पर्याप्त नहुँदा बेरोजगारी बढेको मेरो बुझाइ हो । सिँचाइको क्षेत्रमा मेगा प्रोजेक्ट ल्याउनै पर्छ । सुनकोशी-मरिन डाइभर्सनले महोत्तरीदेखि बार ासम्म भरथेग गर्ला तर, धनुषा, सिरहा र सप्तरीका लागि सप्तकोशी-कमला डाइभर्सन पनि ल्याउनुपर्छ । नत्र उपाय छैन ।

संघ, प्रदेश र स्थानीय तह मिलेर सिचाइका मेगा प्रोजेक्टमा हात हाल्न ढिलो गर्नु हुन्न । नभए, मधेश प्रदेश खडेरीले चौपट हुन्छ । मधेश प्रदेशबाट ठूलो संख्यामा वैदेशिक रोजगारीमा जाने छन् । पछिल्लो साउन, भदौ र असोजको तथ्यांक मात्र हेर्ने हो भने धनुषाबाट मात्रै साढे सात हजार मानिस वैदेशिक रोजगारीमा गएका छन् । कृषिलाई आधुनिकीकरण, व्यावसायीकरण, औद्योगीकरण र बजारीकरण गरेपछि मात्रै मधेशको बेरोजगारी समस्या हट्छ । कृषि क्षेत्रमा यति काम भएपछि यसले रोजगारीको सृजना गर्छ । नभए रोजगारीको क्षेत्रमा बहुत गाह्रो छ । मल, खाद्य र बिउ त अरू देशबाट ल्याइएला तर पानी कहाँबाट बोकेर ल्याउने ? त्यसैले सतह प्रणालीको सिँचाई परियोजना मधेश प्रदेशमा चाहिएको छ ।

अर्थ व्यवस्थामा देखिएको समस्या टार्ने रामवाण सिँचाइ नै हो । मधेश प्रदेशमा राजस्वको अवस्था पनि राम्रो छैन । रेभिन्यू रि-जेनेरेट गर्नुपर्छ । प्रदेश सरकारले राजस्वको क्षेत्र बढाउने योजनामा काम गरिरहेको छ ।

संघीय सरकारले ७० प्रतिशत राजस्व आफैसँग राखेर प्रदेश सरकारलाई १५ प्रतिशत मात्र दिने गरेको छ । त्यसले गर्दा प्रदेशको वित्तीय अवस्था कमजोर छ । ठूला योजनामा मात्रै प्रदेश सरकारले काम गर्नुपर्छ । टुक्रे र छरिएका योजनाले न कसैको कल्याण हुन्छ न त अर्थ व्यवस्थालाई मजबुत पार्छ । बरू खोक्रो बनाउँछ ।

धेरैजसो योजना संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको एकै खालको छ । यो पनि हुनु हुँदैन । प्रदेश सरकारले १५ लाखभन्दा माथिका योजना मात्र बनाउनुपर्छ । यसरी गऱ्यो भने मात्रै बजेटको सदुपयोग हुने हो ।

वित्तीय अनुशासनमा रहेर योजना छनौट र कार्यान्वयन गर्नुपर्छ । आफ्नालाई रिझाउने योजना बन्द गर्नुपर्छ । अधुरा योजनालाई त्यतिकै थाँती राखेर नयाँ योजनामा हात हाल्नु प्रदेश सरकारको नीतिजस्तै बनेको छ, यो घातक हो । एउटा योजना पूर्ण कार्यान्वयन नभएसम्म नयाँ योजनातिर ध्यान दिनुहुन्न ।

> रोजगारी, शिक्षा, कृषि, स्वास्थ्य र सिाचाई क्षेत्रमा सुधार ल्याएपछि मधेश प्रदेशको आर्थिक सवलता लिकमा आउने छ । मधेश प्रदेशका ३१ प्रतिशत मानिस कृषिकर्ममा छन् । यो ठूलो अवसर हो, तर यसलाई सदुपयोग गर्न सकिएको छैन ।





Hi, Deepa
1,00,00,000.00
IME गरौं
करोडपति
बनौं
विदेशबाट पठाएको रकम IME PAY वालेट, आइएमई काउण्टर वा
बैंक खाता मार्फत प्राप्त गर्दा बन्न सक्नु हुनेछ "करोडपति"
IME Pay मा रकम पठाउँदा
हरेक महिना रु 1 लाख
*शर्तहरू लागुहुनेछ ।
IME
International Money Express
Fast, Reliable And Secure Remittance
IME pay
GET IT ON Google Play
Download on the App Store
SCAN & DOWNLOAD

# अर्थतन्त्रबारेको भाष्यमा सुधार आवश्यक

नेपालको अर्थतन्त्रका मुख्य चार इन्जिन छन्– जलविद्युत्, सूचना प्रविधि, पर्यटन र कृषि । कार्बन विस्थापन गर्ने जलविद्युत् र नवीकरणीय ऊर्जा नेपालको अर्थतन्त्रलाई गति दिने महत्त्वपूर्ण क्षेत्र हो । यस क्षेत्रमा बिस्तारै लगानी बढिरहेको छ ।



डा. प्रकाशशरण महत

नेपालको अर्थतन्त्रमाथिको सार्वजनिक बहस धेरै नकारात्मकतातर्फ गएको छ । 'आशा गर्ने ठाउँ छैन, समस्या धेरै छन्' भनेर निराशाको तस्बिर प्रस्तुत गर्ने परिपाटी देखिएको छ । तर वास्तविक स्थिति त्यस्तो होइन । धेरै अगाडिदेखि थर्पिँदै र बल्झिँदै आएका समस्या अवश्य छन् । विविध कारणले ती समस्या सिर्जना भएका हुन् ।

हामीले विनाशकारी भूकम्प र त्यसपछि कोभिड महामारीको परिस्थिति भोग्यौं । ती परि स्थितिलाई सम्बोधन गर्न विभिन्न खालका नीति आए र निर्णय भए । त्यस्ता नीति र निर्णयका कतिपय सकारात्मक परिणाम पनि देखिएका छन् भने कतिपय दूरगामी रूपमा नकारात्मक अवस्था सिर्जना पनि गरेका छन् । रूस-युक्रेन तनावका कारण देखिएको विश्वव्यापी प्रभाव र असर नेपालमा पनि देखिए । कोभिड महामारीपछि समग्र विश्व अर्थतन्त्रमै मन्दी आएको छ । धेरैजसो देश मन्दीबाट प्रभावित छन् । यस्तो अवस्थामा नेपाल मात्रै अछुतो रहन सक्ने अवस्था थिएन ।

यसरी विविध कारण र परिवेशबाट आर्थिक मन्दीको अवस्था देशमा सिर्जना भएपछि सरकारबाट विभिन्न खालका नीतिगत निर्णय भएका छन् । चाहे त्यो बजेट विनियोजनको प्राथमिकता तोक्दा होस्, केही वस्तुको आयातमा प्रतिबन्ध लगाउने विषय होस् वा अरु कतिपय मौद्रिक नीतिसँग जोडिएका विषय हुन् । कोभिड महामारीका बेला उदार मौद्रिक नीति अवलम्बन गरिएको तर फेरि त्यसबाट नकारात्मक असर पर्छ कि भन्ने अनुमानका आधारमा एकदमै कसिलो मौद्रिक नीति ल्याइयो । त्यसले पनि अर्थतन्त्रमा केही समस्या सिर्जना गरेको हो । वित्त नीतिमा पनि हामीले विगतका वर्षमा खर्च गर्ने तौरतरिकाले समस्या देखियो । खास गरेर प्राथमिकताका कुराले समस्या आए, जसकारणले अर्थतन्त्रमा हामीले राखेको आर्थिक वृद्धि, रोजगारी सिर्जनालगायत अपेक्षा पूरा हुन सकेनन् ।

हामी गत वर्ष निकै समस्यामा थियौं । त्यसलाई सम्बोधन गर्न चालु आर्थिक वर्षको बजेटमा सुधारका धेरै प्रस्ताव ल्याइएका छन्, जसकारण यो वर्ष अर्थतन्त्रमा सुधार आउँछ भन्ने हाम्रो अपेक्षा छ । अर्थतन्त्र सुधारका लागि कुनै आशा नै छैन भन्ने किसिमले चित्रण गर्न थालिएको छ । तर अवस्था त्यस्तो होइन । सकारात्मक सङ्केत देखिएका छन् । उदाहरणका लागि कोभिडका बेला विदेश जाने क्रम रोकिँदा रेमिट्यान्स कम भएको थियो । तर अहिले रेमिट्यान्स आप्रवाहमा राम्रो सुधार भएको छ । गत वर्षको तुलनामा २२-२३ प्रतिशतले रेमिट्यान्स बढेको छ । त्यो भनेको हाम्रो अर्थतन्त्रमा पुँजी प्रवाह भएको भनेर बुझ्नुपर्छ । आयातमा समस्या छैन । देशमा पुँजी भित्रिएको छ । कोभिडको परिवेशबाट विश्व अर्थतन्त्र पनि तंग्रिन थालेको छ । पर्यटकको आगमन बढेको छ । आन्तरिक पर्यटक पनि देशभित्रकै विभिन्न ठाउँमा पुग्न थालेका छन् । होटल रेस्टुराँ भरिभराउ देखिन थालेका छन् । त्यसले केही आर्थिक गतिविधि बढाएको छ । र अर्थतन्त्रलाई चलायमान बनाएको छ । अरु सूचकका हिसाबले पनि अवस्था अनुकूल बन्दै गएको छ । लक्ष्यअनुसार राजस्व उठ्न नसके पनि गतवर्षको भन्दा बढेको छ । निर्माण क्षेत्र र उपभोगसँग जोडेर हेर्दा आयात पनि बढेको छ । हाम्रो अपेक्षा भनेको आयात कम होस् र निर्यात बढी होस् भन्ने हो । तर नेपाल अझै पनि निर्माणाधीन अवस्थामा छ । उपभोग्य वस्तुमा पनि आत्मनिर्भर भइनसकेको अवस्थामा कति आयात भयो भन्ने कुराले यहाँ आर्थिक गतिविधि कसरी

चलिरहेका छन् र उपभोग घटे-बढेको सङ्केत गर्छन् । यद्यपि, कतिपय आयात औपचारिक बाटो (फर्मल च्यानल) बाट नभई चोरी निकासी भएर आएको भन्ने छ । आयात प्रतिबन्धको समयमा लुकीछिपी प्रवेश गरिरहेका वस्तु अझै पनि रोकिएका छैनन्, चोरी निकासी भएरै आइरहेका छन् भन्ने सुनिएको छ । त्यसलाई रोक्न हामीले अधिकतम कोसिस गरिरहेका छौं ।

जग्गा कारोबार लामो समय बन्द थियो । यस क्षेत्रमा धेरै लगानी भएको छ । जुन स्वस्थकर होइन । धेरै लगानी भएका कारण घरजग्गाको मूल्य पनि अस्वाभाविक रूपमा बढेको थियो । तर पछिल्लो समय कित्ताकाँट बन्द हुँदा र अरु आर्थिक गतिविधि खुम्चिँदा जग्गाको कारोबार पनि घट्न गएको हो । कारोबार खुम्चिएपछि यस क्षेत्रका लगानीकर्ताले नाफा कमाउने र अरु क्षेत्रमा लगानी गर्ने अवस्था बन्न सकेन, जसकारण अरु आर्थिक गतिविधिमा पनि त्यसको प्रभाव देखियो । अहिले जग्गाको कित्ताकाट खुलेको छ । बजारमा बिस्तारै पुँजी प्रवाह बढ्दै जाँदा घरजग्गा कारोबारमा पनि सुधार हुँदै गएको छ । त्यसबाट पनि अर्थतन्त्र सकारात्मकतातर्फ गएको बुझ्न सकिन्छ । यद्यपि हामी जम्मै लगानी घरजग्गा क्षेत्रमा होस् भन्ने चाहँदैनौं । उत्पादन क्षेत्रमा लगानी बढ्न आवश्यक छ । तर यो क्षेत्रमा फसेको लगानी कारोबार बढ्दा अरु क्षेत्रतर्फ स्थानान्तरित हुन सकोस् भन्ने हिसाबले केही खुकुलो र सहज बनाउने कोसिस भइरहेको छ ।

सेयर बजारमा थोरै-थोरै रकममा भए पनि धेरै नेपालीको लगानी छ । एक समय सेयर बजार पनि निकै माथि गएको थियो, जुन सधैं बढेको बढ्यै हुने भन्ने हुँदैन । आर्थिक मन्दी देखिएको, अर्थतन्त्र समस्यामा गएको भन्ने जस्ता भाष्य (न्यारेटिभ) लगायत कारणले यो क्षेत्रमा लगानीकर्ताको उत्साह कम देखिएको छ । पुँजीबजारमा लगानी गरेर प्रतिफल लिन सकिन्छ भन्ने हिसाबले लगानीकर्ताले मनोबल बनाउन सकेका छैनन् । केन्द्रीय बैंकको कसिलो मौद्रिक नीति तथा निर्देशन र बैंकिङ क्षेत्रलाई कारोबारमा गरेको कडाइका कारण पनि केही प्रभाव देखिएको छ । केन्द्रीय बैंकका कतिपय निर्णय आवश्यक होलान्, कतिपय हामीले सुधार गर्दै जानुपर्नेछ । केही व्यवस्था खुकुलो भइसक्दा पनि सेयर बजार बढ्न सकेको छैन । धेरै लगानीकर्ताले भविष्यमा बजारको परिवेश कतातिर उन्मुख छ, कुनमा लगानी गर्दा मुनाफा लिन सकिन्छ अथवा सकिँदैन भन्ने विश्लेषणबिनै लगानी गरेका छन् । अर्कोतर्फ हामीमा चाँडै हौसिने र चाँडै निराश हुने प्रवृत्ति छ । पछिल्लो परिवेशमा लगानीअनुसार प्रतिफल नआएपछि र बैंक ब्याजदर पनि घट्न नसकेपछि लगानीकर्ता अप्ठ्यारोमा छन् । त्यसले नयाँ लगानीकर्तालाई पनि निरूत्साहित गरेको छ । नकारात्मक प्रचार, पहिले ऋण लिएका व्यक्तिको समस्या देखेर नयाँ लगानीकर्तामा पनि नकारात्मक धारणा बनेको छ । उपभोक्तामा पनि नकारात्मकताको प्रभाव परेको छ ।

'हामीले अहिले खर्च गरिहाल्यौं भने पछि के हुने हो' भन्ने धारणा उपभोक्तामा बनेको छ । यसरी उपभोक्ता र लगानीकर्ता हिच्किचाएका कारण केही समस्या देखिएको हो । अर्कोतर्फ बैंकिङ कर्जा विस्तार हुन नसकेको र महँगो ब्याजदरको स्थिति थियो । तर बिस्तारै कर्जाको माग बढ्दै गएको छ भने ब्याजदर पनि एक अंकमा झरेको छ । विगतमा परिस्थिति सहज हुँदा धेरै कर्जा विस्तार भएको थियो । त्यो पैसा घरजग्गा तथा सेयर बजारमा गएको थियो ।

केही समस्याका बाबजुद सकारात्मक सूचक देखिन थालेका छन् । तर नागरिकको अपेक्षा तत्काल राम्रो हुनुपर्ने, सुधार हुनुपर्ने भन्ने छ । अर्थतन्त्रमा लामो समयदेखि थुप्रिएका समस्या समाधान गर्न र सकारात्मक बाटोतिर गएर ठोस परिणाम आउन समय लाग्छ । सामाजिक सञ्जालको प्रयोग बढ्दै जाँदा नकारात्मक कुराले बजारमा बढी चर्चा पाएका छन् । कतिपय सकारात्मक कुरा पनि ओझेलमा छन् । निजी क्षेत्रले बिस्तारै अर्थतन्त्र सुधार हुँदै गएको भन्न थालेका छन् । नकारात्मक टीकाटिप्पणीका कारण लगानीकर्ता र उपभोक्तामा आत्मविश्वास घटेका कारण अर्थतन्त्र चलायमान हुन सकेन भनेर निजी क्षेत्रले पनि बुझ्दै गएको छ । त्यसकारण हामी सकारात्मक 'न्यारेटिभ्स'मा जानुपर्छ । अर्थतन्त्रबारे सकारात्मक भाष्य बन्न सक्यो भने आत्मविश्वास पनि बढ्छ । आत्मविश्वास बढेपछि पुँजी चलायमान हुन्छ । सकारात्मक कुरा गर्नुपर्छ भन्दै गर्दा त्यसका आधार पनि सिर्जना भएका छन् ।

हाम्रो राज्य संरचनामा पनि केही समस्या छन् । खर्च प्रणालीमा समस्या छ । समयमा खर्च नहुने परिपाटी चिर्न सरकारले पहल गरिरहेको छ । चालु आर्थिक वर्षको बजेटमा पनि सुधारका विभिन्न कार्यक्रम राखिएका छन् । आयोजनामा समयमा ठेक्का लाग्ने र ठेक्का लागिसकेपछि निर्बाध रूपमा समस्यारहित भएर काम अगाडि बढ्न सकोस् भनेर बजेटमा व्यवस्था गरिएको छ । कतिपय नियामक, संवैधानिक निकाय र अन्य निकायबाट पनि केही अवरोध जस्तो देखिन पुगेको छ । कर्मचारी संयन्त्र निर्णय गर्न हिच्किचाउने अवस्था छ । सामान्य काम गर्दा पनि भोलिका दिनमा प्रश्न उठ्ला भनेर कर्मचारीले निर्णय गर्न नमान्ने अवस्था सिर्जना भएको छ । यी र यस्तै कारणले हामीले कतिपय निर्णय प्रक्रिया छिटो गर्न खोज्दाखोज्दै पनि हुन सकेका छैनन् । तर यी यावत् समस्यामा पनि सुधार आउँछ, ठेक्का प्रक्रिया अघि बढ्छन् र खर्च हुन्छ भन्ने अपेक्षा छ । पहिल्यै दायित्व सिर्जना भइसकेको र निर्माण व्यवसायीलाई भुक्तानी गर्न बाँकी बक्यौता भुक्तानी भइसकेको छ । बिस्तारै त्यो पुँजी पनि बजारमा प्रवाह हुन्छ । जहाँ-जहाँ समस्या छन्, काममा ढिलासुस्ती, निर्णय प्रक्रियामा आनाकानी, रोकावटको प्रवृत्ति त्यागेर सबैले आ-आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ । जिम्मेवारीको सीमाबाहिर गएर काम नगर्ने तर प्राप्त गरेको जिम्मेवारी प्रयोग गर्ने बाटोमा जाँदा अर्थतन्त्र अघि बढ्छ । हामी जो-जो जुन-जुन जिम्मेवारीमा छौं, त्यो निर्वाह गर्न सकेका छैनौं ।

वैदेशिक सहायताको अवस्था हेर्दा यो पनि सकारात्मक दिशातर्फ गइरहेको छ । दीर्घकालमा नेपालको अर्थतन्त्रमा यसले योगदान पुर्‍याउँछ भन्ने लागेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक, एसियाली विकास बैंकलगायत बहुपक्षीय विकास साझेदार संस्थामार्फत कस्तो खालको सहयोग कुन-कुन क्षेत्रमा लिने भनेर हामी आफै स्पष्ट हुन जरूरी छ । हाम्रो आवश्यकताअनुसार मात्रै वैदेशिक सहयोग लिने निष्कर्षमा हामी पुगेका छौं । विभिन्न मित्रराष्ट्रले पनि सहयोग गरिरहेका छन् । उहाँहरूसँग पनि हामी त्यही किसिमबाट प्रस्तुत भइरहेका छौं । कस्तो ऋण लिने ? कुन सर्तमा लिने ? जस्ता विषयमा हामीले आफ्नै प्राथमिकता र आवश्यकता निर्धारण गरेका छौं । त्यस्तै जलवायु परिवर्तनको अहिलेको जुन सन्दर्भ छ, त्यसबाट हामी बढी प्रभावित भएका छौं । कार्बन उत्सर्जनमा हाम्रो भूमिका न्यून भए पनि जलवायु परिवर्तनको असर हामीले बढी खेपिरहेका छौं । अन्तर्राष्ट्रिय समुदायलाई हामीले नवीकरणीय ऊर्जादेखि लिएर जलवायु अनुकूलित विकास कार्यका लागि सहुलियत दरमा सहयोग गर्नुपर्छ, अनुदान सहयोग गर्नुपर्छ भनेर बुझाउन सफल भएका छौं । त्यसलाई उहाँहरूले पनि स्वीकार गर्नुभएको छ । विश्व बैंक माथिल्लो अरूण जलविद्युत् आयोजनामा लगानी गर्न तयार भएको छ । यो ठूलो लगानी हो । त्यस्तै एसियाली विकास बैंक दूधकोशी जलविद्युत् आयोजनामा लगानी गर्न चाहिरहेको छ । दातृ निकाय र विकास साझेदारबाहेक अरु निजी क्षेत्रबाट आउने प्रत्यक्ष वैदेशिक लगानीलाई पनि हामीले सहजीकरण गरिरहेका छौं । कहाँ-कहाँ कमीकमजोरी छ भन्ने पहिल्याएर नीतिगत, कानुनी र व्यावहारिक रूपमा त्यसलाई हटाउँदै

गएका छौं ।

केही समयअघि मात्र लन्डनमा लगानी सम्मेलन हुँदा लगानीकर्ताको निकै राम्रो सहभागिता देखियो । हामीले समन्वयात्मक रूपमा लगानीको वातावरण सहज बनाउन जरूरी छ । ढिलासुस्ती हुने, अनेकौं बाधा, अड्चन, झन्झट हटाउने र हाम्रो मानसिकतामा पनि सुधार गर्न सक्ने हो भने लगानी आउँछ । बाह्य लगानी नआई हाम्रो आफ्नै स्रोतले यहाँको आर्थिक स्थितिलाई धेरै माथि उठाउन सकिँदैन । गैरआवासीय नेपालीलाई पनि नेपालमा लगानीका लागि अनुरोध गरिरहेका छौं । बिस्तारै लगानी पनि आउन थालेको छ । गैरआवासीय नेपालीलाई आर्थिक र सांस्कृतिक अधिकारसहितको नागरिकता दिने निर्णय सरकारले गरेको छ । यसबाट पनि लगानी बढ्ने अपेक्षा छ । आगामी वैशाख पहिलो सातातिर अन्तर्राष्ट्रिय लगानी सम्मेलन गर्ने सरकारको तयारी छ । लगानी सम्मेलनअघि हामी विभिन्न तयारीका कार्यक्रम गर्दै छौं । लगानीकर्ताको के-कस्तो अपेक्षा छ र हामीकहाँ कुन क्षेत्रमा लगानीको सम्भावना छ भनेर विस्तृत रूपमा हेरेर लगानी गर्ने वातावरण बनाउँदै छौं ।

नेपालको अर्थतन्त्रका मुख्य चार इन्जिन छन्– जलविद्युत्, सूचना प्रविधि, पर्यटन र कृषि । कार्बन विस्थापन गर्ने जलविद्युत् र नवीकरणीय ऊर्जा नेपालको अर्थतन्त्रलाई गति दिने महत्त्वपूर्ण क्षेत्र हो । यो क्षेत्रमा बिस्तारै लगानी बढिरहेको छ । भारतले १० हजार मेटावाटसम्म बिजुली किन्ने प्रतिबद्धता जनाएको छ भने बंगलादेश पनि बिजुली किन्न तयार भएको अवस्थामा नेपालका जलविद्युत् आयोजनामा लगानी गर्न अन्तर्राष्ट्रिय समुदाय इच्छुक देखिएको छ । आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमार्फत व्यापार घाटा कम गर्न यो महत्त्वपूर्ण क्षेत्र हो । यसले पेट्रोलियम पदार्थको आयात कम गर्छ भने अर्कोतर्फ शून्य कार्बजन उत्सर्जनको अवधारणाअनुसार स्वच्छ ऊर्जाको प्रयोग र बिजुली निर्यातसमेत हुन्छ ।

अहिले युवाहरू सूचना प्रविधिका क्षेत्रमा आकर्षित भइरहेका छन् । थोरै पुँजीले व्यवसाय सुरू गर्न सकिने भएकाले यस क्षेत्रमा राम्रो सम्भावना छ । उच्चशिक्षाका लागि विदेशिने क्रम बढिरहेको छ । नेपालभित्रको जनशक्ति यहीं अडाइराख्न सूचना प्रविधि क्षेत्रबाट सम्भव छ । यो क्षेत्रको प्रवर्द्धनका लागि सरकारले चालु आर्थिक वर्षको बजेटमार्फत अरु क्षेत्रको भन्दा आयकर ५० प्रतिशत कम हुने व्यवस्था गरेको छ । सूचना प्रविधि क्षेत्रमा अहिले हजारौं युवा लागिरहेका छन् । निर्यात पनि भइरहेको छ । हामीले यहाँ लगानी ल्याउन थप पहल गर्छौं ।

पर्यटन अर्को सम्भावित क्षेत्र हो । दुई ठूला देशको बीचमा रहनुको फाइदा हामीले लिन सक्नुपर्छ । कमजोर पूर्वाधार हाम्रो समस्या हो । पर्यटकीय सम्भावना भएका अधिकांश ठाउँमा सडकलगायत पूर्वाधार राम्रा छैनन् । जटिल भौगोलिक अवस्था र धेरै पछि मात्र विकासको प्रक्रिया सुरू गरेकाले नेपालको सडक पूर्वाधार अझै विकास हुन सकेको छैन, त्यसकारण पूर्वाधार क्षेत्रमा लगानीको पर्याप्त सम्भावना छ भनेर हामीले अन्तर्राष्ट्रिय समुदायलाई पनि विश्वस्त बनाउन खोजिरहेका छौं । विदेशी लगानीकर्तालाई पूर्वाधारका क्षेत्रमा लगानी गर्न आग्रह गरिरहेका छौं । विभिन्न पर्यटकीय केन्द्र र उत्पादन केन्द्रलाई बाह्रै महिना जोड्ने सडक पूर्वाधार निर्माणमा हुन आवश्यक छ । यो हुनेबित्तिकै अरु क्षेत्रमा पनि लगानी बढ्दै जान्छ । पर्यटन क्षेत्रबाटै हामीले आर्थिक गति लिन सक्छौं ।

कृषिमा आधारित व्यवसाय हाम्रो अर्थतन्त्रको अर्को महत्त्वपूर्ण क्षेत्र हो । ठूलो जनसंख्या कृषिमा निर्भर छ । फरक खालको भौगोलिक र जलवायु अवस्था भएकाले जडीबुटी, फलफूल र अरु नगदेबालीको ठूलो सम्भावना छ । यसलाई व्यावसायिक खेतीमा लैजानुपर्नेछ । गाँजा खेतीको सम्भावनाका लागि कार्यदल बनेको छ । विदेशबाट सीप सिकेर फर्किएका नेपालीले कृषि उपज उत्पादनमा लगानी गर्न थालेका छन् । यसलाई हामीले प्रवर्द्धन गर्नुपर्छ । यी सबै सम्भावनालाई दृष्टिगत गरी सकारात्मक मनस्थितिका साथ सबै राजनीतिक दल, नागरिक समाज, कर्मचारीतन्त्र, निजी क्षेत्र एकाकार भएर अर्थतन्त्र सुधारमा लाग्नुपर्छ ।

मौद्रिक नीतिबाट अझै केही समस्या देखिइरहेका छन् भने त्यसलाई खुकुलो बनाउन अर्थ मन्त्रालयले निरन्तर भनिरहेको छ । केही काम पनि भएको छ भने केही हुने क्रममा छ । वित्त क्षेत्रमा देखिएका असहजता कम गर्दै जान वित्त नीति र मौद्रिक नीति दुवैतर्फबाट पहल हुन्छ । वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयनमा गर्ने मुख्य जिम्मेवारी सम्बन्धित मन्त्रालय र विभाग छन् । अर्थ मन्त्रालयले प्राथमिकता निर्धारण गर्ने, बजेट विनियोजन गर्ने र आवश्यक समन्वय गर्ने मात्रै हो । जुन-जुन निकायले जे काम गर्नुपर्ने हो, त्यसको नतिजा प्राप्त गर्न अधिकतम प्रयास गर्न जरूरी छ । विभिन्न कार्यविधि बनाउने, कानुन बनाउने कुरामा सरकारले काम गरिरहेको छ । राजस्व प्रशासन सुधारका लागि उच्चस्तरीय कार्यदल बनेको छ । अहिले राजस्वको संरचना परिवर्तन हुन थालेको छ । विगतका वर्षमा पेट्रोलियम गाडीमा धेरै कर लाग्ने गरेकामा अब बिस्तारै विद्युतीय गाडीको प्रयोग बढ्न थालेको छ । विद्युतीय गाडीमा कम कर छ ।

अनलाइन व्यवसाय बढिरहेका छन् । यसलाई करको दायरामा ल्याउन सकिएको छैन । सामाजिक सञ्जाल करको दायरामा आउन सकेका छैनन् । हाम्रा सरकारी संस्थानलाई कसरी व्यवस्थापन गर्ने भनेर काम भइरहेको छ । निजीकरण गर्दा कुन मोडलमा जाने भनेर हेरिरहेका छौं । सरकारी स्थामित्वका संस्थान र उद्योगधन्दा सञ्चालनका लागि निजीकरणको नयाँ मोडलमा जान खोजिरहेका छौं । अब जमिनको स्वामित्व राज्यकै हुने र जग्गासमेतको निजीकरणमा जान हुँदैन । सरकार आफैंले सञ्चालन गरेको उद्योग व्यवसाय राम्रो भएको धेरै देशमा देखिएको छ । जग्गाको स्वामित्व सरकारकै हुने गरी लिजको मोडालिटीमा कसरी निजीकरणमा जान सकिन्छ भनेर हेरिरहेका छौं ।

हामीसँग पर्याप्त वन पैदावार छ । काठ कुहिएर गएको छ । यसको व्यवस्थापनका लागि कसरी जान सकिन्छ भनेर अध्ययन भएको छ । व्यावसायिक रूपमा लैजान सकिने, आम्दानी पनि हुने र हाम्रो वन पनि यथावत् रहने गरी हामी काम गरिरहेका छौं । कृषि क्षेत्रमा जमिन खण्डीकरणको समस्या छ । जो व्यावसायिक कृषि उद्यममा लाग्छन्, उनीहरूलाई भाडामा जग्गा उपलब्ध गराउने गरी सरकारले काम गरिरहेको छ ।

अर्थतन्त्र सुधारका लागि हामी सबै मिलेर साझा मिसनका साथ अघि बढ्यौं भने लक्ष्य प्राप्त गर्न सकिन्छ । एउटा मन्त्रालय वा निकायले भनेर मात्रै केही हुँदैन । सबै मन्त्रालय, निकायको समन्वय र सहकार्य अत्यावश्यक छ । निजी क्षेत्रसँग त सधैं सहकार्य गरिरहेकै छौं । नेपालमा धेरै काम गर्न बाँकी हुनाले सम्भावना पनि बढी छन् । बाहिरभन्दा यहाँ सम्भावना बढी छ । सूक्ष्म दृष्टिले हेर्ने हो भने यहाँ सम्भावना पहिचान गर्न सकिन्छ । त्यसका लागि राज्य सहयोगी हुनुपर्छ र सहज वातावरण बनाइदिनुपर्छ । हामीमा भएका कमीकमजोरी हटाएर विश्वासको वातावरण बनाउँदै जाने हो । काम रोकेर शक्ति देखाउने होइन, त्यो शक्ति कामलाई सहज बनाउन केन्द्रित गर्नतर्फ लाग्नुपर्छ ।

*- महत अर्थमन्त्री हुन् ।*

# KAILASH HELICOPTER SERVICES

## SERVICES WE OFFER



Human Sling



Sightseeing Tour



Medical Evacuation



Cargo Sling



Pilgrimage Tour




Hunting Flight

For More: +977 9801908301/02/03 operation@kailashheli.com www.kailashheli.com

Kailash Helicopter Services "The Spirit of Nepal"

# घराशायी हुँदै नेपाली मिडिया

पत्रकारिता क्षेत्रमा परेको संकटको निराकरण गैरजिम्मेवार पत्रकारिता, व्यावसायिक घरानाको चाटुकारिता वा अझ उद्दण्ड भयदोहन होइन । पत्रकार आफैंले अझ जिम्मेवार, निडर, निष्पक्षता र लोभरहित पत्रकारिता नगरी सरकारले अनुकूलका नियम र कानुन बनाइदिए तापनि तिनको सहारामा मात्र पत्रकारिता अड्न सक्दैन ।



प्रतीक प्रधान

आजको दिन कुनैपनि पत्रिका उठाएर हेर्नुभयो भने तपाईंलाई माया लाग्छ । मूलधारका र ठूलो आर्थिक हैसियत बनाएका ठूला मिडियाको अवस्था यस्तो दयनीय छ कि यहाँ नाम नलिँदै सबैले त्यस्ता पत्रिकाको मरन्च्यासेस्वरूपको कल्पना गर्न सक्छन् । सबैजसो दैनिकमा कार्यरत पत्रकारले निरन्तर तलब पाउनु आश्चर्यको कुरा भइसकेको छ । तलब दिनेले पनि या त मान्छे घटाएका छन् या अरु सेवा र सुविधा ।

राम्रो कुरा के हो भने छापा माध्यममा अब थप लगानीकर्ता भने डुब्ने अवस्था छैन किनभने यो माध्यममा नयाँ लगानी आउने क्रम बन्दजस्तै भएको छ । यस्तो अवस्थामा सरकारी पत्रिका गोरखापत्रले भने आर्थिक रूपमा राम्रै गरेको देखिन्छ ।

टेलिभिजनको अवस्थाको धेरै बयान गर्नु पर्दैन । यसै पनि धेरैजसो टेलिभिजन च्यानलहरूले स्थापना कालदेखि नै आर्थिक सङ्कटको सामना गर्दै आएका थिए । सरकारी र अरु एक, दुई च्यानलबाहेक अरु सबै स्टेसनलाई हरेक महिना पत्रकार र कर्मचारीको तलबको जोहो गर्न हम्मे हम्मे पर्दै आएको थियो, अहिले अवस्था थप नाजुक बनेको छ । स्याटेलाइटको पैसा तिर्न नसकेर प्रसारण बन्द हुने अन्तिम बिन्दुमा पुग्दै, सकी नसकी उठ्दै टेलिभिजन च्यानल सञ्चालन भइरहेका छन् । यति हुँदा पनि अहिले करिब २०० टेलिभिजन च्यानल दर्ता छन् र १०० भन्दा बढीले केही न केही कार्यक्रम प्रसारण पनि गरिरहेका छन् । यस्तो अवस्थामा पनि नयाँ च्यानल खोल्ने, केही महिना चलाउने र त्यसपछि फत्रक-फत्रक परेर बाँच्ने चलन चलिनै रहेको छ । एक अनुमान अनुसार टेलिभिजन च्यानलका बाहेक काठमाडौंमा मात्रै अहिले करिब तीन/चार सय नयाँ स्टुडियो बनेका छन् र तिनले क्यामरा, मिक्सचरदेखि अनेक उपकरणमा अर्बौं रुपैयाँ बराबरको देशको विदेशी मुद्रा बाहिर पुऱ्याएका छन् । यो सबै खर्च युट्युबमा भिडियो बनाएर पैसा कमाइन्छ भन्ने अपरिपक्व ज्ञानका कारण भइरहेको छ । यो क्रम अझै पनि रोकिएको छैन ।

रेडियो यति बग्रेल्ती भए कि कसैलाई पनि कुनै पनि रेडियो स्टेसनको ब्यान्ड थाहा हुन छाडिसक्यो । इन्टरनेटमा एप मार्फत सबै रेडियो सबैतिर बज्नसक्ने अवस्था भएपछि रेडियोको संख्या पनि बढेर गयो । केही पत्रकारले जागिर पनि पाए । तर, अहिले धेरै रेडियोको अवस्था एउटा स्टुडियो, एउटा मेनेजर, एउटा पत्रकार, एउटा टेक्निसियन र एउटा पियन बन्न पुगेको छ । तर, प्रायः सबै स्टेसनका मालिक भने अनगन्ती छन् । सबैले रेडियोमा पैसा लगायो भने मिडिया मालिक बनिन्छ प्रहरी र प्रशासनलाई थर्काउन पाइन्छ, आफ्नो अन्य पेसालाई सहयोग हुन्छ भन्ने बुझेर पैसा लगाए । अहिलेको अवस्थामा सबैको लगानी डुबेको छ, फाइदा केही पनि पाएका छैनन् ।

उल्लेखित समाचार माध्यमलाई पुराना, परम्परागत मिडिया मान्दै आफूलाई नयाँ प्रविधिको नयाँ माध्यम भन्दै करिब एक दशकदेखि डिजिटल प्लेटफर्म प्रयोग गर्ने डट कम मिडिया च्याउसरी उम्रिए । सूचना विभाग र प्रेस काउन्सिल नेपालमा दर्ता भएका अनलाइन मिडियाको संख्या चार हजार नाघिसकेको छ । कोरोनाको समस्याअघि यो मिडियामा लागेका केही दर्जन संस्थाले आर्थिक रूपमा राम्रै गर्दै गएका थिए । तर, करिब एक डेढ वर्षदेखि डिजिटल माध्यमबाट

मात्र पत्रकारिता गर्ने संस्था सबैमा ग्रहण लागेको छ ।

समग्रमा भन्दा अहिले नेपाली पत्रकारिता क्षेत्र नराम्ररी आर्थिक समस्याको भुमरीमा फँसेको छ र यसबाट बाहिर निस्कने निकट सम्भावना देखिएको छैन ।

## सङ्कटका कारण

पत्रकारितालाई पेसा बनाएर मिडिया उद्योगमा लागेका छापा, रेडियो, टेलिभिजन र डिजिटल माध्यम सबै यसरी एकै पटक धरासायी हुने अवस्थामा पुग्नुका पछाडि धेरै कारण छन् । यी कारणलाई मुख्यतः बाह्य र आन्तरिक कारणका रूपमा छुट्याएर समीक्षा गर्न सकिन्छ ।

बाह्य कारणको मूल कारक सूचना प्रविधिको विकास नै हो । तीन-चार सय वर्षदेखि चल्दै आएको छापा माध्यमको व्यापकतालाई ११० वर्षअघि सुरु भएको रेडियो प्रविधिले खासै विस्थापन गर्न सकेन । यी दुई माध्यमलाई सन् १९४० देखि सुरु भएको टेलिभिजन समाचारले विस्थापन गर्छ भन्ने धेरैलाई लागेको थियो तर त्यो पनि भएन ।

गएको आधा शतक छापा, रेडियो र टेलिभिजन तीनै थरीका समाचार सम्प्रेषणका माध्यम आपसमा सहयोग र प्रतिस्पर्धा गर्दै चले । तर, इन्टरनेटको व्यापकता र डिजिटल माध्यमबाट अक्षर, स्वर र भिडियो सबै एकैसाथ पढिने/देखिने/सद्रनिने भएपछि पारम्परिक मिडियालाई असर पार्ने अवस्था आएको भनिएको थियो । त्यही ढङ्गमा प्रभाव नपारे पनि अहिले सबै प्रकारको मिडिया नराम्ररी प्रभावित भएका छन् ।

सन् १९८० देखि अनलाइन न्युजपेपरको जन्म भयो । यस माध्यमले व्यापकता पाउँदै गर्दा पनि बिसौं शताब्दीको अन्त्यसम्म डिजिटल माध्यमका समाचार माध्यमले यसका पूर्वज माध्यमलाई विस्थापन गर्छ भन्ने देखिएको थिएन । तर, स्मार्ट फोनको व्यापकता र त्यस्ता फोनमा सामाजिक सञ्जालको बढ्दो प्रयोगले भने मिडिया उद्योगको मूलभूत ढाँचामा नै प्रहार गर्‍यो । जुन डिजिटल समाचार माध्यमले पारम्परिक माध्यमलाई विस्थापन गर्छ भन्ने विषयमा छलफल हुँदै थियो त्यो अवस्थामा नै अचानक ठूलो परिवर्तन आयो । सामाजिक सञ्जालको व्यापकताले डिजिटल माध्यमका समाचार संस्थाहरूलाई नै पारम्पारिक मिडियाको श्रेणीमा धकेलिदियो ।

सामाजिक सञ्जालको व्यापकताले हरेक व्यक्ति आफैमा समाचार संस्थासरह भयो । व्यक्तिका मनमा लागेको कुरा उसले फेसबुक, एक्स (पहिलेको ट्विटर), इन्स्टाग्राम, युट्युब, टिकटक जस्ता माध्यमबाट प्रभावशाली ढङ्गले अभिव्यक्त गर्न सकेको खण्डमा एकैपल्ट लाखौँ व्यक्तिसम्म पुग्नसक्ने भयो, भाइरल हुने भयो ।

प्रविधिको विकासले गर्दा अब समाचार सङ्कलन गर्न संवाददाता नचाहिने भयो । कुनै पनि सूचनामा पहुँच भएको व्यक्ति सामाजिक सञ्जाल मार्फत आफै सूचना उपभोक्तासम्म पुग्नसक्ने भयो । उसले कुनै पत्रकार खोजिरहनु परेन । उसको सूचना कतिसम्म सम्प्रेषण गर्ने कति नगर्ने भन्ने सम्पादकीय विवेकको कुनै स्थान रहेन । उपभोक्ता आफैले कुन सूचना ग्रहण गर्ने, कुन नगर्ने र आफूलाई इच्छा लागेको कुन समाचारलाई फैलाउने भन्ने निर्णय गर्नसक्ने भयो ।

अर्थात्, समाचार उत्पादनकर्ताबाट सिधै उपभोक्तासम्म पुग्यो । अनि उपभोक्ता फेरि आफै त्यो सामग्रीको सहायक उत्पादनकर्तासरह अरु उपभोक्ताकोमा पुऱ्याउन सक्ने भयो । अहिलेका पाठकलाई के समाचार, के विचार र के विश्वसनीय समाचार के अविश्वसनीय केही फरक थाहा हुन छाड्यो । आफूले हेर्‍यो, चित्त बुझे विश्वास गर्‍यो, नबुझे नगर्‍यो । पत्रकारले गर्ने समाचारको चयन र सम्पादकले प्रयोग गर्ने विवेकको समाचार उत्पादन र सम्प्रेषणमा कुनै स्थान नै रहेन ।

यस्तो अवस्थामा पनि पत्रकारिता, संवाददाताको समाचार चयनको कुशलता र सम्पादकको समाचारलाई कति महत्त्व दिने, कस्तो शीर्षक राख्ने र कुन आयतनमा सम्प्रेषण गर्ने भन्ने क्षमताको महत्त्व छ र रहनेछ । किनभने जसरी कुनै पनि भीडलाई कुन बाटोमा लग्ने, कति उग्र बनाउने वा कति प्रभावकारी बनाउने भन्ने निर्णय कुनै सक्षम नेताले गर्नसक्छ त्यसैगरी सूचना, विचार र समाचारलाई पनि सम्बद्ध विज्ञले दिएको महत्ताले प्रभाव पार्नसक्छ । तर, यहाँनिर आइदियो आर्थिक कारण वा भनौँ विज्ञापन ।

विज्ञापनको विषय आन्तरिक र बाह्य दुवै कारणका रूपमा व्याख्या गर्न सकिन्छ । यस विषयमा बृहत् छलफल चाहिन्छ । लेखको अन्त्यतिर यस विषयमा केही विचार पस्कने गरी अहिले अन्य आन्तरिक कारणको समीक्षा गरौँ ।

आन्तरिक कमजोरी नभई बाह्य कारणले मात्र नेपालको मिडिया आजको अवस्थामा पुग्ने थिएन । त्यसैले आन्तरिक कारणको समीक्षाले पनि किन धराशायी हुँदैछन् नेपाली मिडिया भन्ने प्रश्नलाई सम्बोधन गर्नसक्छ ।

नेपाली पत्रकारिताले आफ्नो विश्वसनीयता गुमाउँदै जानु नै यस उद्योगको सबैभन्दा प्रमुख कमजोरी हुन पुग्यो । विश्वसनीयता गुमाउनुमा दुई अवगुण प्रमुख रहेको देखिन्छ । पहिलो, पत्रकारले आफ्नो पेसालाई आफैमा साध्यका रूपमा नहेरी नयाँ-पुराना, सिनियर-जुनियर सबैले साधनको रूपमा मात्र हेरे । दोस्रो, पत्रकारितालाई आर्थिक उपार्जनको साधन र सामाजिक प्रतिष्ठा तथा अन्य व्यवसायको ढालका रूपमा हेर्नेको प्रवेश ।

पत्रकारिता आफैमा साध्य हो कि केवल कुनै लक्ष्यमा पुग्ने साधन मात्र ? कुनै पनि व्यक्ति पत्रकारितामा लाग्दा उसले पत्रकारिताका माध्यमबाट समाज परिवर्तनको सपना देख्छ कि यस क्षेत्रमा नाम कमाएर राजनीतिमा लाग्ने, अन्तर्राष्ट्रिय संस्थामा जागीर खाने, आफ्नो व्यापार गर्ने सोच राख्छ ?

पत्रकारमा राजनीतिक अभीष्ट हुनु नै अहिले पत्रकारिताको दुर्गतिको प्रमुख कारण हो । हुनत विसं २०४७ सालको आन्दोलनअघि पत्रकारहरू राजनीतिक रूपमा सचेत नभएका भए हामीले प्रजातन्त्र देख्नै नपाउने हुनसक्थ्यो । त्यस्तै, विसं २०६१ सालमा तत्कालीन राजा ज्ञानेन्द्रले प्रजातन्त्र मासेर एकतन्त्रीय शासनको सुरुवात गर्दैगर्दा पत्रकारहरू निष्पक्ष भएर बस्नुपर्छ भनेको भए २०६२/६३ सालको आन्दोलन र लोकतन्त्र सफल नहुन सक्थ्यो ।

नेपाली पत्रकारले लोकतान्त्रिक समाजको निर्माण, विधिको शासन, समावेशी, संघीयता आदिको पक्षमा कलम नचलाएको भए २०७२ सालमा जनताको संविधान आउन सम्भव नहुन सक्थ्यो । तर, त्यति भन्दै गर्दा उल्लेखित विषयको समर्थनमा कलम चलाउनु आफै राजनीतिमा लागेको भन्ने होइन । लोकतान्त्रिक अधिकार, जनताका आर्थिक-सामाजिक अधिकार, अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रताका विषयमा कलम चलाउनु पत्रकारको व्यावसायिक धर्म हो ।

तर, राजनीतिक अभीष्ट पाल्नु र कुनै राजनीतिक दलको भातृ संस्था खोलेर आफूलाई पत्रकार हुँ भन्नु चाहिँ निश्चित रूपमा पत्रकारको व्यावसायिक धर्म विपरीत कार्य हो । यस विषयमा योभन्दा बढी लेखिराख्नु पर्दैन, बुझ्नेलाई इसारा नै काफी ।

पत्रकारिताको राजनीतिकरण नेपाली पत्रकार र पत्रकारिता क्षेत्रले विश्वसनीयता

गुमाउनुको प्रमुख कारण हो तर सम्पूर्ण कारण भने होइन । यो पेसामा लागेर जसरी पनि आर्थिक रूपमा सफल हुनका लागि भयदोहन (ब्ल्याकमेल) गर्नु अर्को प्रमुख कारण हो ।

डिजिटल माध्यममा कुनै पनि पत्रिका खोल्नु र चलाउनु सहज बनेर गएपछि पत्रकार आफै मालिक हुन खोज्नु अस्वभाविक होइन तर संस्था चलाउन नसकेपछि राम्रो पत्रकार वा सम्पादक पनि व्यापारीलाई धम्क्याउने, तर्साउने वा फकाउने काममा लाग्न थाले । छापा, रेडियो र टेलिभिजन माध्यमले उकुसमुकुस पारेको अवस्थामा डिजिटल माध्यमको प्रवेशपछि धेरै पाठकमा नेपाली मिडियाप्रतिको आस्था झनै द्रुत गतिमा सकिएर गयो ।

व्यापारीको स्वार्थका लागि जे सुकै लेखिदिने मात्र नभई उसको प्रतिस्पर्धीको विषयमा बिनाप्रमाण जेसुकै लेख्न पनि नेपाली पत्रकार उद्यत देखिए । यस्ता कार्यले नेपाली पत्रकारिताको विश्वसनीयतालाई भिरबाट खसाल्ने काम भयो ।

पत्रकारहरू विदेशी दूतावासका निकट पात्र हुने, दूतावासबाट नियमित रूपमा आर्थिक सहयोग लिने, नेपालको हितभन्दा मित्रराष्ट्रहरूको हित पक्षपोषण गरेर फाइदा लिने परिपाटीले पनि पत्रकारिताको आवाज सशक्त, विश्वसनीय र जनमुखी हुन सकेन । धेरै भुइँफुट्टा पत्रकार नेपालको प्रधानमन्त्रीसँग भेट्दाभन्दा कुनै विदेशी राजदूतसँग पाँच मिनेट गफ गर्दा आफूलाई विशेष व्यक्ति सम्झन्छन् । यसले यिनको मानसिकताको परिचय आफै दिन्छ । तर, तिनले यो व्यवसायलाई पारेको दुष्प्रभाव भने बढेर गयो, जसको निराकरण सहज छैन ।

ठूला मिडिया हाउसले कुनै पनि उद्योग-व्यवासयलाई धम्क्याएरै गोल्डेन सेयर लिने, आर्थिक पत्रकारले सेयर बजारलाई उँचनिच पार्ने प्रकारका भ्रामक समाचार प्रकाशित गरेर आफै ठूलो लगानीकर्ता बन्ने आदि अनेक कारण छन् नेपाली मिडिया अहिलेको अवस्था पुग्नका लागि ।

राजनीतिक दलले पनि नेपालको पत्रकारितालाई कहिल्यै निरपेक्ष रूपमा नहेर्नु यस उद्योगका लागि समस्या भयो । हरेक राजनीतिक दल र त्यसका हरेक नेताले सबै पत्रकार र समाचार संस्थालाई कुनै न कुनै रूपमा आफ्नो वा अर्काको भनेर निकट वा परको व्यवहार गर्छन् ।

आफूलाई वा आफ्नो कार्यशैली आलोचना गरेको विषयलाई कुनै पनि नेताले स्वस्थ

> नेपाली मिडियामा जाने धेरै विज्ञापन अहिले सामाजिक सञ्जाल र गुगलमा गइरहेको छ । यो अवस्था कायमै रहेमा चाँडै नै नेपालमा स्वतन्त्र र व्यावसायिक मिडियाको उपस्थिति शून्यप्रायः हुने अवस्था छ । यसका लागि सरकारले तुरुन्तै सशक्त कदम चाल्नु पर्दछ ।

रूपमा ग्रहण गर्दैनन् । त्यस मिडियालाई आफ्नो प्रतिस्पर्धीले पैसा खुवाएर लेखायो भन्ने आरोप लगाएर आफ्नो कमजोरी लुकाउँछन् । तर, त्यस्तो प्रतिक्रियाले नेपाली पत्रकारिताप्रति जनता र कार्यकर्तामा कस्तो प्रभाव पर्छ भन्ने विषयमा रत्तिभर वास्ता गरेको देखिँदैन ।

पत्रकार सबै कसै न कसैको एजेन्ट हुन् भनेर सोच्नमा नयाँ पुस्ताका नेता एक कदम अगाडि देखिएका छन् । यसका दुई उदाहरण काठमाडौं महानगरका मेयर बालेन र राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने हुन् । मेयर बालेन शाह कुनै पनि पत्रकार वा पत्रिकालाई विश्वास गर्दैनन् । आफ्नो एक एजेन्ट डिजिटल मिडियाबाहेक पत्रकारलाई महत्त्व दिनुपर्छ र समाजलाई सही बाटोमा डोऱ्याउन पत्रकारिताको जरूरत हुन्छ भन्ने विषयमा यिनलाई विश्वास पनि छैन र यिनको त्यति ज्ञान पनि पुग्दैन ।

पत्रकारिता नै गरेर राजनीतिमा प्रवेश गरेका रास्वपाका अध्यक्ष रवि लामिछानेले त आफूले पत्रकारिता छोड्दै गर्दा यो पेसालाई नै निकृष्ट देखाएर गए । उनको नागरिकताको विषयमा पत्रकारले प्रश्न उठाएको रिसमा पुरै पत्रकारितामाथि लामिछानेले जुन प्रकारको विष बमन गरे त्यसको व्यावसायिक र निष्पक्ष पत्रकारिताले निकै ठूलो घाटा बेहोर्नु परेको छ ।

## सङ्कटमोचन

पत्रकारिता क्षेत्रमा अहिले देखिएको समस्याको निराकरण खोज्नु पहिले नेता, उद्यमी, व्यवसायी, कर्मचारी र सर्व साधारण जनताले के बुझ्नु पर्छ भने जसरी हरेक क्षेत्रमा राम्रो र नराम्रो दुवै थरीका मानिस हुन्छन् त्यस्तै पत्रकारितामा पनि दुवै थरिका पत्रकार छन् । हामीले गलत प्रवृत्तिका व्यक्तिलाई निरूत्साहित गर्दै सही प्रवृत्तिलाई सहयोग र समर्थन गर्न नसक्ने हो भने देशमा के सही र के गलत भनेर बोल्नसक्ने जमात सकिन्छ ।

पत्रकारितालाई गुण र दोषको आधारमा मूल्याङ्कन गर्ने र सही पत्रकारिता गर्ने संस्था वा व्यक्तिलाई शासनको चौथो अङ्गको रूपमा सशक्त बनाउने कार्य सहजै र तुरुन्तै प्राप्त गर्न सकिने उद्देश्य होइन । अहिले धराशायी हुँदै गरेको मिडियालाई बचाउने हो भने यो पेसा बचाउने सबैभन्दा मुख्य आधार विज्ञापनलाई कसरी बाहिरिन नदिने भन्ने विषयमा सोच्न जरूरी देखिएको छ ।

नेपाली मिडियामा जाने धेरै विज्ञापन अहिले सामाजिक सञ्जाल र गुगलमा गइरहेको छ । यो अवस्था कायमै रहेको खण्डमा चाँडै नै नेपालमा स्वतन्त्र र व्यावसायिक मिडियाको उपस्थिति शून्यप्रायः हुने अवस्था छ । यसका लागि सरकारले तुरुन्तै सशक्त कदम चाल्नु पर्दछ ।

केही समय अघिसम्म पनि कसैले पनि सामाजिक सञ्जालमा विज्ञापन गराउनु परेको अवस्थामा बढीमा ५०० डलरसम्म सटही सुविधा पाउने व्यवस्था थियो । अहिले सो व्यवस्था कायम छँदै छ, अझ केही विज्ञापन एजेन्सीलाई सामाजिक सञ्जालमा विज्ञापन पठाउन १५ प्रतिशत कर र १५ प्रतिशत अतिरिक्त शुल्क लगाएर जति पनि डलर सटही सुविधा दिने काम सरकारको निर्देशनमा नेपाल राष्ट्र बैंकले गरिरहेको छ । यो व्यवस्थामा यथोचित सुधार नगर्ने हो भने नेपालको विज्ञापन बजारमा यही आर्थिक वर्षभित्र खडेरीको अवस्था देखिने आँकलन गरिएको छ ।

सामाजिक सञ्जालमा विज्ञापन जानै

हुँदैन भन्ने ढिपी अहिलेको अवस्थामा तर्क सङ्गत हुँदैन । तर, नेपालीले विदेशमा कति मेहनत गरेर कमाएको विदेशी मुद्रालाई सहजै विदेशिन दिनु पनि हुँदैन, त्यो पनि नेपालका विज्ञापन एजेन्सी, पत्रकार र पत्रकारितामा संलग्न धेरैको रोजगारीलाई धरापमा पारेर । त्यसैले यसरी जाने विज्ञापनमा १५ प्रतिशत करका अतिरिक्त कम्तीमा ५० प्रतिशत शुल्क लगाइएमा केही विज्ञापन नेपालका पत्र-पत्रिकाका लागि सुरक्षित हुनसक्थे ।

त्यसबाहेक, नेपालका ठूला विज्ञापनदाता र उद्योगलाई विदेशी मिडियामा गरेको विज्ञापनलाई कर प्रयोजनको खर्चमा नमान्ने नियम लागु गरेमा पनि नेपाली मिडियाका लागि सरकारले ठूलो गुण लगाउँथ्यो ।

मिडिया उद्योगमा लगानी गर्नका लागि पनि केही सर्त लगाउनु अनिवार्य जस्तो देखिन्छ । यस विषयमा सरकारले अध्ययन टोली नै गठन गरेर मिडिया क्षेत्रमा लगानी गर्नका लागि कस्तो सर्त राख्ने भन्ने विषयमा छिट्टै नियम र कानुन बनाउनुपर्ने देखिएको छ । अहिले, अनलाइन मिडियाबाहेक अन्य मिडियामा धेरै लगानी नहुने अवस्थालाई ध्यानमा राख्दै यस्तो मिडियामा प्रवेशलाई नियमन गरिनु अत्यावश्यक छ ।

सरकारले स्वरोजगार मिडिया भनेर पाँच जनासम्मको संस्थालाई सहजै दर्ता गर्ने र प्रेस पास दिने नियम बनाएको छ । स्वरोजगार मिडिया सञ्चालन गर्न चाहने संस्थाको कम्तीमा तीनजनाको पत्रकारितामा दश वर्षको अनुभव हुनुपर्ने व्यवस्था गर्ने हो भने पनि अन्य पेसाबाट केवल प्रेस पास प्राप्त गर्न र कर्मचारीलाई धम्क्याउनका लागि पत्रिका खोल्नेको भिड कम हुनसक्थ्यो ।

**नेपालको संविधानले अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति गरेको छ । तर, अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रता एउटै कुरो होइन ।**

पत्रकारितालाई स्वच्छ र निष्पक्ष बनाउन प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रतामा केही विभेद छन् भन्ने विषय सर्वसाधारणलाई बुझाउन पनि अत्यन्त जरूरी भइसकेको छ ।

सबैको हात हातमा सामाजिक सञ्जाल मार्फत समाचार फैलाउने क्षमता भएको यस युगमा कस्तो समाचार व्यक्तिले दिन पाउने र के नपाउने भन्ने विषयमा स्पष्ट व्यवस्था हुनु पर्दछ ।

नेपालको संविधानले अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति गरेको छ । तर, अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रता एउटै कुरो होइन । आफूलाई परेको मर्का, समस्या वा विचार अभिव्यक्ति गर्न पाउनु संवैधानिक स्वतन्त्रता अन्तर्गत पर्छ होला तर अरूको विषयमा टिप्पणी, कुनै घटनाको समाचार वा समाजलाई असर पार्ने विषय अभिव्यक्ति स्वतन्त्रतामा नपर्न सक्छ । अभिव्यक्ति स्वतन्त्रताले नसमेटेको सूचना र समाचार सम्प्रेषण गर्न प्रेस वा पत्रकारले मात्र पाउँछन् भन्ने व्यवस्था स्पष्ट हुनुपर्दछ । अहिले यस विषयलाई केवल विद्युतीय कारोबार ऐन २०६४ ले मात्र सम्बोधन गरेको देखिन्छ । यो कानुनमा समयानुकूल परिमार्जन आवश्यक छ ।

अन्त्यमा, नेपालको पत्रकारिता क्षेत्रमा परेको सङ्कटको निराकरण गैरजिम्मेवार पत्रकारिता, व्यावसायिक घरानाको चाटुकारिता वा अझ उद्दण्ड भयदोहन होइन । पत्रकार आफैले अझ जिम्मेवार, निडर, निष्पक्षता र लोभरहित पत्रकारिता नगरी सरकारले अनुकूलका नियम र कानुन बनाइदिए तापनि तिनको सहारामा मात्र पत्रकारिता अड्न सक्दैन ।

*- प्रधान नेपाल आर्थिक पत्रकार समाजका संस्थापक अध्यक्ष हुन् ।*



# आर्थिक कूटनीतिको मार्गचित्र र पर्गेल्नुपर्ने मुद्दा

परराष्ट्र र पर्यटन मन्त्रालयमा कार्यरत रहादा अनि लामो समय संसद्को नीति निर्माण गर्ने ठाउामा बस्दाको अनुभव र पहिचान गरिएका समस्याका आधारमा मैले निकालेको निष्कर्ष हो– हाम्रो समग्र राजनीतिक-प्रशासनिक ढााचा र कार्यशैली व्यवसायीमैत्री छैन । र व्यवसायीलाई उत्साहित, प्रोत्साहित र सम्मानित गर्ने संस्कार छैन ।



प्रदीपकुमार ज्ञवाली

विश्वव्यापीकरण र आपसी आर्थिक अन्तरनिर्भरताले हरेक देशको कूटनीतिभित्र आर्थिक कूटनीतिलाई प्रभावकारी बनाउने अभिभारा थपिदिएको छ । संसारको अर्थतन्त्र अन्तरआबद्ध बन्दै उत्पादन तथा वितरण शृंखला र एउटै आर्थिक प्रवाहमा बग्न थालेका कारण कुनै पनि देशले एक्लै र एकाङ्गी रूपमा अघि बढ्न सम्भव हुँदैन । मुलुकका आर्थिक नीति भू-अर्थनीति, विश्वव्यापी अर्थतन्त्रको प्रवाहसँग अपरीहार्य रूपमा जोडिनुपर्छ । त्यसकारण नेपालले केही वर्षयता आर्थिक कूटनीतिलाई आफ्नो कूटनीतिको महत्त्वपूर्ण अंगका रूपमा नीतिगत रूपमा अंगीकार गर्दै आएको छ ।

आर्थिक कूटनीतिभित्र पाँच कुरा पहिचान गरिएको छ । पहिलो, नेपाल हालसम्म अल्पविकसित श्रेणीमै भएका कारणले हाम्रा लागि वैदेशिक आर्थिक सहायता (ओडीए) परिचालन गर्नु आर्थिक कूटनीतिको महत्त्वपूर्ण पक्ष हो । यद्यपि पछिल्ला वर्षमा त्यसको सम्भावना खुम्चिँदै गएको छ । सन् २०२६ मा विकासशील मुलुकमा स्तरोन्नति भएपछि नेपालले विकसित देशहरूबाट पाउने सुविधा र आर्थिक सहायता क्रमशः कटौती हुँदै जानेछ । तर पनि नेपाल वैदेशिक आर्थिक सहायताको हक राख्छ । वैदेशिक सहायताको प्रभावकारी परिचालनका लागि नेपालका विदेशस्थित कूटनीतिक नियोग र देशभित्रका परराष्ट्र, अर्थ र उद्योग तथा वाणिज्य मन्त्रालय क्रियाशील हुने गरी केही ढाँचा निर्माण गरिएका छन् ।

आर्थिक कूटनीतिको अर्को महत्त्वपूर्ण पाटो प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन प्रभावकारी पहल गर्नु हो । सन् २०१९ को दोस्रो अन्तर्राष्ट्रिय लगानी सम्मेलन प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने सन्दर्भमा कोसेढुंगा बन्न सक्ने सम्भावना थियो । तर दुर्भाग्यवश कोभिड १९ महामारीको लहर सुरु भएको तथा देशभित्र बन्न लागेको लगानीको वातावरणमा राजनीतिक अस्थिरताको छाया परेकाले त्यति बेला लगानी प्रतिबद्धता जनाएका विदेशी लगानीकर्ता हच्किने परिस्थिति बन्यो । तैपनि त्यति बेला प्रतिबद्धता जनाउने लगानीकर्तालाई निरन्तर प्रोत्साहन गर्दै गए ऊर्जा, पर्यटन, पूर्वाधार आदि क्षेत्रमा विदेशी लगानी भित्र्याउन सक्ने सम्भावना जीवितै छन् ।

नेपालका लागि आर्थिक कूटनीतिको तेस्रो पाटो स्वाभाविक रूपमा पर्यटन हो । विदेशस्थित नेपालका कूटनीतिक निकायले नेपालका पर्यटन गन्तव्यहरूको ब्रान्डिङ, मार्केटिङ, आवश्यक सूचना प्रवाह गर्ने र नेपाल घुम्न आउन पर्यटकलाई प्रोत्साहित गर्नु जरूरी छ । यसै सन्दर्भमा सन् २०२० लाई नेपाल भ्रमण वर्ष घोषणा गरिएको थियो । तर दुर्भाग्यवश यसलाई पनि कोभिड महामारीले असर गऱ्यो । महामारीको मोचनपछि पर्यटनले बिस्तारै फेरि लय समात्न थालेको देखिएको छ । विदेशस्थित नेपालका कूटनीतिक निकायले पर्यटन प्रवर्द्धनका लागि प्रभावकारी काम गरे भने पर्यटनले नयाँ सम्भावनाको ढोका खोल्न सक्छ । केही वर्षभित्रै कम्तीमा ५० लाख विदेशी पर्यटक भित्र्याउने योजनाका साथ आर्थिक कूटनीति परिचालन गरिनुपर्छ ।

आर्थिक कूटनीतिअन्तर्गत ध्यान दिनुपर्ने चौथो महत्त्वपूर्ण विषय निर्यात व्यापारको प्रवर्द्धन हो । नेपालका केही उत्पादन छन्, जुन विदेशी बजारमा रूचाइन्छन् । नेपालको हस्तकला, परिस्मना, गलैंचा, चिया, कफी र अलैंची जस्ता

वस्तुको बजार सम्भावना विदेशमा छ । तिनलाई बाह्य मूल्यशृंखलामा जोड्न सके मध्यपूर्वका देशमा नेपालको ताजा तरकारी फलफूल र हिमाली स्प्रिङवाटरले बजार लिन सक्छ । यस्तो निर्यातले नेपालको उच्च व्यापार घाटा घटाउन पनि मद्दत गर्छ । त्यस्तो विदेशी बजारको पहिचान गर्ने, निर्यात व्यापारका लागि भएका कानुनी र संरचनागत जटिलता हटाउने, निर्यात उद्यमीलाई प्रवर्द्धन गर्ने, उनीहरूका लागि सम्बन्धित देशका सरकारी र निजी क्षेत्रसँग जोडिदिने पहलकदमी हाम्रा सरकारी निकायहरूले गरिदिनुपर्छ ।

आर्थिक कूटनीतिको पाँचौं महत्त्वपूर्ण पाटो विदेशमा रहेको नेपालको जनशक्तिको परिचालनबाट लिन सकिने लाभ हो । झन्डै ५० लाख नेपाली संसारका विभिन्न कुनामा छरिएर बसेका छन् । यसमध्ये राम्रो ज्ञान, सीप र दक्षता तथा स्रोत आर्जन गरेको ठूलो पंक्ति पनि छ । नेपालको विकासका लागि गैरआवासीय नेपाली महत्त्वपूर्ण सहयोगी बन्न सक्नेमा संशय छैन । नेपालको संविधानले पनि उनीहरूलाई देश विकासको सारथिकै रूपमा पहिचान गरेको छ । गैरआवासीय नेपालीसम्बन्धी कानुनी संरचना बनेर उनीहरूलाई नागरिकता दिने काम पनि सुरू भएको छ । त्यसैले प्रवासी नेपालीले विदेशमा रहँदा हासिल गरेको ज्ञान, सीप र सामर्थ्य, आर्जन गरेको स्रोत साधनलाई नेपालको विकासमा कसरी सहज ढंगले प्रवाह र परिचालन गर्न सकिन्छ भन्ने विषय आर्थिक कूटनीतिको महत्त्वपूर्ण पक्ष हो ।

> **अहिलेको निर्वाचन प्रणालीले मिलिजुली सरकार बनाउनुपर्ने बाध्यता भए पनि विदेश नीति, आर्थिक कूटनीति र राष्ट्रिय सुरक्षाका विषयमा साझा धारणा बनाउन सकिन्छ । यी विषयमा राजनीतिक अस्थिरताको प्रभाव नपर्ने गरी, सरकार फेरिदा पनि नीति नफेरिने गरी साझा संकल्प नै गर्न जरुरी छ । अन्यथा नेपालको अवसर लिने समय हातबाट चुहिएर जान सक्छ ।**

## प्रभावकारितामा प्रश्न

परराष्ट्र र पर्यटन मन्त्रालयमा कार्यरत रहँदा अनि लामो समय संसद्को नीति निर्माण गर्ने ठाउँमा बस्दाको अनुभव र पहिचान गरिएका समस्याका आधारमा मैले निकालेको निष्कर्ष हो– हाम्रो समग्र राजनीतिक-प्रशासनिक ढाँचा र कार्यशैली व्यवसायीमैत्री छैन । र व्यवसायीलाई उत्साहित, प्रोत्साहित र सम्मानित गर्ने संस्कार छैन । कहीँ न कहीँ व्यवसायीलाई हतोत्साही बनाउने प्रवृत्ति यथावत् छ । कुनै व्यापारिक-औद्योगिक घराना नेपालमा लगानी गर्न आए रातो कार्पेट ओछ्याएर स्वागत गर्ने, उद्योग स्थापना गर्न सहजीकरण गर्ने, निश्चित समय कर छुट र सहुलियत दिने जस्ता प्रोत्साहनमुखी काम गर्न सकिएको छैन । भलै विदेशी लगानी प्रवर्द्धन गर्न केही कानुनी सुधारसहित लगानी बोर्ड तथा औद्योगिक प्रवर्द्धन बोर्ड जस्ता संरचना पनि नबनाइएका होइनन् । तर हाम्रो कार्यशैली र चिन्तन प्रणालीमा रहेका कैयौं कमजोरी हटाउन सकिएको छैन ।

विदेशी लगानीकर्ता आउनेबित्तिकै जिम्मेवार तहमा बसेका व्यक्तिको ध्यान देशलाई के लाभ हुन्छ भन्ने होइन, फाइदा अघि बढाए मलाई के लाभ हुन्छ भन्नेमा छ । लगानीकर्तासँग दोहन गर्ने मानसिकता तथा रेड टेपको सिकार भएर नेपालमा लगानी गर्न चासो राखेका कतिपय बहुराष्ट्रिय कम्पनी पन्छिएरै गए । नाइजेरियाको डांगोटे समूह त्यसको उदाहरण हो । लामो समयदेखि टेलिकम क्षेत्रमा रणनीतिक साझेदारीका लागि जापानी कम्पनीसँग छलफल जारी भए पनि टुंगोमा नपुग्नु वा इलेक्ट्रोलाइसिस अर्थात् पानी र विद्युत्बाटै रासायनिक मल उत्पादन गर्ने प्रस्ताव गर्ने अस्ट्रेलियन कम्पनीलाई उत्साहित बनाउन नसक्नुले हाम्रो कमजोरी दर्साउँछ ।

नेपालको आन्तरिक उत्पादनको सामर्थ्यमा पनि प्रश्न छ । चीन र भारत निश्चय पनि नेपालका लागि ठूला र अनुकूल बजार सम्भावना हुन् । ठूलो जनसंख्या भएका ती मुलुकका बजारमा कुनै वस्तु पठाउँदा परिमाण पनि ठूलो चाहिन्छ । तर त्यो परिमाणमा सामान पठाउने क्षमता कम भएका कारण त्यहाँका आयातकर्ता नेपाली उत्पादनसँग ढुक्क हुन सक्ने स्थिति छैन । किनभने ठूलो बजारको माग थेग्न एकाध संख्याका वस्तु पर्याप्त हुँदैनन् ।

जिम्मेवार निकायहरूबीच समन्वयको अभाव पनि महत्त्वपूर्ण अवरोध हो । मुलुकको आर्थिक कूटनीति सञ्चालन गर्ने परराष्ट्र मन्त्रालय, आर्थिक सहायता परिचालन गर्ने अर्थ मन्त्रालय र व्यापारसँग जोडिने उद्योग वाणिज्य र आपूर्ति मन्त्रालयका काममा समन्वय नभएको देखिन्छ । कैयौं विषयमा यी निकाय एकाङ्गी ढंगमा अघि बढ्दा विवाद हुने, आवश्यक समन्वय नहुने, सम्झौता भइसकेपछि समस्या सिर्जना गरिने अवस्था आउँछ ।

अर्कातिर, नेपालले जस्ता व्यक्तिहरूलाई विदेशस्थित कूटनीतिक निकायहरूमा पठाइरहेको छ । उनीहरूको आर्थिक कूटनीतिसम्बन्धी क्षमता बढाउन सकिएको छैन । परराष्ट्र मामिला अध्ययन केन्द्रले नवनियुक्त राजदूतका लागि आर्थिक कूटनीतिसम्बन्धी तालिम दिने, निजी क्षेत्रसँग अन्तर्क्रिया गर्ने काम गर्छ । नेपालले ३५ देशको छुट्टाछुट्टै प्रोफाइल बनाएर ती देशसँग आर्थिक कूटनीतिको सम्भावनाका क्षेत्र पहिचान गर्न खोजिएको छ । तर समग्रमा हाम्रो कूटनीतिक संरचना आर्थिक कूटनीति सञ्चालन गर्ने गरी सक्षम नभइसकेको देखिन्छ ।

परराष्ट्र मन्त्रालयमा रहँदा हामीले 'ब्रेन गेन' सेन्टर भन्ने अवधारणा अघि ल्याएका थियौं । सधैं प्रतिभा पलायन भयो भनेर आलोचना गरेर मात्रै पुग्दैन । किनभने आप्रवासन विश्वव्यापी प्रक्रिया हो । यहाँ पर्याप्त अवसर दिन नसकेपछि मानिसहरू बाहिरिनु अस्वाभाविक होइन । त्यसलाई चुनौतीका रूपमा लिने कि अवसरका रूपमा ? अवसरका रूपमा लिन सकिन्छ भन्ने विश्वासका साथ विदेशका महत्त्वपूर्ण निकाय, विश्वविद्यालय, अनुसन्धान केन्द्रमा काम गर्ने बौद्धिक व्यक्तिको सूची तयार गरेर नेपालको नीति निर्माणमा उनीहरूको आबद्धताको सम्भावना खोज्ने प्रयास गरिएको थियो । नेपालको नीति निर्माणमा उनीहरूको ज्ञानलाई प्रयोग गर्ने, नीतिगत सुधारमा उपयोग गर्ने प्रयास गरिएको थियो ।

नेपाल जस्तो देशले सबै ठाउँमा कूटनीतिक निकाय स्थापना गर्न सम्भव हुँदैन । त्यसैले विभिन्न देशमा नेपालले

अवैतनिक महावाणिज्यदूत/वाणिज्यदूत नियुक्त गर्ने गरेको छ । उनीहरूको मुख्य दायित्व नै आर्थिक कूटनीतिलाई केन्द्रमा राखेर नेपालमा पर्यटन, वैदेशिक लगानी अभिवृद्धि गर्ने हो । यद्यपि यी सबै विषयलाई प्रभाव पार्ने अदृश्य विषय देशभित्रको राजनीति हो । देशभित्रको राजनीतिक अवस्थाले देशको छवि, लगानीका निम्ति आत्मविश्वास र आकर्षण दिन्छ ।

राजनीतिक स्थिरताको सन्दर्भमा, २०७४ को निर्वाचनपछि स्थिर सरकारको आश्वस्तताले पर्यटनको लय, वैदेशिक सहायता र लगानीको वृद्धि, आर्थिक साझेदारीलागयत विषयमा सकारात्मक प्रभाव पारेका थिए । जब देशमा राजनीतिक अस्थिरता सुरू भयो, त्यसले सरकार मात्रै अस्थिर भएन, नीतिगत अस्थिरता पनि सँगसँगै ल्याइदियो । त्यसको उदाहरण अमेरिकी सहायता परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) हो । अघिल्लो सरकारले सन् २०१७ मा गरेको एमसीसीसम्बन्धी सम्झौतालाई नेकपा एमाले सरकारमा आइसकेपछि पनि निरन्तरता दियो । सरकार अविच्छिन्न उत्तराधिकारीवाला संस्था भएको तथा दुई देशको सम्बन्ध जोडिने विषयमा सरकार फेरिएपछि नीति फेरिनुहुन्न भन्ने हाम्रो मान्यता थियो । तर यसलाई गिजोल्नसम्म गिजोलियो र नेकपा विभाजनको एउटा कारक बन्न पुग्यो । आखिरमा सम्झौता कार्यान्वयन गर्नु त रहेछ, किन गिजोलियो भन्ने प्रश्न यथावत् छ । त्यसले देशको विश्वसनीयता, अन्तर्राष्ट्रिय जगत्मा छवि भने धमिल्यायो । अहिले फेरि चिनियाँ परियोजना बेल्ट एन्ड रोड (बीआरआई) लाई त्यसैगरी विवादित बनाउन खोजिँदै छ ।

निश्चय पनि, नेपाल जस्तो देशले बाह्य सहायता परिचालन गर्दा त्यससँग जोडिएर आउने रणनीतिक स्वार्थप्रति पर्याप्त मात्रामा सजगता अपनाउनुपर्छ । तर स्वार्थहरू आउँछन् भनेर अन्य मुलुकसँग पृथक् बस्न सकिँदैन । बाह्य स्वार्थहरू पन्छाएर राष्ट्रिय हितमा साधनस्रोतको प्रयोग गर्ने क्षमता नै मुलुकको क्षमता मूल्यांकन गर्ने आधार हो । त्यसकारण, राजनीतिक अस्थिरता र त्यसले निम्त्याउने नीतिगत अस्थिरता मुलुकको कमजोरी बनिरहेको छ ।

## अगाडिको मार्गचित्र

प्रभावकारी आर्थिक कूटनीति सञ्चालनमार्फत आर्थिक विकासको बाटो कसरी पहिल्याउने भन्ने विषय पेचिलो छ । पहिलो, दृष्टिकोण परिवर्तन महत्त्वपूर्ण विषय हो । परम्परागत कम्युनिस्ट स्कुलिङ, जसले हरेक विदेशी सहायताप्रति नकारात्मक भाव राखेर प्रत्येक बिजुलीको लट्ठा वा गाडी गुड्ने सडकमा साम्राज्यवाद झुन्डिएर आउँछ भन्ने मान्यता राखिरहेको छ, त्यो संकीर्णता हट्नु आवश्यक छ । सँगसँगै, विदेशी सहायताबेगर केही गर्न सकिँदैन, देश र स्रोत सानो छ, त्यसकारण विदेशीका स्वार्थपूर्ण कुरालाई पनि आँखा चिम्लिइदिनुपर्छ भन्ने हीनताबोध र भक्तिभावबाट पनि मुक्त हुनुपर्छ । के राष्ट्रिय हितमा हो वा होइन भन्ने छुट्याउन नसक्ने स्थिति नियतसँग जोडिएको प्रश्न हो । अर्को, हाम्रो क्षमताको अभावको विषय हो । जुन खालको जटिल भूराजनीति र भू-अर्थतनीतिमा हामी जेलिएका छौं, आर्थिक प्रवाहलाई ठम्याउन सक्ने दृष्टि, वार्ता गरी विषयलाई टुंग्याउन सक्ने क्षमता र राष्ट्रिय हितलाई पहिल्याएर लाभ लिने सामर्थ्यको विकास जरूरी छ । त्यसैले, हाम्रो दृष्टिकोण परिवर्तन र अवधारणामा स्पष्टता नै सबैभन्दा आवश्यक कुरा हो ।

नेपालले सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकमा स्तरोन्नति गर्ने दीर्घकालीन सोच राखेको छ । मध्यम आयको मुलुकका रूपमा स्तरोन्नतिका लागि हरेक वर्ष १६-१७ अर्ब डलर लगानी गर्नुपर्छ । तर अहिले सरकारी, गैरसरकारी र निजी क्षेत्रको जोडेर बर्सेनि ११-१२ अर्ब डलर जति मात्रै लगानी छ । हरेक वर्ष ५-६ अर्ब डलर कम लगानी भइरहेको छ । त्यसमा पनि लगानी गरिएको रकमको सबै प्रतिफल आइरहेको छैन । यस हिसाबले नेपाल कहिल्यै माथि उक्लिन सक्दैन । त्यसले गर्दा, हामीलाई बढीभन्दा बढी आन्तरिक र बाह्य लगानी जुटाउनु आवश्यक छ । यससम्बन्धी सामर्थ्यलाई बढाउने दोस्रो आवश्यकता हो ।

तेस्रो, विदेशी लगानीको सहजताका लागि लगानी बोर्ड र औद्योगिक लगानी प्रवर्द्धन बोर्ड जस्ता संरचना बनाई पनि झन्झटरहित सेवा प्रवाह र लगानी प्रवर्द्धनमा अझै पनि थुप्रै काम गर्न जरूरी छ । जो लगानी गर्न आउन चाहन्छन्, उनीहरूका लागि सहज र लगानीमैत्री वातावरण बनाइदिनुपर्छ । चौथो, आर्थिक कूटनीति सञ्चालन गर्ने परराष्ट्र मन्त्रालय मातहतका कूटनीतिक निकाय, अर्थ मन्त्रालय, वाणिज्य मन्त्रालयको क्षमता अभिवृद्धि एवं अन्तरमन्त्रालय समन्वय जरूरी छ । पछिल्लो समय वन तथा वातावरण मन्त्रालय यसमा जोडिन्छ । किनभने हामी जलवायु परिवर्तनको पीडित देश हौं, यसमा हामीलाई न्याय चाहिएको छ ।

पाँचौं कुरा, नेपालले निरन्तर सम्भावना र जोखिम दुवैको खोजी गर्नुपर्छ । रेमिट्यान्सले जसरी अर्थतन्त्रलाई अहिले टेको दिइरहेको छ, त्यो निकट भविष्यमा कायम नहुन सक्छ । श्रमको स्वरूपमा आइरहेको तीव्र परिवर्तन तथा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को बढ्दो विस्तारले शारीरिक श्रमको महत्त्व र आवश्यकता घटाउन सक्छ । जनशक्तिलाई सीप र सामर्थ्यवान् बनाउन नसकेका कारण विश्वव्यापी रोजगारी बजार नेपालीका लागि खुम्चने जोखिम छ । अर्कातिर, ठूलो आर्थिक शक्तिहरूबीचको द्वन्द्व र व्यापार युद्धले पनि भय निम्त्याएको छ । रूस-युक्रेन, इजरायल-प्यालेस्टाइन युद्धले विश्व अर्थतन्त्रमा कुनै पनि ठूलो जोखिम ल्याउन सक्छ । त्यसैले हामी एकदमै जोखिमयुक्त समयमा छौं । यो जोखिमसँग जुध्न हाम्रो सामर्थ्य कसरी बढाउने भन्ने अध्ययन गर्ने, आर्थिक कूटनीतिभित्र आइरहेको यो बदलावलाई पर्गेल्ने हाम्रो सामर्थ्य चाहिन्छ ।

सारमा, यी सबैका लागि देशभित्र राजनीतिक स्थिरता चाहिन्छ । अहिलेको निर्वाचन प्रणालीले मिलीजुली सरकार बनाउनुपर्ने बाध्यता भए पनि विदेश नीति, आर्थिक कूटनीति र राष्ट्रिय सुरक्षाका विषयमा साझा धारणा बनाउन सकिन्छ । यी विषयमा राजनीतिक अस्थिरताको प्रभाव नपर्ने गरी सरकार फेरिँदा पनि नीति नफेरिने गरी साझा संकल्प नै गर्न जरूरी छ । अन्यथा म के जोखिम देख्दै छु भने, नेपालको अवसर लिने समय हातबाट चुहिएर जान सक्छ । नेपालको जनसांख्यिक लाभ लिने समय आउने २०-२५ वर्ष हो । संसारको सबैभन्दा दोस्रो ठूलो अर्थतन्त्र उत्तरतिर र पाँचौं ठूलो अर्थतन्त्र दक्षिणतिर भएको मुलुकका लागि अवसर र जोखिम सधैं जोडिएर आउँछ । चीन र भारत एकाध दशकभित्र क्रमशः पहिलो र तेस्रो आर्थिक शक्ति बन्नेवाला छन् । त्यो स्थितिमा, नेपाल एउटा अल्प र न्यून विकसित अवस्थामा रहिरहनु मुलुकको राष्ट्रियता र सार्वभौमसत्ताका लागि समेत जोखिमको विषय हो । राष्ट्रियता त्यति बेला बलियो हुन्छ, जब अर्थतन्त्र सबल हुन्छ र अन्तरनिर्भरतामा बाँच्न सक्ने तहसम्म आर्थिक विकास हुन्छ । यो कुरालाई आर्थिक कूटनीतिले केन्द्रमा राखेर चल्नुपर्छ ।

*- ज्ञवाली पूर्वपरराष्ट्रमन्त्री हुन् ।*



सिटिजन्स
संरक्षित बचत खाता
सुरक्षित भविष्य
न्यूनतम मौज्दात रू.1000/-
नि:शुल्क चेक बुक
नि:शुल्क भिसा डेबिट कार्ड
नि:शुल्क मोबाइल तथा इन्टरनेट बैंकिङ्
बैंकका विभिन्न सेवाहरूमा ५0% छुट*
स्वास्थ्य बीमा
रू.५0,000 सम्मको
(२४ घण्टा अस्पताल भर्ना)
दुर्घटना मृत्यु बीमा
रू.५,00,000 सम्मको
* शर्तहरू लागु हुनेछ
Citizens Bank
Your Partner For Progress
www.ctznbank.com
सिटिजन्स बैंक
SWIFT: CTZNNPKA

# लगानी बढाउन उत्तरदायी कर्मचारीतन्त्र

सरकारपिच्छे र सचिवपिच्छे नीति परिवर्तन हुन्छन् । नीति परिवर्तन भए १० वर्षको योजना त कामै लाग्दैन अनि यस्तोमा कसले लगानी गर्न सक्छ ? त्यसैले त ६ महिनामा आयात गर्ने, अर्को १ महिनामा प्रशोधन गरेर बजारमा पठाउने र एक वर्षमा प्रतिफल हातमा पार्ने खालको औद्योगिक र व्यावसयिक चक्र निर्माण भयो ।



पशुपति मुरारका

नेपालको उद्यमशीलताको सुरूवात मिलबाट भएको हो । अलि ठूलो पुँजी र श्रमको संगठित परिचालन चामल, तेल र जुट मिलहरूबाट भएको थियो । त्यति बेलाको समयमा किसानले उत्पादन गरेका उपजलाई प्रशोधन गरेर बजारमा पठाउन खोलिएका ती मिल व्यवस्थित लगानीका माध्यम थिए । राजनीतिक व्यवस्था तथा समाजको अवस्थाले लगानी तथा उद्यमशीलतालाई त्यस्तै ठाउँमा राख्यो । तर जब २०४६ सालको राजनीतिक परिवर्तनपछि उदारीकरण सुरू भयो, त्यसपछि आधुनिक अर्थतन्त्रको सुरुवात भयो ।

पञ्चालयतकालसम्म रहेको लाइसेन्सराज, सरकारी संरक्षण र एकाधिकारवादको अन्त्य भयो । त्योसँगै कैयौं क्षेत्र खुला भए, अझ भनौं अधिकांश क्षेत्र खुला भए । यस्ता क्षेत्रमा जोखिम लिन सक्ने हरेक नागरिकलाई लगानी गर्न सक्ने वातावरण सिर्जना भयो । यही समयमा नेपालको इतिहासमा सबैभन्दा धेरै उद्योग व्यवसाय दर्ता भए । ती कति खुले र कति खुलेर पनि निरन्तर भएनन्, आफ्नो ठाउँमा छ । २०४६ सालपछिको इतिहास हेर्ने हो भने करिब साढे तीन दशकको समय हो, आधुनिक अर्थतन्त्रको सुरुवात भएको । यो बितेको अवधिमा जे-जति लगानी भयो, उद्योग खुले, त्यो सन्तोषजनक त पक्कै पनि होइन । तर यो हीनताबोध गर्नुपर्ने अवस्था पनि होइन ।

अर्थतन्त्रमा सबैभन्दा धेरै भरथेग गर्ने उत्पादनमूलक क्षेत्रमा भने जस्तो लगानी भएन । अझ भनौं, अर्थतन्त्रको विस्तारसँगै यो क्षेत्र विस्तार हुनुपर्नेमा अझ खुम्चिएर बस्यो । कुनै समय कुल गार्हस्थ्यय उत्पादनमा ९ प्रतिशत पुगेको यो क्षेत्र अहिले पाँच प्रतिशतभन्दा तल झरेको छ । रोजगारी सिर्जना तथा स्थिर पुँजी निर्माण साँघुरिन थालेको छ । यी तथ्यांक हेर्दा लगानीको अवस्था संकुचित भएको छ । वा हुनुपर्ने जति भएको छैन । तर सँगै केही क्षेत्रमा राम्रो पनि भएको छ । पछिल्लो समय विशेषगरी सेवा क्षेत्रमा केही लगानी बढिरहे जस्तो देखिन्छ र प्रगति पनि भएको छ । आन्तरिक उड्डयनको क्षेत्र, शिक्षा र स्वास्थ्यमा पनि राम्रो लगानी भएको छ । पछिल्लो समय पर्यटन र सूचना प्रविधिको क्षेत्रमा जुन लगानी भएको छ, यो सकारात्मक संकेत हो ।

अर्थतन्त्रको उत्पादकत्व नबढ्दा जुन संकट देखिएको छ, यसको मुख्य कारण भनेकै लगानीको संकट हो । निराशाजनक नभए पनि पर्याप्त नहुँदा अहिले जुन संकट अर्थतन्त्रमा देखिन थालेको छ, यसका पछाडि विगत ३० वर्ष अझ भनौं ऐतिहासिक रूपमै हाम्रोमा लगानी नहुँदाको परिणाम अहिले देखिन थालेको छ । उत्पादकत्व बढाउन आवश्यक दीर्घकालीन लगानी हुने वातावरण यो देशमा नराम्रोसँग बिथोलियो र समाज र प्रशासन पनि त्यस्तै निर्माण जसरी भयो, यसले गर्दा अवस्था यस्तो आयो ।

अर्थतन्त्रमा मूल्य अभिवृद्धि र रोजारी सिर्जना कसरी हुन्छ ? यसका लागि सकेसम्म आन्तरिक कच्चा पदार्थको उपयोग गरेर प्रशोधन गरेर उत्पादन गरिन्छ । यसका लागि ठूला मेसिन लाग्छन् । ठूलो जनशक्ति त्यो पनि दक्ष चाहिन्छ । समग्रमा भन्नुपर्दा यो प्रक्रिया अलि जटिल र दिगो हुन्छ । यो जटिल प्रक्रियाको न्यूनतम पहिलो चक्र नै पाँच वर्षको हुन्छ । अर्थात् कसैले अर्बौं लगानी गर्ने हो भने त्यसबाट साँच्चिकै प्रतिफल लिन पाँचसात वर्ष कुर्नुपपर्छ । पाँचसात वर्षसम्म लगानी मात्र गर्नुपर्ने यो जटिल प्रक्रियाले त्यसअनुसारको राजनीतिक, प्रशासनिक, न्यायिक र समाजिक व्यवस्थाको माग गर्छ । नेपाल कहिल्यै पनि लगानीको उर्वर देश बन्न नसक्नुका पछाडि यही सर्त पूरा भएन । फलस्वरूप थोरै पुँजी र जोखिम लिन सक्ने आँट भएका उद्यमी पनि तत्काल नाफा हुने क्षेत्रमा

आकर्षित भए । फलस्वरूप यो देशमा दिगो लगानी हुन सकेन ।

लगानीका लागि उत्प्रेरक नीति र व्यवस्था नुहुनका पछाडिको मुख्य कारण भनेकै राजनीतिक भयो । २०४६ सालमा जुन उदारीकरण सुरु भयो, त्यसको निरन्तरता त भयो । तर त्यो कुन अर्थमा ? नीति निर्माता र राज्य सञ्चालक नै स्पष्ट भएनन् । हरेकले आफ्नो अनुकूलतामा व्याख्या गर्न थाले । अर्थतन्त्र के साँच्चिकै उदार छ ? के लाइसेन्सराज नहुनु मात्र उदार अर्थतन्त्र हो ? यी प्रश्नका उत्तर कहिल्यै खोजिएन । यहाँ के ठानियो भने लाइसेन्स राज सकिनु उदार हुनु हो र त्यसबाहेक अरु आफ्नो सुविधाअनुसारको व्याख्या र बुझाइ भयो । यसले गर्दा सामाजिक तथा राजनीतिक अराजकता भयो ।

शासकीय व्यवस्थासँगै जोडिएर आउने भनेको नीतिगत अस्थिरता यति धेरै भयो कि कुरै छाडौं । कुनै एउटा विभाग, मन्त्रालयमा कर्मचारी फेरिएपिच्छे नीतिगत निर्णयमा ढिलाइ हुने । एउटाले सुरु गरेको अवधारणा अर्कोले अंगीकार नगर्ने मात्र होइन, नीतिगत निरन्तरताकै अभाव देखियो । कुनै पनि उद्योग वा सेवामूलक फार्म खोल्ने हो भने त्यसको कम्तीमा ५/१० वर्षको योजना हुन्छ । त्यस अवधिमा लगानी तथा प्रतिफलको योजना बनेको हुन्छ । ऋण परिचालनदेखि व्यापारसम्म, किस्ता भुक्तानीदेखि आम्दानीसम्मको हिसाब हुन्छ । त्यस्तो योजना बनाएर अर्बौं लगानी गर्नुपर्छ । तर यहाँ सरकारपिच्छे र सचिवपिच्छे नीति परिवर्तन हुन्छन् । यस्तो नीतिगत परिवर्तन भए १० वर्षको योजना त काम नै लाग्दैन अनि यस्तोमा कसले त्यत्रो लगानी गर्न सक्छ । त्यसैले त ६ महिनामा आयात गर्ने, अर्को १ महिनामा प्रशोधन गरेर बजारमा पठाउने र एक वर्षमा प्रतिफल हातमा पार्ने खालको औद्योगिक र व्यावसायिक चक्र निर्माण भयो । यस्तोमा लगानी पनि थोरै हुने भयो र राज्यले राजस्व त पायो । तर देशको औद्योगिक चक्र भने बनेन । यो नीतिगत अस्थिरताको दुश्चक्रमा देश नराम्रोसँग फसेको छ ।

जस्तो पछिल्लो समय वन तथा वातावरणसम्बन्धी कानुनमा राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनालाई वनको भोगाधिकार दिने भन्ने व्यवस्था छ । पहिले राष्ट्रिय योजना आयोगले कुनै पनि उद्योगलाई राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना भनेर सिफारिस गरिदिएपछि वन मन्त्रालयले अनुमति दिन्थ्यो । तर पछिल्लो समयको प्रशासनिक नेतृत्वले भने उद्योगलाई आयोजना मान्न नसकिने भन्दै त्यस्तो अनुमति रोकिएको छ । नियम, कानुन उही तर एउटा कर्मचारी फेरिँदा

**समग्रमा हामीले खोजेको लगानीको वातावरण बनाउन सबैभन्दा पहिला कर्मचारीतन्त्रलाई जिम्मेवार बनाउनुपर्छ । काम नगर्नेलाई उन्मुक्ति दिनुहुँदैन । सकरारले गर्ने भनेको सुरक्षा, विदेश नीति र राजस्वमा मात्र काम गर्ने हो । सबैभन्दा पहिला हामी उदार अर्थतन्त्रमा छौं भन्ने बोध सबैमा हुनुपर्छ ।**

गएको एक वर्षदेखि यो काम रोकिएको छ ।

नीति निर्माण र शासकीय अवस्थामै हाम्रो यति धेरै समस्या छन्, जसका कारण लगानी उत्प्रेरित हुन सकेको छैन । हाम्रोमा उदारीकरणपछि जसरी लगानीको वातावरण बन्नुपर्ने थियो, त्यो नबन्नुमा सुरुमै देशमा द्वन्द्व भयो । त्यो द्वन्द्वको व्यवस्थापनकै नाममा पहिलो २० वर्ष गयो । त्यसबीचमा नयाँ सुधार र उत्साहभन्दा पनि भएकैलाई कसरी जोगाउने भन्नेमै सबैको ध्यान गयो । त्यसपछिको समयमा पनि हाम्रो राजनीतिक नेतृत्व प्रायः आन्दोलनबाट आएको मात्र भयो । यो यस्तो नेतृत्व भयो कि उसले भनेपछि भयो । आफूले भनेपछि विज्ञ, सल्लाहकार र सरोकारवाला कसैको राय नचाहिने भयो । ब्युरोक्रेसी पनि त्यसकै लहलहैमा लाग्यो । यही कारणले गर्दा समग्रमा राजनीति र राज्यको नजरबाट निरन्तरको बहिष्करण निरन्तर छ ।

समग्रमा राज्यकै सहयोगी र उत्प्रेरक भूमिका नहुँदा लगानी गर्दा कोही पनि खुसी छैनन् । अहिले जतिले गरेका छन्, यीमध्ये धेरैजसोको कि विरासत एकातिर अर्कोतिर नेपालबाट बाहिर जान मिल्ने अवस्था छैन । त्यसैले पनि गरिरहेका छन् । जस्तो हाम्रोमा न्यायपालिकाले जसरी काम गर्छ, त्यसले गर्दा कानुनी शासनलाई ग्यारेन्टी गर्दैन । कम्तीमा लगानी र उद्यमशीलताको कोणबाट कानुनी शासनको भरोसा दिने काम भएको छैन । सरकार र व्यवसायीबीच जुनसुकै समयमा विवाद हुन सक्छ । त्यस्तो विवाद हुँदा न्याय पाउनुपर्छ । न्याय पाउने ग्यारेन्टी छैन भने त्यस्तोमा लगानी जोखिममा परिहाल्छ । हाम्रोमा ठीक यस्तै छ ।

नेपालमा कुनै पनि औद्योगिक र व्यावसायिक विवाद भएको अवस्थामा दुई वटा समस्या छन् । एउटा समय हो । जस्तो पुँजीसँग जोडिएको मुद्दाको छिनोफानो हुन १० वर्ष लाग्यो भने मुद्दा नै जिते पनि उद्योगी घाटामा जान्छ । १० वर्षमा उसले मूल्यवृद्धिका कारण त्यो रकम जति हो, उति नै गुमाइसक्छ । कतिपय मुद्दा त १५ वर्षदेखि विचाराधीन हुन्छन्, त्यो समयसम्म त कति उद्योग नै बन्द भइसक्छन् । यस्तोमा कसरी न्यायको आश गर्ने ? अर्कोतिर भनेको अर्थतन्त्र, उद्यमशीलता र पुँजीको जटिल प्राविधिक चक्रलाई राम्रोसँग व्याख्या गर्न सक्ने जनशक्तिकै अभाव न्यायालयमा देखिन्छ । त्यसले गर्दा पनि कतिपय अवस्थामा फैसला नै प्रभावित हुने अवस्था आउँछ ।

न्यायालयसँगै हाम्रो शासन संयन्त्रको अर्को कमजोरी भनेको अख्तियार दुरूपयोग अनुसन्धान आयोग हो । धेरैले निजी क्षेत्रका मान्छेहरूले अख्तियारको विरोध गर्छन् भनेर सतही टिप्पणी गर्दै हिँडेको देखिन्छ । तर खासमा अख्तियारले प्रभावकारी काम नगर्दा नै निजी क्षेत्रको विकास र विस्तार अवरूद्ध भएको हो । उसले जसरी काम गर्नुपर्ने, त्यसरी नगर्दा नै लगानीको वातावरण नबेको हो । जस्तो कुनै पनि उद्योग स्थपाना वा लगानी विस्तारका लागि विभिन्न थरी सरकारी अनुमति लिनुपर्छ । पहिलो कुरा त यस्तो अनुमतिलाई एकद्वार बनाउनैपर्छ भन्ने सामान्य प्रशासनिक सुधार नै पर्‍यो । त्यसपछि भनेको त्यस्ता अनुमति रोकिन्छन् । सरकारी विभाग तथा निकायले समयमै वा छिटो सदर गर्दैनन् । एउटा विभागकीय प्रमुखले एक वर्ष फाइल अड्काउँदाको लागत राज्यले नै उठाउनुपर्छ । किनभने त्यसरी रोकिँदा लागत बढ्छ, लागत बढ्दा नाफा घट्छ, त्यसको भार सरकारले राजस्वमा भोग्छ, उपभोक्ताले मूल्य धेरै तिर्नुपर्छ । यो सबै किन हुन्छ भने अख्तियारले काम गरेपछि मात्र एक्सन लिन्छ । अर्थात् कुनै पनि कमर्चारीले हस्ताक्षर गरेर फाइल अघि बढाएपछि मात्र अख्तियार सक्रिय हुन्छ । जब कि फाइल रोक्नु पनि अख्तियारको दुरूपयोग हो भने त्यहाँ पनि सक्रिय हुनुपर्ने थियो, जुन अहिलेसम्म भएको छैन ।

लगानीका लागि आवश्यक अर्को मुख्य वातावरण भनेको पुँजीको स्रोतमाथिको पहुँच हो । नेपालमा निजी क्षेत्रले नै सञ्चालन गरेको बैंकिङ क्षेत्र पनि छ । तर हाम्रोमा बैंकिङ

यस्तो परम्परागत भयो कि, यसले लगानीको वातवारण बनाउने कामै गर्न सकेन । हाम्रोमा बैंक तथा वित्तीय संस्था त विकसित भए । तर उनीहरूले आधुनिक अर्थतन्त्रलाई अघि बढाउने गरी काम गरेनन् । परियोजनाभन्दा प्रवर्द्धकलाई लगानी गर्ने बैंकिङ संस्कृतिको विकास भयो । कुनै पनि मान्छेसँग आइडिया छ, जोखिम लिने आँट पनि छ उत्पादन पनि सम्भाव्य देखिन्छ । तर ऊसँग जग्गा छैन भने ऋण पाउने अवस्था छैन । यस्तो हुँदा नयाँ ऊर्जावान् उद्यमीहरूले अवसर पाएनन् । फलस्वरूप नयाँ लगानीले मौका नै पाएन ।

पुँजीमाथिको पहुँच र जग्गा नयाँ लगानीका लागि बाधकका रूपमा छन् । यही नै अन्तिम कारण मान्न नसकिएला । तर यसका कारण धेरै कुरा प्रभावित भएका छ । जस्तो सरकारले जमिनदारी प्रथा हटाउन हदबन्दी लागु गर्‍यो । तर त्यो उद्योगका हकमा पनि लागु भयो । जमिनदारका लागि हुनुपर्ने हदबन्दी उद्योगमा पनि लागु भयो । हदबन्दीभन्दा बढीको जग्गाको मूल्य तिर्नुपर्ने तर त्यसको बदला जग्गा दिनुपर्ने मात्र होइन, बन्द हुँदा वा बिक्री गर्न नपाइने व्यवस्था भयो । अर्कोतिर बैंकले उद्योगका लागि ऋण दिन जग्गा नभई नदिने । तर त्यसरी किनेको जग्गा धितोमा राख्न नपाइने । यो दुश्चक्र यसरी घुम्यो कि यस्तोमा नयाँ आइडिया भएको उद्यमशील मान्छे प्रवेश गर्न सक्ने अवस्था नै हुँदैन ।

खुला सिमाना तथा लजिस्टिक लागत हाम्रो लगानीको अर्को तगारो हो । खुला सिमानाका आफ्नै लाभ र हानि छन् । तर हामीले लाभ लिनुको साटो नोक्सानी धेरै बेहोरेका छौं । भारतसँग गरिएका व्यापार सन्धिअनुसार लिनुपर्ने लाभ हामीले लिन सकेनौं । त्यसले गर्दा उद्यमशीलताको विकास एकातिर भएन भने अर्कोतिर भएकै उद्योगलाई पनि खुला सिमानाले प्रभावित बनाएका छन् । हाम्रो लजिस्टिक लागत यति धेरै उच्च छ कि, हामीले कुनै पनि वस्तुको उत्पादन धेरै गर्न सक्ने अवस्थामै छैनौं । नेपालको एउटा ठाउँमा उद्योग राखेर देशभर बिक्री गर्न सकिँदैन । यसको मुख्य कारण भनेको लजिस्टिक लागत पनि हो । भारतमा दुई हजार किलोमिटरमा जति लागत आउँछ हाम्रोमा त्यो दुई सय किलोमिटरमै आउँछ । यस्तो समस्याले गर्दा देशभित्रकै लागि पनि मास उत्पादन गर्न सक्ने अवस्था छैन ।

नेपालको अर्थतन्त्रमा लगानीको वातावरण नबन्नुमा लामो समय ऊर्जा संकट मुख्य बाधक थियो । ऊर्जा संकट अहिले छैन । तर यसमा समस्या हटेका छैनन् । ऊर्जामा पहिलो कुरा सरकारी एकाधिकार छ । पेट्रोलियम पदार्थ र जलविद्युत्को वितरणमा सरकारको एकाधिकार छ । एकाधिकारका कारण सरकारी संयन्त्रको अक्षमताको लागत पनि निजी क्षेत्रले बेहोर्नुपर्छ भने अर्कोतिर गुणस्तरीय आपूर्ति अझै पनि भएको छैन । ऊर्जाको गुणस्तरीय र किफायती आपूर्ति कुनै पनि उत्पादन शृंखलाका लागि अत्यावश्यक सर्त हो । तर यसमै हाम्रो समस्या जहाँको त्यहीँ छ । बिजुली निर्यातको कुरा गरिएको छ । तर अहिले पनि उद्योगले गुणस्तरीय बिजुली पाएका छैनन् ।

सामाजिक समस्या अर्को मुख्य कुरा हो । समग्र समाजकै धारणा व्यापारमा नाफा भनेको अपराध हो भन्ने जस्तो देखिन्छ । यही धारणा कर्मचारीतन्त्रमा समेत देखिन्छ । यो सोचले गर्दा धेरैतिर अवरोध सिर्जना हुन्छन् । स्थानीय स्तरमा राजनीतिक लाभका लागि उद्योग व्यवसायमाथिको आक्रमण अझ बढ्दो छ । यस्ता सामाजिक समस्या घट्नुको साटो अझ बढ्दै गएका छन् । यी सबै समस्या समाधानका लागि सबैभन्दा पहिला राज्य नै सक्रिय हुनुपर्छ । राज्यका प्रत्येक अंग यस्तो हुनुपर्छ कि, यो देशमा लगानी चाहिएको छ, त्यसका लागि हामीले नियमन गर्ने हो, अवरोध होइन भन्ने धारणा विकास हुनुपर्छ । त्यसका लागि आवश्यक नीति निर्माणदेखि दैनिक कार्यसञ्चालनमै अर्जेन्सीको भावना विकास हुनुपर्छ । राजस्व उठाउन र व्यवसायीलाई कस्न अहिलेसम्म पञ्चायतकालीन कानुनले निरन्तरता पाएका छन् । यस्ता कैयौं कानुनी समस्या छन्, तिनमा सुधार नगरी अघि बढ्न सकिँदैन । यसका लागि सरकारदेखि संसद्सम्म उत्तिकै सक्रिय हुनुपर्छ ।

भाग्यवश श्रमको समस्या केही हदसम्म समाधान भएको छ । अझ पनि हायर एन्ड फायर लागु हुनुपर्छ । कुनै पनि उद्योगीले काम नगर्नेलाई हटाउन पाउने व्यवस्था हुनुपर्छ । काम नगरेपछि जागिर जान्छ भन्ने डर हुनुपर्छ । कसैले पनि अभुनवी मान्छेलाई रहरले हटाउँदैन भन्ने विश्वास नीति निर्माताामा हुनुपर्छ । अहिले पनि हाम्रो श्रम हामी जस्तै देशको तुलनामा न्यून उत्पादकत्व भएकोमा पर्छ । यसमा सुधारका लागि सरकारदेखि सरोकारवाला सबै एकजुट भएर लाग्नुपर्छ । आखिर श्रमको उत्पादकत्व बढ्दा लाभ त सबैलाई हुने हो । अधिकारका नाममा काम नगरे पनि जागिर जान हुँदैन भनेर घाटा त हामी सबैलाई हुने हो । यसमा सुधार गर्नैपर्ने भएको छ ।

भूपरिवेष्टितका कारणले गर्दा यसै पनि हाम्रो उत्पादन लागत उच्च छ । यस्तोमा हामीले देशभित्रको उत्पादनलाई किफायती नबनाई प्रतिस्पर्धी हुँदैन । प्रतिस्पर्धी नभई त्यस्तोमा लगानीको वातावरण बन्दैन । त्यसैले हाम्रो वशमा भएको अहिलेको सडक सञ्जाललाई दिगो र भरपर्दो बनाउनुपर्छ । नेपालमा अहिलेसम्म पूर्ण राजमार्ग कुनै पनि छैन । यसै पनि साँघुरा राजमार्ग गुणस्तरीय छैनन् । बाटोघाटो राम्रो र अविच्छिन्न बनाएर लजिस्टिकले बढाएको लागत घटाउनैपर्छ ।

गुणस्तरीय र अविच्छिन्न बिजुली अर्को सर्त हो । यसमा गडबड भयो भने उद्योगलाई धेरै क्षति हुन्छ । बिजुली निर्यातको कुरा गर्न थालेको धेरै भइसकेको छ । तर हाम्रो आफ्नै उत्पादन बिजुलीको गुणस्तरीय र सस्तो आपूर्तिका लागि कि सरकारले गर्नुपर्छ, होइन भने अब एकाधिकार तोड्नुपर्छ । यसलाई पनि प्रतिस्पर्धी बनाउन सकिन्छ ।

सेवा क्षेत्रको उदय र सम्भावना पनि राम्रो देखिएको छ । शिक्षा क्षेत्र अहिले धेरै सम्भावना बोकेको क्षेत्र हो । नेपाल शिक्षाका लागि उर्वर ठाउँ हो । आजको दिनमा केमा खर्च गरिरहेका छौं भन्दा शिक्षामा छ, बाहिर गइरहेको छ । केही हदसम्म अहिलेसम्म रोकिएको छ । मेडिकलमा लाइसेन्स नदिने भनिएको छ । किन नदिने हो ? हाम्रो नियमन क्षमता छैन भने हामीले यसमा क्षमता बढाउनुपर्‍यो । जब कि यही क्षेत्रमा अझै पनि विदेशमा पढ्न गइरहेका छन् । भारतले निश्चित क्षेत्रमा शिक्षा हब बनाएको छ । नेपालमा पनि यस्तै हब बनाउन सकिन्छ । विदेशी विद्यार्थी ल्याउन प्रतिष्ठित विश्वविद्यालय ल्याउन सकिन्छ । शिक्षाका केही पाठ्यक्रम सरकारले नियन्त्रण र अनुमगन गर्न सक्छ । तर समग्र नियन्त्रण सम्भव छैन ।

स्वास्थ्यमा पनि हामीले धेरै लाभ लिन सकिन्छ । पछिल्लो समय उदय भएको सेवा क्षेत्रमा स्वास्थ्यमा लाभ लिन सकिने ठाउँ देखिएको छ । तर यसमा पनि धेरै कुरा अड्किएका छन् । त्यही सामाजिक तथा राजनीतिक मनोविज्ञान नै बाधकका रूपमा आएको छ । सरकारी सेवालाई राम्रो बनाउनेभन्दा पनि निजी सेवाको विरोध गर्ने लहड चलेको छ । यसलाई रोक्नुपर्छ । सरकारी सेवाको गुणस्तर बढाउनुपर्छ । तर यसको अर्थ निजी बन्द गराउनुपर्छ भन्ने होइन ।

समग्रमा हामीले खोजेको लगानीको वातावरण बनाउन सबैभन्दा पहिला कर्मचारीतन्त्रलाई जिम्मेवार बनाउनुपर्छ । उनीहरूलाई शनिबार गाडी चलाउन रोकेर हुँदैन, पैसा पनि दिने र सुविधा पनि दिने अनि जिम्मेवार पनि बनाउने हो । काम नगर्नेलाई उन्मुक्ति दिनुहुँदैन । सुशासन नभई केही पनि हुँदैन । सरकारलाई सघन होइन, खुकुलो बनाउनुपर्छ । सकरारले गर्ने भनेको सुरक्षा, विदेश नीति र राजस्वमा मात्र काम गर्ने हो । सबैभन्दा पहिला हामी उदार अर्थतन्त्रमा छौं भन्ने बोध सबैमा हुनुपर्छ ।

*- मुरारका नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष हुन् ।*

# एलडीसी स्तरोन्नति यात्रामा तय गर्नुपर्ने बाटो

स्तरोन्नतिको मुख्य प्रभाव देखिने भनेको व्यापारमा हो । विभिन्न अध्ययनबाट हेर्दा अतिकम विकसित मुलुकबाट स्तरोन्नतिपछि नेपालको निर्यातमा साढे दुईदेखि चार प्रतिशतसम्म ह्रास आउने देखिएको छ । यो भनेको अरू अतिकम विकसित मुलुक स्तरोन्नति हुादा देखिने प्रभावभन्दा निकै कम हो ।



डा. पारस खरेल

नेपाल सन् २०२६ मा अतिकम विकसित मुलुक (एलडीसी) बाट विकासोन्मुख मुलुकमा स्तरोन्नति हुँदै छ । संयुक्त राष्ट्रसंघले नेपालसँग सल्लाह गरेरै स्तरोन्नतिको यो मिति दिएको हो । एलडीसीबाट स्तरोन्नति हुन मुख्य तीनमध्ये दुई मापदण्ड पूरा गर्नुपर्छ । नेपाल दुई मापदण्ड पूरा गरेर स्तरोन्नतिको प्रक्रियामा गएको हो । मानव पुँजी सूचकांक र आर्थिक तथा वातावरणीय जोखिमसँग सम्बन्धित सूचक नेपालले पूरा गरिसकेको छ भने प्रतिव्यक्ति आयसम्बन्धी सूचक पूरा गर्न बाँकी छ । प्रतिव्यक्ति आयसम्बन्धी 'थ्रेसहोल्ड' पूरा नगरीकनै स्तरोन्नति हुन लागेको नेपाल पहिलो मुलुक हो । प्रतिव्यक्ति आय कुल राष्ट्रिय उत्पादन र आयसँगसमेत जोडिएको विषय भएकाले यो सूचक पूरा नगरीकनै भएको स्तरोन्नति कति दिगो हुन्छ भन्ने पनि प्रश्न पनि आइरहेका छन् । तर दुई सूचक मात्र पूरा गर्दा पनि स्तरोन्नति प्रक्रियामा जान सकिने भएकाले नेपाल यो प्रक्रियामा गएको हो । सन् २०२६ सम्म नेपालका लागि तयारी अवधि हो ।

अतिकम विकसित राष्ट्र भएकाले अन्तर्राष्ट्रिय जगत्ले नेपाललाई विभिन्न क्षेत्रमा केही विशेष सुविधा दिएको छ । ती सुविधा व्यापारमा शून्य भन्सार 'ड्युटी फ्री' 'कोटा फ्री', बौद्धिक सम्पत्ति अधिकार, विकास सहायता परिचालन, व्यापारसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानुनको परिपालनालगायत विभिन्न क्षेत्रसँग सम्बन्धित छन् । सामान्यतः विश्व व्यापार सङ्गठन (डब्ल्यूटीओ) का सदस्य राष्ट्रले सबैलाई समान व्यवहार गर्नुपर्ने हो । तर अतिकम विकसित राष्ट्रलाई अरूलाई भन्दा कम अर्थात् शून्य भन्सार सुविधा दिने प्रावधान छन् । युरोपियन युनियन, जापान, अस्ट्रेलिया, अमेरिका, बेलायतलगायत विकसित मुलुकले यस्तो सुविधा दिइरहेका छन् । हाम्रा छिमेकी मुलुक भारत र चीनले पनि यस्तो सुविधा दिइरहेका छन् । तर भारतसँग हाम्रो द्विपक्षीय व्यापारिक सम्झौता बढी हाबी हुन्छ । त्यसकारण नेपाली वस्तुको भारत पहुँचमा अतिकम विकसितबाट स्तरोन्नति हुँदा खासै फरक पर्ने देखिँदैन ।

डब्ल्यूटीओका सदस्य राष्ट्रले उसका नियम पालना गर्नुपर्छ । तर अतिकम विकसित मुलुकलाई केही कुरामा छुट छ । त्यो छुट भनेको 'पोलिसी स्पेस' हो । अर्थात् डब्ल्यूटीओका सदस्य रहेका अतिकम विकसित मुलुकले उसका नियमको परिपालनामा केही खुकुलोपन पाएका हुन्छन् । जस्तो, अतिकम विकसित भएकाले नेपालले गैरकृषि वस्तुमा पनि निर्यातमा सहुलियत दिन पाउँछ । स्तरोन्नति भएपछि त्यस्तो सहुलियत दिन पाइँदैन । तर त्यसमा पनि एउटा विकल्प छ । प्रतिव्यक्ति आय कम भएका कारण नेपालले त्यस्तो सुविधा निरन्तरताका लागि माग गर्न सक्ने ठाउँ छ । त्यसका लागि आवश्यक प्रक्रिया पूरा गर्नुपर्‍यो । अर्को भनेको बौद्धिक सम्पत्तिको अधिकारको विषय हो । अतिकम विकसित मुलुक भएका कारण नेपालले औषधिजन्य वस्तुमा पेटेन्ट अधिकार दिनुपर्दैन । यो पनि एक विशेष खालको सुविधा हो । नेपालका औषधि उत्पादक कम्पनीले अहिले यस्तो सुविधा प्रयोग गर्दै देशबहिर अरूले पेटेन्ट गरेका औषधिलाई रोयल्टीबिना नेपालमा उत्पादन गरिरहेका छन् । तर स्तरोन्नतिपछि यो ढोका बन्द हुन्छ । अरूले पेटेन्ट गरेको औषधि उत्पादन गर्दा रोयल्टी तिर्नुपर्छ, जसकारण औषधिजन्य वस्तु महँगो बन्न सक्छ ।

नेपालले पाउने वैदेशिक सहायताका क्षेत्रमा

पनि स्तरोन्नतिपछि केहि असर देखिनेछ । हामीले लिने वैदेशिक सहायताको ठूलो हिस्सा विश्व बैंक र एसियाली विकास बैंक (एडीबी) को छ । विश्व बैंकले एलडीसीको अवधारणालाई मान्यता दिएको छैन । उसको छुट्टै प्रावधान छ, जुन प्रतिव्यक्ति आयसँग सम्बन्धित छ । अतिकम विकसित मुलुकबाट स्तरोन्नति भएकै कारण विश्व बैंकले दिने सहुलियतपूर्ण विकास सहायतामा असर गर्दैन । कोभिडका बाबजुद पनि नेपाल सन् २०२० मा न्यून आय भएको मुलुकबाट न्यून मध्यम आय भएको मुलुकमा उक्लियो । प्रतिव्यक्ति आय बढ्दै जाँदा हामीले विश्व बैंकबाट अहिले पाइरहेको अति सहुलियतपूर्ण ऋण पाउँदैनौं । हामी 'ब्लेन्ड फाइनान्स' सुविधामा जानुपर्ने हुन सक्छ । त्यसमा ब्याजदर बढी हुन्छ । तर विश्व निजी पुँजीबजारको ब्याजदरभन्दा कम नै हुन्छ । सहुलियतपूर्ण ऋणको सुविधा गुम्छ वा घट्छ भनेर हाम्रो आय नबढाउने भन्ने पनि हुँदैन ।

एडीबीले पनि मूलभूत रूपमा आयसँग सम्बन्धित मापदण्डलाई नै हेर्छ । सँगसँगै अतिकम विकसित मुलुकलाई पनि उसले केही सुविधा दिइरहेको छ । न्यून मध्यम आय भइसकेको मुलुक हुनाले र आय अझै बढ्दै जाँदा अतिकम विकसितबाट स्तरोन्नतिसमेत भइसक्दा एडीबीले दिने सहुलियतमा पनि केही कटौती हुनेछ । सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको विश्व बैंक र एडीबीले विकास सहायता उपलब्ध गराउँदा संकटग्रस्त ऋण (डेब्ट डिस्ट्रेस), ऋण भुक्तानीको विश्वसनीयतालगायत विषय हेर्छन् । त्यसका आधारमा उनीहरूले कति सहुलियतपूर्ण दिने वा नदिने र अनुदानको अंश के-कति हुने भनेर निर्धारण गर्छन् । यो एलडीसीसँग सम्बन्धित छैन । मूलतः प्रतिव्यक्ति आय बढ्दै जाँदा विश्व बैंक र एसियाली विकास बैंकका ऋणका सर्त कसिला हुन्छन् । ब्याजदर बढ्छ । ग्रेस अवधि कम हुन्छ ।

अरु द्विपक्षयि सहायता भनेको ऐतिहासिक सम्बन्ध, भूराजनीतिक स्वार्थ सम्बन्ध, रणनीतिक सम्बन्ध जस्ता विषयबाट अभिप्रेरित र निर्देशित हुने हुनाले एलडीसीबाट स्तरोन्नति हुँदैमा प्रभावित हुने देखिँदैन । यद्यपि जापान र कोरियाको हकमा अलिकति फरक छ । यी दुई देशले द्विपक्षयि ऋण दिँदा अतिकम विकसित मुलुक भएको विषय कहिँ न कतै हेर्छन् र सहुलियत दिन्छन् । तर जापान र कोरिया नेपालका लागि सबैभन्दा ठूला ऋणदाता होइनन् । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडपी) र संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ) ले आफ्नो कुल 'कोर' पुँजी परिचालनको ६० प्रतिशत अतिकम विकसित मुलुकमा दिनुपर्छ ।

**स्तरोन्नतिबाट कुन देशलाई कस्तो खालको असर गरिरहेको छ अर्थात् कुन क्षेत्र प्रभावित भइरहेको छ र त्यस्तो असर नेपालमा पनि परिरहेको छ भने नेपालले गम्भीर भएर मुद्दा उठाउन सक्छ । युरोपियन युनियनलगायत निकायले पनि के-कसो गर्ने भनेर चासो राखिरहेका हुन्छन् । त्यस्तो बेला हाम्रो मुख्य समस्या यो हो भनेर स्पष्ट रुपमा भन्न सक्नुपर्छ ।**

त्यो सुविधा नेपालले मात्र पाउने नभई अरु अतिकम विकसित मुलुकका लागि पनि हो । स्तरोन्नतिपछि सैद्धान्तिक रूपमा नेपालले त्यो सुविधा पाउँदैन । यसले कति असर गर्छ भनेर ठोस रूपमा भन्न सक्ने अवस्था नरहे पनि हामी सचेत भने हुनैपर्छ । त्यस्तै जलवायु वित्त (क्लाइमेट फाइनान्स) मा पनि केही असर देखिनेछ । स्तरोन्नतिपछि एलडीसी क्लाइमेट फन्डबाट पाउने सुविधा पाउने कुरा भएन । तर युनाइटेड नेसन फ्रेमवर्क कन्भेन्सन अन क्लाइमेट चेन्ज (यूएनएफसीसी) अन्तर्गत अरु वित्तीय श्रोत छन्, जुन विकासोन्मुखसहित अरु देशले पनि पाउँछन् । विकासोन्मुख मुलुकमा स्तरोन्नति भएपछि नेपालले पनि त्यो सुविधा पाइहाल्छ ।

स्तरोन्नतिको मुख्य प्रभाव देखिने भनेको व्यापारमा हो । विभिन्न अध्ययनबाट हेर्दा अतिकम विकसित मुलुकबाट स्तरोन्नतिपछि नेपालको निर्यातमा साढे दुईदेखि चार प्रतिशतसम्म ह्रास आउने देखिएको छ । यो भनेको अरु अतिकम विकसित मुलुक स्तरोन्नति हुँदा देखिने प्रभावभन्दा निकै कम हो । मुख्य विषय के भने नेपालको निर्यातको एकतिहाइभन्दा केहि बढी हिस्सा मात्र स्तरोन्नतिबाट प्रभावित हुन्छ । किनभने नेपालको वैदेशिक व्यापारको अवस्था हेर्दा दुईतिहाइ निर्यात भारतसँग छ । र भारतले नेपाललाई अधिकांश वस्तुमा 'ड्युटी फ्री' सुविधा दिएको छ । भारतसँगको व्यापार सम्झौताअन्तर्गतको सुविधा स्तरोन्नति भए पनि नभए पनि नेपालले पाइरहन्छ । यसकारण भारतसँगको निर्यातबाहेक बाँकी एकतिहाइ निर्यातमा स्तरोन्नतिको असर देखिने हो । अर्कोतर्फ, हामीले अहिले जति सुविधा पाइरहेका छौं, त्यो सुविधा राम्रोसँग प्रयोग नै गरेका छैनौं । सुविधा प्रयोग गरेको भए अहिले त्यो गुम्दा हामीलाई समस्या हुन्थ्यो । तर पाएको सहुलियतपूर्ण सुविधा पनि हामीले लिन नसकेकाले त्यो गुम्दा पनि अहिलेको तुलनामा ठूलो असर देखिनेछैन । बंगलादेशको वैदेशिक व्यापारमा स्तरोन्नतिपछि नेपालको भन्दा बढी प्रभाव देखिनेछ । किनभने उनीहरूले अतिकम विकसित मुलुकका रूपमा पाइरहेका सुविधा लिइरहेका छन् ।

भारतपछि नेपालको दोस्रो ठूलो निर्यात बजार अमेरिका हो । अमेरिकामा जेजति निर्यात भइरहेको छ, त्यसमध्ये दुईतिहाइ शून्य भन्सारमा भइरहेको छ । त्यो नेपालका लागि मात्र नभई सबै देशलाई दिइएको सुविधा हो । यसअन्तर्गत नेपालले अमेरिकामा निर्यात गरिरहेको एक प्रमुख वस्तु छुर्पी शून्य भन्सारमा जान्छ । अमेरिकाले विकासोन्मुख र अतिकम विकसित मुलुकलाई दिने भन्सार सुविधा 'जेनेरलाइज्ड सिस्टेम अफ प्रिफेन्सेस' पनि नेपालले पाइरहेको छ । विकासोन्मुख भइसकेपछि पनि नेपालले त्यो सुविधा पाइराख्नेछ । अर्को भनेको अमेरिकाले सन् २०१६ मा ल्याएको 'नेपाल ट्रेड प्रिफ्रेन्स प्रोग्राम'अन्तर्गत पनि नेपालले सुविधा पाइरहेको छ । यो सम्झौता सन् २०२५ मा सकिँदै छ । यो प्रोग्रामअन्तर्गत ७७ वस्तुलाई शून्य भन्सार सुविधा दिएको छ । नेपाल एलडीसीबाट स्तरोन्नति हुनु र नेपाल ट्रेड प्रिफ्रेन्स प्रोग्राम सकिनु संयोगले सँगसँगै पर्न जाने भएकाले ती वस्तुको शून्य भन्सारको सुविधा गुम्न सक्छ । यद्यपि यो त्यति ठूलो परिमाणमा होइन र एलडीसीबाट स्तरोन्नतिकै कारणले यो गुम्ने होइन ।

युरोपेली संघ (ईयू), बेलायत, चीन र टर्कीका बजारमा जाने नेपाली वस्तुमा स्तरोन्नतिको असर देखिनेछ । यी देशमा रेडिमेड गार्मेन्ट, धागो, कार्पेटलगायत वस्तु बढी निर्यात भइरहेको छ । चीनको हकमा सम्भावनाका तुलनामा हाम्रो निर्यात निकै कम छ । कोभिड महामारीपछि चीनमा हुने निर्यात

अफ घटेको छ । चीनले दिइरहेको सुविधाको करिब ५० प्रतिशत मात्रै हामीले प्रयोग गरिरहेका छौं । अहिले सबै सुविधा लिइरहेको भए स्तरोन्नतिपछि ती सुविधा खोसिँदा झन् बढी समस्या हुन्थ्यो । नेपालले निर्यात गर्ने वस्तुको अवस्था हेर्दा कम्तीमा ९० प्रतिशत वस्तु शून्य भन्सारमा चीन गइरहेका छन् । हामीले ती वस्तुकै निर्यात बढाउन सक्नुपर्थ्यो । ईयू र बेलायतले एलडीसी स्तरोन्नति हुने मुलुकलाई सन् २०२९ सम्म 'ड्युटी फ्री कोटा फ्री' सुविधालाई निरन्तरता दिने भनेर घोषणा नै गरेका छन् । ईयूमा हातहतियारबाहेक अन्य सबै वस्तु ('एभ्रिथिङ बट आर्म्स इनिसिएटिभ) अन्तर्गत गइरहेका छन् । टर्कीले पनि २०२९ सम्मको छुट दिएको छ ।

आर्थिक रूपमा जोखिममा रहेका मुलुकमा दिगो विकास र सुशासनका लागि ईयूले ' जीएपी प्लस' अवधारणामार्फत विशेष खालको प्रोत्साहन कार्यक्रम बनाएको छ । मानवअधिकार, वातावरण र श्रमसम्बन्धी विभिन्न ३२ वटा अभिसन्धिमा हस्ताक्षर, अनुमोदन र कार्यान्वयन गरेका देशले जीएसपी प्लसअन्तर्गतका प्रोत्साहनका लागि आवदेन दिन पाउँछन् । नेपाल पनि यसमा जाँदा अहिले ईयूमार्फत पाइरहेका सुविधा निकै हदसम्म कायम रहन्छन् र स्तरोन्नतिबाट पर्ने असर कम हुन सक्छ । त्यस्ता ३२ वटा अभिसन्धिमध्ये नेपालको हकमा तीन वटा मात्रै लागु हुन सकेका छैनन् । एउटामा नेपालले हस्ताक्षर गरेको छ । तर संसद्‌बाट अनुमोदन भएको छैन । कार्टागेना प्रोटोकल अन बायोडाइभर्सिटीमा हस्ताक्षर गरेर पनि अनुमोदन भएको छैन । श्रमसँग सम्बन्धित दुई अभिसन्धिमा भने नेपालले हस्ताक्षर नै गरेको छैन । बेलायतको हकमा 'इन्ह्यान्सड प्रिफेरेन्सेस'सम्बन्धी व्यवस्था छ । 'इन्ह्यान्सड प्रिफेरेन्सेस'मा जाँदा अहिले पाइरहेका सुविधा धेरै हदसम्म कायम रहन्छन् । यसमा राम्रो पक्ष के छ भने, ती अभिसन्धि हस्ताक्षर, अनुमोदन गरिरहनुपर्दैन । तर त्यस्ता अभिसन्धिका व्यवस्थाको उल्लंघन गर्नुहुँदैन ।

ईयू र बेलायतमा उत्पत्तिको नियम (रूल्स अफ ओरिजिन) कडा हुँदै छ । अहिले नेपालले बाहिरबाट कपडा आयात गरेर नेपालमा त्यसलाई सिलाएर तयारी पोसाकका रूपमा शून्य भन्सारमा पठाउन पाउँछ । तर अब 'डबल ट्रान्सफर्मेसन' आवश्यक छ । त्यो भनेको अब कपडा यहीँ बनाउनुपर्‍यो र कपडालाई अन्तिम तयारी पोसाक पनि यहीँ बनाउनपर्‍यो । अर्थात् कम्तीमा दुई चरणका काम नेपालभित्रै हुनुपर्‍यो । उत्पत्तिको नियममा किन र कस्तो लचकता आवश्यक छ भनेर नेपालले आफ्नो कुरा राख्न आवश्यक छ । हामी धागो निर्यात गरिरहेका छौं । कपडा (टेक्सटायल्स) र तयारी पोसाक (गार्मेन्ट) पनि निर्यात गरिरहेका छौं । यसको मतलब हामीसँग तीन वटै चिज छ । तर ती तीन क्षेत्रको समन्वय हुन नसक्दा अग्र र पृष्ठ सम्बन्ध स्थापित गर्न सकिएको छैन । यसमा कसरी सम्बन्ध कायम गर्न सकिन्छ भनेर काम गर्न जरूरी छ । अग्र र पृष्ठ सम्बन्धको विकास नेपालको औद्योगिक नीतिमा नियमितजसो उल्लेख भइरहने पक्ष हो ।

अर्को महत्त्वपूर्ण पक्ष भनेको अहिले नेपालले अन्जानमा डब्ल्यूटीओका नियम उल्लंघन गरेको रहेछ भने पनि अतिकम विकसित मुलुक हुँदा ध्यानाकर्षण कम हुन्छ । तर स्तरोन्नतिपछि त्यस्ता नियम पालना भए-नभएकोबारे निगरानी बढ्छ । उदाहरणका लागि नेपालमा आयातित सवारीसाधन र यहीँ एसेम्बल्ड सवार ीसाधनमा फरक-फरक अन्तःशुल्क लगाइएको छ । डब्ल्यूटीओको नियमअनुसार त्यसो गर्न पाइँदैन । भन्सार दर फरक गर्न सकिन्छ । तर अन्तःशुल्कमा फरक दर गर्न पाइँदैन । आयातित र स्वदेशमै उत्पादित बिलेटको हकमा पनि यस्तै भइरहेको छ ।

सरकारले केही समयअघि मात्र नेपाल व्यापार एकीकृत रणनीति, २०८० (नेपाल ट्रेड इन्टिग्रेसन स्ट्राटेजी-एनटीआईएस) ल्याएको छ । पाँचवर्षे उक्त रणनीतिमा अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदै गर्दा लिनुपर्ने रणनीति पनि राखिएको छ । नेपालको एलडीसी स्तरोन्नति प्रक्रियामा समन्वयकारी निकायका रूपमा राष्ट्रिय योजना आयोगले काम गरिरहेको छ । स्तरोन्नतिपछि प्रभावित हुने क्षेत्र पहिचान र त्यसको समाधानका लागि चाल्नुपर्ने कदमबारे आयोगले पनि रणनीति (स्मुथ ट्रान्जिसन स्ट्राटेजी) बनाइरहेको छ । प्रभावित हुने विभिन्न क्षेत्रबारे अन्तरमन्त्रालय र अन्तर निकाय समन्वय आवश्यक छ । कुनै देशसँग फ्री ट्रेड सम्झौता नै गर्ने हो कि ? त्यसबारे पनि अध्ययन आवश्यक छ । हामीले केही सुविधा दिने र सम्बन्धित देशबाट केही सुविधा लिने गरी पनि सम्झौता गर्न सकिन्छ । त्यसका लागि कुन क्षेत्रमा कसरी अघि बढ्ने भनेर अध्ययन गर्न आवश्यक छ ।

मुख्य कुरा त के भने, हामीले पाइरहेको सुविधाको अधिकतम प्रयोग नै गरिरहेका थिएनौं । तर आगामी दिनमा त्यो सुविधा प्रयोग गर्छौं भनेर आश गर्ने ठाउँ स्तरोन्नतिपछि रहन्न । त्यसकारण व्यापार क्षेत्रमा स्तरोन्नतिको असर देखिन नदिन वस्तु उत्पादन र उत्पादकत्व वृद्धि र बजारको विविधीकरण अर्को उपाय हो । हाम्रा उत्पादनको सम्भावित बजार कहाँ भनेर खोजी गर्न सकियो भने समस्या हुँदैन । एकीकृत व्यापार रणनीतिले यस्ता केही विषय सम्बोधन गरेको पनि छ । तर कार्यान्वयन पक्षमा कमजोरी छ । अन्तरनिकाय समन्वयमा पनि हामी कमजोर देखिएका छौं ।

अहिले पाइरहेका सुविधालाई निरन्तरताका लागि एलडीसी ग्रुपले पैरवी गरिरहेको छ । उक्त समूहको अध्यक्ष राष्ट्रका हैसियतले नेपालले अरु देशको एजेन्डालाई पनि हेर्नुपर्ने हुन्छ । स्तरोन्नतिबाट कुन देशलाई कस्तो खालको असर गरिरहेको छ अर्थात् कुन क्षेत्र प्रभावित भइरहेको छ र त्यस्तो असर नेपालमा पनि परिरहेको छ भने नेपालले गम्भीर भएर मुद्दा उठाउन सक्छ । युरोपियन युनियनलगायत निकायले पनि के-कसो गर्ने भनेर चाँसो राखिरहेका हुन्छन् । त्यस्तो बेला हाम्रो मुख्य समस्या यो हो भनेर स्पष्ट भन्न सक्नुपर्छ । हाम्रा विदेशस्थित नियोगलाई पनि सक्रिय बनाउन आवश्यक छ । कतिपय विषय डब्ल्यूटीओमार्फत नै निर्णय गर्नुपर्ने हुन सक्छ । त्यसका लागि पनि पहलकदमी आवश्यक छ । युरोपियन युनियन र बेलायतले दिएको सुविधा जस्तै अरु देशसँग पनि त्यस्तो खालको सुविधा माग गर्न सकिन्छ । अरु देशले पनि एलडीसी स्तरोन्नतिपछि पहिले जस्तै पाइरहेका सुविधाको निरन्तरताका लागि माग गरिरहेका छन् भने त्यसमा नेपालले 'होस्टेमा हैंसे' गर्नुपर्छ ।

स्तरोन्नति हुँदा नेपालको अवस्थाबारे बाह्य क्षेत्रमा सकारात्मक सन्देश पनि जान्छ भन्ने एउटा तर्क छ । नेपालको अवस्था पहिले दयनीय थियो भने अब अलिकति कम दयनीय छ भन्ने हुन्छ, जसकारण लगानी आकर्षित हुन सक्छ कि भन्ने पनि छ । सार्वभौम साख मूल्याङ्कन गर्नुपर्छ भन्ने माग छ । त्यो सरकारले सुरु पनि गरेको थियो, कोभिडका कारण रोकिएको छ । स्तरोन्नतिले रेटिङलाई कति सकारात्मक प्रभाव पार्छ भन्ने ठोस प्रमाण छैन । बंगलादेश, लाओ पीडीआर, कम्बोडिया पनि स्तरोन्नतिको चरणमा छन् ।

तर ती देशमा नेपालको भन्दा निकै बढी वैदेशिक लगानी आइरहेको छ । राष्ट्र बैंकको तथ्यांक हेर्दा देख्न सकिन्छ, हामीकहाँ स्वीकृत भएको वैदेशिक लगानीको प्रतिबद्धताको तुलनामा वास्तविक प्राप्ति करिब एकतिहाइ जति मात्रै छ । स्वीकृत लगानीको तुलनामा न्यून वास्तविक प्राप्ति एलडीसी भएका कारण मात्र हो त ? अवश्य होइन । यसको मतलब अरु पनि समस्या छन् भन्ने हो । अहिले नै किन आएन ? स्तरोन्नतिपछि कसरी आउँछ ? स्तरोन्नतिपछि वैदेशिक लगानी स्वतः बढ्छ नै भन्ने होइन । हामी आफूमा पनि समस्या छ भनेर हेर्नुपर्‍यो ।

*- खरेल साउथ एसिया वाच अन ट्रेड, इकानोमिक्स एन्ड इन्भायरोनमेन्टका कार्यकारी निर्देशक हुन् ।*


20 YEARS OF VALUING RELATIONSHIP
सिद्धार्थ केयर २४/७
०१-५९७००२०
customercare@sbl.com.np
"नारीकै नाममा घर आकर्षक ब्याजदर"
सिद्धार्थ हाम्रो घर कर्जा
सिद्धार्थ बैंकले "नारीको नाममा घर, आकर्षक ब्याजदर" भन्ने नारा सहित नारीको नाममा घर जग्गा खरिद गर्न प्रोत्साहन स्वरुप संचालनमा ल्याएको यस कर्जा सुविधा उपभोग गरी लाभान्वित हुनुहोस् ।
१०.७४%
वार्षिक ब्याजदर (पहिलो ७ वर्षका लागि स्थिर)
यो कर्जा सुविधा घर खरिद, निर्माण र पुनर्निर्माणका लागि लागु हुनेछ।
यो योजना सीमित अवधिको लागि मात्र
*शर्तहरु लागु हुनेछन्
SCAN ME
सम्बन्ध सधैंभरिलाई
SiddharthaBank
www.siddharthabank.com

# अर्थतन्त्र सुधारमा सरकारको संकल्प

वस्तु उत्पादन, बजार व्यवस्थापन, रोजगारी सिर्जना, राष्ट्रिय आयको वृद्धि र मुलुकको समग्र विकासमा निजी क्षेत्रले उल्लेख्य भूमिका खेल्दै आएको छ । यस सन्दर्भमा बेलाबखत व्यवसाय सञ्चालनमा आउने बाधा र अवरोधमा राज्यले सहजीकरण गर्नुपर्ने अभिमतप्रति सम्मान व्यक्त गर्दै लगानीमैत्री एवं व्यवसायमैत्री वातावरणका निम्ति सरकारले प्रयास गरिरहेको छ ।



पुष्पकमल दाहाल

नयाँ संविधान निर्माणपछि आर्थिक विकास र समृद्धिमा गुणात्मक फड्को मार्ने अपेक्षा गरिए पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति एवं आयामका कारण हाम्रो अर्थतन्त्रले संकटको सामना गरिरहेको छ । कोभिड महामारी, रूस-युक्रेन युद्ध, जलवायु परिवर्तन, लोकतन्त्र र संविधानमाथि आक्रमण र प्रतिरक्षाको राजनीतिक संघर्ष, राजनीतिक अस्थिरता जस्ता कारण राजनीतिक प्रतिबद्धता र संकल्प गरिएबमोजिम अर्थतन्त्रले फड्को मार्न नसक्दा राजनीतिक प्रणाली र संविधानमाथि आक्रमण गर्ने विचार र प्रवृत्तिले टाउको उठाउने प्रयाससमेत गर्दै आएको छ । तसर्थ जनताको बलिदानीपूर्ण संघर्षबाट प्राप्त राजनीतिक एवं संवैधानिक अधिकारको रक्षा एवं प्रगतिशील कार्यान्वयनका लागिसमेत आर्थिक समृद्धि र विकासलाई केन्द्रमा राखेर अगाडि बढ्नुको विकल्प छैन ।

नेपालको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान गर्दै आएको निजी क्षेत्रले अर्थतन्त्रलाई संकटबाट मुक्त गर्दै समृद्धिको लक्ष्य हासिल गर्न सरकारसँग मिलेर काम गर्ने जुन संकल्प गरेको छ, त्यो निकै महत्त्वपूर्ण छ । अर्थतन्त्र सुधारका निम्ति सिंगो देशको सकारात्मक चिन्ता र चासो देखिनु आफैंमा सुखद पक्ष हो । यद्यपि यो सकारात्मक चिन्तनलाई राष्ट्रिय पुँजीमा रूपान्तरण गर्न सरकारले ठोस पहल लिन आवश्यक छ ।

वस्तु उत्पादन, बजार व्यवस्थापन, रोजगारी सिर्जना, राष्ट्रिय आयको वृद्धि र मुलुकको समग्र विकासमा निजी क्षेत्रले उल्लेख्य भूमिका खेल्दै आएको छ । यस सन्दर्भमा बेलाबखत व्यवसाय सञ्चालनमा आउने बाधा र अवरोधहरूमा राज्यले सहजीकरण गर्नुपर्ने अभिमतप्रति सम्मान व्यक्त गर्दै लगानीमैत्री एवं व्यवसायमैत्री वातावरणका निम्ति सरकारले प्रयास गरिरहेको छ ।

नेपालको संविधानले तीनखम्बे अर्थनीतिको संवैधानिक व्यवस्था गर्दै निजी, साझेदारी र सहकारीको मोडल अगाडि सारेको छ । यसले प्रस्ट गर्छ कि राज्य र निजी क्षेत्रबीच बलियो एकता र सहकार्यले मात्र समृद्धि र विकासको राष्ट्रिय आकांक्षा प्राप्त गर्न सकिन्छ ।

कृषि हाम्रो अर्थतन्त्रको मूल आधार हो । तर पछिल्ला वर्षहरूमा कृषिको उत्पादन घट्दै गएको र कृषिजन्य वस्तुको आयात अत्यधिक बढ्दै गएको छ । एकातर्फ खेतीयोग्य जमिन बाँझो हुँदै जाने अर्कोतर्फ कामको खोजीमा दक्ष युवा जनशक्ति निकै सस्तो श्रममा विदेसिनुपर्ने बाध्यता छ । कृषि क्षेत्रलाई उच्च प्राथमिकता दिई कृषिमा आधारित उद्योगहरूलाई प्रोत्साहन गर्ने नीतिले मात्र उल्लिखित समस्या सम्बोधन गर्न सकिन्छ । मलखाद र बीउबिजनको सहज उपलब्धता, सिँचाइको व्यवस्था, बजारीकरण, व्यावसायिक कृषिमा जोड, ठूला कृषि परियोजनाहरूको सञ्चालन र उत्पादनमा आधारित अनुदानको नीतिले मात्र यस क्षेत्रमा परिवर्तन ल्याउन सकिन्छ । नेपाल सरकार आगामी वर्षको नीति, कार्यक्रम तथा बजेटमा उत्पादन र निर्माणका केही ठूला, केही नयाँ र गुणात्मक प्रकृतिका योजना अगाडि बढाउने तयारीमा छ । साथै नीति तथा कार्यक्रम र बजेटको परम्परा ढाँचामा गुणात्मक परिमार्जनसहित सिंगो देशले

अपनत्व लिने, प्रतिफलमुखी र कार्यान्वयनयोग्य बजेट निर्माणको तयारी गरिएको छ । यसले मात्र निराशाको सामना गरिरहेको अर्थतन्त्रमा नयाँ ऊर्जा र गति ल्याउन सकिन्छ ।

निजी क्षेत्रको चासो र माग सम्बोधन गर्न सरकार प्रतिबद्ध छ । मैले मन्त्रिपरिषद्को पहिलो बैठकबाट नै अर्थतन्त्रमा सुधार ल्याउन राज्य र निजी क्षेत्रबीच गहिरो सहकार्य र बलियो एकता आवश्यक भएको महसुस गरी अर्थतन्त्र सुधारसम्बन्धी केही नीतिगत निर्णय गरेको थिएँ । त्यसको प्रभाव हाम्रो अर्थतन्त्रमा क्रमशः पर्दै गएको र अर्थतन्त्रमा सुधार आउन थालेको देखिन्छ । यस सन्दर्भमा तुलनात्मक लाभका क्षेत्रमा लगानी बढाउन, निजी क्षेत्रको चासो सम्बोधन गर्दै नीतिगत र कानुनी सहजीकरण गर्न, साना तथा मझौला उद्योगहरूलाई प्रोत्साहन गर्न, सेवा प्रवाहमा छरितोपन र प्रविधिमैत्री अवधारणा लागु गर्न, अन्तरनिकाय समन्वयलाई प्रभावकारी बनाउन, मौद्रिक नीति र वित्तीय नीतिबीच सन्तुलन कायम गर्न, ब्याजदर घटाउने उपायहरूको खोजी गरी लागु गर्न, पुँजीगत खर्चको सामर्थ्य बढाउन र अर्थतन्त्र सुधारका निम्ति आवश्यक नीतिगत, कानुनी र व्यावहारिक कदम चाल्न सरकार तत्पर छ ।

नेपाल सन् २०३० सम्म दिगो विकासका लक्ष्य हासिल गर्ने, सन् २०२६ मा अल्पविकसित मुलुकबाट स्तरोन्नति हुने र द्रुत साथै सन्तुलित विकास र समृद्धि हासिल गर्ने दिशातर्फ केन्द्रित छौं । यसका लागि सरकार र निजी क्षेत्र दुबैबाट हुने लगानीलाई वृद्धि गर्नुपर्ने साथै लगानीलाई उचित ढंगले प्राथमिकीकरण गर्नुपर्ने आवश्यकता छ । सरकारको प्रयासबाट सामाजिक-आर्थिक क्षेत्रमा केही प्रगति हासिल भएका छन् । बहुआयामिक गरिबी १७.४ प्रतिशतमा झरेको छ । शिक्षाको पहुँचमा महत्त्वपूर्ण प्रगति भएको छ । आधारभूत तहमा खुद भर्नादर ९५ प्रतिशत पुगेको छ । समग्र स्वास्थ्य सुविधाहरूमा जनताको पहुँचमा वृद्धि भएको छ । लैंगिक सशक्तीकरणमा उल्लेख्य सुधार भएको छ । आधारभूत खानेपानी सुविधामा ९५ प्रतिशत जनसंख्याको पहुँच पुगेको छ । विद्युत् विकासमा हाम्रो प्रगति उत्साहजनक छ । सडक घनत्वमा सुधार भइरहेको छ र असमानता घटाउनेतर्फ उल्लेख्य काम भएको छ । विदेशी मुद्राको सञ्चिति बढेको छ, विप्रेषणमा सुधार आएको छ, पर्यटक आगमनमा वृद्धि भएको छ, अर्थतन्त्र विघटनको दिशातिर जान्छ कि भन्नेखाले आशंका निवारण भएको छ । समग्रमा हेर्दा हामी संकटबाट सुधारको बाटो हिँड्दै छौं भन्ने प्रस्ट चित्र देखिएको छ । यो हाम्रा लागि खुसीको कुरा हो ।

**देशको अर्थतन्त्र नै संकटमा जादै छ, अब केही हुदैन भन्ने परिस्थितिलाई छिचोलेर वर्तमान सरकार देशभित्र सकारात्मक वातावरण र आशाको रक्तसञ्चार सिर्जना गर्न प्रयत्नशील छ । अर्थतन्त्रका सूचक हेर्दा हामी प्रगतिकै बाटोमा जान्छौं भन्ने शुभसंकेत देखिएको छ । विश्वास छ– सरकारको यस संकल्पमा सिंगो देशको साथ र ऐक्यबद्धता रहनेछ ।**

नेपाल सरकार, प्रदेश र स्थानीय तहको सामूहिक प्रयासबाट संघीय प्रणालीलाई संस्थागत गर्दै लोकतान्त्रिक गणतन्त्रात्मक नेपालमा नेपाली जनताको आकांक्षाहरूको सम्बोधन गर्न, विकास प्रयासलाई गति दिन साथै विकासलाई सन्तुलित बनाउन जरूरी छ । नेपालको संविधानले प्रत्याभूत गरेका जनताका मौलिक हकहरूको कार्यान्वयनका साथै आवधिक योजनाले लिएका लक्ष्य प्राप्त गर्न, सरकारमा सम्मिलित दलहरूको नीतिगत प्राथमिकता र न्यूनतम साझा कार्यक्रमहरूको कार्यान्वयन गरी जनतालाई प्रभावकारी रूपमा सेवा प्रवाह गर्न र आर्थिक सामाजिक पूर्वाधार निर्माण गर्न हामी सबैले समन्वयात्मक प्रयत्न गर्नुपर्दछ ।

पुँजीगत खर्च समयमा हुन सकेन भने त्यसले विकास निर्माणको कार्य पछाडि पार्ने मात्र नभई त्यसबाट अर्थतन्त्रमा बहुआयामिक असर पर्दछ । तसर्थ संघ, प्रदेश र स्थानीय गरी तीनै तहको सरकारले पुँजीगत खर्चलाई तीव्रता दिन र कामको गुणस्तर कायम गर्नमा विशेष जोड दिन आवश्यक छ । अन्तरतह समन्वय गर्ने विषयमा अवश्य नै हामी पहल गर्नेछौं । संघीयताको प्रभावकारी कार्यान्वयन प्रदेश सरकारको कार्यसम्पादनमा निर्भर गर्दछ भन्ने मेरो निष्कर्ष छ, यो मेरो आग्रहसमेत हो । बजेट कार्यान्वयनको सम्बन्धमा मन्त्रालय र प्रदेश सरकारसँग समेत छलफल गरी अर्थ मन्त्रालयले प्रगति राम्रो भएका विकास आयोजनामा साधनस्रोतको अभाव नहुने व्यवस्था मिलाउनेछ ।

अर्थतन्त्र सुधारतर्फ उन्मुख भइरहे पनि पूर्णतः संकटमुक्त भइसकेको छैन । अर्थतन्त्रलाई सुधार ल्याई सामाजिक न्याय, सुशासन र समृद्धिको लक्ष्यमा तीव्रतासाथ अगाडि बढ्न सरकार प्रतिबद्ध छ । अर्थतन्त्रको दबाबलाई अन्त्य गर्न मैले मेरै नेतृत्वमा राष्ट्रिय स्तरको आर्थिक गोलमेच बैठक आयोजना गर्दै छु । त्यस बैठकमा अर्थतन्त्रको आजको अवस्था, अर्थतन्त्रका चुनौती र आगामी दिनमा चाल्नुपर्ने नीति तथा कदमबारे गम्भीरतापूर्वक बहस हुनेछ । नेपाल सरकार, निजी क्षेत्र र अर्थशास्त्री एवं विज्ञ सम्मिलित उक्त बैठकमा गरिएका बहसलाई विज्ञ समूह बनाएर कार्यान्वयनको दिशामा लगिनेछ । मलाई विश्वास छ– उक्त गोलमेच बैठकले अर्थतन्त्रको दबाब हटाउँदै आर्थिक विकास र समृद्धिको यात्रामा गुणात्मक योगदान गर्नेछ ।

देशको अर्थतन्त्र नै संकटमा जाँदै छ, अब केही हुँदैन भन्ने परिस्थितिलाई छिचोलेर वर्तमान सरकार देशभित्र सकारात्मक वातावरण र आशाको रक्तसञ्चार सिर्जना गर्न प्रयत्नशील छ । अर्थतन्त्रका सूचक हेर्दा हामी प्रगतिकै बाटोमा जान्छौं भन्ने शुभसंकेत देखिएको छ । तसर्थ देशको अर्थतन्त्रले दबाबको महसुस गरिरहेको सन्दर्भमा देशभित्रका सबै शक्ति र पक्ष मिलेर आर्थिक अर्थतन्त्रको विकासमा ऐक्यबद्धताका साथ अगाडि बढ्न जरूरी छ । विश्वास छ– सरकारको यस संकल्पमा सिंगो देशको साथ र ऐक्यबद्धता रहनेछ ।

*– दाहाल प्रधानमन्त्री हुन् ।*

# साक्षरता र चेतनाको खोजी

अहिले कुल जनसंख्याको ४० देखि ४५ प्रतिशत नागरिक बिमित छन् । उनीहरूले पनि कति बुझेर बिमा पोलिसी खरिद गरेका छन् भन्ने सोचनीय विषय छ । त्यसबारे आवश्यक जनचेतनामा पनि ग्याप छ । जनचेतनाको अभाव नै बिमा क्षेत्रको पहिलो समस्या हो ।



पोषकराज पौडेल

नेपालमा पछिल्लो समय बिमामा आवद्ध हुनेको संख्या वृद्धि हुँदै गएको छ । धेरै दशक बिमा व्यवसाय त्यसमा पनि जीवन बिमामा ७ प्रतिशतको मात्र वृद्धिमा सीमित रहेकोमा अहिले त्यो बढेर ४० देखि ४५ प्रतिशतमा पुगेको छ । यो आफैमा उत्साहजन संख्या हो । यो दशकमा २५ प्रतिशतभन्दा बढीको वृद्धि भएको छ । त्यसमा सबै बिमा कम्पनी र नियामक निकायको ठूलो योगदान छ ।

अहिले बिमा कम्पनीहरूको पूँजी बढेको छ । चुक्ता पुँजी दुई अर्बबाट पाँच अर्ब रुपैयाँ कायम गरिएको छ । त्यो पुँजी पुऱ्याउन कम्पनीहरू लागिरहेका छन् । पुँजी पुऱ्याउन केही कम्पनीले मर्जरको बाटो रोजेका छन् भने केही कम्पनीले आफै पुँजी पुऱ्याउने गरी लागिरहेका छन् । केही कम्पनी सिनर्जी ल्याउने क्रममा छन् । यो छोटो अवधि भए पनि यसलाई सफल बनाउने क्रममा कम्पनी लागिरहेका छन् ।

यी कार्यले कम्पनीलाई थप सबल र सक्षम बनाउने नै छ । सल्भेन्सी र इन्भेस्मेन्टको क्षेत्रमा यसले राम्रो योगदान दिने विश्वास छ । तर पुँजी पुऱ्याउने र मर्जर गर्ने हाम्रा लागि अहिलेको लागि चुनौतीको विषय हो । पुँजी वृद्धिको निर्णयपछि जीवन बिमाका १९ वटा कम्पनी १४ वटामा आएका छन् भने निर्जीवन बिमाका पनि १४ वटा कम्पनी भएका छन् । मर्जरको चुनौती समाना गर्ने र सिनर्जी ल्याउने अहिलेको चुनौतीको विषय हो । त्यसमा कम्पनीहरू लागिरहेका छन् ।

यसबीचमा बिमा क्षेत्रको नियामक निकाय बिमा प्राधिकरण र नेपाल सरकारले माइक्रोफाइनान्सलाई बिमा व्यवसायको लाइसेन्स दिएर दुर्गममा बिमाको पहुँच विस्तार गर्ने लक्ष्य राखेको छ । अहिले सात वटा कम्पनी सञ्चालनमा छन् । तिनीहरूले नेपालको ग्रामीण भेगमा गएर सेवा दिने र बिमाको पहुँच थप बढाउने विश्वास लिइएको छ तर त्यसको प्रभावकारिताबारे थप हेर्न बाँकी नै छ ।

पछिल्लो समय मुलुकको समग्र अर्थतन्त्र शिथिल छ । मानिसको क्रयशक्ति घटेकाले व्यवसायीका सटर धमाधम बन्द भएर व्यावसायिक वातावरण खस्केको छ । सेयर बजार, घरजग्गा क्षेत्र र समग्र उत्पादन तथा प्रशोधनका क्षेत्रमा शिथिलता छाएको छ । बैंक तथा वित्तीय क्षेत्रको वृद्धिमा पनि शिथिलता आउँदा स्वाभाविक रूपमा त्यसको असर बिमा क्षेत्रमा पर्ने नै भयो । नयाँ व्यवसायको अवस्था पनि सन्तोषजनक छैन । यस अवस्थामा कसरी बिमा क्षेत्रलाई अघि बढाउने भन्ने चुनौती हाम्रा सामु छ ।

अहिले जीवन बिमाको पहुँच कुल जनसंख्याको ४० देखि ४५ प्रतिशत नागरिकमा पुगेको छ । त्यो भनेको दक्षिण एसियाकै उत्कृष्ट हो । यस हिसाले हामी गर्व गर्नसक्ने अवस्थामा आइपुगेका छौँ । हामीभन्दा धेरै पहिलेदेखि नै बिमा व्यवसाय गरिहेका भन्दा पनि अघि जानु भनेको निकै सुखद हो । यसमा विशेष गरी वैदेशिक रोजगारी, माइक्रोफाइनान्स र सहकारीबाट ऋण लिँदा अनिवार्य रूपमा बिमा गर्नुपर्ने व्यवस्थाले पनि ठूलो योगदान पुऱ्याएको छ । यीबाहेक कोर जीवन बिमाको मात्र कुरा गर्दा हामी कुल जनसंख्याको २० प्रतिशतको हाराहारीमा पुगेका छौँ ।

## समस्या

बिमा साक्षरता र बिमा सम्बन्धी जनचेतनाको

कमी अहिलेको प्रमुख समस्या हो । एउटा समूह बिमाबारे पढेको लेखेको छ तर पनि बिमाबारे उसलाई चासो पनि छैन । अब अर्को समूह छ बिमाबारे जानकारी नै नभएको, त्यो समूह त बिमामा आवद्ध हुने कुरै भएन ।

अहिले कुल जनसंख्याको ४० देखि ४५ प्रतिशत नागरिक बिमित छन् । उनीहरूले पनि कति बुझेर बिमा पोलिसी खरिद गरेका छन् भन्ने सोचनीय विषय छ । त्यसबारे आवश्यक जनचेतनामा पनि ग्याप रहेको हामीले पाएका छौँ । जनचेतनाको अभाव पहिलो समस्या हो । यो समस्या नेपालमा मात्र होइन दक्षिण एसिया र अन्य विकशित मुलुकमा पनि छ । हुन त यो बिमा प्राविधिक विषय पनि हो । उनीहरूलाई बुझ्ने र बुझाउने हिसाबले काम गर्नु हाम्रो दायित्व हो । त्यसैले यो हाम्रो भावी कार्ययोजना पनि हो ।

दोस्रो समस्याका रूपमा हाम्रो मुलुकमा अहिले पनि कुल जनसंख्याको २० देखि ३० प्रतिशत नागरिक आर्थिक दृष्टिकोणले अति विपन्न छन् । उनीहरूलाई दैनिक गुजारा चलाउन पनि धौधौ छ । उनीहरूको बिमा गराउने विषय त टाढाको विषय हो । उनीहरूलाई बिमामा कसरी समेट्ने र जोखिमको दायराबाट कसरी बाहिर ल्याउने भन्ने सरकार र हामी बिमा कम्पनीहरूका लागि चुनौतीको विषय हो ।

केही समयअघि मात्र पश्चिम नेपालको जाजरकोटमा ठूलो भूकम्प गयो र त्यहाँ ठूलो जनधनको क्षति भयो । भर्खरै उनीहरूलाई राज्यले २-२ लाख रूपैयाँ दिने भनेको छ । त्यो रकम आमनागरिकको करको पैसा नै हो । विकास निर्माणमा लगानी गर्नुपर्ने पैसा त्यहाँ उपयोग गर्नुपरेको छ । त्यहाँका व्यक्ति र घरको बिमा गर्न सकेको भए यो अवस्था आउने थिएन । राज्य र नागरिकलाई यति दायित्व थपिने पनि थिएन । त्यसकारण आर्थिक हिसाबले कमजोर भएका व्यक्ति र परिवारलाई पनि बिमामा समावेश गर्नुपर्ने चुनौती छ ।

आर्थिक हिसाबले सक्षम मध्यम वर्गमा पनि बिमा चाहिन्छ । अप्ठ्यारो परेका बेला बिमाले मदत गर्छ । परिवारमा क्षति हुँदा बाँकी रहेका सदस्यलाई आर्थिक सहायता बिमाले गर्छ भन्ने जागृति ल्याउनु छ । राज्यले बलियो सहयोग गर्न सक्ने अवस्था नहुँदा बिमा नै प्रभावकारी बन्छ । यो अवस्थामा बिमा गऱ्यौ भने बिमा कम्पनीले सहयोग गरेर जोखिम कभर गर्छ भन्ने जनचेतना हर नागरिकलाई दिलाउनु जरूरी छ ।

यससँगै हामी कहाँ संरचनात्मक समस्या पनि छ । बिमा क्षेत्रमा दाबी भुक्तानी चुस्तदुरूस्त छैन भन्ने गुनासो बारम्बार आइरहन्छन् । यसलाई बिमितले समस्याको रूपमा हेरेको देखिन्छ तर कम्पनीहरूले आफ्नो हिसाबले काम गरिरहेका छन् । विगतका तुलनामा दाबी भुक्तानीमा निकै सुधार भएको देखिन्छ । बिमा गरेर फाइदा छैन भन्नेलाई भुक्तानी नै पाउन गाह्रो छ भन्नेलाई सचेत गराउँदै लगिएको छ ।

कम्पनीहरूले पनि भुक्तानीका लागि केके गर्नुपर्छ भनेर सचेत भएर नयाँ नयाँ उपाय अपनाइरहेका छन् । त्यसको प्रभाव स्वरूप दाबी भुक्तानी थप सरल र सहज हुँदैगएको छ । दाबीका लागि अस्पताल र प्रहरीबाट आउने प्रतिवेदनमा पनि एकरूपता देखिँदैन । भुक्तानीका लागि आवश्यक कागजातमा एकरूपता ल्याउने गरी काम गर्न सक्यौँ भने धेरै सहज हुन्छ । नत्र यसमा देखिने केही गल्तीले गर्दा समग्र प्रक्रियालाई नै ढिलो बनाउँछ । त्यही भएर हामीले यसमा संरचनात्मक सुधार गर्न जरूरी ठानेका छौँ र त्यही अनुसार काम गर्न कम्पनीलाई भनिरहेका छौँ ।

बिमामा डिजिटाइजेसन गर्नुपर्ने छ । डिजिटाइजेसनमा कम्पनीहरूले गर्नुपर्ने लगानीको अभाव छ । बीमितहरूलाई पनि यसबारे जागरूक बनाउनुपर्ने आवश्यकता छ । कर्मचारी र बीमितहरूलाई प्रशिक्षण दिएर वा अन्य तबरले उहाँहरूको दक्षता अभिवृद्धि गरी डिजिटाइजेसनमा लैजानु छ । यस्तै, बिमा प्राडक्ट (पोलिसी) लाई समयानुकूल बनाउन र नयाँ ल्याउन जरूरी छ । तर त्यसका लागि पनि हामी कहाँ स्रोतको अभाव छ । बिमामा धेरै कुराको अभाव छ । एसियामा ९२ प्रतिशत ग्याप छ । ८ प्रतिशत मात्र कभरेज छ समग्र इन्स्योरेबल आइटमको । अझ हामी जस्तो विकासोन्मुख देश जहाँ राज्यले नागरिकबारे धेरै सोच्न नसक्ने भएपछि यो समस्यालाई चिर्दै अघि बढ्नुपर्ने आजको आवश्यकता हो ।

## सङ्कटमोचनको यात्रा

बिमा भनेको विश्वासको व्यवसाय हो । यसमा विश्वास बढाउने काम गर्नुपर्छ । मानिसमा बिमाबारे विश्वास बढ्यो र यसबाट मलाई लाभ हुन्छ भन्ने भयो भने बिमा व्यवसाय विस्तार हुन्छ । त्यसका लागि बिमा प्रोडक्टहरूले दिने फाइदाबारे हर नागरिकलाई जानकारी गराउनु आवश्यक छ । यसले कसरी सहयोग गर्छ जान्न सचेतना दिन जरूरी छ । जब मानिसमा चुनौती र चिन्ता बढ्छ त्यसबेला सहयोग र साथ चाहिन्छ । यो बिमा भनेको आफ्नो रिक्स (जोखिम) अरूलाई जिम्मा लगाउन पाउने अद्वितीय प्रोडक्ट हो । यस्तो प्रोडक्टबारे हामीले जानकारी दिन चुकेका छौँ ।

मानिसहरू आफ्नो चिन्ता, चुनौती र जोखिमको भार अरूलाई बोकाएर आफू त्यो जोखिमबाट मुक्त हुन चाहन्छन् । त्यस्तोमा यो चाहिँ तपाईँका लागि हो भनेर विश्वास दिलाउन सक्यौँ भने बिमामा आवद्धता थप बढ्ने कुनै शङ्का छैन । त्यसका लागि जनचेतना अभिवृद्धि आजको पहिलो र अपरिहार्य आवश्यकता हो । त्यसका लागि स्कुल र कलेज तहको पाठ्यक्रममै बिमा शिक्षालाई समावेश गर्न जरूरी छ । बाहिर पनि त्यसको थालनी भएको देखिन्छ । स्कुल, कलेजका विद्यार्थीलाई बिमाको फाइदाबारे जानकारी दिन सक्यौँ भने एउटा व्यक्तिका कारण सिङ्गो परिवार नै यसमा आवद्ध हुने सम्भावन प्रबल रहन्छ । यसका साथै सचेतनाका लागि सञ्चार माध्यम, प्रदेश र स्थानीय सरकारसँग मिलेर काम गर्न जरूरी छ । त्यो भएपनि नयाँ-नयाँ बजार सुहाउँदो प्रोडक्ट ल्याउने कुरामा हाम्रो ध्यान जानुपर्छ ।

त्यससँगै यसलाई बेच्न वितरण प्रणालीलाई व्यवस्थित बनाउनु पर्नेछ । अभिकर्ता, सिधा बिमित, बैंकास्योरेन्स, अनलाइन वा अन्य माध्यमबाट पोलिसी बेच्न सकिन्छ । धेरैभन्दा धेरैलाई बिमाको दायरामा ल्याउन र तल्लो तहका नागरिकसम्म पुग्न जे जसरी सकिन्छ ती सबै काम गर्नु जरूरी छ ।

यस्तै, दाबी भुक्तानीमा पनि धेरै सहज बनाउनुपर्ने छ । दाबी भुक्तानीका लागि डकुमेन्टहरूको आवश्यकता पर्ने सरकारी निकायको काम सहज बनाउनु पर्छ । त्यसका लागि दस्तावेजको अभिलेख विद्युतीय गर्नु पर्छ । यसले दाबी भुक्तानीलाई थप सहज गर्ने छ । दाबी भुक्तानीको समग्र प्रक्रियालाई नै डिजिटाइजेसन गर्न सकियो भने यो सहज र छिटो हुनेछ ।

ऐन नियमको सबालमा नयाँ ऐन आएको छ । त्यसको प्रभावकारी कार्यान्वयनका लागि बिमा नियमावली आइदियो भने समग्र उद्योगलाई सहज हुने छ । बिमा कम्पनी र नियामक निकाय प्राधिकरण सबै ऐनको कार्यान्वयनमा लाग्नुपर्छ । जसले बिमा क्षेत्रलाई थप सबल, सक्षम र विश्वासिलो बनाइ दायरा बिस्तारमा ठूलो टेवा दिनेछ ।

*- पौडेल जीवन बिमक संघका अध्यक्ष हुन् ।*

# समृद्धिका लागि संरचनागत सुधार पहिलो सर्त

न्यून आर्थिक वृद्धि, बढ्दो व्यापार घाटा, बेरोजगारी, श्रम पलायन, असमान विनिमय दर तथा देशभित्रको वर्गीय र क्षेत्रीय असमानता नेपालका लागि चुनौती बनेका छन् । काठमाडौं वा सहरी क्षेत्रको अर्थतन्त्रमा केही राम्रो जस्तो पनि देखिन्छ । तर यो 'बबल इकोनोमी' हो । हामीले खोजेको सुधार यस्तो होइन ।



डा. बाबुराम भट्टराई

राजनीतिक परिवर्तनपछि जसरी नेपालमा आर्थिक समृद्धि हासिल गर्ने अपेक्षा गरिएको थियो, त्यो हुन नसकेको प्रस्टै छ । विकसित मुलुकको दाँजोमा नेपाल पछि पर्न थालेको २-३ सय वर्षयता मात्रै हो । सत्रौं/अठारौं शताब्दीसम्म संसारका धेरैजसो मुलुकको अवस्था एकैखालको थियो । तर त्यसयता कैयौं मुलुकले आर्थिक, भौतिक रूपमा धेरै प्रगति गरिसक्दा पनि नेपालमा किन हुन सकेन भन्ने प्रश्न महत्त्वपूर्ण छ ।

५०/६० वर्षको इतिहास हेर्ने हो भने, अहिलेसम्म हाम्रो दोहोरो अंकको आर्थिक वृद्धि छैन । बेरोजगारी बढेको छ । पराधीनता, व्यापार घाटा बढेको छ । असमान विनिमय छ । निर्यात प्राथमिक वस्तुको र आयात मेसिनरी वस्तुमा भइरहेको छ । औद्योगिक वस्तुको आयात गर्नुपर्दा पराधीनता बढाएको हो । न्यून आर्थिक वृद्धि, बढ्दो व्यापार घाटा, बेरोजगारी, श्रम पलायन, असमान विनिमय दर तथा देशभित्रको वर्गीय र क्षेत्रीय असमानता नेपालका लागि चुनौती बनेका छन् ।

काठमाडौं वा सहरी क्षेत्रको अर्थतन्त्रमा केही राम्रो जस्तो पनि देखिन्छ । तर यो ' बबल इकोनोमी' हो । हामीले खोजेको सुधार यस्तो होइन । २०७२ पछि समस्या कम हुँदै जानुपर्ने हो । संसारका कुनै पनि मुलुकको विकास राजनीतिक क्रान्ति नभईकन भएको छैन । धेरैले यसलाई बुझ्दैनन् । राजनीतिक क्रान्तिपछि मात्र आर्थिक विकास हुन्छ । तर राजनीतिक क्रान्तिपछि पनि समस्या भइरहनुमा राजनीतिक प्रणाली र नेतृत्वका त्रुटि हुन् । व्यापक भ्रष्टाचारका कारण विप्रेषणबाट आएको पैसासमेत अपलचन हुँदा हामी अर्थतन्त्रको यो दुश्चक्रबाट बाहिर निस्कन सकेका छैनौं । आर्थिक राष्ट्रवादप्रति ध्यान पुगेको छैन ।

विगतमा नेपालले आर्थिक विकास र समृद्धि हासिल गर्न नसक्नुमा मुख्य गरी दुई पक्षले काम गरेको देखिन्छ । पहिलो, आन्तरिक राजनीतिमा जनताको सहभागिता न्यून अर्थात् राजनीतिक प्रणालीको लोकतान्त्रीकरण हुन नसक्नु । दोस्रो, विश्व रंगमञ्चमा नेपालको सम्पर्क हुन नसक्नु वा भए पनि निकै कम मुलुकसँग मात्र हुनु । भारतसँगको मात्र सम्बन्धले नेपाल झनै पराधीन भयो । १९५० को सन्धिले त यसलाई औपचारिकता दियो नै, जसले गर्दा परनिर्भरता बढ्दै गयो ।

पछिल्ला केही वर्षको व्यापार घाटा नै हेर्ने हो भने यो प्रस्ट हुँदै गएको छ । नेपालको भूगोल, प्राकृतिक स्रोतसाधनलाई कम भन्न मिल्दैन । त्यसैले नै नेपालमा सम्भावना छ भन्ने गरिन्छ । यस्तै अवस्थाका कारण नेपालको विकास र आर्थिक समृद्धिमा अवरोध देखिन्छ । सोही अवस्थालाई परिवर्तन गर्न जनस्तरमा भएको प्रयासस्वरूप २००७ देखि राजनीतिक परिवर्तन हुन थालेको हो, जुन क्रम २०७२ सम्म कायम रह्यो । २०७२ मा नयाँ संविधान आएपछि नेपालको विकासका लागि एउटा 'कट अफ प्वाइन्ट' बनाइनु आवश्यक थियो । किनकि नेपालले वर्षौंदेखि भोग्दै आएको राजनीतिक अवस्था पूर्ण रूपले अन्त्य भइसकेको हो । यसबीचमा बाह्य मुलुकसँग नेपालको सम्बन्धमा पनि सुधार भएको मान्नुपर्छ । राजनीतिक प्रणालीमा व्यापक रूपान्तरण भइसकेपछि नेपालको जोड आर्थिक तथा विकासमा बढी केन्द्रित हुनुपर्ने हो ।

तर विभिन्न सूचकले त्यति धेरै सुधार भएको देखिँदैन । बरू पराधीनता बढेको, उत्पादन वृद्धि हुन नसकेको, युवाहरू विदेश पस्ने क्रम बढेको, व्यापार घाटा चुलिएकोलगायत समस्या थपिएका छन् ।

## गर्नुपर्ने काम

मेरो पुस्ताको राजनीतिक नेतृत्व यतिखेर थाकेको जस्तो छ । राजनीतिमा प्रवेश गरेका नयाँ पुस्तासँग सुधारका लागि गतिला एजेन्डा देखिँदैनन् । केवल पुराना राजनीतिक दलसँग आक्रोश देखिन्छ । फेरि पनि यसरी सुधार हुन सक्दैन । यसको मतलब नेपालमा आर्थिक समृद्धि ल्याउन र विकास गर्न सकिँदैन भन्ने होइन । हामीले विगतमा कठिन मानिएको राजनीतिक प्रणाली परिवर्तन गऱ्यौं । त्यसैले अब सुधारका लागि गरिने काम सकिँदैनन् भन्ने हुँदै होइन । यसका लागि सबभन्दा पहिला युवापुस्ताले नेपालमा आफूले चाहेको परिवर्तन गर्न सकिन्छ भन्ने विश्वास गर्नुपर्छ । त्यो काम विदेश पसेर होइन नेपालमै बसेर गर्नुपर्छ । सुधारका लागि नेपालमै संघर्ष गर्नुपर्छ । मुख्य गरी यी क्षेत्रमा संरचनागत सुधार चाहिएको छ–

### क) शासकीय स्वरूप

नेपालमा संघीयता किन चाहिएको हो भन्ने हराउँदै गएको छ । अझ भनौं, प्रदेश विभाजन गर्ने बेला संघीयताको मर्म बुझिएन । नेपाल विविध भाषा, भाषी, जात, धर्म भएको मुलुक हो । एउटै मुलुकमा हिमाल, पहाड तराई भएकाले भूगोलमा पनि विविधता छ । त्यसैले मान्छेहरूको मनोविज्ञान फरक फरक छ । यस्तो अवस्थामा संघीयताको विभाजन पनि त्यसरी नै हुनुपर्थ्यो । तर नेपालमा यसलाई गलत बुझियो र यसो गर्दा देश बिग्रन्छ भन्ने व्याख्या गरियो । यसरी प्रदेशको विभाजन गर्नु गलत हो । उदाहरणका लागि लुम्बिनी प्रदेशलाई नै लिन सकिन्छ । पूर्वी रूकुमका लागि लुम्बिनी प्रदेशमा रहनुको के उपलब्धि हुन सक्छ ? त्यसैले एकैखाले भूगोल, भाषा, जातअनुसार प्रदेश विभाजन गरेको भए मान्छेहरूको अन्तर्निहित क्षमता र स्रोतको सदुपयोग हुन सक्थ्यो । अहिले त्यसो हुन सकेको छैन । मिश्रित खालको चुनावी प्रणालीले गर्दा स्थिर सरकार बन्न सकेनन् । संविधान जारी भएपछिका प्रस्ट बहुमतका सरकार बन्न नसक्नु यसकै उदाहरण हो ।

त्यस्तै प्रत्यक्ष निर्वाचित कार्यकारी र देशको विविधताअनुसार सुहाउँदो प्रत्यक्ष समानुतिक निर्वाचित शाषण प्रणाली हुन नसक्नु पनि त्रुटि रह्यो । पछिल्लो समय केही राजनीतिक दलका नेतामा पुनः राजा आउने त्रास देखिन्छ । तर मैले उनीहरूलाई भन्ने गरेको छु– देशमा राजा आउने होइन, अबको पालो नेताहरू जनता बन्ने हो । यसको अर्थ नेताहरू सुध्रिनुपर्छ भन्ने हो ।

नेपालमा संघीयता किन चाहिएको हो भन्ने हराउँदै गएको छ । अझ भनौं, प्रदेश विभाजन गर्ने बेला संघीयताको मर्म बुझिएन । नेपाल विविध भाषा, भाषी, जात, धर्म भएको मुलुक हो ।

### ख) कर्मचारीतन्त्र

राणाकालीन समयदेखि नै नेपालको कर्मचारीतन्त्र हुकुमी खालको रहँदै आएको छ । यस्तो कर्मचारीतन्त्रले जनताको सेवा गर्न सक्दैन । अझै पनि कर्मचारीतन्त्रमा हुकुमीपन छ । जब कि कर्मचारीतन्त्र विकासमुखी, काममुखी हुनुपर्छ । यसमा पनि संरचनागत सुधारको आवश्यकता देखिएको छ ।

### ग) न्यायपालिका

नेपालको न्यायपालिका समयअनुकूल हुनुपर्छ भनेर आवाज उठ्नु स्वाभाविक हो । न्यायपालिकामा हुने ढिलासुस्ती विरक्तलाग्दो छ । विकाससम्बन्धी फैसला त झनै ढिला हुने गरेको छ । राजनीतिसम्बन्धी फैसला भने आजको भोलि नै हुने गरेको देखिन्छ । न्यायालयले विकासको महत्त्व बुझेको देखिँदैन ।

### घ) भ्रष्टाचार नियन्त्रण

नेपालमा भ्रष्टाचारको बिगबिगी छ भन्ने कुरा सबैलाई थाहा भएकै हो । यसको नियन्त्रण नगरी हुँदैन । तर भ्रष्टाचार नियन्त्रणका लागि गठन गरिएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट काम हुँदैन भन्ने पुष्टि भइसकेको छ । अहिले आयोगमा राजनीतिक दलले आफ्ना मान्छे नियुक्त गर्ने र विरोधीलाई तर्साउने काम भइरहेको छ । भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार स्वतन्त्र हुनुपर्छ र लोकपालको व्यवस्था गरिनुपर्छ । संसद्प्रति उत्तरदायी हुने कार्यकारी अधिकारसहितको एम्बुस्डम्यान आवश्यक छ ।

### ङ) शिक्षा प्रणाली

अहिलेको शिक्षा प्रणाली जागिरमुखी भयो । वर्षौं अध्ययन गर्दा पनि व्यक्तिलाई सीप सिकाउन अहिलेको शिक्षा प्रणालीले काम गरेन । त्यसैले अबको शिक्षा एकातिर सीप सिकाउने खालको हुनुपर्छ भने अर्कोतर्फ जागिरेमुखी नभई उद्यमशीलतालाई जोड दिने हुनुपर्छ । सैद्धान्तिकभन्दा व्यावहारिक शिक्षा चाहिएको छ ।

### च) वित्तीय क्षेत्रको पहुँच विस्तार

अहिले वित्तीय संस्थाहरू सहर र केही सीमित व्यक्तिमा बढी केन्द्रित छन् । बैंकको लगानी उत्पादनमूलक क्षेत्रमा भन्दा छिटो पैसा बन्ने क्षेत्रमा भइरहेको छ । निश्चित व्यक्तिले मात्र बैंकको पैसा उपयोग गरिरहेका छन् । हुँदाहुँदा एउटा बैंकको पैसा अर्को बैंकले चलाउने र नाफा बाँडचुँड गर्ने काम भइरहेको छ । त्यसैले यस्तो अभ्यासमा सुधार गरी बैंकको पहुँच विस्तार हुनुपर्छ । तल्लो वर्गले लाभ लिन सक्नुपर्छ ।

## तत्काल गर्नुपर्ने काम

युगअनुसार चल्नुपर्छ । यस्तो अवस्थामा ' आईटी सेक्टर' र 'नलेज इकोनोमी' मा केन्द्रित हुन सकिन्छ । चीनलगायत देशले राम्रो विकास गरिरहेका छन् । आन्तरिक रूपमा राजनीतिक स्थिरता हुन नसक्नु र त्यहीअनुसार नीति लागु गर्न नसक्नु तथा अर्कोतर्फ युगअनुसार अन्तर्राष्ट्रिय स्तरमा सम्बन्ध विस्तार गरेर चल्न नसक्नु नेपालको समस्या हो भन्ने बुझाइपछि त्यसलाई सुधार गर्नेतर्फ काम हुनुपर्छ ।

नेपालमा कतिपय वामपन्थी मित्रहरू वितरणको कुरा धेरै गर्ने गर्नुहुन्छ । आफू

सत्तामा आएपछि जनतालाई सबै दिन्छौं भनेर भाषण गर्नुहुन्छ । तर दिने वस्तु कसरी आउँछ ? यसका लागि गर्नुपर्ने काम उत्पादन वृद्धि नै हो । अहिलेसम्मको समस्या न्यून उत्पादन हो । त्यसैले उत्पादन वृद्धि, वितरण, दिगोपन र खुसीपनको आयाममलाई सन्तुलन मिलाएर जानुपर्छ । यसका लागि पहिलो काम वृद्धितर्फ जोड दिने हो । प्रतिव्यक्ति आय १३/१४ सय अमेरिकी डलरलाई १३/१४ हजारमा कसरी पु¥याउने ? त्यसका लागि दोहोरो अंकको वृद्धि चाहिएको छ ।

'२ अंकको वृद्धिदर २ दशकसम्म निरन्तर' भन्ने राष्ट्रिय नारा बनाउनुपर्छ । २० वर्षसम्म १० अंकभन्दा बढी आर्थिक वृद्धि गर्‍यौं भने नेपाललाई मध्यम स्तरको मुलुक बनाउन सकिन्छ । त्यसका लागि सोहीअनुसार पुँजीको व्यवस्था हुनुपर्छ । जीडीपीको ५० प्रतिशत रकम विकास खर्चमा गर्न सक्नुपर्छ । यस हिसाबले अहिले नै २० खर्ब रूपैयाँ विकास निर्माणमा खर्च हुनुपर्छ । आन्तरिक स्रोतले पुगेन भने बाह्य स्रोतको परिचालन गर्न सक्नुपर्छ । नेपालमा बाह्य लगानीकर्तालाई ल्याउन ध्यान पुगेको छैन । भारतीय लगानीकर्तालाई ल्याउन मैले बिप्पा सम्झौता गरेको हुँ । २०६५ मै बिप्पा सम्झौता भए पनि मान्छेहरूले यसको महत्त्व अझै बुझेको देखिँदैन ।

त्यस्तै अर्को महत्त्वपूर्ण कुरा कृषिको विकास हो । दुईतिहाई जनशक्ति आबद्ध रहेको कृषिको यो अवस्था किन आयो ? पक्कै पनि कृषिको विकास गर्ने/हुने आधार छन् । तर सुरूमा लगानी र बजारको विकास गर्न आवश्यक छ । यसअघि नै वैज्ञानिक भूमिसुधार र लगानी भइसक्नुपर्थ्यो । बजारको ठीक ढंगले व्यवस्था नगरी उत्पादन गरेर मात्र हुँदैन । यसका साथै उद्योग र सेवा क्षेत्रलाई पनि सन्तुलन मिलाउनु आवश्यक छ । अहिलेको सेवा क्षेत्र पेट फुलेको बिरामी जस्तो छ । यसरी हुँदैन । उत्पादनमूलक उद्योग छैनन् । उत्पादन बढाउने र आयमूलक रोजगारी दिने भनेको त औद्योगिक क्षेत्रले हो । त्यसैले मुलुक औद्योगिकीकरणमा जानैपर्छ । भारत र चीनसँग मूल्य शृंखलासँग जोड्नुपर्छ । यसका लागि कूटनीतिक चातुर्य चाहिन्छ र कुशलतापूर्वक अन्य देशको अर्थतन्त्रसँग जोडिनुपर्छ । अनि मात्र दुई अंकको आर्थिक वृद्धिदर हुन सक्छ ।

त्यस्तै अर्को पक्ष पूर्वाधारलाई जोड दिने हो । पूर्वाधारलाई जोड दिने कुरा चले पनि यथार्थमा हुन सकेको छैन । चार वटा ब (वित्त, बाटो बिजुली, विद्या) को राम्रोसँग व्यवस्थापन गर्नुपर्छ । डोजरे विकासको साटो ठूला परियोजनालाई प्राथमिकता दिनुपर्छ । म अर्थमन्त्री हुँदा ल्याएको ठूला परियोजनालाई

**अहिलेसम्म प्राप्त उपलब्धिको जगमा टेकेर नयाँ पुस्ताले बााकी काम गर्नुपर्छ । नयाा सोच भएका मान्छे अघि आउनुपर्छ, राजनीतिमा सहभागिता बढ्नुपर्छ । संरचनागत परिवर्तनका लागि युवा भागेर होइन, सकिन्छ भनेर अघि बढ्नुपर्छ ।**

जोड दिने अवधारणामा केन्द्रित भएर काम गर्नुपर्छ ।

अर्को बुझ्नुपर्ने कुरा, खुलाबजार र राज्यकेन्द्रित नीतिबाट बच्ने हो । यी दुई नीति ठीक छैनन् । खुला बजार भनेको अर्काको बजार बनाउनु जस्तै हो । राज्यकेन्द्रित नीतिले मात्र प्रतिस्पर्धामा सहयोग पु¥याउँदैन । एसियाकै विकसित देश जापान, कोरिया, चीन, मलेसिया, सिंगापुर, फिलिपिन्ससम्मले राज्यको अगुवाइमा नै विकासको जग हालेका हुन् । राज्यको संरक्षणसहितको बजार अर्थतन्त्र नै नेपालका लागि उपयुक्त हुन्छ । युरोप र अमेरिकाले पनि यस्तै अभ्यास गरेका हुन् । आफ्ना देशका कम्पनीलाई राज्यले संरक्षण गर्नुपर्छ ।

आर्थिक समृद्धिका लागि जोड दिने अर्को पक्ष शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा हो । कम्तीमा शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा राज्यले दायित्व लिएर व्यवस्थापन गर्नुपर्छ । अहिले एकपक्षीय रूपमा पुँजीपति र कम्युनिस्ट प्रणाली सम्भव छैन । लोकतन्त्रमा आधारित समाजवाद नै नेपालका लागि सही प्रणाली हो, जुन कुरा संविधानमा पनि उल्लेख छ । सोही मर्मलाई बुझेर नीति बनाई कार्यान्वयन गर्नुपर्छ । यसका लागि नयाँ राजनीतिक शक्ति चाहिएको छ ।

त्यस्तै वातावरणीय दिगोपनका लागि हिमाली क्षेत्रमा संरक्षण गर्नुपर्छ । वातावरणीय समस्यामा ध्यान दिनुपर्छ । विकास निर्माण गर्ने बेला ध्यान दिनुपर्छ । नदीनालाको संरक्षण आवश्यक छ । खुसी पनि महत्वपूर्ण हो भन्ने कुरा ध्यान दिन सक्यौं भने नेपाल समृद्ध बन्न सक्छ ।

यी सबै काम गर्न राजनीतिक नेतृत्व नै मुख्य पक्ष र जिम्मेवार हुन्छ । क्रान्तिपछि प्रतिक्रान्ति हुन्छ भनेर इतिहासमा पढ्ने गरेका छौं । अगुवाहरूले परिवर्तनलाई राम्रोसँग अघि बढाएनन् भने ठूलो तप्का यथास्थितिवादमै फर्कन्छ भनिए झैं नेपालमा त्यस्तै भइरहेको छ । हिजोका क्रान्तिकारी साथीहरू आज राज्यको सहवरणमा परिणत भएको पाइन्छ । देशका लागि केही गरौं भन्दा पनि व्यक्तिगत लाभ, गुट, उपगुटमा केन्द्रित भइरहेको पाइन्छ । नेताहरू रूपान्तरण भएको देख्दा विद्यमान राजनीतिक नेतृत्वले परिवर्तन गर्न सक्ला जस्तो छैन ।

त्यसैले अहिलेसम्म प्राप्त उपलब्धिको जगमा टेकेर नयाँ पुस्ताले बाँकी काम गर्नुपर्छ । नयाँ सोच भएका मान्छे अघि आउनुपर्छ, राजनीतिमा सहभागिता बढ्नुपर्छ । संरचनागत परिवर्तनका लागि युवा भागेर होइन, सकिन्छ भनेर अघि बढ्नुपर्छ । देश नबनेसम्म म बन्दिनँ भन्ने सोच राखेर स्वदेशमै संघर्ष गर्नुपर्छ । हिजोको नेतृत्वको सोच व्यवस्था प्रणाली बदल्नु थियो भने अबको नेतृत्वले नयाँ एजेन्डा तय गर्नुपर्छ । अनि मात्र देश किन बनेन भन्ने कुराको चिन्ता गरेको अर्थ हुन्छ ।

युवा बिदेसिनुमा 'पुल फ्याक्टर मात्र नभई पुस फ्याक्टर' हो भने सबैले 'पुस फ्याक्टर' घटाउनेतिर काम गर्नुपर्छ । कृषि, उद्योग र सेवाको क्षेत्रबीचको अन्तरसम्बन्ध बुझ्न सके मात्र अहिलेका लागि धेरै उपयोगी हुन्छ । जसरी सुगौली सन्धिपछि बाह्य सम्बन्ध टुटेका कारण र अन्तर्मुखी हुँदाको परिणामले नेपाल असमान विनियमको ट्र्यापमा पर्न गयो, अब त्यसलाई सुधार नगरी हुँदैन । पछिल्लो समय बाह्य सम्बन्धमा केही सुधार भए पनि भारतसँगको निर्भर बढेका कारण र खुला सिमानाले असमान विनिमय बढेर नेपालको कृषि अर्थतन्त्र भत्किएको छ । कृषि धराशायी भएपछि उद्योगतिर लाग्नुपर्ने युवा जनशक्ति पलायन भइरहेको छ, जसले गर्दा हामी श्रम निर्यात गर्ने अवस्थामा पुगेका छौं । नेपालका लागि यो अर्को असमानता हो ।

*- भट्टराई पूर्वअर्थमन्त्री हुन् ।*

# शिक्षाबाट समाज पुन:संरचना

अध्ययन, अनुसन्धान, रचना, नवप्रवर्द्धन, आविष्कारमार्फत समाजको आर्थिक सामाजिक रूपान्तरणमा सघाउनु विद्यालय र विश्वविद्यालय शिक्षाको उद्देश्य हो । यसतर्फ कसैले ध्यान नै दिएको छैन । विश्वविद्यालयले पनि प्रमाणपत्र बाँड्ने काम मात्रै गरेको छ । हामीले शिक्षालाई अर्थसाग जोड्न सकेकै छैनौं ।



प्रा. डा. बालचन्द्र लुइँटेल

नेपालको शिक्षा क्षेत्रको अहिलेको अवस्थालाई हेर्दा हामी गन्तव्य तय गर्न नसरी चौबाटोमै अल्मल्लिइरहेका जस्ता छौँ । दु:खका साथ भन्नुपर्छ- हामी शिक्षा क्षेत्रबारे चरम अलमलमा छौँ । राजीतिक परिवर्तन भयो । धेरै हिसाबले समाज अघि बढ्यो भन्ने हामीलाई लाग्यो । तर त्यसलाई सँगै डोहोऱ्याउने राज्यको महत्त्वपूर्ण संयन्त्र शिक्षालाई चरम बेवास्ता गऱ्यौँ । र, शिक्षालाई समृद्ध बनाउने विषयमा हामी निकै पिछडिएका छौँ ।

ज्ञानमा आधारित समाज निर्माण गर्न शिक्षाको निकै ठूलो योगदान हुन्छ । महावीर पुन भन्ने गर्नुहुन्छ- आविष्कार गर्नुपऱ्यो । नयाँ कुरा ल्याउनुपऱ्यो । त्यो भनेको सानै कक्षादेखि बालबालिकालाई शिक्षाले नयाँ कुरा खोज्न, सोच्न, जिज्ञासु बनाउन, प्रश्न गर्न र आविष्कार गर्न सघाउनु पऱ्यो भन्ने हो । यसरी नयाँ खोजमा लाग्दा नयाँ ज्ञान प्राप्त हुन्छ । यसले रचनात्मक अर्थतन्त्र निर्माण गर्न सघाउँछ । ज्ञान प्राप्त गरेको व्यक्तिको सामाजिक मर्यादा पनि उच्च हुने किसिमको समाजको निर्माण गर्न सके समाजमा आर्थिक समृद्धि पनि त्यहीसँग जोडिएर आउन सक्छ ।

अहिले हामीकहाँ सार्वजनिक र निजी विश्वविद्याय छन् । प्रस्तावितसमेत गणना गर्ने हो भने २०औँ विश्वविद्यालय पुग्न लागिसकेका छन् । यीमध्ये केहीलाई छोडेर धेरैजसो अनुत्पादक देखिएका छन् । कतिपय विश्वविद्यालयलाई सञ्चालन खर्च धान्न पनि गाह्रो परिरहेको छ । त्यसो हुँदा यी विश्वविद्यालयले उपार्जन गर्ने भन्दा पनि खर्च कसरी चलाउने भन्नेतर्फ ध्यान दिइरहेका छन् । त्रिभुवन विश्वविद्यालयको पेन्सनको विषय, सुदूरपश्चिम विश्वविद्यालयको पेन्सन प्रणाली नै नेपाल सरकारले व्यहोर्नुपर्ने अवस्था छ । त्यसको हिसाबकिताब कसरी गर्ने भन्ने छ । गुणस्तरीय शिक्षा प्रदान गर्दै अर्थोपार्जन पनि विश्वविद्यालयको महत्त्वपूर्ण पाटो बनेको देखिएको छ ।

विद्यालय शिक्षाले पनि आफ्नो पेडागोजी, सिकाइ प्रक्रिया र विधिमार्फत विद्यार्थीलाई रचनात्मक अर्थतन्त्रमा लगाउन सक्छन् । तर, ज्ञानमा आधारित समाज बनाउने, ज्ञानलाई रचनासँग जोड्ने र रचनालाई अर्थतन्त्रसँग जोडेर आर्थिक विकासमा योगदान गर्ने कुरा नेपालको शिक्षा प्रणालीमा आकाशको फल जस्तै बनेको छ ।

अर्थतन्त्रलाई विभिन्न कोणबाट हेर्न सकिन्छ । अर्थतन्त्र संवेगसँग पनि सम्बन्धित हुन्छ । जस्तो लेखकहरूले संवेगात्मक (अफेक्टिभ) अर्थतन्त्रलाई जोड दिन्छन् । यस्तो अर्थतन्त्रको विकासमा विश्वासको भूमिका पनि महत्त्वपूर्ण हुन्छ, जस्तो भारतको सरकार र जनता सबैले हामीले अर्थतन्त्रमा राम्रो प्रगति गरिरहेका छौँ भन्ने भाष्य निर्माण गरिएको छ । त्यहाँका सबैलाई यो कुरामा विश्वास पनि लागेको छ । अब हामी विश्वकै पाँचौं अर्थतन्त्रबाट पहिलो वा दोस्रोमा जान्छौँ भन्ने उनीहरूलाई लागिरहेको छ । त्यस्तै, चीनलाई हामी विश्वकै पहिलो अर्थतन्त्र बन्ने दिशामा छौँ भन्ने लागेको छ । यो भनेको संवेगात्मक अर्थतन्त्र हो । यस्तो संवेगात्मक धारणाले मासिनलाई अर्थतन्त्रको श्रीवृद्धिमा सहयोग गर्न प्रेरित पनि गर्दोरहेछ । र, त्यो प्रेरणाले अर्थतन्त्रमा महत्त्वपूर्ण भूमिका निर्माण गर्दोरहेछ ।

यस हिसाबले हेर्ने हो भने हामी चाहिँ एक

प्रकारले विघटनको अवस्थामा छौँ । हाम्रो विद्यालय शिक्षा परीक्षा पास गरे पुग्ने (रोट मेमोराइजेसन) प्रणालीमा आधारित छ । यसले रचनात्मक अर्थतन्त्र निर्माणमा, खोज–अनुसन्धान, जिज्ञासा सिर्जना गर्ने जस्ता क्षेत्रमा कुनै काम गर्दैन । हाम्रो शिक्षा प्रणालीबाट शिक्षा लिएका विद्यार्थीले प्रतिक्रिया मात्रै जनाउँछ । अरूले गरेको क्रियामा प्रतिक्रिया जनाउँछ मात्र; नयाँ रचना वा सिर्जना गर्दैन । अर्थतन्त्रको विकासका लागि प्रतिक्रिया जनाउने भन्दा पनि रचना गर्ने मानिस आवश्यक हुन्छ । विश्वविद्यालयकै अध्ययन पूरा गरेका हाम्रा विद्यार्थीले पनि गर्ने यही नै हो । संसारमा यस्तो भएको रहेछ त्यसो हुनाले हामीले यस्तो गर्नुपर्छ भन्ने मात्रै उनीहरूको धारणा हुन्छ । नयाँ रचना तथा सिर्जनामा उनीहरूको ध्यान नै पुग्न सक्दैन ।

## समस्या कबिलातन्त्र

नेपालको राजनीति, समाज सबै कुरालाई हेर्ने हो भने एक हिसाबले हामी अहिले कबिलातन्त्रमा छौँ । पार्टीहरूका आआफ्ना दृष्टिकोण छन्; एउटै साझा राष्ट्रिय बहस सिर्जना भएको छैन । सत्ता पक्षले एउटा कुरा बोल्छ; त्यसैको प्रतिक्रियामा प्रतिपक्षले बोल्छ । जस्तो आदिम कालमा कबिला (आदिम कालको मानव दल) मध्ये एउटा कबिलाले जे गर्‍यो, अर्को कबिलाले त्यसको प्रतिक्रियामा बोल्ने गर्थे । यस्तो कार्यले हाम्रो उच्चस्तरीय राष्ट्रिय चरित्र र व्यवहार निर्माण हुन सक्दैन । अहिले देशको शिक्षा क्षेत्रमा पनि यही समस्या मौलाएको छ ।

अध्ययन, अनुसन्धान, रचना, नवप्रवर्द्धन, आविष्कारमार्फत समाजको आर्थिक सामाजिक रूपान्तरणमा सघाउनु विद्यालय र विश्वविद्यालय शिक्षाको उद्देश्य हो । तर, यसतर्फ कसैले ध्यान नै दिएको छैन । विश्वविद्यालयले पनि प्रमाणपत्र बाँड्ने काम मात्रै गरेको छ । त्यसो हुँदा हामीले शिक्षालाई कतै पनि अर्थसँग जोड्न सकेकै छैनौँ । अर्थ उपार्जनको धेरै तरिका छन् ।

त्यस्तै, अघि भनिएजस्तै संवेगात्मक अर्थतन्त्र विकासमा युवाको ठूलो भूमिका हुन्छ । जस्तो धेरैजसो विकसित युरोपेली देशमा विश्वविद्यालय शिक्षा पूरा गरेका युवाले सामाजिक रूपान्तरणमा काम गर्ने गरेको पाइन्छ । उनीहरू अफ्रिका तथा एसियाका विभिन्न अविकसित तथा विपन्न मुलुकमा जाने त्यहाँ आर्थिक-सामाजिक रूपान्तरणमा

शिक्षाको अर्थराजनीतिलाई बुझेर त्यसै अनुसार अघि बढ्नुपर्छ । विद्यार्थीलाई नयाँ खोजका लागि विद्यालय तथा विश्वविद्यालयले सहजीकरण गर्ने, निरीक्षण गर्ने, दिशानिर्देश गर्ने गर्नुपर्छ । शिक्षक आफैं पनि जिज्ञासु हुनुपर्छ । पढिराख्नुपर्छ । नयाँ कुरा खोज्ने र कक्षामा सुनाउने गर्नुपर्छ ।

सहयोग गर्ने किसिमका रचनात्मक परियोजना सञ्चालन गर्ने गरेको पाइन्छ । र त्यो अनुभवलाई लिएर आफ्नो देशमा पनि अझ परिष्कृत काम गर्ने गरेको देखिन्छ ।

शिक्षा र अर्थको यस्तो अन्योन्याश्रित सम्बन्धलाई हामीले अझै केलाएकै छैनौँ । केलाउन चाहेका पनि छैनौँ । किनभने विश्वविद्यालय प्रशासनलाई सरकारसँग पैसा माग्दैमा फुर्सद छैन । सरकारलाई पैसा छैन भन्नमै ठिक छ । विश्वविद्यालयमा 'लर्न एन्ड अर्न' भन्ने अवधारणा पनि ल्याइयो । तर, यो विश्व विद्यालयमा सिक्दै कमाउँदै भन्ने धारणा नै गलत छ । नेपालका विद्यार्थीले ग्रामीण परिवेशमा हेर्ने हो भने काम गर्दै पढ्दै गरिरहेका छन् । सहरमा पनि विभिन्न काम गर्दै पढ्दै गर्ने गरेको देखिन्छ । तर, विद्यालय र विश्वविद्यालयका विद्यार्थीलाई एउटा सानो सीपमा भुलाउने मात्रै पनि होइन । उनीहरूलाई वृहत् दायरामा सोच्ने, नयाँ सिर्जना गर्ने, आविष्कार गर्नसक्ने बनाउनु पर्छ । पैसा रूखमा आफैँ फल्दैन । त्यसलाई फलाउनु पर्छ । त्यो फलाउन चाहिँ ज्ञान चाहिन्छ । त्यो हुँदा ज्ञान खोज्ने समाजको निर्माण शिक्षाले गर्नुपर्छ ।

अहिले नेपालमा पढेर-लेखेर पैसा कमाउन सकिँदैन भन्ने भाष्य निर्माण गरी जबरजस्ती स्थापित गरिएको छ । पैसा कमाउन त व्यापार गर्नुपर्‍यो, दुई नम्बरी काम गर्नुपर्‍यो, राज्यलाई छलफाम गर्नुपर्‍यो, कसैको झोला बोकेर पछि लाग्नुपर्‍यो, विदेश जानुपर्‍यो भन्ने धारणा बनाइएको छ । त्यस्तै स्वदेशमा पढेर केही हुँदैन, पैसा कमाउन सकिँदैन भन्ने पनि भाष्य बनाइएको छ । नेपालमा पैसा कमाउन दुई नम्बरी काम नै गर्नुपर्छ र कमाइएका सबै पैसा दुई नम्बरी गरेरै कमाएको हो भन्ने भाष्य पनि बनाइएको छ । नेपालमा अवसर छैन त्यसो हुँदा बाहिर गयो भने त त्यहाँ शिक्षा प्रणाली राम्रो भएको बनिबनाउ संसार छ । त्यहाँ शिक्षा पनि पाइन्छ र पैसा पनि कमाइन्छ भन्ने धारणा विकास गरिएको छ । अझ, विकसित देशमा गएर अध्ययन गर्नु र कमाउनुलाई सामाजिक प्रतिष्ठाको विषय बनाइयो । तपाईंको छोरो अमेरिकामा गएको छ भने पक्कै पढाइसँगै पैसा कमाउँछ भन्ने संवेग तपाईंमा जाग्छ । पछि कमाउँछ कमाउँदैन थाहा छैन । तर, कमाउँछ भन्ने धारणा विकसित गरिएको छ । यो संवेगात्मक अर्थतन्त्र हो । यसले पनि युवालाई विदेशिन अझ बढी प्रेरित गरिरहेको छ । छिमेकीको छोराले अमेरिकामा कमायो भने मेरो छोरोले पनि त्यहाँ गएर कमाउँछ भन्ने संवेगात्मक अर्थतन्त्र झाँगिएको छ । त्यसो हुँदा अहिले अभिभावकले भविष्यमा कमाइ हुने आशामा छोराछोरी विदेश पठाउन ठूलो लगानी गरेका छन् ।

त्यसकारण लोकतन्त्र आए पनि हाम्रो समाज ज्ञानको समाज बन्न सकेन । जस्तो सरकारले एउटा नयाँ नीति ल्याउने भयो भने त्यो नीति सही छ/छैन भनेर विश्वविद्यालयका प्राध्यापक, पढेलेखेका मानिस, विज्ञलाई सोध्नुपर्ने हो । तर सोध्दै सोध्दैन । भनेपछि पढेका ज्ञानी, विज्ञानी मानिसलाई न सरकारले सोधपुछ गर्छ न त समाजले नै सम्मान दिन्छ । सरकारले कसलाई सोध्छ भने जो उसको नजिकमा छ । उसले पढिराख्नु पनि पर्दैन । नजिक सम्बन्धको भए पुग्छ । ज्ञान चाहिँदैन । सरकारले करिब एक दशक यता गरेका नियुक्तिलाई नै हेर्ने हो भने पनि यो कुरा प्रष्ट हुन्छ । वैज्ञानिक समाजमा कुनै बेला त सरकारले वैज्ञानिकलाई नियुक्ति नै दिएन । अवैज्ञानिक व्यक्तिलाई ल्यायो भन्ने गुनासो सुनियो । त्यसो हुँदा हाम्रो समाज ज्ञानको समाज बन्दैछैन । समाजले ज्ञान, विज्ञान र खोजलाई जोड दिएन । अहिले नेपालमा पढेर के काम र छ त भन्ने भाव विकसित हुन पुगेको छ । यस्तो समाज विकास गरेपछि अर्थतन्त्र नाजुक भयो भनेर आफूले आफैँमाथि

गुनासो गर्नु असाध्यै अमिल्दो विषय हो ।

छिमेकी देशको अर्थतन्त्र चलायमान हुनुमा शिक्षामा गरिएको लगानी, ज्ञानलाई गरिएको सम्मान, नवप्रवर्द्धनमा आधारित वस्तु उत्पादनमा गरिएको लगानी जस्ता कार्य जिम्मेवार छन् ।

## के गर्ने त ?

हामीकहाँ आईको काम गर्ने विद्यार्थीले अहिले पनि तल्लो तहको कोडिङको काम गरिरहेका छन् । सिकिरहेका छन् जबकि अहिले एआईको माथिल्लो कामको माग भएको छ । यसमा हाम्रो पाठ्यक्रम दोषी छ । पाठ्यक्रमले आधारभूत सीपलाई साह्रै धेरै समय दिएको छ । आधारभूत ज्ञान त विद्यार्थीले आफैँ सिक्छन् । विद्यालयले पनि 'रोट मेमोराइजेसन' मा जोड दिएको छ । त्यसो हुँदा रचनात्मक अर्थतन्त्रको ठूलो शत्रु हाम्रै शिक्षा प्रणाली भएको छ ।

नेपालमा चार वर्ष आइटी कोर्स पढेर पनि विद्यार्थीले उच्च तहको सीप सिक्न सक्दैनन् । उनीहरूलाई सैद्धान्तिक ज्ञान र परीक्षामा अल्मल्याइएको छ । यही नै सबथोक हो भनेर पढाइएको छ । तर, प्रयोगात्मक सीप राम्ररी दिइएकै छैन । श्रमबजारमा गए प्रयोगात्मक कुरा सिकेर पैसा कमाउने हुन उसलाई अझ अर्को ५ वर्ष लाग्छ । त्यसकारण शिक्षा भनेको प्रमाणपत्र होइन् । यसले गरिखान सघाउनुपर्छ । हामीले सैद्धान्तक परीक्षा र प्रमाणपत्रबाट बाहिर आउनुपऱ्यो । प्रश्न गर्न सक्ने, अरूको तर्कलाई सुन्न सक्ने, तथ्यलाई अंगिकार गर्न सक्ने, विविधतापूर्ण समाजमा बसेर काम गर्न सक्ने, जस्तो सुकै वातावरणमा बसेर सिप प्रयोग गर्न सक्ने बनाउनुपर्छ ।

विद्यालय शिक्षा वा उच्च शिक्षा केका लागि भन्ने मै हामी प्रष्ट हुन सकेनौँ । एउटा तह पार गरेको विद्यार्थीले मसँग यस्तो नयाँ सोच छ र यसलाई यसरी कार्यान्वयनमा लान्छु भनेर नवप्रवर्तनको प्रष्ट अवधारणा ल्याउन सक्नुपर्छ । त्यो चाहिँ अहिलेको शिक्षा हुनुपर्छ । समाजमा आर्थिक विकासका लागि सबै किसिमका सीप भएका जनशक्ति चाहिन्छ । तर, हामीलाई कुन जनशक्ति आवश्यक भनेर अध्ययन गरी त्यसको विकासमा लागिएको पनि छैन । अहिले गणित पढाउने शिक्षककै अभाव छ ।

हाम्रो समाज ज्ञान र सीपमा आधारित नभई पार्टी, ग्रुप, ग्याङ, झुन्डमा आधारित समाज भयो । समाज विशृङ्खलित हुँदै गयो । जायज-नाजायज जसरी पनि पैसा कमाउनुपर्छ भन्ने समाज विकास भयो । आदिम कबिला समाज जस्तो हामीजति बलवान् वा शक्तिशाली कोही छैन भनी ठान्ने तर आफ्नो कुनै धारणा बनाउन नसक्ने समाज विकास गऱ्यौँ ।



पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेपछि हामीले गर्नुपर्ने काम यो थियो । ज्ञान तथा रचनामा आधारित समाज निर्माणमा जोड दिनुपर्ने थियो । जागिर खाने शिक्षालाई मात्रै जोड दियौँ । राणाकालमा त झन् व्यावहारिक शिक्षाको कल्पना पनि भएन । पञ्चायत काल, बहुदलीय प्रजातन्त्र र अहिलेको गणतन्त्रसम्म आइपुग्दा पनि अझै हामीले ज्ञानमा आधारित समाज निर्माणमा जोड दिएका छैनौँ ।

अर्थतन्त्र विकास हुन आफूमा विविधीकरण ल्याउनुपर्छ । आफूलाई कुनै एउटा क्षेत्रमा वा सानो सीपमा मात्रै सीमित बनाउनु वा खुम्च्याउनु हुँदैन । हामीले एउटा सीप सिक्दै पूरै अध्ययनकाल बितायौँ । तर, सम्भाव्य अन्य सबै सीपका कार्यढाँचा बिर्सियौँ । हामीले एकदमै पश्चिमा कार्यढाँचालाई अपनायौँ । त्यसमा पनि भारतीय उपमहाद्वीपमा अङ्ग्रेजले आएर सिकाएका एउटा मात्रै सीपमा आधारित जनशक्ति उत्पादन गर्ने शिक्षा प्रणाली अपनायौँ । त्यसभन्दा खासै टाढा जान सकेनौँ ।

यी सबै समस्या समाधानका लागि पहिलो विश्वविद्यालय शिक्षा सुधार गर्नुपर्ने आवश्यकता छ । विश्वविद्यालयले प्रतिस्पर्धामा अब्बल नेतृत्व पाउनुपर्छ । युवाले विश्वास गर्नुपर्छ । केही युवासँग कुरा गर्दा उनीहरूले विश्वविद्यालयमा अध्यापन गर्ने 'लायक' शिक्षक नै छैनन् भनेका छन् । जस्तो जर्मनीको एउटा विश्वविद्यालयमा मानौँ फिजिक्सको एउटा कक्षा छ । आज 'असाइन्मेन्ट' बुझायो भने भोलि फिडब्याक पाउँछ । हामीले सेमेस्टर प्रणाली सञ्चालन त गऱ्यौँ तर क्षिकले कहिल्यै फिडब्याक दिँदैन । अनि किन पढ्छ नेपालमा विद्यार्थी । विद्यार्थी र शिक्षक अन्तरक्रिया धेरै हुनुपर्छ । यी दुबै पक्ष मिलेर नयाँ ज्ञानको निर्माण गरिने हो । तर, हामीकहाँ त्यस्तो हुँदैन । कतिपय विश्वविद्यालयको त शैक्षिक क्यालेन्डर नै लागु गर्दैनन् । पश्चिमा विश्वविद्यालयले चाहिँ सिकाइ भनेको खोजी हो भनेर सिकाए तर हामीले चाहिँ औपनिवेशिक सोचमा आधारित भएर ज्ञान भनेको मैले दिने हो मैले नदिई विद्यार्थीले ज्ञान नै पाउँदैन भनेर अघि बढ्यौँ । सीपको विकास नै विद्यार्थीले गरोस् भन्ने अवधारणाका अधारमा उच्च शिक्षा प्रणालीको विकास गर्न सके अहिले देशको अर्थतन्त्रमा देखिएको समस्या धेरै हदसम्म कम हुन्थ्यो । त्यस्तै, विद्यालय शिक्षाले असल नागरिक उत्पादन गर्ने हो । विद्यालय शिक्षा पूरा गरेका सबैले उच्च शिक्षाको एउटै विषयमा केन्द्रित हुनुपर्छ भन्ने छैन ।

त्यसो हुँदा हामीले शिक्षाको अर्थराजनीतिलाई बुझेर त्यसैअनुसार अघि बढ्नुपर्छ । विद्यार्थीलाई नयाँ खोजका लागि विद्यालय तथा विश्वविद्यालयले सहजीकरण गर्ने, निरीक्षण गर्ने, दिशानिर्देश गर्ने गर्नुपर्छ । शिक्षक आफैं पनि जिज्ञासु हुनुपर्छ । पढिराख्नु पर्छ । नयाँ कुरा खोज्ने र कक्षामा सुनाउने गर्नुपर्छ । महावीर पुन भन्छन्- 'युवालाई म केही भन्दिनँ, जे मन लाग्छ त्यही गर ।' उहाँले भनेजस्तै, मनमा आएका नयाँ सोचका आधारमा ज्ञान निर्माणमा युवा विज्ञार्थी आफैँ अग्रसर हुने शिक्षा प्रणालीको विकास गर्नुपर्छ । विश्वविद्यालयलाई 'इन्क्वायरी सेन्टर'का रूपमा विकास गर्नुपर्छ ।

*- लुइँटेल काठमाडौं विश्वविद्यालयको शिक्षा संकायका डिन हुन् ।*

# Introducing
# NMB Buddha Visa Debit Card




## Get 10% OFF on Air Fares

*While purchasing tickets from all Buddha Air Counters in **Nepal**.

**5KG** EXTRA BAGGAGE

UPTO **100% REFUND** ON TICKET CANCELLATION

*T&C Apply

Customer Care: 01-5970150 | E-mail address: call@nmb.com.np

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

A JOINT VENTURE WITH
FMO
Entrepreneurial Development Bank
The Netherlands

Member of
Global Alliance for Banking on Values

Bank of the Year, ASIA 2021
Bank of the Year, Nepal 2017, 2018, 2020 & 2021

# वित्तीय संघीयतामा स्पष्ट हुनुपर्ने सवाल

वित्तीय संघीयताको मोडल देशअनुसार फरक छ । कुनै देशमा तल्ला तहले कर धेरै उठाउने र माथिल्ला सरकारलाई हस्तान्तरण हुने व्यवस्था छ । नेपालको सन्दर्भमा संघले कर धेरै उठाएर प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्ने व्यवस्था छ ।



बालानन्द पौडेल

संघीय शासन व्यवस्थामा शासकीय अधिकार अर्थात् राज्यशक्तिलाई एकभन्दा बढी तहमा बाँडिन्छ । नेपालको सन्दर्भमा संविधानको धारा ५६ ले संघ, प्रदेश र स्थानीय तहको संरचनागत व्यवस्था गरेको छ । साथै, धारा ५७ ले तीन वटै तहमा राज्यशक्तिको बाँडफाँट गरेको छ । शासकीय अधिकार प्रयोग गर्न स्रोतसाधन आवश्यक पर्ने हुँदा कर उठाउने अधिकार पनि दिइएको छ । उनीहरूले उठाउने कर र जिम्मेवारी वहन गर्न चाहिने स्रोतबीच तालमेल नमिल्न सक्छ । शासकीय अधिकार उपयोग गर्न करबाट प्राप्त आय अपुग हुन सक्छ । त्यसैले शासकीय जिम्मेवारी पूरा गर्न चाहिने स्रोत र करबीचको तालमेल मिलाउन अन्तरसरकारी वित्तीय हस्तान्तरणको व्यवस्था गरिएको हुन्छ । अन्तरसरकारी वित्त हस्तान्तरणले पनि 'ग्याप' हटाउन सकेन भने ऋण लिन सक्ने व्यवस्था गरिएको हुन्छ । तहगत सरकारहरूको शासकीय प्रबन्धका लागि चाहिने स्रोत जुटाउन जेजति काम गरिन्छ, ती सबै वित्तीय संघीयताभित्र पर्छन् ।

वित्तीय संघीयताको मोडल देशअनुसार फरक छ । कुनै देशमा तल्ला तहहरूले कर धेरै उठाउने र माथिल्ला सरकारहरूलाई हस्तान्तरण हुने व्यवस्था छ । नेपालको सन्दर्भमा संघले कर धेरै उठाएर प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्ने व्यवस्था छ । राजस्व जुन तहले उठाए पनि, जसरी हस्तान्तरण भए पनि मुलतः दुई विषयलाई विश्लेषण गर्नुपर्ने हुन्छ । पहिलो, तहगत सरकारहरूको कार्यजिम्मेवारीका आधारमा खर्चको आवश्यकता र दोस्रो, राजस्व उठाउने अधिकार दिएका आधारमा राजस्वको सम्भाव्यता । यी दुई विषयको अध्ययनबाट वित्तीय अन्तर थाहा हुन्छ । वित्तीय अन्तर पनि दुई किसिमको हुन्छ– एउटा भर्टिकल र अर्को हरिजेन्टल । राजस्व उठाउने क्षमता र खर्चको आवश्यकताबीचको अन्तर भर्टिकल फिस्कल ग्याप हो भने एउटै तहका सरकारहरूबीच देखिने वित्तीय अन्तर होरिजेन्टल फिस्कल ग्याप हो । यी ग्याप मिलान गर्न जेजति वित्तीय सम्बन्ध परिभाषित गरिन्छ, वित्तीय संघीयताका सबै सिद्धान्त त्यसैबाट निर्देशित हुने गर्छन् । संसारभरको अभ्यास यही हो । संविधानले दिएको कार्यजिम्मेवारीहरू वहन गर्न वित्तीय स्रोत नभई सम्भव छैन । त्यसैले वित्तीय संघीयताबिना समग्र संघीयता असम्भव छ ।

## अर्थतन्त्रमा वित्तीय संघीयताको योगदान

केही वर्षअघिसम्म स्थानीय निकायको आम्दानी र अहिलेको स्थानीय तहको आम्दानीबीच अकाश र जमिनको फरक दखिन्छ । स्थानीय तहको समग्र आयमा मात्रै होइन, आन्तरिक राजस्वमा पनि छलाङ मारेको छ । बिस्तारै स्थानीय तहको खर्च गर्ने क्षमता पनि बढ्दै गएको छ । राज्यको तल्लो तहसम्म आर्थिक गतिविधि बढेका छन् । राज्यको साधनस्रोत तल्लो तहसम्म पुगेको छ । स्थानीय योजना बनेका छन् । स्थानीय स्तरबाट थुप्रै कार्यक्रम कार्यान्वयन गर्ने प्रयास भईहेको छ ।

वित्तीय संघीयता कार्यान्वयनको सन्दर्भमा संविधानले धेरै हदसम्म भूमिका प्रस्ट पारेको छ । तर संविधानले भूमिका प्रस्ट पारेको विषय पनि कार्यान्वयन गर्दा अलि अलमलिएको परि

स्थिति छ । कतिपय संविधानले दिएका कुरा कानुन बनाउँदै गर्दा त्यसलाई संविधानकै भावनाअनुसार बुझ्यौँ कि बुझेनौँ भन्ने विषय महत्त्वपूर्ण छ । त्यस्तै ससर्त अनुदानका आधार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गर्ने संवैधानिक व्यवस्था छ । ससर्त अनुदान पनि समग्र वित्तीय संघीयताको दायराभन्दा बाहिर छैन । वित्तीय अन्तरको विश्लेषण नगरी कुनै पनि अनुदान हस्तान्तरण गर्नु भनेको वित्तीय संघीयताको सिद्धान्तभन्दा बाहिरको काम हो । अहिले ससर्त अनुदान वित्तीय अन्तरको विश्लेषणविना हस्तान्तरण भइरहेको छ ।

समानीकरण अनुदान वित्तीय संघीयताको चुरो हो । काम र स्रोतबीचको बेमेल हटाउन राजस्व बाँडफाँट, रोयल्टी, ससर्त अनुदानलगायत विभिन्न वित्तीय हस्तान्तरणको व्यवस्था गरिएको छ । यति हुँदाहुँदै पनि कार्यजिम्मेवारी र त्यसका लागी चाहिने स्रोतबीच देखिने वित्तीय अन्तर देखिन सक्छ । त्यसलाई सन्तुलनमा राख्न समानीकरण अनुदानको व्यवस्था गरिएको छ । वित्तीय अन्तरलाई समानीकरण गर्न दिइने भएकाले यसलाई समानीकरण अनुदान भनिएको हो । आफैँमा महत्त्वपूर्ण हुँदाहुँदै पनि समानीकरण अनुदान हस्तान्तरणलाई थयार्थपरक बनाउन वित्तीय अन्तरको विश्लेषणलाई थप यथार्थपरक बनाउन आवश्यक छ । ससर्त अनुदान आयोगले सिफारिस गर्नुपर्ने संवैधानिक व्यवस्था छ । तर अहिले पनि आयोगले दिएका आधार उल्लेख नगरी संघ र प्रदेश सरकारहरूले विनियोजन गरिरहेका छन् । आयोगले चालु आर्थिक वर्षका लागि वित्तीय हस्तान्तरणको सिफारिस अघिल्लो आर्थिक वर्षको फागुनमै गर्छ । तर चालु आर्थिक वर्षमा विनियोजन हुने धेरै शीर्षकका ससर्त अनुदान अहिले पनि संघ र प्रदेशका कतिपय मन्त्रालयले बाँडफाँट गर्न बाँकी होला । यसले गर्दा वित्तीय अन्तर कति छ भनेर यकिन गर्न गाह्रो भएको छ । त्यसैले समानीकरण अनुदानलाई जति यथार्थपक बनाउनुपर्ने हो, त्यो गर्न सकिएको छैन ।

ससर्त अनुदान हस्तान्तरणका सम्बन्धमा संविधानले नै स्पष्ट व्यवस्था गरेको छ । संघको एकल अधिकार सूचीमा रहेका काम ससर्त बजेट विनियोजन गरेर प्रदेश र स्थानीय तहमार्फत कार्यान्वयन गर्न सक्छन् । त्यस्तै प्रदेशले पनि आफ्नो एकल अधिकार सूचीमा रहेका काम स्थानीय तहमा ससर्त अनुदान पठाएर कार्यान्वयन गर्न सक्छन् । तर ससर्त अनुदान पठाउने काम व्यवस्थित नहुँदा समानीकरण अनुदान पनि वस्तुपरक नभएको

> स्थानीय तहको समग्र आयले मात्रै होइन, आन्तरिक राजस्वले पनि फड्को मारेको छ । बिस्तारै स्थानीय तहको खर्च गर्ने क्षमता पनि बढ्दै गएको छ । राज्यको तल्लो तहसम्म आर्थिक गतिविधि बढेका छन् ।

भनी आलोचना हुने गरेको छ ।

आयोगकै भूमिका पनि संविधानले व्यवस्था गरेअनुसार कार्यान्वयन भयो कि भएन भन्ने छ । जस्तो, वित्तीय हस्तान्तरणको कुल परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेबमोजिम हुने भन्ने व्यवस्था छ । तर कुल परिमाणको विश्लेषण कसरी भइरहेको छ भन्ने विश्लेषण गर्ने हो भने त्यसमा पनि थप प्रस्ट हुनुपर्ने विषय छन् । संविधानले तीन तहका काम अनुसूचीहरूमार्फत प्रस्टसँग बाँडेको छ । करको अधिकार पनि दिइएको छ । तर कर र कार्यजिम्मेवारीबीच असन्तुलन छ । उल्लेख गरिएका सवालहरूलाई सुल्झाउन अन्तरसरकार वित्तीय सम्बन्धहरू प्रस्ट हुन जरूरी छ । यसका लागि आयोगले संघ र प्रदेश सरकारहरूसँग थप सहकार्य गर्नुपर्नेछ ।

## वित्तीय संघीयतामा करदाताको सवाल

मुलुकले उठाउने राजस्वको अधिकांश हिस्सामा निजी क्षेत्रका करदाताको योगदान रहँदै आएको छ । पालिकालाई वार्षिक केही हजार रूपैयाँ व्यवसाय कर तिर्नेदेखि अर्बौं रूपैयाँ कर तिर्ने ठूला घराना सबै निजी क्षेत्र हुन् । कुल गार्हस्थ्य उत्पादनको अधिकतम हिस्सा निजी क्षेत्रको छ । संघ, प्रदेश र स्थानीय तहले निजी क्षेत्रसँग सम्बन्ध परिभाषित गर्दैगर्दा 'उसलाई कहाँनिर दुख्छ र कहाँनिर चाहिँ उसलाई प्रोत्साहन गर्नुपर्दछ' भनेर बडो सतर्क हुनुपर्छ । निजी क्षेत्र भनेको नाफाले प्रोत्साहित हुने र प्रतिस्पर्धाले नियन्त्रित हुन्छ । त्यसैले जहाँ प्रतिस्पर्धा छैन, त्यहाँ निजी क्षेत्रलाई संलग्न गराउनुहुँदैन । जहाँ नाफा छैन, त्यहाँ निजी क्षेत्र आउँदै आउँदैन । सरकारले एकलौटी अवस्थालाई भत्काएर प्रतिस्पर्धी वातावरण निर्माण गर्नुपर्छ । नाफाले चलायमान बनाउने हुँदा निजी क्षेत्रले जोखिम मोलेर लगानी गर्छन् । तर एकाधिकार भयो भने त्यसले मुलुक र नागरिकलाई भयंकर अप्ठ्यारोमा पार्छ । त्यसैले नाफा र प्रतिस्पर्धालाई दृष्टिगत गरी सरकारले 'रेफ्री'को भूमिका निर्वाह गर्नुपर्छ । तर सरकार 'डिक्टेटर' बन्न हुँदैन । डिक्टेटरसिपले लगानीकर्ता निरूत्साहित हुन्छन् । निजी क्षेत्रलाई 'फेयर प्ले'का लागि अग्रसर गराउने कौशल संघ, प्रदेश र स्थानीय सरकारसँग चाहिन्छ । 'फेयर प्ले'का लागि अग्रसर गराउन सरकार 'रेफ्री' बन्नुपर्छ, 'डिक्टेटर' बनेर सम्भव छैन ।

जहाँसम्म कर र सेवाबीचको सवाल छ, संविधानले तीन वटै तहका सरकारलाई कर उठाउने अधिकार दिएको छ । तर के सेवा दिएबापत कर उठाउने भन्नेमा सररकार स्पष्ट हुन जरूरी छ । आफूले तिरेको कर उपयोग भएको र त्यसबाट आफू पनि लाभान्वित भएको अवस्थामा करदाताबाट सहज ढंगले कर उठाउन सकिन्छ । त्यसैले करदाताको सेवालाई प्राथमिकता दिएर राजस्व संकलनको आधार र मापदण्ड बनाउनुपर्छ । आयोगमा पनि 'शुल्क मात्रै उठाउने, सेवा नदिने' गुनासा आउँछन् । यसमा आयोगले पनि सहजीकरण गर्दै आएको छ । बिस्तारै सुधार पनि हुँदै छ ।

## ऋणसम्बन्धी सवाल

उल्लिखित वित्तीय हस्तान्तरण र आन्तरिक राजस्वले पनि अपुग भए आन्तरिक

ऋण लिन सकिने व्यवस्था छ । तर ऋण अनुत्पादक क्षेत्रमा लगानी गर्न लिनुहुँदैन । ऋण लिएर गरिने लगानीको प्रतिफलबाट ऋणको साँवाब्याज चुक्ता गरेर थप लाभ लिन सक्नुपर्छ । नभए ऋण लिनुहुँदैन ।

ऋण लिएर गरिएको लगानीबाट आत्मनिर्भर बनाउने, उत्पादकत्व बढाउने, रोजगारी सिर्जना गर्ने, आयआर्जन बढाउने वातावरण बन्नुपर्छ । ऋण लिएपछि भविष्यमा थप ऋण लिन नपरोस् भन्ने पनि हो । यस्तै हेतुबाट संघ, प्रदेश र स्थानीय सरकारले ऋण लिन सक्छन् । हामीले सिफारिस गरेको ऋण कहाँकहाँ खर्च हुन्छ भनेर आयोजनागत हिसाबले लेखिदिने हो भने ऋणको पैसा कहाँ खर्च भयो भनेर स्पष्ट हुने थियो । यस विषयलाई हामीले वार्षिक प्रतिवेदनमा पनि उल्लेख गरेका छौं । साथै संघीय सरकारलाई अन्य औपचारिक माध्यमबाट पनि भनेका छौं ।

जहाँसम्म प्रदेश र स्थानीय तहले ऋण लिन नसक्नुको सवाल छ, यसमा ऋण चुक्ताको ग्यारेन्टी कसरी गर्ने, कस्ता मापदण्ड बनाएर ऋण लिने भन्ने विषय अहिलेसम्म यकिन भइसकेको छैन । त्यस्तै ऋण लिन छुट्टै संघीय ऐन चाहिन्छ । संघीय ऐन चाहिँ बन्यो । तर त्यसको नियम बनेको छैन । यसबाहेक प्रदेश र स्थानीय सरकारले संघीय सरकारसँग पनि ऋण लिन पाउने व्यवस्था छ । तर अहिलेसम्म संघले ऋणका लागि बजेट व्यवस्था गरेको छैन । माथि चर्चा गरिएका पूर्वाधार बनेपछि भविष्यमा प्रदेश र स्थानीय तहले ऋण लिन सक्नेछन् ।

## वित्तीय संघीयता कार्यान्वयनमा आयोगको भूमिका

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग संविधानले आफूलाई दिएको जिम्मेवारीलाई धेरै हदसम्म पूरा गर्ने प्रयासमा छ । आयोगले आफ्नो संवैधानिक जिम्मेवारी पूरा गर्न राजस्व बाँडफाँटको ढाँचा बनाएको छ । संघीय कानुनले त्यस ढाँचालाई ५/५ वर्षमा पुनरवलोकन गर्ने व्यवस्था गरेको छ । अहिलेसम्मको अनुभवका आधारमा ढाँचा पुनरवलोकन गर्ने तयारी पनि गरिरहेका छौं ।

अर्को, संघबाट प्रदेश र स्थानीय तहमा जाने र त्यसैगरी प्रदेशबाट स्थानीय तहमा जाने वित्तीय समानीकरण अनुदानको सिफारिस आयोगले गरिरहेको छ । संविधानले खर्चको

ऋण लिएर गरिएको लगानीबाट आत्मनिर्भर बनाउने, उत्पादकत्व बढाउने, रोजगारी सिर्जना गर्ने, आयआर्जन बढाउने वातावरण बन्नुपर्छ । ऋण लिएपछि भविष्यमा थप ऋण लिन नपरोस् भन्ने पनि हो ।

आवश्यकता र राजस्व क्षमताका आधारमा वित्तीय समानीकरण अनुदान सिफारिस गर्न आयोगलाई जिम्मेवारी दिएको छ । यसबाहेक संघीय कानुनले आयोगलाई थप सूचक दिएको छ । संविधान र संघीय कानुनले दिएको सूचकहरूका आधारमा समानीकरण अनुदानको बाँडफाँट सिफारिस गरिएको छ । विज्ञहरूको अध्ययन, सरोकारवालाको सुझाव र आयोगको आफ्नै अनुभवका आधारमा क्रमिक रूपमा परिमार्जन गर्दै लगिएको छ ।

त्यसैगरी राजस्व बाँडफाँटका सिलसिलामा कतिपय विवाद देखियो भने समाधानका लागि आयोगले राय दिने, सहजीकरण गर्ने काम गर्दै आएको छ । ससर्त अनुदानको हकमा माथि पनि चर्चा भइसकेको छ, आयोगले आधारहरू दिने भनिएको छ । तर कुन आधारमा ससर्त अनुदान बाँडफाँट भइरहेको छ भन्ने विषय संघ र प्रदेश सरकारहरूले प्रस्टसँग आयोगलाई भन्नुपर्नेछ । यस विषयमा आयोग पनि प्रस्ट हुनुपर्नेछ । यसका लागि आयोगले पनि संघ र प्रदेशसँग थप सहकार्य गर्नुपर्छ ।

यसैगरी प्राकृतिक स्रोतबाट प्राप्त राजस्व तीन वटै तहको सरकारलाई बाँडफाँट गरिरहेका छौं । पर्यटन, विद्युत्, वन, निकुञ्ज, खानीबाट संकलित राजस्व पनि बाँडफाँट गरिरहेका छौं । चालु आर्थिक वर्षदेखि भने दूरसञ्चारको फ्रिक्वेन्सीबापतको रोयल्टी पनि बाँडफाँट गर्न संघीय सरकारलाई सिफारिस गरेका छौं । राष्ट्रिय र अन्तर्राष्ट्रिय अनुभवका आधारमा दूरसञ्चार फ्रिक्वेन्सी बाँडफाँट गर्न सिफारिस गरिएको हो । आयोगले तीन तहकै सरकार हरूलाई राजस्व सुधारका लागि सुझाव दिँदै आएको छ । एकल कर प्रशासनअन्तर्गतको सवारीसाधन कर प्रदेशले उठाउने र स्थानीय तहलाई ४० प्रतिशत हस्तान्तरण गर्ने व्यवस्थाअनुसार प्रदेशअन्तर्गतका स्थानीय सरकालाई बाँडफाँट गर्ने कार्य पनि आयोगले गर्दै आएको छ ।

## गर्नुपर्ने काम

आयोगले वित्तीय अन्तरबारे थप प्रस्ट पार्नुपर्नेछ । वित्तीय अन्तरलाई अझ बढी यथार्थपरक बनाउन थप काम गर्नुपर्नेछ । यसका लागि निरन्तर अध्ययन अनुसन्धान भइरहेको छ । थप सुझाव पनि लिइरहेका छौं । करलाई कार्यसम्पादनसँग एकाकार गरी वस्तुनिष्ठ बनाउनुपर्नेछ । यसैगरी प्रदेश र स्थानीय तहको बजेट तथा योजना निर्माण र त्यसको कार्यान्वयन गर्ने क्षमता बढाउनुपर्ने देखिन्छ । क्षमता बढाउने कामलाई आयोगले प्राथमिकतामा राखेको छ । यसैगरी तीन वटै तहका सरकारसँग संवाद बढाउने, उनीहरूको रिपोर्टिङ सही समयमा र यथार्थ ढंगले लिने काम गर्नेछौं ।

केही समस्या पक्कै छन् । अहिलेसम्म गरिसक्नुपर्ने कतिपय काम गर्न अझै बाँकी होलान् ! एकअर्कासँग गुनासा पनि होलान् ! तर समग्र वित्तीय संघीयता कार्यान्वयन गर्ने क्रममा हामी सही 'ट्र्याक'मा छौं । कसले के भूमिका निर्वाह गर्नुपर्छ भन्ने सन्दर्भमा संविधान स्पष्ट छ । तीन तहको सरकार र संवैधानिक आयोगहरूको कार्यसम्पादन अनि नागरिकको अपेक्षालाई समग्रतामा हेर्दा आशावादी हुने ठाउँ प्रशस्त छ । संघीय व्यवस्था अवलम्बन गरेको केही वर्षभित्रै वित्तीय संघीयताको सान्दर्भिकताले मूर्त रूप लिँदै गएको छ । अहिले देखिएका केही समस्या समाधान गर्दै जाने र गर्न बाँकी काम गर्ने हो भने भविष्यमा वित्तीय संघीयताको सान्दर्भिकता अझै प्रखर हुने निश्चित छ ।

*- पौडेल राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष छन् ।*

usemobilebanking.com




दिनको २४ घन्टै हातमै बैंक लिएर

**QR Payment**, पानी तथा बिजुलीको बिल भुक्तानि, **Account** मा पैसा पाउने र पठाउने तथा अन्य भुक्तानि गर्नुस

**Start using Mobile Banking today!**

For more information, visit your bank's nearest branch or login to **www.usemobilebanking.com**

# कानुनी शासनबाट अर्थतन्त्रको पुनरुत्थान

नेपालमा कानुनी अर्थतन्त्रको ठूलो समयमा भनेकै भएका कानुन प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु हो । ठूला र महत्वपूर्ण परियोजनामा लगानी गरेर मुलुकमा उत्पादन, रोजगारीमा राम्रो योगदान दिइरहेका उद्योगी व्यवसायीको लगानी सुरक्षाका लागि सरकारले प्रतिबद्धता दिन सकेको छैन । उद्यमी भनेको सोच, विचार र चिन्तन पनि हो, यसकारण उद्यमी स्वयम्ले लगानी नगर्न पनि सक्छ ।



डा. विपीन अधिकारी

आर्थिक कानुनहरूको वर्तमान अवस्थाबारे कुरा गर्दा नेपालको संविधानका प्रावधानलाई महत्वसाथ हेरिनुपर्छ । संविधान राजनीतिक मात्र नभएर आर्थिक दस्तावेज पनि हो । यसले आर्थिक क्षेत्रमा राज्यको प्रतिबद्धता के हो ? के गर्न खोजेको छ र कसरी गर्न खोजेको छ ? लगायत पक्षको मार्गदर्शन गरेको छ । संविधानका आर्थिक प्रावधानमध्ये सम्पत्तिको अधिकार सबैभन्दा महत्वपूर्ण छ ।

कुनै पनि आर्थिक व्यवस्थामा सम्पत्तिको अधिकारले महत्व राख्छ । व्यक्तिले सम्पत्ति राख्न पाउँदैन, उपभोग गर्न पाउँदैन, उपभोग गर्दा अनावश्यक झन्झट सामना गर्नुपर्छ भने लगानीकर्ता लगानी गर्न निरूत्साहित हुन्छन् । लगानी नभएपछि उत्पादन हुँदैन, उत्पादन नभएपछि नयाँ रोजगारी सिर्जना र प्रतिस्पर्धा हुँदैन । प्रतिस्पर्धा नभएपछि वस्तुको मूल्य धेरै हुन्छ भने गुणस्तरीय सामान पनि पाइँदैन । यो चक्र चलिरहँदा अर्थतन्त्र धरापमा पर्छ । यसरी हेर्दा लगानी केवल नाफासँग मात्र सम्बन्धित छैन, लगानीले समाजका लागि रोजगार सिर्जना गर्छ, जसले मानिसलाई आधारभूत आवश्यकता (गाँस, बास, कपास, शिक्षा र स्वास्थ्य) पूरा गर्न सहयोग पुर्‍याउँछ ।

संविधानमा नागरिकको सम्पत्तिको अधिकार सुनिश्चित गरिएको छ, जसअनुसार नागरिकलाई सम्पत्ति आर्जन गर्न, भोगचलन गर्न, बिक्रीवितरण गर्न वा हक हस्तान्तरण गर्न सक्ने अधिकार दिइएको छ । सम्पत्तिसँगै वाक् तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार पनि त्यत्तिकै महत्वपूर्ण छ । सामान्य रूपमा हेर्दा यसलाई बोल्न पाउने अधिकारका रूपमा मात्र हेरिएको पाइन्छ । तर मान्छेले स्वतन्त्र रूपमा बोल्न पाएन भने सही कुरा भन्न पाउँदैन, सही कुरामा अडिग हुन सक्दैन । गुम्सिएको वातावरणमा आर्थिक विकास हुन सक्दैन । यसैकारण संविधानमा खुला अर्थ व्यवस्थाको प्रावधान राखिएको हो । वाक् स्वतन्त्रताकै अधिकार प्रयोग गरेर व्यक्तिले सम्पत्तिको अधिकार उपभोग गर्न सक्छ । नत्र सम्पत्ति कसैले लुटेर लग्दा वा सरकारले खाइदिंदा पनि बोल्न सक्ने अवस्था हुँदैन ।

नेपालको संविधानमा यस्ता धेरै मौलिक अधिकार छन्, जसको अभावमा पर्याप्त रूपमा आर्थिक क्रियाकलाप हुन सक्दैन । अधिकारहरू आफैंमा पर्याप्त हुँदैनन् । यिनको महत्व तब मात्र पूरा हुन्छ, जब अधिकार उल्लंघन हुँदा तुरुन्तै न्याय पाउन सकिन्छ । न्यायिक उपचार दिने काम सरकारले गर्न सक्दैन । त्यसका लागि स्वतन्त्र अड्डा अदालत चाहिन्छ ।

अहिले धेरै ठूलो संख्यामा आर्थिक कानुन छन् । कर प्रशासनदेखि लिएर उद्योग व्यवसायमा लगानी कसरी गर्ने, सम्पत्तिको नियमनलगायत विविध विषयका लागि कानुन बनेका छन् । संविधानको मर्मअनुसार ती कानुन बनेका हुन् । यसकारण सबै विषय संविधानमा उल्लेख गरिएको हुँदैन । यद्यपि कानुन हुनु मात्र सबैथोक होइन । कानुन न्यायपूर्ण, पारदर्शी र सर्वमान्य (१० जना मानिसले सही कानुन हो भन्न सक्ने आधार) हुनुपर्छ । कानुनको प्रयोग समानताका लागि र त्यसमा राज्यको संरक्षण पनि देखिनुपर्छ । त्यो पनि आर्थिक विकासका लागि जरूरी हुन्छ ।

बौद्धिक सम्पत्तिको हक पनि महत्वपूर्ण अधिकार हो । मानिसले धेरै मिहिनेत गरेर, अध्ययन अनुसन्धान गरेर कुनै विषय पत्ता लगाउँछन् । जस्तो वैज्ञानिकहरूले कोभिडको

खोप पत्ता लगाए, त्यो सरकारी प्रयासबाट भएको होइन । कुनै मानिसले ठूलो लगानी र मिहिनेत गरेर छोटो समयमा कोभिडको खोप पत्ता लगायो । त्यो उसको बौद्धिक सम्पत्ति हो, अरु व्यक्तिले त्यसको नक्कल गरे भने त्यहाँ बौद्धिक सम्पत्तिको संरक्षण भएन । यसकारण कानुनले व्यक्तिको बौद्धिक अधिकार संरक्षण गर्न सक्नुपर्छ । त्यस्ता कानुन हामीसँग पनि छन् ।

लगानीकर्ताले उद्योग व्यवसायमा लगानी गरेको हुन्छ, त्यसको संरक्षण गर्न लगानीकर्ताले आफूले चाहेअनुसार व्यवस्थापन, कर्मचारी, सूचनाप्रविधिलगायत राख्न पाउनुपर्छ । हामीसँग बलिया कर र श्रम कानुन पनि छन् । कतिपय देशमा महिलाले सम्पत्तिको अधिकार पाएका हुँदैनन् । विगतमा हामीकहाँ पनि त्यस्तो कानुन थिएन । सम्पत्ति अधिकार पाएपछि महिला जगत्को आर्थिक क्रियाकलापमा सुधार भएको छ । पूर्वाधार विकासका लागि ठूलो लगानी चाहिन्छ, त्यो एक, दुई जनाको पैसाले पुग्दैन । त्यसका लागि संयुक्त लगानीमा कम्पनी कसरी खोल्ने, सेयर बजारमा कसरी कम्पनी दर्ता गर्ने, विदेशबाट लगानी भित्र्याउनेलगायत धेरै कानुन हामीसँग छन् ।

धेरै नियन्त्रण गरिने मुलुकमा पुँजी भएका मानिस जान चाहँदैनन् । नेपालमा व्यवसाय गरेर अर्बपति भएका उद्योगी व्यवसायीले पनि अहिले विदेशमा लगानी विस्तार गरिरहेका छन् । उनीहरूले कम नियन्त्रण, उचित प्रतिफल र लगानीको सुरक्षा खोजेका पनि हुन सक्छन् । यसकारण कानुनले पुँजीलाई नियन्त्रणभन्दा पनि सहजीकरण गरिदिनुपर्छ । विदेशबाट सहज रूपमा पुँजी ल्याउन र लैजान पाउने सुविधा दिनुपर्छ । त्यसमा सरकारले धेरै कर लगाइदिनुहुँदैन । नत्र मानिसले विदेशमा पैसा राख्न थाल्छन् । कसैको निजी सम्पत्तिलाई सरकारले हडप्न सक्दैन । तर सार्वजनिक हितका लागि सरकारले उचित क्षतिपूर्ति दिएर उपयोग गर्न सक्छ । त्यो सम्पत्ति सरकारले कमाउन होइन, सार्वजनिक हितका लागि प्रयोग हुनुपर्छ । नत्र कानुनविपरीत हुन्छ । यी सबै विषयसम्बन्धी कानुन नेपालमा छन् । यद्यपि केही कानुन समयसान्दर्भिक परिमार्जन गर्नुपर्ने हुन सक्छ ।

## समस्या कहाँ ?

नेपालमा कानुनी अर्थतन्त्रको ठूलो समयमा भनेकै भएका कानुन प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु हो । ठूला र

**विकास निर्माणको धेरैजसो काम निजी क्षेत्रले नै गर्ने हो । निजी क्षेत्रले नसक्ने र सार्वजनिक उद्देश्य पूरा हुने काम मात्र सरकारले गर्ने हो । संकटमोचनका लागि कानुनी शासन, पारदर्शिता, भएका कानुनको प्रभावकारी कार्यान्वयन नै हो ।**

महत्त्वपूर्ण परियोजनामा लगानी गरेर मुलुकमा उत्पादन, रोजगारीमा राम्रो योगदान दिइरहेका उद्योगी व्यवसायीको लगानी सुरक्षाका लागि सरकारले प्रतिबद्धता दिन सकेको छैन । उद्यमी भनेको सोच, विचार र चिन्तन पनि हो, यसकारण उद्यमी स्वयम्ले लगानी नगर्न पनि सक्छ । उद्यमीको सोच, चिन्तन र योजनालाई मूर्त रूप दिन पुँजी चाहिन्छ । पुँजी जुटाउन र लगानी प्रोत्साहन गर्न सरकारले लगानीमैत्री वातावरण बनाइदिनुपर्छ । लगानी वातावरण राम्रो भएको अवस्थामा आजको प्राइभेट लिमिटेड कम्पनी भोलि पब्लिक लिमिटेड बन्न सक्छ । यी विषयमा हामीले पर्याप्त काम गर्न सकेका छैनौं ।

नेपालमा उद्यमशीलता प्रोत्साहन गर्ने वातावरण छैन । अहिले संसारभर नेपाली पुगेका छन् । गैरआवासीय नेपालीले नेपालमा आएर पर्यटन, जलविद्युत्लगायत क्षेत्रमा ठूलो लगानी गरिरहेका छन् । उनीहरूसँग पुँजी, प्रविधि र सीप पनि छ । तर हिजोसम्म उनीहरूले सेयर बजारलगायतमा लगानी गर्न पाउने अवस्था थिएन । यही समस्या समाधानका लागि सरकारले एनआरएनएलाई पनि नागरिकता वितरण गर्न थालेको छ, आउँदा दिनमा अझै थप काम हुँदै जालान् ।

मुलुकमा फस्टाउँदै गएको भ्रष्टाचारले कानुनको कार्यान्वयन निकै फितलो बनाइदिएको छ । मानिसमा निष्ठाको अभाव देखिन्छ । ठूलो समस्या नेपालको कर्मचारीतन्त्र (प्रशासन) बनेको छ । नेताहरूलाई चुनावको समयमै भए पनि नागरिकको घरघरमा पुग्नुपर्ने बाध्यता छ तर कर्मचारीले त समाजसँग सामना पनि गर्नुपर्दैन । यसकारण विकृति मौलाउँदै गएको छ ।

जब कानुनका सामान्य व्यवस्था प्रस्ट हुँदैनन्, पारदर्शी हुँदैनन्, समान प्रयोग हुँदैन, त्यस्तो अवस्थामा कमाउनेले अलिकति कमाएपछि अब जोगाउने बेला भयो भनेर विकल्प खोज्न लाग्छ । त्यसपछि घरजग्गालगायत क्षेत्रमा लगानी विस्तार हुन्छ । यसो हुँदा घरजग्गा फस्टाए पनि उद्यम व्यवसाय, उद्यमशीलता फस्टाउन सक्दैन । हामीकहाँ कानुन अत्याधुनिक छन् । तर प्रशासनतन्त्र एकदमै पुरानो छ । धेरै सरकारी कार्यालयमा अहिले पनि तोक लगाउने (दर्ता तथा चलानी) प्रक्रिया कायमै छ । यद्यपि लगानीकर्तालाई प्रोत्साहन गर्नकै लागि सरकारले लगानी बोर्ड नेपाल गठन गरेको छ । एकल बिन्दु सेवा सुरू भएको छ । तर ती निकायबाट अझै नागरिकले सहज रूपमा सुविधा पाउन सकेका छैनन् । आवश्यकताअनुसार दक्ष र योग्य कर्मचारी नियुक्त गर्न सकिएको छैन ।

आर्थिक कानुन प्रयोगका सम्बन्धमा धेरै अदालतले एउटा राम्रो तालिम तथा प्रशिक्षण पाउन सकेका छैनन् । अदालतका न्यायाधीश, स्रेस्तेदार कर्मचारीहरूमा हामीले नागरिकलाई सहजीकरण गरिदिने हो, रोकतोक गर्ने होइन भन्ने भावना छैन । कतिपय अवस्थामा सर्वोच्च अदालतबाट धेरै राम्रा फैसला भएका छन् । तर, जिल्ला र उच्च अदालतमा सोहीअनुसार काम हुन सकेको छैन । अझै पनि सर्वोच्च अदालतका धेरै काम कारबाही पुरानै शैलीका छन् । पैसावाल मानिसले मुद्दा हाल्न चाहँदैन । मुद्दा हालेपछि के गर्ने ? फैसला हुँदासम्म ढिलो हुन्छ, बरू केही रकम खर्च गरेर, नरमगरम मिलाएर भए पनि समस्या सुल्झाउने बाटो खोज्छन् ।

यस्ता गतिविधिले स्वदेशी लगानीकर्ता निरूत्साहित हुनुका साथै विदेशी लगानीकर्ता पनि आकर्षित हुँदैनन् । प्रतिस्पर्धी र प्रविधि हस्तान्तरण हुने खालका लगानी हामीकहाँ आउन नसक्नुको एउटा कारण यो पनि हो ।

नेपालमा पनि सरकारी कामकारबाही निकै झन्झटिलो छ । लघु, साना, मझौला उद्यम व्यवसाय सञ्चालन गर्न पनि निकै कानुनी र कागजी झमेला बेहोर्नुपर्छ । राज्यको सेवासुविधाको न्यायिक वितरण हुन सकेको छैन । कतिपय अवस्थामा कानुन पर्याप्त नहुन सक्छन् । तर त्यो ठूलो समस्या होइन । समस्या भनेकै भएका कानुन कार्यान्वयन हुन नसक्नु हो । कार्यान्वयन भएकामा पनि स्पष्टता हुँदैन । यसो हुँदा कानुन हुनु र नहुनुको कुनै अर्थ रहन्न ।

कानुन छ भने त्यो अनुमान गर्न सकिने (प्रेडिक्टेबल) हुनुपर्छ । कानुनको 'प्रेडिक्टाबिलिटी' निकै ठूलो कुरा हो । कर नतिरे के हुन्छ भनेर हामीले सोध्यौं भने हाम्रा अधिवक्ताहरूबाट फरक फरक जवाफ आउँछ । हामीकहाँ दण्डात्मक विधि छ । दण्ड जरिवाना गरेरै भए पनि राज्यले राजस्व असुली गरिरहेकै छ । बरू राजस्व चाहिएन वा कम भए पनि हुन्छ, तिमीले गरेको उद्यम, व्यवसाय, कामकारबाहीबाट समाजलाई फाइदा पुगेको छ, धेरैले रोजगारी पाएका छन् भने ठीक छ भने ढुक्क भएर काम गर, हामी साथमा छौं भनेर सरकारले भन्न सक्दैन ।

आयात-निर्यातमा पनि ठूलो समस्या छ, विलासिताका वस्तुहरूको आयात बढेको छ । मुलुकमा उत्पादन र उत्पादकत्व निरन्तर घट्दो छ । नेपालको तराईलाई उत्पादनको भण्डार भनिन्थ्यो । अहिले त्यो अवस्था छैन, थोरै मात्रामा भएका खेतीमध्ये पनि अधिकांश निर्वाह स्तरका छन् । सीमापारिबाट आएको खाद्यान्न, तरकारीले नेपाली बजार ढाकेका छन् । स्थानीय मानिसले उत्पादन गर्न चाहन्छ । तर उसलाई सरकारको संरक्षण, अनुदान, लगानीको सुरक्षा छैन । अरु देशमा किसानलाई मर्का पर्ने गरी कुनै कानुन बन्दैन । अमेरिकालगायत धेरै राष्ट्रमा अहिले पनि कृषिमा अनुदान दिइन्छ । हामीकहाँ किसानका लागि छुट्याइएको अनुदान पनि उनीहरूका हातमा पुग्न सकेको छैन । किसानका नाममा अरूले फाइदा लिइरहेका छन् ।

नेपालमा बेला बेलामा चिनी, लसुन, प्याज लुकाएर कृत्रिम अभाव सिर्जना गरिन्छ र केही दिनमा मूल्य बढाएर बिक्री गरिन्छ । व्यवसाय गर्न सरकारको लाइसेन्स चाहिन्छ । सरकारबाट लाइसेन्स लिएपछि उसको नियम कानुन पनि मान्नुपर्छ । बजारमा कृत्रिम अभाव गर्नेलाई सरकारले नियमन गरेर कानुनअनुसार कारबाही गर्न सक्नुपर्थ्यो । तर सरकारले केही भन्न सकेन । किनकि त्यसमा सरकारकै साझेदारी र मिलेमतो जस्तो देखिन्छ । कर्मचारीतन्त्र पनि स्थायी सरकार नै हो । यस विषयमा कर्मचारीतन्त्र पनि बोल्न सक्दैन । यो सबै कानुन दुरूपयोगका कारण भएको हो । कानुनमा 'प्रेडिक्टाबिलिटी' भएन ।



यस्ता गतिविधिमा उद्योगी व्यवसायीको पनि संलग्नता देखिन्छ । यही कारण उनीहरूले निश्चित व्यक्ति, समूह वा कर्मचारीलाई चित्त बुझाएकै भरमा व्यापारमा मनपरी गर्न पाएका छन् । यसले भ्रष्टाचार बढाएको छ । अहिलेको मुख्य समस्या यही हो ।

नेपालमा आर्थिक विकासको प्रक्रियामा नागरिकको अवरोध छैन । नेपाली जातिले मागेर खाँदैन, अर्काको सम्पत्ति लुटेर धनी बन्नुमा उसलाई विश्वास नै छैन । एक छाक कतै गएर खायो भने अर्को छाक मैले खुवाउनुपर्छ भन्ने भावना उसमा रहन्छ । यति स्वाभिमानी र अर्थ व्यवस्थाका लागि उपयुक्त नागरिक संसारका धेरै राष्ट्रमा नहोला । तर हामीलाई त्यो सुविधा उपलब्ध छ । तर साँच्चै मुलुकको हित सोच्ने नेतृत्व हामीले पाउन सकेका छैनौं । आर्थिक विकास धेरै कुरा गर्छौं । तर ती कार्यान्वयनमा आउँदैनन् । काम कारबाहीमा पारदर्शिता छैन । आर्थिक विकासमा यो नै प्रमुख समस्या हो । चाहिनेभन्दा बढी र कुठाउँमा खर्च गर्ने अनि त्यो खर्चको जवाफ संसद्ले दिन नसक्ने प्रवृत्ति बढेको छ । उत्पादनशील क्षेत्रमा खर्च हुन सकेको छैन । आर्थिक कानुनलाई हेर्ने दृष्टिकोणमा पनि परिमार्जन जरूरी छ ।

## समस्या समाधान कसरी ?

उल्लिखित समस्या चुट्कीका भरमा समाधान गर्न सकिँदैन । सबैभन्दा महत्त्वपूर्ण निर्णय पारदर्शी हुनुपर्‍यो । किन ठेक्का 'ए' ले पाउँछ 'बी' पाउँदैन भन्ने कुरा सर्वसाधारणलाई जानकारी हुनुपर्छ । हामीले तिरेको कर सदुपयोग भएको छ भन्ने सुनिश्चितता सरकारले दिन सक्नुपर्छ ।

सरकारी नियुक्तिहरू न त पारदर्शी भए, न सही मानिस नै छनोट भए । आफ्ना नजिकका वा पार्टीका कार्यकर्ता वा लेनदेनका आधारमा सरकारी नियुक्त गर्ने, सरकारी काममा दशकौं बिताएर अवकाश भएका, कार्यशक्तिमा क्षयीकरण भइसकेको व्यक्तिलाई नियुक्ति दिने प्रचलनले मुलुकमा समस्या ल्याएको छ । यी सबै कुरामा सबै राजनीतिक दलहरूको मिलेमतो देखिन्छ । सबै समस्या समाधान गर्न सकिन्छ, त्यसका लागि सरोकारवालहरूसँग छलफल गर्नुपर्छ ।

पछिल्ला वर्षमा करका दरहरूमा विरोध आइरहेको छ । आधा रातिमा मन्त्रालय छिरेर बदमासी गरेका कुरा पनि आइरहेका छन् । करको दर यति बढाउँछौं वा घटाउँछौं, तिमीले

कति दिन्छौ भनेर सम्झौता गरिन्छ । सन् २०३० सम्म सडकमा विद्युतीय सवारी मात्र उपयोग गर्ने अवस्था बनाउन भन्दै सरकारले सहुलियत कर र अन्य सुविधा घोषणा गरेको थियो । आयातकर्ताले प्रभावमा पारेपछि सरकारले एक वर्षमै उक्त नीति परिवर्तन गऱ्यो । यस्ता निर्णय पारदर्शी हुन सक्दैनन् । सरकारको बदमासीका कारण यस्तो अवस्था आएको हो । ठेकेदारले तोकिएको समयमा सडक, पुललगायत बनाउँदैन । नागरिकलाई कुन ठेकेदारले ठेक्का पाएको छ भन्नेसम्म पनि थाहा हुँदैन । यसमा ठेकेदार र कर्मचारीको लेनदेन हुन्छ ।

विकास निर्माणका अधिकांश काम निजी क्षेत्रले नै गर्ने हो । निजी क्षेत्रले नसक्ने र सार्वजनिक उद्देश्य पूरा हुने काम मात्र सरकारले गर्ने हो । संकटमोचनका लागि कानुनी शासन, पारदर्शिता, भएका कानुनको प्रभावकारी कार्यान्वयन नै हो ।

नेपाली उखान 'नेपालको कानुन दैवले जानून्, कानुनका नौ सिङ' भने जस्तो यथार्थमा हुनुभएन । त्यो वास्तविकता हो, अहिले अदालतले के गर्छ, त्यो एउटा कानुनको विद्यार्थीले भन्न सक्दैन ।

विद्यमान कानुनमा भएका कमीकमजोरी सम्बन्धमा सैद्धान्तिक रूपमा सुधारका प्रयास पनि नभएका होइनन् । तर व्यावहारिक रूपमा ती काम हुन सकेका छैनन् । देश विदेशबाट लगानी जुटाउन र जुटेको लगानी छिटो र सहज रूपमा लगानी हुन सकोस् भनेरै सरकारले लगानी बोर्ड स्थापना गरेको हो । तर जलस्रोत, सडक, भौतिक पूर्वाधारलगायत विकासे मन्त्रालयले लगानी बोर्डलाई शत्रुका रूपमा हेर्छन् । किनकि उनीहरू आफैं विकासको काम गर्न चाहन्छन् । किनकि ती निकायले आफूलाई उपलब्ध कमाउने अवसर लगानी बोर्डले खोसेको जस्तो ठान्छन् । प्रधानमन्त्रीको अध्यक्षतामा रहेको त्यति ठूलो संस्था मन्त्रालयद्वारा पीडित बनेको छ । हामीसँग आर्थिक विकासका लागि आवश्यक संरचना नभएका होइनन् । तर हाम्रो नेतृत्व स्वच्छ छैन । नेतृत्वमा न त देश विकासको स्पष्ट दृष्टिकोण छ, न विकास गर्न नसकेकामा चिन्ता नै । उनीहरू व्यक्तिगत लाभ मात्र हेर्छन् ।

आर्थिक विकास जनताको एजेन्डा हो । जहाँ पुँजीको सुरक्षा छैन, उद्योगी व्यवसायी लगानी गरेकै कारण दिक्क छन्, त्यहाँ तीव्र रूपमा आर्थिक विकास सम्भव हुँदैन । यही कारण पछिल्ला वर्षमा नेपालको अर्थतन्त्र तीव्र

**विकास निर्माणका अधिकांश काम निजी क्षेत्रले नै गर्ने हो । निजी क्षेत्रले नसक्ने र सार्वजनिक उद्देश्य पूरा हुने काम मात्र सरकारले गर्ने हो । संकटमोचनका लागि कानुनी शासन, पारदर्शिता, भएका कानुनको प्रभावकारी कार्यान्वयन नै हो ।**

रूपमा उत्पादनमुखीबाट आयातमुखी बनिरहेको छ । आयात प्रतिस्थापन र निर्यात प्रोत्साहन नीतिमार्फत सरकारले आन्तरिक उत्पादन बढाउन प्रोत्साहन गर्नुपर्ने हो । आर्थिक विकास भोक, रोग र अशिक्षा निराकरणका लागि हो ।

नेपालमा अशिक्षित धेरै भएकाले आर्थिक विकास हुन नसकेको भन्ने पनि सुनिन्छ । त्यो होइन । यहाँ शिक्षित र दक्ष जनशक्तिको कमी छैन । सडक नभएर पनि विकास नभएको होइन, सडक पनि पर्याप्त भइसके । रेल नभएर पनि विकास नभएको होइन । पर्याप्त आन्तरिक उत्पादन हुन नसकेको र विद्यमान कानुन प्रभावकारी कार्यान्वयन हुन नसक्दा आर्थिक विकास हुन नसकेको हो । नेपालमा क्यान्सर लागेर मृत्यु हुनेभन्दा हजारौं गुणा बढी नेपाली फोहोर पानी खाएर, नदी तर्ने बाँसको पुल नहुँदा खोलामा बगेर मरिरहेका छन् । यसतर्फ सरकारको ध्यान जान सकेको छैन ।

हाम्रो विकासको अवधारणा नै गलत छ । हाम्रो राज्य संरचना भ्रष्टाचारमै लिप्त देखिन्छ । हाम्रो जस्तो देशमा पहिले कृषि क्षेत्रको विकास गर्नुपर्छ । कृषि क्षेत्रको विकास हुँदा एकातिर उत्पादन बढ्छ भने अर्कोतिर किसानको आय र समाजमा रोजगारी पनि बढ्छ । आधारभूत आवश्यकता पूरा भएको अवस्थामा कसैले पनि कमाउनकै लागि विदेश जान्छु भन्न सक्दैन । नेपालमा पछिल्लो ३० वर्षमा कृषि क्षेत्रलाई नियतवश नै मासिएको छ ।

भारतले चामलको निर्यात बन्द गऱ्यो भनेर धेरै दलाल बिचौलिया रोइकराइ गर्न थाले । तर कसैले पनि अब डराउनुपर्दैन, आन्तरिक उत्पादन बढाउन बाटो खुल्यो, त्यसतर्फ लागौं भनेनन् । करिब ५० वर्षअघि आधा नेपालीले मकै खाएर बाँचेका थिए । तर अहिले हामीले त्यसरी सोचेका छैनौं । आयातित वस्तुले नेपाली वस्तुको बजार खोसिदिएको छ । तर सरकारले तिम्रो उत्पादनको उचित मूल्य र बिक्रीको सुनिश्चितता दिन्छु भन्न सकेको छैन । सरकारले किसानको उत्पादन सहज रूपमा बजारसम्म पुग्ने र उचित मूल्यमा बिक्री हुने वातावरण बनाउनुपर्थ्यो । राज्यले यस्तो प्रतिबद्धता दिन जानेको छैन । पछिल्लो समय जाजरकोटमा भूकम्प गयो, ठूलो जनधनको क्षति भएको छ, पीडितको आर्थिक अवस्था नाजुक छ, त्यहाँ कृषिको राम्रो विकास भएको भए नागरिक यति धेरै प्रताडित हुनुपर्दैनथ्यो । सरकारले चाहृयो भने पाँच/सात वर्षमै कृषि क्षेत्रमा आमूल परिवर्तन ल्याउन सकिन्छ । तर राज्यको ध्याउन्न कसरी लुट्ने, मनग्गे धन कुम्ल्याउने र सोहीअनुसारको नीतिनियम बनाउनेमै छ । सबैका लागि गाँस, बास, कपास, शिक्षा र स्वास्थ्य भन्ने नारा कानुनमा मात्र सीमित छ ।

समग्रमा आर्थिक विकासका लागि नेपालको अर्थतन्त्र र कानुनका बीचमा जहाँ जहाँ समायोजन चाहिन्छ, त्यो गर्नुपर्छ । विद्यमान कानुन आवश्यकताअनुसार परिमार्जन र प्रतिस्थापन गर्दै जानुपर्छ । मुख्य चुनौती भएका कानुन पारदर्शी र प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु हो । कानुन समानता र प्रेडिक्टाबिलिटीका आधारमा सुनिश्चित हुनुपऱ्यो । एउटै कानुन फरक फरक अर्थमा विश्लेषण गर्ने अवस्था नबनोस् । कानुनको शासन प्रभावकारी बनाउने र लगानीको अवसर व्यवहारले प्रदान गर्न सक्नुपर्छ ।

*- अधिकारी संविधानविद् हुन् ।*

# साना तथा मझौला व्यापार सम्वृद्धिको आधार, सोच अनुसार रोजे बैंक सपना हुन्छ साकार ।




एभरेष्ट बैंक मार्फत सस्तो, सुलभ एवं आकर्षक ब्याजदरमा कर्जा सुविधा उपभोग गरी व्यापार व्यवसाय प्रवर्द्धन गरौं ।

*शर्तहरू लागू हुनेछन् ।

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A joint-Venture with punjab national bank, India)

दिगो, दरिलो र विश्वासिलो

मुक्तिनाथ विकास बैंक
MUKTINATH BIKAS BANK
"जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ"

शेयरधनी बचत खाता

३को फाईदा एउटै खातामा !!

सम्पुर्ण सुविधा एकै ठाउँमा, सुरु गरौं शेयर लगानी
मुक्तिनाथ विकास बैंकको साथमा



यस बैंकले दिने सुविधा
- न्युनतम मौज्दात रु १००/-
- नि:शुल्क मोबाईल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग
- नि:शुल्क ConnectIPS मा दर्ता

मुक्तिनाथ क्यापिटलले दिने सुविधा
- ५०% सम्मको छुट PMS खाताको AMC शुल्कमा
- ५०% छुट MEROSHARE दर्तामा
- नि:शुल्क DEMAT खाता

ब्रोकर कम्पनीहरुले दिने सुविधा
- शेयर ब्रोकर कम्पनीबाट नि:शुल्क TMS खाता

*शर्तहरु लागु हुनेछ

scan to know more

टोल फ्री नम्बर : १६६००१४९९९९

# रुपान्तरणको पूर्वसर्त नीतिगत सुधार

सुलभ दरमा निरन्तर गुणस्तरीय सेवा सुनिश्चित गर्न एनसेलजस्ता निजी कम्पनीका लागि दूरसञ्चार ऐन, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, आयकर ऐन, औद्योगिक व्यवसाय ऐन र श्रम ऐन जस्ता ऐन कानुनमा स्पष्टता, नीतिमा सुस्पष्टता, प्रक्रियामा पारदर्शिता, पूर्वानुमानयोग्यता र स्थिर वातावरणको आवश्यकता छ ।



विशाल उपाध्याय

कोरोना भाइरसको महामारी (कोभिड-१९) हटिसकेको छ, तर भू-राजनीतिक एवं महामारीपछिको अनिश्चितताका कारण विश्वभर अभूतपूर्व सामाजिक-आर्थिक सङ्कट उत्पन्न भएको छ । नेपालमा हरेक क्षेत्र प्रत्यक्ष वा परोक्षरूपमा यो रोगको दागबाट पीडित छन् । पुनरूत्थानमा लामो समय लाग्नु, उपयुक्त नीतिसहित समयमै हस्तक्षेप नहुनु र विश्वव्यापी आपूर्ति शङ्खलामा निरन्तरका व्यावधानले दूरसञ्चार क्षेत्र अर्बौं रूपैयाँ लगानी गरेका सेवा प्रदायकको भविष्यमाथि ठूलो खतरा उत्पन्न गरेको छ ।

दूरसञ्चार कम्पनीहरूले निरन्तर लगानी र इमानदार प्रयाससहित देशको डिजिटल आकाङ्क्षालाई अगाडि बढाइरहेका बेला उद्योगको राजस्व र प्रतिप्रयोगकर्ता औसत राजस्व (एआरपियु) विगत पाँच वर्षदेखि निरन्तर घटिरहेको छ । सन् २०१८ मा समग्र दूरसञ्चार बजारको आकार एक खर्ब रूपैया रहेकोमा अहिले घटेर ७५ अर्बमा झरेको छ । तर एउटा कुरा भने राम्रो भएको छ– महामारीका कारण, डिजिटल सेवाको आवश्यकता (माग) उल्लेखनीय रूपमा बढेको छ । दृष्टान्तका लागि क्युआर कोड प्रयोगको बढ्दो प्रवृत्तिलाई नै लिऔं, जसले डिजिटल अर्थव्यवस्थातर्फको क्रमिक स्थानान्तरणमा योगदान पुऱ्याइरहेको छ ।

डिजिटलाइजेसनलाई अघि बढाउन र ठूलो पुँजी लगानी गरेका सेवा प्रदायकले बजारमा टिक्ने गरी प्रतिफल पाउँछन् भन्ने कुराको सुनिश्चितता गर्न नियामक पक्षबाट मैत्रीपूर्ण र विवेकसङ्गत हस्तक्षेपको गम्भीर आवश्यकता छ । सिङ्गो देश डिजिटल नेपालको बृहत्तर दृष्टिकोणका साथ अघि बढिरहेको अवस्थामा दूरसञ्चार क्षेत्रलगायत यससँग सम्बन्धित अन्य क्षेत्रका विभिन्न नीतिगत अस्पष्टतामा ध्यान दिँदै परिवर्तित परिदृश्य अनुसार कमी कमजोरीलाई सम्बोधन गर्न र अपरेटर हरूलाई निरन्तर लगानीका लागि प्रोत्साहित गर्न ढिला भइसकेको छ ।

परम्परागत भ्वाइस र टेक्स्ट सेवाहरूमा क्रमशः ओभर द टप (ओटिटी) प्लेटफर्महरूबाट सञ्चालित विभिन्न अन्य डाटाको प्रभुत्व बढ्दै गएको छ जसले टेलिकम कम्पनीहरूका लागि अस्तित्वकै खतरा सिर्जना गर्दै गएको छ । अब यी अर्बौं लगानी खन्याएका कम्पनी अन्य क्षेत्रलाई सहयोग गर्ने गरी सह-अस्तित्वमा रहन सक्ने सामूहिक प्रयास आवश्यक छ । नियामकसहित यस उद्योगका सबै खेलाडीले आत्रामक र सही तरिकामा एकसाथ काम गरेभने यो उद्योगले आगामी केही वर्षमा पुनरूत्थानको सकारात्मक सङ्केत पाउन थाल्नेछ ।

## सरकारी सहयोग अत्यावश्यक

आइसिटी इकोसिस्टमका प्रमुख चालक सरकारी एजेन्सी (निकाय) र नियामक हुन् । ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्न र ग्राहकलाई वास्तविक डिजिटल उपभोक्तामा रुपान्तरण गर्ने सवालमा उनीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । एनसेलका लागि, डिजिटल नेपालको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने सन्दर्भमा समान अवसरलाई समर्थन गर्ने समय सान्दर्भिक फ्रेमवर्क एवं नीति र तिनलाई निरन्तर र पारदर्शी रूपमा लागू गर्न उद्धत नेतृत्व महत्त्वपूर्ण हुन आउँछ । डिजिटल स्पेसमा सफलता टेक्नोलोजीको विषय कम र मानिसको डिजिटलकृत हुने मानसिकतासँग बढी सम्बन्धित छ ।

डाटा नै उपभोक्ताको प्राथमिक आवश्यकता बन्दै जाँदा मूलत भ्वाइस सेवामा निर्भर दूरसञ्चार क्षेत्रले चुनौतीको सामना गरिरहेको छ । भ्वाइस ट्राफिकमा गिरावटलाई साक्षात्कार गरिरहँदा देशको डिजिटल अर्थव्यवस्थासँग टिक्न र तालमेल मिलाउन टेलिकम अपरेटर (दूरसञ्चार सञ्चालक)हरूले डाटालाई प्रोत्साहित गर्ने दिशामा आफूलाई उन्मुख गर्नुपर्छ । तर सुलभ दरमा निरन्तर गुणस्तरीय सेवा सुनिश्चित गर्न एनसेलजस्ता निजी कम्पनीका लागि दूरसञ्चार ऐन, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, आयकर ऐन, औद्योगिक व्यवसाय ऐन र श्रम ऐन जस्ता ऐन कानुनमा स्पष्टता, नीतिमा सुस्पष्टता, प्रक्रियामा पारदर्शिता, पूर्वानुमानयोग्यता र स्थिर वातावरणको आवश्यकता छ । यसका लागि नीति एवं फ्रेमवर्कहरूलाई विश्वव्यापी मानक अनुरूप बनाउँदै लैजानु महत्त्वपूर्ण हुन्छ । साथै, स्थानीय एपहरूलाई प्रोत्साहन गर्ने र प्रत्यक्ष क्यारियर बिलिङ वा माइक्रो-पेमेन्टलाई सहजीकरण गर्ने हो भने एउटा सुरक्षात्मक फ्रेमवर्क (ढाँचा) भित्र स्थानीय नवप्रवर्तन र दिगोपनलाई बढाउन सकिन्छ र डिजिटल नेपालतर्फको प्रगतिलाई अगाडि बढाउन सकिन्छ ।

**विदेशी लगानीकर्तालाई आकर्षित गर्न सरकारी निकायबाट प्रतिबद्धताको खाँचो छ । त्यो भएमा मात्र उपभोक्ताको दैनिक जीवनमा परिवर्तन ल्याउन र देशको अर्थतन्त्रलाई समृद्धितर्फ उन्मुख गराउन अपेक्षित डिजिटलाइजेसन हासिल गर्न सकिन्छ ।**

## एनसेलको लगानी र अर्थतन्त्रमा भूमिका

नेपालजस्तो विकासोन्मुख मुलुकका लागि पुँजी निर्माण र प्रविधि हस्तान्तरण गर्दै मुलुकको आर्थिक वृद्धि र समृद्धि सुनिश्चित गर्नमा प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई)ले महत्त्वपूर्ण र प्रत्यक्ष भूमिका खेल्छ । एफडिआईलाई आकर्षित गर्न देशभित्र व्यवसायको वातावरणलाई सहज बनाउन आवश्यक छ । राजनीतिक स्थायित्व, पूर्वाधारको उपलब्धता, सरकारबाट सहजीकरण, कर्मचारीतन्त्र र समग्र राजनीतिक वातावरण विदेशी लगानीकर्ताका लागि सहयोगी हुनुपर्छ ।

आज हामीले दूरसञ्चारको क्षेत्रमा जुन विकास देखेका छौँ, त्यो स्वतन्त्र बजार नीति र प्रत्यक्ष वैदेशिक लगानीको परिणाम हो । एफडिआई कुनै पनि बजारका लागि महत्त्वपूर्ण हुन्छ । लगानीकर्तालाई राम्रो नीतिगत व्यवहार गरिनुपर्छ । उनीहरूको लगानीको प्रतिफल सुनिश्चित हुनुपर्छ ।

हामी नेपालको सबैभन्दा ठूलो विदेशी लगानीकर्तामध्ये एक हौँ । यसमा हामीलाई गर्व छ । हामीले देशको सबैभन्दा ठूलो करदाताका रूपमा सरकारलाई कर र शुल्क योगदान गर्दै आएका छौँ । मुलुकको कुल गार्हस्थ्य उत्पादनमा हाम्रो करिब २ प्रतिशतको प्रत्यक्ष र अप्रत्यक्ष योगदान छ । एनसेलले आफ्नो स्थापनाकालदेखि हालसम्म कर तथा दस्तुरबापत नेपाल सरकारलाई दुई खर्ब ८३ अर्ब (आव २०७८/७९ सम्म)रुपैया योगदान गरिसकेको छ । संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर) अन्तर्गत पनि एनसेलले १ अर्ब ८० करोड रुपैयाँभन्दा बढी नेपाली समाजलाई योगदान पुर्‍याइसकेको छ ।

सेवा विस्तार र सेवाको गुणस्तर अभिवृद्धिका लागि पनि हामीले पूर्वाधारमा पर्याप्त लगानी गरेका छौँ । हामी वार्षिक ३२ देखि ३५ अर्ब रुपैयाँ पुँजीगत र सञ्चालनगत लगानी गरिरहेका छौँ । यसले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अर्थतन्त्रलाई चलायमान बनाउन मदत गरिरहेको छ । कनेक्टिभिटीको यस आधुनिक युगमा दूरसञ्चारजस्ता पूर्वाधारको सामाजिक-आर्थिक वृद्धि, गरिबी निवारण र वातावरणीय दिगोपनासँग बलियो सम्बन्ध छ ।

एनसेलले आफ्नो लगानीमार्फत नवीन प्रविधिगत समाधान उपलब्ध गराएर रोजगारीमार्फत प्रत्यक्ष आर्थिक लाभ दिलाएको छ । सुलभ सञ्चारमार्फत् आफ्ना ग्राहकलाई सामाजिक एवं आर्थिक लाभ दिलाउँदै शिक्षा एवं स्वास्थ्य, विकेन्द्रीकरण एवं एकीकरणको प्रक्रियामा सहजीकरण एवं प्रवर्धन, मानव कल्याण र समग्र राष्ट्रिय आर्थिक विकास जस्ता सकारात्मक नतिजा दिलाइरहेको छ । एनसेल एउटा सफल एफडिआई कम्पनी हो । यसको सफलताले विदेशी लगानीकर्तालाई नेपालमा लगानी गर्न प्रोत्साहन गरेको छ ।

## दूरसञ्चारमा अत्यधिक कर

दूरसञ्चार एउटा यस्तो क्षेत्र हो जसले सार्वजनिक वित्तपोषणको लागि राजस्व सङ्कलनमा ठूलो योगदान पुर्‍याइरहेको छ । नेपालको सन्दर्भमा दूरसञ्चार उद्योग सबैभन्दा बढी कर तिर्ने क्षेत्र हो । अरु मुलुकमा कर्पोरेट कर २५ प्रतिशत वा सोभन्दा कम छ । उदाहरणका लागि, भियतनाममा कर्पोरेट कर २० प्रतिशत र इन्डोनेसियामा २२ प्रतिशत छ । छिमेकी मुलुक भारत र भुटानले २५ प्रतिशत कर्पोरेट कर लगाउँछन् । तर हाम्रो बजारमा, कर्पोरेट करको दर ३० प्रतिशत छ । यसलाई पुनरवलोकन गरी घटाउन आवश्यक छ । फेरि, १३ प्रतिशत भ्याट पनि छ । उनीहरूको आयको ५० प्रतिशतभन्दा बढी सरकारले कर र शुल्कका रूपमा लिन्छ । अत्यावश्यक र आपतकालीन सेवा भनिए तापनि यसमा विलासिताका वस्तुमा जस्तै कर लगाइएको छ ।

दूरसञ्चार नीति २०६४ ले दूरसञ्चार सेवालाई विकासको आधारभूत पूर्वाधारका रूपमा अङ्गीकार गरेको छ । नियामकीय शुल्कबाहेक दूरसञ्चार कम्पनीहरूले नवीकरण शुल्कवापत हरेक ५ वर्षमा २० अर्ब रुपैयाँ, ४ प्रतिशत रोयल्टी, ग्रामीण दूरसञ्चार विकास कोष (आरटिडिएफ)मा २ प्रतिशतको योगदान, मूल्य अभिवृद्धि कर (भ्याट) १३ प्रतिशत, १० प्रतिशत दूरसञ्चार सेवा शुल्क (टिएससी) र २ प्रतिशत स्वामित्व कर (ओटी) पनि तिर्नुपर्ने व्यवस्था छ । यसबाहेक, वार्षिक स्पेक्ट्रम शुल्कको रूपमा पनि ठूलो राजस्व सङ्कलन गरिन्छ, जुन प्रत्येक वर्ष लगभग २ अर्ब रुपैयाँ

हुन्छ । यी सबै तथ्य र तथ्यांकले नेपाललाई दक्षिण एसियाको उच्च करयुक्त बजार बनाएको छ । चर्को करका कारण उपभोक्ताले सास्ती भोग्नुपरिरहेको छ । उनीहरू यस अत्यावश्यक सेवाका लागि अनावश्यकरूपले धेरै रकम तिर्न बाध्य छन् । ग्राहकले मोबाइल सेवा प्रयोग गरेबापत करिब २८ प्रतिशत कर तिर्नुपर्छ । तर, सम्बन्धित निकायले सेवा प्रयोगकर्ता र सेवा प्रदायक दुवैलाई सहज वातावरण भने दिन सकेका छैनन् ।

कर्पोरेट र उपभोक्ता करका दर कम हुँदा त्यसले उपभोगलाई बढावा दिन्छ र अपरेटरहरूलाई मोबाइल ब्रोडब्यान्डको पहुँच विस्तार गर्न आयलाई पुनः लगानी गर्न सक्षम बनाउँछ । यसर्थ, उपभोक्ता वा ग्राहकका लागि इन्टरनेट अधिक सुलभ बनाउन टिएससी र ओटी छुट दिनुपर्छ । किनकि डिजिटल भविष्य इन्टरनेटमा नै निर्भर छ । यसले डिजिटल भविष्यका उपकरणहरू जस्तै : इन्टरनेट अफ थिंग्स (आइओटी), आर्टिफिसियल इन्टलिजेन्सी (एआई), मेसिन टु मेसिन (एम२ एम) को उपयोग सम्भव तुल्याउने छ ।

इन्टरनेसनल टेलिकम्युनिकेसन युनियन (आइटियु) का अनुसार ब्रोडब्यान्ड सेवाको लागत प्रतिव्यक्ति कुल राष्ट्रिय आयको २ प्रतिशतभन्दा कम हुनुपर्छ । यो संस्थाले नेपालमा इन्टरनेटको पहुँच बढाउन नीतिगत परिमार्जन गर्न पटक–पटक सुझाव दिँदै आएको छ । दूरसञ्चार सेवामा लगाइएको भारी करका कारण मोबाइल डाटा महँगो भएको भन्दै उसले नेपाललाई बारम्बार सचेत गराउँदै आएको छ । मोबाइल डाटा, भ्वाइस र एसएमएस महँगो भएका १८३ देशमध्ये नेपाल १११ औँ स्थानमा छ । विभिन्न अध्ययन अनुसार नेपालमा सक्रिय दूरसञ्चार ग्राहकको संख्या करिब दुई करोड ४० लाख छ भने हाल नेपालको डिजिटल साक्षरता दर केवल ४५ प्रतिशत छ । दूरसञ्चार क्षेत्रमा लाग्ने कर र विभिन्न शुल्क डिजिटल साक्षरतामा वृद्धि हुन नसक्नुको मुख्य कारण हो । औद्योगिक व्यवसाय ऐन र आयकर ऐनमा दूरसञ्चार क्षेत्रलाई विशेष उद्योगको दर्जा दिनुपर्छ ।

## स्पेक्ट्रमको प्रभावकारिता

सेवा प्रदायकहरूले व्यापक नेटवर्क कभरेज प्राप्त गर्न उल्लेखनीय लगानी गरेका छन् । तथापि, उच्च नियामक लागत र प्रति प्रयोगकर्ता न्यून औसत राजस्व (एआरपियु)ले सेवा प्रदायकको देशमा मोबाइल सेवाका पहुँच र गुणस्तर बढाउने क्षमतामा उल्लेखनीय प्रभाव पारिरहेको छ । स्मार्टफोन र डिजिटल विकासको उछाल साक्षात्कार गरेका दूरसञ्चार उद्योगले स्पेक्ट्रमको अपर्याप्त आपूर्तिको कारण पनि चुनौतीको सामना गरिरहेका छन् । पूर्वाधारमा उल्लेखनीय लगानी हुँदाहुँदै पनि, सीमित स्पेक्ट्रम वितरणले भ्वाइस र डाटा सेवाका लागि नेटवर्क क्षमतामा बाधा पुर्‍याएको छ । यो कुरा सेवाको गुणस्तर (क्युओएस) सुधारका लागि पनि गम्भीर चिन्ताको विषय हो ।

ब्यान्ड पिच्छे विद्यमान स्पेक्ट्रम क्यापले नेटवर्क विस्तारलाई सीमित गर्छ । सेवाको गुणस्तरलाई असर गर्छ र सामाजिक–आर्थिक वृद्धिमा बाधा पुर्‍याउँछ । सञ्चालकहरूलाई नयाँ वा विद्यमान ब्यान्डमा थप वा अधिक स्पेक्ट्रम प्राप्त गर्ने अनुमति दिन या त यसलाई पूरै हटाउनु पर्छ वा पुनरवलोकन गर्नुपर्छ । नेपालमा प्रविधिगत उन्नति र राम्रो सेवाका लागि आफ्नो नेटवर्क रणनीति बनाउन उनीहरूका लागि यो कुराको आवश्यकता छ । थुप्रै बजारमा, स्पेक्ट्रम क्याप या त परिमार्जन गरिएका छन् वा पूर्णरूपमा हटाइएको छ । हाम्रो छिमेकी देश भारतमा पनि, विगत १० वर्षमा नयाँ स्पेक्ट्रम जारी गर्नुका साथै क्यापमा पुनरवलोकन पनि गरिएको छ भने ब्यान्डमा लगाइएका स्पेक्ट्रम क्याप सन् २०२२ देखि पूर्णरूपमा हटाइएको छ ।

जीएसएमएका अनुसार, सुलभ शुल्कमा अतिरिक्त स्पेक्ट्रम जारी गर्नु र समय समयमा आइएमटी स्पेक्ट्रमलाई हार्मोनाइज्ड (तालमेल) गर्नु भनेको टेलिकम कम्पनीहरूलाई जनसंख्याको ठूलो हिस्सामा मोबाइल ब्रोडब्यान्ड सेवाको पहुँच विस्तार गर्न निरन्तर नेटवर्कमा लगानीका लागि सक्षम बनाउनु पनि हो । यो कुरा निकै महत्त्वपूर्ण छ । यसले नेपालको अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मकता र आर्थिक वृद्धिमा सकारात्मक प्रभाव पार्न सक्छ । वर्तमान स्पेक्ट्रम सन् २०२४ को सुरूआतमा नै पूर्ण उपयोगको बिन्दुमा पुगिसक्ने अपेक्षा गरिएको छ । तसर्थ, सेवा प्रदायकले ८०० मेगाहर्ज, ९०० मेगाहर्ज, १८०० मेगाहर्ज र २१०० मेगाहर्ज ब्यान्डमा थप स्पेक्ट्रमको अपेक्षा गर्नु वाञ्छनीय छ ताकि विद्यमान उपकरणहरूलाई उच्च क्षमतामा सञ्चालन गर्न सकियोस् र डाटा प्रयोगमा निरन्तर वृद्धिलाई सम्बोधन गर्न सकियोस् ।


बजार पहिले नै स्याचुरेसन पोइन्टमा पुगिसकेको अवस्थामा अब माइक्रोवेभलगायत स्पेक्ट्रमको आधार मूल्य परिमार्जन गर्नुपर्छ । भविष्यको स्पेक्ट्रम वितरणको आधार मूल्य उद्योगको परामर्शमा निर्धारण गरिनु पर्दछ । किनकि मूल्य हालको उद्योगको सामर्थ्य, बजार विकास र इकोसिस्टमको परिपक्वतालाई ध्यानमा राखेर गरिनुपर्ने हुन्छ । फ्रिक्वेन्सी लिलामीको मितिभन्दा पहिले वितरित फ्रिक्वेन्सीका लागि पश्चदर्शी शुल्कको सिद्धान्त लागू हुनु हुँदैन । नेपालजस्ता मुलुकमा फाइभजीमा स्पेक्ट्रमको गतिशीलता र सम्भावित सिक्सजी प्रविधिले दूरसञ्चार क्षमता बढाउन महत्त्वपूर्ण भूमिका खेल्छ । फाइभजी अङ्गीकार र सिक्सजीतर्फ अघि बढ्ने सवालमा डेटा ट्राफिक, तीव्र गति र यी टेक्नोलोजीले प्रदान गर्ने विविध अनुप्रयोगलाई समायोजित गर्न स्पेक्ट्रम वितरणको रणनीति आवश्यक हुन्छ ।

माथि उल्लेखित क्षेत्रबाहेक समान अवसर, डिजिटल भ्यालु एडेड सर्भिस (डिभिएएस) लाई प्रोत्साहन, डिजिटलाइजेसनलाई बढावा दिन कन्टेन्ट जेनेरेसन, ओटिटीको उचित नियमन लगायतका विषय पनि छन् । प्रत्येक सरोकारवालाको जित हुने सार्वजनिक निजी साझेदारी (पिपिपी) को भावना अनुसार निजी क्षेत्रको योगदानको कदर गर्दै निजी क्षेत्रको आत्मबललाई बढाउनु पर्छ । राष्ट्रिय रूपमा नेटवर्क विस्तार गरेका अपरेटरको राजस्व ओटिटिले खाइरहेका छन् । जबकि आइसिटी इकोसिस्टमको एक प्रमुख घटक डिजिटल सेवालाई सरकारले प्राथमिकतामा राखेको छैन । विद्यमान नियमलाई दूरदर्शिताकासाथ पुनरवलोकन गर्ने हो भने यी विषयलाई तदनुरूप सम्बोधन गर्न सकिन्छ, जसले अन्ततः सरकारलाई डिजिटल नेपालको आकाङ्क्षा पूरा गर्न सहयोग पुर्‍याउने अपेक्षा गर्न सकिन्छ । दूरसञ्चार क्षेत्रलाई लगानीमैत्री बनाउन, यो क्षेत्रको कन्भर्जेन्स, एप्लिकेसन तथा कन्टेन्ट जेनेरेसन, एआई र विशाल आइसिटी क्षेत्रमा स्वदेशी तथा विदेशी लगानीकर्तालाई आकर्षित गर्न सरकारी निकायबाट प्रतिबद्धताको खाँचो छ । त्यो भएमा मात्र उपभोक्ताको दैनिक जीवनमा परिवर्तन ल्याउन र देशको अर्थतन्त्रलाई समृद्धितर्फ उन्मुख गराउन अपेक्षित डिजिटलाइजेसन हासिल गर्न सकिन्छ ।

*– उपाध्याय एनसेलका सीआईओ हुन् ।*

# पहल गरे समाधान निस्कन्छ

सरकारका निकायहरूको बुझाइमा नै एकरूपता छैन । नेपाल राष्ट्र बैंक र अर्थ मन्त्रालयका बीचमै असमझदारी छ । सरकारको अन्तर निकाय समन्वयको ठूलो अभाव छ । अर्थमन्त्री र प्रधानमन्त्रीकै बीचमा समन्वय देखिँदैन । निजी क्षेत्रका कोही पनि मानिस सरकारसमक्ष जानै सकेका छैनन् ।



विष्णु पौडेल

अहिले आर्थिक परिसूचकले राम्रो सङ्केत गरिरहेका छैनन् । तर, यसलाई स्वीकार गर्नुपर्ने पहिलो आवश्यकता हो । जे भइरहेको छ, त्यसलाई स्वीकार गर्नुपर्छ । मुलुकको अर्थतन्त्र मन्दीको अवस्थामा छ । दुई लगातार आर्थिक वर्षको पहिलो त्रैमासमा आर्थिक वृद्धि ऋणात्मक बनेको छ । यस्तो अवस्थालाई आर्थिक मन्दीको अवस्था भनिन्छ । तथ्यांक विभाग, अर्थ मन्त्रालय, अन्तर ाष्ट्रिय निकायहरूले प्रकाशन गरेका तथ्यांकले नै हाम्रो अर्थतन्त्र समस्यामा छ भन्ने पुष्टि गर्छ ।

अहिले तीन वटा परिसूचक मात्र सकारात्मक देखिन्छ । पहिलो हो रेमिट्यान्स । यो कोभिडको बेलासम्म धेरै अनौपचारिक च्यानलबाट आउने गरेको थियो । यसलाई औपचारिक च्यानलबाट आउँथ्यो अहिले औपचारिक च्यानलबाट भित्रिन्छ ।

दोस्रो हो तरलता । यसमा सहजता हुनुको अर्थ अहिले कुनै पनि उद्योगी व्यवसायी व्यवसाय गर्न थप लगानी गर्ने अवस्थामै छैनन् भन्ने हो । उनीहरूको व्यवसायिक क्षमता उल्लेखनीय मात्रामा घटेको छ । उनीहरूले सावाँ ब्याज तिर्न सकेका छैनन् । किस्ता तिर्त सकेका छैनन् । यस्तो अवस्थामा कोही पनि ऋण लिन चाहँदैन वा सक्दैन । यसले तरलता सहज अवस्थामा देखिएको हो । अर्थतन्त्र चलायमान हुने हो भने तरलता यति सहज अवस्थामा हुँदैनथ्यो ।

तेस्रो वैदेशिक मुद्राको सञ्चिति । वैदेशिक मुद्राको सञ्चिति अनुकूल हुनुमा आयात निर्यात दुबै घट्नु मुख्य कारण हो । कारोबार नै नभएपछि स्वतः सञ्चिति बढ्ने भयो । यी जे सकारात्मक भनिएका परिसूचक हुन्, यी पनि सतोष मान्नुपर्ने अवस्थामा छैनन् । त्यसबाहेक अन्य समग्र परिसूचक हेर्दा नेपाल गम्भीर समस्यामा छ भन्न सकिन्छ ।

मौद्रिक नीतिको कुरा गर्दा एकातर्फ तरलताको अभाव छैन । अर्कोतर्फ ब्याजदर अहिले पनि दोहोरो अंकमा छ । यसमा सुधार आउन सकेको छैन । सेयर कारोबार, घरजग्गा कारोबारमा भारी मात्रामा गिरावट आएको छ । यो गिरावट किन आयो र यसको समाधान के हो भन्नेबारे कुनै चासो राखेको पाइन्न ।

बजारमा माग, आपूर्ति र उत्पादन घटेको छ । अधिकांश उद्योग या त बन्द भएका छन्, या त ५० प्रतिशतभन्दा कम क्षमतामा चलिरहेका छन् । २० प्रतिशत मात्र क्षमतामा चल्ने उद्योग धेरै छन् । माग, आपूर्ति र उत्पादन नै नभएपछि स्वभाविक रूपमा अर्थतन्त्र मन्दीको अवस्थामा रहन्छ ।

राजस्व र सरकारी वित्तको सन्दर्भमा कतै पनि चित्त बुझाउने ठाउँ छैन । राजस्वमा चमत्कार गर्छु भनेर संशोधित अनुमानमा ४० प्रतिशत बढाएर नयाँ लक्ष्य तोकियो । त्यो लक्ष्य कहाँ कहाँबाट पूरा गर्छु भनेर करका नयाँ नयाँ 'एभिन्युज' खोल्यौँ भनेर प्रचार पनि भयो । यो कति व्यावहारिक थियो, कति थिएन, कतै पनि विश्लेषण नगरी घोषणा गरियो । पहिलो त्रैमासिक तथ्यांक हेर्दा राजस्व सङ्कलनको अवस्था दयनीय छ । गत आर्थिक वर्षभन्दा पनि कम राजस्व अहिले सङ्कलन भएको छ । यो लक्ष्य पूरा हुने सम्भावना छैन । गत वर्ष पनि यस्तै अवस्थाबाट गुज्रनु परेको थियो ।

करदातालाई विश्वासमा लिएर सहज वातावरणमा कर तिर्नसक्ने अवस्था बनाउनु राज्यको दायित्व हो । हाम्रोमा निजी क्षेत्रलाई त्रसित गरेर, आतङ्कित पारेर सबैका टाउकोमा

डन्डा बर्साइरहेको अवस्था छ । अहिले निजी क्षेत्र भयभित छ । हिजो उनीहरूले एउटा अवस्थामा ऋण लिए । म यो समयमा यति उत्पादन गर्छु, यति आम्दानी गर्छ र कर, साँवा ब्याज तिर्छु भन्ने योजनामा ऋण लिए । त्यो योजनाअन्तर्गत न कारोबार छ, न उत्पादन नै छ । सोही कारण उनीहरूले ऋण तिर्न सकेका छैनन् ।

कालोसूचीमा पर्नेको संख्या गुणात्मक रूपमा बढेको छ । घर घडेरी सबै जाने जोखिम बढेको छ । त्यस्तो बेलामा ब्याजदर कसरी सहज बनाउने, सहुलियतपूर्ण ऋण कसरी दिने भन्नेमा योजना हुनुपर्थ्यो । परि स्थितिजन्य कारणले ऋण तिर्न नसक्दा कसरी सहजीकरण गर्ने भन्नेमा सरकारले योजना ल्याउनु पर्ने थियो ।

आर्थिक वर्षको अन्त्यसम्म पुग्दा के स्पष्ट भइसक्यो भने राजस्वले साधारण खर्चसमेत धान्न सक्ने अवस्था रहने छैन । विगतको प्रचलन अनुसार पहिलो त्रैमासमा आन्तरिक ऋण उठाइँदैनथ्यो । यस वर्ष सरकारले पहिलो त्रैमासमा मात्र ९५ अर्बभन्दा माथि आन्तरिक ऋण उठाइसकेको छ । यसको अर्थ आन्तरिक ऋण उठाएर तलब, भत्ता, पेन्सन खानुपर्ने अवस्था आएको छ ।

अन्तर्राष्ट्रिय सहयोगको कुरा गर्दा अनुदान, सहूलियतपूर्ण ऋण वा व्यावसायिक ऋण, नगण्य मात्रामा झरिसकेको छ । अहिले नेपालले हाम्रो सहायता उसको उन्नति, प्रगतिमा प्रयोग गर्छ भन्ने विश्वास उनीहरूमा टुटिसकेको छ । चर्चित अन्तर्राष्ट्रिय दातृ संस्थाको विश्वास सरकारले गुमाइसकेको छ । नेपालका विकास साझेदारको विश्वास सरकारले गुमाएको छ । यसको प्रभावले अनुदान कटौती भएको छ । सहुलियतपूर्ण ऋणमा कटौती भएको छ ।

पुँजीगत खर्चको सन्दर्भमा सरकार इतिहासमै सबैभन्दा कमजोर अवस्थामा छ । अघिल्लो आर्थिक वर्षबाटै यसको पुष्टि भइसकेको छ । अर्थमन्त्रीले एक औपचारिक कार्यक्रममा दसैंअघि सबै भुक्तानी दिन्छु भनेर बोल्नुभयो । यो कुरै सडकको मानिसले बोलेको होइन, मुलुकको अर्थमन्त्रीले बोलेको हो । तर, घटनाक्रमले के पुष्टि गऱ्यो भने अहिले पनि निर्माण व्यवसायीको भुक्तानी भएको छैन । यतिसम्मको अवस्था आयो कि सरकारको आश्वासनसमेत पत्याउन सक्ने अवस्था रहेन । सरकारका आधिकारिक भनाइलाई समेत अब विश्वास गर्न सक्ने अवस्था रहेन ।

ठुल्ठूला गेम चेन्जर आयोजना, राष्ट्रिय गौरवका आयोजना बजेटको अभाव हुँदैन भनेर सुरु गरिएका थिए । ती आयोजनाको काम ठप्प भएको छ । भेरी बबई डाइभर्सन आयोजना, सुनकोसी मरिन डाइभर्सन आयोजना भुक्तानीको अभावले काम रोकिने अवस्था छ । मध्यपहाडी (पुष्पलाल) लोकमार्ग, मदन भण्डारी, पूर्व-पश्चिम राजमार्ग, हुलाकी राजमार्गको काम रोकिएको छ । सहरी पूर्वाधारका काम रोकिएका छन् । निर्माणका अधिकांश आयोजनामा निर्माण व्यवसायीले भुक्तानी नपाउँदा काम रोकिने अवस्था सिर्जना भएको छ ।

महँगीको ८.६ प्रतिशतका दरले बढेको आँकडा छ तर, दैनिक जीवन चलाउन कठिन भइसकेको छ । ८० रूपैयाँ प्रतिकिलो रहेको चिनीको भाउ १८० प्रतिकिलोमा किनबेच भयो । चार सय रूपैयाँको जिरा १४ सय पुग्यो । चामल, दाल, खाद्यान्न, लत्ता कपडा, इन्धन सबैमा यही अवस्था छ । कसले यसको फाइदा लिएको छ त ? किसानले उत्पादनको उचित मूल्य पाएका छैनन् । दुध उत्पादकले दुधको मूल्य पाएका छैनन् । उनीहरू मर्कामा छन्, उपभोक्ता चर्को मूल्य तिर्न बाध्य छन् ।

बेग्लै समस्या देखियो

यसबिचमा इतिहासमै एक विचित्रको दृष्य देखियो । दूध उत्पादकले दुग्ध विकास संस्थानलाई दूध बेच्छन् । उनीहरूले संस्थानसँग भुक्तानी मागे । तर, संस्थानले औपचारिक रूपमा पैसा छैन भनेर त्यसको साटो घिउ लगेर जान भन्यो । दूधको सट्टामा घिउ । योभन्दा मजाक अरू केही हुन सक्दैन । सरकार यतिसम्म निकम्मा अवस्थामा पुगेको छ । यो त नोटको युगबाट वस्तु विनिमयको युगमा नेपाल फर्किएको भान भयो । धानसँग हलो साट्ने भने जस्तो ।

बेरोजगारी भयानक ढङ्गले बढेको छ । कारखाना जब पूर्ण क्षमतामा चल्दैनन्, उत्पादनका क्रियाकलापमा मन्दी आउँदा त्यसको असर रोजगारीमा परेको छ । मानिसहरू रोजगारीबाट वञ्चित हुनु परेको छ । यसले मानिसको जनजीवनमा ठूलो असर पारेको छ । अहिले दैनिक ठूलो संख्यामा मानिस अन्तर्राष्ट्रिय श्रमबजारमा गइरहेका छन् । उच्च शिक्षा दिने शिक्षण संस्था खाली हुन थालेका छन् । १२ कक्षा सकेपछि कोही पनि नेपाल बस्न चाहिरहेका छैनन् । आधार भूत मापदण्ड पूरा गर्न नसकेका, आवश्यक लागत जुटाउन नसकेका बाहेक कुनै पनि युवा नेपालमा बस्ने स्थिति छैन । अब त नेपाल ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिकको मात्र बस्ती बनेको छ । यसरी कतै पनि चित्त बुझाउने अवस्था छैन ।

तर, बिडम्बना के छ भने यो स्थितिमा सरकारका निकायहरूको बुझाइमा नै एकरूपता छैन । नेपाल राष्ट्र बैंक र अर्थ मन्त्रालयका बिचमै असमझदारी छ । यो सार्वजनिक भइसकेको छैन । यो असमझदारी हटाउन सरकारले पहल गर्नुपर्छ कि पर्दैन ? विषय केन्द्रित भएर छलफल गर्नुपर्छ कि पर्दैन ? सरकारको अन्तर निकाय समन्वयको ठूलो अभाव छ । अर्थमन्त्री र प्रधानमन्त्रीकै बिचमा समन्वय देखिँदैन । समस्या समाधानमा एकीकृत पहल गरिनु पर्छ । निजी क्षेत्रका कोही पनि मानिस सरकारसमक्ष जानै सकेका छैनन् ।

प्रधानमन्त्रीले एक कार्यक्रममा भन्नुभयो,– "अर्थतन्त्र गम्भीर समस्यामा छ, सर्जरी गर्नुपर्छ ।" भोलिपल्ट अर्थमन्त्री बोल्नुहुन्छ– "अर्थतन्त्र लयमा छ, सुधार भइरहेको छ । समस्या हिजोका निरन्तरता हुन् । नयाँ समस्या छैन ।" सरकारले यहाँ बेइमानी गरिरहेको छ । उसले हिजोको समस्या भन्दै आफु पन्छिन खोजेको छ । तथ्यांकको जगमा उभिएर बोल्नुपर्छ । हिजो जतिबेला एमालेले सरकारको नेतृत्व गरेको थियो, दुबै अवधिमा अर्थतन्त्र सम्हाल्दा अत्यन्तै चूनौतीपूर्ण अवस्था थियो । सरकार छाड्दा अनुकूल परिसूचकसहितको अर्थतन्त्र हामीले छाडेको हो । व्यापार घाटाबाहेक सबै सूचकांक सकारात्मक थिए । व्यापार घाटासमेत घटेको थियो । सरकार अर्थतन्त्रका समस्या बुझ्न, समाधान गर्न इच्छुक र तत्पर देखिएन । यसले मुलुकको अर्थतन्त्र धरासायी बन्छ, अझै सङ्कटमा जान्छ ।

## कसरी गर्न सकिन्छ सुधार ?

सरकारले निजी क्षेत्र भएर सोचिदिनु पर्छ, निजी क्षेत्रले सरकार बनेर सोचिदिनु पर्छ, धेरै समस्या त्यहीबाट समाधान हुन्छन् । साथै, अन्तर्राष्ट्रिय परिस्थितिलाई सहज राष्ट्रिय परिस्थिति निर्माण गरी पार लगाउन सकिन्छ । समस्या छ भनेर स्वीकार गरेपछि मात्र समाधानका उपाय निस्कन्छन् ।

राजस्व परिचालनका दुई वटा उपाय छन् । एउटा करदातालाई त्रसित बनाएर राजस्व सङ्कलन गर्नु, अर्को उनीहरूलाई विश्वासमा लिएर कर सङ्कलन गर्नु । समस्या सुनिदिने, त्यसको समाधान गरिदिने र करदातालाई विश्वासमा लिने र भन्ने, सरकारले कुनै पनि प्रकारको कर चुहावट

स्वीकर गर्दैन । तर, जायज समस्या छन् भने सरकारले सुनिदिनु पर्छ र समाधान गरिदिनु पर्छ ।

सरकारले निजी क्षेत्र भएर सोचिदिनु पर्छ, निजी क्षेत्रले सरकार बनेर सोचिदिनु पर्छ, धेरै समस्या त्यहीबाट समाधान हुन्छन् । अर्थमन्त्रीका रूपमा निजी क्षेत्रले दायित्व सोचिदिनासाथ उसका चुनौती र अभिभाराबारे निजी क्षेत्रले मनन् गर्न सक्छ । अर्थमन्त्रीले निजी क्षेत्र बनेर सोच्दा उत्पादनका कठिनाई, वितरणका कठिनाई र झेल्नुपर्ने झन्झटबारे थाहा हुन्छ । यसरी दुई पक्षले एक अर्कालाई बुझ्नासाथ समस्या समाधानमा कुनै कठिनाइ हुँदैन । यी नदीका दुई किनारा होइनन्, एउटै किनारामा हिड्ने संयन्त्र हुन् । यसो भन्दैमा गलत धन्दा गर्नेलाई छूट दिनु हुँदैन तर अनुचित ढङ्गले तर्साउने काम पनि राज्यले गर्नु हुँदैन ।

सेयर बजारका सन्दर्भमा सरकारले धेरै काम गर्न नसक्ला, तर नीतिगत सहजीकरणको काम गर्नसक्छ । सरकार हाम्रो साथमा छ भन्ने प्रकारको आत्मविश्वास जगाउनु सबैभन्दा ठूलो चुनौती हो । हामीलाई समस्या पर्दा सरकारले कुरा सुन्छ, समाधान दिन्छ भनेर विश्वास दिलाउनु पर्नेछ । सेयर बजारमा मानिस आत्मविश्वासकै आधारमा लगानी गर्छ । त्यसमा सरकारले हतोत्साही बनाउने होइन, आत्मविश्वास जाग्ने वातावरण बनाउने हो ।

उद्योगी व्यवसायीको हकमा समेत यही लागु हुन्छ । त्रसित बनाएर लामो समयसम्म उद्योग व्यवसाय चल्दैन । जायज समस्या समाधानमा सरकार सहयोगी बनिदिनु पर्छ । अप्ठ्यारो पर्दा उनीहरू सरकार समक्ष जान्छन् । त्यो बेला सरकार अभिभावक बनिदिनु पर्छ । त्यो विश्वास दिलाइदिनु पर्छ । अहिले विश्वासको कमी मात्र होइन, आशा भरोसा नै नभएको अवस्था छ । यसमा सुधार गर्नुपर्छ ।

अर्थतन्त्रमा बाह्य कारणको प्रतिकूलतालाई पटक पटक उठाउने गरिएको छ । आजको अवस्थाभन्दा विगतमा नेपालले कठिन अवस्थाको सामना गर्नु परेको थियो । २०७२ सालको भूकम्पपछि नेपालले लगत्तै नाकाबन्दीको सामना गर्नु पर्‍यो । भूकम्प र नाकाबन्दीले अर्थतन्त्रमा सिर्जना गरेको परिस्थिति चानचुने थिएन । त्यस्तो प्रतिकूलताबिच पनि अर्थतन्त्रलाई लयमा फर्काएर ६ प्रतिशतको आर्थिक वृद्धि हासिल गरिएको थियो । नेपालले दुनियालाई विश्वास दिलाउन सफल भएको थियो ।

पुनर्निर्माणमा नेपाल संसारकै सफलमध्ये एक मुलुक मानिन्छ । नेपाल पाठशाला पनि हो । कोभिड महामारी संसारभर ठूलो चुनौतीका रूपमा आयो । नेपाल पनि यसबाट अछूतो रहन सकेन । यसलाई पनि नेपालले सहजै पार गर्न सफल भएको थियो । नागरिकले समयमै खोप र परीक्षणको सुविधा पाएका थिए । भनेपछि अहिले बाह्य कारण देखाएर सरकार उम्कनु पर्ने कुनै अवस्था छैन । युक्रेन र रूसको युद्ध देखाएर नेपाल उम्कन मिल्दैन । यसको बाछिटा नगन्य मात्र हुन्छ । यो सरकारले आफ्नो कमजोरी ढाक्ने मात्र काम हो । अन्तर्राष्ट्रिय परिस्थितिलाई सहज राष्ट्रिय परिस्थिति निर्माण गरी पार लगाउन सकिन्छ । त्यसकारण समस्या छन्, यसलाई स्वीकार गरौँ । समस्या छ भनेर स्वीकार गरेपछि मात्र समाधानका उपाय निस्कन्छन् ।


सरकारले निजी क्षेत्र भएर सोचिदिनु पर्छ, निजी क्षेत्रले सरकार बनेर सोचिदिनु पर्छ, धेरै समस्या त्यहीबाट समाधान हुन्छन् । साथै, अन्तर्राष्ट्रिय परिस्थितिलाई सहज राष्ट्रिय परिस्थिति निर्माण गरी पार लगाउन सकिन्छ । समस्या छ भनेर स्वीकार गरेपछि मात्र समाधानका उपाय निस्कन्छन् ।

*– पौडेल पूर्वअर्थमन्त्री हुन् ।*



# स्वास्थ्य सेवा सुधारमार्फत अर्थतन्त्रको पुनरुत्थान

राज्यले सबै किसिमका रोगको उपचार विधि बनाएर तिनलाई सबै तह र तप्कामा पुऱ्याउने गरी काम गर्नुपर्छ । उपचार विधि र दक्ष जनशक्ति देशभर पुऱ्याउन पैसा चाहिन्छ । हामीकहाँ त्यो पैसा कसरी जुटाउने भन्ने समस्या छ ।



डा. भगवान कोइराला

तीन दशकअघिको र अहिलेको स्वास्थ्य क्षेत्रको स्थिति तुलना गर्दा यसमा नेपालले निकै प्रगति गरेको देखिन्छ । विशेषगरी औसत आयु वृद्धि, शिशुको जीवनरक्षा, मातृ स्वास्थ्य सुधार र संक्रामक रोग नियन्त्रणको क्षेत्रमा नेपालले राम्रो प्रगति गरेको छ । मातृ मृत्युदर सन् १९९६ मा प्रतिलाख जीवित जन्ममा ५३९ रहेकामा सन् २०२२ मा आइपुग्दा घटेर १५१ कायम भएको छ ।

नवजात शिशु मृत्युदर सन् २०११ को ३३ प्रतिहजार जीवित जन्मबाट घटेर सन् २०२२ मा २१ कायम भएको छ । नवजात शिशु मृत्युदर सन् २०११ को तुलनामा घटेको देखिए पनि सन् २०१६ यता यही दर कायम रहेबाट पछिल्ला ८ वर्षमा यस क्षेत्रमा कुनै प्रगति गर्न नसकिएको अप्रिय वास्तविकता पनि हाम्रा सामु छ ।

पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर घटाएर ५४ प्रतिहजार जीवित जन्म कायम गराउने लक्ष्य भने निर्धारित समयसीमा २०१५ अगाडि नै हासिल गरेर नेपालले जनस्वास्थ्यको क्षेत्रमा सकारात्मक सन्देश दिएको छ । पाँच वर्षमुनिका बालबालिकामा हुने पुड्कोपनको दर पनि सन् १९९६ को तुलनामा आधाभन्दा तल आइसकेको छ ।

स्वास्थ्य क्षेत्रमा भएका प्रगतिको सकारात्मक कुरा गरिरहँदा नसर्ने रोगको प्रकोप ह्वात्तै बढेर ठूलो चुनौतीका रूपमा देखापरिसकेको वास्तविकता पनि नेपालमा छ । मूलमूत रूपमा हामीकहाँ रोग लाग्ने कारकतत्त्व नै बढी छन् । रोग लाग्नुमा सामाजिक र आर्थिक पक्षको ठूलो भूमिका हुन्छ । त्यसलाई हामी स्वास्थ्यका सामाजिक निर्धारक (सोसियल डिटरमिनेन्ट्स अफ हेल्थ) का रूपमा चित्रण गर्दछौं । गरिबी, सफा पिउने पानीको अभाव, अपर्याप्त सरसफाइलगायतलाई रोगका सामाजिक कारण मानिन्छ । अचेल जलवायु परिवर्तनले पनि अनेक थरी रोग निम्त्याउन थालेको छ । जस्तै, पहिलेपहिले डेंगी तराईमा मात्र हुन्थ्यो, अहिले पहाडमा समेत यसले सताउन थालेको छ । तराईको डेंगी पहाड उक्लनुमा जलवायु परिवर्तनको हात छ ।

अरु नदेखिने रोग पनि आएका छन् । पुराना रोग फेरि बल्भिन थालेको देखिन्छ । क्षयरोग ठीक भइसकेको थियो । मलेरिया गइसकेको थियो । यी रोग फेरि बल्भिन थालेका छन् । झाडापखाला, टाइफाइड जस्ता सर्ने रोग पनि प्रशस्त मात्रामा छन् । यस्ता रोगबाट हाम्रो देशमा बर्सेनि हजारौंको संख्यामा मानिस मरिरहेका छन् । यी समस्यासँग जुधिरहेका बेला नसर्ने खालका रोगको प्रकोप नेपालमा ह्वात्तै बढेको देखिन्छ । १५/२० वर्ष अगाडिदेखि यस्ता नयाँ प्रकृतिका रोगले सताउन थालेको हो । यसमा नसर्ने तर रोग लागेपछि जीर्ण भएर बसिरहने हुन्छ । नसर्ने रोगको वर्गमा पर्ने मिर्गौलाको समस्या, मधुमेह, उच्च रक्तचाप, दम, हृदयाघात, अरु वंशाणुगत रोग र चोटपटक ह्वात्तै बढेर गएको छ । नेपाल सर्ने रोग निमिट्यान्न पार्न नपाउँदै नसर्ने रोगको चपेटामा परेको अवस्था छ । यस हिसाबले हामी दोहोरो मारमा छौं । यसलाई कसरी जवाफ दिने, कसरी निराकरण गर्ने भनेर विचार गर्दा हामीले तीन तहमा काम गर्नुपर्ने देखिन्छ ।

पहिलो तहमा स्वास्थ्यका सोसियल डिटरमिनेन्ट्सहरूमा काम गर्नु जरुरी देखिन्छ । यसनिम्ति स्वास्थ्यका लागि आवश्यक जीवनका पूर्वाधारहरू उपयुक्त बनाउनुपर्छ । जस्तो खाना ठीक हुनुपऱ्यो । पानी सफा हुनुपऱ्यो । सफासुग्घर

भएर बस्नुपर्‍यो, बस्न पाउनुपर्‍यो, बस्न सक्ने वातावरण हुनुपर्‍यो । विभिन्न खालका प्रदूषण बढेका छन् । यसलाई चाँडोभन्दा चाँडो नियन्त्रण गर्नुपर्‍यो ।

त्यसपछि रोगबाट बच्ने उपायहरूमा जानुपर्छ । अर्थात् रोग लाग्नै नदिने । लागिहालेको खण्डमा त्यसको जटिलता न्यूनीकरण गर्ने उपायमा काम गर्नुपर्छ । यसअन्तर्गत खोप लगाउने जस्ता काम पर्छन् । खोपमा हामीले सन्तोषजनक प्रगति गरेका पनि छौं ।

तेस्रो रोकथाम । रोकथाम चरणमा जटिलता बढ्न नदिनेमा केन्द्रित हुनुपर्छ । जस्तो रक्तचाप देखिइहाल्यो भने त्यसलाई बढ्न नदिने उपाय गर्नुपर्छ । बेलैमा यसको उपचार गरिएन भने हृदयाघात हुन सक्छ । आँखा बिग्रन सक्छ । मिर्गौलामा समस्या आउन सक्छ । कोलेस्ट्रोल भयो भने त्यस्तै समस्या आउँछ । मधुमेहको उपचार भएन भने पनि अनेकौं समस्या आउँछन् । यी रोगको रोकथामका लागि तिनका लक्षणलाई नियन्त्रणमा राख्नुपर्छ । जस्तो रक्तचाप ठीक राख्ने, चिनीको मात्रा नियन्त्रण गर्ने, कोलेस्ट्रोल नियन्त्रण गर्ने, शारीरिक व्यायाम, मोटोपन घटाउने जस्ता रोकथामका कुरामा जानुपर्छ ।

रोकथामपछि उपचारको कुरा आउँछ । घर बसेर अथवा पूजापाठ गरेर रोग निको हुँदैन । स्वास्थ्योपचारको प्रभावकारिताका लागि प्राथमिकदेखि माथिल्लो तहसम्मै सशक्त स्वास्थ्य सेवा प्रणाली विकास गर्नु जरूरी छ । सर्ने र नसर्ने दुवै खाले रोगको उपचार सबै प्राथमिक स्वास्थ्य केन्द्र, जिल्ला अस्पताल र प्रदेश स्तरको अस्पतालमा हुन सक्ने बनाउनुपर्छ । जिल्ला र प्रदेश स्तरका अस्पताललाई अलि जटिल खालका रोगको पनि उपचार गर्न सक्ने गरी सुविधासम्पन्न बनाउनुपर्छ । त्यति गर्दा पनि नसकिने ठूला रोग र जटिल प्रविधिका कुरा छन् भने तिनलाई केन्द्रीय स्तरबाट सम्बोधन गर्नुपर्छ ।

यो सबका लागि प्रविधि, दक्ष जनशक्ति र बलियो पूर्वाधार चाहिन्छ । पर्याप्त उपकरण र व्यवस्थापकीय क्षमताको पनि यसमा अहम् भूमिका हुन्छ । तसर्थ हामीले हाम्रो स्वास्थ्य सेवा प्रणालीको व्यवस्थापकीय क्षमता अभिवृद्धिलाई प्राथमिकता दिएर काम गर्नुपर्छ । समयमै सामान आपूर्ति हुन सकेन भने लक्षित उपलब्धि हासिल हुन सक्दैन । यति भइसकेपछि यी सबै कुराको स्वामित्व जनताले लिनुपर्छ । प्रभावकारी सेवा सञ्चालनका लागि आवश्यक यी आधारभूत कुरा सबै उपचारको तहमा हुनुपर्छ । तर यो पक्ष सबैतिर कमजोर देखिन्छ ।

उल्लिखित काम गर्न स्रोत चाहियो । स्वास्थ्य क्षेत्रका लागि आवश्यक पर्ने वित्तीय स्रोतको जोहो कसरी गर्ने ? सरकारले कहाँबाट कसरी पैसा ल्याएर आफ्ना अस्पतालहरूमा उपकरण, जनशक्तिको व्यवस्था मिलाउने ? जनताले कति पैसा तिर्ने ? निर्क्योल हुनुपर्छ ।

कतिपय नसर्ने रोगको उपचार पूरा गर्दा बिरामीको घरखेत नै जाने अवस्था छ । कतिको त घरखेत बेचेर खर्च गर्दा पनि पुग्दैन । र उपचार नै गर्न नसक्ने स्थिति हुन्छ । कैयौं नागरिक चर्को स्वास्थ्योपचार खर्च धान्न नसकेर टाट उल्टने स्थिति छ ।

त्यसैले राज्यले सबै किसिमका रोगको उपचार विधि बनाएर तिनलाई सबै तह र तप्कामा पुर्‍याउने गरी काम गर्नुपर्छ । उपचार विधि र दक्ष जनशक्ति देशभर पुर्‍याउन पैसा चाहिन्छ । हामीकहाँ त्यो पैसा कसरी जुटाउने भन्ने समस्या छ । स्वास्थ्य क्षेत्रको ध्याउन्न भनेको जनताको आयु लम्ब्याउने र सर्वसाधारणले रोगबाट पाउने दुःख सके निमिट्यान्न पार्ने हो, त्यसो गर्न नसके न्यूनीकरण गर्नुपर्छ । संसारभरि नै स्वास्थ्य सेवाको उद्देश्य दुई हुन्छन्– एउटा रोगबाट हुने पीडा न्यूनीकरण र अर्को आयु वृद्धि । छोटकरीमा यही हो ।

यसलाई प्रभावकारी बनाउन हामीले धेरै सिस्टम बसाल्नु जरूरी देखिन्छ । अहिले चुनौतीमध्येको प्रमुख पैसा नै हो । सरकारसँग पैसा छैन, राजस्व उठ्दैन, विदेशबाट पनि भने जति भनेको ठाउँमा आउँदैन । स्वदेशमा करदाताको संख्या उत्साहजनक तरिकाले बढिरहेको छैन, उत्पादन-उपभोग दुवै घटेको अवस्था छ ।

वित्तीय क्षमता घटिरहेका बेला स्रोतको आवश्यकता बढ्दो छ । यस मानेमा हामी चेपुवामा परेका छौं । त्यसैले हामीले सबै किसिमका रोगबाट बचावट र रोकथाममा ध्यान दिनुपर्छ । यसो गर्दा उपचारमा गर्नुपर्ने खर्च जोगिन्छ । रोग लागिहाल्यो भने पनि अनावश्यक खर्च नगरीकन प्रभावकारी उपचार गर्न सक्ने कार्यमूलक संरचना तयार गर्नुपर्छ । स्वास्थ्य क्षेत्रका लागि राज्यले छुट्टै वित्तीय मोडल तयार गर्नुपर्छ । सरकारको ढुकुटीमा पैसा जम्मा हुनुपर्छ । स्वास्थ्य क्षेत्रकै लागि समर्पित कर लगाउने विकल्प पनि छ । स्वास्थ्य बिमालाई देशव्यापी बनाउनुपर्ने खाँचो छ । अहिलेको जस्तो स्वास्थ्यको नाममा कर उठाउने, खर्च चाहिँ अन्तै गर्ने परिपाटी हुनुहुँदैन । स्वास्थ्यका लागि भनेर जनताबाट कर संकलन गरिन्छ भने त्यसलाई स्वास्थ्य क्षेत्रमै उपयोग गर्न सकियो भने मात्र लक्षित उपलब्धि हासिल गर्न सम्भव हुन्छ ।

अर्को सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको व्यवस्थापकीय विधि हो । संरचना बनाइयो, प्रविधि ल्याइयो, पैसा खोजियो, उपकरणको बन्दोवस्त गरियो, मान्छे ल्याइयो भने पनि शासन पद्धति अथवा यसको सञ्चालन विधि चुस्त-दुरूस्त, स्वच्छ, पारदर्शी भएन भने सारा स्रोतसाधन र मिहिनेत खेर जान्छ । त्यसैले सञ्चालन विधि कार्यदक्ष र इमानदार हुनुपर्छ । माथिदेखि तलसम्मको व्यवस्थापकीय समूह इमानदार हुनुपर्छ । त्यसो भयो भने हाम्रा धेरै स्वास्थ्य समस्या न्यूनीकरण गर्न सकिन्छ, दुःख घटाउन सकिन्छ, आयु लम्ब्याउन सकिन्छ । सबै क्षेत्रमा सुधार गर्ने मूलभूत तरिका भनेको सञ्चालन विधि नै हो ।

हामीकहाँ स्वास्थ्य क्षेत्रका लागि नीतिगत वा कानुनी समस्या अथवा कानुनको अभाव छैन । केही कानुन प्रदेश र संघमा बाझिएका छन् । तर यो मूलभूत समस्या होइन । स्वास्थ्य क्षेत्रमा ऐन कानुनको अभावले काम नै नहुने अवस्था पनि छैन । स्वास्थ्य नीतिहरू राम्रा हुँदैमा तिनीहरू आफैं आएर काम गर्ने होइनन् । त्यसको कार्यान्वयन गर्न जनशक्ति र साधन स्रोत उपलब्ध हुनुपर्छ । स्वास्थ्य क्षेत्रमा थप बजेट विनियोजन गर्ने संस्कार बस्न सक्यो भने लक्ष्य हासिल होला । हामीकहाँ मुख्य समस्या फाइनान्स र गभर्नेन्समा छ । यी दुई कुरा भएनन् भने प्रभावकारी स्वास्थ्य सेवा जनतामा पुर्‍याउन सकिँदैन । यसका लागि राष्ट्रिय प्रतिबद्धता पनि चाहिन्छ । राज्यको जिम्मेवार तहले स्वास्थ्य क्षेत्रको महत्त्व बुझ्यो भने उसले राम्रो काम गर्न सक्छ ।

स्वास्थ्य क्षेत्रका प्राविधिकको गुणस्तर, जाँगर, सेवा सुविधा, वृत्ति विकासका अवसर हरूले कार्यसम्पादन र नतिजामा प्रभाव पार्छ । तसर्थ समायोजन, वृत्ति विकास, जागिरको सुनिश्चितता जस्ता विषयमा विद्यमान गुनासाको पनि सम्बोधन गर्नुपर्छ । यो सबै नमिलाई काम चुस्त-दुरूस्त बनाउन गाह्रो हुन्छ । यसका लागि नियमनकारी निकाय र स्वास्थ्य मन्त्रालयले सुशासन, थप आर्थिक लगानी र जनशक्तिमा विशेष जोड दिनुपर्छ । अहिले बाल स्वास्थ्यमा मात्रै विशेष जोड दिन सकियो भने पनि १० वर्षपछि देशको चौतर्फी उन्नतिका लागि आवश्यक स्वस्थ, सिर्जनशील र जाँगरिलो युवाशक्ति ठूलो संख्यामा तयार हुन्छ ।

*– डा. कोइराला मुटुरोग विशेषज्ञ हुन् ।*


अटुट छ यो साथ जुनीजुनीलाई
समृद्धिको सौगात, मेरी उनीलाई
मेरी उनीलाई
मुद्दती खाता
आकर्षक ब्याजदर
मेरी उनीलाई
थप सुविधाहरू
रू. ५ लाख सम्मको दुर्घटना बीमा
रू. २ लाख सम्मको गम्भीर रोग बीमा
रू. १ लाख सम्मको औषधोपचार बीमा
घर कर्जा सेवा शुल्कमा विशेष छुट
नि:शुल्क
लकर सुविधा (पहिलो वर्ष)
डेबिट कार्ड (पहिलो वर्ष)
मोबाईल र ईन्टरनेट बैंकिङ्ग (पहिलो वर्ष)
खाताका विशेषताहरू
• अवधि ६ महिना देखि २ वर्ष सम्म
• न्यूनतम मौज्दात रू. २ लाख
• यस खातामा ५० हजार भन्दा माथिको रकम पुन: थप गर्दै जान सकिनेछ
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np
'[ICRANP-IR] A' Rated
EUROMONEY
NEPAL
2022

# घरजग्गा कारोबार व्यवस्थित बनाउने उपाय

पछिल्लो समय नेपाल सरकारले जग्गाको कित्ताकाट खोलिसक्दा पनि हामीले अपेक्षा गरेबमोजिम कारोबार हुन सकेको छैन । कारोबार नहुनुमा मूल कुरा त अर्थतन्त्रको समग्र गति नै सुस्त भएको र विश्वव्यापी रूपमा पनि आर्थिक गतिविधि सुस्त छ ।



भेषराज लोहनी

समग्र अर्थतन्त्र नै सुस्त गतिमा अगाडि बढिरहेको पृष्ठभूमिमा नेपालमा पनि घरजग्गाको कारोबार सुस्त अवस्थामा छ । कोरोना महामारीको पहिलो लहरपछाडि नेपाल राष्ट्र बैंकले केही हदसम्म खुकुलो नीति अवलम्बन गरेका बेला घरजग्गा कारोबार बढेको थियो । तर त्यसपछि राष्ट्र बैंकले सार्वजनिक गरेका मौद्रिक नीतिले घरजग्गा क्षेत्रमा हुने कर्जा प्रवाहलगायत व्यवस्थामा कडाइ गर्‍यो, जसका कारण अहिले घरजग्गाको कारोबार संकटमा छ । एकदमै थलिएको अवस्थामा नेपालको रियल इस्टेट छ ।

तीन वर्षदेखिको घरजग्गा कारोबारको ट्रेन्डलाई हेर्ने हो भने आव २०७७/७८ मा करिब १२ खर्ब रूपैयाँ बराबरको प्रोपर्टी रजिस्ट्रेसन भएको थियो । आव २०७८/७९ मा साढे १० खर्ब रूपैयाँको छ भने आव २०७९/८० मा साढे ७ खर्ब रूपैयाँ बराबरको कारोबार भएको देखिन्छ । घरजग्गा कारोबार घट्दो क्रममा छ । चालु वर्ष २०८०/८१ को पहिलो महिनाहरूलाई विश्लेषण गर्दा उत्साहित भइहाल्ने परिस्थिति देखिँदैन । यो वर्ष ८ देखि १० खर्ब रूपैयाँबराबरको प्रोपर्टी रजिस्ट्रेसन हुन्छ कि भन्ने अनुमान गरेका छौं । यो त्यति सन्तोषजनक हो जस्तो लाग्दैन । यसले सरकारले संकलन गर्ने राजस्वमा पनि ठूलो प्रभाव पार्छ ।

पछिल्लो समय नेपाल सरकारले जग्गाको कित्ताकाट खोलिसक्दा पनि हामीले अपेक्षा गरेबमोजिम कारोबार हुन सकेको छैन । कारोबार नहुनुमा मूल कुरा त अर्थतन्त्रको समग्र गति र विश्वव्यापी रूपमा पनि आर्थिक गतिविधि सुस्त हुनु हो ।

राष्ट्र बैंकले मौद्रिक नीति जारी गर्ने बेला पनि सन् २०२३ को अन्त्यसम्मै आर्थिक गतिविधि सुस्त रहने उल्लेख गरिएको थियो । विश्वव्यापी रूपमा सन् २०२४ देखि आर्थिक गतिविधि सकारात्मक बन्दै जाने प्रक्षेपण गरिएको छ । नेपालको अर्थतन्त्रका बाह्य सूचक क्रमशः पोजेटिभ देखिँदै गएका छन् । रेमिट्यान्स अत्यन्त बढ्दो अवस्थामा देखिएको छ । हाम्रो देशमा जति पनि रेमिट्यान्स भित्रिन्छ, त्यसको अधिकतम हिस्सा भनेको घरजग्गा खरिदमै जाने गरेको देखिन्छ । रेमिट्यान्स भित्रिने क्रम बढिरहेको अवस्थामा हामी घरजग्गा व्यवसायी केही आशावादी पक्कै बनेका छौं । जुन रफ्तारमा रेमिट्यान्स भित्रिरहेको छ, सोहीअनुसार घरजग्गामा लगानी बढ्छ भन्ने हो । त्यही भएर गत वर्ष जस्तो निराशाजनक अवस्था नभएर ठूला चाडबाडपछाडि नै कारोबारमा केही सुधार हुन्छ भन्ने अपेक्षा राखेका छौं ।

अर्थतन्त्रका आन्तरिक सूचक पनि सुधार गर्दै जानुपर्ने हुन्छ । यसलाई तीव्र रूपमा सुधार गर्न बैंकहरूले कर्जाको ब्याजदर अझै घटाउनुपर्छ । पछिल्लो समय बैंकहरूले केही मात्रामा ब्याजदर घटाउँदै पनि लगेका छन् । तर त्यो पर्याप्त छैन । अहिले कायम ब्याजदरमा मानिस विश्वस्त हुन सकेका छैनन् । योभन्दा पनि महत्त्वपूर्ण कुरा अहिले सबैखाले व्यवसायीमा निराशा र 'फ्रस्ट्रेसन' छाएका कारण सरकारले के कसरी हुन्छ विश्वास (कन्फिडेन्स) विकास हुने परिस्थिति नबनाएसम्म अहिलेको वातावरण सकारात्मक हुने देखिँदैन ।

दीर्घकालीन रूपमा घरजग्गाको कारोबारलाई व्यवस्थित गर्न ल्यान्ड मार्केटको अवधारणा अघि सारेका छौं । जसरी सेयर नेप्सेमा कारोबार हुन्छ, त्यसैगरी घरजग्गाहरूलाई पनि कुनै संयन्त्र खडा गर्ने कारोबार गर्नुपर्छ भन्ने धारणा घरजग्गा व्यवसायीको छ ।

यस विषयमा हामीले छलफल नै अघि बढाइसकेका छौं । घरजग्गाको कारोबार गर्न ल्यान्ड मार्केट निर्माणसम्बन्धी कानुन बनाउनुपर्ने विषयमा कानुन मन्त्रालयसँग छलफल सुरु गरिसकेका छौं । कानुनमन्त्री, सचिवलगायत उच्च पदाधिकारी यस विषयमा सकारात्मक पायौं । ल्यान्ड

मार्केट कार्यान्वयनमा नल्याउने हो भने घरजग्गा कारोबारमा भइरहेको अपारदर्शिता, किर्ते घटना, जति राजस्व उठ्नुपर्ने त्यो नउठ्ने अवस्था छ । ल्यान्ड मार्केट कार्यान्वयनमा ल्याएको अवस्थामा यस्ता विकृति हटेर जान्छन् ।

आम समाजमा सरकारले तोकेको जग्गाको न्यूनतम सरकारी मूल्यांकनमै घरजग्गा कारोबार गरे हुन्छ भन्ने भावना छ, जुन गलत हो । नेपाल सरकारले त जग्गाको न्यूनतम मूल्यांकन मात्रै तोकिदिएको हो । वास्तविक मूल्यमै घरजग्गा खरिदबिक्री गर्नुपर्ने दायित्व हरेक व्यवसायी, सर्वसाधारण सबैको हो । तर घरजग्गा कम मूल्य (अन्डर भ्यालु) मा प्रोपर्टी रजिस्ट्रेसन गर्ने विकृति पनि छ । यसलाई सुधार गर्न हामीले स्टक मार्केट जस्तै ल्यान्ड मार्केट ल्याउनुपर्छ भनेर भनिरहेका हौं ।

हामीले घरजग्गा डेभलपर र ब्रोकरहरूलाई लाइसेन्स प्रणालीमा लग्नैपर्छ भन्दै आएका छौं । लाइसेन्स प्रणालीमा डेभलपर र ब्रोकरहरूलाई ल्याएनौं भने यसले अहिलेको विकृत अवस्थालाई फेर्न सक्दैन । र घरजग्गा बजारमा ठूला र व्यवस्थित कारोबार गराउन सक्दैन । यसका साथै राष्ट्र बैंकले पहिलो घर खरिदकर्ता (फर्स्ट होम बायर) हरूलाई किस्ताको करिब २ सय प्रतिशतसम्म आम्दानीको स्रोत देखाउनुपर्ने व्यवस्था गरेको छ । यो अत्यन्त कडा नीतिका रूपमा हामीले बुझेका छौं । यो कारणले गर्दा घर किन्न आतुर ठूलो जनसंख्या हच्किएको छ । सामर्थ्य नै नपुग्ने अवस्था राष्ट्र बैंकको यो नीतिले निर्माण गरिदिएको छ ।

नेपाली समाजमा सबै आम्दानी करयोग्य हुन्छ भन्ने छैन । आम्दानी स्रोतहरू जस्टिफाई हुन नसकेका कारणले घरको आवश्यकता परेर पनि मान्छेहरूले किन्न सकेका छैनन् । राष्ट्र बैंकले किस्ताको १ सय प्रतिशत मात्रै आम्दानीको स्रोत भए पुग्ने व्यवस्था गर्नपर्छ भन्ने भनिरहेका छौं, संवाद पनि गरिरहेका छौं ।

## घरजग्गा क्षेत्रले भोगिरहेका मुख्य दुई समस्या

समस्या दुई खाले मुख्य देखिएका छन् । एउटा भनेको तत्कालीन रूपमा कारोबार भएन, सुस्त भयो भन्ने गरिएको छ । व्यवसायीले पहिले नै घरजग्गा क्षेत्रमा अत्यधिक लगानी गरेका कारण 'ओभर फाइनान्सिङ' भयो कि भन्ने लाग्छ । सामान्य अवस्थामा धेरै लगानी गरेको तर एक्कासि अहिलेको अवस्था आउँछ भनेर परिकल्पना नगरेका कारण धेरै व्यवसायीको कर्जाको पोर्टफोलियो ठूलो बनेको छ ।

घरजग्गाका साथै अरु वस्तु तथा सेवा बिक्री नभएको अवस्थामा बैंकको ब्याज र किस्ता जसरी पनि तिर्नुपर्ने बाध्यता भएका कारण सबैभन्दा बढी दबाबमा व्यवसायी छन् । यो मूल समस्या हो । यसका लागि राष्ट्र बैंकले घर खरिदकर्ताहरूलाई सहजीकरण गर्न आवश्यक छ । सजिलोमा ऋण प्रवाह हुने व्यवस्था गरे माग बढ्न सघाउँछ र अहिले मागमा देखिएको संकुचनलाई चिर्न केही हदसम्म सहयोग गर्छ । संकट अझै गहिरिँदै जाने अवस्था हो भने त सरकारले नै विस्तृत योजना ल्याएर घरजग्गा व्यवसायीलाई उद्धार गर्नुपर्ने परिस्थितिसमेत आउन सक्छ । यो भनेको तत्कालीन विषय भए । दीर्घकालीन रूपमा घरजग्गाको कारोबारलाई व्यवस्थित बनाउने भनेको ल्यान्ड मार्केट नै हो । दोस्रो भनेको हदबन्दीको विषय हो ।

नेपाल सरकारबाट २०७८ जेठ ३ मा जारी हदबन्दी छुट दिनेसम्बन्धी आदेश, २०७८ को जग्गा धितो बन्धक राख्न नपाउने व्यवस्था (दफा ११) र हदबन्दी बढीको जग्गा तोकिएको अवधि समाप्त भएपछि स्वतः सरकारको स्वामित्वमा आउने भन्ने व्यवस्था दफा १३ (४) लगायतका अव्यावहारिक प्रावधान संशोधन गर्नुपर्छ । यसको कारण घरजग्गा व्यवसाय मात्र नभई बैंक तथा वित्तीय संस्थाको लगानी र सर्वसाधारणले घरजग्गा खरिदमा गरेको लगानीसमेत जोखिमा पर्ने देखिन्छ । प्लानिङ पर्मिट प्राप्त रियल इस्टेट व्यवसायीलाई हदबन्दी छुट दिने व्यवस्था गर्नुपर्छ ।

तेस्रो भनेको सरकारको सहभागितामा निजी क्षेत्रलाई ल्यान्ड पुलिङको काम गर्न दिने व्यवस्था गर्नुपर्छ । चौथो भनेको हाम्रा सहरको एकरूपता कायम गर्न 'ओनर बिल्ड सिस्टम'लाई निरूत्साहित गरेर लाइसेन्सप्राप्त कम्पनीहरूमार्फत मात्रै घर निर्माण गर्नुपर्ने परिस्थिति सृजना गर्नुपर्छ । यो काम गर्न सक्नुपर्छ ।

यसका साथै संयुक्त आवास परियोजनाभित्रको सामूहिक उपभोगको क्षेत्रलाई बिनादस्तुर सम्बन्धित व्यवस्थापन समितिलाई हस्तान्तरण गर्न दिनुपर्ने विषय महत्त्वपूर्ण छ । यी विषय सरकारले सम्बोधन गर्नुपर्छ । त्यसैगरी सरकारको कर्मचारीतन्त्रअन्तर्गत पनि नापी र मालपोत कार्यालयमा जुन कर्मचारी छन्, जसरी सेवा दिइरहेका छन्, आम नेपाली उनीहरूसँग सन्तुष्ट छैनन् । उनीहरूले दिइरहेको सेवा अत्यन्त कमजोर छ ।

एउटा सामान्य नागरिकले आफ्नो घरजग्गा खरिदबिक्री गर्न जानुपर्‍यो भने उसलाई झुलाइदिने, काम सक्न एकदमै धेरै समय लिइदिने, ढिलासुस्ती गरिदिने र 'पैसा नखाईकन त कुनै पनि एउटा फाइल एक टेबलबाट अर्को टेबलमा नसर्ने' परिस्थिति जगजाहेर छ । यो एकदमै दर्दनाक र देशका सेवाप्रदायक निकायमध्ये सबैभन्दा कमजोर डेलिभरी दिनेमा मालपोत र नापी कार्यालय स्थापित छन् ।

यहाँ हामीले डिजिटल प्रणाली तथा अभ्यास अघि नबढाई सुखै छैन । मालपोत कार्यालयहरूमा खरिदकर्ता तथा बिक्रेता पुग्नेबित्तिकै उनीहरूको काम हुने गरी संयन्त्र विकास गर्नैपर्छ । भू-सेवा केन्द्रको अवधारणाअन्तर्गत काम सुरु भइसकेको त छ । तर ती भू-सेवा केन्द्रहरू पनि मालपोत कार्यालयकै वरिपरि बसेका छन् । भू-सेवा केन्द्र भनेको मालपोत मै जानुपर्छ भन्ने पारेको छ ।

जब कि ती भू-सेवा केन्द्र खरिदकर्ता र बिक्रेताले आवश्यक सबै विवरण भरेपछि अन्तिममा मात्रै मालपोत कार्यालयमा जाने चलन विकास गर्नुपर्छ । कारोबार भएको विषयलाई अन्तिम रूप दिन मात्रै मालपोत धाउने व्यवस्था हुनुपर्छ । यसले मालपोत कार्यालयहरूमा भीड अत्यन्त कम हुन्छ । भीड कम हुनेबित्तिकै मालपोतका कर्मचारीले सेवाग्राहीलाई दुःख दिने परिपाटी पनि घट्छ ।

यस्तै, कानुनका हिसाबले कतिपय भूमि र नापीसम्बन्धी ऐन छरिएका छन् । पचासौं ऐनमा यी प्रावधान छरिएर रहेका छन् । भूमि व्यवस्था मन्त्रालय, भूमि व्यवस्थापन विभाग, नापी विभाले जारी गरेका निर्देशिका तथा अन्य कानुनी प्रावधान छरिएका छन् ।

यति धेरै छरिएका छन्, त्यो सर्वसाधारणलाई थाहै नहुने स्थिति छ । त्यस्ता प्रावधानलाई समेटेर घरजग्गासम्बन्धी एकीकृत ऐन बनाउन जरूरी छ । छरिएर रहेका निर्देशिकालाई पनि एकीकृत गर्नैपर्छ । जसरी राष्ट्र बैंकले एकीकृत निर्देशन जारी गर्छ, त्यसैगरी ल्याउनुपर्छ । यसले घरजग्गा क्षेत्रसम्बन्धी जानकारी व्यवसायीदेखि आम सर्वसाधारणमा सहज रूपमा पुर्‍याउँछ ।

अन्त्यमा समग्र अर्थतन्त्र नै गतिशील नभई कुनै एउटा सेक्टर छटपटाहटका भरमा केही हुँदैन । तर मूल रूपमा राष्ट्र बैंकले होम लोनलाई एकदमै सरल तथा खुकुलो नीति अवलम्बन गर्नुपर्छ । रियल इस्टेट कम्पनीहरूलाई पनि लोन टु भ्यालु रेसियो ७० प्रतिशत पुर्‍याउनैपर्छ भन्दै आएका छौं । यसो गरे मात्रै तत्काल समस्या समाधान हुन्छ । अड्किएर बसेका विषय पनि खुल्दै जान्छन् । अहिलेको परिस्थितिलाई सुधार गर्न सक्ने सबैभन्दा मुख्य ठाउँ भनेकै नेपाल राष्ट्र बैंक हो । उसले निर्णय गर्नुपर्छ । कडा नीति लिएर अड्काएर राख्नुहुँदैन ।

*- लोहनी नेपाल जग्गा तथा आवास विकास महासंघका अध्यक्ष हुन् ।*

# उद्यमशीलताप्रति उत्साह र आवश्यकता

नेपालमा हालैको तथ्यांकले दैनिक लगभग ७० वटा कम्पनी दर्ता हुने र ४ वटा बन्द हुने गरेको देखाएको छ । दर्ता हुने र बन्द हुने तथ्यांक दुबै आफैमा हालसम्मकै उच्च हो तर अहिलेको हाम्रो देशको चुनौती भनेको संस्थाको संख्या होइन, तिनको संस्थागत अभ्यास हो ।



मनीष झा

बाल्यकालमा बुवाले भन्ने गर्नुहुन्थ्यो, बाबु मान्छेमा कम्तीमा चार सीप हुनुपर्छ है । ती थिए : १) खाना पकाउने, २) सवारी साधन चलाउने, ३) पौडिन सक्ने र ४) आफ्नो सुरक्षाका लागि लडाइँ गर्न सक्ने । बुवा सार्वजनिक संस्थानमा काम गर्नुहुन्थ्यो र आमा सिलाइ बुनाइको सीप सिकाउने तालिम केन्द्र सञ्चालन गर्नुहुन्थ्यो । हामीलाई खाना पकाउने सिप सिकाउनु भएको हुनाले बुवा-आमा काममा व्यस्त हुँदा हामी आफै पकाएर खाने र बुवा-आमाका लागि पनि तयार गर्ने काम गर्थ्यौं । अहिले म भने मेरो छोराबाट त्यो अपेक्षा गर्दिनँ, किनकि प्राथमिकता परिवर्तन भएका छन् ।

जसरी मेरा हजुरबुवाको जे जति सिप थियो मेरा बुवाको बेलामा त्यति मात्र पर्याप्त रहेन र मेरो बेला मेरो बुवाको जे जति सिप र सम्पर्क थियो त्यतिले नै पुग्दैन थियो । मेरो सन्तानका बेला त्यतिले नपुग्ला । आज मैले मेरा सन्तानलाई थप नयाँ सिप र सम्बन्धको तालिम दिनुपर्छ ।

व्यक्तिगत जीवनमा व्यक्तिगत सिप र सम्पर्क पुस्ता फरक परे झैँ फरक देशको अर्थतन्त्रमा पनि योगदान गर्ने नयाँ क्षेत्र र नयाँ साझेदार आवश्यक पर्छ । त्यसरी नै देशको अर्थतन्त्रमा पनि नयाँ क्षमता र नयाँ साझेदार आवश्यक पर्छ । तर नेपालको अर्थतन्त्रमा नयाँ क्षमता र नयाँ साझेदार नआएको धेरै भयो ।

कृषि प्रधान देश भन्छौं, ६०% जनशक्ति यसमा संलग्न छ भन्ने सुन्छौं तर कुल ग्राहस्थ उत्पादनमा यसको योगदान २४% मात्र छ । हाम्रो कुल ग्राहस्थ आम्दानीमा केवल रेमिटेन्स क्षेत्रको योगदान बढिरहेको छ, अरु सबै क्षेत्रको योगदान घटिरहेको छ । उद्योग तथा कल कारखानाको योगदान लगभग ९% पुग्न लागेको थियो, जुन अहिले लगभग ४% मा झरेको छ । यो किन हुन्छ ? माथि पृष्ठभूमिमा भनिएको झैं, जसरी व्यक्तित्व विकासका लागि पुस्तै पिच्छे व्यक्तिगत क्षमता र सम्पर्कमा परिवर्तन आवश्यक हुन्छ, त्यसरी नै अर्थतन्त्रमा पनि नयाँ क्षेत्र र नयाँ साझेदारको आवश्यकता हुन्छ । त्यो भएन ।

## केही उदाहरण

विभिन्न अध्ययन अनुसार जुन देशमा नवप्रवर्तन (इन्नोभेसन) (नयाँ वा उल्लेखनीय रूपमा सुधारिएको उत्पादन, प्रक्रिया वा विधिको परिचय) को महत्त्व हुन्छ, जहाँ नयाँ अविष्कारको राज्य र समाजले सम्मान र सुरक्षा गर्छ त्यस देशमा अर्थतन्त्रमा नयाँ नयाँ आयाम आउँछ र नयाँ साझेदार पनि हुन्छन् । अहिले चीन सबैभन्दा धेरै वार्षिक प्याटेन्ट दर्ता गर्ने देश हो, त्यस वर्ष मात्र छ लाख ९५ हजार चार सय दर्ता भएका छन् । त्यसपछि अमेरिकामा नयाँ अविष्कारको दर्ता हुन्छ । जापान तेस्रो मुलुकमा पर्छ । नवप्रवर्तन सूचकले विदेशी बासिन्दाको स्वामित्वमा रहेको पेटेन्टको अनुपात र प्रविधि क्षेत्रमा प्रत्येक उद्योगमा प्याटेन्ट आवेदनको संख्या समावेश गर्दछ । आर्थिक सूचकले जिडिपी, कुल राष्ट्रिय आय, श्रम लागत, अनुसन्धान र विकास खर्च, वास्तविक न्यूनतम ज्याला, कर राजस्व, र शिक्षा नामाङ्कन समावेश गर्दछ । स्टेट्स डट ओइसिडी डट आरजीबाट २०० देखि २०१० सम्म सङ्कलन गरिएको ओइसिडी देशहरूको तथ्यांक प्रयोग गरेर विश्लेषण गरिएको छ । नतिजाले कम कुल गार्हस्थ्य उत्पादन भएका देश नवप्रवर्तनका लागि विदेशी सहयोगमा निर्भर भएको देखाएको छ । शिक्षा नामाङ्कनले नवीनतालाई उत्तेजित गर्ने

क्षेत्रहरूमध्ये, सरकारी र उच्च शिक्षामा निजी र गैरलाभकारी क्षेत्रहरूभन्दा बढी अनुसन्धान र विकास खर्च रहेको पनि देखाएको छ ।

हाम्रो कृषि उत्पादनमा निर्भर जनसंख्या र कुल ग्राईस्थ उत्पादनमा योगदानको अनुपातमा कृषिमा अनुसन्धान र नयाँ प्रयोग हुन सकिरहेको छैन । हामीले एक बिघामा जति उत्पादन गर्छौं त्योभन्दा धेरै उत्पादन भुटान, भारत र बङ्गलादेशमा हुन्छ तर पनि हामी जानकार मुकदर्शक मात्र छौं । समाधानका लागि लगानी गरिरहेका छैनौँ । कृषिमा अनुसधानका लागि हाम्रो लगानी कृषि बजेटको ०-१९% मात्र छ ।

भारतले सूचना प्रविधिमा, जर्मनीले ठूला मेसिनरीमा, चीनले सानो मेसिनमा, अमेरिकाले सूचना प्रविधिमा, बङ्गलादेशले गार्मेन्टमा जसरी बिस्तारै नयाँ प्रयोग गरे र त्यसको संस्थागत विकास गर्दै गरे हामीसँग त्यसरी नै पर्यटन, सीमित र विशेष कृषि उत्पादन र सफ्टवेयरको विकास एक मौकाको रूपमा देखिएको छ । हामीले गर्ने व्यवसाय दूरी र वजनबाहेकको हुनुपर्ने देखिन्छ ।

## समस्या संस्थागत अभ्यासको

नेपालमा हालैको तथ्यांकले दैनिक लगभग ७० वटा कम्पनी दर्ता हुने र ४ वटा बन्द हुने गरेको देखाएकोछ । दर्ता हुने र बन्द हुने तथ्यांक दुबै आफैमा हालसम्मकै उच्च हो तर अहिलेको हाम्रो देशको चुनौती भनेको संस्थाको संख्या होइन, तिनको संस्थागत अभ्यास हो ।

सन् १९३७ मा भन्नाले आजभन्दा ८४ वर्ष पहिले नेपालमा देशको पहिलो बैंक स्थापना भयो, तर आज पनि हामी बैंकको आधारभूत व्यावहारिक प्रक्रिया र नीतिबारेमा अन्योलमै छौं । बैंक कसले वा कसका लागि सञ्चालन गर्ने भन्ने कुराको नै इमानदारीपूर्ण अभ्यास छैन ।

देशको पहिलो विश्वविद्यालय आजभन्दा ६४ वर्ष पहिले सन् १९५९ मा स्थापना भयो तर आज पनि संस्थागत विधि र पद्धति अनुरुप चल्न सकेको छैन । को किन नियुक्तिमा पुग्छ ? पुगेर के गर्छ ? र कसले किन ताला लगाउँछ ? थाहै हुन्न ।

आजभन्दा १०० वर्ष पहिले नेपालको निजी क्षेत्रको पहिलो संस्था दर्ता भयो र आजभन्दा ८४ वर्ष पहिले नै नेपालमा पहिलो वैदेशिक लगानी भित्रियो, विराटनगर जुट मिलमा । तर आज पनि कुनै विदेशीले नेपालमा लगानी गर्ने विचार गर्दा हामी उत्साह थप्ने विधि र पद्धतिको

**हामीले गर्नसक्ने सम्भावना रहेको आर्थिक क्षेत्र यस्तो हुनुपर्छ, जहाँ दूरी र भारको महत्त्व कम होस् । उत्तर र दक्षिणको उदीयमान अर्थतन्त्र हाम्रा लागि अवसर हो तर उत्पादनशीलतामा हामीले प्रतिस्पर्धा गर्न सहज छैन । तसर्थ हामीले यस्तो बाटो रोज्नुपर्छ जुन कुरामा हामीले प्रतिस्पर्धा र प्रगति गर्न सकौं ।**

अभ्यासमा छैनौं । अर्थतन्त्रको इतिहास हुँदाहुँदै हामीमा विधि र पद्धतिको अभ्यास किन छैन भने, हामीले नवप्रवर्तन र अनुसन्धानमा खर्च नै गर्न जानेनौं बरू तदर्थवादमा रमाउन थाल्यौं ।

आज विश्वका समाजले गम्भीर आर्थिक र सामाजिक चुनौतीको सामना गरिरहेका छन् । विश्वमा सन् २००८-०९ को आर्थिक मन्दीले वृद्धि घट्यो, बेरोजगारी बढ्यो र सार्वजनिक ऋण बढ्यो । पुनः प्राप्ति गर्न, देशहरूले विकासको नयाँ र दिगो स्रोत खोज्नु आवश्यक छ । नवप्रवर्तन आर्थिक वृद्धि र उत्पादकता बढाउने कुञ्जी हो ।

अनुसन्धान र विकासका साथमा हुने नवप्रवर्तनको प्रभाव धेरै फराकिलो हुन्छ र कारकहरूको फराकिलो दायराबाट प्रभावित हुन्छ । हाम्रो अर्थतन्त्र पटक पटक मारमा परेको हामीले देखेको छौं : १२ वर्षको द्वन्द्व, आन्दोलन, भूकम्प, आर्थिक नाकाबन्दी र कोभिडको महामारी र अहिलेको व्यवस्थाको सन्तुलनमा कमजोरीको मूल्य । तर हरेक पटक हाम्रो कमजोरी के रह्यो भने, हामी फेरि पहिलेकै स्थानमा फर्किन खोज्यौं, सङ्क्रमणको मौकामा नयाँपनको अभ्यास गर्ने जोखिम लिएनौं । कोभिड बन्दाबन्दीताका न्युयोर्कका गभर्नर एन्ड्रु कुमो दैनिक पत्रकारसँग साक्षात्कार गर्थे । एकदिन एक पत्रकारले सोधे, 'अब हामी कहिले सामान्य अवस्थामा पुग्छौं ?' उनले भने 'हामी सामान्य अवस्थामा त ढिलो चाँडो पुग्छौ तर त्यो सामान्यताको नयाँ पारीभाषा हुनेछ । यो प्रकृतिको देन हो, परिवर्तन हुन सन्देश दिएको हो ।'

नेपालको हकमा भने हाम्रा लागि सामान्यता भनेको सधैं सङ्क्रमणभन्दा विगतको भैं अभ्यास भयो । हामीले नयाँ अभ्यास अवलम्बन गर्ने जोखिम लिएनौं र सधैं त्यही अड्कियौं । जसरी फिनल्यान्डको अर्थतन्त्र निकै कमजोर थियो । दोस्रो विश्वयुद्धले गरेको नोक्सानीलाई पाठ र मौकाका रूपमा प्रयोग गरेर उसले नयाँ पाटो अबलम्बन गऱ्यो, पुरानो वा सामान्यतातिर फर्किएन । आज फिनल्यान्ड नवप्रवर्तनका लागि सबैभन्दा राम्रा देशमध्ये पर्छ ।

## सङ्कटमोचनको बाटो

नवप्रवर्तनले आर्थिक पुनरूत्थानलाई गति

**Share of Primary, Secondary, and Tertiary Sectors in GDP (at Current Prices)**




Source: National Statistics Office

**Major Contribution in GDP**




Source: Nepal Rastra Bank

दिन र देशहरूलाई दिगो वृद्धिको बाटोमा लैजान मदत गर्नसक्छ । नवप्रवर्तनले अवसरहरू पत्ता लगाउन सघाउँछ, जुन अवस्थित वा समयमै देखापर्ने सम्भावना छ, विद्यमान व्यापार प्रक्रिया र कार्यकुशलता सुधार गर्ने अभ्यासमा ध्यान केन्द्रित गर्न, सम्भावित ग्राहक खोज्न, घाटा कम गर्न, र नाफा बढाउन सिकाउँछ । नवप्रवर्तन प्रविधि विकास र आर्थिक वृद्धिको प्रमुख चालक हो । यसले वर्तमान बजारको माग र भावी बजारको सम्भावित आवश्यकता पूरा गर्ने माध्यम प्रदान गर्दछ । हालको बजारमा सजिलै उपलब्ध हुने थप प्रभावकारी उत्पादन, प्रक्रिया, सेवा वा प्रविधिद्वारा नवआधार हासिल गरिन्छ ।

आर्थिक वृद्धिको प्रमुख कारकका रूपमा नवप्रवर्तनबारे राष्ट्रिय नीति निर्मातामा आवश्यक चेतना नरहनु पनि दुःखद कुरा छ । नेपाल जस्तो विकासशील अर्थतन्त्रका लागि नवप्रवर्तनका फरक फरक प्रभाव छन् । हामीले विभिन्न अर्थतन्त्रमा नवीनता मापन गर्ने उपकरण विकास गर्नु महत्त्वपूर्ण हुन्छ । वित्तीय, औद्योगिक, आर्थिक र सामाजिक सूचकमा इनोभेसन र अनुसन्धानको आवश्यकता र प्रभाव अपरिहार्य छ ।

तर फेरि स्मरण रहोस् इनोभेसन भनेको संख्यागत रूपमा संस्था बढाउने होइन, रहेको संस्थामा संस्थागत अभ्यास बढाउने हो ।

नराइजमा स्वरोजगारी ९५.४% रहेको छ, जुन विश्वको सबैभन्दा धेरै हो तर अर्थतन्त्रको आकार १४ अर्ब अमेरिकी डलरको र प्रति व्यक्ति आय १३०० डलरको छ । कतारमा स्वरोजगार केवल ०.४% छ तर अर्थतन्त्र १७९ अर्ब र प्रति व्यक्ति आय एक लाख चार हजार अमेरिकी डलर छ किनकि नराइजमा स्वरोजगार त छ तर अर्थतन्त्रको नयाँ साझेदार र निर्यात छैन ।

नेपालमा हालै आइआइडिएसद्वारा गरिएको एक अनुसन्धानले गत वर्ष नेपालले लगभग ६५ अर्ब बराबरको सफ्टबेर बेचेको प्रतिवेदन सार्वजनिक भएको छ । त्यो के कुराको सूचक पनि हो भने नेपालको अर्थतन्त्रमा यो योगदान गर्ने एक नयाँ क्षेत्र हुनसक्छ । तर यसरी नयाँ सम्भावना बोकेको क्षेत्र आउँदै गर्दा सरकारले के कस्तो पूर्वाधार र नीतिगत सहयोग गर्नसक्छ भन्ने प्रश्न उठ्छ ।

नियमन गर्न सकिन्न भनेर नेपालमा माइक्रो ब्रुअरी खोल्न दिइएन, नियमन र नियन्त्रण गर्न सकिएन भनेर टिकटक बन्द गर्ने निर्णय भयो, यो भनेको आफ्नो सम्भावनाको आकार घटाउने निर्णय मात्र हो । सन् १९६७ देखि १९७५ सम्म भारत सरकारले भारतमा सूचना प्रविधिले अर्थतन्त्रमा योगदान पुऱ्याउने सम्भावना देख्यो र टाटा कन्सल्टिङ समूहलगायतको सुरुवात भयो । त्यसको दुई दशकपछि यो भारतको अर्थतन्त्रको प्रमुख अङ्ग हुन पुग्यो ।


त्यसरी नै बङ्गलादेशले सन् १९८० देखि गार्मेन्ट उद्योगमा लगानी गरेर राजनीतिभन्दा अलग राख्यो । त्यसको २५ वर्षपछि सूचना प्रविधिलाई नयाँ सम्भावनाको क्षेत्रको रूपमा विकास गऱ्यो ।

आज एक सबल राष्ट्रको रूपमा उदाउँदै गरेको टर्किएले पनि सन् १९८० देखि तीन प्रमुख उद्देश्य : आर्थिक स्थिरता, आयातभन्दा निर्यातमुखी अर्थतन्त्र र बजार केन्द्रित अर्थतन्त्र लिएर आफ्नो अर्थतन्त्र सुधार गऱ्यो । जसरी आज नेपाली कामदार खाडी जाँदैछन् त्यसरी नै टर्किएबाट फ्रान्स अस्ट्रिया जान्थे तर सन् १९८० देखिको नयाँ आर्थिक नीतिले वैदेशिक रोजगारिमा रहेको टर्किएका नागरिकलाई त्यहाँको केवल रेमिटेन्स पठाउने मात्र होइन सरकारले व्यापारिक साझेदार भैँ बनाउने थाल्यो । त्यो एक अनौठो र समावेसी इनोभेसन थियो । आज उद्यमशीलता, इनोभेसन र अनुसधानको माध्यमले अर्थतन्त्रमा योगदान गर्ने नयाँ क्षेत्र र साझेदार बनाउँदै अर्थतन्त्र सुधार गर्दै लगेको सफल उदाहरणमा मलेसिया, टर्किए, बङ्गलादेश पर्छन् ।

हामीले तीन दशकदेखि अर्थतन्त्रमा योगदान गर्ने नयाँ क्षेत्र र नयाँ सझेदार बनाउन नसक्नु, भएको विधि र पद्धतिलाई समय सापेक्ष अद्यावधिक नगर्नु र तदर्थवादबाट बाहिर निस्कन नखोज्नु नै हाम्रो प्रमुख कमजोरी हो ।

हामीले गर्नसक्ने सम्भावना रहेको आर्थिक क्षेत्र यस्तो हुनुपर्छ, जहाँ दूरी र भारको महत्त्व कम होस् । उत्तर र दक्षिणको उदीयमान अर्थतन्त्र हाम्रा लागि अवसर हो तर उत्पादनशीलतामा हामीले प्रतिस्पर्धा गर्न सहज छैन । तसर्थ हामीले यस्तो बाटो रोज्नुपर्छ जुन कुरामा हामीले प्रतिस्पर्धा र प्रगति गर्न सकौँ । जस्तै : सफ्टबेरको विकास र विक्री, हरित पर्यटन, उच्च पहाडी जिल्लाहरूमा डेटा सेन्टर, हाइ अल्टिच्युड खेलकुद, सीमित तर मूल्यवान् कृषि उत्पादन, अध्यात्म, कला र संस्कृतिसँग सम्बन्धित नवीनतम काम, हिमाल, बुद्ध र जानकीको जन्मभूमि आदि इत्यादि ।

**Number of Registered and Discontinued Companies In last 5 Years**




Source: The Office of the Company Registration

25th ANNIVERSARY



# MANAKAMANA CABLE CAR

1998-2023 | २०५५-२०८०

MANAKAMANA CABLE CAR

मनकामना दर्शन (प्रा.) लि.

MANAKAMANA DARSHAN (P.) LTD.

# बाधक पुरातन सोच र पूर्वाग्रही मनोविज्ञान

तीन तहका सरकार बनेपछि भ्रष्टाचार र अनियमितता घट्ने अपेक्षा विपरीत झनै बढेको छ । पछिल्लो समय नागरिक सुरक्षाभन्दा पनि अपराध र दण्डहीनता बढ्दै गएको छ । यो पनि प्रशासनिक संयन्त्रको असफलता र समस्या हो ।



डा. मानबहादुर बीके

प्रशासन भनेकै लोकतन्त्रको संवाहक हो । मुलुकको शासकीय परिपाटीलाई मूर्तरूप दिन राज्यले सार्वजनिक प्रशासनको बन्दोबस्त गरेको हुन्छ । सार्वजनिक प्रशासनलाई राज्य सञ्चालनको मुख्य संरचना मानिन्छ ।

प्राग्ऐतिहासिक कालमा राज्यको प्रदुर्भाव हुँदा कबिला झुण्डले ओगटेको भूमिको संरक्षण, त्यस स्थानका बासिन्दाको सुरक्षा र त्यसका लागि कर उठाउने प्रयोजनका लागि प्रशासन संयन्त्रको आवश्यक भएकाले यसको विकास भएको हो ।

सभ्यताको विकासक्रमसँगै भएको राज्य सञ्चालन शैलीको विकासक्रममा राज्यले माथि उल्लेख गरिएका कामका अतिरिक्त शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता जनकल्याणका पनि कामको जिम्मा लिनुपर्ने अवधारणा अनुसार प्रशासनको दायरा पनि बढ्दै गयो ।

जति जति लोकतान्त्रिक व्यवस्थाको विकास हुँदै गयो त्यति त्यति नै प्रशासनको दायरा पनि बढ्दै गयो । स्वास्थ्य, शिक्षा, खानेपानी जस्ता आधारभुत कुराका साथै मानव अधिकारको रक्षा, पर्यावरणको संरक्षण जस्ता कुरामा पनि राज्यले ध्यान दिनुपर्ने भयो जसको कार्यान्वयनका लागि प्रशासन संयन्त्रकै दायरा झन बढ्यो ।

प्रशासन भनेकै लोकतन्त्रको संवाहक हो । प्रजातान्त्रिक पद्धतिको उपभोग गर्ने भनेकै सार्वजनिक प्रशासनमार्फत जनताको घरआँगनमा सार्वजनिक सेवा पुऱ्याउनु हो । तसर्थ प्रजातान्त्रिक व्यवस्था कति सुदृढ छ भनेर नाप्ने कडी नै सार्वजनिक प्रशासनको प्रभावकारिता हुन जान्छ । यसकारण प्रशासनलाई राज्यको ऐनाको रूपमा लिने गरिन्छ जसले राज्य प्रणाली कस्तो छ भनेर देखाउँछ ।

नेपालको सन्दर्भमा कुरा गर्ने हो भने प्राग ऐतिहासिक कालखण्ड हुँदै जहाँनियाँ राणा शासन पार गर्दै लामो समय एकात्मक राज्य व्यवस्थाबाट मुलुक गुज्रिँदै आयो । सो कालखण्डमा जनताको चाहना बमोजिम सेवा पुऱ्याउन नसकेकै कारणले लोकतान्त्रिक पद्धति र संघीय शासन व्यवस्थाको आवश्यकता बोध गरियो । साविकको एकल शासकीय प्रणालीको सार्वजनिक प्रशासनले नागरिकलाई उचित सेवा दिन सकेन भनेर नै ठूला ठूला आन्दोलनमार्फत राजनैतिक परिवर्तन गरियो ।यसरी हेर्दा नेपालको प्रशासनिक व्यवस्था क्रुर एकात्मक शासनदेखि गणतान्त्रिक संघीय शासन व्यवस्थासम्म आइपुगेको छ ।

प्रशासन सीमित कर उठाउने भूमिकाबाट वृहतर रूपमा जनताको सेवा गर्ने अवस्थासम्म आइपुगेको छ । देशको आर्थिक सामाजिक विकास र पृथ्वीकै पर्यावरण जोगाउने बृहत्तर जिम्मेवारीको अवस्थासम्म आइपुगेको छ ।

यति हुँदाहुँदै पनि प्रशासन संयन्त्रले गणतन्त्रको मर्मअनुरूप सेवा प्रवाह गर्न सक्यो त ? संघीय लोकतन्त्रको सही संवाहक बन्न सक्यो त ? भन्ने प्रश्न उठेको छ ।

## समस्या

राज्यको राजनैतिक व्यवस्था परिवर्तन भए पनि नागरिकले अनुभूति गर्न सकिने गरी सार्वजनिक सेवा प्रवाह चुस्त दुरूस्त हुन सकेको छैन । यस समस्यालाई चिर्नु आवश्यक छ ।

प्रशासनिक संयन्त्रले राजनैतिक तहहरूले गरेका नीति निर्णयको कार्यान्वयन मार्फत देशमा

> **संविधानको मर्मअनुरूप राज्यका सबै सयन्त्रमा समानुपातिक समावेशिता आवश्यक छ । निजी क्षेत्रमा पनि परावर्तन देखिने गरी समानुपातिक समावेशिताका आधारमा राज्य र प्रशासनिक क्षेत्रमा पुनर्संरचना आवश्यक छ । यसो गर्न सके मानव विकास सूचकांकमा भइरहेको नोक्सानी पनि अन्त्य हुन्छ ।**

रहेको असमानता, असमावेशिता, दण्डहीनता, भ्रष्टाचार न्यूनीकरण गर्दै हटाउनु पर्ने हो तर त्यसो हुन सकेको देखिँदैन । न त लोकतन्त्रको मर्म अनुसार सार्वजनिक सेवा प्रवाहमा सारभूत रुपान्तरण हुन्छ भन्ने नागरिकले अपेक्षा गर्ने माहौल बन्न सकेको छ । नागरिकले समाजमा विद्यमान असमानता, असमावेशिताको अन्त्य भई साँच्चिकै सार्वजनिक सेवा प्रवाह प्रभावकारी हुन्छ भने आशा गरेका थिए । तर परिवर्तनको अढाइ दशक नाघिसक्दा पनि सो अनुरूप जनताले परिवर्तनको आभास पाउन सकेका छैनन् । असमानताको खाडल बढेको बढ्यै छ । निश्चित व्यक्तिका हातमा राज्यको स्रोत साधन कब्जामा छ र उनीहरूलाई मात्रै सुविधा पुगेको छ । एक अध्ययन अनुसार ७० प्रतिशत राज्यको स्रोत मुठ्ठीभर व्यक्तिको दोहनमा परेको छ ।

प्रशासन भनेको राज्यको ऐना हो त्यसैले प्रशासन लगायत राज्यका सबै संयन्त्रमा व्यावहारिक रूपमा नै सबै समुदायको प्रतिनिधित्व हुनु पर्ने हो, तर विडम्बना भन्नु पर्छ त्यो हुन सकेको छैन । बरू वर्चश्वशाली समूहको पकड झन् बलियो बन्दै गएको छ ।

संविधानले समावेशिताको कल्पना गरे पनि अहिलेसम्म पनि प्रशासन संयन्त्रमा सो अनुरूपको समावेशिता हुन सकेको छैन । आर्थिक रूपमा असमानता कम हुँदै जानुपर्नेमा झन् बढ्दै गएको छ । सन् २०२० को नेपाल मानव विकास सूचकांकले असमानताका कारण प्रति वर्ष २५.२ प्रतिशत मानव विकासमा नोक्सान रहेको उल्लेख गरेको छ । असमानताको ठूलो हिस्सा नेपालको सन्दर्भमा जातीय र लैङ्गिक विभेद नै हो । यसका कारणले हाम्रो कुल गार्हस्थ्य उत्पादनमा कम्तीमा १० प्रतिशत प्रत्येक वर्ष गुमाइरहेको आँकलन गरिएको छ ।

सामाजिक रूपमा असमावेशितालाई खासै न्यूनीकरण गर्न सकिएको छैन । हाम्रो प्रशासनिक संरचना समानतामा आधारित तथा समावेशी नभएकै कारणले सोचे अनुरूप प्रशासन संयन्त्रले उपलब्धी हासिल गर्न सकेको छैन ।

प्रशासन संयन्त्रलाई लाग्दै आएको अर्को आरोप भ्रष्टाचार र अनियमितता पनि हो । तीन तहका सरकार बनेपछि भ्रष्टाचार र अनियमितताको मात्रा झनै बढेको छ । जबकि हाम्रो अपेक्षासंघीयता आएपछि यी कुरा कम हुँदै जान्छन् भन्ने थियो ।

पछिल्लो समय नागरिक सुरक्षाभन्दा पनि अपराध र दण्डहीनता बढ्दै गएको छ । यो पनि प्रशासनिक संयन्त्रको असफलता र समस्या हो ।

समस्या समाधान गर्ने भनेको नीतिगत कुरा हुन् र समस्यालाई समाधान गर्न कानुन बनाउने र नीति निर्माण गर्ने हो । तर बनेका र बनाइएका कानुन समस्या समाधान गर्नेभन्दा पनि झन् समस्या पैदा गर्ने खालका भएका छन् । तीनै तहका सरकारले कानुन बनाउने र प्रशासन संयन्त्रले कार्यान्वयन गर्ने हो तर बनेका कानुनहरू यति महँगा भए कि बागमती प्रदेशमा मात्रै हेर्ने हो भने पनि पाँच वर्षमा ५१ ओटा मात्र कानुन बन्न सके । एउटा अध्ययनले हाम्रा कानुन संसारकै महँगा कानुनको रूपमा स्थापित भएको देखाएको छ । त्यसमाथि पनि ती कानुन सार्वजनिक सेवा सहज र सुविधायुक्त हुने भन्दा पनि झन् अन्योल थप्ने खाले छन् । तीन तहको कानुन कार्यान्वयन र सेवा गर्ने तहमा रहेको प्रशासनिक तह अस्पष्ट हुँदा प्रशासनिक तहबाट हुने काममा चुस्तता र दुरूस्तता आउन सकेको छैन ।

संघीयता आएपछि बनेका तीनै तहका कर्मचारीको सेवा प्रवाहको दक्षता पनि बढ्न सकेको छैन र पेसागत सुधार पनि हुन सकेको छैन । पेसागत दक्षता बढाउन नसक्दा राज्यको खर्च गर्नसक्ने क्षमता झनै कमजोर हुन पुगेको छ । तीनै तहको सरकारको पुँजीगत खर्च हेर्ने हो भने अत्यन्तै न्यून छ । यो न्यून हुनु भनेको प्रशासनिक दक्षता नभएर नै हो ।

यसैगरी भाषणहरूमा नागरिकमैत्री शासन व्यवस्था चलाउने भनेको पाउँछौं तर जनताको विश्वास भने जित्न सकेको छैन । अहिले पनि प्रशासन चलाउनेमा शासक र शासितको व्यवहार नै रहेको छ । शासकीय शैलीमा कुनै परिमार्जन हुन सकेको छैन । गणतन्त्रको समयमा पनि प्रशासनिक संयन्त्रमा अभिजात शासकीय मनोविज्ञान र प्रवृत्ति रहेकाले सेवा नागरिकमैत्री हुन सकेको छैन । नागरिकको विश्वास आर्जन गर्न सकिएको छैन ।


अहिले विज्ञान र प्रविधिको विकासले यत्रो फड्को मारिसक्दा पनि हाम्रो प्रशासनिक संयन्त्र पुरानै ढर्रामा चलिरहेको छ । प्रशासनिक संयन्त्र पर्यावरणमैत्री हुन सकेको छैन । यसले जनतामा सास्ती पनि पुगेको छ साथमा भ्रष्टाचार मौलाउने बढाउने मौका पनि दिइरहेको छ । कम्तीमा प्रशासनिक कार्यलाई विद्युतीकरण गर्ने र घरमै बसेर सेवा पाउने वातावरण बनाउन सकेको भए भ्रष्टाचार पनि न्यूनीकरण हुन्थ्यो र जनताले पनि सहज रूपमा घरमै बसीबसी सेवा पाउने थिए ।

यी सबै कारणले गर्दा अहिलेको आर्थिक सुस्तता आएको छ । तीनै तहलाई आर्थिक समस्याले गाँजेको छ । राजनैतिक तथा प्रशासनिक शैलीका कारण यी सङ्कट पैदा भएका हुन् ।

## सङ्कटमोचन

यी सङ्कटमोचनका लागि पुनर्संरचनाको खाँचो छ । पुनर्संरचना कागजी वा भौतिक पुनर्संरचना होइन, राज्य सञ्चालन गर्नेको मनोविज्ञानकै पुनर्संरचना गर्नु आवश्यक छ । नियत नै पुनर्संरचना अर्थात पुनर्निर्माण गर्नुपर्ने खाँचो छ ।

हामी नीतिहरू अति आदर्श र अति आधुनिक हुने गर्छन् तर कार्यान्वयनमा अति




पूर्वाग्रही देखिएका छन् । हाम्रा नीति विदेशीलाई देखाउन र विश्वविद्यालयमा पढाउनका लागि मात्र जायज र राम्रा छन् । जनताको मन छुने, विश्वास जित्ने र सहज सेवा प्रवाह गर्ने खालका छैनन् । बरू कतिपय त जनताको सेवा प्रवाहमा प्रत्युत्पादक बनेका छन् ।

यो किन भइरहेको छ भने नीतिहरू अधिकांश विज्ञ र प्रशासनिक नेतृत्वमा रहनेले वृहत् छलफल नगरिकन आदर्श परिकल्पनाका आधारमा स्वार्थ समूहको प्रभावमा छोटो समयमा सम्भ्रान्त सम्झौताका रूपमा बनाउने भएकाले यस्तो भएको हो ।

नीति र कानुन कुन समुदायको लागि बनाउँदैछौँ भन्ने प्रणाली नै छैन । ती समुदायलाई संलग्न गराएर उनीहरूका समस्या र आवश्यकता के हो भन्ने पहिल्याउने काम नगरिकन अर्थात समस्याको आँकलन नै नगरिकन आदर्श परिकल्पनामा बन्ने गरेका छन् जसले गर्दा कार्यान्वयन प्रक्रियामा जाँदा झनै असुविधा हुने गरेको पाइएको छ । ढुङ्गागिटी नीति, वन नीति, भौतिक पूर्वाधार निर्माणका नीतिले लामो समयसम्म समस्या सिर्जना गरेको यसका ज्वलन्त उदाहरण हुन् ।

तसर्थ यी नीतिको सही कार्यान्वयन हुन सकेको छैन । तसर्थ नीति निर्माणको तौर तरिकामा र मनोविज्ञानमा नै पुनर्संरचना गर्नु आवश्यक छ ।

हाम्रो प्रशासनिक संयन्त्रलाई राज्यको ऐनाको रूपमा र साझा फूलवारीका रूपमा रूपान्तरण गर्न सकिएको छैन । हाम्रो संविधानले समानुपातिक समावेशितालाई सुनिश्चितता गरेको भए तापनि नीतिहरू त्यसको प्रतिकूल बनेका छन् । जे बनेका छन् ती पनि कार्यान्वयन गर्दा पूर्वाग्रही हुन्छ । यसर्थ मनोविज्ञानमा नै पुनर्संरचना गर्नु आवश्यक छ ।

संविधानले समानुपातिक समावेशितालाई सुनिश्चितता गरेको छ तर कानुन बनाउँदा त्यसको अपव्याख्या गरी त्यसलाई सीमित पार्ने गरिएको छ । सीमित पारिनुको प्रमुख कारण नै पूर्वाग्रही मनोविज्ञान हो । यसैगरी जसको वर्चश्व छ त्यो वर्चश्व कायमै राख्ने र अझ कसरी बढाउन सकिन्छ भन्ने पूर्वाग्रही मनोविज्ञानले गर्दा प्रशासनिक संयन्त्र राज्यको ऐनाको रूपमा नदेखिएको हो ।

अझै पनि निश्चित समुदाय र वर्गको वर्चश्व रहेको र ऊ आफू जनताको सेवकभन्दा पनि शासक नै भइरहन कसरी सकिन्छ भन्ने नीति कानुन बनाउने र कार्यान्वयन गर्ने कार्य भइरहेको छ ।

यस्ता परिस्थितिको सङ्कटमोचन गरी साँच्चै नै राज्यलाई साझा फूलवारी बनाई समृद्ध बनाउने हो भने संविधानले अङ्गीकार गरेको समानुपातिक समावेशितालाई पूर्ण पालना गर्नुपर्दछ ।

नेपाल सरकार र युनडिपीले सन् २०२० मा प्रकाशन भएको मानव विकास सूचकांकले असमानता र असमावेशिताका कारण प्रत्येक वर्ष २५.२ प्रतिशत मानव विकासमा नोक्सान भएको देखाएको छ । यस विषयमा राज्य प्रशासन गम्भीर नै भएको पाइएको छैन ।

यो नोक्सानलाई कसरी न्यूनीकरण गर्ने भनेर ध्यान त के सोचेको पनि छैन ।

२५.२ प्रतिशत मानव विकासमा नोक्सान भनेको कुल गार्हस्थ्य उत्पादनमा १० प्रतिशत नोक्सान हो । यसरी शासकीय मनोविज्ञानमा परिवर्तन नहुँदा राज्यले वर्षेनी लगभग ६ खर्ब रुपैयाँ परोक्ष रूपमा नोक्सानी व्यहोरिरहेको छ ।

सङ्कटमोचनकबा लागि कसको भूमिका भन्नेमा नै फेरि अन्योल छ । सरकारका बहु निकायहरू एकै ठाउँमा रहँदा काममा दोहोरोपन भइरहेको छ । जनता सेवा प्राप्त गर्न कहाँ जाने भनेर अन्योल छन् ।

यसरी सरकारका एकै प्रकृतिका निकायहरू अधिक हुँदा भ्रष्टाचार र अनियमितता झनै मौलाएको छ । भ्रष्टाचारका तहहरू पनि बढेका छन् । यसैले तीन तहका सरकारका दोहोरा तहहरूको पुनर्संरचना गर्नु आवश्यक छ ।

प्रशासनिक संयन्त्र र सरकारमा स्वार्थप्रेरित मनोविज्ञान हुँदा सरकारको एउटा आयोगले नै यो यो निकाय खारेज गर भनेर दिएको सुझाव कार्यान्वयन गर्न हिच्किचाइरहेको छ ।

आयोगले दिएको सुझाव अनुसार खारेज र पुनर्संरचना नगरेसम्म जनताले सही सार्वजनिक सेवा पाउँदैनन् । अनावश्यक निकायले गर्दा राज्य र जनतालाई भार बढाइदिएको छ, अन्योल थपिदिएको छ ।

राज्यको काम भनेको स्रोत र बजेट परिचालन हो । जनतासँग उठाएको कर नागरिक कल्याणमा र विकासमा खर्च गर्नु हो तर यो हुन सकेको छैन ।

नेपालमा बजेट निर्माणको कानुन नै छैन । केका आधारमा बजेट छुट्याउने भन्ने आधार नै नभई बजेट खर्च गरेन भन्ने विषयको तात्विक अर्थ नै रहँदैन । जब फोन कलका आधारमा बजेट विनियोजन गरिन्छ र खल्तीको चिटको भरमा बजेट बन्छ भने कार्यान्वयन राम्रो कसरी हुन्छ ?

बजेट बनाउने आधार नै निर्क्योल गर्न सकेको छैन । जनसंख्याको आधार हो कि, मानव सूचकांकको आधार हो कि क्षेत्रफलको आधार हो भनेर निर्क्योल गर्न ऐन आवश्यक छ । स्पष्ट आधारसहितको आयोजना छनोट र बजेट तर्जुमा सम्बन्धी ऐन बनाएको भए जनताको शिक्षा, स्वास्थ्य, सडक, खानेपानीभन्दा भ्युटावर र मठमन्दिर प्राथमिकतामा पर्दैनथ्यो ।

यस्ता सङ्कटमोचनका लागि बजेट निर्माणसम्बन्धी कानुन बनाएर कार्यान्वयन गरेको भए भ्युटावर, मठमन्दिर र पर्यटनको नाममा आसेपासे पाल्ने बजेट बन्दैनथ्यो । हाम्रो जस्तो गरिब मुलुकमा यस्ता अनुत्पादक क्षेत्रमा लगानी भइरहेको छ । उदाहरणका लागि जनताको मागविना, आवश्यकताको पहिचानविना पशुपतिमा जलहरी चढाउने कार्य भयो । आस्थामा प्रतिकूल असर पनि परेको थिएन यसरी राज्यकोष दोहन गर्ने कार्यले सङ्कटमोचन कसरी हुन्छ ? यस्तो अवस्थामा प्रशासनिक संयन्त्र पनि लहलहैमा बगेको छ ।

यस्ता सङ्कटमोचनका लागि आवश्यकताका आधारमा वृहत्तर छलफल गरी अनि समावेशिताका आधारमा कानुन निर्माण भएमा प्रशासनिक क्षेत्रको सङ्कटमोचन हुने हुन्छ र राज्यको पनि वृहत्तर हित हुने हुन्छ ।

**संविधानको मर्मअनुरुप राज्यका सबै सयन्त्रमा समानुपातिक समावेशिता आवश्यक छ । निजी क्षेत्रमा पनि परावर्तन देखिने गरी समानुपातिक समावेशिताका आधारमा राज्य र प्रशासनिक क्षेत्रमा पुनर्संरचना आवश्यक छ । यसो गर्न सके मानव विकास सूचकांकमा भइरहेको नोक्सानी पनि अन्त्य हुन्छ ।**

सङ्कटमोचन गर्न संविधानको मर्मअनुरुप राज्यका सबै संयन्त्रमा समानुपातिक समावेशिता हुनु आवश्यक छ । यसरी पुनर्संरचना गर्न सकेको खण्डमा मानव विकास सूचकांकमा भइरहेको २५.२ प्रतिशत नोक्सानी अन्त्य हुन्थ्यो ।

राज्यका स्रोत साधन दोहन गर्ने प्रवृत्तिको अन्त्यका लागि आयोजना छनोट र बजेट तर्जुमा सम्बन्धी कानुन बनाउने पर्छ । जबसम्म यो कानुन बन्दैन तबसम्म जनता भोकै मरिरहन्छ युवा नभएको ठाउँमा खेलकुद मैदान बनिरहन्छ, युवा खाडीमा बजेट झाडीमा परिरहन्छ ।

आयोजना छनोट गर्ने बजेट निर्माण गर्ने निश्चित मापदण्ड नभएका कारण बिचौलियाले नै बजेट माग गर्छ र बिचौलियाले नै खर्च गर्छ । मापदण्डसहितको कानुन नबनेसम्म सभ्रान्त सम्झौताका आधारमा योजना बनिरहन्छन् । अहिले मापदण्डसम्बन्धी कानुन नभएकै कारण मुलुकमा बिचौलियाको हावी छ । यस्तो सङ्कटमोचनका लागि कानुन आवश्यक छ ।

संविधानले समाजवाद उन्मुख अर्थतन्त्रको परिकल्पना गरेको छ तर सरकारको व्यवहार समाजवाद अङ्गीकार गर्ने खालका छैनन् । निजी क्षेत्रलाई प्राथमिकता दिने नाममा बिचौलिया पोस्ने कार्य मात्र भइरहेको छ । यसमा प्रशासन संयन्त्र मुकदर्शक भएर दौडिइरहेको छ ।

प्रशासन संयन्त्र भनेको राजनैतिक नेतृत्वले जता डोऱ्यायो उतै जानुपर्ने बाध्यता छ । सङ्कटमोचन हुनका लागि राजनैतिक नेतृत्व तहमा पुरातन सोच, पूर्वाग्रही मनोविज्ञानको नै पुनर्संरचना हुनु आवश्यक छ । सङ्कटमोचन गर्न मानसिक प्रवृतिलाई पूरै परिवर्तन गरिएन भने मुलुक दुर्घटनामा पर्ने गम्भीर सम्भावना छ ।

पुरानो मनोविज्ञान भत्काएर नयाँ मनोविज्ञान राख्नुपर्छ । राज्य निर्माणमा मसिना मसिना कुरामा पनि सोच्नुपर्छ ।

यसका लागि शिक्षा प्रणालीमा नै व्यापक परिवर्तन गर्नु आवश्यक छ तर यो पर्खिराख्ने धैर्य छैन । यसका लागि अहिले नयाँ दृष्टिकोण लिएर आएका नयाँ युवा र युवा राजनैतिक शक्ति पुरानो प्रवृत्तिमा घुलमिल नहुँदै उनीहरूलाई जिम्मेवार बनाउन आवश्यक छ । पुरातन सोच र पूर्वाग्रही मनोविज्ञानको अन्त्य गरे मात्र सङ्कटमोचन हुन्छ ।

*– बीके पूर्वसचिव हुन् ।*

प्रदेश सरकार सम्वन्धी कुनै जिज्ञासा वा गुनासो राख्नुपर्ने भएमा Hello CM तथा उजुरी तथा गुनासो पेटिका समेतबाट सुझाव पेश गर्नुहुन हार्दिक अनुरोध छ ।

प्रदेश सरकार
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
हेल्लो मुख्यमन्त्री
गण्डकी प्रदेश, पोखरा नेपाल हटलाईन (नि:शुल्क) नं.: १०९४
इमेल: hellocm@gandaki.gov.np

भन्सार सम्बन्धी कुनै जिज्ञासा भएमा हामीलाई सम्झनुहोस् ।
हामी तपाईंको जिज्ञासाको समाधान गर्ने प्रयास गर्नेछौं ।
आफ्नो जिज्ञासाका सम्बन्धमा कार्यालय समयभित्र स्वयं उपस्थित भएर, ईमेल, फोन मार्फत् पनि सम्पर्क राख्न सक्नुहुनेछ ।

भन्सार विभाग
त्रिपुरेश्वर, काठमाडौं ।
IVR: ०१-५९७०६५६
टेलिफोन नं. ०१ ५९१७७२१८, ५९१७१२३, ५९१७२२९
मोबाइल नं. ९८५१३५३३५३ (WhatsApp र Viber)
ईमेलः csd@customs.gov.np
वेवासइडः- customs.gov.np

## भन्सार विभागको अनुरोध

चोरी पैठारी वा निकासी गरेको वा त्यस्ता मालवस्तुको ओसारपसार गरी राजस्व छली गरेको जानकारी, सूचना वा उजुरी भएमा उक्त सूचना वा जानकारी तपसिलको ठेगानामा उपलब्ध गराई चोरी निकासी, पैठारी नियन्त्रणमा सहयोग पुऱ्याउनुहुन सम्बन्धित सबैमा अनुरोध छ । साथै, यस्तो सूचना वा जानकारी दिने व्यक्तिको नाम र ठेगाना गोप्य रहनेछ र सूचना वा जानकारी दिने व्यक्तिलाई कानून बमोजिम पुरस्कृत गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

भन्सार विभाग
त्रिपुरेश्वर, काठमाडौं ।
IVR: ०१-५९७०६५६
टेलिफोन नं. ०१ ५९१७७२१८, ५९१७१२३, ५९१७२२९
मोबाइल नं. ९८५१३५३३५३ (WhatsApp र Viber)
ईमेलः csd@customs.gov.np
वेवासइडः- customs.gov.np

# अर्थतन्त्रको विद्यमान अवस्था र मौद्रिक नीति

अर्थतन्त्रमा संकट छ, मन्दी गहिरिएको छ भन्ने जस्ता विषयलाई अनर्गल रूपमा देखाई सीमित वर्गलाई फाइदा पुग्ने नीति बनोस् भन्ने अपेक्षा पूरा हुन नसक्ला । देशको अर्थतन्त्र जति बढी अन्तर्राष्ट्रिय अर्थतन्त्रसाग जोडिँदै जान्छ, त्यति नै अन्तर्राष्ट्रिय क्षेत्रका आर्थिक तथा भू-राजनीतिक कारण सृजित धक्काले समेत आन्तरिक अर्थतन्त्रमा प्रभाव पार्ने गर्दछ ।



महाप्रसाद अधिकारी

अन्तर्राष्ट्रिय बजारमा भएको मूल्यवृद्धि, आपूर्ति शृंखलामा आएको अवरोध तथा समग्र मागमा आएको शिथिलताका कारण आर्थिक गतिविधि प्रभावित भएको छ । राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार गत वर्षको आर्थिक वृद्धिदर १.८६ प्रतिशतमा सीमित रहने देखिन्छ । चालु आर्थिक वर्षमा यस्तो वृद्धिदर ३.९ प्रतिशत हुने विश्व बैंकको प्रक्षेपण छ । जलविद्युत् उत्पादनमा भएको वृद्धि, पर्यटन आप्रवाहमा भएको उल्लेख्य प्रगति तथा निजी क्षेत्रतर्फको कर्जा विस्तारमा भएको सुधारका कारण आर्थिक गतिविधि चलायमान हुने अपेक्षा गरिएको छ ।

गत आर्थिक वर्षदेखि मुद्रास्फीतिमा परेको चापमा पछिल्लो समय बिस्तारै कमी आएको छ । तथापि औसत उपभोक्ता मुद्रास्फीति भने अपेक्षित स्तरभन्दा माथि नै छ । चालु आर्थिक वर्षको तीन महिनाको औसत उपभोक्ता मुद्रास्फीति ७.७४ प्रतिशत छ भने २०८० असोजमा उपभोक्ता मुद्रास्फीति ७.५० प्रतिशत छ । केही चुनौती रहे तापनि अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा बिस्तारै कमी आएको, भारतको उपभोक्ता मुद्रास्फीतिमा उल्लेख्य कमी आएको, समग्र मागमा कमी आएको तथा मुद्राप्रदायको विस्तारमा अनुमानित स्तरमै रहेका कारण चालु आर्थिक वर्षको अन्त्यसम्ममा मुद्रास्फीति सीमाभित्र रहने अपेक्षा छ ।

बढ्दो चालु खर्च, न्यून पुँजीगत खर्च र न्यून राजस्व परिचालनका कारण सरकारी वित्त स्थिति दबाबमा छ । चालु खर्चभन्दा कुल राजस्व परिचालन कमी रहेको कारण सरकारी वित्त व्यवस्थापनमा चुनौती छ । गत आर्थिक वर्षमा कुल सरकारी खर्च ९.१ प्रतिशतले वृद्धि भएको थियो भने राजस्व परिचालन ९.३ प्रतिशतले गिरावट आएको थियो । चालु आर्थिक वर्षको तीन महिनासम्ममा सरकारी खर्च ०.४ प्रतिशतले कमी आई कुल विनियोजनको १५.६ प्रतिशत मात्र खर्च भएको छ भने राजस्व परिचालन ५ प्रतिशतले वृद्धि भई कुल लक्ष्यको १५.४ प्रतिशत राजस्व संकलन भएको छ । विनियोजित बजेटको तुलनामा सरकारको खर्च स्थितिमा प्रगति हुन नसकेको तथा पुँजीगत खर्च न्यून रहेको स्थिति छ ।

सार्वजनिक ऋणको रकम बढ्दो दरमा वृद्धि भएको छ । तथापि अर्थतन्त्रको आकारको तुलनामा हालसम्म स्वीकारयोग्य तहमा नै छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको २०८० असोजको तथ्यांकअनुसार कुल सार्वजनिक ऋण २३ खर्ब ४० अर्ब पुगेको छ । कुल सार्वजनिक ऋण र कुल गार्हस्थ्य उत्पादनको अनुपात ४३.५ प्रतिशत छ भने बाह्य ऋण र कुल गार्हस्थ्य उत्पादनको अनुपात २१.५ प्रतिशत पुगेको छ । फिस्कल स्पेस सुविधाजनक रहेको तथा कुल बाह्य ऋणमध्ये तीनचौथाइभन्दा बढी बहुपक्षीय सहुलियतपूर्ण ऋण रहेकाले पनि सरकारको बाह्य ऋण तिर्ने क्षमता सहजै रहने देखिन्छ ।

आयात सामान्य अवस्थामा फर्किएको, विप्रेषण आप्रवाहमा उल्लेख्य वृद्धि भएको र मौद्रिक उपकरणको विवेकसम्मत प्रयोगका कारण बाह्य क्षेत्र स्थायित्व कायम भएको छ । बाह्य क्षेत्रमा आएको सुधारसँगै विदेशी विनिमय सञ्चिति हालसम्मकै उच्च स्तरमा पुगेको छ । चालु आर्थिक वर्षको तीन महिनासम्ममा शोधनान्तर स्थिति ९९ अर्ब बचतमा छ भने चालु खातासमेत ५९ अर्बले बचतमा छ । समीक्षा अवधिमा आयात

१.७ प्रतिशतले वृद्धि भएको छ भने विप्रेषण आप्रवाह ३० प्रतिशतले वृद्धि भएको छ । पर्यटन आगमन ४६ प्रतिशतले वृद्धि भई कोभिड-१९ पूर्वको अवस्थामा फर्किएको छ । पर्यटन आयसमेत ५१ प्रतिशतले वृद्धि भएको छ । २०८० असोजसम्मको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रमा १०.३ महिनाको आयात धान्न पर्याप्त हुने विदेशी विनिमय सञ्चिति कायम छ ।

आन्तरिक उत्पादन वृद्धि गरी आर्थिक विकासमा योगदान गर्ने उद्देश्यले केन्द्रीय बैंकले वित्तीय क्षेत्रमा उपलब्ध लगानीयोग्य रकमलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्न निर्देशित कर्जा कार्यक्रम लागु गर्दै आएको छ । यसअनुसार वाणिज्य बैंकले २०८४ असार मसान्तसम्म कुल कर्जा लगानीको १५ प्रतिशत कर्जा कृषि क्षेत्रमा, १० प्रतिशत कर्जा ऊर्जा क्षेत्रमा र १५ प्रतिशत कर्जा लघु, घरेलु, साना एवम् मझौला उद्यमका क्षेत्रमा लगानी गर्नुपर्ने व्यवस्था गरेको छ । विकास बैंक तथा वित्त कम्पनीहरूले समेत २०८४ असार मसान्तसम्ममा कुल कर्जा लगानीको क्रमशः २० प्रतिशत र १५ प्रतिशत कर्जा उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्ने व्यवस्था गरिएको छ । २०८० असोज मसान्तसम्म वाणिज्य बैंकहरूले कृषिमा १२.८६ प्रतिशत, ऊर्जामा ७.२१ प्रतिशत, र लघु, घरेलु, साना एवम् मझौला उद्यमका क्षेत्रमा ९.२७ प्रतिशत गरी कुल २९.७९ प्रतिशत कर्जा प्रवाह गरेका छन् ।

शोधनान्तर बचतको वृद्धिसँगै बैंकिङ क्षेत्रमा अधिक तरलताको स्थिति सिर्जना भएको छ । अधिक तरलतासँगै अल्पकालीन ब्याजदर हुँदै दीर्घकालीन ब्याजदर घट्दै गएका छन् । शोधनान्तर बचतका कारण बैंकिङ क्षेत्रमा निक्षेप बढ्दै गएको छ । यससँगै दोहोरो अंकमा पुगेको ९१ दिने ट्रेजरी बिलको ब्याजदर दोब्बरले घटेको छ भने मौद्रिक नीतिको सञ्चालन लक्ष्यका रूपमा रहेको अन्तरबैंक ब्याजदरमा उल्लेख्य कमी आई २०८० असोजमसान्तमा करिब २ प्रतिशतको हाराहारीमा झरेको छ । यसको प्रभावस्वरूप दीर्घकालीन ब्याजदर र विशेषगरी कर्जाको ब्याजदर क्रमशः घट्दै गएको छ ।

आर्थिक गतिविधिमा आएको शिथिलतासँगै बैंक तथा वित्तीय संस्थाको निष्क्रिय कर्जामा वृद्धि भएको छ । आर्थिक गतिविधिमा आएको संकुचन, कमजोर व्यावसायिक अवस्था र वित्तीय अराजकताका कारण बैंक तथा वित्तीय संस्थाको कर्जा असुली दरमा कमी आउँदा निष्क्रिय कर्जा वृद्धि हुँदै गएको छ भने

> नेपाल सरकारका सबै मन्त्रालय, सम्पूर्ण नियामक निकाय र निजी क्षेत्रले समेत इमानदारीपूर्वक आफ्नो जिम्मेवारी निर्वाह गर्दै जाँदा अर्थतन्त्रमा देखिएका आन्तरिक तथा बाह्य सकहरूको सामना गर्न सकिन्छ ।

पुँजीकोष र जोखिम भारित सम्पत्तिको अनुपात घट्दै गएको छ । बैंक तथा वित्तीय संस्थाको निष्क्रिय कर्जा २०८० असार मसान्तमा ३.०२ प्रतिशत रहेकामा २०८० असोज मसान्तमा ३.६६ प्रतिशत पुगेको छ ।

पुँजीबजारमा हुने लगानी बैंकिङ कर्जामा निर्भर हुँदा दीर्घकालीन पुँजी परिचालन निरूत्साहित हुँदै गएको छ । पुँजीबजारमार्फत हुने लगानी बैंकिङ क्षेत्रको वित्तीय स्रोतमा निर्भर रहेका कारण बैंकिङ क्षेत्रको तरलता स्थितिले लगानी प्रभावित भई पुँजीबजारमा अस्वाभाविक रूपमा उत्तारचढाव आउने गरेको छ भने सूचीकृत कम्पनीहरूले बन्ड, डिबेन्चर जस्ता दीर्घकालीन उपकरणबाट पुँजी परिचालन गर्ने कार्यको सुरूवातसम्म पनि गर्न सकिएको छैन ।

## अर्थतन्त्रका विद्यमान समस्या

उपभोगमा आधारित अर्थतन्त्र, व्यापारमा निर्भर आर्थिक गतिविधि, न्यून गार्हस्थ्य बचत, न्यून पुँजी निर्माण, न्यून लगानी, न्यून आन्तरिक उत्पादन, प्रतिस्पर्धी उत्पादन क्षमताको अभाव, उपलब्ध स्रोतको अविवेकपूर्ण वितरण, प्राकृतिक प्रकोप तथा अन्य संरचनागत समस्याका कारण लक्षित आर्थिक वृद्धि हासिल हुन सकिरहेको छैन ।

आयातित मुद्रास्फीति, परम्परागत उत्पादन प्रणाली, प्रविधिको अभाव, न्यून आन्तरिक उत्पादकत्व, बढ्दो उत्पादन लागत, कमजोर आपूर्ति शृंखला, कमजोर बजार नियमन एवम् अनुशासन, नेपाली मुद्राको अवमूल्यन, रसिया-युक्रेन तथा इजरनयल हमास युद्धका कारण विश्व आपूर्ति शृंखलामा आएको अवरोध तथा ओपेक राष्ट्रहरूले पेट्रोलियम पदार्थको उत्पादनमा कटौती गर्ने निर्णयलगायतका कारण मुद्रास्फीति लक्षित सीमाभित्र राख्न चुनौती हुने देखिन्छ ।

बढ्दो सार्वजनिक खर्च, न्यून पुँजीगत खर्च, पुँजीगत खर्चको कमजोर कार्यान्वयन क्षमता, बढ्दो घाटा बजेट, घट्दो राजस्व परिचालन, आयातमा आधारित राजस्व प्रणाली, परम्परागत राजस्व प्रशासनका कारण सार्वजनिक वित्त व्यवस्थापन चुनौतिपूर्ण बन्दै गएको छ ।

सार्वजनिक ऋण तीव्र गतिमा बढ्दै गएको, बढ्दो बाह्य ऋणको भुक्तानीमा ठूलो मात्रामा विदेशी विनिमय सञ्चिति खर्च गर्नुपर्ने अवस्था रहेको, बढ्दो आन्तरिक ऋणका कारण निजी क्षेत्रको लगानी प्रभावित भएको र सरकारको बजेटको ठूलो हिस्सा ऋणको साँवा र ब्याज भुक्तानीमा खर्च हुने गरेका कारण थप सार्वजनिक ऋण लिने क्षमता घट्दै गएको छ ।

निर्यातको आधार कमजोर रहेको, विदेशी मुद्रा आर्जन विप्रेषणमा भर पर्नुपरेको, विदेशी मुद्रा सञ्चितिको ठूलो हिस्सा उपभोग्य वस्तुको आयातमा खर्च गर्नुपरेको, बैंक कर्जाको ठूलो हिस्सा आयातमा प्रयोग हुने गरेको तथा सेवा आय निरन्तर घाटामा रहेका कारण दीर्घकालीन बाह्य क्षेत्र स्थायित्व कायम गर्ने कार्य चुनौतीपूर्ण बन्दै गएको छ ।

शोधनान्तर बचतका कारण बैंकिङ क्षेत्रमा तरलता बढ्ने, तरलता बढेसँगै निक्षेपको ब्याजदर घट्दा बचत निरूत्साहित हुने तथा पुँजी पलायनको जोखिम रहने र कर्जाको ब्याजदर घट्दा उपभोग प्रोत्साहित भई आयात बढ्ने र पुनः शोधनान्तर घाटामा गई बाह्य क्षेत्र स्थायित्वमा दबाब पर्ने चक्रीय समस्या आउने गरेको छ ।

आर्थिक गतिविधिमा आएको शिथिलता,

कमजोर व्यावसायिक अवस्था र वित्तीय अराजकताका कारण बैंक तथा वित्तीय संस्थाको कर्जा असुली दरमा कमी आई बैंक तथा वित्तीय संस्थाको निष्क्रिय कर्जामा वृद्धि हुँदै गएको छ । कर्जाको गुणस्तर व्यवस्थापन र वित्तीय स्थायित्वमा समेत चुनौती सिर्जना हुने स्थिति छ ।

पुँजीबजारमा हुने लगानी अल्पकालीन बैकिङ कर्जामा निर्भर हुँदा दीर्घकालीन पुँजी परिचालन निरूत्साहित हुँदै गएको छ भने बैकिङ क्षेत्रको तरलता स्थितिले लगानी प्रभावित भई पुँजीबजारमा अस्वाभाविक उत्तारचढाव आउने गरेको छ । पुँजीबजारसम्बन्धी ज्ञानबिनै दोस्रो बजारमा लगानी गर्नेको संख्यामा बढ्दै जाँदा पुँजीबजारको विकास र व्यवस्थापन चुनौतीपूर्ण हुँदै गएको छ । मार्जिन ट्रेडिङलगायत औजारको प्रयोगमा तदारूकता दिन नसक्दा अल्पकालीन बैंक कर्जातर्फ नै लगानीकर्ता केन्द्रित हुने भएकाले यसबाट सीमित रूपमा उपलब्ध वित्तीय स्रोतको विवेकपरूर्ण प्रयोगमा असर गरिरहेको स्थितिमा परिवर्तन आउन सकेको छैन ।

## मौद्रिक नीतिको भूमिका

मूल्य स्थायित्व, मौद्रिक तथा वित्तीय क्षेत्र स्थायित्व र बाह्य क्षेत्र स्थायित्वमार्फत समग्र आर्थिक स्थायित्व कायम गर्नु नै केन्द्रीय बैंकलाई ऐनद्वारा प्राप्त प्रमुख जिम्मेवारी हो । यी लक्ष्य प्राप्तिमा प्रतिकुल असर नपर्ने गरी सरकारको वित्त नीति कार्यान्वयनमा सहयोग गर्दै आर्थिक विकासमा योगदान दिनु केन्द्रीय बैंकको दोस्रो तहको जिम्मेवारी हो । अर्थतन्त्रको विकासमा वित्त नीति र मौद्रिक नीतिको बीचमा तादात्म्यता अपरिहार्य हुन्छ भने राज्यका सबै सरोकारवाला निकाय, उद्योगी, व्यापारी र कानुन कार्यान्वयन गर्ने निकायको संयुक्त प्रयास आवश्यक देखिन्छ । अर्थतन्त्रका सबै सरोकारवाला निकायले जिम्मेवारीपूर्वक काम गरेमा शिथिल रहेको अर्थतन्त्रलाई गति दिन सकिन्छ ।

उपभोगमा आधारित अर्थतन्त्रलाई उत्पादनमा आधारित बनाई न्यून गार्हस्थ्य बचतलाई वृद्धि गर्नु आवश्यक छ । अर्थतन्त्रमा पुँजी निर्माण वृद्धि गर्दै लगानी बढाई प्रतिस्पर्धी आन्तरिक उत्पादन बढाउनु आजको आवश्यकता हो । यसका लागि लगानीको वातावरणमा सुधार हनुपर्ने र आन्तरिक लगानी मात्र अपुग हुने हुनाले विदेशी लगानी आकर्षित गर्न नीतिगत लचकता अपनाउनुपर्ने

> सार्वजनिक खर्चमा पुाजीगत खर्चको हिस्सा बढाउादै यसको प्रभावकारिता बढाउन सके त्यसले उत्पादन, रोजगारी र आम्दानी सिर्जना हुनुका साथै आन्तरिक उत्पादनमार्फत आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्छ ।

हुन्छ । स्वदेशमा उत्पादन हुन सक्ने वस्तुलाई उत्पादनमा प्रोत्साहन गर्नुपर्छ । उपलब्ध स्रोतको कुशल बाँडफाँट गरी आन्तरिक उत्पादन वृद्धिगर्नेतर्फ केन्द्रित गर्नु अर्थतन्त्रको आजको आवश्यकता हो । उच्च आर्थिक वृद्धिका साथै दीर्घकालीन आर्थिक स्थायित्व कायम गर्न दोस्रो पुस्ताको सुधारमार्फत अर्थतन्त्रको संरचनात्मक समस्याहरूको समाधान गरी आन्तरिक उत्पादन वृद्धि गर्नुपर्ने देखिन्छ । यसैका लागि बैंकले निर्देशित कर्जा कार्यक्रमलाई निरन्तरता दिँदै आएको छ ।

उत्पादनमा संलग्न जनशक्तिलाई तालिमको व्यवस्था गरी दक्षता अभिवृद्धि गर्ने तथा उत्पादनमा प्रविधिको प्रयोग गर्न सके उत्पादन र उत्पादकत्व दुवै बढ्न जाने र उत्पादन लागत कम भई मुद्रास्फीती नियन्त्रण गर्न सहायोग पुग्नेछ । आन्तरिक उत्पादन बढ्दा आयात प्रतिस्थापित भई आयात प्रेरित मुद्रास्फीतिसमेत नियन्त्रण गर्न सकिन्छ । नेपालको मूल्यवृद्धिमा मागपक्षभन्दा पनि आपूर्ति पक्ष बढी जिम्मेवार भएकाले बजार नियमन तथा अनुशासन कायम गरी उपलब्ध वस्तुको वितरण र आपूर्ति व्यवस्था नियमित गर्न सके अप्राकृतिक मूल्यवृद्धि नियन्त्रण गर्न सहायक हुने देखिन्छ । मागप्रेरित मूल्यवृद्धि नियन्त्रण गर्न केन्द्रीय बैंकले मुद्राप्रदायको विस्तार, नीतिगत दर र कर्जा प्रवाहलाई वाञ्छित सीमाभित्र राख्दै आएको छ भने मौद्रिक उपकरणमार्फत तरलता व्यवस्थापन गर्दै आएको छ ।

सार्वजनिक खर्चमा पुँजीगत खर्चको हिस्सा बढाउँदै यसको प्रभावकारिता बढाउन सके त्यसले उत्पादन, रोजगारी र आम्दानी सिर्जना हुनुका साथै आन्तरिक उत्पादनमार्फत आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्छ । र अर्थतन्त्रका दिगो विकासमा सहयोग पुग्ने देखिन्छ । आयातमा आधारित राजस्वलाई आन्तरिक उत्पादनमा आधारित गराउन सके राजस्वको आधार बलियो भई बाह्य क्षेत्रसँग सम्बन्धित नीतिका कारण सरकारी वित्त प्रभावित हुने समस्यालाई न्यूनीकरण गर्न सकिन्छ । सरकारको आर्थिक सल्लाहाकारको हिसाबले केन्द्रीय बैंकले हरेक आर्थिक वर्षको बजेटका लागि पूर्व-बजेटकालीन अध्ययन प्रतिवेदनमार्फत सरकारले लिन सक्ने सार्वजनिक ऋणका सम्बन्धमा सुझाव दिँदै आएको छ । सरकारको स्वीकृत ऋण तालिकाबमोजिम आन्तरिक ऋणको व्यवस्थापन गर्दै आएको छ ।

सरकारको फिस्कल स्पेस सुविधाजनक नै भए तापनि वार्षिक बजेटको कुल विनियोजन यथार्थपरक गर्न सके वार्षिक ठूलो रकमको घाटाबजेट न्यून हुन गई सार्वजनिक ऋणको वृद्धिदरमा कमी ल्याउन सकिन्छ । सार्वजनिक ऋणलाई भौतिक पूर्वाधार, परियोजना र विकास निर्माणका कार्यमा लगाउन सके अर्थतन्त्रको उत्पादकत्व वृद्धि भई डेब्ट सर्भिसिङ क्यापासिटीसमेत वृद्धि हुने हुँदा सार्वजनिक ऋणको भार कम गर्न सकिन्छ । आन्तरिक उत्पादन वृद्धि हुँदा आयात प्रतिस्थापन भई बाहिरिने विदेशी मुद्रालाई रोक्न सकिन्छ भने आन्तरिक ऋणका कारण निजी लगानी प्रभावित हुने अवस्थालाई समेत न्यूनीकरण गर्न सकिन्छ ।

नेपाल व्यापार एकीकृत रणनीति २०१६ ले पहिचान गरेका प्रमुख निर्यातयोग्य वस्तु जस्तै अलैंची, अदुवा, जडीबुटी, चियालगायत उच्च मूल्य भएका वस्तुको उत्पादन तथा निर्यात वृद्धि गरी निर्यातको आधार बढाउन सकिन्छ । त्यसबाट विदेशी मुद्रा आर्जनको वैकल्पिक स्रोत व्यवस्था गरी विप्रेषणमा रहेको

अधिक निर्भरताको जोखिम न्यूनीकरण गर्न सकिन्छ । पर्यटक आगमनलाई अहिलेको स्तरबाट घट्न नदिने र थप पर्यटक ल्याउने गरी कार्य गर्न सके यसबाट दीर्घकालीन रूपमा विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । स्वदेशी विश्वविद्यालयमा शिक्षाको गुणस्तर वृद्धि गर्ने तथा विश्वविद्यालय शिक्षा उत्तीर्ण विद्यार्थीहरूलाई स्वदेशी बजारमै रोजगारी दिलाउन सके उच्चशिक्षाका नाममा बिदेसिने अर्बौं रकम रोक्न सकिन्छ ।

बैंकिङ क्षेत्रमा अधिक तरलता हुँदा ब्याजदर घट्न गई निक्षेपको ब्याजदर मुद्रास्फीतिदर भन्दा कम हुन गए बचत निरूत्साहित हुने तथा पुँजी पलायनको जोखिम रहने हुनाले केन्द्रीय बैंकले बचतको वास्तविक ब्याजदर धनात्मक राख्ने प्रयास गर्दै आएको छ । त्यस्तै कर्जाको ब्याजदर न्यून हुँदा त्यसले उपभोग्य वस्तुको आयातमा बैंक कर्जा प्रयोग भई आयात बढ्ने र अन्ततोगत्वा बाह्य क्षेत्र स्थायित्वमा खलल पुग्ने हुनाले केन्द्रीय बैंकले कर्जाको ब्याजदरसमेत वाञ्छित सीमामा राख्ने उद्देश्यले खुला बजार कारोबारमार्फत बैंकिङ क्षेत्रको तरलता व्यवस्थापन गर्दै आएको छ ।

नाफाको निजीकरण र घाटाको सार्वजनिकीकरण गर्ने तथा व्यापार व्यवसायमा सामान्य कमी आउनेबित्तिकै कर्जा नतिर्ने प्रवृत्ति निरूत्साहित गर्नुपर्छ । कर्जाको दुरुपयोग गर्ने, कर्जा नतिर्ने तथा बैंक तथा वित्तीय संस्थाहरूप्रति अराजक गतिविधि गर्नेहरूलाई कानुनी दायरामा ल्याउन अत्यावश्यक रहेको र त्यसतर्फको कार्य अगाडि बढेको छ । बैंक कर्जाको गुणस्तर व्यवस्थापन गरी वित्तीय स्थायित्वमार्फत समग्र आर्थिक स्थायित्वमा केन्द्रीय बैंक निरन्तर लागिरहेको छ । अर्थतन्त्रलाई गतिशील बनाउन तथा निजीक्षेत्रतर्फ प्रवाह हुने कर्जा विस्तार गर्न नीतिगत दर घटाइएको, केही कर्जाको जोखिम भार घटाइएको र सहजीकरणसहित पुनर्संरचनाको सुविधासमेत प्रदान गरिएको छ । तोकिएका क्षेत्रहरूमा कर्जा भुक्तानीलाई केही सहज बनाइएको छ ।

अन्त्यमा, मौद्रिक नीति आफैंमा सबै समस्याको जड पनि हुन सक्दैन र उपचार पनि । यसर्थ अर्थतन्त्रलाई थप चलायमान बनाई उच्च आर्थिक वृद्धिद्धर हासिल गर्न सोही प्रकारका थप कार्य सार्वजनिक निकाय र निजी क्षेत्रले अघि बढाउनुपर्छ । सस्तो खालका हजारौं आवास निर्माण, औद्योगिक क्षेत्र र पूर्वाधारको निर्माण, सुरुङमार्ग निर्माण, अन्तरदेशीय प्रसारण लाइन निर्माण, पर्यटन पूर्वाधार र प्रवर्द्धन, खानी उत्खननलगायत कार्य सरकारी वा सार्वजनिक निजी साझेदारी वा निजी क्षेत्रले अगाडि बढाए त्यसबाट अर्थतन्त्रका अग्रपश्च सम्बन्ध भएका क्षेत्रसमेत चलायमान हुने र रोजगारीसमेत सृजना हुने देखिन्छ ।


**फाइदा हुँदा उदार व्यवस्था राम्रो हुने र कडा प्रतिस्पर्धा भई जोखिम बढ्दा निश्चित ब्याजदरको अपेक्षा राख्नु पक्कै पनि उपयुक्त होइन । राष्ट्रिय-अन्तर र्राष्ट्रिय परिवेशमा आएको परिवर्तनका कारण आन्तरिक अर्थतन्त्रले पनि आर्थिक चक्रका विभिन्न चरणको सामना गरिरहेको हुन्छ ।**


आर्थिक क्षेत्रमा दिगो परिवर्तन र प्रगति गर्न समग्र आर्थिक नीतिको अहम् भूमिका रहेको कुरामा दुईमत छैन । आर्थिक नीति सफल हुन वित्त नीति, मौद्रिक नीतिका साथै औद्योगिक नीति, व्यापार नीति, वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण नीति, पर्यटन नीति, भूमि नीति, शिक्षा नीतिलगायत क्षेत्रगत नीतिहरूको सफल कार्यान्वयन हुनुका साथै समन्वयकारी भूमिका रहनुपर्छ । राजनीतिक स्थायित्व, व्यावसायिक वातावरण, शान्ति सुरक्षा र पूर्वाधारको यथोचित विकास समग्र आर्थिक विकासको लागि पूर्वसर्त हुनेमा दुईमत छैन । आर्थिक विकासलाई दिगो राख्न सुदृढ बाह्य क्षेत्रको आवश्यकता रहन्छ भने मुद्रास्फीतिसमेत निश्चित सीमाभित्र रहनैपर्छ ।

करिब चार दशकदेखि सरकारले अँगालेको खुला तथा उदार आर्थिक नीतिअन्तर्गत समग्र क्षेत्रगत नीतिहरूमा सोहीअनुसार परिमार्जन गरिएको र यसबाट प्रतिस्पर्धी व्यावसायिक वातावरण तयार भई सर्वसुलभ रूपमा वस्तु तथा सेवाको प्रवाह हुने, रोजगारी सृजना हुने, आयात प्रतिस्थापन हुने, निर्यात बढ्ने अपेक्षा गरिएको हो । व्यावसायिक जगत्ले पनि प्रतिस्पर्धात्मक वातावरणमा व्यावसायिक गतिविधि सम्पादन गरी जोखिम उठाएअनुरूपको फाइदा लिनुपर्ने मान्यता खुला तथा उदार अर्थव्यवस्थाले राखेको हुन्छ ।

फाइदा हुँदा उदार व्यवस्था राम्रो हुने र कडा प्रतिस्पर्धा भई जोखिम बढ्दा निश्चित ब्याजदरको अपेक्षा राख्नु पक्कै पनि उपयुक्त होइन । राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवेशमा आएको परिवर्तनका कारण आन्तरिक अर्थतन्त्रले पनि आर्थिक चक्रका विभिन्न चरणको सामना गरिरहेको हुन्छ । त्यसलाई व्यावसायिक जगत्ले स्वीकार गर्नुपर्छ । यस सन्दर्भमा कोभिडकालीन समयमा व्यावसायिक जगत्लाई दिइएका केही सुविधा सदैव निरन्तर होस् भन्ने चाहना र कर्जा प्रवाह प्रभावित भएको उक्त समयकै कम बिन्दुको ब्याजदर सदैव कायम रहोस् भन्ने निजी क्षेत्रका कतिपय समूहको चाहना रहेको प्रतीत हुन्छ । खुला, उदार र प्रतिस्पर्धी वातावरणमा यस्तो चाहना राख्नु पक्कै पनि उपयुक्त होइन ।

जहाँसम्म राष्ट्र बैंकको भूमिकाको सवाल छ, नेपाल राष्ट्र बैंक ऐनले निर्धारण गरेका उद्देश्य हासिल गर्न ऐनले नै तोकेको कार्य नेपाल राष्ट्र बैंकले पूर्ण जिम्मेवारीसाथ कुशलतापूर्वक सम्पादन गरिरहेको छ । यसरी हेर्दा कुनै एउटा मन्त्रालय, निकाय वा संस्थाले खेलेको भूमिका मात्र अर्थतन्त्रको दिगो विकासका लागि पर्याप्त हुन सक्दैन । सबै प्रकारका समस्याको समाधान मौद्रिक नीतिमा खोज्नु उपयुक्त होईन ।

'अर्थतन्त्रमा संकट छ', 'मन्दी गहिरिएको छ' भन्ने जस्ता विषयलाई अनर्गल रूपमा देखाई सीमित वर्गलाई फाइदा पुग्ने नीति बनोस् भन्ने अपेक्षा पूरा हुन नसक्ला । देशको अर्थतन्त्र जति बढी अन्तर्राष्ट्रिय अर्थतन्त्रसँग जोडिँदै जान्छ, त्यति नै अन्तर्राष्ट्रिय क्षेत्रका आर्थिक तथा भू-राजनीतिक कारण सृजित धक्काले समेत आन्तरिक अर्थतन्त्रमा प्रभाव पार्ने गर्दछ । यस आधारमा नेपालको अर्थतन्त्र पनि विप्रेषणलगायत कारणले अन्तर्राष्ट्रिय अर्थतन्त्रसँग जोडिएको विषय सबैलाई जानकारी भएकै स्थिति छ ।

तसर्थ, नेपाल सरकारका सबै मन्त्रालय, सम्पूर्ण नियामक निकाय र निजी क्षेत्रले समेत इमानदारीपूर्वक आफ्नो जिम्मेवारी निर्वाह गर्दै जाँदा अर्थतन्त्रमा देखिएका आन्तरिक तथा बाह्य सकहरूको सामना गर्न सकिन्छ ।

*– अधिकारी नेपाल राष्ट्र बैंकका गभर्नर हुन् ।*

**यदि तपाई धितोपत्र (शेयर, ऋणपत्र, सामूहिक लगानी योजनाको ईकाई आदि) मा लगानी गर्दै हुनुहुन्छ भने लगानी गर्नु अघि निम्न कुराहरुमा विशेष ध्यान दिनुहोस् ।**

- धितोपत्रको मूल्यमा समय समयमा उतारचढाव आउन सक्ने भएकोले धितोपत्रमा लगानी गर्दा मूल्य उतारचढाव सम्बन्धी उपयुक्त सूचना लिई संयमित तथा विवेकशील भएर मात्र लगानीको निर्णय लिनुहोस् ।
- धितोपत्रमा गरिने लगानीमा प्रतिफल तथा जोखिम दुवै हुने हुँदा हल्ला, अनावश्यक प्रचार प्रसार वा कसैको बहकाउमा नलागी बजार तथा कम्पनीको बास्तविक बस्तु स्थिति बुझेर आफ्नो स्वविवेकमा नै लगानी सम्बन्धी निर्णय गर्नुहोस । साथै आफ्नो जोखिम बहन गर्न सक्ने क्षमताको मूल्याकंन समेत गर्नुहोस् ।
- धितापत्रको प्राथमिक बजारमा निष्काशन गरिने धितोपत्रमा लगानी गर्नुअघि धितोपत्र निष्काशनकर्ता कम्पनीको आव्हानपत्र तथा विवरणपत्र मार्फत प्रवाहित जानकारीहरू मूख्यतया कम्पनीको संस्थापक तथा व्यवस्थापन पक्ष, वित्तीय स्थिति (नेटवर्थ, नाफा नोक्सान स्थिति, आदि), लगानी योजना, जोखिम पक्ष, क्रेडिट रेटिङ्गको स्तर जस्ता कुराहरूको विश्लेषण गर्नुहोस् ।
- नेपाल धितोपत्र बोर्डमा दर्ता भएको तथा नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत धितोपत्रमा मात्र लगानी गर्नुहोस् ।
- धितोपत्रको दोस्रो बजारमा लगानी गर्दा सम्बन्धित कम्पनीको कार्य सम्पादन स्थिति, धितोपत्रको मूल्यमा प्रभाव पार्न सक्ने संवेदनशील सूचना जस्तै लाभांश घोषणा, हकप्रद शेयरको घोषणा, व्यबस्थापनमा परिवर्तन, भावी योजनाहरू, कम्पनीको आवधिक र वार्षिक प्रतिवेदनमा उल्लेखित वित्तीय सूचकांकहरू (Earning Per Share, Dividend Per Share, Price/Earning Ratio, Net Worth Per Share), पूँजी कोष अनुपात, निस्क्रिय कर्जा अनुपात आदि) धितोपत्रको मूल्य प्रवृत्ति, कम्पनीको साधारण सभाको निर्णय (माइन्यूट) जस्ता महत्वपूर्ण कुराहरूको अध्ययन गर्नुहोस् ।
- दोस्रो बजारमा कारोबार गर्दा कारोबार भएको दिनको दुई (२) दिन भित्रमा कारोबारको राफसाफ (T+2) हुनुपर्ने कुराको जानकारी लिनुहोस् ।
- आफूसंग भएको धितोपत्र (कागजी प्रमाणपत्र) लाई कारोबार योग्य बनाउन बोर्डबाट अनुमति प्राप्त निक्षेप सदस्यमार्फत अभौतिकीकरण गर्नुहोस् ।
- प्राथमिक बजारमा लगानी गर्न निक्षेप सदस्यकोमा हितग्राही खाता (Demat Account) खोली आफ्नो बैकं खाता रहेको बैंकबाट आस्वा वा सि-आस्वा रजिष्ट्रेशन नं. लिई अनलाईनबाट सहजरूपमा लगानी गर्नुहोस् । धितोपत्र बजारमा लगानी गर्न हितग्राही खाता (Demat Account) अनिवार्य गरिएको हुँदा, सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी लिमिटेड (सिडिएससी) तथा निक्षेप सदस्यसँग सम्पर्क राखी बैंक खाता सहितको ग्राहक परिचय विवरण (KYC Form) अनिवार्यरूपमा भरी हितग्राही खाता (Demat Account) खोलेर धितोपत्र खरिद बिक्री कारोवार गर्नुहोस् । आफूले खरिद गरेको धितोपत्र समयमै आफ्नो खातामा जम्मा भए/नभएको ध्यान दिनुहोस् ।
- धितोपत्र बजारमा देशको समग्र आर्थिक तथा राजनैतिक स्थितिले प्रत्यक्ष प्रभाव पार्ने भएकाले धितोपत्रमा लगानी गर्दा यसप्रति समेत सजग रहनुहोस् ।
- धितोपत्रको दास्रो बजारबाट कारोबार गर्दा सिधै नेप्सेको विद्युतीय कारोबार प्रणाली वा बोर्डबाट अनुमति प्राप्त धितोपत्र दलाल तथा तिनको शाखा कार्यालयबाट मात्र गर्नुहोस् ।
- धितोपत्र कारोवारमा रकमको लेनदेन गर्दा बैंक तथा वित्तीय संस्था मार्फत मात्र गर्नुहोस् ।
- लगानी विविधिकरण (Investment Diversification) बाट लगानीमा हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न सघाउ पुग्ने हुँदा लगानी विविधिकरणमा ध्यान दिनुहोस् ।
- दीर्घकालीन रूपमा गरिने लगानीले जोखिमको संभावनालाई न्युन गराउने हुँदा लगानी गर्दा यस तथ्यलाई समेत मनन गर्नुहोस् ।
- पूँजी बजार सम्बन्धी नीति, नियम तथा निर्देशनहरूले धितोपत्रको मूल्यमा असर पार्ने भएकाले सुसूचित निर्णयका लागि बोर्ड, नेप्से, नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय तथा बीमा समितिको वेबसाइट हेर्ने गर्नुहोस् ।
- लगानीकर्ताहरूलाई पूँजीबजार सम्बन्धी साक्षर बनाउने उद्देश्यले बोर्डले समय समयमा आफ्नो कार्यालयमा तथा विभिन्न जिल्लाहरूमा लगानीकर्ता सचेतनामुलक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएकोमा त्यस्तो कार्यक्रमा सहभागी हुनुहोस् ।
- बोर्डबाट रेडियो नेपालमार्फत प्रत्येक महिनाको पहिलो र तेस्रो शनिबार बिहान ७.४० देखि ७.५५ सम्म सञ्चालन गरिने धितोपत्र तथा वस्तु विनिमय रेडियो कार्यक्रम सुनेर बजार सम्बन्धी जानकारी लिनुहोस् ।
- लगानीकर्ताको अधिकार तथा जिम्मेवारी सम्बन्धमा धितोपत्र सम्बन्धी ऐन नियम, कम्पनी ऐन तथा अन्य सम्बन्धित ऐन नियमहरूको साथै बोर्डबाट भएका व्यवस्थाहरूबारे जानकारी राख्न धितोपत्र सम्बन्धी ऐन नियमहरू र अन्य व्यवस्थाको जानकारी बोर्डको वेबसाइट (www.sebon.gov.np) तथा बोर्डको सम्वन्धित प्रकाशनमार्फत समेत हेर्नुहोस् ।

धितोपत्रमा लगानी सम्बन्धमा कुनै जिज्ञासा, गुनासा तथा उजुरीहरू भएमा बोर्डको वेवसाईटमा रहेको Grievance button मार्फत वा टोल फ्रि.नं. १६६०-०१-४४४३३ (निःशुल्क) वा हटलाइन नं ५५४४०७६ वा gunaso@sebon.gov.np मार्फत वा बोर्डको ठेगानामा पठाउनुहोस् ।

नेपाल धितोपत्र बोर्ड
पो.व. नं. ९०३१, खुमलटार, ललितपुर
फोनः ०१-५५४१०५७, ५५५११६२, ५५४४०७७, ५५५०५११
फ्याक्सः ०१-५५४१०५८ टोल फ्रि.न. १६६०-०१-४४४३३
ईमेल ठेगानाः **support@sebon.gov.np**
वेबसाइटः **www.sebon.gov.np**

# सङ्कटग्रस्त अटो व्यवसाय सुधार्न स्थिर नीति

लकडाउनका बेला ठप्प भएको व्यवसाय त्यसपछि रिकभरी गर्ने क्रममा थियो । पछिल्लो समय अर्थतन्त्रमा आएको शिथिलताका कारण अटो व्यवसाय नराम्ररी प्रभावित भएको छ । मुख्यगरी दुई वर्षयता अटो क्षेत्र गम्भीर संकटमा छ । सरकारले विद्युतीय सवारीलाई प्रोत्साहन गरेकाले बजार ठप्पै भने हुन पाएन ।



यमुना श्रेष्ठ

अटोमोबाइल व्यवसाय अर्थतन्त्रको मेरुदण्ड हो । संसारभर अटोमोबाइललाई अर्थतन्त्रको 'इन्जिन'का रूपमा लिइन्छ । आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिकलगायत हरेक मानवीय गतिविधिमा अटो क्षेत्रको योगदान छ ।

अटोमोबाइल व्यवसाय सरकारको राजस्व आम्दानीको प्रमुख स्रोत पनि हो । नेपालको कुल भन्सार राजस्व योगदानमा अटो क्षेत्रको हिस्सा १७ देखि २५ प्रतिशत देखिन्छ । अटोमोबाइल क्षेत्रले प्रत्यक्ष रूपमा १ लाखभन्दा बढी रोजगारी सृजना गरेको छ । अप्रत्यक्ष रूपमा लाखौंलाई रोजगारी दिएको छ । सार्वजनिक र निजी सवारीसाधनमा झन्डै १० खर्ब रूपैयाँ लगानी भएको छ । बैंक तथा वित्तीय संस्थाले मात्रै १ खर्ब ३१ अर्बभन्दा बढी लगानी गरेका छन् । यातायातकै कारण आज हाम्रो मोबिलिटी सहज भएको छ । आममानिसको दैनिकीदेखि हरेक विकास गतिविधिको थालनी अटो क्षेत्रबाट हुन्छ । सवारीसाधनले नै हाम्रो टाइम सेभिङदेखि 'प्रोडक्टिभिटी'समेत बढाएको छ । उदाहरणका लागि आफ्नै गाडी हुँदा अहिले मानिसले एकै दिनमा चितवन, पोखरादेखि काठमाडौं आएर समेत काम सकेर फर्कन सम्भव भएको हो ।

नेपालमा मेट्रो, मोनो रेल नभएकाले त्यसको 'रिप्लेसमेन्ट' मोटरसाइकल/स्कुटरले गरिरहेका छन् । चारपांग्रे सवारीले 'मास मोबिलिटी'सँगै पर्यटन प्रवर्द्धन गरिहरेका छन् । सवारीसाधनको सहजताका कारण नै पछिल्लो समय देशका पर्यटकीय गन्तव्यमा आन्तरिक पर्यटक बढ्दो क्रममा छन् । ३/४ वर्ष अघिसम्म प्याकेज किनेर विदेश घुम्न जानेहरूसमेत अहिले आफ्नै गाडीमा देशभित्रका मनाङ, मुस्ताङलगायत पर्यटकीय गन्तव्य पुग्न थालेका छन् ।

पछिल्लो समय अर्थतन्त्रमा आएको शिथिलताका कारण अटो व्यवसाय नराम्ररी प्रभावित भएको छ । मुख्यगरी दुई वर्षयता अटो क्षेत्र गम्भीर संकटमा छ । लकडाउनका बेला ठप्प भएको व्यवसाय त्यसपछि 'रिकभरी' गर्ने क्रममा थियो । कोभिडपछि सन् २०२१ मा झन्डै २१ हजार सवारीसाधन आयात भएका थिए । तर सरकारले विदेशी मुद्रा सञ्चिति घटेको भन्दै २०७८ वैशाखदेखि आयातमा प्रतिबन्ध लगाएपछि अटो क्षेत्र 'कोमा'मा पुग्यो । व्यापार ठप्पप्रायः भयो । यद्यपि त्यति बेला सरकारले विद्युतीय सवारी (ईभी) लाई प्रोत्साहन गरेकाले बजार ठप्पै भने हुन पाएन ।

सरकारले गत पुसदेखि सवारी आयात प्रतिबन्ध हटाए पनि अटो क्षेत्र तंग्रिन सकेको छैन । अहिले विद्युतीय सवारीको बिक्री केही बढेको छ । मोटरसाइकल र कम्बस्चन गाडीको बिक्रीमा सुधार आउन सकेको छैन । बजारमा माग नबढ्दा, सरकारी कडाइ/अस्थिर नीतिका कारण अटो व्यवसायीले आँट गरेर लगानी गर्न सक्ने अवस्था छैन । अटोमोबाइल व्यवसाय सुस्ताउँदा बैंकिङ र इन्स्योरेन्स व्यवसायमा समेत ठूलो धक्का पुगेको देखिन्छ ।

## अटो क्षेत्रका समस्या

### आर्थिक मन्दी

कोभिडपछि देश आर्थिक मन्दीमा छ । अहिले समग्र अर्थतन्त्र नै शिथिल छ ।

उद्योगहरू आधा क्षमतामा पनि सञ्चालनमा छैनन् । घरजग्गादेखि सेयर मार्केट घटेको छ । व्यापार-व्यवसाय चौपट छ । मानिसको आम्दानीका स्रोत खुम्चिरहेका छन् । व्यवसायी र आम उपभोक्ताको दैनिकी झन्झन् निराश र खराब बन्दै गएको छ ।

मन्दीका कारण आममानिसको क्रयशक्ति ह्रास भइरहेको छ । आम्दानी भए पो मान्छेले सवारीसाधन किन्ने हो ? आम्दानी नहुँदा महँगो ब्याजमा ऋण लिएर कसले सवारी किन्ने आँट गर्छ । राम्रो आम्दानी भयो भने मात्र मानिसले आफ्नो क्षमताअनुसारका सवारी किन्ने हुन् ।

संकुचित मानसिकता र अस्थिर नीति

अन्य व्यवसायको तुलनामा अटो व्यवसाय 'ग्ल्यामर' र 'स्मार्ट' मानिन्छ । यो व्यवसाय देख्दा जति आकर्षक छ, त्यति नै 'रिस्क' मोल्नु र 'तारो' बन्नुपरिरहको छ । राज्य र नीति निर्माण तहमा बसेकाहरूमा अटोमोबाइललाई हेर्ने नजर नै दोषी छ । उनीहरूले सधैं गाडीलाई विलासी देख्छन् ।

अटो व्यवसायीलाई राज्य र समाजले हेर्ने नजरसमेत फरक छ । यिनीहरू अर्को देशमा बनेका सामान ल्याएर बेच्ने र आकर्षक नाफा कमाउने व्यक्ति हुन् भन्ने गलत भाष्य स्थापित छ । यहाँ व्यवसायीले मोलेको रिस्क, गरेको लगानी, भोगेको हैरानी हेरिँदैन । करोडौं लगानीबाट आर्जित प्रतिफलमा मात्रै सबैको आँखा लागेको छ । अटो व्यवसायमा एउटा इम्पोर्टर मात्र नभई डिलर, स्पेयर पार्ट्स, वर्कसपलगायत हजारौं व्यवसायी आबद्ध छन् । अरु बिजनेस डुब्दा २/४ करोड डुब्छ भने अटो व्यवसाय डुब्दा पचासौं करोड घाटा पर्छ । सँगसँगै हजारौंको रोजगारी गुम्छ ।

अहिलेको 'ग्लोबलाइजेसन'को युगमा सवारीसाधन विलासिताको साधन होइन । यो स्वास्थ्य, शिक्षा, खानेपानी जस्तै आधार भूत आवश्यकता हो । यो कुरा अझै राज्य सत्तामा बस्नेले बुझ्न सकेका/चाहेका छैनन् । अर्कोतर्फ, अटो क्षेत्र राज्यले बनाउने अस्थिर र अदूरदर्शी नीतिको चपेटामा परेको छ । हरेक पटक सरकारैपिच्छे, मन्त्री नै पिच्छे नीतिनियम आउने गरेका छन् । हरेक बजेटमा करका दर हेरफेर हुन्छन् । यस्तो 'पटके' नीतिले अटो व्यवसाय व्यवस्थित र विकसित हुनुको साटो झन् संकटोन्मुख बनाउँदै लगेको छ ।

> पछिल्लो समय नेपालमै सवारी एसेम्बल हुन थालेका छन् । तर प्लान्ट बनाउने बेला तय गरिएको नीति प्लान्ट नबन्दै परिवर्तन भइसक्छ । उद्योग स्थापना गर्न आवश्यक जग्गा, विद्युतीकरण, दक्ष जनशक्ति उत्पादनलगायतमा राज्यको ठोस र स्थिर नीति बनाएर अघि बढ्नुपर्छ ।

## राष्ट्र बैंकको कडाइ र महँगो ब्याज

अहिले अटो क्षेत्रमा समस्या आउनुमा सरकार र राष्ट्र बैंकको कडाइ एक प्रमुख कारण हो । गत वर्ष ८ महिना गाडी आयातमा गरिएको प्रतिबन्धको असर अहिले 'रिफ्लेक्सन' भइरहेको छ । अहिले ईभीमा सहज भए पनि कम्बस्चन गाडीमा प्रवाह हुने कर्जामा कडाइ यथावत् छ । बैंकमा खर्बौं पैसा थुप्रिएर बसेको छ । तर सहज लगानीका लागि बाटो खुलाइएको छैन । बैंकमा पैसा थुप्रिएर बसोस् । तर महँगा गाडी किन्न सहजै ऋण दिन हुन्न भन्ने मानसिकता कायमै छ ।

बैंकको महँगो ब्याजले पनि अटो व्यवसायमा ठूलो धक्का दिएको छ । सस्तो ब्याजमा ऋण लिएका व्यवसायी अहिले संकटका बेलामा झन् महँगो ब्याजको मारमा थिचिएका छन् । कोभिडपछि ७/८ प्रतिशतमा कर्जा लिएका व्यवसायी अहिले १५ प्रतिशतसम्म ब्याज तिर्न बाध्य छन् । व्यापार छैन । तर बैंकको ऋण जसरी पनि तिर्नैपर्ने बाध्यता छ ।

## युवा पलायन

अटो व्यवसाय खुम्चिनुको कारण युवा पलायन पनि हो । निजी सवारीसाधन चढ्ने भनेकै धेरैजसो युवापुस्ताका व्यक्ति हुन् । उनीहरू व्यवसाय, रोजगारीका लागि आफ्नो कमाइअनुसार बाइक, कार चढ्ने गर्छन् । तर पछिल्ला वर्षमा बिदेसिनेको लाइन कहालीलाग्दो छ । देशमै रोजगारी नपाउँदा अवसरको खोजीमा दैनिक दुई हजारभन्दा बढी युवा बिदेसिइरहेका छन्, जसको ठूलो असर मोटरसाइकल र कार व्यापारसँगै समग्र अर्थतन्त्रमा देखिएको छ ।

# संकटमोचनका उपाय

## अर्थतन्त्रमा सुधार

अटो व्यवसायमा सुधार ल्याउन सबैभन्दा पहिला समग्र अर्थतन्त्र चलायमान बनाउनुपर्छ । अर्थतन्त्र चलायमान नभई अटो व्यवसाय मात्र गुल्जार हुन सक्दैन र सम्भव पनि छैन । आर्थिक क्रियाकलाप बढाउन सरकार, राष्ट्र बैंक र निजी क्षेत्र सबैले यसमा आ-आफ्नो क्षेत्रमा पहलकदमी चाल्नुपर्छ । सरकारले पुँजीगत खर्च बढाएर बजारमा पैसा पठाउनुपर्छ । सँगसँगै विभिन्न सुविधा र योजना दिएर बजारमा माग बढाउनुपर्छ ।

राष्ट्र बैंकले ब्याजदर घटाउँदै कर्जा लगानीमा सहजीकरण गर्नुपर्छ । सवारी कर्जामा अहिले पनि १५० प्रतिशतको जोखिमभार यथावत् छ । त्यही भएर बैंकले गाडीमा लगानी गर्नुभन्दा अन्यत्रै लगानी गर्न उपयुक्त ठानेका छन् । ईभीबाहेक अटो कर्जा लगानीमा चासो देखाएका छैनन् । राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत २५ लाखसम्मको गाडीमा जोखिम भार केही घटाए पनि त्यो पर्याप्त छैन । अहिले बैंकिङ प्रणालीमा अधिक तरलता कायम छ । यस्तो अवस्थामा जोखिमभारमा कडाइ आवश्यकै छैन । यसमा राष्ट्र बैंकले अधिक लचकता अपनाउनुपर्छ ।

निजी क्षेत्रले पनि बजारमा माग र उपभोग बढाउन विभिन्न वस्तुमा छुट, सहुलियत दिएर उपभोक्ता आकर्षित गर्नुपर्छ । सरकारसँग सहकार्य गर्दै रोजगारी सृजना गराउन भूमिका खेल्नुपर्छ । स्वदेशमै रोजगारीको अवसर पाए युवा बिदेसिन केही रोकिन्छ । देशमा युवाको संख्या बढ्नु भनेको अटो बजार पनि बढ्नु हो । सबै मिलेर अर्थतन्त्र चलायमान बनाउन सके व्यवसाय क्रमशः पुरानै लयमा फर्किन सक्छ ।

## दीर्घकालीन र दूरदर्शी नीति निर्माण

अटो व्यवसायमा सरकारले दीर्घकालीन र दूरदर्शी नीति नियम बनाउन आवश्यक छ । यसमा ढिलो भइसक्यो । यस क्षेत्रमा भएका कमजोरी सुधार्दै कम्तीमा १०/१५ वर्ष लागु हुने नीति बनाउनुपर्छ । सवारी नीति बनाउँदा राज्यले क्षणिक लाभभन्दा पनि दीर्घकालीन फाइदा सोच्नुपर्छ ।

दुई/तीन वर्षयता नेपालमा विद्युतीय सवारीको आकर्षण बढ्दो छ । ईभीले कम्बस्चनको हिस्सा घटाउँदै लगेको छ । अहिले आयात हुने सवारीमा ईभीको हिस्सा झन्डै ६० प्रतिशत पुग्न थालेको छ । यसले सरकारलाई समेत फाइदा पुग्छ । तर सरकारले हरेक वर्ष बजेटमा करका दर हेरफेर गर्दै ईभी व्यवसाय तरंगित बनाउने गरेको छ ।

ईभी व्यवसायीले एक वर्ष पनि ढुक्कले काम र लगानी गर्न सक्ने वातावरण छैन । अहिले ऋण लिएर लगानी गरे अर्को बजेटमा के हुने हो, थाहा छैन । ईभीमा पनि कर बढाउनुपर्छ । तर एकै वर्षमा ह्वात्तै बढाउने/घटाउने गर्न हुन्न । यसले व्यवसायी र उपभोक्तालाई आतंकित बनाउने र भार बढाउने मात्र गर्छ ।

राज्यले कम्तीमा यति वर्ष यो नीति लागु हुन्छ, त्यसपछि यस्तो हुन्छ भन्ने स्पष्ट योजना बनाउनुपर्छ । विडम्बना ! हाम्रोमा त्यस्तो छैन । कुर्सीमा पुग्नेलाई कति बेला के मन लाग्छ, त्यही गर्ने हो । यो वर्ष बनाएको नीति अर्कोसम्म पनि लागु हुँदैन । अर्को वर्ष फेरि नयाँ नीति आइसक्छ । यस्तो अवस्थामा व्यवसायीले कसरी काम गर्ने ? कसरी व्यावसायिक स्थिरता हुन्छ ? उदाहरणका लागि चीन, थाइल्यान्डले ईभी प्रयोगकर्ता र उत्पादकलाई प्रोत्साहन गर्न विभिन्न छुट/सुविधा दिएका छन् । हाम्रोमा पनि त्यस्तै प्याकेज ल्याएर ईभीको प्रयोग बढाउन र क्रमशः उत्पादनमै जानुपर्छ ।

पछिल्लो समय नेपालमै सवारी एसेम्बल हुन थालेका छन् । तर प्लान्ट बनाउने बेला तय गरिएको नीति प्लान्ट नबन्दै परिवर्तन भइसक्छ । उद्योग स्थापना गर्न आवश्यक जग्गा, विद्युतीकरण, दक्ष जनशक्ति उत्पादनलगायतमा राज्यको ठोस र स्थिर नीति बनाई सहयोग गर्नुपर्छ । स्वदेशमै सवारी उत्पादन भए भन्सार, लागतलगायत सस्तो पर्ने हुँदा आम उपभोक्तासमेत लाभान्वित हुन्छन् ।

> दुई/तीन वर्षयता नेपालमा ईभीको प्रयोग बढ्दो छ । तर पर्याप्त चार्जिङ स्टेसन छैनन् । लामो दूरीको यात्रा ढुक्कसँग गर्न सक्ने अवस्था छैन । एक ठाउँबाट अर्को ठाउँमा जाँदा घण्टौं कुरेर चार्ज गर्नुपर्ने बाध्यता छ ।

स्थिर नीति हुने हो भने १०/१५ लाख खर्चेर जाने युवालाई नेपालमै व्यवसायी बनाउन सकिन्छ । देशमै भविष्य देखेपछि ऊ ठूलो रकम खर्चेर किन बिदेसिन्छ र ? तथापि बिदेसिनु नराम्रो होइन । निश्चित समय अध्ययन, सिकाइका लागि विदेश जानुपर्छ । तर फर्केर उसले स्वदेशमै आफ्नो सीप र पुँजी लगानी गरी प्रतिफल पाउने ग्यारेन्टी राज्यले गर्नुपर्छ ।

## पूर्वाधार निर्माणमा राज्यको लगानी

अटोमोबाइल क्षेत्र निजी क्षेत्रको मात्र होइन, यसमा राज्यको पनि दायित्व हुनुपर्छ । गुणस्तरीय सडक, चार्जिङ स्टेसन, अत्याधुनिक बसपार्क, पार्किङ स्थललगायत निर्माणमा राज्यले ठूलो लगानी गर्नुपर्छ । सवारी क्षेत्रबाट कर मात्र असुल्ने होइन, त्यही क्षेत्रको सुधारका लागि खर्च गर्न आवश्यक छ । विश्वका प्रायः देशमा विद्युतीय सवारीका लागि आवश्यक पूर्वाधारमा राज्यले लगानी गर्छ । यहाँ हामी निजी क्षेत्रले गरिरहेका छौं ।

दुई/तीन वर्षयता नेपालमा ईभीको प्रयोग बढ्दो छ । तर पर्याप्त चार्जिङ स्टेसन छैनन् । लामो दूरीको यात्रा ढुक्कसँग गर्न सक्ने अवस्था छैन । एक ठाउँबाट अर्को ठाउँमा जाँदा घण्टौं कुरेर चार्ज गर्नुपर्ने बाध्यता छ । अहिले नेपाल विद्युत् प्राधिकरणले ५१ वटा चार्जिङ स्टेसन बनाएको छ । त्यति नै संख्यामा व्यवसायीले बनाएका छन् । यी ईभीको बढ्दो संख्याको अनुपातमा नगण्य छन् ।

आगामी दिनमा प्रयोग हुने सवारीसाधन भनेकै ईभी हो । त्यसैले देशभर चार्जिङ स्टेसन निर्माणलाई तीव्रता दिनुपर्छ । यसमा निजी क्षेत्र र सरकार दुवैले दिल खोलेर लगानी गर्नुपर्छ । राजमार्गको हरेक ठाउँमा पेट्रोल पम्प भए झैं हरेक चोकचोकमा चार्जिङ स्टेसन निर्माण गर्नुपर्छ । सरकारले जग्गा, प्रसारण लाइन, ट्रान्फर्मरको सहज व्यवस्था गरिदिनुपर्छ । व्यवसायीले पनि आफ्नो नाफाको निश्चित प्रतिशत लगानी गर्नुपर्छ ।

दक्ष जनशक्ति उत्पादन र बजार विस्तार

नयाँ नयाँ इनोभेसन र प्रविधिको प्रयोगले अटो क्षेत्र झन्झन् स्मार्ट बन्दै गएको छ । गाडी विदेशमा उत्पादन हुन्छ । प्रयोग हुने र बिग्रने नेपालमै हो । अहिलेका डिजिटल र अत्याधुनिक प्रविधियुक्त गाडी मर्मत गर्न दक्ष जनशक्तिको आवश्यकता पर्छ । टेक्निकल ज्ञान र तालिमप्राप्त जनशक्ति उत्पादनमा राज्य र निजी क्षेत्र दुवैले लगानी गर्नुपर्छ । राज्यले दक्ष जनशक्ति तयार गर्न अध्ययन र तालिमका अवसर सृजना गराउनुपर्छ । व्यवसायीले पनि आफ्नो नाफाको निश्चित प्रतिशत जनशक्ति उत्पादनमा लगाउनुपर्छ । उत्पादित जनशित्तिका लागि रोजगारीको अवसर सृजना गर्नुपर्छ ।

हाम्रो अटो बजार सानो र सीमित छ । यसको विस्तारबिना हाम्रो व्यवसाय टिक्दैन । अहिले ईभीको व्यापार केही बढेको छ । तर हामीले 'प्राइस साइज' बढाउन सकेका छैनौं । हिजो कम्बस्चनले ओगटेको 'प्राइस साइज' ईभीले ओगटेको मात्र हो । युवा पलायन रोक्ने हो भने प्राइस साइज ठूलो हुन सक्थ्यो । प्राइस साइज बढाउन सरकार र व्यवसायी दुवैले आफ्नो क्षेत्रबाट पहल गर्नुपर्छ ।

*- श्रेष्ठ साइमेक्स इन्कको प्रबन्ध निर्देशक हुन् ।*

# नीतिदेखि भान्सासम्म छैन उपभोग अनुशासन

उत्पादन, माग र आपूर्तिमा असन्तुलन हुँदा स्थानीय उत्पादन प्राथमिकता नपर्ने प्रवृत्ति छ । बाहिरको किनेर खाए मात्रै सम्पन्न भइन्छ भन्ने मनोविज्ञानले सबै भान्सामा नजानिँदो रूपमा आयातित सामानकै प्रयोग बढी छ । यो बानी सुधार्ने नीति र कार्यक्रम नहुँदा जनशक्ति क्षीण हुँदै छ ।



डा. यमुना घले

हामी सबै कुरामा परम्परागत बुझाइबाट बाहिर आउन सकिरहेका छैनौँ । यस अवस्थामा खाद्य सुरक्षाको बुझाइ पनि पेटभरि खान पुग्ने अवस्था मात्र हो भन्ने बुझाइ छ । अनुशासन सबै क्षेत्रमा आवश्यक छ । खाद्य सुरक्षामा उपभोग अनुशासनले सही तरिकाले पोषणयुक्त भोजन गर्नुलाई बुझाउँछ । तर यो शब्दावली व्यावहारिक हिसाबले नेपालीको भान्सासम्म पुगेको छैन । पोषणविनाको खानेकुरालाई खानेकुरा मान्नु हुँदैन भन्ने मान्यता स्थापित हुन सकेको छैन । विज्ञ, विधायक, सरकारी संयन्त्र र उपभोक्ता सबैमा खाद्य र उपभोगप्रतिको बुझाइमै समस्या छ । अझ उपभोग अनुशासन भन्ने शब्द नै प्रयोगमा छैन । यो सोच, व्यवहार र अभ्यासमा स्थापित हुन नसक्नु गम्भीर चासो र चिन्ताको विषय हो । तर यो मौलिक हक हो ।

संविधानको मौलिक हकमा अन्तर्गत भाग ३ धारा ३६ मा भनिएको छ 'प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुने र प्रत्येक नागरिकलाई खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ ।'

मानव अधिकार सम्बन्धी 'विश्वव्यापी मानव अधिकार घोषणापत्र १९८४' को धारा २५ ले गाँस, वास र कपासको प्रावधानलाई अङ्गीकार गरेको छ । त्यसपछिका विभिन्न अभिसन्धिले खानालाई मानव अधिकारका रूपमा बढवा दिएका छन् ।

खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७५ को धारा ३ मा राहतमा समेत पोषणसहितको व्यवस्था गर्नुपर्ने स्पष्ट व्यवस्था छ । तर विकसित मुलुकहरूको तुलनामा हाम्रो देशले खाद्य सुरक्षामा पूर्णता पाइसकेको छैन ।

विकसित देशमा खाद्य आपूर्ति, वितरण, उपभोग र गुणस्तरसमेत सिङ्गो राज्यले जिम्मेवारी दिएको हुन्छ । राज्य पूर्ण जिम्मेवार र नागरिकको साथै हुने हुँदा व्यक्तिले चिन्ता लिनु पर्दैन ।

हाम्रो मुलुकमा उपभोगको विषयमा व्यक्तिसम्म आउँदा उपभोगका प्रक्रिया र त्यसलाई सहजीकरण गर्ने क्रममै धेरै कुराले असर गरेको छ ।

सम्पन्न व्यक्तिहरूले निश्चित समयसम्मका लागि भण्डारण गर्ने भएका कारण महामारी तथा विपत्को विषम अवस्थामा पनि उनीहरूलाई उपभोग सहज छ । तर विपन्न र मध्यम वर्गलाई महामारी, भूकम्प, नाकाबन्दी जस्ता विषम अवस्थामा खाने कुरा महँगो र कतिपय अवस्थामा त पैसा हुँदा पनि खाद्य सामग्री नपाएको ताजा अनुभव छ ।

यीबाहेक जातजाति, बर्गीय र सामाजिक संस्था वा परिवेश र भूगोलका हिसाबबाट उपभोगको बानी व्यवहारमै समस्या छ । शिक्षा र खासगरी सूचना तथा सञ्चार प्रविधि वा नयाँ आविष्कारका कारण व्यक्तिको क्षमता, घरको परिवेश, आर्थिक सशक्तीकरण जस्ता कुराले सिङ्गो उपभोग अनुशासन प्रभावित भएको छ । नेपाली समाज उपभोग शासन प्रद्धतिका आधारभूत कुरालाई हेर्ने भन्दा नभएका कुराको प्राप्तिमा खुसी हुन्छ । त्यसकारण उपभोग अनुशासन व्यक्ति र राज्य दुवैको प्राथमिकतामा परेको छैन ।

गत वर्ष नेपाल विश्व भोकमरी सूचीमा १२१ देशमध्ये ८१ औं स्थानमा थियो । सन् २०२३ सुधार भएर ६९औं स्थानमा उक्लिएको छ । सन् २०२३ नेपालको भोकमरी सूचकांकमा १५.५ छ । सन् २००० मा भोकमरी सूचकांकमा ३७ अंक थियो । यसमा २० अंक लाई मध्यम मानिन्छ । ३० अंकमा चेतावनी र ४० लाई गम्भीर अवस्थाको रूपमा लिइन्छ ।

नेपालले भोकमरी सूचकांकमा सुधार गरे पनि अन्नको भण्डार मधेश र कमजोर अन्न उत्पादन भएको कर्णालीलाई यो सुधारले प्रतिनिधित्व गर्न सक्दैन । त्यहाँका व्यक्ति व्यक्तिले सुधारको अनुभूत गर्न सक्दैनन् । मधेशमै बालबालिका कुपोषित छन्, महिलामा रक्तअल्पता छ । नेपालमा भोकभरीले मानिसको मृत्यु नभए पनि कुपोषण भएर विभिन्न अप्ठयारो स्थितिमा गुज्रिनेको संख्या धेरै छ । ४९ लाख ८० मानिस गरिबीको रेखामुनि छन् ।

१७ वटा संयुक्त राष्ट्रसंघीय दिगो विकास लक्ष्यमध्ये पहिलो गरिबीमुक्त र दोस्रो शून्य भोकमरी छ । तर नेपालले सन् २०३० सम्म गरिबीको अन्त्य र शून्य भोकमरीमा झार्ने महत्वकाङ्क्षी लक्ष्य हासिल गर्न कठिन छ ।

## नेपालमा उपभोगको संस्कृति

सरकारले तोकेको श्रमिकको न्यूनतम पारिश्रमिक १९ हजार स्थैयाँ पाउनुपर्छ वा काम लाउनेले दिनुपर्दछ भन्ने जानकारी श्रमिक र रोजगारदातसम्म पुगेकै छैन । करार सम्झौता नगरी श्रमिकलाई काम लगाउने र तोकिएको ज्याला नदिई श्रम शोषण गर्ने प्रवृत्ति बढ्दो छ । यो आर्थिक मन्दीको अवस्थामा गरिरहेको काम गुम्यो भने काम नपाएर विचल्ली होला भनेरै आफ्ना अधिकारबारे कानुनी लडाइँ नगरी श्रमिक मौन छन् । तोकिएको ज्याला पाइहाले पनि पोषणयुक्त भोजनका लागि पर्याप्त हुँदैन । त्यसकारण सहरका गरिब र श्रमिक गरिबीको दुश्चक्रमा अझ फसेका छन् ।

दिनभरि शारीरिक काममा संलग्न श्रमिक सबभन्दा सस्तो सेतो चामल, कुखुराको मासु खान्छन् । शरीरले भने आवश्यक पोषक तत्त्व पाएको हुँदैन । शक्ति क्षयीकरण भइरहेको हुन्छ । कुखुराको मासु छिटो तयार गर्न इन्टिवायटिक खुवाउने गरिएको अध्ययनबाटै पुष्टि भएको छ । उनीहरूमा विकल्प भइदिए दिनदिनै थरिथरिका सागसब्जी, माछा, मासु मिलाएर खाने थिए । कमाउने व्यक्ति बिरामी भएमा उपचारका लागि खर्च गर्नसक्ने अवस्था हुँदैन । यसरी देशको जनशक्ति क्षीण हुनु भविष्यका लागि राम्रो सङ्केत होइन ।

कोभिडको समयमा सरकार र विश्व खाद्य सङगठनको संयुक्त अध्ययन अनुसार २३ प्रतिशत परिवारले पर्याप्त खाना खाने गरेको, ४६ प्रतिशत (६ देखि २३ वर्षसम्मका बालबालिका र महिला) ले न्यूनतम आवश्यकता विविध खाना नभएको र ८७ प्रतिशत परिवारले आफूले रुचाएको सस्तो खाने गरेको देखिएको छ ।

नियमन बलियो नहुँदा बजारमा निजी क्षेत्र हावी छ र अनियन्त्रित छ । खानेकुराको माग र मूल्य अत्यधिक बढ्दो छ । रोजगारी अवसर र आयआर्जनको बाटो साँघुरिएको छ ।

जागिरे या ज्यालादारीले कमाएको ७० प्रतिशत त खानाका साथै अन्य आधारभूत कुराको उपभोगमै खर्च गरिरहेका छन् । ३० प्रतिशत बचत गर्ने कि भविष्यका लागि फाइदा हुने क्षेत्रमा लगानी गर्ने भन्ने चिन्ताले त्यसै खुम्चिनु परेको छ । महँगीले उपभोगमा थप लगानी बढाउनुपर्ने अवस्था छ । जीवन धान्न नै संघर्ष गर्नुपर्ने अवस्थाले खाद्य सुरक्षाको विषय व्यक्तिको प्राथमिकतामा पर्न सकिरहेको छैन ।

सातौं कृषि गणना अनुसार नेपालमा ४१ लाख ३० हजार ७ ८९ कृषक परिवार अर्थात् ६२ प्रतिशत कृषिमा आश्रित छन् । उनीहरूले २२ लाख १८ हजार ४१० हेक्टरमा खेती गर्दछन् । आफ्नै हकको जग्गामा कृषि कर्म गर्ने ३३ लाख, ७२ हजार २६ अर्थात् ८२ प्रतिशत छ । १० वर्षमा कृषक परिवारले प्रयोग गरेको र बाली लगाएको जमिनको क्षेत्रफल करिब चार लाख १५ हजार हेक्टरले घटेको छ । जलवायु परिवर्तनको असर र त्यसले निम्त्याएको अतिवृष्टि, अनावृष्टि र खडेरीले कृषि उत्पादनमा अझ सङ्कट देखिँदै गएको छ ।

उत्पादन माग र आपूर्तिमा असन्तुलन भई स्थानीय प्राथमिकता नपर्ने प्रवृत्ति छ । बाहिरको किनेर खाए मात्रै सम्पन्न भइन्छ भन्ने मनोविज्ञानले नेपालका होटल, रेस्टुराँ र घरका भान्सामा नजानिँदो रूपमा आयातित सामानकै प्रयोग बढी छ । त्यसले बालबालिका, युवा र वृद्धवृद्धामा कुपोषण र मोटोपन दुबै बढेको छ ।

## विद्यमान समस्या

तथ्यांकले ६२ प्रतिशत कृषिमा आश्रित जनसंख्याले ६ महिना खान पुग्ने अवस्था देखाए पनि वास्तविकता त्यस्तो छैन । उनीहरूलाई ६ महिना खान पुग्दैन । तथ्यांक लिने हाम्रो शैली र प्रक्रिया नै गलत छ । त्यसी आधारको गलत तथ्यांकका आधारमा नीति र संरचना बन्दा समस्या अरु बल्झन्छ । उत्पादन, बजारको शैली जस्ता कुरालाई नीतिले सम्बोधन गर्न नसक्दा खाद्य सुरक्षामै तालमेल मिलिरहेको छैन ।

अर्कातर्फ कृषि भूमिमा वास्तविक किसानको पहुँच छैन । कृषि श्रमिकको अवस्था पनि राम्रो छैन । किसानको सामाजिक सुरक्षाकै अभाव देखिन्छ । कृषि श्रमिकका रूपमा काम गर्दा जमिनको स्वामित्व नहुने र ज्यालाले परिवार पाल्ने धौधौ भएपछि युवा बिदेसिने प्रवृत्ति बढेको छ । यसरी कृषिमा श्रमशक्तिको अभाव हुँदैछ ।

बाढी, पहिरो र प्रकोपले कृषि उत्पादनमा क्षति पऱ्याइरहेको छ । यता पछिल्लो समय बाँदर लगायत जङ्गली जनावरका कारण जमिन बाँझो हुँदा उत्पादकत्व घटिरहेको छ । कृषि उत्पादनमा लागत बढ्ने तर उत्पादनले राम्रो मूल्य नपाउँदा लगानी नउठ्ने समस्या छ । भारतीय बजारबाट आउने सस्तो वस्तुसँग स्थानीय उत्पादनले प्रतिस्पर्धा गर्न सकिरहेको छैन । सरकारले कृषि उत्पादनमा आकर्षण बढाउन सरकारी राहत, अनुदान, कृषि औजारहरू र बिउविजन आवश्यकता अनुसार उपलब्ध गराउन र उत्पादित वस्तुका लागि बजार उपलब्ध गराउन सकिरहेको छैन । फलस्वरुप नेपालले विगतका केही वर्षयता धान, चामल, तेलदेखि विभिन्न खाद्यान्न आयात गरी निर्भरता बढाउँदै लगेको छ । कृषि जमिन मासिँदा खाद्य अधिकार हनन् हुँदै गएको छ । यसबाट गरिब र जोखिममा परेको वर्ग बढी प्रभावित छ ।

## सङ्कटमोचनको उपाय

स्थानीय वस्तुको ब्राडिङ र प्याकेजिङ गर्न सके राम्रो बजार पाउँछ । स्थानीय उत्पादनलाई पालिकासम्म आवतजावत गर्न राम्रो बाटोघाटो नहुँदा समस्या छ । किसानले उत्पादित वस्तु बजारसम्म ल्याउदा चेकजाँचका नाउमा अनेक हैरानी खेप्नु परिरहेको छ ।

बजारमा विभिन्न खालका उपभोक्ता हुन्छन् । राज्यले कृषि नगर्ने मानिसलाई सहजै वस्तु प्राप्त गर्ने विकल्प दिनुपर्छ । थोक बजारमा पुगेर किन्न नसक्नेले नजिकको बजार गएर सहजै वस्तु प्राप्त गर्ने सुविधा हुनुपर्छ ।

तर हाम्रा सरकारी संरचना र संयन्त्रले उत्पादन बढाउन र सहज रूपमा वितरण गरौं भन्ने मान्यतासाथ काम गरेको पाइँदैन । नियमनकारी निकायसमेत सक्षम छैनन् वा दायित्व पूरा गरिरहेका छैनन् । माटो सुहाउँदो कृषि लागि स्थानीय सरकारले किसानलाई उत्प्रेरित गर्नुपर्छ । उत्पादनको लागत अनुसार वस्तुको मूल्य निर्धारण गरी बिक्री वितरण प्रणाली सरल र सहज बनाउँदै राज्यले बजारीकरणको जिम्मा लिनुपर्ने खाँचो छ ।

आयातमा आधारित भन्सार र राजस्व सङ्कलनबाट राज्य दिगो हुँदैन । आफ्नै कलकारखाना खोलेर उत्पादन बढाउनु पर्दछ । यसबाटै रोजगारी सृजना हुन्छ । आन्तरिक उत्पादनको खपत बढाउने र आयात प्रतिस्थापन गर्न सक्नु पर्छ । देशभित्रका उद्योग, उत्पादन,

र रोजगारीमा आधारित करले मात्रै राष्ट्रले दिगो लाभ लिनसक्छ ।

संवैधानिक व्यवस्था कार्यान्वयन हुँदा खाद्य चक्रमै परिर्वतन ल्याउन सकिने आशा गर्ने ठाउँ छ । संविधानको अनुसूची ८ लाई टेकेर स्थानीय सरकार मार्फत् एकद्वार नीतिबाट सरकारी र गैरसरकारी निकायका कार्यक्रम सञ्चालन गरी उत्पादनलाई स्थानीयकरण गर्दै लैजानु पर्छ । यसका लागि पालिकाका कृषि शाखालाई सबल र सक्षम बनाउनु पर्छ ।

हिजोसम्म मान्छेले स्थानीय उत्पादनलाई हेयको दृश्यले हेर्ने चलन थियो । जुम्लाको चामल सिमी र कागुनो फावर जस्ता कुरा मानिसहरूले खोजी गरिरहेका छन् । उत्पादन बढाउन सके यी वस्तुको बजार राम्रै देखिन्छ । यो स्थानीय उत्पादनको ब्रान्डिङ र बजारीकरण हो ।

यस्ता उत्पादनका लागि जग्गा जमिन भएकाले मापदण्ड र गुणस्तरको हिसाबले यो स्तरमा उत्पादन र विक्री गर्न सक्छन् । तर आफ्नो लागि केही तल्लो स्तरको खानेकुरा खाएमा छ महिना खानपुग्नेलाई एक वर्ष खान सजिलै पुग्छ । उत्पादनको स्थानीयकरणले उपभोक्तालाई मात्रै होइन कृषकलाई नै फाइदा पुग्छ । जलवायु परिर्वतनसँग अनुकूलित बाली प्रणाली विकास गर्न पनि स्थानीयकरण गर्नुपर्ने आवश्यकता छ ।

स्थानीकरण गर्दा स्थानीय रैथाने बालीका जातलाई संरक्षण गर्दै अनुसन्धान र विकास गर्नु पर्दछ । त्यसले स्थानीय बालिनाली जोगिन्छ । स्थानीय बालीनाली त्यहीको धर्म संस्कृति चालचलनसँग जोडिने भएका कारण संस्कार रीतिथितिसँग सम्बन्धित परिकार पनि स्थानीय तहमै सहजै पाउने अवस्था हुन्छ । यसले जातजातिको पहिचानको माग र लडाइँ पनि सम्बोधन हुँदै जान्छ ।

दुई वर्षअघि राष्ट्रिय सुरक्षा परिषद्ले खाद्य सुरक्षा चाहिँ राष्ट्रिय सुरक्षाकै अङ्ग हुनसक्छ भनेर पहिलो पटक बहस चलायो । नेपाल जैविक विविधता महासन्धिको पक्ष राष्ट्र पनि हो । यसले रैथाने बिउविजनको अन्तर्राष्ट्रिय स्तरबाट अनुसन्धानमा हुँदा त्यो अनुबंश यहाँबाट गएको हो भन्ने दावी गर्न सजिलो भएको छ । यसले स्थानीय मौलिक ज्ञान र सीपका कुरा जान्न सजिलो हुन्छ । स्थानीय बालीनाली जोगाएर दस्तावेजीकरण गरेको खण्डमा राज्यले लाभ लिनसक्छ ।

भूपरिवेष्टितताका कारण नेपालले कुनै पनि बेला नाकाबन्दीको सामना गर्नुपर्ने जोखिम छ । भविष्यमा महामारी वा विपत् नआउला भन्न सकिन्न । बाह्य प्रभावले नेपालमा पर्ने असरको उदाहरण रूस र युक्रेनको युद्धका असर ताजा छ । ठूला विपति, युद्ध वा त्यस्तै आपत्ति आइपरेमा राज्यले थेग्न सक्ने छैन । त्यसकारण हामी उत्पादनको स्थानीयकरण गर्ने, स्थानीय स्तरमा खाद्य सुरक्षा गर्ने स्थानीय स्तरमा उपभोगको शैली बसाउँदै जानुपर्ने आवश्यकता छ ।

यसका लागि विधायिक, न्यायपालिका र कार्यपालिकाको त्रिकोणात्मक दह्रो सम्बन्धका साथै तीन तहका सरकारबिच समन्वयको उत्तिकै आवश्यकता छ । खाद्य सम्प्रभुताको विषयमा विधायकले पहिले राम्रोसँग बुझेर अरु निकायलाई पनि बुझाउनु पर्छ ।

कार्यपालिकाभित्र कृषिदेखि शिक्षासम्म कुरा आउँछ । परिवार र विद्यालय दुवैले सानै उमेरदेखि बच्चालाई बगैंचाको शिक्षा सिकाएनौं भने बच्चाले खानेकुरा कहाँबाट आउँछ भन्ने थाहा पाउँदैनन् । बच्चाले खानेकुरा जहाँबाट आएपनि हुन्छ भन्ने सिक्यो भने आयात गरेका खानेकुरा मात्रै उत्तम हो भन्ने बुझ्छ । उसलाई माटोमै उम्रेको कुरा हेर्दै खान सिकाउनु पर्छ ।

आत्मनिर्भर हुने र आयातलाई निरूत्साहित गर्ने लक्ष्यसाथ सरकारले उत्पादन र उत्पादकत्व बढाउने नीति ल्याएको छ । अहिले पशुपन्छी कुखुरा निकै कम आयात भइरहेको छ । त्यस्तै माछा कम आयात हुने वस्तुमै पर्छ । विस्तारै चामल, दुग्धजन्य पदार्थ र अन्डाको आयात कम गर्नुपर्छ । यसले आन्तरिक उत्पादनले बढवा पाउँछ ।

राज्यका नीति छरिएकाले समग्रताको नीति बनाउनु पर्दछ । तर कृषिका नीति एकआर्कोमा परिपूरक छैनन् । राजनीतिक दलको खुसीका लागि छुट्याउनै नहुने मन्त्रालय छुट्याइएको छ । कृषि र भूमिसुधार मन्त्रालय छुट्याइएको छ । संघमा मात्रै होइन प्रदेशमा पनि यस्तै भद्रगोल छ । कृषियोग्य जग्गा खण्डीकरण गरी घर जग्गाका लागि उपयोग गर्ने दाउमा यस्तो कार्य भइरहेको छ ।

कतिपय गाउँपालिकाले खेतीयोग्य जमिन नभएको घोषणा गरी घर घडेरी बेच्न खण्डीकरणको छुट दिएका छन् । मालपोतबाट राजस्व उठाई त्यसैबाट स्थानीय सरकार चलाउनु सरासर गलत छ ।

स्थानीय तहसम्म कृषिको संरचना त्यसै विलीन भइरहेका छन् । तीन तहका सरकारबीच नीतिगत तालमेल गर्न जरूरी हुन्छ । नीतिलाई कार्यान्वयन गर्न संरचनाको तालमेल मिलाउने कुरा महत्वपूर्ण हुन्छ । संरचना विग्रनुमा मुख्य रूपमा राजनीतिक पार्टी नै जिम्मेवार छन् ।

## कसको भूमिका र जिम्मेवारी के ?

खाद्य सम्प्रभुताको बृहत् खाकाले खाद्य अधिकार, मानव अधिकार, ग्रामीण नागरिकलाई रूपान्तरण, प्राकृतिक स्रोत साधनको संरक्षण खाद्य बजारको पुनःसङ्गठन, लोकतान्त्रिक नियन्त्रणलाई बुझाउँछ । विश्व खाद्य तथा कृषि सङ्गठनले खाद्य अधिकार सुनिश्चिताका लागि जारी गरेको कार्य निर्देशिकामा सम्मान, संरक्षण र वितरण गरी तीन मुख्य पाटा छन् । सम्मान अन्तर्गत संवैधानिक तथा कानुनी प्रक्रिया मार्फत् खाद्य अधिकार सुनिश्चितको कुरा आउँछ । संरक्षणको पाटोमा उत्पादनका स्रोतमाथि स्थानीय समुदायको पहुँच सुनिश्चित गर्ने विषय पर्छ । त्यस्तै, बजार र आपूर्ति नियमनका साथै मानवीय तथा प्राकृतिक प्रकोषबाट सिर्जित विपत्को जोखिममा परेका समुदाय, असाहय तथा विपन्न वर्गका लागि सरकारले सामाजिक सुरक्षा अन्तर्गत खाद्यन्न उपलब्ध गराउने काम वितरणको पाटोमा समेटिन्छ ।

नेपालको संविधानले सुनिश्चित गरेको खाद्य सम्प्रभुता, खाद्य अधिकार र खाद्य सुरक्षा सम्बन्धी प्रावधानको कार्यान्वयन गर्नु राज्यको दायित्व हो । खानेकुरा भनेको सबैभन्दा ठूलो हतियार हो । व्यक्ति भरे के खाने भन्ने पिरलोमा छ भने उसमा विकृत मनस्थिति पैदा हुन्छ । खराब काम र खराब सङ्गततिर जान सक्छ । भोको पेटले केही देख्दैन । खानाको अभावले व्यक्ति र समाजको सुरक्षामै थ्रेट आउन सक्छ । खानेकुरा जस्तो पहिलो हतियारलाई कसैले पनि कोहीका विरूद्ध प्रयोग नगरून् भन्नेमा राज्य सचेत, संवेदनशील जिम्मेवार हुनुपर्छ । दाताको सहयोगबाट पोषण र खाद्य सुरक्षाको परियोजना चलाएर अण्डा वा कुखुरा बाँढेको भरमा नागरिकको खाद्य अधिकार र पोषण सुरक्षित हुन्छ भन्नु ठूलो बेइमानी हो । त्यसैले समुदाय र राज्य स्वयम् लाग्नु पर्दछ । यसको सुरूआत हरेक, घर, कार्यालय, व्यापारिक प्रतिष्ठान, होटल आदिको भान्साको अनुशासनलाई केन्द्रमा राखेर गर्नुपर्छ ।

*- घले कृषिविज्ञ हुन् ।*

# सम्भाव्यता आन्तरिक उत्पादन र व्यापारको

नेपाली वस्तुको प्रतिस्पर्धी क्षमता बढाई अन्तर्राष्ट्रिय बजारमा पहुँच बढाउन नसक्दा बर्सेनि ठूलो व्यापार घाटा बेहोर्नुपरेको छ । आर्थिक वर्ष २०७९/८० को व्यापार घाटा नै साढे १४ खर्बभन्दा माथि छ । अघिल्लो वर्षभन्दा यो कम देखिए पनि खाडल धेरै ठूलो छ ।



यामकुमारी खतिवडा

कुनै पनि देशको भौगोलिक सीमाभित्र कच्चा पदार्थ, अर्धप्रशोधित अथवा पूर्णप्रशोधित उत्पादित वस्तु तथा सेवाको एक स्थानबाट अर्को स्थानमा वा सोही स्थानमै किनबेच गर्ने र आन्तरिक खपत गर्ने विषय आन्तरिक व्यापार हो । राष्ट्रिय सीमाबाहिर दुई वा दुईभन्दा बढी देशहरूबिच हुने व्यापार चाहिँ अन्तर्राष्ट्रिय व्यापार हो । आन्तरिक व्यापारमा भन्सार, कर नलाग्ने कानुनी व्यवस्था हुन्छ । विशेषतः व्यापारसँग नाफाको उद्देश्य जोडिएको हुन्छ । कुनै पनि देशको आर्थिक विकासका लागि व्यापार अत्यन्तै महत्त्वपूर्ण औजार हो । त्यसमा पनि नेपाल जस्तो अल्पविकसित मुलुक जसलाई निकट भविष्यमा नै कम विकसित मुलुकबाट स्तरोन्तति हुन र सन् २०३० सम्मका दिगो विकासका लक्ष्य हासिल गर्न लगानी र व्यापारको अभिवृद्धिविना असम्भव प्रायः देखिन्छ । परम्परागत रूपमा उत्तरमा तिब्बत र दक्षिणमा भारतसँग वस्तु विनिमय र उत्पादनको आदान प्रदान वा आफूसँग भएका वस्तु तथा सामग्री साटासाट गर्दै सुरू भएको नेपालको अन्तर्राष्ट्रिय व्यापार मुद्राको कारोबार हुन थालेसँगै क्रमशः व्यवस्थित हुँदै अन्य मुलुकहरूसँग विस्तार हुँदै गएको देखिन्छ ।

आर्थिक उदारीकरण र विश्वव्यापीकरणको वर्तमान अवस्थामा सूचना प्रविधि र यातायातको सञ्जालमा भएको तीव्र विकासले विश्वको अर्थतन्त्रलाई एकीकृत गराइदिएको छ । वस्तु तथा सेवा, श्रम, पुँजी र प्रविधिको अन्तर्राष्ट्रियस्तरमा निर्वाध र स्वतन्त्र रूपमा हुने गतिविधिले विश्वलाई एउटै व्यापारिक सञ्जालमा आवद्ध गराएको छ । नेपालमा सन् १९९० पछिको आर्थिक उदारीकरण र निजीकरणपछि अन्तर्राष्ट्रिय व्यापारले मूर्तरूप पाउन थालेको हो । साथै, सन् २००४ देखि नेपाल विश्व व्यापार सङ्गठन (डब्लुटिओ) को सदस्य भइ विश्वव्यापीकरणमा प्रवेश गरेसँगै अन्तर्राष्ट्रियस्तरको प्रतिस्पर्धी व्यापारमा होमिएको छ । हाम्रा तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता भएका वस्तु तथा सेवाको अन्तर्राष्ट्रियस्तरमा पहुँच बढाइ विश्व व्यापारमा प्रतिस्पर्धी हुन नेपाल प्रयासरत छ । विश्वव्यापीकरणको प्रवेशसँगै व्यापारको दायरा, क्षेत्र र अवसरमा वृद्धि भए तापनि नेपाली वस्तुको प्रतिस्पर्धी क्षमता बढाइ अन्तर्राष्ट्रिय बजारमा पहुँच बढाउन नसक्दा नेपालले बर्सेनी ठूलो व्यापार घाटा बेहोर्नुपरेको छ । आर्थिक वर्ष २०७९/८० को व्यापार घाटा नै साढे चौध खर्बभन्दा माथि छ । अघिल्लो वर्षभन्दा यो कम देखिए पनि खाडल धेरै ठूलो छ । आन्तरिक उत्पादन वृद्धि गर्न नसक्दा आन्तरिक व्यापारमा समेत अन्तर्राष्ट्रिय व्यापारको प्रभुत्व रहेको छ । आन्तरिक उत्पादन अत्यन्तै कमजोर रहेकोले देशभित्र रोजगारी सिर्जना गर्न नसक्दा कामको खोजीमा बर्सेनी ठूलो संख्यामा नेपाली जनशक्ति वैदेशिक रोजगारीका लागि पलायन हुँदा देशको अर्थतन्त्र आयात र रेमिट्यान्समा निर्भर हुँदै गएको छ । यसरी एकातिर आन्तरिक उत्पादन बढाउन सकिएको छैन भने अर्कोतर्फ आयातित वस्तु तथा सेवाको पनि न्यायोचित वितरण गराउन सकिएको छैन । आयातको व्यवस्थापन र नियमन गर्न नसक्दा जनतालाई आवश्यक आधारभूत वस्तु तथा सेवा अभाव हुने, कालाबजारी, एकाधिकार र कार्टेलिङको अवस्था सिर्जना भएको छ । सूचना तथा सञ्चार प्रविधिको विकासले व्यापारलाई अत्यन्तै सहज बनाएको भए तापनि सूचना प्रविधि र डिजिटल डिभाइडले गर्दा

यसको अधिकतम लाभ लिन सकिएको छैन ।

आन्तरिक उत्पादन बढाउनु, आयात व्यवस्थापन गर्नु, तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमताका वस्तु तथा सेवाको पहिचान गरी अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी बनाउनु, उपलब्ध वस्तु तथा सेवाको न्यायोचित वितरण हुनु, व्यापारलाई लगानीसँग जोड्नु, उत्पादित वस्तुको गुणस्तर निर्धारण गर्नु, लगानी र व्यापार मैत्री वातावरण सिर्जना गर्नु आदि उद्योग तथा व्यापार क्षेत्रमा देखिएका चुनौती हुन् ।

## आन्तरिक उत्पादनको सम्भाव्यता र आत्मनिर्भर हुने अवस्था

आजको विश्वव्यापीकरणको युगमा कुनै पनि देश पूर्णरूपमा आत्मनिर्भर हुन असम्भव प्रायः देखिन्छ । व्यापारमा तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता हेरिने हुँदा यस्ता वस्तु तथा सेवाको सम्भावनासम्बन्धी थप अध्ययन, अनुसन्धान गर्नु जरूरी छ । कुनै पनि उत्पादनका सम्भाव्यता नभएका कतिपय देशमा समेत लगानी र व्यापारका सम्भावना पहिचान गरी आर्थिक विकास भइरहेका उदाहरण छन् । नेपालमा पनि तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमताका प्रशस्तै सम्भावना छन् । नेपाल कृषिप्रधान मुलुक भएकाले यहाँको मुख्य सम्भावना नै कृषिमा छ । जग्गा व्यवस्थापन र प्रविधिको प्रयोग गरी एकीकृत खेती प्रणाली, कृषि उत्पादनको विस्तृतीकरण गरी कृषिलाई आधुनिकीकरण गर्दै निर्वाहमुखीबाट व्यावसायिक कृषिमा परिणत गर्नुपर्ने हुन्छ । कृषिमा आधारित उत्पादनको प्रशोधनबाट उद्योगको विकासमा जोड दिनुपर्दछ ।

भौगोलिक र हावापानीको विविधता भएकाले नेपालमा स्थान अनुसारका कृषिजन्य मुख्य बाली जस्तै धान, मकै, गहुँ, कोदो लगायतका बालीसँगै अदुवा, अलैंची, उखु, चिया, कफी, तोरी, रूद्राक्ष, बोधिचित्त आदि जस्ता नगदे बाली उत्पादन हुने गरेका छन् । यस्ता उत्पादनले आन्तरिक मागलाई सम्बोधन गर्दै निर्यातमा समेत सहयोग पुर्‍याएका छन् । यस्ता वस्तुको व्यावसायीकरणका लागि वस्तुको उत्पादन, गुणस्तर निर्धारण, बजारीकरणसम्म अग्र र पृष्ठ सम्बन्ध कायम गर्न र उत्पादनमा अनुदान, उत्पादित वस्तुको

> तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता भएका वस्तु तथा सेवाको थप अध्ययन गरी त्यस्ता वस्तुको उत्पादन र बजारीकरणमा जोड दिनुपर्छ । स्वदेशी तथा विदेशी लगानी अभिवृद्धि गर्न लगानीमैत्री वातावरण सिर्जना गर्दै डुइङ बिजनेस कस्ट घटाउन नीतिगत, संस्थागत र प्रक्रियागत सुधार आवश्यक छ ।

गुणस्तर निर्धारणका लागि ग्रेडिङ, ब्रान्डिङ, टेस्टिङ, प्याकेजिङ, लेबलिङ जस्ता विषयमा सरकारले सहयोग गर्नुपर्ने देखिन्छ । यस्ता उत्पादनलाई प्रशोधन गरी स्थानीयस्तरमा लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धनमार्फत रोजगारी सिर्जना र गरिबी न्यूनीकरणमा सहयोग पुग्दै स्थानीय र राष्ट्रिय अर्थतन्त्रमा समेत टेवा पुग्ने देखिन्छ । उदाहरणका लागि विभिन्न किसिमका फलफूल प्रशोधन गरी जुस, टमाटरबाट सस, आलुबाट आलु चिप्स आदि लगायतको उत्पादनमार्फत स्वदेशी माग धान्ने आन्तरिक उत्पादन र व्यापार हुन सक्छ ।

अर्को सम्भावना भएको क्षेत्र जडिबुटी र औषधीजन्य पदार्थको हो । नेपालमा कुल भूक्षेत्रको ४३ प्रतिशतभन्दा बढी वन छ । भौगोलिक अवस्थाले पनि उच्च हिमाली र पहाडी क्षेत्रमा पाइने जडिबुटी र औषधीजन्य वनस्पती हाम्रो सम्भावनाको क्षेत्र हो । वनजन्य उद्योगमा जडिबुटीसँगै फर्निचर पनि सम्भावनाको क्षेत्र हो । त्यसैगरी खनिज र खानीजन्य पदार्थ नेपालको अर्को सम्भावनाको क्षेत्र हो । जस्तै सिमेन्टमा हामी आत्मनिर्भर बन्दै गएका छौं । आफ्नै गुणस्तरीय चुनढुङ्गाबाट उत्पादित क्लिङ्करमा आधारित गुणस्तरीय सिमेन्ट उत्पादन हुन थालेको छ । त्यसैगरी पेट्रोलियम, युरेनियम लगायत किमती र अर्धकिमती पत्थर पनि नेपालमा उपलब्ध छ भन्ने अध्ययन, अनुसन्धानले देखाएको छ । यस्ता कम तौल र बढी मूल्य भएका खनिजजन्य पदार्थबारे थप अध्ययन, अनुसन्धान गरी प्रशोधनमा जोड दिनुपर्ने देखिन्छ । आन्तरिक उत्पादनको सम्भावना देखिएका वस्तुको कच्चा पदार्थ उपलब्धता, प्रविधिको प्रयोग, वित्तीय तथा गैरवित्तीय सहुलियत उपलब्ध गराई लगानीलाई प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

अर्को सम्भावनाको क्षेत्र ऊर्जा हो, जसको खपतसँगै निर्यातको पर्याप्त सम्भावना छ । त्यसैगरी होटल तथा पर्यटन क्षेत्र र सूचना प्रविधिमा आधारित उद्योग अर्को ठूलो सम्भावनाको क्षेत्र हो । नेपालमा फुटवेयर पनि सस्तो र बलियो उत्पादन हुन थालेको छ भने नेपालको फुटवेयर निर्यातसमेत हुने गरेको छ ।

स्थानीय कच्चा पदार्थ, सीप, प्रविधि, पुँजी प्रयोग गर्दै नेपालमा रोजगारी सिर्जना गर्ने साना उद्योगबाट उत्पादित उत्पादनमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । सम्भावना भएका क्षेत्रहरूमा आन्तरिक उत्पादन बढाउन व्यापारलाई आन्तरिक उत्पादनसँग जोड्नु पर्दछ जसका लागि आन्तरिक र बाह्य लगानीमा जोड दिनु पर्दछ । हामीलाई आवश्यक नपर्ने कतिपय वस्तुसमेत आयात भइरहेका सन्दर्भमा आयातित वस्तुको पुनरावलोकन गर्नुपर्ने देखिन्छ । आयात गर्नुपर्ने अति आवश्यक, आवश्यक र विलासिताका वस्तु वर्गीकरण गर्दै अनावश्यक वस्तु र नेपालमा उत्पादन र प्रबल सम्भावना भएका वस्तुको आन्तरिक उत्पादन बढाउँदै आयात क्रमशः कम गर्दै जानुपर्ने देखिन्छ ।

## व्यापारमा लगानीमैत्री नीति

व्यापार र लगानी एक अर्कामा परिपूरक हुन् । लगानी र उत्पादनविना व्यापार सम्भव नहुने र व्यापार र बजारको सम्भावनाविना उत्पादनको अर्थ नहुने हुँदा व्यापार र लगानीलाई एकसाथ लैजानुपर्ने देखिन्छ । उद्योग र व्यापार क्षेत्रमा निजी क्षेत्रको दख्खल रहने र लगानी नाफामा आधारित हुने भएकोले व्यापार, व्यवसाय र लगानी गर्ने

> **स्वदेशी वस्तुको उत्पादनमा प्रवर्द्धन गर्न उत्पादकलाई मौद्रिक, वित्तीय, तथा गैरवित्तीय सहुलियत प्रदान गर्नुका साथै यस्ता वस्तुका कच्चापदार्थ, आयातको भन्सार महसुल लगायत उत्पादित वस्तुको करमा पनि सहुलियतपूर्ण व्यवस्था गरिनुपर्दछ । उद्योग ग्राम, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्रको सञ्चालन र आपसी लिंकेजको व्यवस्था गरी अगाडि बढाउनुपर्दछ ।**

लागत घटाउनेतर्फ जोड दिनुपर्ने हुन्छ । लगानीकर्तालाई विनाझन्झट सहज किसिमले व्यवसाय दर्ता, सञ्चालन र बहिर्गमनको व्यवस्था मिलाउनु पर्दछ । निजी क्षेत्रका समस्या र गुनासा सुनी सम्बोधनका लागि सरकार र निजी क्षेत्रको नियमित संवादको स्थायी संरचनालाई सक्रिय बनाउनु पर्दछ ।

समय अनुकूल आर्थिक नीतिहरूमा आवश्यक परिमार्जन गर्ने तथा छिमेकी मुलुक र अन्तर्राष्ट्रियस्तरमा लगानी र व्यापार अभिवृद्धिका लागि भएका प्रयासको अध्ययन, अनुसन्धान गरी नेपालमा पनि यस्ता सहजीकरण र सहुलियतका लागि आवश्यक नीतिगत संरचनागत एवं प्रक्रियागत सुधार गरी लगानीमैत्री वातावरण सिर्जना गर्दै व्यावसायिक लागत घटाउन जोड दिनु पर्दछ ।

## आन्तरिक व्यापारको बजार

थोरै मात्रामा उत्पादन, पुरानो प्रविधिको प्रयोग, कमसल गुणस्तर आदिका कारण अधिकांश स्वदेशी उत्पादनको उत्पादन लागत बढी हुने हुँदा स्वदेशी उत्पादनले आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न नसक्दा तुलनात्मकरूपमा स्वदेशी वस्तुको मूल्य बढी भएकाले बजार नपाएको अवस्था छ । आधुनिक र उपयुक्त प्रविधिको प्रयोग गरेर व्यवस्थित तवरले ठूलो मात्रामा गुणस्तरीय सामान उत्पादनमा जानुपर्ने देखिन्छ । सस्तोमा गुणस्तरीय सामान उत्पादन गर्न सकिएमा आन्तरिक खपत र छिमेकी ठूला बजार चीन र भारतसम्म पुऱ्याउन पनि सकिन्छ । उत्पादन र व्यापारका लागि न्यूनतम आधारभूत पूर्वाधार जस्तो कि सुविधासम्पन्न औद्योगिक ग्राम, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, वस्तु विशेष औद्योगिक क्षेत्र स्थापना र सञ्चालनमा जोड दिनुपर्ने देखिन्छ । यस्ता क्षेत्रबिचको आपसी सम्बन्ध कायम गरी उपकरारको माध्यमबाट बजार विस्तारीकरण र मूल्यशृङ्खला कायम गरिनु पर्दछ । त्यसैगरी आन्तरिक व्यापार विस्तारका लागि स्थानीय तहहरूबिच र प्रदेश तहहरूबिच व्यापार प्रवर्द्धनमा जोड दिनु पर्दछ । उद्योग व्यवसायको दर्ता, सञ्चालन, नवीकरण र बहिर्गमनको प्रक्रियालाई सरलीकृत गर्दै प्रत्यक्ष विदेशी लगानीलाई आकर्षित गर्नुपर्ने देखिन्छ । लगानी सम्बन्धी सेवा तथा सुविधा एकै स्थानबाट उपलब्ध गराउने गरी एकलविन्दु सेवा केन्द्रलाई पूर्णरूपमा विद्युतीय प्रणालीमा आबद्ध गरी सञ्चालन गर्नु पर्दछ । लगानी र व्यापारिक क्षेत्रमा सूचना प्रविधिको अधिकतम प्रयोग गरी लाभान्वित हुन जरूरी छ । त्यसैगरी विश्वव्यापीकरणमा प्रवेश गरेसँगै नेपाललाई अति कम विकसित राष्ट्रको हैसियतमा प्राप्त हुने अवसरलाई पूर्णरूपमा उपयोग गरी हाम्रा वस्तु तथा सेवालाई प्रतिस्पर्धी बनाउन पहल गर्नुपर्ने देखिन्छ ।

देशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदानमध्ये लघु, घरेलु तथा साना उद्योगको योगदान ९० प्रतिशतभन्दा बढी रहेको सन्दर्भमा यस्ता साना उद्योगलाई प्रवर्द्धनका लागि सहुलियतपूर्ण ऋण, प्रविधि सहयोग गरिनुका साथै छरिएर रहेको पुँजीलाई एकीकृत गरी लगानी गर्न राष्ट्रिय 'स्टार्टअप नीति' तर्जुमा गर्नुपर्ने देखिन्छ । स्थानीय तह, संघ, प्रदेशका सार्वजनिक क्षेत्रका कार्यालय स्वदेशी वस्तु उपयोगको धेरै ठूलो बजार हो । सार्वजनिक खरिद ऐन परिमार्जन गरी स्वदेशी वस्तु खरिद प्रक्रियालाई प्रवर्द्धन गरिदिनु पर्दछ । फर्निचर, हाते कागज, स्टेसनरी, स्कुल, कलेज, सेना प्रहरी, कर्मचारीले लगाउने पोसाक लगायतका नेपाली उत्पादनको प्रयोगलाई व्यवस्थित र नियमन गर्न सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोगसम्बन्धी निर्देशिका परिमार्जन गरी तत्काल कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल लगायत अन्य ठूला विमानस्थल र प्रदेशस्तरीय नेपाली उत्पादनका कोशेली घर स्थापना गरी प्रदेशस्तरीय सामानको बजारीकरणको प्रबन्ध गर्नु पर्दछ । राजमार्गका बस बिसौनीमा जिल्ला जिल्लामा उत्पादित स्थानीय उत्पादन किन्नसक्ने व्यवस्था गर्न सकिन्छ । त्यसैगरी विदेशीलाई पूर्णरूपमा नेपाली सामानको उपहार, विदेशीले किन्न सक्ने गरी महत्त्वपूर्ण पर्यटकीय क्षेत्रमा स्वदेशी उत्पादन अर्थात् मेड इन नेपाल नामक उत्पादनका ठूला बिक्री कक्ष, मेड इन नेपाल सेन्टर जस्ता पूर्वाधार निर्माण र सञ्चालन गर्नु पर्दछ ।

सङ्क्षेपमा भन्दा नेपालमा तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता भएका वस्तु तथा सेवाको थप अध्ययन गरी यस्ता वस्तुको उत्पादन र बजारीकरणमा जोड दिनुपर्ने देखिन्छ । स्वदेशी तथा विदेशी लगानी अभिवृद्धि गर्न लगानीमैत्री वातावरण सिर्जना गर्दै 'डुइङ बिजनेस कस्ट' घटाउन आवश्यक नीतिगत, संस्थागत र प्रक्रियागत सुधार एवं सरलीकरण गरी उत्पादन वृद्धिमा जोड दिनु पर्दछ । आयात व्यवस्थापनका लागि आयातित वस्तुको पुनरवलोकन गर्दै अनावश्यक वस्तुको सूची हटाउने, नेपालमै उत्पादन हुनसक्ने वस्तुको आन्तरिक उत्पादनमा जोड दिँदै यस्ता वस्तुको आयात क्रमशः कम गर्दै जानु पर्दछ । स्वदेशी वस्तुको उत्पादनमा प्रवर्द्धन गर्न उत्पादकलाई मौद्रिक, वित्तीय, तथा गैरवित्तीय सहुलियत प्रदान गर्नुका साथै यस्ता वस्तुका कच्चापदार्थ, आयातको भन्सार महसुल लगायत उत्पादित वस्तुको करमा पनि सहुलियतपूर्ण व्यवस्था गरिनु पर्दछ । उद्योग ग्राम, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्रको सञ्चालन र आपसी लिङ्केजको व्यवस्था गरी अगाडि बढाउनु पर्दछ । औद्योगिक, व्यापारिक पूर्वाधार निर्माण, लगानी र व्यापारका सबै अवरोध हटाउन राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रयास, द्विपक्षीय र बहुपक्षीय सम्झौता, आपसी छलफल एवं वार्तामा जोड दिनुपर्ने देखिन्छ ।

*- खतिवडा नेपाल सरकारका पूर्वसचिव हुन् ।*

# सरकारी वित्त नीति र मौद्रिक नीतिबीचको तादात्म्य

हिजो कर्जाको माग थिएन, बैंकहरूले लगानी गर्ने ठाउँ नभेटेर सस्तो ब्याजदरमा कर्जा दिए । कर्जाको माग बढ्न थाल्यो, बैंकहरूबीच पनि अस्वस्थ प्रतिस्पर्धा बढ्यो । सस्तो ब्याजमा कर्जा लिएर ऋणीले अनुत्पादक क्षेत्रमा लगानी गरे । यही कारण कर्जा लिने पनि र दिने पनि दुवैले वित्तीय प्रणालीलाई अप्ठ्यारो अवस्थामा पुऱ्याए ।



डा. युवराज खतिवडा

देशको समग्र तथा क्षेत्रगत आर्थिक स्थितिले सरकारी वित्त नीति र मौद्रिक नीतिको फरक फरक वा एकै ढंगको स्वरूप निर्धारण गरेको हुन्छ । जब देशमा आन्तरिक वा बाह्य कारणले आर्थिक गतिविधि कम हुन्छन्, अर्थात् आर्थिक मन्दीका संकेत देखापर्न थाल्छन्, स्वाभाविक रूपमा आयमा ह्रास र उपभोग मागमा कमी आई सरकारको राजस्वमा प्रतिकूल असर पर्न थाल्छ । आफ्नै राजस्वको स्रोतले खर्च तथा लगानीको आवश्यकता धान्नुपर्ने सरकारी कार्यक्रमका क्षेत्रमा खर्च कटौतीको चाप पर्न थाल्छ । खर्चको यस्तो आवश्यकता पूरा गर्न सरकारले बढी आन्तरिक ऋण लिन थाल्नुपर्छ ।

यसरी अधिक आन्तरिक ऋण लिन थालेपछि बैंकबाट निजी क्षेत्रलाई कर्जामार्फत जानुपर्ने रकम सरकारमा आउँछ । निजी क्षेत्रले कर्जा पाउन छाड्छ वा बढी ब्याज तिरेर मात्र कर्जा पाउँछ । बैंकबाट भने जति पैसा पाउन छाडेपछि निजी क्षेत्रले कर्जा संकुचन (क्रेडिट क्रन्च) को अवस्था महसुस गर्छ । त्यसो हुँदा व्यावसायिक मनोबल गिर्दै जान्छ । समग्रमा, सरकारले आफ्नो खर्च धान्न ऋणपत्र जारी गर्दै उच्च ब्याजमा बैंकबाट पैसा लिन थालेपछि निजी क्षेत्रले सस्तो ब्याजमा कर्जा पाउँदैन । केही समय अघिसम्म सस्तो ब्याजमा जति पनि कर्जा पाइरहेकामा भने जति रकम सस्तो ब्याजमा पाउन छाड्दा निजी क्षेत्र विचलित हुने स्थितिमा पुग्छ । अझ सस्तो ब्याजमा लिएको कर्जा लगानी भएका क्षेत्रमा शिथिलता आउँदा सम्पत्ति बेचबिखन गरेर कारोबार धान्ने वा कर्जा तिर्ने अवस्था पनि बनेन । अहिलेको अर्थतन्त्रको चित्र यही हो ।

विगत र अहिलेको विश्वव्यापी र नेपालकै पनि आर्थिक मन्दीको स्वरूपबीच फरक छ । सामान्यतया आर्थिक मन्दी भनेको उत्पादन र मूल्यका सबै परिसूचक तल जाने अवस्था हो । अहिले नेपालमा उत्पादनका प्रायः सबै परिसूचक तल गएका छन् । तर मूल्यका परिसूचक तल गएका छैनन् । पुँजीको मूल्य ब्याजदर, वस्तुको मूल्य उपभोक्ता मूल्यसूची, श्रमको मूल्य ज्याला र विदेशी विनिमयको मूल्य विनिमय दर हो । अहिले विनिमय दर धेरै खस्किँदै जानुपर्ने कारण भारतीय मुद्रासँगको विनिमय व्यवस्थाको उपज हो । ज्यालाका दर बढिरहेकै छन्, भलै वैदेशिक रोजगारीले दिएको अवसर हो यो । उपभोक्ता मूल्यवृद्धिदर ८ प्रतिशतभन्दा माथि छ । यो बढ्दो क्रममा छ । ब्याजदर सीमान्त रूपमा घट्दो क्रममा छ । तर धेरै घटिहाल्ने स्थितिमा छैन । कर्जाको माग पनि विगत जस्तो छैन, बाहिरबाट हेर्दा बैंकमा लगानीयोग्य रकमको ठूलै अभाव देखिँदैन । ब्याजदर पनि धेरै घट्दैन । बजारमा रोजगारीको अभाव देखिए जस्तो हुन्छ । तर ज्याला घट्दैन, ज्याला घट्नु पनि हुँदैन । यसले हामी आर्थिक शिथिलताको अलि अनौठो पासोमा परिरहेका छौं भन्ने देखाउँछ ।

## समस्या कसरी देखियो ?

हालको अर्थतन्त्रको चुनौती कोभिड संक्रमणको अवस्थाबाट पनि सृजना भएको हो । हाम्रो अर्थतन्त्र कोभिडअघि वा त्यसकालको बैंकिङ क्षेत्रको अधिक तरलता, सस्तो ब्याज, न्यून मूल्यवृद्धिदर, कम ज्याला, न्यून रोजगारी, कम माग तथा कम आयात र अति सहज रूपमा कर्जा प्राप्त गर्ने अवस्थाबाट अहिलेको अवस्थामा आएको

हो । त्यसले व्यवसायी तथा करदाताका अतिरिक्त कतिपय नागरिकको अपेक्षा पनि त्यस सुविधाकै निरन्तरता होस् भन्ने छ ।

अहिले पनि करमा छुट, राजस्वका अन्य स्रोत दण्ड, जरिवाना, शुल्क आदि छुट र सस्तो ब्याजमा कर्जाको अपेक्षा उद्योगी व्यवसायीमा छ । हिजो कर्जाको माग थिएन, बैंकहरूले लगानी गर्ने ठाउँ भेटेनन् । त्यसैले वित्तीय प्रणालीमा पर्याप्त तरलता रहेकाले उनीहरूले सस्तो ब्याजदरमा कर्जा दिन सकेका थिए । जब कर्जाको माग बढ्न थाल्यो, बैंकहरूबीच अस्वस्थ प्रतिस्पर्धा बढ्यो । उनीहरूमा बजारमा म सबैभन्दा ठूलो बैंक हुनुपर्छ भन्ने महत्त्वाकांक्षा पलायो । यसकारण बैंकहरू आक्रामक रूपमा मर्जरमा गए, निक्षेपमा अस्वाभाविक रूपमा धेरै ब्याज दिन थाले, उच्च ब्याजको दीर्घकालीन निक्षेपको हिस्सा बढाएर ठूलो मात्रामा कारोबार बढाउन थाले । यस क्रममा बैंकहरूले धेरै अस्वस्थ तथा अनुत्पादक लगानीसमेत अघि बढाए । सस्तो ब्याजदरमा अस्वस्थ लगानी अघि बढिरहँदा सबै खुसी रहे । तर यही कारण कर्जा लिने पनि र दिने पनि दुवैले वित्तीय प्रणालीलाई अप्ठ्यारो अवस्थामा पुऱ्याएका छन् ।

निक्षेप आइरहला, बढिरहला जस्ता अनुमान गरेका बैंकहरूले कर्जा प्रवाहको प्रतिबद्धता गरिरहे । जब निक्षेप कम कम हुने थाल्यो, त्यसपछि बैंकहरूले निक्षेपको ब्याजमा प्रतिस्पर्धा गर्न लागे, परिणामस्वरूप निक्षेपको ब्याजदर १३ प्रतिशतसम्म पुग्यो । यसले बैंकहरूको पुँजीको लागत बढ्यो । लागतभन्दा कम दरमा बैंकहरू ऋण दिन तयार हुने कुरा भएन । तर व्यवसायी हिजोको ब्याजमा कर्जा लिन खोजिरहेका छन् वा एकल अंकको कर्जाको ब्याजको अपेक्षा गरिरहेका छन् । जब कि निक्षेपको औसत ब्याज नै दुई अंकको नजिक छ । अहिले कर्जाको औसत ब्याजदर ११ देखि १२ प्रतिशतको बीचमा छ । विगत एक दशकको ब्याजदर हेर्दा पनि औसत त्यति नै हो । एक दशकमा दुई वर्ष मात्र कर्जाको औसत ब्याजदर एकल अंकमा थियो ।

अहिले लगानीकर्ताका लागि ब्याजदर आफैंमा ठूलो समस्या होइन । जस्तो, कुनै उद्योगमा उत्पादनका विभिन्न साधन उपयोग भएको हुन्छ । कच्चा पदार्थ, विद्युत्, श्रमिक ज्याला, घरजग्गा भाडा, ढुवानी खर्च जस्ता लागतसँगै कर्जाको ब्याज लागत पनि आउँछ । त्यसमध्ये बैंकको ब्याजको लागत १५ देखि २० प्रतिशत मात्र हो भने, ब्याजदर बढ्दा पनि लागत धेरै बढ्दैन । तर बैंकको कर्जा हायर

सरकारले समस्या देखेको छ भने तिनको समाधान गर्ने प्रक्रिया तत्कालै अघि बढाओस् । वित्त नीतिमा भएका समस्या सरकारले हेरोस् र मौद्रिक नीतिमा भएका समस्या राष्ट्र बैंकले । तत्कालका लागि केही खुकुलो कर्जा नीति बनाएर अर्थतन्त्र केही चलायमान भएपछि क्रमशः कसिलो बनाए हुन्छ ।

पर्चेज, सेयर, घरजग्गालगायतमा लगानी भएको छ, त्यहाँ कारोबारको कुल लागतमा ब्याज नै झन्डै शतप्रतिशत कारोबारको लागत हुन्छ । अहिले ब्याजका कारण यही वर्गमा बढी समस्या परेको हो । अहिले निर्माणसम्बन्धी क्षेत्र, उत्पादनमूलक उद्योग तथा व्यापारिक कारोबार ब्याजका कारणभन्दा पनि व्यवसाय मन्दीमा गएका कारण बढी आक्रान्त छन् ।

ढुवानी तथा यातायात लागत बढेको छ, सरकारले न्यूनतम ज्याला बढाएको छ, करका दर परिवर्तनबाट कतिपय व्यवसायमा करभार थपिएको छ, सामाजिक सुरक्षामा अनिवार्य जानुपर्ने कारणले खर्च बढेको छ, व्यावसायिक सुरक्षामा थप खर्च गर्नुपरेको छ । यी खर्चको थप भारका अतिरिक्त बैंकको ब्याज पनि माथि भएकाले व्यावसायिक भार बढेको हो । यसकारण व्यवसायी अहिले केही निराशामा तथा लगानी नगरी पर्ख र हेरको अवस्थामा छन् ।

यो अवस्था आउनुमा राजनीतिक अस्थिरता पनि एउटा कारक हो । अघिल्लो पटक बहुमतको सरकार पूरा कार्यकाल टिकेन । त्यसपछि आएको गठबन्धन सरकार कामचलाउ हो । त्यसले निर्वाचन गर्ला र त्यसपछि आउने सरकार स्थिर होला, त्यसले विकास निर्माण, आर्थिक सुधार र नीति निर्माणका काम अघि बढाउला, सरकारको स्थिरता कायम गर्ला, अर्थतन्त्रका विकृति हटाउला भन्ने अनुमान थियो । तर गत आर्थिक वर्षदेखि त्यो अनुमानले हावा खायो । अनि व्यवसायीले एक वर्षअघिदेखि आशा पालेर पर्खिएको कुरा अहिलेसम्म नपाएपछि आशा मारेर बसेका छन् । उल्लिखित विषयको उपज हो, अहिलेको अर्थतन्त्रको स्थिति ।

अर्थतन्त्रमा केही हदसम्म अन्तरािष्ट्रिय प्रभाव पनि परेको छ । अन्तर्राष्ट्रिय जगत्मै आर्थिक मन्दीका संकेत देखिएका छन् । छिमेकी मुलुकमा पनि अर्थतन्त्र कुनै न कुनै रूपले ओरालो लाग्दै गरेको स्थिति छ । नेपालमा सुरक्षाको कमजोर स्थिति र कतिपयले नेपालमा भविष्य छैन भनेर पुँजी विनिवेश नगरेर बसेका छन् । सम्भव हुनेले देशबाहिर लगानी गरेको र सम्भव नहुनेले अन्यन्त्र कतै लुकीछिपी लगानी गरेको स्थिति आजको यथार्थ हो ।

अर्थ मन्त्रालय र राष्ट्र बैंकबीच नीतिमा तालमेल नमिल्नुपर्ने म देख्दिनँ । शैली, व्यवहारमा तालमेल नभएको त यसअघि नै प्रकट भएकै हो । खासगरी राष्ट्र बैंक नीति र विधिमा चल्ने, आफ्नो कानुनी जिम्मेवारी पूरा गर्नुपर्ने संस्था हो । त्यो जिम्मेवारी उसले व्यावसायिक रूपमा पूरा गरिरहेकै छ । त्यो गरिरहँदा कतिपय अन्य कारणले उब्जिएका समस्या समाधान गर्न उसले चासो देखाएन होला, हिजो (कोभिडको समयमा) सरकारकै सल्लाहमा वा दबाबमा कतिपय सुविधा सहुलियत दिने काम गरेकामा त्यसको फिर्ती अलि हठात् गऱ्यो होला । खुकुलो मौद्रिक नीतिका कारण बजारमा अर्थतन्त्रमा विकृतिका फोका उत्पन्न भएको, घरजग्गा, सेयरलगायत क्षेत्रमा अस्वाभाविक मूल्यवृद्धि भएको, आयातमा धान्नै नसकिने वृद्धि भएको र अस्वाभाविक आर्थिक चलखेल एवं पुँजी पलायन भएको समयमै अलि कठोर कलम नचालेको होला । तर मूलभूत रूपमा उसको चासो मूल्य र भुक्तानी अवस्थामा हुनुपर्ने भएअनुरूप त्यही गर्न खोजेको पनि हो ।

कोभिडका असर कम हुन थालेपछि विगतका सहुलियत बिस्तारै कम गर्दै अर्थतन्त्रलाई लयमा फर्काउन सरकारले पहल गर्नुपर्ने हो । समष्टिगत आर्थिक व्यवस्थापनको पूर्ण जिम्मेवारी सरकारको हुने

भएकाले त्यो कामको नेतृत्व पनि सरकारले गर्नुपर्ने हो । यद्यपि सरकारको आर्थिक सल्लाहकार भएकाले राष्ट्र बैंकको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । यी निकायबीच जब व्यावहारिक रूपमा संवाद हुँदैन, सरकारकै मान्छेहरूले सम्पत्ति शुद्धीकरण, वित्तीय स्थायित्व, वित्तीय सुशासनलगायत कुरामा राष्ट्र बैंकले चालेको कदममा हस्तक्षेप गर्ने प्रक्रिया सुरू भयो, त्यो बिन्दुबाट अर्थ मन्त्रालय र राष्ट्र बैंकको सम्बन्धमा दरार आयो । विवाद गभर्नर निलम्बन हुने तहसम्म पुग्यो । गभर्नरले अर्थतन्त्रलाई हानिनोक्सानी पुऱ्याउने कदम चालेको भए अभियोग लगाएर छानबिन गराउन पनि नसकिने होइन । तर त्यो आधार थिएन । अदालतले दिएको अन्तरिम आदेशले पनि त्यो आधार नभएको पुष्टि हुन्छ ।

अहिलेका अर्थमन्त्री आएपछि यी निकायबीच सम्बन्ध अलि राम्रो भएको पाएको छु । तर पनि घरभित्रको कुरा छिमेकीलाई सुनाउन उहाँहरू किन यति धेरै तत्पर हुनुहुन्छ, थाहा भएन । मैले अर्थमन्त्रीलाई व्यक्तिगत रूपमा पनि सल्लाह दिएको छु– राष्ट्र बैंकका मान्छेलाई बोलाएर सम्झाउनुस्, बुझाउनुस्, गाली गर्नुस्, सार्वजनिक बहस गर्नुस् । तर दोष अरूलाई नपन्छाउनुस्, आफू मातहतका निकायलाई सार्वजनिक रूपमा गाली नगर्नुस् । हरेक महिना वित्तीय क्षेत्र व्यवस्थापन समितिको बैठक डाकेर छलफल मात्र गर्न सके धेरै समस्या समाधान गर्न सकिन्छ, बाहिर गाली गर्नुको साटो त्यहीँ भने भइगयो नि ।

गत केही वर्षमा आयात धेरै भयो, विदेशी विनिमय सञ्चितिमा चाप परेकाले रोक्नुपऱ्यो भनेर राष्ट्र बैंकले सल्लाह दिँदा वाणिज्य मन्त्रालय वा सरकारले सुनेन । त्यसपछि राष्ट्र बैंकले एलसीको मार्जिन १० बाट एक सय प्रतिशत पुऱ्याइदियो । अब दोष कसलाई दिने ? राष्ट्र बैंकलाई किन एकै पटक सय प्रतिशत मार्जिन पुऱ्याएको भन्न त सकिएला । तर आयातलाई अनियन्त्रित रूपमा छाड्ने काममा त सरकार र मातहतका निकाय पनि त जिम्मेवार थिए । सरकार र उसका अरु निकायले काम नगर्दा राष्ट्र बैंकले त्यता पस्नुपऱ्यो ।

आयकर ऐनको विवादले सम्पूर्ण वित्तीय प्रणाली अप्ठ्यारोमा छ । फरदर पब्लिक अफरिङ (एफपीओ) जारी गर्ने र मर्जर तथा एक्विजिसनमा जाने कम्पनीमा लगाइएको कर विवाद अदालतमा पुगेको छ । यी समस्या सरकारले सृजना गरेको हो । कतिपय खाद्यवस्तुमा अस्वाभाविक कर लगाइएको छ, न्यूनतम ज्याला बढाएको छ, समर्थन मूल्य बढाएको छ, कतिपय वस्तुमा भ्याट छुटका सुविधा हटाइदिँदा मूल्यमा अस्वाभाविक चाप परेको छ । मूल्यमा चाप पर्ने काम अर्थ मन्त्रालयका नीति र अस्वाभाविक करका दरहरूबाट पनि भएको छ, राष्ट्र बैंकले त्यसलाई कठोर मौद्रिक नीतिका माध्यमले रोक्नुपरेको छ । अनि मूल्यवृद्धि ८ प्रतिशत नाघ्यो वा राष्ट्र बैंकले मूल्य नियन्त्रण गर्न सकेन भनेर मात्र के गाली गर्नु ?

अहिले मूल्यवृद्धि निरन्तर उकालो लागिरहनुको कारण दुई वर्षअघि राष्ट्र बैंकको खुकुलो कर्जा नीतिले आक्रामक रूपमा भएको कर्जा विस्तारको (स्पिल ओभर इफेक्ट) नतिजा पनि हो । सामान्यतया एक पटकको उच्च मुद्रा प्रदायले अहिलेसम्म (दुई वर्षसम्म) मूल्यमा असर गरिरहन्छ । तर अहिले मूल्यवृद्धिमा धेरै चाप सरकारका नीतिले भएको छ । अहिले राष्ट्र बैंकले मूल्यवृद्धि माथि छ, भुक्तानी सन्तुलन चापमै छ, यसकारण कसिलो मौद्रिक नीति ल्याउनुपरेको छ भन्छ । यस्तो अवस्थामा सरकारसँग समन्वय गरेर आपूर्ति पक्षबाट भएका मूल्यवृद्धि नियन्त्रण गर्ने र माग पक्षबाट हुने मुल्यवृद्धि रोक्न राष्ट्र बैंकले यो काम गर्छौं भनेर समन्वय गर्नुपर्ने हो । तर राष्ट्र बैंक एक्लैले कसिलो नीति बनाउँदा अर्थ मन्त्रालयले गाली गर्ने नै भयो । त्यहाँ सामूहिक जिम्मेवारीको कुरै आएन । राष्ट्र बैंकले अर्थ मन्त्रालयलाई मौद्रिक नीतिका कारण अर्थतन्त्र बिग्रिन दिँदैन । तर आर्थिक तथा वित्त नीतिबाट त्यो सपार्ने काम तपाईंको हो भनेर भन्न सक्नुपर्छ । त्यो काम अर्थ मन्त्रालयले मान्नु पनि पर्छ ।

अहिले बाह्य क्षेत्र सुधार भएको राष्ट्र बैंकले बताउँदै आएको छ । साँच्चै बाह्य क्षेत्र सुधार भएको हो भने यति धेरै कसिलो मौद्रिक तथा कर्जा नीति किन ? कि राष्ट्र बैंकले भन्न सक्नुपऱ्यो, बाह्य क्षेत्रको जोखिम अझै कायमै छ, निर्यात घटिरहेको छ, रेमिट्यान्स र पर्यटनको पैसाले बाह्य क्षेत्र अलिअलि थेगेको मात्र हो, विदेश अध्ययनमा र भ्रमण जानेले धेरै विदेशी मुद्रा लगिरहेका छन्, आयात पुरानै अवस्थामा फर्किंदा अहिले भएको विदेशी विनिमय सञ्चिति पनि सकिन्छ । बाह्य क्षेत्र अझै सुदृढ छैन, त्यसकारण हामीले कसिलो नीति लिएका हौं भनेर राष्ट्र बैंकले भन्न सक्नुपर्थ्यो । तर राष्ट्र बैंकले त्यसो भनिरहेको छैन । साँच्चै बाह्य क्षेत्र सुदृढ हो र मूल्यवृद्धि राष्ट्र बैंकको नियन्त्रणभन्दा बाहिर आपूर्ति पक्षबाट भइरहेको छ भने केका लागि कसिलो मौद्रिक नीति ? त्यो विषय अर्थ मन्त्रालयले छलफलमा ल्याउनुपर्छ । समग्रमा बाह्य क्षेत्र ठीक छ भनिए पनि त्यसका अंग तन्दुरुस्त छैनन् । यस विषयमा अर्थ मन्त्रालय र राष्ट्र बैंकले गम्भीरतापूर्वक सोच्नुपर्छ ।

जब सरकारले खर्च गर्न सक्दैन, ढुकुटीमा पैसा थुप्रिन्छ, सरकारले तरलता धेरै प्रवाह गर्न सक्दैन भने त्यो बेला मौद्रिक नीति खुकुलो हुनुपर्छ । वित्त नीति र मौद्रिक नीतिको प्रभावकारी समन्वय भनेकै एउटा कसिलो हुँदा अर्को खुकुलो हुने हो । मौद्रिक नीति कसिलो भयो भनेर अर्थ मन्त्रालयले गाली गर्नुको साटो वित्त नीति खुकुलो बनाए भइहाल्यो नि ? यसका लागि सरकारले लिन पाउने सीमाभित्रको ओभर ड्राफ्ट लिएर तिर्नुपर्ने दायित्व भुक्तानी गर्दा पनि त हुन्छ ।

राजनीतिक स्थायित्व भएन, गठबन्धनको सरकार बन्यो, अनुदार अर्थनीति अपनाउने पार्टीको प्रधानमन्त्री र उदार बजार उन्मुख अर्थनीति अपनाउने पार्टीको मान्छे अर्थमन्त्री बने । आर्थिक सुधारका लागि ठूलै धक्का चाहिन्छ भन्दै प्रधानमन्त्रीले क्रमभंगताको कुरा गर्ने तर अर्थमन्त्री पहिलो चरणको बजारमुखी सुधार सम्पन्न भयो, अब दोस्रो चरणको आवश्यकता छ भनेर निरन्तरताकै कुरा गर्ने अनि व्यवसायी मात्र होइन, बौद्धिक क्षेत्रले समेत के बुझ्ने ? सरकारभित्रै रहेर एकथरी क्रमभंगता र अर्कोथरी निरन्तरताको कुरा गर्नेबाट अर्थतन्त्रमा तत्काल सुधारको सम्भावना छैन भनेर व्यवसायीले निराशा पालेका छन् ।

आर्थिक क्षेत्रसँग सम्बन्धित एक दर्जन विधेयक तीन वर्षदेखि विचाराधीन हुनुले पनि यो पुष्टि हुन्छ । सरकार र यसका आन्तरिक अंगहरूको झगडा छताछुल्ल देखिन्छ । प्रधानमन्त्रीको निर्णय मातहतका मन्त्रालयले मानेका छैनन् । यसो हुँदा सरकारका निर्देशन पालना हुँदैन भन्ने आशंका विकास भएको छ । यसले व्यावसायिक वातावरण बिगारेको छ । व्यवसायीले आफ्ना समस्या गम्भीरतापूर्वक सुनाउने ठाउँ पाएका छैनन् । खास खास व्यवसायीलाई मात्र लक्ष्य गरेर करका नीति आउँदा, बिमा, पुँजीबजारलगायत क्षेत्रका लाइसेन्स व्यक्तिगत स्वार्थका हिसाबले स्वीकृत हुँदै आउँदा र ठेक्कापट्टामा समेत सीमित व्यक्तिको हालिमुहाली हुँदा निजी क्षेत्रमा राजनीतिक 'लबिइङ' नहुने हो भने हामी सुरक्षित हुनेछैनौं र भविष्य पनि छैन

भन्ने व्यावसायिक मनोविज्ञान विकास हुँदै छ ।

## समाधान के ?

समस्या देखेपछि समाधानमा सरकारको तत्परता पनि हुनुपर्नेमा त्यो देखिएन । प्रधानमन्त्रीले मुलुकमा आर्थिक संकट छ भनेर बोलेको दुई महिना भइसक्यो, खोई त संकट समाधानका लागि छलफल गरेको ? संकट निवारणका कार्यक्रम कहिले ल्याउने हो ? निर्णयकर्ता र कार्यान्वयन गर्ने पदमा भएका मन्त्रीले पनि कामभन्दा भाषण धेरै गरेको देखिन्छ । सारा ध्यान गठबन्धन जोगाउने, आन्तरिक सन्तुलन मिलाउने र सरकार टिकाउने खेलमा केन्द्रित हुँदा सरकारको पहल अर्थतन्त्रका समस्या समाधानमा जान सकेन । जनतामा पनि सरकारले हाम्रा मुद्दा सुन्दैन भन्ने धारणा बनेको छ । यो धारणा परिवर्तन गर्न सरकारले ठोस पहलकदमी चाल्नुपर्छ ।

बाह्य क्षेत्रमा देखिएको अस्थिरताका कारण अर्थतन्त्रको बाह्य स्रोत, श्रम, लगानी, सहायता सबै खुम्चिँदै जाने हुन् कि भनेर व्यवसायीले बाह्य वातावरणलाई पनि सहज रूपमा लिन सकेका छैनन् । त्यसकारण उनीहरू पर्ख र हेरको अवस्थामा छन् । समस्या समाधानका लागि निजी क्षेत्रले छुट्टै आयोग गठन गर्ने भनेको छ । तर कति आयोग मात्र बनाइरहने ? त्यसै पनि हामीसँग धेरै आयोग छन् । तिनलाई नै काम दिए हुन्छ । हिजो चोरी तस्करी नियन्त्रणका लागि आयोगको कुरा उठ्दा सरकारी संयन्त्रले काम गर्छ भनिएको थियो । अहिले अर्को किन नयाँ संयन्त्र चाहियो ? कि त आर्थिक व्यवस्थापनमा सरकारी संयन्त्र काम नलाग्ने बन्यो भन्न सक्नुपर्‍यो, त्यसको जवाफ सरकारले दिनुपर्‍यो । समस्या समाधानको विकल्प खोज्न बरू सरकारले सर्वपक्षीय सर्वदलीय बैठक गरेर निचोड निकाल्न सक्छ ।

सरकारले समस्या देखेको छ भने तिनको समाधान प्रक्रिया तत्कालै अघि बढाओस् । मौद्रिक नीतिमा भएका समस्या राष्ट्र बैंकले र वित्त नीतिमा भएका समस्या सरकारले हेरोस् । महालेखापरीक्षकले केही राय दिएकै आधारमा सरकारले लेखासमितिमा छलफल नै नगरी विवादित तबरले करका दरहरू नल्याइदिएको भए पनि हुन्थ्यो । धितोपत्र क्षेत्रमा धेरै विकृति भएको सुन्नमा आएको छ । ती समाधान गर्न बोर्ड र सरकारका अन्य संयन्त्रले किन काम नगरेको ? सरकारले घरजग्गा व्यवसाय चलायमान बनाउन कित्ताकाट खुल्यो भनेको छ, मैले त्यो बाटो उल्टो भयो भन्दै आएको छु । वर्गीकरण नगरी जग्गाको कित्ताकाट खोल्दा घरजग्गाको व्यवस्थापन ध्वस्त हुँदै छ । यस्ता धेरै समस्या समाधानका लागि सरकारले तत्कालै पहल गर्नुपर्छ ।

राष्ट्र बैंकले तत्कालका लागि केही खुकुलो कर्जा नीति बनाएर अर्थतन्त्र केही चलायमान भएपछि क्रमशः कसिलो बनाए हुन्छ । कर्जाको वर्गीकरण, पुनर्कर्जा, आधार दर, प्रिमियम दर, पुनर्तालिकीकरणलगायतमा राष्ट्र बैंकले खुकुलो नीति बनाउन सक्छ । अर्थ मन्त्रालयले पनि आफ्ना उपकरण प्रयोग गर्ने, सहायताका रकम शोधभर्ना लिनु छ भने लिइहाल्ने, तुरुन्तै भुक्तानी हुने बजेटरी सपोर्टका कार्यक्रम सञ्चालन गरेर पैसा परिचालन गर्ने, नेपाली बैंकहरूलाई ससाना ऋण दिन विदेशी संघसंस्था तयार छन्, यस प्रक्रियामा केही करका दर बाधक देखिएका छन् । एक वर्षका लागि ती करका दरमा छुट दिएर भए पनि धेरै पुँजी भित्र्याउन बैंकहरूलाई प्रोत्साहन गर्न सकिन्छ । प्रक्रियामा रहेका प्रत्यक्ष वैदेशिक लगानीका फाइल छिटो स्वीकृत गरेर लगानी ल्याउन सकिन्छ । यसरी सरकारले आफ्नो स्रोत परिचालन गरेर केही भुक्तानी दिने बाँकी ओभरड्राफ्ट लिएर पनि खर्च व्यवस्थापन गर्न सकिन्छ ।

निजी क्षेत्रले यति धेरै निराशा केका लागि देखाएको छ ? सरकारी प्रशासनले काम नगरेका कारण पो हो कि ? हिजोको लगानी गलत ठाउँमा परेछ भन्ने कारणले हो वा सरकारका नीति अपेक्षाअनुसार अघि नबढेका कारण ? व्यावसायिक तथा भौतिक असुरक्षा अनुभूति गरेर हो कि ? यसबारे ठोस रूपमा भन्नुपर्छ । कानुन बाधक हो भने कुन चाहिँ कानुनको कुन दफाले रोक्यो, त्यो स्पष्ट भनिदिनुपर्‍यो । हुन्डीमुन्डी कुरा गरेको भरमा सरकारले निजी क्षेत्रको माग सुन्ने अवस्था हुँदैन । व्यावसायिक वातावरण बनेन भनिरहेका बेला पनि धेरै व्यवसायी शून्यबाट अर्बपति बनेका छन् । उनीहरूलाई यही वातावरण फापेकै छ त ? अब उनीहरूले नै वातावरण बनेन भन्दै पनि आएका छन् । हाम्रा व्यावसायिक संगठनमा पनि विविध खालका समस्या छन्, राजनीतिका कारण प्रताडित हुने र राजनीतिक लाभ लिएर उँभो लाग्ने व्यवसायी एकै ठाउँमा रहँदा हुने समस्या हो यो । निजी क्षेत्रले पनि अब स्पष्ट भएर नेतृत्व र निर्वाचनको सीमामा नबाँधिई सरकारसँग तर्कसंगत तथा युक्तिसंगत रूपमा सहकार्य गर्ने गरी अघि बढ्नु जरूरी छ ।

*- खतिवडा पूर्वअर्थमन्त्री हुन् ।*




# समस्या छ भन्दैमा निराश नबनौं

उपभोक्ता, विक्रेता र व्यवसायी सबैको मनोबल खस्किनुका कारण धेरै छन्, जसमा सरकारले एन्टिबायोटिक खुवाउनुपर्ने ठाउमा सिटामोल खुवाएर बसेको अवस्था हाम्रो छ । यो सिटामोलले खाउन्जेल दुखाइ कम गर्‍यो । तर यो खान छाड्नासाथ दुखाइ जहााको त्यहीा छ । हाम्रो अवस्था ठ्याक्कै यही भएको छ ।



रञ्जित आचार्य

यसपालि दसैंमा कपडा तथा तयारी पोसाकका पसलले आर्थिक मन्दी छ भनेर नयाँ कपडा मगाएनन् । मुलुकभरकै कुरा गर्ने हो भने पनि नयाँ लुगा मगाउने काम धेरै कम भएको छ । उपभोक्ताले पसलमा सबै पुराना कपडा छन्, अघिल्ला वर्ष आएका र सोही डिजाइनका मात्र छन् भनेर पसलमा किन्न गएनन् । यसको अर्थ के हो भने, कहिलेकाहीँ आर्थिक मन्दी यसरी उच्च चरणमा पुग्छ । कतिपय समयमा हामीले आर्थिक मन्दी भयो, मेरो व्यापार खस्कियो, उसको व्यापार घाटामा गयो भन्दाभन्दै उपभोक्ताको मनोबल कमजोर हुन्छ, जसका कारण उपभोक्ताले पनि यो समय सञ्चिति गर्ने बेला हो भनेर खर्च कम गर्न थाल्छन् ।

जब उपभोक्ताले खर्च कटौती गर्न सुरु गर्छन्, बजारमा त्यसको प्रभाव पार्छ । यसरी बजार संकुचित हुँदै जाँदा आर्थिक मन्दी आयो भन्ने हामीलाई लाग्छ । यद्यपि आर्थिक मन्दी आउन कृत्रिम कारणहरूको भूमिका सबैभन्दा धेरै हुन्छ । यसमा उपभोक्ता, विक्रेता, व्यवसायी सबैको मनोबल नै ठूलो विषय हो । जब मानिसको मनोबल कमजोर हुन्छ, तब उसले गर्ने सबै क्रियाकलाप कमजोर हुन्छन् ।

अब यसरी उपभोक्ता, विक्रेता र व्यवसायी सबैको मनोबल खस्किनुका कारण धेरै छन्, जसमा सरकारले एन्टिबायोटिक खुवाउनुपर्ने ठाउँमा सिटामोल खुवाएर बसेको अवस्था हाम्रो छ । यो सिटामोलले खाउन्जेल दुखाइ कम गर्‍यो । तर यो खान छाड्नासाथ दुखाइ जहाँको त्यहीँ छ । हाम्रो अवस्था ठ्याक्कै यही भएको छ ।

एकातर्फ सरकारले यस्तो परिकल्पना गर्न थाल्यो भने अर्कोतर्फ उद्योगी व्यवसायी रोग निवारण गर्न सरकारबाट एन्टिबायोटिक खोजिरहेका थिए । रोग निवारण भएपछि शरीरमा फुर्ती आउँछ भन्ने व्यवसायीको धारणा देखिन्छ । अहिलेसम्म हाम्रो यो अवस्था सुधार गर्न सरकारका तर्फबाट के-कति कदम चालिए ? कसरी चालिए ? भन्ने कुरा हेर्दा सिटामोलकै रूपमा चालिएको कदम देखिन्छ, जसले गर्दा रोग त रोग भएर बसी नै रहेको छ । सिटामोल खाएर यसले दिने दुखाइ कम भएको होला । तर रोग जस्ताको त्यस्तै छ । अब कहिलेसम्म सिटामोल खाने भन्ने कुरा मात्रै हो । यसरी सिटामोल खाँदै जाँदा रोग क्यान्सर भयो भने यसले मार्छ ।

## समस्या

यसो भन्दै गर्दा कहाँनिर हामी चुक्यौं ? हामीले अर्कै नजरले हेर्नुपर्ने थियो कि भन्ने विषय रहन्छ । विदेशी मुद्राको सञ्चिति घट्दै जाँदा खर्च रोकौं र यसले सबै ठीक गर्छ भनेर हामीले सोच्यौं । यो सोच्नु भनेको घडी बन्द गरेर समय बचाउँछु भने जस्तै हो । अर्थतन्त्रमा तपाईंले जब खर्च घटाउने, खर्च रोक्ने नीति लिनुहुन्छ, तब त्यसले अर्थतन्त्र चलयमान बनाउनुको साटो झन् संकुचित बनाइदिन्छ । जब हामीले विदेशी मुद्रा बाहिर जान नदिन आयातमा रोक लगायौं, त्यसले बजार उपभोक्ताको मनोबल गिराउने काम गर्‍यो । यसबाट बजारमा आउनुपर्ने रकम प्रभावित हुन सकेन । यसो हुँदा हाम्रो मनोबल झन्झन् खच्किँदै गयो र बजार चलयमान नभएर एक समयमा हामी अत्यन्तै कमजोर अवस्थामा पुर्‍यायो ।

धेरै कारणमध्ये हामीकहाँ जति पूर्वाधार

निर्माणका लागि सिमेन्ट, रड जस्ता सामग्री उत्पादन गर्ने उद्योग छन्, त्यसमा प्रत्यक्ष असर पुग्यो । अर्थात्, नेपाल राष्ट्र बैंकले बैंकलाई होम लोन (घर कर्जा) बन्द गर भन्यो । घर कर्जा बन्द हुनासाथ घर बन्ने काम बन्द भयो । घर बनाउने कार्य बन्द हुनासाथ सिमेन्ट, रडलगायत सबैको व्यापार बन्द भयो । राष्ट्र बैंकको त्यो नीतिले तत्कालीन अवस्थामा बैंकमा पैसा छैन भन्ने समस्या समाधान भए पनि त्यसले दीर्घकालीन असर के पा¥यो भन्ने अध्ययन कहीँबाट भएको पाइएन, जसका कारण घर बनाउने डकर्मी, सिकर्मी सबैले काम पाउन छाडे । त्यसको असरस्वरूप करिब तीन/चार महिनामै चाउचाउको बिक्री पनि कम हुन थाल्यो । मध्यम र न्यून वर्गका उपभोक्ता मारमा परेका कारण यस्तो अवस्था सिर्जना भयो ।

देशको अन्योलको अवस्थालाई देखेर यहाँ कमाउन सक्ने, रोजगारमा लाग्न सक्ने र एकदमै उर्वर उपभोक्ता र यस समूहका व्यक्ति ठूलो संख्यामा बाहिर जान थाले । यहाँ भविष्य छैन, कठिन छ र भविष्य अन्योल छ भन्ने देखेर उनीहरू बिदेसिनतर्फ लागे । त्यसले हाम्रो रकम मात्र बिदेसिएन जनशक्तिसमेत पलायन भयो । र, ती युवा नेपाल हुँदा गर्ने खर्चमा पनि ह्रास आयो । यसरी नेपालमा रहेका उपभोक्ताको संख्या नै क्रमिक रूपमा घट्दै गयो । त्यसमा पनि उपभोक्ताको लैंगिक वर्गीकरण गर्ने हो भने विशेषगरी पुरुष उपभोक्ताको संख्या झनै घट्दै गयो । यसले आज बजारमा हेर्ने हो भने, मोटरसाइकलको बिक्री कम भइरहेको छ । स्कुटरको बिक्री केही मात्रामा बढेको छ । स्कुटर किन्ने पुरुषले पनि भोलि म विदेश गएँ भने परिवारमा रहेका अन्य महिला सदस्यले त्यसको प्रयोग गर्न सक्छन् भन्ने धारणा देखाएको पाइन्छ ।

यसरी बिदेसिने पुरुषको संख्या ठूलो हुँदै गएपछि नेपालमा उनीहरूले प्रयोग गर्ने सामानको बिक्री एकपछि अर्को गर्दै कम हुँदै गयो । यद्यपि महिलाले प्रयोग गर्ने यस्ता सामग्रीको बिक्रीवितरण अझै पनि तुलनात्मक रूपमा धेरै कमी आएको देखिँदैन । त्यस्तै अर्को उपभोक्ताका रूपमा रहेका हाम्रा पर्यटकको संख्या बीचमा ह्वात्तै घट्यो । अहिले संख्यात्मक रूपमा केही बढे पनि उनीहरूको बसाइ र खर्चको दर बढाउन सकिएको छैन । विदेशी पर्यटकको संख्या घट्दा बजारमा उपभोक्ता कम भएको र उपभोग्य वस्तुको प्रयोग घटेको देखिन्छ ।

जब पूर्वाधार क्षेत्रमा घर बन्न बन्द भयो, साना तथा ठूला परियोजना सञ्चालन हुन बन्द भए, जसका कारण भारतबाट नेपाल आउने कामदार फर्किएर उतै गए । आँकडाअनुसार काठमाडौंमा मात्रै सातदेखि आठ लाख भारतीय कामदार काम गर्न आउँथे, यहाँ बसेर काम गर्थे । काठमाडौंमा मात्रै यति थियो भने नेपालमा यसको संख्या निकै ठूलो थियो । यी सबै कामदारमध्ये ५० प्रतिशत नेपालमा अब काम छैन भनेर फर्किए । हाम्रा लागि यी भारतीय कामदार पनि उपभोक्ता हुन् । यिनीहरू यहाँ नबस्नेबित्तिकै हाम्रो उपभोक्तामा थप कमी आयो । यसरी नेपाली बाहिरिने, पर्यटक नआउने र नेपालमा काम गर्न आएका भारतीय पनि फर्किएपछि नेपालमा उपभोक्ताको कमी आएर बजारमा असर पुगेको हो । र, उत्पादित सामग्रीले बजार पाउनै मुस्किल भएको हो ।

> **मुलुकभित्रै रोजगारी सिर्जना गर्न, ठूला परियोजना लगानी ल्याउन कसरी सहजकर्ताको भूमिका निर्वाह गरेर तिनलाई अगाडि बढाउने भन्नेमा सरकारले काम गर्न जरुरी छ । विकास खर्चलाई यत्तिकै महत्त्वपूर्णतासाथ काम गर्न आवश्यक छ । बजेट मात्रै बनाएर हुँदैन, बजारमा त्यो रकम आउनुपर्छ । विकास खर्च गर्नप्रति सरकार लाग्नुपर्छ ।**

यसरी उपभोग गर्ने संख्या नै घटेको हाम्रो यो अवस्थालाई सरकारले बुझेर कार्यक्रम नल्याउने, नीति परिमार्जन नगर्ने र नयाँ योजना नल्याउने हो भने अर्थतन्त्र कसरी लयमा फर्कन्छ ? अहिले हाम्रो बजार संकुचित छ, बजार संकुचित भएपछि उपभोक्ता कम भएका छन्, यसैले गर्दा खाद्यान्नको उपभोग पनि कम आएको छ । बजार संकुचित नहुने हो भने अन्य सबै खर्च कटौती गरे पनि मानिसले खान त छाड्दैनन् । यसर्थ खाने मानिस नै कम भएपछि घरका आवश्यक वस्तु चामलदेखि टुथपेस्टसम्मका सबै सामग्रीको माग नै कम भयो । माग कम भएपछि बिक्री कम हुनु स्वाभाविक हो । यसलाई बुझेर सरकारले तत्कालै नीति ल्याउन आवश्यक छ ।

पछिल्लो समय रेमिट्यान्स बढिरहेको छ । जब बजारमा उपभोग गर्नेको संख्या नै घटिरहेका बेला रेमिट्यान्स मात्र आएर त्यो रकम कहाँ खर्च हुन्छ ? खर्च गर्ने वातावरण कस्तो छ ? आज खर्च गर्ने वातावरण छैन । खर्च गर्ने मानिस पनि छैनन् ।

यो अवस्थामा अब सरकारले आफ्नो बजेट खर्च बढाउने, धेरै प्रभावित क्षेत्रलाई चलायमान बनाउनेतर्फ लाग्नुपर्छ । जस्तै, नेपालबाट भारतमा सिमेन्ट निर्यात हुन थालेको छ । तर यो देखाउनका लागि मात्रै गइरहेको छ । किन परिमाणात्मक रूपमा धेरै जान सकेको छैन ? किनभने नेपालमा यसको लागत धेरै छ । सिमेन्ट उत्पादन गर्न विद्युत् आवश्यक पर्छ, हाम्रोमा विद्युत् शुल्क महँगोमा किन्नुपर्ने अवस्था छ । यद्यपि यही बिजुली भारतको सिमेन्ट उत्पादक कम्पनीले लगभग शून्य रकममा प्राप्त गर्छ ।

भारतमा कुनै कुनै उद्योगलाई भारतका स्टेटहरूले उद्योग स्थापना गरेबापत भनेर पाँच वर्षसम्म निःशुल्क बिजुली दिन्छन् । तर नेपालमा त्यस्तो सुविधा छैन । सरकारले नेपाली उद्योगलाई भारतमा जति सिमेन्ट जान्छ र खपत हुन्छ, त्यसका लागि बिजुली शुल्क यति हुन्छ भनेर सहुलियत देओस् । यसो गरेका खण्डमा हाम्रो अर्बौं रूपैयाँको सिमेन्ट भारत जान सक्छ । किनभने नेपालसँग सीमा जोडिएको क्षेत्रको बजारहिस्सा ठूलो छ । एकातिर नेपालको बजार संकुचित हुँदै जाँदा विकल्पको बजारका रूपमा भारतलाई हेर्न सक्नुपर्छ । नेपालीहरू मुलुकमा बसेनन् भन्दै गर्दा अर्को कुन ठाउँमा उपभोक्ता छन् र बजार छ भन्ने विचार गर्नुपर्छ । निर्यातका लागि कस्तो नीति बनाउने, निर्यातमा कसरी सहजीकरण गर्ने, उत्पादन बढाउन कस्ता नीति बनाउने– यावत् कुरामा सरकारले ध्यान पु¥याउनुपर्छ ।

सरकारले भारत, चीन जस्ता ठूला बजारमा नेपालबाट निर्यात गर्न सक्छ भने त्यसका लागि के पहल गर्ने भन्नेमा ध्यान दिनुपर्छ । सरकारले चार/पाँच वटा क्षेत्रमा मात्रै पहल गर्न सकेको खण्डमा नेपालमा उपभोक्ता कम भएर केही कठिनाइ हुँदैन । नेपालसँग सिमाना गाँसिएका उपभोक्ताको संख्या मात्रै हेर्ने हो भने पनि ४८ करोड छ । उत्तर प्रदेश, बिहार मात्रै हेरेर त्यहाँका उपभोक्तालक्षित सामग्री उत्पादन गरेर पठाउन सक्ने हो भने, हामीलाई बजारको खाँचो पर्दैन । अहिलेको अवस्थामा बाहिरबाट आयातित सामग्रीको उपभोग भइरहेको जुन अवस्था छ, यसलाई निरूत्साहित गर्न थुप्रै स्टार्टअप आएका छन् । नवउद्यमी जन्मिएका छन् । यिनले बाहिरका सामग्री विस्थापित गर्ने प्रयास गरिरहेका छन् । अहिले चकलेट विस्थापन गरी पुष्टकारी बेच्ने लहर चल्न थालेको छ । चकलेट बाहिरबाट आयात हुन्छ, पुष्टकारी नेपालमै बन्छ ।

यस किसिमका उद्यमीलाई प्रोत्साहित गर्न सरकारले के गरेको छ ? यस्ता उद्यमी प्रोत्साहित भएर हामीले नेपाली मिठाईका रूपमा बाँड्ने काम गर्‍यौं भने पनि चकलेट आयात त कम हुन्छ नि । यसले हाम्रो शोधनान्तर घाटालाई कहीँ न कहीँ त मिलाउँछ । यस्ता थुप्रै विषय छन्, जहाँ सरकारले नीति परिवर्तन गरेर, अलिकति लचिलो भएर काम गर्नुपर्ने देखिन्छ । १० वर्ष अघिदेखि सरकार अनुत्पादक क्षेत्रमा लगानी गर्न लचिलो भयो । भविष्यमा आउने जोखिमलाई दृष्टिगत नगरी राष्ट्र बैंकले बैंकहरूलाई जथाभावी रूपमा ऋण दिन लगाएर घरजग्गा र सेयर बजारमा लगानी विस्तार गर्न दियो, जसको असर अहिले बजारमा देखिएको छ ।

अहिले हरेक क्षेत्रमा परेको आर्थिक प्रभावलाई हेर्ने हो भने, एउटा सहकारी पनि हो । सहकारीका कारण आज ससाना उद्यमी मरिरहेका छन् । साना उद्यमीले जति कमाउँथे, त्यो रकम सहकारीमा जम्मा गर्थे । तर आज त्यो सहकारीलाई पैसा आवश्यक पर्‍यो देऊ भन्दा दिन सक्ने अवस्था छैन । सहकारी डुबिरहेका छन् । सहकारीले मागेका बेला सर्वसाधारणलाई दिन सकेको भए त्यो पैसा फेरि लगानी गर्थे र खर्च गर्थे । सुरूसुरूमा ब्याज पनि पाए । तर आज साँवा पनि डुबिरहेको छ । गएको दशकमा हामीले औंलामा गन्न मिल्ने राम्रो काम गर्दा नराम्रा काम भने अनगिन्ती गरिसकेका छन् । अब यसलाई रोक लगाएर उत्पादनमूलक उद्यमी र उद्योगलाई कसरी प्रोत्साहित गर्ने, कसरी राम्रो गर्ने र नीतिनियममा कसरी लचिलो बनाउने भन्नेमा ध्यान पुर्‍याउनुपर्छ ।

## संकटमोचन

आज जति बाह्य लगानीकर्ता नेपालमा आएका छन्, उनीहरू घाटामा छैनन् । विदेशी कम्पनीले ठूलो प्रतिफल लगिरहेका छन् । उदाहरणका लागि युनिलिभरले १ हजार ५ सय ८० प्रतिशत क्यास डिबिडेन्ट (लाभांश) यहीँ व्यापार गरेर बाँड्छ । यसरी हेर्दा नेपालमा व्यवसाय सफल नभएको होइन । तर नेपालमा वातावरण उपयुक्त नभएर मात्रै विदेशी लगानी आउन सकेको छैन । यहाँको राजनीतिक वातावरण, काम गर्ने वातावरण उचित छैन । उद्योगभित्र फस्टाएको ट्रेड युनियनको राजनीतिले गरेको असर धेरै छ, जसले विदेशी लगानीकर्ता नेपाल आउन प्रोत्साहन होइन, हतोत्साहित हुँदै आएका छन् । यसर्थ बाह्य लगानी भित्र्याउन, विदेशी लगानीकर्तालाई आकर्षित गर्न हामी लचिलो हुन आवश्यक छ ।

भारतमा प्रदेश-प्रदेशमा लगानी भित्र्याउने प्रतिस्पर्धा हुन्छ । उनीहरूले मेरोमा आएर उद्योग खोल, रोजगारी सिर्जना गर, तिमीहरूलाई यति वर्षसम्मका लागि कर लिन्नौं भन्छन् । यो गर्दा यस्तो सहुलियत दिन्छु भन्ने कुरामा त्यहाँ प्रतिस्पर्धा हुन्छ । पन्जाब, हरियाणा, गुजरातलगायत प्रदेशबीच यस्तो प्रतिस्पर्धा हुन्छ । हामीकहाँ प्रोत्साहन होइन, हतोत्साहित गर्ने नीतिनियम बनिरहेका छन् । पाँच करोडभन्दा थोरै विदेशी लगानी नलिने नीति संशोधन गर्नुपर्छ । लगानीको सीमा तोकिँदा स्टार्टअपहरूमा लगानी हुन सकेको छैन । पछिल्लो समय नेपाली स्टार्टअप मर्ने वातावरण बन्यो । हाम्रो नीति र अबुझपनले गर्दा हाल हामी यस्तो अवस्थामा पुगेका हौं ।

मुलुकभित्रै रोजगारी सिर्जना गर्न, ठूला परियोजना लगानी ल्याउन कसरी सहजकर्ताको भूमिका निर्वाह गरेर तिनलाई अगाडि बढाउने भन्नेमा सरकारले काम गर्न जरूरी छ । विकास खर्चलाई यत्तिकै महत्त्वपूर्णतासाथ काम गर्न आवश्यक छ । बजेट मात्रै बनाएर हुँदैन, बजारमा त्यो रकम आउनुपर्छ । विकास खर्च गर्नप्रति सरकार लाग्नुपर्छ । निजी क्षेत्रमा भएका व्यक्तिले जति बेला कठिन हुन्छ, त्यति बेला फड्को मार्ने गर्छन् । अहिले हामीलाई गाह्रो परिरहेको यो अवस्थामा सही निर्णय लिन र उचित नीति निर्माण गर्न सके फड्को मार्न सक्छौं । जापानमा आणविक बम विस्फोट भएपछि मात्रै उनीहरूले फड्को मार्न थालेका हुन् । त्यहाँ बम विस्फोट नभएको भए जापानले यसरी फड्को मार्न सक्दैनथ्यो ।

सुनामी आउँदा शिथिल भएको जापानको अर्थतन्त्र केही समयमै फेरि चलयमान भयो । यो कुरा हामीले पनि बुझ्न सक्नुपर्छ । डाक्टरसामु मेरो मेरूदण्ड एकदमै दुख्न थाल्यो, कठिन भयो भनेर हामीले भन्यौं भने डाक्टरले औषधि मात्रै दिँदैन, उसले औषधि खाएर हिँड्न, दौडन भन्छ । तपाईंले जति धेरै व्यायाम गर्नुहुन्छ, तपाईंको दुखाइ त्यति धेरै कम हुँदै जान्छ । अहिले देशको अर्थतन्त्र अर्थात् हाम्रो मेरूदण्ड नै दुखाइमा छ भने त्यसलाई चलाउने कि आराम गराउने ? आराम गरायो भने दुख्न निको नै हुँदैन । त्यसलाई चलाउनुपर्छ, कसरत गराउनुपर्छ । यसले दुखाइ कम गर्छ र ठीक हुन्छ । यसलाई चलाउने जिम्मा सबैभन्दा बढी सरकारको हो । उद्यमीले ऋण तिर्न सकेन, अब यसको घाँटी निचोरेर ऋण उठाऊँ भनेर कहिल्यै पनि अर्थतन्त्र चलयमान हुँदैन ।

अर्थतन्त्र चलयमान बनाउने दोस्रो भूमिका निजी क्षेत्रको हुन्छ । सरकारले मनोबल उकास्छौं भन्दै गर्दा दुवैतर्फबाट मनोबल उकास्ने काम गर्नुपर्छ । तब मात्र मनोबल बढ्छ र बजार चलायमान हुन्छ । मनोबल बढाउन हामीले नकारात्मकतालाई छाडेर सकारात्मक कुरा मात्रै गर्नुपर्छ । हाम्रा सञ्चारमाध्यमले पनि नकारात्मकलाई ठूलो बनाउने काम गर्छन् । डुब्न आँट्यो भनेर डर देखाउने काम हुन्छ । यसर्थ, अहिले सबैको दायित्व राम्रो भइरहेको छ, राम्रो हुन्छ र राम्रोतर्फ अगाडि बढेको छ भन्ने कुरालाई मात्रै प्रचार गर्नु हो । यसो गरेको खण्डमा मात्रै सबै अवस्था राम्रो हुन्छ ।

राति सुत्दा भोलि बिहान पाँच बजे उठेर छ बजेट एयरपोर्ट पुग्नु छ भन्ने सोचेर सुत्यो भने पाँच बजेको अर्लामभन्दा अगाडि हामी ब्युँझिन्छौं । यो मनोबलका कारण हो । भोलि बिहान उठ्नैपर्छ भन्ने मनोबल बनाउनासाथ शरीरले साथ दिन्छ । मनोबलमा काम गर्‍यो भने अरु सबै संयन्त्रले काम गर्छन् । हामीले यो फ्रेमवर्कमा बसेर काम गर्नुपर्छ ।

- आचार्य प्रिज्मा एडभर्टाइजिङका प्रबन्ध निर्देशक हुन् ।

# SUSTAINABLE INITIATIVES

## Changing Lives Beyond Numbers!




Embracing the future with sustainable business practices. At the heart of our mission lies a commitment to building a better tomorrow. By integrating sustainable initiatives into our operations, we're not just sustaining our business; we're nurturing the society.

NABIL BANK®

TOGETHER AHEAD

☎ 01-5970015 ✉ customercare@nabilbank.com 🌐 www.nabilbank.com

# टेको खोज्दै निर्माण क्षेत्र

नेपालमा साना–ठूला गरेर सबै खालका निर्माणाधीन कुल आयोजना संख्या आठ हजार हाराहारीमा छन् । ती आठ हजारका आयोजना करिब आठ खर्ब लागतमा निर्माण भइरहेको अनुमान गर्न सकिन्छ । तीमध्ये करिब दुई हजार आयोजना रूग्ण अवस्थामा छन् ।



रवि सिंह

अहिले अर्थतन्त्रका सबैजसो सूचक खस्किइरहेका छन् । औद्योगिक उत्पादन, वाणिज्य, व्यापार, रोजगारीलगायतका सबै अवस्था नाजुक छ । यस्तो परिस्थितिमा मुलुकको विकास निर्माण गर्ने निर्माण क्षेत्र त अझै तहसनहस अवस्थाबाट गुज्रिइरहेको छ । यसो हुनुमा सबैभन्दा ठूलो हात राजनीतिक अस्थिरता र सरकारको दिगोपन नहुनु नै हो ।

विश्वका धेरैजसो राष्ट्रले पूर्वाधार र विकासमा धेरै नै फड्को मारिसकेका छन् । नेपालमा भने निर्माण क्षेत्रको अपेक्षित विकास हुन सकेको छैन । हामीले जन चाहना र समयको आवश्यकता अनुसार विकास निर्माण गर्न सकेनौँ । यसले हाम्रो जस्तो अल्पविकसित मुलुकमा सबैतिर विश्वासको सङ्कट पनि देखाउँछ । अहिले समग्र मुलुकै छवि सङ्कटग्रस्त छ । जनता पनि नेपालमा विकास निर्माणको काम समयमै सम्पन्न हुन्छ, गुणस्तरीय काम हुन्छ भन्नेमा विश्वस्त हुन सकिरहेका छैनन् । निर्माण गर्ने महत्त्वपूर्ण जिम्मेवारी पाएको समग्र निर्माण व्यवसायी वा कम्पनीले पनि आफूले लिएको काम समयमै सम्पन्न गर्छ भनेर कसैले पनि पनि विश्वास गर्नसक्ने अवस्था छैन । अर्कोतर्फ राज्यले पनि आफ्नो निर्धारित लक्ष्य र कार्यक्रम बमोजिम काम गर्छ भन्ने सहजै विश्वास गर्न सकिने वातावरण तय भइसकेको छैन । राज्यसंयन्त्र पनि पटक पटक निर्माण क्षेत्रलाई सहज तरिकाले अगाडि बढाउनेभन्दा पनि यसलाई कसरी कस्न सकिन्छ भन्नेतर्फ उद्यत देखिन्छ ।

निर्माण क्षेत्रमा विकृति विसङ्गति, अनियमितता धेरै भयो भन्दै एकतर्फी रूपमा राज्य संयन्त्र लाग्दा उत्पन्न विश्वासको सङ्कटका कारण निर्माण क्षेत्र अझ तहसनहस हुँदैछ । यसले एकातर्फ निर्माण क्षेत्रमा चुनौतीका चाङ थुप्रिने क्रम बढिरहेको छ भने अर्कातर्फ राष्ट्रले अन्तर्राष्ट्रिय स्तरमा राखेको लक्ष्य पनि प्राप्ति गर्न झनै समस्या हुने अवस्था सिर्जना हुँदैछ ।

नेपाल सन् २०२६ भित्रै अतिकम विकसितबाट विकासशील मुलुकमा स्तरोन्नति हुँदैछ । तर, यस्तै अविश्वासको वातावरण रहिरहने हो भने नेपालले विकासशील मुलुकको रूपमा जुन प्रगतिसाथ लक्ष्य हासिल गर्नुपर्ने हो सो गर्न नसक्ने हो कि भन्ने आशङ्का बढ्दो छ ।

नेपालमा साना–ठूला गरेर सबै खालका निर्माणाधीन कुल आयोजना संख्या आठ हजारको हाराहारीमा रहेका छन् । ती आठ हजारका आयोजना करिब आठ खर्ब लागतमा निर्माण भइरहेको अनुमान गर्न सकिन्छ । तीमध्ये करिब दुई हजार आयोजना रूग्ण अवस्थामा छन् ।

यद्यपि राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा मुलुकको कुल ग्रार्हस्थ उत्पादनको आकार ५३ खर्ब ८१ अर्ब हुने अनुमान छ । सोमध्ये निर्माण क्षेत्रले कुल ग्रार्हस्थ उत्पादनमा ५.२५ प्रतिशतको हिस्सा ओगट्ने प्रक्षेपण गरेको छ । कार्यालयकै तथ्यांक अनुसार आव २०७८/७९ को तुलनामा आव २०७९/८० मा कुल मूल्यअभिवृद्धि (जिभिए) वृद्धिदर २.६२ प्रतिशतले ऋणात्मक हुने प्रारम्भिक अनुमान रहेको छ । आव २०७८/७९ मा सार्वजनिक तथा निजी निर्माण कार्यमा आएको शिथिलता र निर्माण सामग्रीको आयात तथा आन्तरिक उत्पादनमा आएको कमीले यस क्षेत्रको मूल्यअभिवृद्धिको वृद्धिदर ऋणात्मक हुने अनुमान छ । सरकारले पछिल्ला वर्षमा बजेटको स्रोत र सुनिश्चितता तीन खर्ब रुपैयाँ पूर्वाधार तथा

विकास निर्माणका लागि पुँजीगत खर्चका लागि बजेट विनियोजन गर्दै आएको छ। तर, सरकारको पुँजीगत खर्च गर्ने क्षमतामा भने वर्षेनी ह्रास आइरहेको छ । सरकारले आव २०७९/८० मा पुँजीगत खर्चतर्फ तीन खर्ब ८० अर्ब रुपैयाँ बजेट विनियोजन गऱ्यो । तर, सो अवधिमा सरकारले विनियोजित बजेटको ६१.४४ प्रतिशत अर्थात दुई खर्ब ३३ अर्ब ६९ करोड रुपैयाँ मात्रै खर्च गऱ्यो । पुँजीगत खर्च भएको खर्चको अधिकांश हिस्सा भने चालु आवको अन्तिम (जेठ र असार) मा हुने खर्चको हिस्सा भने उच्च छ। अर्कातर्फ निर्माण व्यवसायीले आव २०७९/८० मा म्याद थप र माइलस्टोन प्रावधानकै कारणले ४० अर्बभन्दा धेरै बक्यौता रकम प्राप्त गर्न सकिरहेका छैनन् । अर्कोतर्फ दसैं अगावै अर्थ मन्त्रालयले गत आर्थिक वर्षमा काम गरिसकेर पनि तयार भएका बिलका आधारमा भुक्तानी हुनुपर्ने सात अर्बमध्ये चार अर्ब रुपैयाँ पनि भुक्तानी पाउन सकिरहेका छैनन् । निर्माण व्यवसायीले समग्रमा ४४ अर्ब रुपैयाँ भुक्तानी पाउन बाँकी छ ।

नेपालका निर्माण व्यवसायी तथा कम्पनीहरूको पनि इच्छाशक्तिमा मात्रै होइन, कार्यशैलीमा समस्या छ । यहाँ सबै मिलेर परियोजनामा सकेसम्म सेटिङ गरेर बाँडीचुँडी रूपमा भष्टाचार गर्ने प्रवृत्ति पनि छ। पछिल्ला वर्षमा निर्माण क्षेत्रमा कार्टेलिङ गर्ने एउटा समूहका कारण निर्माण क्षेत्र बदनाम हुनुका साथै धरासायी हुने अवस्थामा पुगिसकेको छ। अन्य क्षेत्रमा जस्तै निर्माण क्षेत्रमा व्याप्त भ्रष्टाचार मौलाइरहेको छ । जसका कारण पनि धेरै खालका समस्या सिर्जना भइरहेको छ। लोकतान्त्रिक सरकारका लागि आवधिक निर्वाचन अनिवार्य सर्त हो तर नेपालको निर्वाचन प्रणालीले पनि विकृति विसङ्गतिलाई प्रश्रय दिँदै आएको तितो अनुभव छ। अहिलेको निर्वाचन प्रणालीले पनि विकास निर्माणमा जटिल समस्या निम्ताउने उत्तोलकको काम गर्दै आएको छ ।

निर्वाचित जनप्रतिनिधिले मुलुकको समग्र हित, प्राथमिकता र आवश्यकतामा भन्दा पनि आफ्नो निर्वाचन क्षेत्र केन्द्रित विकासका पूर्वाधार लैजाने प्रवृत्तिले पनि अर्को समस्या निम्ताउने काम भइरहेको छ । शक्तिशाली सांसद र मन्त्रीका निर्वाचन क्षेत्रमाबिना विस्तृत अध्ययन/अनुसन्धान हचुवाको भरमा योजना पार्ने गलत भाष्यको विकास भइरहेको छ । यसले विकास निर्माणमा पहुँच हुने र नहुनेबिच चर्को खाडल मात्रै होइन, विकास निर्माणमा पनि असन्तुलन ल्याउने काम गरिरहेको छ । कुनै सांसद तथा मन्त्री शक्तिहीन भएपछि उसले लगेका महत्त्वपूर्ण आयोजना तथा योजना अलपत्र हुने प्रवृत्ति हुने गरेको छ । यसले विकास निर्माणका योजना आवश्यकताका आधारमा भन्दा पनि पहुँचको आधारमा विनियोजन गर्ने प्रवृत्ति हावी भइरहेको देखाउँछ । यसबाट आयोजनाको प्राथमिकीकरण र आयोजना बैंक निर्माण गरेर आवश्यकताका आधारमा भन्दा पनि शक्ति र पहुँच जसले पुऱ्याउन सक्छ उसकै क्षेत्रमा आयोजना आयोजना पुग्ने प्रवृत्ति मौलाउँदै गएको छ ।

## बुँदागत समस्या

१. कुनै परियोजनाका लागि सरकारले आफूसँग भएको बजेटभन्दा पनि अत्यधिक धेरै रकमको स्रोत सुनिश्चितता गर्ने गलत परम्पराको विकास भइरहेको छ। तर, विनियोजन गरेका आयोजनाका लागि रकम नै नहुने अर्को समस्या छ । सांसद र मन्त्रीलाई खुसी पार्न बजेट विनियोजन मात्रै गरिदिने तर, निर्माणका लागि भने सुको नहुने अवस्था छ । सवा अर्बको परियोजनामा ५० लाख बजेट राख्ने अवस्था सिर्जना भइरहेको छ । जनतालाई झुटा आश्वासन दिएर जनताको भोट टिप्ने काम भइरहेको छ ।

२. परियोजना प्रमुखहरू बाहिर भष्ट्राचारविरूद्ध र शून्य सहनशीलताको कुरा गर्ने तर ठूला बजेट भएका परियोजनाको व्यवस्थापनमा तिनै भ्रष्ट कर्मचारीको हालीमुहाली हुने प्रवृत्ति छ। तिनै भ्रष्ट कर्मचारी घुमिफिरी ठूला परियोजना व्यवस्थापनमा अग्रसर हुँदै आइरहेका छन् ।

३. परियोजनाका प्रमुखले अख्तियारको दुरूप्रयोग गर्ने तर दण्डित नहुने अवस्था छ । आयोजना प्रमुखले कार्य सम्पादन गर्नुपर्ने जिम्मेवारी पुरा नगर्दा पनि दण्डित नहुने अवस्था छ । सार्वजनिक खरिद नियमावली अनुसार सम्बन्धित आयोजना प्रमुखले १४ दिनभित्रै म्याद सकिएका परियोजनाको म्याद थप गर्नुपर्छ तर, वर्षौंसम्म पनि म्याद थप नगरी बस्ने प्रवृत्ति छ । अर्कातर्फ अनुचित लाभ र फाइदा हुने भए जस्तोसुकै अवैध काम गर्न पछि नपर्ने प्रवृत्ति हावी भइरहेको छ । इमानदरीपूर्वक समयमै गुणस्तरीय काम गर्छु भन्नेलाई अहिले दुरूत्साहन गर्ने काम भइरहेको छ ।

४. प्रधानमन्त्रीको आदेश वा निर्देशनमा मुख्यसचिवले विभिन्न आदेश गर्छन् । मुख्यसचिवले जारी गरेका आदेश वा निर्देशिका विकासे मन्त्रालयका सचिव, विभागका महानिर्देशक र आयोजना प्रमुख कार्यान्वयन गर्न सक्दैनन्। कि त मुख्यसचिवबाट जारी भएका आदेश वा निर्देशका कार्यान्वयन नगरेको भन्दै सचिव, महानिर्देशक वा आयोजना प्रमुखलाई कारवाहीको दायरामा ल्याउनुपऱ्यो कि त कार्यान्वयन गर्न सकिने खालका आदेश वा निर्देशिका जारी हुनुपऱ्यो । यी दुवै कमीकमजोरी कायम छ। यसमा प्रधानमन्त्री, मुख्यसचिव, विकासे मन्त्रालयका सचिव वा महानिर्देशक एकअर्का निकायलाई देखाएर पन्छिँदै आएका छन् ।

## सङ्कटमोचनका लागि नीतिगत कानुनी सुधार

आयोजनाको म्याद पटक-पटक थपको समस्या पनि निकै बल्झिँदै छ। यो सार्वजनिक खरिद नियमावलीको छैटौं संशोधनले सिर्जना गरेको समस्या हो । यस संशोधनमा सम्पूर्ण आयोजनाको म्याद आयोजनाको कुल म्यादको ५० प्रतिशतभन्दा धेरै थप्न पाइँदैन भन्ने प्रावधान राखियो । त्यही प्रावधानकै कारण म्याद थपको समस्या झनै जटिल बन्दै आएको छ। सार्वजनिक खरिद ऐन र प्रक्रिया नबुझेको व्यक्तिले निर्माण क्षेत्रलाई व्यवस्थित र गलत कार्यलाई रोक्ने भन्दै ल्याएको नियमावलीको प्रावधानले उल्टै नकारात्मक असर पार्ने काम गरिरहेको छ ।

सोही नियमावलीले सार्वजनिक खरिद प्रक्रियालाई सहज बनाउनेभन्दा पनि झनै जटिल बनाउने काम गऱ्यो। २०७६ मा एकै वर्ष छैटौंदेखि १०औंसम्म पाँच पटक सार्वजनिक खरिद नियमावली संशोधन भयो । तर सोही नियमावलीकै कारण चार खर्बका आयोजना ११ महिनासम्म ठप्प रहे । त्यसपछि नेपालको निर्माण क्षेत्र तङ्ग्रिन सकेन; अहिले उल्टै टेको खोज्दैछ । निर्माण चलायमान नभएकाले आपूर्तिकर्ता, बैङ्क तथा वित्तीय संस्था र अन्य कुनै क्षेत्रले पनि निर्माण क्षेत्रलाई विश्वास गर्न सकेको छैन ।

सरकारले सार्वजनिक खरिद ऐन, २०६३ ल्याएको पनि १७ वर्ष भइसक्यो । त्यसमा

समयसापेक्ष सुधार गरेर निर्माणमैत्री बनाउने खाँचो छ; सरकार यसमा चुकेको छ । अर्कोतर्फ पनि सार्वजनिक खरिद नियमावलीलाई सरकारले मनलाग्दी ढङ्गले अव्यावहारिक प्रावधान राखेकै कारणले एकै वर्षमा पाँच पटकसम्म संशोधन गर्ने गलत परम्पराको विकास भयो । उल्टै सामान्य खरिद प्रक्रिया पनि नबुझेको राजनीतिक नेतृत्व र कर्मचारीले नियमावलीमार्फत निर्माण व्यवसायीलाई कस्ने काम भयो । त्यसैले पनि यी र यस्तै खालका समस्याको दीर्घकालिन समाधान खोज्नुपर्ने बेला भइसकेको छ ।

## संरचना र कार्यपद्धतिमा सुधार आवश्यक

सरकारले निर्माण क्षेत्रको सङ्कट तत्काल सम्बोधन नगर्ने हो भने सरकार आफै असफल हुन्छ । त्यसैले नेपाल राष्ट्र नै असफल बन्ने खतराको घण्टी बजिरहेको छ । नेपाललाई सफल राष्ट्र बनाउने र अर्थतन्त्रलाई चलायमान गराउने हो भने निर्माण क्षेत्रका समस्या तत्काल सम्बोधन गर्नु जरूरी छ ।

संरचनागत पद्धति र कार्यान्वयन गर्ने निकायबीच तादम्य नमिल्दा पनि धेरै ठूला खालका जटिलता देखिएका छन् । सार्वजनिक खरिद ऐन र नियमावलीका संशोधन गर्ने तालुकदार निकाय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रायजसो सार्वजनिक खरिद नियमावलीको संशोधन तथा निर्देशन जारी गर्ने गर्छ तर, कार्यान्वयन गर्ने निकायका रूपमा सडक विभाग, रेल विभाग, सहरी विकास तथा भवन विभाग, सिँचाइ विभाग, आयोजना कार्यान्वयन निर्देशनालय, आयोजना कार्यालय लगायतका हुन्छन् । माथिल्ला निकायबाट भएका नीगितगत निर्णय, जारी भएका ऐन, कानुन र नियमावली पनि तल्लो कार्यान्वयन गर्ने निकायले प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न नसक्ने प्रवृत्ति हावी छ । कार्यान्वयन गर्न नसक्ने जिम्मेवार निकायलाई दण्डित गर्ने र जिम्मेवारी बहन गर्नुपर्ने दायित्व सिर्जना नगर्दा पनि संरचनागत र कार्यान्वयन पद्धतिमा झन् जटिलता थपिँदै छ ।

## निर्माण व्यवसायी पनि सुध्रनुपर्छ

निर्माण व्यवसायीले पनि आफ्नो काम गर्ने शैलीमा फेरबदल ल्याउनुपर्ने बेला भइसकेको छ । निर्माण व्यवसायीले पनि आफ्नो क्षमताभन्दा बढी काम लिनु भएन । अन्यन्तै कम लागतमा ठेक्का कबोल गरेर काम लिने र काम सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई भविष्यमा यस्ता कुरा नदोहोरिउन भनेर सरकारले दण्डित गर्नुपर्ने हुन्छ । व्यवसायीले पटक पटक मौकाको खोजी गर्ने मात्रै होइन, पाएका मौकाको सदुपयोग गरेर त्यसपछि पुन मौका पर्खिने होइन कि । पुराना आयोजना सम्पन्न गरेर, नयाँ काम गर्ने वातावरण तयार पर्नुपर्ने बेला भइसकेको छ । निर्माण क्षेत्रका जायज मागलाई निर्माण व्यवसायीले सरकारसँग प्रस्तुत गर्न सकिरहेका छैनन् । हामीले आफ्नो काम जिम्मेवारीपूर्वक निर्वाह गर्ने हो भने सरकारसँग झुकेर होइन, शिर ठाडो पारेर पनि आफ्ना माग राख्न सक्नेछौँ । यसले निर्माण क्षेत्रलाई अझै व्यावसायिकतामा ल्याउन मदत पुऱ्याउँछ भने आफ्ना जायज माग सम्बोधन गराउने वातावरण पनि तयार हुनेछ । ठेक्का व्यवस्थापनमा सरकारी र निर्माण कम्पनी दुई पक्षबीच करार सम्झौता र करार सम्झौता गर्दा दुई पक्षबीच समान हैसियत प्राप्त हुन्छ । जायज माग पनि सोही अनुसार पुरा गराउनेतर्फ निर्माण व्यवसायी पनि अग्रसर हुनुपर्ने बेला भइसक्यो ।

## सरकारले चाल्नुपर्ने कदम

गत वर्ष निर्वाचन, क्रसर उद्योगको आन्दोलनको कारणले पनि निर्माणको काम हुन सकेन । सरकारले योजनामा बजेटको व्यवस्था गर्न सक्दैन भने त्यस्ता योजना खारेज गर्नुपर्ने हुन्छ । जति नगरी हुने योजना छ, त्यसलाई प्राथमिकताको आधारमा हो । काम गरेपछि भुक्तानी हुन्छ भन्ने कुरा सरकार र निर्माण व्यवसायीले पनि सप्लायर्सलाई पनि विश्वस्त पार्नुपर्ने देखिन्छ । अहिले पनि सरकारले म्याद थप वा माइलस्टोनको जुन विवाद छ, त्यसलाई तत्कालै सम्बोधन गर्नुपर्ने बेला भइसकेको छ । दीपावलीपछि निर्माण क्षेत्र पूर्ण रूपमा चलायमान गराउन प्रधानमन्त्री, अर्थमन्त्री र विकासे पूर्वाधारसँग जोडिएका मन्त्रीहरू जिम्मेवार हुनुपर्ने बेला भइसकेको छ । मन्त्रीहरू मात्रै होइन, मुख्यसचिव पनि जिम्मेवार हुनुपर्ने बेला भएको छ । प्रधानमन्त्री वा मुख्यसचिव नेतृत्वले दिएका निर्देशन कुनै पनि हालतमा कार्यान्वयनय गर्न नसकिने खालका छन् भने त्यस्ता खालका निर्देशन फिर्ता लिएर कार्यान्वयन गर्न सकिने निर्देशन मात्रै जारी हुनुपऱ्यो ।

सरकारले निर्माण क्षेत्रको सङ्कट तत्काल सम्बोधन नगर्ने हो भने सरकार आफै असफल हुन्छ । त्यसैले नेपाल राष्ट्र नै असफल बन्ने खतराको घण्टी बजिरहेको छ । नेपाललाई सफल राष्ट्र बनाउने र अर्थतन्त्रलाई चलायमान गराउने हो भने निर्माण क्षेत्रका समस्या तत्काल सम्बोधन गर्नु जरूरी छ । अर्थतन्त्रलाई गतिशील र चलायमान गराउँदै मुलुकभित्रै रोजगारी र अवसरको सिर्जना गराउन सकिन्छ । यसमा भएको रोजगारीलाई थप व्यवस्थित गराउँदै अघि बढाउनुपर्ने हुन्छ । त्यसो नभएको खण्डमा पक्कै पनि मुलुक असफल राष्ट्रको ट्याग भिरेर बस्नुपर्ने हुन्छ । सबै निकायले एक आपसमा हातेमालो गरेर निर्माण क्षेत्रमा देखिएको सङ्कट टार्नुपर्ने बेला भइसकेको छ ।

निर्माण क्षेत्रको तथ्य तथ्यांक

| निर्माण व्यवसायीको वर्ग | व्यवसायीको संख्या |
|---|---|
| 'क' वर्ग | ३४१ |
| 'ख' वर्ग | २७३ |
| 'ग' वर्ग | १०७२ |
| 'घ' वर्ग | २२१५२ |

*स्रोत : नेपाल निर्माण व्यवसायी महासंघ*

निर्माण प्रक्रियासँग सम्बन्धित विवरण

| विवरण | संख्या |
|---|---|
| बोलपत्रदाता | ६२७४ |
| सार्वजनिक निकाय | ४२१ |
| जम्मा बोलपत्र संख्या | ३३४२९ |
| निर्माण कार्य | २४४४५ |
| मालसमान | ८५५३ |
| परामर्शसेवा | ४३१ |
| रद्द भएका सूचना | ९९४ |
| कालोसूचीमा पर्ने कम्पनीहरु | १६२ |

*- सिंह नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष हुन् ।*

# अनलाइन बाल सुरक्षाका लागि जारी सन्देश

**हाम्रा बालबालिकाले अचेल मोबाइल वा कम्प्युटर वा ट्याब्लेट आदिबाट अनलाइन कक्षा लिने, इन्टरनेट चलाउने, गेम खेल्ने, गीतहरू सुन्ने, भिडियो हेर्ने लगायतका कार्यहरू गरिरहेका छन् ।**

**इन्टरनेटको प्रयोग गर्दा हाम्रा बालबालिकाहरूलाई इन्टरनेटले सिर्जना गर्नसक्ने विभिन्न खतराबाट सुरक्षित राख्नुपर्ने र सुरक्षित तवरले इन्टरनेट चलाउन सिकाउनुपर्ने हुन्छ । तसर्थ हाम्रा बालबालिकालाई इन्टरनेटबाट हुनसक्ने जोखिमबाट बचाउन निम्न उपायहरू अपनाऔँ ।**

१. बालबालिकाले अनलाइनमा गर्ने गतिविधि बारे जानकारी राखौँ र खुलेर कुरा गरौँ, साथै सो बारे कुरा गर्न अभिप्रेरित गरौँ ।

२. बालबालिकाले हेर्ने भिडियोहरू (Youtube, Tiktok लगायत), चलाउने सामाजिक सञ्जाल (Facebook आदि), खेल्ने Game हरू र अन्य गतिविधिहरूका बारेमा आफूले समेत जानकारी राखौँ ।

३. यदि बालबालिकाले सामाजिक सञ्जालको प्रयोग गर्छन् भने उनीहरूका साथीहरू को-को छन्, के-के Share गर्छन्, कस्ता कुराकानी गर्छन् सोको बारेमा जानकारी राखौँ ।

४. बालबालिकाले सामाजिक सञ्जालको प्रयोग गर्दा हुनसक्ने सम्भावित अनुचित गतिविधिहरूको बारेमा जानकारी राखौँ र नियमित निगरानी गरौँ ।

५. बालबालिकाले मोबाइल वा कम्प्युटर वा ट्याब्लेटमा बिताउने समयलाई सीमित गरौँ । बालबालिकालाई खेलकुद, शारीरिक व्यायाम, ध्यान, योगा, सङ्गीत जस्ता अतिरिक्त क्रियाकलापहरुमा पनि समावेश गराऔँ ।

६. बालबालिकाले नियमित रुपमा चलाउने Online Class आदिको लिङ्कलाई सहज पहुँचका लागि Bookmark गरी आफ्ना बालबालिकालाई सोको प्रयोग गर्न सिकाऔँ ।

७. बालबालिकाले के हेर्दै/गर्दैछन् भन्ने कुरा निगरानी गर्न उनीहरूले चलाउने कम्प्युटर वा ट्याब्लेट आदिको स्क्रिनलाई सबैले देखिने गरी राखौँ ।

८. बालबालिकालाई आफ्नो User ID, पासवर्ड जस्ता व्यक्तिगत विवरणहरू गोप्य राख्न सिकाऔँ ।

९. बालबालिकालाई अनलाइनमा भेटेको साथीलाई सकेसम्म भौतिक रूपमा भेट्न निरुत्साहित गरौँ ।

१०. बालबालिकाले प्रयोग गर्ने कम्प्युटरमा Antivirus, Ad Block, Netcraft आदि Tools को प्रयोग गरौँ ।

११. अनावश्यक तथा प्रयोग नभएका डिजिटल खाताहरू बन्द गरौँ/गर्न लगाऔँ ।

१२. आफ्नो इन्टरनेट सेवा, Operating System र Application मा रहेको Parental Control/Child Safety Feature प्रयोग गरौँ ।

१३. Freeware, Pirated software/game, Free music/video, अश्लील सामग्री उपलब्ध हुने जस्ता असुरक्षित वेबसाइटहरूको प्रयोग नगर्न सिकाऔँ । त्यस्ता असुरक्षित वेबसाइटहरूले पठाउने Pop-Up Window/Banner मा प्रचारका लागि आउने लिङ्कमा Click नगर्न सिकाऔँ ।

१४. कम्प्युटरमा इमेल/इन्टरनेटको लिङ्क तथा Attachment लाई सही पहिचान गरेर मात्र Click/open गर्न सिकाऔँ । त्यस्ता लिङ्क तथा Attachment शङ्कास्पद लागेमा नखोल्न सिकाऔँ ।

१५. कुनै शङ्कास्पद गतिविधि र असहज परिस्थिति भएमा आफ्ना अभिभावकलाई जानकारी दिन बालबालिकालाई सिकाउनुहोस् र कुनै गम्भीर विषय भए सम्बन्धित निकायमा उजुरी गरौँ ।




**Nepal Telecommunications Authority (NTA)**
Cyber Security Task Force (NTACERT)
National Theatre Building, Jamal
Kathmandu, Nepal

cert@nta.gov.np

www.nta.gov.np

# सोह्रौं योजनाले कोर्न खोजेको विकासको बाटो

अर्को समस्या विदेश पलायन हो । अलिकति समस्या हुनेबित्तिकै वा थोरै मात्र बढी अवसर देख्दैमा देशै छाडेर हिँड्ने प्रवृत्ति बढ्दो छ । मध्यम आय भएको जनशक्ति र सरकारी कर्मचारीमा पनि निवृत्त हुनेबित्तिकै विदेशमा गएर सेटल होऔं भन्ने प्रवृत्ति हाबी छ ।



डा. रमेशचन्द्र पौडेल

लामो समयदेखि अर्थतन्त्र यो वा त्यो हिसाबले अप्ठ्यारोमा छ । अहिलेको कुरा गर्दा राजस्व सङ्कलन नै प्रमुख चुनौती हो । यो हाम्रो अर्थतन्त्रको संरचनाका कारण हामीले विगतमा गरेका सबै राम्रा र नराम्रा कामको परिणाम हो । तथापि सरकारले अर्थतन्त्रको समस्या समाधानका लागि विशेष प्रयास सुरू गरिसकेको छ । विप्रेषण र आयातमा निर्भर अर्थतन्त्रमा समस्या आउनुमा कुनै एक पक्ष वा व्यक्ति मात्रै जिम्मेवार छ भन्नु गलत हुन्छ । कोरोना महामारी, रूस-युक्रेनबिच जारी युद्ध र पछिल्लो समय इजरायल-हमासबिचको लडाइँका कारण पनि अर्थतन्त्रमा समस्या देखिएको हो । त्यति मात्रै होइन, विगतका हाम्रा नीति पनि आजको उपलब्धि र कमजोरी दुवैका लागि जिम्मेवार छन् । लामो समयदेखिको राजनीतिक अस्थिरता अर्को कारण हो ।

प्रजातन्त्र पुनःस्थापनापछि सन् ९० को दशकमा हामीले कृषिबाट औद्योगिकीकरणको बाटो रोज्न खोज्यौं; जुन तत्कालीन समयमा उचित थियो । तर राजनीतिक कारणले त्यसलाई निरन्तरता दिन सकेनौं । सन् २००१/०२ देखि त रोजगारीका लागि युवा विदेशिने क्रम पनि बढ्यो । यसमा कतिपय हिसाबले त्यस बेलाको हाम्रो राजनीति बढी जिम्मेवार छ । यसले पनि औद्योगीकरणको अभियान सुस्तायो । यी सबैको समग्र प्रभाव वर्तमान अर्थतन्त्रमा देखिएको समस्या हो ।

हामीले योजनाबद्ध आवधिक योजना सुरू गरेको करिब सात दशक बित्न लाग्यो । यतिबेला हामी १५औं आवधिक योजनाको अन्तिम चरणमा र आगामी आर्थिक वर्षदेखि १६औं आवधिक योजना लागु गर्ने तयारीमा छौं । विगतका आवधिक योजना निर्माण र कार्यान्वयनमा जहाँ-जहाँ गल्ती गर्‍यौं वा उपलब्धि भए त्यसको प्रभाव पनि अहिलेको अर्थतन्त्रमा देखिएको छ । एउटा मात्रै पक्ष, व्यक्ति, राजनीतिक दल वा निश्चित नीतिलाई मात्रै जस वा अपसज दिएर उम्कने अवस्था छैन । अहिले जे जति उपलब्धि भएका छन् त्यो पनि त्यसैको परिणाम हो ।

हामीकहाँ धेरै नीति पनि बने । कतिपय विद्वान् धेरै नीति भएर पनि देश बिग्रिएको हो भन्नुहुन्छ । कतिपयले अझै अरु नीति चाहियो पनि भन्नुभएको छ । जेहोस् हामीले नीति निर्माणको प्रक्रियामा सुधार भने गर्नैपर्छ । नीति निर्माणका लागि ठ्याक्कै यो मात्रै आधार हुनसक्छ भन्ने अवस्था छैन किनभने कुनै पनि नीति बन्नुअघि निश्चित तहको अनुसन्धान गर्नैपर्छ । बिनाअध्ययन अनुसन्धान वा व्यावहारिक रूपमा समस्या नबुझी नीति बनाउने र नीतिको भावना नबुझी काम गर्ने, नीति कार्यान्वयनमा समस्या भए त्यसबारे प्रतिक्रिया दिने र पृष्ठपोषण लिने अभ्यास नहुनुले पनि हामीले बनाउने नीति र तिनको कार्यान्वयनमा समस्या आउने गरेको छ ।

नीति राम्रो हुनका लागि पहिलो त सही तथ्य र तथ्यांकमा आधारित अनुसन्धान हुनुपर्छ । अनुसन्धानको निश्कर्षका आधारमा नीति निर्माण हुनुपर्छ । नीति असाध्यै राम्रो भएर कार्यान्वयन हुन सकेन भने त्यो नीतिले फल दिँदैन र नीति असफल हुन्छ, अन्ततः त्यो नराम्रो नीति नै ठहरिन्छ । नीति राम्रो देखिएर मात्रै हुँदैन त्यसले व्यावहारिक पक्षलाई समेटेको हुनुपर्छ । कार्यान्वयन गर्नसक्ने अवस्था नहेरी राम्रो नीति बनाएर मात्रै हुँदैन । हामी त्यो अवस्थामा पुग्नका लागि अहिलेदेखि नै गम्भीरता पूर्वक काम गरे

पनि अझै १०औँ वर्ष लाग्छ । अर्को समस्या के पनि हो भने कतिपय नीति राम्रो हुँदाहुँदै पनि समयक्रमसँगै असफल भएका पनि छन् । जस्तो लामो समय खर्चेर पहाडी क्षेत्रमा विद्यालय स्थापना त गर्‍यौँ तर पढ्ने मान्छे कम हुँदै गए । लगानी गरेको स्रोत र साधनले नतिजा नदिँदै आयाम परिवर्तन भइसकेको अवस्था पनि छ । त्यसैले व्यावहारिक तरिकाले नीति बनाउनका लागि केही समय लाग्छ । सोही पृष्ठभूमिमा रहेर हामीले १६औँ आवधिक योजनाको तयारी गरिरहेका छौँ ।

## के कमजोरी भयो ?

१५औँ योजना कार्यान्वयनको अवस्था हेर्दा असफल नै भएको भन्न सकिन्न तर योजनाका लक्ष्य सबै पूरा हुन नसक्ने लक्षण देखिँदैछ । १५औँ योजना कार्यान्वयनलाई राम्रो वा नराम्रो भन्नुअघि योजना सुरु भइसकेपछिका अन्तर ाष्ट्रिय घटनाक्रम पनि यसका लागि जिम्मेवार छन् । योजना बनाउँदा के कस्ता बाह्य कारण आउँछन् भन्ने अनुमान गर्न सकिन्न । अहिले पनि हामीसँग केही समय बाँकी भएकाले धेरै काम अझै पनि गर्न सकिन्छ । यस अर्थमा १५औँ योजना असफल भइसकेको छैन । सामाजिक सूचकमा राम्रो प्रगति गरेका छौँ । तर आर्थिक वृद्धिदर र प्रतिव्यक्ति आयमा हामी थोरै चुकेको हो जस्तो देखिन्छ । त्यो पनि असार मसानतसम्म लक्ष्यको नजिक पुग्छौ भन्ने लाग्छ । जसरी १५औँ योजनाले 'समृद्ध नेपाल सुखी नेपाली'को लक्ष्य पूरा गर्नका लागि साधन स्रोतको पर्याप्तता भएन भने अर्को तर्फ मुलुकमा सुरुभएको नचाहिँदो राजनीतिक अस्थिरता पनि अर्को कारक बन्यो । १५औँ योजना निर्माण हुँदा यस्तो राजनीतिक अस्थिरता हुन्छ भन्ने अनुमान थिएन । राजनीतिक नेतृत्वले छिटो-छिटो सरकार गठन र बिघटनतर्फ जाँदा यसले विकासको क्षेत्रमा ठूलो असर गर्छ भन्ने बुझ्नु जरूरी हुन्छ । विगतमा भएका कुनै पनि सँसदका बिघटन मुलुकको विकास र अर्थतन्त्रको हितका लागि भएनन् भन्ने लाग्छ । आफूले अवसर र शक्ति पाएका बेलामा काम गरेर देखाउनुपर्छ भन्ने भावना देखिएन बरू त्यो शक्तिलाई आआफ्ना पार्टीभित्रै गुट र उपगुटका स्वार्थमा प्रयोग गरिए । यो अबका दिनमा शक्ति आर्जन गर्नेहरूका लागि पाठ पनि हो ।

हाम्रो अर्को समस्या विदेश पलायन पनि हो । अलिकति समस्या हुनेबित्तिकै वा थोरै मात्र बढी अवसर देख्दैमा देशै छाडेर हिँड्ने प्रवृत्ति बढ्दो छ । मध्यम आय भएको जनशक्ति र सरकारी कर्मचारीमा पनि निवृत्त हुने बित्तिकै विदेशमा गएर 'सेटल' होऔँ भन्ने प्रवृत्ति हावी छ । केही दिन मात्रै एउटा गाउँबाट विद्यालयका प्रधानाध्यापकसमेत गाउँ छाडेर विदेशिन लागेको समाचार आएको थियो, जुन अत्यन्तै दु:खद् हो । यस्तो अवस्थामा विकास कसका लागि गर्ने भन्ने स्वाभाविक प्रश्न पनि उठ्छ ।

## १६औँ योजना

शिक्षामा गरेको लगानीले मुलुकले प्रत्यक्षरूपमा जति लाभ लिनुपर्ने हो त्यो लिन सकेको छैन । यसलाई सम्बोधन गर्नका लागि १६औँ योजनामा ७० प्रतिशत विद्यार्थी प्राविधिक तथा व्यवसायिक शिक्षातर्फ र ३० प्रतिशतलाई मात्रै विश्वविद्यालयमा लैजाने प्रणाली विकास गर्न खोजेका छौँ ।

राष्ट्रिय योजना आयोगले १६औँ आवधिक योजना निर्माणको तयारी सुरु गरिसकेको छ । यसका लागि अहिले कर्णाली प्रदेशबाहेक सबै प्रदेशमा दुई दिने कार्यक्रम गर्‍यौँ । कर्णाली प्रदेशमा भूकम्पका कारण अहिले त्यो सम्भव भएन । विभिन्न प्रदेशमा संघसंस्था प्रमुख, प्रदेश सरकारका प्रतिनिधि, स्थानीय तहका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष र प्रशासकीय अधिकृतहरूसँग छलफल गर्‍यौँ । त्यसमा उल्लेखनीय र सक्रिय सहभागिता रहयो । उहाँहरूको सहभागिताले हामीलाई कतिपय सन्दर्भमा शिक्षा पनि दिएको छ भने प्रतिक्रिया पनि पाएका छौँ । हरेक प्रदेशमा दुईदिनको यस्तो कार्यक्रममार्फत सबै सरकारका प्रतिनिधिसँग हामी प्रत्यक्ष पुग्यौँ र आफ्ना कुरा राख्यौँ मात्र होइन सबैका विचार सुनेर सुझावसमेत लियौँ ।

त्यस अवसरमा हामीले उहाँहरूलाई आयोगले बनाउन लागेको आवधिक योजना स्थानीय, प्रदेश र केन्द्र सबैका लागि हो भन्ने बुझाउने प्रयास गर्‍यौँ । अर्थात हामीले बनाउने योजना केन्दीय योजना मात्र होइन, राष्ट्रिय योजना हो भन्ने सन्देश दिन सफल भयौँ । हामीले केन्द्रमा बसेर काम गर्दा विभिन्न पृष्ठभूमि र भूगोलको प्रतिनिधित्व गरे पनि भूगोलमै बसेर काम गरिरहेका प्रतिनिधिले सम्बन्धित क्षेत्रलाई बढी बुझेका हुन्छन् । जसले गर्दा स्थानीय वा प्रदेशबाट समेट्ने विषयको बुझाइ र हामीले बनाउने योजनाको उहाँहरूले अपनत्व लिने अवसर मिलोस् भन्ने ढङ्गले पनि काम गरेका थियौँ । मुलुक संघीय संरचनामा गइसकेको अवस्थामा संघीयता कार्यान्वयनमा स्थानीय पालिकाको भूमिकामा सहयोग गर्नुपर्छ । अहिले धेरै पालिकासँग आवश्यक जनशक्ति, विज्ञको अभाव छ । योजना बनाउने विषयमा पनि अन्योल छ र यसका लागि सहयोग मागिरहनु भएको छ जसलाई अबको आवधिक योजनाले समेट्ने प्रयास गर्नेछ ।

साधन र स्रोतको अभाव भएका प्रदेशमा साधन स्रोतको व्यवस्थापनको माग आएका छ । त्यसको पनि सम्बोधन आवश्यक छ । कतिपय स्थानीय तहले राज्यबाट टाढिएको गुनासो गर्नुभएको छ । केन्द्र सरकारले स्थानीय तहमा एक लाख, पाँच लाखका योजना पनि बनाएर बस्यो भन्ने आक्रोश पनि उहाँहरूले देखाउनु भएको छ । त्यसका लागि पनि हामीले योजना निर्माणका क्रममा उपाय सुझाउन प्रयास गर्नेछौँ । कतिपय क्षेत्रमा तीन वटै तहले योजना बनाउँदा पनि समस्या देखिएको छ । अर्को समस्या निजामती कर्मचारीको सवालमा पनि छ । निजामती कर्मचारीहरू प्रदेश मातहतमा बस्न नचाहेको अवस्था छ । यसमा १६औँ योजनाले समेट्ने गरी नीति बनाउने विषयमा हामीले काम गरिरहेका छौँ ।

हिजोका दिनमा हामीले विकासको मोडेललाई गाउँगाउँसम्म र प्रत्येक टाकुर ासम्म मोटर जाने बाटो पुऱ्याउने नीति अपनायौँ । यसले गुणस्तरीय विकास नभएको पनि प्रतिक्रिया पाएका छौँ । त्यस हिसाबले विकासको मोडल परिवर्तन गर्न पर्ने हो कि भन्ने विषयमा पनि हामीले सोचेका छौँ । कतिपय बस्ती सेवा सुविधाभन्दा टाढा भएको अवस्थामा त्यस्ता बस्तीलाई स्थानान्तरण गर्ने विषयमा पनि योजनाले केही काम गर्नेछ ।

सुशासन कायम गर्दै न्यायोचित वितरणबाट देशलाई समृद्धिमा पुऱ्याउनु १६औँ योजनाको प्रमुख उद्देश्य हो । कोरोना महामारीले दिएको उपलब्धि 'डिजिटल ट्रान्सफर मेसन' हो । यसलाई १६औँ योजनामार्फत सरकारी कामकाजको अनिवार्य मापदण्ड बनाउन सकियो भने सुशासनको क्षेत्रमा गुणस्तरीय सुधार गर्न सकिन्छ । नगदको कारोबार गर्ने प्रवृत्ति न्यूनीकरण गर्न सकियो भने भ्रष्टाचार र अनियमितता कम हुन्छ । उदाहरणका लागि मालपोत कार्यालयलगायतले अनलाइनबाट भुक्तानी गर्ने वातावरण भयो भने अनियमितता कम हुन्छ । कर कार्यालयले पनि अनलाइनमार्फत रकम लिने र कागजपत्र पनि व्यवस्थापन गर्ने प्रणालीको विकास गर्न

सकियो भने सुशासनको क्षेत्रमा धेरै सुधार गर्न सकिन्छ । नीतिगत भ्रष्टाचार हटाउन सचेतना पनि आवश्यक पर्छ । यसलाई पूर्णरूपमा नियन्त्रण गर्न केही समय भने पक्कै लाग्छ । यो आजको भोलि गर्न सकिन्छ भन्ने लाग्दैन ।

सुशासन कायम गर्ने महत्त्वपूर्ण माध्यम ' डिजिटल इकोनोमी'को विकास हो । सुशासन मात्रै कायम हुनसक्ने हो भने साधन स्रोतको असमान वितरण पनि रोक्न सकिन्छ । त्यसले गर्दा सांसद वा मन्त्री हुने बित्तिकै सम्बन्धित क्षेत्रमा बढी बजेट विनियोजन हुने समस्या पनि रोकिन्छ यसबाट गरिब र धनीबिचको खाडल पनि कम हुँदै जान्छ । यी सबै कुरालाई एकैसाथ अगाडि लैजान सकियो भने आर्थिक समृद्धि आउँछ भन्ने हिसाबले १६औँ योजना निर्माण भइरहेको छ ।

१६औँ योजना पूरा हुने समयसम्म अर्थतन्त्रको अवस्था के हुन्छ भन्ने विषयमा अहिले नेपाल राष्ट्र बैंक र विज्ञको टोलीबाट मोडलिङ भइरहेको छ । यस हिसाबले हाम्रो आर्थिक वृद्धि न्यूनतम ६ प्रतिशतदेखि ८ प्रतिशतसम्म जान सकिन्छ भन्ने मेरो विश्वास छ । यदि अब हामीले आगामी दिनमा कुनै महामारी वा समस्या भोग्नु नपरेको अवस्थामा जलविद्युत्को क्षेत्रमा राम्रो विकास गर्न सक्छौँ, विमानस्थलको प्रभावकारी सञ्चालन, सुक्खाबन्दरगाहको सञ्चालन, विद्युत् उत्पादन र पर्यटक आगमन वृद्धि भयो भने ८ प्रतिशतसम्म आर्थिक वृद्धि हासिल गर्न सकिन्छ । त्योभन्दा माथि जाने हो भने नयाँ ढङ्गले काम गर्नुपर्छ र यसका लागि राजनीतिक प्रणालीले सहयोग गर्नुपर्छ ।

शिक्षाको क्षेत्रमा पनि ठूलो काम गर्नुपर्ने समय छ । अहिले हामीले तीन प्रकारको जनशक्ति उत्पादन गरिरहेका छौँ । पहिलो एसइईसरहको तह जेनतेन पास गरेको वा पास नगरेका जनशक्तिले स्वदेशमै रहेर राष्ट्रिय आयमा योगदान गर्न सकेको अवस्था छैन र खाडी मुलुकमा वैदेशिक रोजगारीका लागि गएको अवस्था छ । दोस्रोमा स्नातक र स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गरी केही व्यवसाय वा जागिर पनि गरेको जनशक्ति कि यहीँ काम गरेर बसेको छ होइन भने त्यो विदेश पलायन भएको छ । तेस्रोमा 'टप क्रिम' जनशक्ति पनि उत्पादन गरेका छौँ । जसमा डाक्टर, सिए, इन्जिनियर, पाइलटलगायतका जनशक्तिमा ठूलो लगानी भएको छ । त्यो जनशक्ति पनि केही समय नेपालमै काम गरेर विदेश पलायन भइरहेको छ ।

यस अर्थमा शिक्षामा गरेको लगानीले मुलुकले प्रत्यक्षरूपमा जति लाभ लिनुपर्ने हो त्यो लिन सकेको छैन । यसलाई सम्बोधन गर्नका लागि १६औँ योजनामा ७० प्रतिशत विद्यार्थी प्राविधिक तथा व्यवसायिक शिक्षातर्फ र ३० प्रतिशतलाई मात्रै विश्वविद्यालयमा लैजाने प्रणाली विकास गर्न खोजेका छौँ । तर यो आजको भोलि सम्भव छैन । एक दशक वा सोभन्दा बढीको अथक प्रयास हामीले गर्नुपर्ने छ । यसो गर्दा विश्वविद्यालयको क्षमता र लगानीलाई परिवर्तन र कार्यक्रमहरूलाई पुनर्ताजगीकरण गर्नु आवश्यक छ । अहिलेको विश्वविद्यालयको क्षमता पूर्ण सदुपयोग गर्न विदेशी विद्यार्थी अध्यापन गराउने नीति बनाउनुपर्छ । यसो गर्दा गाउँमै पनि जागिर पाउने वा स्वरोजगार बढाउने सम्भावना रहन्छ । विदेशबाट जनशक्ति ल्याउनुपर्ने बाध्यता पनि हटाउन सकिन्छ । त्यसका साथै विद्यालय तहबाटै पाठ्यक्रममा नैतिक शिक्षादेखि योग, आचरण सुधार, परामर्शलगायतलाई समेट्ने प्रयास गर्नेछौँ । प्रारम्भिक बाल विकास कार्यक्रम (इसिडी)लाई पनि सुधार गर्ने गरी योजनामा समेट्ने छौँ ।

हामीले उत्पादन र उत्पादकत्व बढाउनुपर्छ भनेको लामो समय भयो । सन् २००४ मा विश्व व्यापार सङ्गठन (डब्ल्युटीओ) को सदस्य बनिसकेपछि पहिलो पुस्ताको सुधार जानेर वा नजानेर गर्न सक्यौँ । कम्तीमा पनि युवा विदेश जान पाएकाले उनीहरूका परिवारले राम्रो शिक्षा र स्वास्थ्य पाउने अवस्था बन्यो, गरिबी पनि घटेको छ नै । 'ट्यारिफ रेट' घटाएकाले उपभोग पनि सहज भएको छ, यी सुविधाका कारण उत्पादन गर्न नसके पनि व्यापार गर्न सक्यौँ । त्यसैले खुला अर्थतन्त्रको नीतिले पनि हामीलाई कुनै न कुनै रूपमा फाइदा भएको छ । हो, कतिपय कुरा गुमाएका पनि छौँ । त्यसले नीतिगत कुरामा सुधार गऱ्यो । त्यो सकारात्मक पाटो थियो ।


तर अब हामीलाई संस्थागत सुधार आवश्यक छ । त्यसका लागि १६औँ योजनाले समेट्ने प्रयास गर्नेछ । हामीकहाँ विश्व बजारको आवश्यकता बुझेर उत्पादन गर्ने काम गर्नुपर्ने हुन्छ । हामीकहाँ भएका राम्रो उत्पादन र सेवालाई व्यावसायिक विकास गर्न नसकेको अवस्था छ । आजका दिनमा हामीकहाँ आइओएम र आइओइका उत्पादनलाई विश्व बजारमा राम्रो जनशक्तिका रूपमा लिने गरेको पाइन्छ । त्यसैले पहिलो पुस्ताको विकासलाई संस्थागतरूपमा विकास गर्न आवश्यक छ । सोहीअनुसार संस्था र जनशक्तिको विकास, क्षमता अभिवृद्धि गर्दै जानुपर्छ ।

विश्वका धेरै देश कृषिमा आधारित हुँदै उद्योगमा गए भने त्यसपछि मात्रै सेवा क्षेत्रमा प्रवेश गरे । हामीकहाँ कृषिमा राम्रो काम नगरी सेवाक्षेत्रमा बढी गयौँ । उद्योगमा जति विकास गर्नुपर्ने हो, त्यसमा काम नगरी, उत्पादनमा जोड नदिई हामी सिधै सेवामुलुक क्षेत्रको विकासमा गयौँ । विदेशिने पुस्ता नेपालमै बसेर काम गर्न सक्ने अवस्था आयो भने वा उद्योग स्थापना गर्न सक्यौँ भने त्यसले रोजगारी सिर्जनासँगै मुलुकको विकासमा पनि सहयोग पुग्छ । औद्योगीकरण नहुँदा ठूलो जनशक्ति विदेश जानुपर्ने अवस्था आएको छ । अर्थतन्त्र विप्रेषणमा निर्भर हुने अवस्था बनेको छ ।

अर्को विषय संरचना सुधार पनि हो । कृषि, उद्योग र सेवा क्षेत्रमा भएका कमजोरी सुधार गर्दै संस्थागत सुधार गरी उत्पादन बढाउन सकियो भने राष्ट्रिय आयमा योगदान दिन सकिन्छ । आजका दिनमा हामीले चाहेर वा नचाहेर पनि संघीय संरचनामा गइसकेका छौँ । एउटा आवधिक निर्वाचनको एउटा प्रक्रिया पनि पूरा गरिसकेका छौँ । कतिपय ऐन कानुन अझै बन्न बाँकी छ । त्यसका लागि सरकारले सहजीकरण गर्नुपर्छ । संघीय संरचनामा कार्यान्वयनका लागि पूर्णरूपमा नलागी यसको भावना विपरीत प्रश्न उठाउनु हुँदैन । त्यसैले कम्तीमा प्रश्न उठाउन पनि संघीयता मौलाउन र विकासका लागि संघीय सरकारले सहज वातावरण बनाउनुपर्छ ।

समुन्नत राष्ट्र निर्माणका लागि केन्द्रीय सरकार र केन्द्रीय निकायको पहल हुनुपर्छ । ती योजनालाई कार्यान्वयन गर्न सहजीकरणका लागि प्रदेश सरकारको भूमिका हुन्छ भने सोही भावना अनुसार स्थानीय तहलाई योजना कार्यान्वयनका लागि परिचालन गर्न सक्नुपर्छ । योजना निर्माणदेखि कार्यान्वयनसम्म तीन वटै तहको सहभागिता आवश्यक हुन्छ । यसले अपनत्व विकास हुन्छ भने नागरिक र स्थानीय तहको सहभागिताले विकास निर्माणको काम प्रभावकारी रूपमा सञ्चालन गर्न सकिन्छ । यही कुरालाई १६औँ योजनाले अङ्गीकार गर्ने छ ।

– पौडेल राष्ट्रिय योजना आयोगका सदस्य हुन् ।


WEATHERCOAT
LONG LIFE
EXTERIOR EMULSION WITH PU & SILICON
Berger
Paint your imagination
घाम-पानी छेक्छ,
१० वर्ष टिक्छ
चर्को घामबाट बचाउँछ
मुसलधारे वर्षाबाट जोगाउँछ
१० वर्ष वारेन्टी
Berger
WEATHERCOAT
LONG LIFE

# अर्थतन्त्र सुधार्न नीतिगत सुधार

एकातर्फ उच्च मूल्यवृद्धि, अर्कोतर्फ नागरिकको क्रय क्षमता कमजोर हुँदा आर्थिक र वित्तीय चक्र खलबलिएको छ । पुँजीगत खर्च चालु आर्थिक वर्षमा पनि निराशाजनक नै छ । बजेटमा महत्त्वाकांक्षी लक्ष्य निर्धारण गर्ने तर खर्च गर्न नसक्ने संचरनागत माकुरी जालो तोड्न नसक्दा अपेक्षित प्रगति हासिल हुन सकेको छैन ।



राजेन्द्र मल्ल

अर्थतन्त्र शिथिलताबाट गुज्रिरहेको ढिलै भए पनि सरकारले स्विकारेको छ । अर्थतन्त्रको पछिल्लो अवस्थालाई लिएर निजी क्षेत्रका प्रतिनिधि एवम् सरोकारवाला निकायलाई बोलाएर प्रधानमन्त्री पुष्पकमल दाहालले जुन चासो र चिन्ता प्रकट गर्नुभयो, त्यो आफैंमा सराहनीय छ । आर्थिक र वित्तीय क्षेत्रमा देखिएको अस्पष्टता र अन्योललाई अन्त्य गर्न सरकारले पहल गर्न खोजेको देखिन्छ । हालको अवरोध हटाउन सरकार र निजी क्षेत्रसम्मिलित उच्चस्तरीय संवाद परिषद् गठन गरिएको छ । यद्यपि अर्थतन्त्रलाई चलायमान बनाउन ठोस रणनीतिक तयारी र नीतिगत स्थिरताको ग्यारेन्टी अझै भइसकेको छैन ।

राष्ट्र बैंकको तथ्यांकअनुसार अर्थतन्त्रका बाह्य सूचकमा सुधार आएको छ भने आन्तरिकतर्फ पनि केही सूचकमा सकारात्मक संकेत देखिन थालेका छन् । चालु आर्थिक वर्षको ३ महिनाको तथ्यांक हेर्ने हो भने, विप्रेषण आप्रवाह अहिलेसम्मकै सबैभन्दा धेरै १६ खर्ब ४३ अर्ब ९ करोड रूपैयाँ भित्रिएको छ, जुन एक वर्षलाई वस्तु तथा सेवाको आयातलाई धान्न पर्याप्त छ । शोधनान्तर स्थिति पनि ९९ अर्ब ७ करोड रूपैयाँले बचतमा छ । मूल्यवृद्धि गत वर्षको तुलनामा केही हदसम्म नियन्त्रण उन्मुख छ । कर्जाको ब्याजदर घट्ने क्रममै छ । समग्रमा करिब साढे २ वर्षदेखि निरन्तर ओरालो लाग्दै आएको आर्थिक सूचकहरूमा केही आशाका संकेत देखिन थालेका छन् । अर्थात् कालो बादलभित्र चाँदीको घेरा देखिन थालेका छन् । यति हुँदाहुँदै पनि निजी क्षेत्र र आमसर्वसाधारणमा आशा जगाउन सकिएको छैन ।

अर्थतन्त्रमा हाल देखिएको संरचनागत समस्यालाई जरैबाट केलाउन सकिएन भने निकास पाउने सम्भावना देखिँदैन । बैंक वित्तीय संस्थामा उच्च ब्याजदर, मूल्यवृद्धि र चरम व्यापार घाटाले आर्थिक र वित्तीय सन्तुलन बिगारेको छ । केन्द्रीय बैंकको तथ्यांकअनुसार वित्तीय संस्थामा लगानीयोग्य रकम ५ खर्ब हाराहारीमा थुप्रिएको छ । तर पनि कर्जा विस्तार हुन सकेको छैन । आर्थिक प्रतिकूलताका कारण उद्योगी व्यवसायी एवं आमसर्वसाधारणले लिएको ऋण समयमै भुक्तानी गर्न नसक्दा बैंक वित्तीय संस्थामा खराब कर्जाको आँकडा दिन प्रतिदिन बढ्दो क्रममा छ । उद्योगहरू पूर्ण क्षमतामा चल्न सकेका छैनन् भने बजार-पसल पनि बन्द भइरहेका छन् । मुलुकको व्यापार घाटा चालु आर्थिक वर्षको ३ महिनामै साढे ३ खर्बभन्दा माथि पुगिसकेको छ । एकातर्फ उच्च मूल्यवृद्धि, अर्कोतर्फ नागरिकको क्रय क्षमता कमजोर हुँदा आर्थिक र वित्तीय चक्र खलबलिएको छ । पुँजीगत खर्च चालु आर्थिक वर्षमा पनि निराशाजनक नै छ । बजेटमा महत्त्वाकांक्षी लक्ष्य निर्धारण गर्ने तर खर्च गर्न नसक्ने संचरनागत माकुरी जालो तोड्न नसक्दा अपेक्षित प्रगति हासिल हुन सकेको छैन । सरकारी राजस्वले चालु खर्च पनि धान्न नसक्ने परिपाटी विकास हुँदै जाँदा प्रत्येक वर्ष घाटाको बजेट बनाउनुपरेको छ । सरकारको सार्वजनिक ऋण नै जीडीपीको झन्डै ५० प्रतिशत अर्थात् साढे २३ खर्ब पुगेको छ ।

उत्पादन वृद्धि र रोजगारी सिर्जनामार्फत आर्थिक वृद्धि हासिल गर्ने विषय पेचिलो बन्दै गएको छ । सरकारले चालु आर्थिक वर्षमा ६ प्रतिशत आर्थिक वृद्धि गर्ने लक्ष्य राखेको

छ । तर एसियाली विकास बैंक (एडीबी) ले चालु आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धि ४ दशमलव ३ प्रतिशतमा खुम्चिने प्रक्षेपण गरेको छ । गत आर्थिक वर्षमा १ दशमलव ६ प्रतिशतको आर्थिक वृद्धि हुनुले पनि मुलुकमा शिथिलताको स्पष्ट संकेत गरेको छ । सरकारको सार्वजनिक ऋण नै जीडीपीको झन्डै ५० प्रतिशत अर्थात् साढे २३ खर्ब पुगेको छ । ऋण लिएर विकास बजेट बनाउनुपर्ने, अर्कोतर्फ खर्च नहुने परिपाटीले देशको अर्थतन्त्रलाई डँवाडोल बनाउँदै लगेको छ । सरकारले चालु आर्थिक वर्षमा ६ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य राखे पनि उच्च ब्याजदर, मूल्यवृद्धि, पुँजीगत खर्चको कछुवागतिले लक्ष्य पूरा हुने संकेत देखिएको छैन ।

मुलुकमा आफ्नो जमिन बाँझो राखेर हजारौं युवा बिदेसिन बाध्य छन् । स्वदेशमा भविष्य नदेखेर दैनिक दशौं हजार युवा पासपोर्ट बोकेर विमानस्थलको लाइनमा बस्न बाध्य छन् । औद्योगिक क्षमतामा ह्रास, बेरोजगारी जस्ता समस्या समाधान गर्नेतर्फ अबको योजना केन्द्रित बनाइनुपर्छ ।

बजेट र मौद्रिक नीतिको प्रभावकारी कार्यान्वयनमार्फत जनताले अपनत्व महसुस गर्ने गरी आर्थिक जग बसाल्न आवश्यक छ । हाल ९ लाख २३ हजार हाराहारीमा कम्पनी दर्ता भएका छन् । यसमध्ये लघुवित्त, सहकारी र वित्त कम्पनीबाट ऋण लिएर उद्योग व्यवसाय गर्नेको हिस्सा ४७ प्रतिशत रहेको तथ्यांक छ । उनीहरूले हालको अवस्थामा १५ प्रतिशत औसत ब्याज तिरेर व्यवसाय सञ्चालन गरिरहेका छन् । ती क्षेत्रमा उच्च ब्याजदरले पारेको असर एवं ब्याजदर कम गराउन सरकारले सहजीकरण गरिदिनुपर्छ ।

आत्मनिर्भर अर्थतन्त्र निर्माणको बहस लामो समयदेखि भइरहेको छ । तर वार्षिक साढे २ खर्ब रूपैयाँ बराबरको खाद्यान्न र कृषि सामग्री आयात भइरहेको छ । आत्मनिर्भर अर्थतन्त्रका लागि ठूला योजना एवम् नीति बन्ने तर कृषिप्रधान मुलुकमा खाद्यान्नमा समेत परनिर्भरता प्रत्येक वर्ष बढ्दो क्रममा छ ।

अर्थतन्त्रको विस्तार, सम्पत्ति र उत्पादनका साधनमाथि निजी स्वामित्व र उद्योग व्यवसायको सञ्चालनमार्फत आत्मनिर्भर अर्थतन्त्रको जग बस्नुपर्ने हो । तर त्यस दिशामा मुलुक अघि बढ्न सकेको छैन । नीतिगत रूपमा खुला अर्थतन्त्रको अवधारणा अपनाएर मुलुकलाई आत्मनिर्भर बनाउन गम्भीर भएर सोच्नुपर्ने बेला आएको छ । मुलुक निर्माणमा महत्त्वपूर्ण योगदान गर्ने युवाहरूलाई विदेश पठाएर खाद्यान्नलगायत कृषि उपजसमेत आयात गर्नु मुलुकका लागि विडम्बना हो । मुलुकलाई रेमिट्यान्सको भरमा मात्रै चलाउन खोज्ने जस्तो राज्यको व्यवहारलाई परिवर्तन गर्न ठोस नीतिगत व्यवस्थाको आवश्यकता भइसकेको छ ।

> असी प्रतिशत हिस्सा ओगटेको निजी क्षेत्रका सुझावलाई सरकारले बेवास्ता गर्छ । तर सरकार–निजी क्षेत्र सहकार्यको विकल्प छैन । एक रथका दुई पांग्रा भन्ने तर आआफ्नै किसिमले गन्तव्य निर्धारण गर्न खोज्ने हो भने समृद्धिको लक्ष्य हासिल गर्न सकिन्न । निजी क्षेत्रमैत्री वातावरण बनाउन सरकारले अब ढिलो गर्नुहुँदैन ।

विभिन्न कालखण्डमा भएका राजनीतिक उतारचढावले अर्थतन्त्रलाई सधैं गिजोलिरह्यो । दिगो आर्थिक विकासको लक्ष्य निर्धारण तथा अर्थतन्त्र उकास्न पहिलो सर्त सरकारको नीति नै हो । सरकारी नीति प्रभावकारी भएन भने यसको असर अर्थतन्त्रका सबै क्षेत्रमा पर्छ ।

मुलुक संघीय प्रणालीमा गए पनि आर्थिक रूपान्तरणको व्यावहारिक अभ्यास हुन सकेको छैन । अर्थतन्त्रसँग सम्बन्धित धेरैजसो विधेयक संसद्मा लामो समयदेखि अड्किएका छन् । विकास र समृद्धिका लागि सरकार, निजी क्षेत्र र प्रशासनिक संयन्त्र सधैं एक ठाउँमा उभिन आवश्यक छ ।

स्थायी सरकार भनिएको कर्मचारी संयन्त्रलाई चुस्त र पारदर्शी नबनाएसम्म हामीले खोजेको समृद्धि टाढै रहन्छ । महत्त्वपूर्ण आयोजनाको निर्माण र त्यससँग सम्बन्धित नीतिनियम देशको हितमा छन् कि छैनन् भनेर नेतृत्वले साझा धारणा बनाएर अघि बढेको पाइएको छैन । मुलुकको आर्थिक विकासका लागि सरकार र निजी क्षेत्रलाई रथका दुई पांग्रा भनिए पनि नीतिगत कुरा आउँदा सधैं बेमेलकै अवस्था छ । उदार अर्थनीति भन्ने तर ऐन–कानुन बनाउँदा निजी क्षेत्रलाई सीमित गर्ने गरी योजना तर्जुमा गर्ने परिपाटी छ । विकासका लागि मुख्य सर्त भनेको लगानीको उपयुक्त वातावरण र वित्तीय पारदर्शिता नै हो । उद्योग व्यवसायमा लगानीका लागि बैंकिङ वातावरण पनि उपयुक्त हुनुपर्छ । नेपालको विकासका लागि कृषिको उत्पादन वृद्धि, औद्योगिक विकासमार्फत रोजगारी सिर्जना, सूचना प्रविधिको विकास, जलविद्युत्, जडीबुटीको प्रशोधन एवम् निर्यात, पर्यटन जस्ता विषय लामो समयदेखि उठाउँदै आए पनि व्यावहारिक परिणाम आउन सकेको छ ।

मुलुक सुहाउँदो विकासको नीति लिने, मुलुकको अर्थतन्त्र उकास्न एवम् आत्मनिर्भर अर्थतन्त्रका लागि कस्तो नीति कार्यान्वयन गर्ने भन्ने विषयमा अन्योल कायमै छ । युवाहरूले विदेशमा सिकेको सीपअन्तर्गतका उद्योगलाई राज्यले प्रवर्द्धन गरिदिने हो भने आन्तरिक रोजगारी सृजनासँगै निर्यातमा समेत यसले ठूलो प्रभाव पार्छ । युवा जनशक्तिका दृष्टिले नेपाल दक्षिण एसियामा सबैभन्दा शक्तिशाली राष्ट्र हो । तर यसलाई राज्यले सदुपयोग गर्न सकेको छैन ।

अँध्यारो लामो कालखण्डपछि जलविद्युत् क्षेत्रमा आशाको संकेत देखिएको छ । विद्युत्मा मुलुक आत्मनिर्भर उन्मुख भएको छ । विद्युतीकरणबाट पनि मुलुकलाई समृद्धितर्फ डोऱ्याउन सकिने वातावरण बनिसकेको छ ।

लामो अथक प्रयासपछि पूर्वाधारका क्षेत्रमा सुधारका केही संकेत देखिए पनि कालो बादल हटेको छैन । विकास निर्माणसँग सम्बन्धित आयोजना निर्माणमा भएको ढिलाइले समग्र अर्थतन्त्रमा असर गरिरहेको छ । काठमाडौं–तराई द्रुतमार्ग, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, पञ्चेश्वर बहुउद्देश्यीय परियोजना, माथिल्लो तामाकोसी जस्ता आयोजना समयमा निर्माण नहुँदा यसले अर्थतन्त्रमा पारेको अतिरिक्त व्यवहारको क्षति अर्बौं रूपैयाँ पुगिसकेको छ ।

मुलुकको आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका खलेका महिला र साना उद्यमीको प्रवर्द्धनमा राज्यको ध्यान जान सकेको छैन । ८० प्रतिशत साना उद्यमीलाई कसरी राज्यले टेवा दिन सक्छ भन्ने कुरामा ध्यान जान

जरूरी छ । कृषिसँग सम्बन्धित साना र मझौला उद्योगको विकास गर्न राष्ट्रिय योजना आयोगको नेतृत्वमा विज्ञ समूह बनाएर सरकारले बनाउन ठोस नीतिगत व्यवस्था गर्न आवश्यक छ । यसका लागि निजी क्षेत्रका छातासंगठनले महत्त्वपूर्ण सहयोग गर्न सक्छन् । सरकार र निजी क्षेत्रको हातेमालोमार्फत साना तथा मझौला उद्योगलाई प्रवर्द्धन गर्न सकिन्छ । आन्तरिक र बाह्य लगानीका लागि अहिले पनि थुप्रै नीतिगत झन्झट छन् । लगानीको एकद्वार नीति भने पनि व्यवहारमा कार्यान्वयन हुन सकेको छैन । सरकारले एकद्वार नीतिलाई प्रभावकारी रुपले कार्यान्वयनमा लैजान आवश्यक छ । एकद्वार नीति कार्यान्वयन गर्न सकियो भने अन्तर्राष्ट्रिय लगानीकर्तासँगै साना उद्यमीलाई फाइदा पुग्छ । यतातर्फ सरकारी नीति प्रभावकारी हुन आवश्यक छ । मुलुक निजीकरण र उदारीकरणको अभ्यासको चरणमा छ । आर्थिक समृद्धिको मार्गचित्र तथा भिजन तय गर्न अन्तर्राष्ट्रिय सल्लाहकार भित्र्याउन पनि सकिन्छ । मुलुकको आर्थिक विकास र समृद्धिको दीर्घकालीन मार्गचित्र तय गर्न सबै पक्षलाई समेटेर थिंक ट्यांक निर्माण गर्न सकिन्छ ।

मुलुकलाई खान पुग्ने कृषिजन्य वस्तु कम्तीमा आफ्नै उत्पादनले धान्न सक्ने वातावरण निर्माण गर्न सक्नुपर्छ । बाँझो जमिनमा कृषिको आधुनिकीकरण, यान्त्रीकरण र सिँचाइको व्यवस्था गर्ने विषय बजेटमा उल्लेख छ । तर व्यवहारमा कार्यान्वयन हुन सकेको छैन । कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा कुनै समयमा ७० प्रतिशतको योगदान गरेको कृषि क्षेत्र अहिले २३ प्रतिशतमा खुम्चिएको छ । यसको वृद्धिका लागि दीर्घकालीन सोच आवश्यक छ ।

मुलुकले अंगीकार गरिरहेको उदार अर्थनीति सकारात्मक छ । तर यसले गन्तव्य स्पष्ट हुन सकेको छैन । विश्वले तीव्र गतिमा विकास गरिरहेको सूचना प्रविधिलाई अंगीकार गर्दै नवीनतम सोच तथा नीति आजको मुख्य सर्त हो ।

अर्थतन्त्रको ८० प्रतिशत हिस्सा निजी क्षेत्रले ओगटेको छ । सरकारले समग्र आर्थिक क्षेत्रको विकास र निजी क्षेत्रमुखी वातावरणका लागि कम्तीमा ५ देखि १० वर्षसम्म टिक्ने खालको ठोस नीति ल्याउनुपर्‍यो । ६ महिना वर्ष दिनमै परिवर्तन हुने आर्थिक नीतिले निजी क्षेत्रको मनोबल पटक पटक गिराएको छ । अस्थिर नीतिका कारण निजी क्षेत्र उत्पादनमुखी हुनुभन्दा पनि व्यापारतर्फ ढल्किरहेको छ । सरकारले विभिन्न आश्वासन दिइरहेको हुन्छ । तर कार्यान्वयन गर्न सक्दैन । अन्य मुलुकमा निजी क्षेत्रलाई सरकारले नै डोर्‍याइरहेको हुन्छ । हाम्रोमा भने ठीक त्यसको उल्टो छ । असी प्रतिशत हिस्सा ओगटेको निजी क्षेत्रका सुझावलाई सरकारले बेवास्ता गर्छ । तर सरकार-निजी क्षेत्र सहकार्यको विकल्प छैन । एक रथका दुई पांग्रा भन्ने तर आआफ्नै किसिमले गन्तव्य निर्धारण गर्न खोज्ने हो भने समृद्धिको लक्ष्य हासिल गर्न सकिन्न । निजी क्षेत्रमैत्री वातावरण बनाउन सरकारले अब ढिलो गर्नुहुँदैन । मुलुकको आर्थिक भविष्यका लागि सरोकारवाला सबै निकाय गम्भीर हुनुपर्ने भएको छ ।

उच्चस्तरीय संवाद परिषद् गठन गरेर सरकारले आर्थिक निकासका लागि पहलकदमी थालेको छ । यसको व्यावहारिक परिणामका लागि सरकारलाई साथ दिन निजी क्षेत्र सदैव तयार छ । तर यसका लागि पहिलो सर्त नीतिगत स्थिरता र आर्थिक पारदर्शिता नै हो । अर्थतन्त्र चलायमान हुने संकेत केही आर्थिक सूचकले दिएका छन् । तर यो दिगो हुने संकेत अझै देखिएको छ । अर्थतन्त्रमा बाहिर हल्ला भए जस्तो परिस्थिति पनि होइन, डराउनुपर्ने अवस्था पक्कै पनि होइन । तर सजग हुनैपर्नेछ । अर्थतन्त्रलाई चलायमान बनाउन सरकारले मुलुकमा भएको प्राकृतिक स्रोतसाधन र सरकारी सेवालाई चुस्तदुरुस्त बनाउन आवश्यक छ ।

*- मल्ल नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष हुन् ।*




CG
SOALTEE
सोल्टी तयारी चाउचाउ
SOALTEE
सोल्टी तयारी चाउचाउ
Instant Noodles
Chicken Soup Base
CG
SOALTEE
सोल्टी तयारी चाउचाउ
Instant Noodles
कुरिलो स्वादमा
Asparagus Flavored
with Dehydrated Vegetables
स्वाद पनि
साथ पनि



नेपाल गुणस्तर प्रमाण चिन्ह
प्रमाणित
Byanjan™
Manufactured by
AN ISO 22000:2018 CERTIFIED COMPANY
Byanjan
100% Refined
Sunflower Oil
Byanjan
Filtered
Mustard Oil
व्यञ्जनका उत्कृष्ट उत्पादनहरु

# सम्भाव्यता आन्तरिक उत्पादन र व्यापारको

चालु पुँजी कर्जा मार्गदर्शनमा गरिएको व्यवस्था तथा मागमा आएको गिरावटका कारण उद्योगी व्यवसायीले ऋण लिन सकेका छैनन् । सञ्चालनमा रहेका उद्योग तथा कलकारखाना करिब ३० प्रतिशत क्षमतामा मात्रै सञ्चालनमा छन् । सर्वसाधारणदेखि लगानीकर्तासमेत खर्च गर्ने, लगानी गर्ने अवस्थामा नहुँदा मागमा निकै निराशा आएको छ, व्यवसायी निराश छन् ।



राजेशकुमार अग्रवाल

पछिल्लो समय बाह्य क्षेत्र सबल देखिए पनि मुलुकको अर्थतन्त्र निकै अप्ठ्यारो स्थितिमा छ । समग्र बजार मागमा आएको उच्च गिरावट, उत्पादनमा कमी, नगद प्रवाहमा भएको संकुचनका साथै उच्च ब्याजदर आदिका कारण लगानीको योजना स्थगन मात्रै होइन, व्यवसायी व्यवसाय बन्द गर्नुपर्ने बाध्यात्मक अवस्थामा छन्, कतिपय व्यवसायी व्यवसायबाट पलायन भइरहेका छन् । अर्थतन्त्र मन्दीमा हुँदासमेत मौद्रिक नीति र वित्तीय नीतिले अपेक्षाकृत समाधानका उपाय अवलम्बन गर्न सकेनन् । सरकार तथा नियामक निकायले निजी क्षेत्रले भोगेको कठिनाइलाई मुलुकको कठिनाइ नै सम्झिएन । राज्यकै नीतिका कारण राजस्व संकलनमा आएको अपूर्व गिरावटका कारण सरकार कर्मचारीहरूलाई तलब खुवाउन पनि ऋण लिनुपर्ने अवस्थामा पुग्यो ।

हालको अर्थतन्त्रको सबैभन्दा ठूलो चुनौती भनेको बजार चलायमान नहुनु हो, क्रेतासँग उपभोगका लागि पैसा छैन । बजारमा धेरै वस्तुको खरिदबिक्री छैन । बैंकहरूमा भएको रकम उच्च ब्याजदर, चालु पुँजी कर्जा मार्गदर्शनमा गरिएको व्यवस्था तथा मागमा आएको गिरावटका कारण उद्योगी व्यवसायीले ऋण लिन सकेका छैनन् वा ऋणको मागै गरिरहेका छैनन् । मुलुकमा सञ्चालनमा रहेका उद्योग तथा कलकारखाना करिब ३० प्रतिशत क्षमतामा मात्रै सञ्चालनमा छन् । सर्वसाधारणदेखि लगानीकर्तासमेत खर्च गर्ने, लगानी गर्ने अवस्थामा नहुँदा मागमा निकै निराशा आएको छ, व्यवसायी निराश छन् ।

आर्थिक वर्ष २०७६/७७ मा तीन हजार एक सय ६०, आर्थिक वर्ष २०७७/७८ मा चार हजार पाँच सय ८९, आर्थिक वर्ष २०७८/७९ मा १२ हजार आठ सय ८९ र आर्थिक वर्ष २०७९/८० मा २६ हजार आठ सय ६० भएको कालोसूचीमा पर्ने ऋणीहरूको संख्या चालु आर्थिक वर्षको पहिलो त्रैमासमै १० हजार ४१८ पुगेको छ । नेपालको इतिहासमा यो रफ्तारमा कालोसूचीमा पर्नेहरूको संख्या बढेको थिएन । यसबाट समेत उद्योग व्यवसायको अवस्थाको अनुमान गर्न सकिन्छ ।

मुलुकको अर्थतन्त्रको अवस्थालाई सुधार गर्नेतर्फ प्रभावकारी पहलपदमी लिएको नदेख्दा उपभोक्ता तथा व्यवसायीले उपभोग, खर्च र लगानीमा कटौती गर्दै लगेका छन् । व्यक्ति तथा घरपरिवारले अत्यावश्यकबाहेकमा आफ्नो खर्च र उपभोग स्तरमा कटौती गरेका छन् । अत्यावश्यक कामका लागि बाहेक घुमफिर, मनोरञ्जन, बाहिर खानपिन जस्ता गतिविधिमा निकै सोचविचार गरेर मात्र खर्च गर्ने गरिएको छ । परिणामस्वरूप समग्र बजार मागमा निकै कमी आएको हो । तर जिम्मेवारपूर्ण निकायबाटै युवा बिदेसिएका कारण उपभोगमा कटौती आएको भाष्य प्रयोग गर्न छाडिएको छैन । हालको स्थितिमा तथ्यांकलाई मात्रै नहेरौं, 'ग्राउन्ड रियालिटी' बुझ्ने कोसिस पनि गरौं । बजारको वास्तविक वस्तुस्थितिलाई नहेरी केही सकारात्मक तथ्यांकलाई मात्रै हेरेर अर्थतन्त्र सुधारोन्मुख छ भनी ढुक्क रहने हो भने अर्थतन्त्र गहिरो डिप्रेसनमा जान्छ । यसमा सबै सचेत हुन जरूरी छ । परिसंघले अर्थतन्त्रमा मन्दी आउँदै छ भनेर निकै अगाडिदेखि भन्दै आयो । तर सरोकारवालाले गम्भीरतापूर्वक लिएनन्, अर्थतन्त्र मन्दीमा गयो ।

अर्थतन्त्र हालको अवस्थामा आउनुका कारणमा सरकार एवम् नियामकीय निकायले अवलम्बन गरेका नीति तथा अभ्याससमेत हुन् ।

यहाँ सरकार एवं नियामकीय निकायलाई आरोप लगाइएको होइन, नीति निर्माताहरूको 'स्कुलिङ' नै हाम्रो अर्थतन्त्र सुहाउँदो भएन भन्न खोजिएको हो । हाम्रा प्रणाली एवम् नियामकीय अभ्यास त्यसअनुरूपका भएनन् । विगतदेखिका सरकारले लिँदै आएका नीतिका कारण यसै पनि हाम्रो अर्थतन्त्र आयातमुखी छ, मौद्रिक नीतिसमेत आयातित हुन थाल्यो । राज्यले विगतदेखि नै उत्पादनभन्दा आयातलाई प्राथमिकता दिँदै प्रोत्साहन गरिरहेको प्रस्ट छ ।

उत्पादनमूलक उद्योगहरूलाई प्रोत्साहन हुने व्यवस्था कायम गर्न सरकार हालसम्म पनि चुकेको छ । उद्योगमा गरिने लगानी र यसले दिने प्रतिफलको दायरा फराकिलो तथा दिगो हुन्छ । यसले राज्यलाई राजस्व तथा रोजगारीमा योगदान त गरिरहेकै हुन्छ, उत्पादन गर्दा स्वदेशमै मूल्य अभिवृद्धि हुने र स्वदेशकै अर्थतन्त्रभित्र पुँजीको सञ्चालन तथा प्रवाह हुने हुँदा गुणात्मक लाभसमेत प्राप्त भइरहन्छ । तर हाम्रा नीतिनियम उद्योगको प्रवर्द्धन गर्ने खालका नभई आयातलाई प्रोत्साहन गर्ने खालका भएकाले नेपालको पुँजीले विदेशमा पुँजीको निर्माण भइरहेकोतर्फ कसैले ध्यान दिएनन् । यसका लागि प्रणालीमै सुधार ल्याउनुपर्ने जरूरी छ ।

सरकारले निर्यातमा केही उद्योगलाई प्रोत्साहन गर्ने नीति नलिएको भने होइन । तर व्यावहारिक रूपमा उद्योगहरूले पाउने भनिएका सुविधा हालसम्म पनि पाएका छैनन् । कागजमा बोलिने तर व्यवहारमा लागु नहुँदा त्यसको कुनै अर्थ हुँदैन । यो व्यवसायीलाई झुक्याएको जस्तो मात्रै भयो । नेपालको कानुनले व्यवसायीका लागि छुट्याएका सुविधासमेत उद्योगले उपभोग गर्न पाइरहेका छैनन् । निर्यातमूलक उद्योगलाई निर्यातमा नगद अनुदान उपलब्ध गराउने विषय, उद्योगले कच्चापदार्थको आयातमा भुक्तान गरेको कर फिर्ता हुने विषय र डिम्ड एक्सपोर्टको सुविधा हालसम्म पनि उपलब्ध नहुनु केही उदाहरण हुन् ।

कोभिडका बेला दिइएको छुट सुविधा कोभिडको गम्भीर असरबाट बाहिर आउन नपाउँदै एकाएक हटाइयो । पर्यटन व्यवसाय, साना तथा मझौला उद्योगहरूलाई दिइएको छुट तथा सुविधालाई केही अधिक समय निरन्तरता दिइनुपर्नेमा थप कडाइका प्रावधान लागु गरियो । चालु पुँजी कर्जा मार्गदर्शनमार्फत लगानी तथा कर्पोरेट क्षेत्रलाई थप कडाइ गर्न खोजियो । निजी क्षेत्रले लगानी विस्तार नगर्ने हो, लगानीलाई विविधीकरण नगर्ने हो भने अर्थतन्त्र कसरी फराकिलो र बलियो हुन्छ ? यसलाई कडाइ गरेर के गर्न खोजिएको हो, हामीले बुझ्न सकेका छैनौं ।

उच्च ब्याजदर अर्को समस्या हो । यसले नयाँ लगानी र लगानी विस्तारलाई रोकेको छ । आर्थिक गतिविधि विस्तार गर्न, नयाँ लगानी ल्याउन, लगानी विस्तार गर्न र बन्द हुने अवस्थामा पुगिसकेका उद्योग व्यवसायलाई बचाउन प्रणालीले नै ब्याजदर घटाउने नीति अवलम्बन गरिनुपर्ने आवश्यकता छ । हामीले विश्वका अन्य मुलुकले अवलम्बन गरेका ब्याजदर निर्धारण गर्ने उपाय अपनाएर आधार दर खारेज गरी ब्याजदर कम गर्न सुझाव दिइरहेका छौं । हामीले हाम्रो अर्थतन्त्र सुहाँउदो नीति अवलम्बन गर्ने हो, अरु मुलुक वा संगठनले के भनिरहेका छन्, त्यसलाई ध्यान दिने होइन ।

अवैध व्यापार नियन्त्रण गर्न राज्यले केही गर्न सकेको छैन । अनौपचारिक क्षेत्रलाई औपचारिक क्षेत्रमा ल्याउन कुनै प्रयासै भएका छैनन् । यसबाट राज्यले निकै ठूलो राजस्व गुमाइरहेको छ । स्वदेशी उद्योगमा गम्भीर प्रभाव परेको छ । नक्कली तथा अवैध पैठारीलाई नियन्त्रण तथा निरूत्साहन गर्न नेपाल उद्योग परिसंघले वस्तु आयात गर्दा लेबलिङ गर्नुपर्ने नीति लिन आग्रह गर्‍यौं । सरकारले बजेटमार्फत यो विषय सम्बोधन गर्ने प्रयास पनि गर्‍यो । तर आयातित सामानको लेबलिङ भन्सार बिन्दुमै गरिनुपर्ने हाम्रो सुझाव थियो, त्यो हुन सकेको छैन ।

भन्सारबाट पास भइसकेका वस्तु देशभित्र आएर लेबलिङ लगाएर बेच्न पाइने व्यवस्थाले स्वदेशी उद्योगलाई असर पारेको छ । त्यसैले गुमिरहेको राजस्व लिन र स्वदेशी उद्योगलाई प्रतिस्पर्धी बन्न सहयोग गर्न आयातित सामानमा भन्सार बिन्दुमै लेबलिङ गरिनुपर्ने व्यवस्था कायम हुन परिसंघले माग गर्दै आएको छ । यससँगै सरकारले बजार अनुगमनलाई प्रभावकारी बनाउन आवश्यक छ । अवैध वस्तुहरूलाई तत्काल बजारबाट हटाई उचित प्रतिस्पर्धाको वातावरण तयार गर्नुपर्छ । हामीले सुरक्षा निकाय, भन्सार, वाणिज्य तथा राजस्वसँग सम्बन्धित निकायलाई खुला सीमाबाट हुने अवैध पैठारी नियन्त्रणका लागि सजग रहनसमेत अनुरोध गर्दै आएका छौं ।

अहिले रेमिट्यान्स आप्रवाहको स्थिति राम्रो छ । त्यसैका आधारमा अर्थतन्त्र सुधारोन्मुख अवस्थामा रहेको विश्लेषण सरकारी अधिकारी र नियामक निकायले गरिरहेका छन् । रेमिट्यान्स हाम्रो अर्थतन्त्रको अभिन्न अंग हो । यसले नै ठूलो आकारको व्यापार घाटालाई परिपूर्ति गरिरहेको छ । तर रेमिट्न्यास आप्रवाहको तथ्यांक हेरेर खुसी भएर बस्न हुने अवस्था होइन । यसमै रमाउने हो भने, कुनै पनि समयमा अर्थतन्त्र हालको भन्दा कठिन अवस्थामा पुग्न सक्छ । विश्व भूराजनीतिको सबैभन्दा छिटो असर रेमिट्यान्सको आप्रवाहमा पर्छ । यसले हाम्रो विप्रेषण आयमा गम्भीर असर पुग्ने खतरालाई दृष्टिगत गरी हाम्रो अर्थतन्त्रलाई रेमिट्यान्समा आश्रित बनाउनुहुँदैन भन्ने हाम्रो तर्क हो ।

नेपाल अहिले अतिकम विकसित राष्ट्रहरूको सूचीमा छ । सन् २०२६ मा विकासशील मुलुकमा स्तरोन्नति हुँदै छौं । यसपछि नेपालले अन्तर्राष्ट्रिय व्यापारमा अतिकम विकसित मुलुकको हैसियतले पाउँदै आएको विभिन्न सुविधा गुमाउने निश्चित छ । यस्ता सुविधाले हाम्रा वस्तुले निर्यात गन्तव्य

**सरकारको न्यून पुँजीगत खर्च, न्यून विदेशी लगानी, उच्च आयात र कमजोर निर्यात, बढ्दो व्यवसाय सञ्चालन तथा उत्पादन लागतमा व्यापक सुधारको खाँचो छ । उत्पादन लागत घट्यो भने मात्रै स्वदेशी उत्पादन आन्तरिक एवम् अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी हुन सक्छन् ।**

मुलुकमा प्रतिस्पर्धी भई बजार प्राप्त गरिरहेका छन् । यी सुविधा कटौती हुँदा हामीले त्यहाँको बजार गुमाउनुपर्ने खतरा छ । त्यसैले हाम्रा वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता कायम गर्न वस्तुको लागत कम गर्नुका साथै हाम्रा प्रमुख गन्तव्य मुलुकबाट प्राप्त सुविधा कायम राख्न ती मुलुकसँग तत्काल सौविध्य व्यापार सम्झौता (पीटीए) गर्नुपर्ने आवश्यकता हामीले देखेका छौं । यसैअनुसार सरकारलाई विभिन्न माध्यमबाट सुझावसमेत दिँदै आएका छौं ।

हालको संकट सुधार्न नसक्ने अवस्थामा पक्कै पुगिसकेको छैन । मुलुकको अर्थतन्त्र, नेपाली निजी क्षेत्रको प्रकृति र संकट झेल्न सक्ने सामर्थ्य अन्यत्रभन्दा भिन्न रहेको यसअघिका संकटले समेत देखाइसकेका छन् । हालको संकटबाट पनि हामी बाहिर आउन सक्छौं । तर यसका लागि सरकार, नियामक निकाय, सबै राजनीतिक दलहरूले गम्भीरतापूर्वक संकटको सामना गर्दै समाधानका लागि निजी क्षेत्रसँग सहकार्य गर्न भने आवश्यक छ ।

सरकारको न्यून पुँजीगत खर्च, न्यून विदेशी लगानी, उच्च आयात र कमजोर निर्यात, बढ्दो व्यवसाय सञ्चालन तथा उत्पादन लागतमा व्यापक सुधारको खाँचो छ । उत्पादन लागत घट्यो भने मात्रै स्वदेशी उत्पादन आन्तरिक एवम् अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी हुन सक्छन् । यसका लागि पूर्वाधारको विकास महत्त्वपूर्ण आधार हो । पूर्वाधार आर्थिक समृद्धिको आधार हुँदाहुँदै पनि हाम्रा लागि ठूलो चुनौती बनिरहेको छ ।

भैरहवा र सिमरामा विशेष आर्थिक क्षेत्र (सेज) बनेका छन् । विशेष आर्थिक क्षेत्र र औद्योगिक कोरिडोरले उद्योगको लागत घटाउन सक्नुपर्छ । तर विशेष आर्थिक क्षेत्र (सेज) को अवधारणाअनुरूप हाम्रा सेज सञ्चालनमा आउन सकेका छैनन् । सेजको अवधारणाअनुरूप सञ्चालन गर्न नसक्ने हो भने यिनीहरूलाई औद्योगिक क्षेत्रमा रूपान्तरण गरे हुन्छ । दिगो, भरपर्दो, सार्थक आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि उत्पादन बढाउनुको विकल्प छैन । बर्सेनि निर्यात र आयातको बढ्दो दूरीसहितको परनिर्भरता कम गरी मुलुकलाई आत्मनिर्भर बनाउन निरन्तर प्रयत्नशील हुनुपर्ने देखिन्छ । देश आर्थिक रूपमा सबल एवम् सक्षम तब मात्र हुन सक्छ, जब स्वदेशी उत्पादन तथा उपभोगलाई प्राथमिकतामा राख्दै सोहीअनुरूप नीति तथा कार्यक्रम बनाइन्छ र त्यसको प्रभावकारी कार्यान्वयन हुन्छ ।

**वित्तीय र मौद्रिक औजारले संकट समाधान गर्न उचित नीति अवलम्बन गर्दै अर्थतन्त्रलाई आफ्नै जगमा उभिने वातावरण बनाउन आवश्यक छ । अर्थतन्त्रलाई बलियो, दिगो एवम् स्वनिर्भर बनाउन सोहीअनुरूपका नीति, संरचना र प्रणाली हुन आवश्यक छ ।**

मुलुकलाई आत्मनिर्भर बनाउने मुख्य लक्ष्य बोकेर नेपाल उद्योग परिसंघले 'मेक इन नेपाल-स्वदेशी' अभियान सञ्चालन गरिरहेको छ । यो सरकार र निजी क्षेत्रको संयुक्त महाअभियान हो । स्वदेशी उत्पादन वृद्धि, स्वदेशी वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता वृद्धि, स्वदेशी वस्तु र सेवाको उपभोगमा वृद्धि यो अभियानको मुख्य लक्ष्य हो । सरकारको समेत सहकार्यमा सञ्चालनमा रहेको बहुवर्षीय यस अभियानले छिट्टै सार्थकता प्राप्त गर्ने विश्वास छ । स्वदेशी वस्तुको उत्पादन र उपभोग बढाउन २० प्रतिशत महँगो भए पनि सरकारी एवम् सार्वजनिक संस्थानमा अनिवार्य स्वदेशी वस्तु नै उपभोग गर्नुपर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयनले आत्मनिर्भर अर्थतन्त्र निर्माणमा ठूलो टेवा पुऱ्याउने हाम्रो बुझाइ छ ।

केन्द्रीय बैंकले साना मझौलालगायत ठूला उद्योगमा लगानी प्रोत्साहन गर्न यस्ता क्षेत्रमा जाने लगानीको ब्याजदर अन्य क्षेत्रमा हुने लगानीको भन्दा कम हुने नीति लिनुपर्छ । वित्तीय प्रणालीमा रहेको तरलता लगानीमा रूपान्तरण भई पुँजी निर्माण हुने वातावरण तयार गरिनु आवश्यक छ । वित्तीय नीतिमार्फत माग बढाउन पूर्वाधार परियोजनालगायत क्षेत्रमा सरकारी खर्च बढाउनुपर्छ । अर्थात् बजेटको प्रभावकारी कार्यान्वयन महत्त्वपूर्ण छ । संरचनात्मक सुधारतर्फ नियामक अवरोध हटाउनुपर्छ । आर्थिक वृद्धिलाई प्रोत्साहन गर्न नवप्रवर्तन र उद्यमशीलता प्रोत्साहनसहित प्रतिस्पर्धी व्यावसायिक वातावरण निर्माण गरिनुपर्छ । विद्यमान चुनौतीपूर्ण अवस्थामा रहेको अर्थतन्त्र र निजी क्षेत्रलाई अगाडि बढाउन वित्तीय तथा मौद्रिक प्रोत्साहनको आवश्यकता छ ।

वित्तीय र मौद्रिक औजारले संकट समाधान गर्न उचित नीति अवलम्बन गर्दै अर्थतन्त्रलाई आफ्नै जगमा उभिने वातावरण बनाउन आवश्यक छ । अर्थतन्त्रलाई बलियो, दिगो एवम् स्वनिर्भर बनाउन सोहीअनुरूपका नीति, संरचना र प्रणाली हुन आवश्यक छ । उच्च एवम् दिगो आर्थिक विकासका लागि तुलनात्मक रूपमा बढी उत्पादकत्व भएको निजी क्षेत्रलाई आर्थिक विकासको चालकका रूपमा अगाडि बढ्न दिनुपर्छ । बोली होइन, व्यवहारमा सुधार आवश्यक छ । अर्थतन्त्रका विद्यमान जटिलतालाई हलुका ढंगले टालटुल गर्ने मनस्थितिमा सरकार र नियामक निकाय हुनुहुँदैन ।

राजनीतिक अभ्यासमा सरकार परिवर्तन भइरहन सक्छन् । तर सरकार परिवर्तन भएसँगै नीतिसमेत परिवर्तन हुने विडम्बनाले अर्थतन्त्रको विकास र विस्तारमा चुनौती थपिरहेको छ । त्यसैले आर्थिक नीतिका विषयमा सबै राजनीतिक दलको न्यूनतम साझा आर्थिक नीति बन्नुपर्ने आवश्यकता छ ।

*- अग्रवाल नेपाल उद्योग परिसंघका अध्यक्ष हुन् ।*

# नीतिगत स्थायित्वदेखि संरक्षणसम्मको खाँचो

उपभोक्ताको संख्या घटेको छ, भएकाको क्रयशक्तिमा ह्रास आएको छ । अनि माग कसरी बढ्छ ? माग नहुँदा उद्योगको उत्पादन कसरी बिक्री हुन्छ ? उद्योगीको मनोबल खस्किएको छ । उद्योगीले उद्योगको विकल्प सोच्न थालेका छन्, जुन अर्थतन्त्रका लागि सबैभन्दा ठूलो जोखिम हुनसक्छ ।



राजेशकुमार अग्रवाल

म तीन दशकदेखि उद्योग क्षेत्रमा आवद्ध छु । सिमेन्ट, रड, टायललगायत विभिन्न उद्योग चलाइरहेको छु । मेरो अनुभवको यो तीन दशकमा उद्योग क्षेत्रले थुप्रै परिस्थितिको सामाना गर्नुपर्‍यो । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिक उतारचढाव र त्यसका बाछिटाले उद्योग क्षेत्र प्रभावित भयो । हामीले महाभूकम्प, नाकाबन्दी जस्ता कठिन परिस्थिति पनि सामाना गर्नुपर्‍यो । दुई वर्षअघि विश्वव्यापी कोभिड-१९ माहामारी र त्यसको प्रभावको पनि सामाना गर्नुपर्‍यो । नेपालको उद्योग क्षेत्र यस्ता कठिन परिस्थितिको सामना गरेर जेनतेन अघि बढ्दै आएको छ ।

अहिले यो क्षेत्र झनै ठूलो सङ्कटको भुमरीमा फसेको छ । मेरो तीन दशकको अनभुवमा नेपालको उद्योग क्षेत्र हालसम्मकै सबैभन्दा कठीन परिस्थितिमा छ । उद्योग क्षेत्रले अहिले जुन सङ्कट भोगिरहेको छ, यस्तो हालसम्म भोग्न परेकै थिएन ।

अहिले देशका कुनै पनि उद्योगले आफ्नो पूर्ण क्षमता उपयोग गर्न सकेका छैनन्; औसत २० देखि ६० प्रतिशत क्षमता मात्र उपयोग गरिरहेका छन् । दालचामललगायत उपभोग्य वस्तु उत्पादन गर्ने उद्योग औसत ६० प्रतिशत हाराहारी क्षमतामा चलेका छन् । सिमेन्ट उद्योगले ३५-४० प्रतिशत मात्रै क्षमता उपायोग गर्न सकेका छन् । उद्योगबाट नाफा आर्जनका लागि कम्तीमा ७५ देखि ८० प्रतिशत क्षमता उपयोग गर्नुपर्ने हुन्छ । यसको अर्थ के हो भने अहिले अधिकांश उद्योग नाफारहित वा नोक्सानमा चलिरहेका छन् । नोक्सान बेहोरेर पनि किन उद्योग चलाउने त ? यस्तो प्रश्न पनि आउन सक्छ । तर, उद्योग बन्द गर्न झन् धेरै कठिन छ ।

व्यापार क्षेत्रले समस्या भोग्यो भने तुरुन्त बन्द गर्न सकिन्छ तर उद्योगका दायित्व धेरै छन्; संरचना धेरै हुन्छ; त्यसैले सहजै बन्द गर्न सकिँदैन । उद्योग भनेको विवाह हो जो सहजै तोडिन सक्दैन । यति हुँदाहुँदै पनि वर्तमान समस्याका कारण थुप्रै उद्योग पूर्णरूपमा बन्द भएका छन् । मेरै क्षेत्रका उद्योगको उदाहरण दिन्छु - नेपालमा ६० वटा जति सिमेन्ट उद्योग थिए । तीमध्ये अहिले १०-१२ वटा बन्द अवस्थामा छन् । तीन वटा त सधैँका लागि बन्द भएर प्लान्ट नै कवाडीमा बिक्री भइसकेका छन् । अन्य थुप्रै क्षेत्रका उद्योगको हालत यस्तै छ, यो अत्यन्तै दुःख अवस्था हो । उद्योग मर्नु भनेको राष्ट्रिय सम्पत्तिमा क्षति हुनु हो ।

## उद्योग किन समस्यामा छन् ?

अहिले उद्योग क्षेत्र समस्यामा हुनुको मुख्य कारण मागमा आएको सङ्कुचन नै हो । उद्योग क्षेत्रका नीतिगत, कानुनी तथा व्यावहारिक कठिनाई र समस्या त धेरै पहिलेदेखिकै छँदैछ । समस्याको तत्कालीन कारक चाहिँ मागमा आएको कमी नै हो । देशको अर्थतन्त्र मन्दीमा गएको छ । उपभोक्ताको क्रयशक्ति घटेको छ । वर्षयता २५ लाख हाराहारी सक्रिय जनसंख्या विदेशिएको छ । एकातर्फ उपभोक्ताको संख्या घटेको छ भने अर्कोतर्फ भएका उपभोक्ताको क्रयशक्तिमा ह्रास आएको छ । अनि यस्तो अवस्थामा माग कसरी बढ्छ ? जब माग हुँदैन तब उद्योगको उत्पादन कसरी बिक्री हुन्छ ?

उद्योगीको मनोबल खस्किएको छ । उनीहरूमा काम गर्ने कुनै उत्साह नै देखिँदैन ।

उद्योगीहरूले उद्योगको विकल्प सोच्न थालेका छन् जुन अर्थतन्त्रका लागि सबैभन्दा ठूलो जोखिम हुनसक्छ ।

## समस्या समाधानका तत्कालीन उपाय

उद्योगहरूले भोगिरहेको अपूर्व समस्या समाधानका लागि तत्काल पाँच वटा काम गर्नुपर्छ । सरकारले पुँजीगत खर्च बढाउने, ब्याजदर घटाउने, उद्योग व्यवसायको लागत घटाउने, निर्यातमा नगद अनुदान दिने, गुणस्तरीय विद्युत् आपूर्ति र विद्युत् महसुलमा सहुलियत दिने । यी कार्य गरेमा उद्योगका समस्या समाधान हुन सक्छन् । यी कार्य गर्दा सरकारलाई थप दायित्व पर्दैन, इच्छाशक्ति र अग्रसरता मात्रै आवश्यक पर्ने हो ।

सरकारले पुँजीगत खर्च बढाउन नसक्दा बजार चलायमान हुन सकेको छैन । त्यसैले सबैभन्दा पहिला सरकारी खर्च बढाउनु पर्छ । सरकारी कोषमा पैसा थुप्रिनु राम्रो होइन । सरकारले चालु खर्च मात्रै बढाएर पुँजीगत खर्च गर्न नसक्दा त्यसको असर समग्र अर्थतन्त्रमा पर्न जान्छ ।

ब्याजदर बढी हुँदा उत्पादन लागत बढ्नुका साथै उपभोक्ताको क्रयशक्ति पनि घटेको छ । यसले समग्र उत्पादनदेखि माग र आपूर्तिसम्मको चक्रमै प्रभाव पारेको छ । त्यसैले ब्याजदर एकल अंकमा झार्नै पर्छ । खासगरी उद्योगहरूलाई ब्याज कम हुनुपर्छ । नेपाल राष्ट्र बैंकले लिएको माग घटाउने नीतिबाट पछि हटेर बजारलाई चलायमान बनाउने नीति अङ्गीकार गर्नुपर्छ ।

हाम्रो उत्पादन लागत धेरै छ । उत्पादन लागत बढी हुँदा नेपाली उत्पादनले विदेशीसँग प्रतिस्पर्धा गर्न सकेको छैन । त्यसैले उत्पादन लागत घटाउने विषयमा गम्भीर हुनु आवश्यक छ । जग्गाको उपलब्धता, पूर्वाधार निर्माण, प्रविधिको प्रयोग, एकद्वार प्रणालीलगायत थुप्रै संरचनागत तथा प्रशासनिक सुधार गरेर लागत कम गर्न सकिन्छ ।

सरकारले निर्यातमा नगद अनुदान दिने भनेको छ । त्यसले एउटा उत्साह सञ्चार गरेको थियो । सोही नीतिको आडमा सिमेन्टलगायत औद्योगिक वस्तुको निर्यात हुन थालेको छ । तर, घोषणा अनुसार नगद अनुदान सहजरूपमा दिइएको छैन । थुप्रै उद्योगले यो

> ब्याजदर बढी हुँदा उत्पादन लागत बढ्नुका साथै उपभोक्ताको क्रयशक्ति पनि घटेको छ । यसले समग्र उत्पादनदेखि माग र आपूर्तिसम्मको चक्रमै प्रभाव पारेको छ । त्यसैले ब्याजदर एकल अंकमा झार्नैपर्छ ।

सुविधा उपयोग गर्न सकेका छैनन् । त्यसैले सरकारले प्रक्रियागत सहजीकरण गर्नुपर्छ । मासिकरूपमै नगद अनुदान दिनुपर्छ ।

नेपालले बिजुली निर्यात गर्न थालेको छ । यो अर्थतन्त्रको लागि राम्रो सङ्केत हो । तर, हामीले निर्यातसँगै स्वदेशमै विद्युत् खपत बढाउने विषयमा बढी ध्यान दिनुपर्छ । उद्योगलाई पर्याप्त र गुणस्तरीय विद्युत् दिनुपर्छ । यसले हाम्रो उत्पादनमा मूल्य अभिवृद्धि हुनुका साथै लागत कम हुन्छ । अर्कातर्फ, उद्योगलाई विद्युत् महसुलमा सहुलियत पनि दिनुपर्छ ।

देशलाई औद्योगीकरणमा लौजाने विषयमा अरू थुप्रै सुधारको खाँचो छ । सबैभन्दा महत्त्वपूर्ण विषय भनेको नीतिगत स्थायित्व हो । उद्योग भनेको आज लगाएर भोलि लाभा लिइहाल्ने क्षेत्र होइन । ब्रेक इभनमा जान नै पाँच वर्ष लाग्न सक्छ । त्यसैले उद्योगका लागि लिइएका उद्योगमैत्री नीति दीर्घकालीन हुनुपर्छ ।

## सेजलगायत औद्योगिक पूर्वाधारको प्रयोग

करिब दुई दशकअघि जब भैरहवामा सेज बन्ने कुरा भयो त्यसले हामीलाई उत्साही बनायो । तर, जुन अवधारणा अनुसार सेज अघि बढाइयो त्यसको कार्यान्वयन हुन सकेन । सरकारले सेजमा उद्योग स्थापना गराएर निर्यातमार्फत विदेशी मुद्रा भित्र्याउने भन्दा पनि उद्योगलाई जग्गा भाडामा दिएर शुल्क असुल्ने नीति लियो । त्यसबेला प्रतिवर्गमिटर १८५ रुपैयाँ भाडादर तोक्ने प्रस्ताव ल्याइयो, जुन गलत थियो । सेजको तीन पटक उद्घाटन गरियो तर उद्योग आउन सकेनन् । पटक पटक गरेर भाडदर घटाइयो, अहिले प्रतिवर्गमिटर २० रुपैयाँ कामय भएको छ । सरकारले सुरूमै प्रतिवर्गमिटर १०/२० रुपैयाँ कामय गरेको भए उद्योगहरू जान्थे । देशमा उत्पादन र रोजगारी बढ्थ्यो, निर्यात बढ्थ्यो, अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान मिल्थ्यो ।

## अन्तर विश्लेषण किन नगर्ने ?

नेपालमा राज्यले मात्रै होइन निजी क्षेत्रले पनि माग र आपूर्तिबीचको अन्तरको विश्लेषण (ग्याप एनालाइसिस) गर्न नसक्दा उद्योगहरू समस्यामा पर्ने गरेका छन् । कुनै अध्ययन नगरी देखासिखीका भरमा उद्योग चलाउने प्रवृत्ति देखिएको छ । यसले समग्र उद्योग क्षेत्र नै समस्यामा पर्ने गरेको छ । कुनै समय गलैंचा, पस्मिना तथा तयारी पोसाक उद्योगमा यस्तै प्रवृत्ति देखिएको थियो । अहिले सिमेन्टमा पनि यस्तै समस्या देखिएको छ । माग र आपूर्तिको अवस्था र बजारको अध्ययन नै नगरी उद्योग स्थापना गर्ने र समग्र उद्योग क्षेत्रलाई नै समस्यामा पार्ने काम पनि भइरहेको छ । सरकारले पनि कुनै अध्ययन र विश्लेषणबिनै सहज अनुमति दिएर उद्योग क्षेत्रमा समस्या थोपरिरहेको छ ।

यहाँ मैले उद्योगको अनुमतिमा कडाई गर्नुपर्छ भनेको होइन । तर, मागभन्दा आपूर्ति बढी भइरहेको छ र बजार छैन भने त्यस्ता उद्योगका लागि 'रेड फ्ल्याग'को नीति लिनुपर्छ; सर्तहरू राखिदिनुपर्छ । यदि कुनै उद्योग आत्मनिर्भर भइसकेको छ भने सोही क्षेत्रमा थप उद्योग आउँदा कर्जामा कडाइदेखि

निर्यात गर्नुपर्नेलगायतका सर्त राखेर 'रेड फ्ल्याग' नीति लिन सकिन्छ । यसबाट नयाँ लगानीकर्ता पनि जोखिममा पर्दैन र भइरहेका उद्योग पनि समस्यामा पर्नबाट जोगिन्छन् । हामी खुला बजारमा छौँ, लाइसेन्स रोक्न मिल्दैन तर, बै;क तथा वित्तीय संस्थाको लाइसेन्स त रोकिएको छ नि, किन ? छिमेकी भारतलगायत विश्व बजारमा पनि 'रेड फ्ल्याग'को नीति लिएका छन्, हामीले पनि लिनुपर्छ । बजार सिर्जना भएपछि त्यो हटाएर 'ग्रिन फ्ल्याग' नीति लिनुपर्छ ।

## वर्गीकरण आवश्यक

उद्योगहरूलाई मूल्य अभिवृद्धिका आधारमा वर्गीकरण गर्न आवश्यक छ । ८० देखि १०० प्रतिशतभन्दा बढी मूल्य अभिवृद्धि हुने, ५० देखि ८० प्रतिशतसम्म मूल्य अभिवृद्धि हुने, ३० देखि ५० प्रतिशत मूल्य अभिवृद्धि हुने र ३० प्रतिशतभन्दा कम मूल्य अभिवृद्धि हुने उद्योगको वर्गीकरण गर्नुपर्छ । उद्योगको वर्गीकरणपछि तिनीहरूलाई सोही अनुसारको व्यवहार गर्नुपर्छ । सबैखाले उद्योगलाई राज्यले संरक्षण एवम् प्रवर्द्धन गर्नुपर्छ तर धेरै मूल्य अभिवृद्धि गर्ने उद्योगलाई अझ बढी प्राथमिकतामा राख्नुपर्छ । कस्तो उद्योगमा हाम्रो सम्भावना छ ? कसबाट हामीले बढी लाभ लिन सक्छौँ ? जस्ता कुराको उत्तर खोज्दै प्राथमिकता निर्धारण गर्नुपर्छ । पर्यटन, खानी, वन, जलस्रोतलगायत क्षेत्रलाई उच्च प्राथमिकता दिनुपर्छ । यस्ता क्षेत्रको प्रवर्द्धन गर्नुपर्छ । गार्मेन्ट, कार्पेट, हस्तकलालगायतका वस्तुमा पनि हाम्रो सिप, कलालगायतको मूल्य अभिवृद्धि उच्च हुन्छन् । यी क्षेत्र पनि प्राथमिकतामा राखिनुपर्छ । हाम्रो कच्चा पदार्थ, सिप र कला बढी प्रयोग हुने वस्तुको प्रवर्द्धनमा ध्यान दिनुपर्छ । अहिले निर्यातमा नगद अनुदान दिँदा जसरी मूल्य अभिवृद्धिलाई मापदण्ड तोकिएको छ, त्यसरी नै उद्योगलाई पनि मूल्य अभिवृद्धिका आधारमा धेरैभन्दा धेरै सुविधा र छुट दिनुपर्छ । यसले देशलाई औद्योगीकरणतर्फ लैजान मदत गर्छ ।

## सन्तुलित व्यवहार आवश्यक

नियामक वा व्यवस्थापकले कि एकदमै कडाइ गर्छ कि त बन्द नै गर्छ । कुनै समय गिटीढुङ्गाको निकासी जथाभावी खुलाइयो र पछि पूर्णरूपमा बन्द गरियो । घरजग्गाको कारोबारलाई सुरुमा जथाभावी खुला छाडियो र पछि कडाइ गरियो । कोभिड कालमा बैंकले पनि जथाभावी कर्जा बाँडे पछि कडाइ गरेर झ्याप्पै बन्द गरियो । खोल्दा पुरा खोल्ने अनि बन्द गर्दा पूर्णरूपमा सासै फेर्न नसक्ने गरी किन बन्द गरिन्छ ? यो अहिलेको सबैभन्दा ठूलो समस्या हो । व्यवस्थापन र नियामक निकायले सन्तुलिनरूपमा काम गर्नुपर्ने हुन्छ । नीति बनाउँदा पनि अमेरिका र युरोपलाई हेरेर लिनु हुँदैन । हाम्रो अर्थतन्त्रलाई सुहाउँदो नीति लिनुपर्छ । नीति बन्दा तल्ला तहमा काम गर्ने सरोकारावालाई राखिँदैन । तारे होटलमा बसेर सेलिब्रेटी प्रतिनिधिसँग छलफल गरेर बनाइएको नीतिले काम गर्दैन ।

## व्यक्ति होइन, परियोजनामा आधारित कर्जा

बैंकले परियोजनालाई नभई व्यक्तिलाई लगानी गरिरहेको छ । व्यक्तिको हैसियत छ भने परियोजना फेल नै हुने खालको भए पनि कर्जा दिइन्छ । पर्सनल ग्यारेन्टी (पिजी) को व्यवस्था थुप्रै देशमा छैन । जब बैंकले लगानीको संरक्षण परियोजनालाई मात्रै सोच्छ तब परियोजना सफल हुन्छ । परियोजनामा आधारित भएर कर्जा प्रबाह गर्दा सरकार, उद्योगी व्यवसायी र बैंक गरी तीनै पक्षले परियोजनाको संरक्षण एवम् प्रवर्द्धन गर्छन् । लगानीकर्ताले आफ्नो पुँजी पनि हालेको हुन्छ । त्यसैले, व्यक्तिमाथि लगानी होइन, परियोजनामाथि लगानी हुनपर्छ, यसो गर्दा दिगो हुन्छ ।

## उद्योगको संरक्षण किन भएन ?

हामीले खपत गर्ने कतिपय आयातित उत्पादनमा 'स्थापना १८३०' लेखेको देखिन्छ । तर, हाम्रो देशका त्यस्ता उत्पादन छैनन् । नेपाली कुनै पनि त्यस्तो ब्रान्ड छैन जो ४०–५० वर्षदेखि निरन्तर राम्रोसँग चलिरहेको छ । यसको अर्थ के हो भने हाम्रो देशमा उत्पादनको संरक्षण भएन ।

विश्व बजारका रक्सी, कपडा, खानेकुरालगायत धेरै उत्पादनको ब्रान्ड दुई सय वर्षदेखिका छन् । हामीले खपत गर्ने कतिपय आयातित उत्पादनमा 'स्थापना १८३० ' लेखेको देखिन्छ । तर, हाम्रो देशका त्यस्ता उत्पादन छैनन् । नेपाली कुनै पनि त्यस्तो ब्रान्ड छैन जो ४०–५० वर्षदेखि निरन्तर राम्रोसँग चलिरहेको छ । यसको अर्थ के हो भने हाम्रो देशमा उत्पादनको संरक्षण भएन । दीर्घकालमा टिक्न सकेनन् । राज्यले निजी क्षेत्रका उद्योगलाई पनि राष्ट्रिय सम्पत्ति मानेर उत्तिकै प्राथमिकता दिनुपर्छ ।

आज कुल व्यापारमा ९२ प्रतिशत हिस्सा आयातको छ, निर्यातको ८ प्रतिशत मात्रै छ । त्यो ८ प्रतिशतमा पनि धेरै जस्तो निर्यात हुने वस्तुको कच्चा पदार्थ विदेशबाटै आयात हुन्छ । यदि उद्योगलाई संरक्षण गर्ने हो भने व्यापार सन्तुलन गर्न सकिन्छ । सिमेन्ट उद्योगका लागि लिइएको केही खुकुलो नीतिले निर्यातसम्मको बाटोमा पुऱ्याएको उदाहरण हामीसँग छ । आजभन्दा १५ वर्षअघि हामी सिमेन्टमा पूर्णतः परनिर्भर थियौँ । क्रमशः सिमेन्टको आयात प्रतिस्थापन हुँदै गयो । आजको दिनमा हामी सिमेन्ट निर्यात गर्न सक्ने भइसकेका छौँ । सुरुमा निर्यातको कुरा होइन, आयात प्रतिस्थापनको कुरा गरौँ । १६ खर्बको आयातलाई ८ खर्बमा झार्न सक्यौँ भने ठूलो कुरा हो ।

चार वर्षअघि हामीकहाँ उद्योगले पाउने ब्याजदर भारतमा भन्दा एक प्रतिशत बिन्दु कम थियो । तर, अहिले भारतमा भन्दा नेपालमा ४–५ प्रतिशत बिन्दुले बढी छ । कुनै समय भारतको भन्दा १५ प्रतिशत सस्तो पैसा चलाइरहेका हामीले अहिले ४५ प्रतिशत महँगो पैसा कमाइरहेका छौँ । यस्तो अवस्थामा भारतीय उत्पादनसँग कसरी प्रतिस्पर्धा गर्न सकिन्छ ? सरकारले २०–३० प्रतिशत भन्सार संरक्षण दिए पनि उत्पादन लागत दोब्बर हुँदा समस्या भइरहेको छ । उद्योगको स्थापनादेखि सञ्चालन र उत्पादनमा समेत लागत उच्च भएपछि भन्सार सहुलियतले पनि थेग्न सकिँदैन । हामीले भन्सारमा मात्रै ध्यान दिइरहेका छौँ, भन्सार मात्रै बढाउँदा त्यसको असरस्वरुप चोरी पैठारी पनि बढ्छ । त्यसैले भन्सारमा एक तहको सुविधा दिए मात्रै पनि पुग्छ तर यहाँको लागत घटाउनैपर्छ ।

*– अग्रवाल नेपाल उद्योग वाणिज्य महासंघअन्तर्गत उद्योग समितिका सभापति हुन् ।*





GOLCHHA GROUP


SOLE DISTRIBUTOR FOR NEPAL
Hansraj Hulaschand & Co Pvt. Ltd.
Teku Road, Kathmandu, Ph. No: 5330001/5368088
url: nepal.globalbajaj.com/en

/HHBajaj
/BajajNepal
/Company/Golchhagroup

BSVI
LATEST BS6 COMPLIANT

# पुँजीबजारमा अन्तर्राष्ट्रिय मापदण्डको खोजी

लगानीकर्ताका दुई प्रमुख शत्रु हुन् : लोभ र त्रास । लोभले बजार बढ्दा अब सधै बढ्छ, बढि नै रहन्छ भन्ने हुन्छ । कुनै बेला घट्छ पनि भनेर सोच्ने फुर्सद नै हुादैन । त्रासले बजार घट्दा अब सधै घट्छ, घटि नै रहन्छ, कुनै दिन अवश्य बढ्छ भन्ने विश्वासै हुादैन ।



राधा पोखरेल

वि सं २०३३ देखि औपचारिक सुरूवात भएको नेपालको पुँजी बजार 'ओपन क्राइ सिस्टम'देखि अर्धस्वचालित प्रणाली पार गर्दै नेप्से आजको अभौतिक कारोबारको अवस्थामा आइपुगेको छ । तर, पनि नेपालको पुँजी बजार पूर्णतः विकास हुन सकेको छैन । आजका दिनसम्म पनि अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप पुँजी बजार विकास र विस्तार हुननसक्नु विडम्बनापूर्ण नै छ ।

२१ औं शताब्दीको आवश्यकता र माग अनुरूपको विश्व परिवेशसँग प्रतिस्पर्धा गर्नसक्ने बनाउन नेपालको पुँजी बजारको विकासमा धेरै काम गर्नुपर्ने देखिन्छ । आर्थिक विकासका लागि पुँजी बजारको विकास अपरिहार्य छ । तर चार दशकको यात्रा गरिसक्दा पनि यो बजार अझै बामे सर्दै गरेको अवस्थामा छ । त्यसैले यसको विकास र विस्तारमा सरकार, नियामक निकाय, लगानीकर्तासहित अन्य सरोकारवालाले ध्यान दिन जरूरी हुन्छ ।

पुँजी बजारको विकास र विस्तारका लागि लगानीकर्ताले उठाँउदै आएको र सम्बन्धित निकायमा बुझाएको बजार सुधारको ५८ बुँदे माग अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सहमति भए बमोजिम कार्यान्वयन हुन सकिरहेको छैन । पुँजी बजार सुधार विस्तारका लागि उठाइएका काम कार्यान्वयनमा लानुको सट्टा अध्ययनको नाममा समितिमाथि उपसमिति गठन गर्ने कार्य हुँदै आएको छ ।

यस्तो कार्यले लगानीकर्ताको पुँजी बजारप्रतिको भरोसा छुट्दै गएको छ । बजार विस्तारका लागि उठाइएका जायज मागको समयमै सम्बोधन हुन सकेको छैन । यसले सरोकारवाला जिम्मेवारीबाट पन्छिएर पुँजी बजार विकासमा बाधक बनेको देखाउँछ । यसरी सम्बन्धित निकायहरू आआफ्नो जिम्मेबारीबाट विमुख रहँदा पुँजी बजार धारायसी बन्दै गएको छ ।

पुँजी बजारलाई प्रविधिमैत्री बनाएर लगानीकर्तालाई सूचना प्रविधि नीति लागु गरी बजारमा सहज रूपमा क्षमता अभिवृद्धि गर्दै बजारको विकास र विस्तारको स्वच्छ, पारदर्शी र अत्याधुनिक बनाउँदै लैजानु पर्ने आजको टट्कारो आवश्यकता हो । लगानीकर्ताको हकहित संरक्षण गर्दै, संस्थागत सुशासन कायम गर्दै पुँजी बजारको जोखिमलाई न्यूनीकरण गर्दै, पुँजी बजारको विकास गर्ने कार्यमा दतचित्त भएर लाग्नु नै आजको आवश्यता हो ।

नियामक निकायले लगानीकर्ता समस्यामा पर्दा 'बलेको आगोमा घिउ थप्ने काम' गर्नु हुँदैन । सरकारको अग्रसरतामा बजारको समस्या पहिचान र त्यसको सम्बोधनको प्रयास गर्नुपर्छ । मुकदर्शक नबनी सङ्कट परेका बेला उद्धार गर्नुपर्छ । अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्ने हो भने सेयर बजारमा आउने समस्याका कारण पहिचान गरेर निराकरणको प्रयास त्यहाँका सरकारले गर्ने गरेका छन् । त्यसैगरी यहाँको सरकारले पनि अर्थतन्त्रको ऐना मानिने पुँजी बजारप्रति सकारात्मक बन्न सक्नुपर्छ ।

विभिन्न परिस्थितिले बजारलाई प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । प्रत्यक्ष प्रभाव पार्ने कुराले बजारलाई घटाउन सहयोग पुऱ्याउँछ । जस्तो कि देशको राजनितिक अवस्था, अन्तर ाष्ट्रिय आर्थिक मन्दी, प्राकृतिक प्रकोप, तरलता र सरकारको पुँजी बजारप्रतिको दृष्टिकोण, समय समयमा हुने नीतिगत परिवर्तन आदिले बजार प्रत्यक्ष रूपमा प्रभावित बन्छ । साथै, समय समय

फैलने अफवाले पनि बजारलाई प्रत्यक्ष रूपमा प्रभावित बनाउँछ ।

बजारमा अहिले नयाँ-नयाँ कम्पनी थपिने र सोही अनुपातमा सेयर संख्या थपिने क्रम बढ्दो छ । सेयर संख्या थपिँदै जाने तर बजारको विस्तार नहुने कारण बजारमा नकारात्मक असर परिरहेको छ । जसका कारण बजारको विकास एवं विस्तारमा प्रतिकूल असर परेको छ । बैंकमा आउने तरलताका कारण बजारमा नकारात्मक असर पर्छ ।

यता, लगानीकर्ताको अर्को टाउको दुखाइको विषय मार्जिनकल पनि हो । कहिले काहिँ बैंकहरूले लगानीयोग्य पुँजीको कृत्रिम भुत देखाई बेलाबेलामा सेयर बजारमा चलखेल गर्ने गरेका छन् । यसले पनि बेलाबखत सेयर बजार प्रभावित बनाउँदै आएको छ ।

पुँजी बजारका पूर्वाधारमा सुधार तथा विकासका लागि पछिल्लो समय धितोपत्र बोर्डले पुँजी बजारमा उल्लेखनीय सुधार तथा विकासका कार्य गरेको छ । यसका अलावा पुँजी बजारमा नीतिगत, भौतिक र प्राविधिक पाटामा अझै सुधार गर्नुपर्ने छ ।

साथै, शिक्षण तथा जनचेतना अभिवृद्धिलाई क्रमिक रूपमा बढाउँदै लानुपर्ने देखिन्छ । बजारबारे ज्ञान नहुँदा पुँजी भएर पनि सेयर बजारमा आउन चाहने लगानीकर्ता हच्किनु पर्ने स्थिति छ । हाम्रो बजारमा सेयर साक्षरताको अझै कमी छ । त्यस्तै, पुँजी बजारको विकास र विस्तारका लागि हामीले उठाएका जायज मागको सम्बोधन यथा समयमा नहुने र सम्बन्धित निकाय आआफ्नो जिम्मेवारीबाट बिमुख रहँदा पुँजी बजार अस्थिर रहेको देखिन्छ ।

पछिल्लो समय अभिभावक मानिने सरोकारवालाको घाँटी अँठ्याउने नीतिले थिलथिलो भएको पुँजी बजारमा लगानीकर्ताको अपेक्षाको चाङ धेरै छ । घट्दो बजारमा सेयरको कुरा सुन्ने बित्तिकै नाक खुम्च्याउनेहरु र सेयरबारे जानकारी नै नभएकाले समेत निरन्तरको बढ्दो बजारसँगै चासो देखाउने गरेको पाइन्छ । सेयर बजारलाई कतातिर डोहोर्‍याउने भन्ने कुरा लगानीकर्ताको मनोविज्ञानले नै तय गर्ने विषय हो । बजार एकै दिनमा घट्दा लगानीकर्ताले यति गुमाए र बजार बढ्दा यति कुम्लाउन सफल भए भन्ने जस्ता समाचार सम्प्रेषण गर्ने मिडियाले लगानीकर्तालाई सबैभन्दा बढी भ्रमित र आशावादी पनि पार्ने गरेको पाइन्छ । यस्ता हेडलाइनका समाचारमा पनि ध्यान पुर्‍याउने गर्नुपर्छ ।

> **आफूसँग भएको राम्रो कम्पनीको सेयर मूल्य सोचेजस्तो नबढ्ने तर आधारभूत पक्ष कमजोर भएका कम्पनीको मूल्य तीव्र बेगले बढ्दा आफ्नो सुनलाई पित्तल सम्झेर पित्तललाई चाहिँ सुन सम्झेर पोर्टफोलियो परिवर्तन गर्ने धेरै भेटिन्छन्, जुन सबैभन्दा घातक पनि हुन सक्छ ।**

त्यस्तै, निरन्तर घट्दो बजारमा गुमनाम दुलोभित्र पसेर हराइरहेका बजार पण्डितहरू दुई चार दिन बजार के बढेको हुँदैन, बजारले आफ्नो बाटो तय गर्‍यो "अब छिट्टै यति सय चुम्छ, उति सय चुम्छ' जस्ता गाना बजाना सुरू गर्छन् । यस्तो गतिविधि देख्दा बजारका पण्डित भनाउँदाले खबौँको बजारसँग लङ् गुरबुर्जाको जस्तो व्यवहार गरेको पनि देख्न सकिन्छ ।

सेयर बजार भनेको दुई दिनको बजार होइन । दुई चार दिन बढ्दैमा संसार नै जितिने अनि दुई चार दिन घट्दैमा संसार नै सकिने पनि होइन । बजारको आफ्नै लय हुन्छ, आफ्नै चाल हुन्छ । विभिन्न परिस्थितिले बजारलाई प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ ।

सेयर बजारमा लगानीकर्ताका दुई प्रमुख शत्रु हुन् : लोभ र त्रास । यसबाट लगानीकर्ता सदैव टाढा बस्नुपर्छ । लोभले बजार बढ्दा अब सधैँ बढ्छ, बढि नै रहन्छ, कुनै बेला घट्छ पनि भनेर सोच्ने फुर्सद नै हुँदैन । यता, डर र त्रासले बजार घट्दा अब सधैँ घट्छ, घटि नै रहन्छ, कुनै दिन अवश्य बढ्छ भन्ने विश्वास नै हुँदैन ।

सेयर बजार सधैँ बढ्दैन अनि सधैँ घट्दैन पनि । बढेपछि घट्छ अनि घटेपछि बढ्छ । बजारका यी दुई प्रमुख शत्रु चिनेर समयअनुसार चल्ने लगानीकर्ता नै हो बजारबाट कमाउने अनि सधैँ टिकिरहने । जहाँ अबसर हुन्छ, त्यहाँ चुनौती अवश्य पनि हुन्छ । सेयर बजारलाई जति अवसरको खानीका रूपमा लिइन्छ, यसमा चुनौती पनि त्यतिकै हुन्छन् भन्ने बिर्सनु हुँदैन ।

आफूसँग भएको राम्रो कम्पनीको सेयर मूल्य सोचेजस्तो नबढ्ने तर आधारभूत पक्ष कमजोर भएका कम्पनीको मूल्य तीव्र बेगले बढ्दा आफ्नो सुनलाई पित्तल सम्झेर पित्तललाई चाहिँ सुन सम्झेर पोर्टफोलियो परिवर्तन गर्ने धेरै भेटिन्छन्, जुन सबैभन्दा घातक पनि हुनसक्छ । हल्लाको भरमा जस्तोसुकै कम्पनीमा पनि आँखा चिम्लेर लगानी गर्ने लगानीकर्ता पनि त्यत्तिकै भेटिन्छन् । र, तिनै मृत्युको मुखसम्म पुग्ने गरेका पनि छन् । आफूसँग भएको धातु सुन हो कि हैन आफैले चिन्न सक्नुपर्छ । बजारमा पित्तलको भाउ घट्न लागेको हल्ला सुनेर आफ्नो सुन पित्तलमा बेच्न हतारिनु पनि लगानीकर्ताकै बेवकुफी हुन जान्छ । आफूले संस्था बलियो र दिगो छानेर कम जोखिमयुक्तमा लगानी गर्नु पर्दछ ।

युवा सिङ्गो देश बोक्नसक्ने मेरूदण्ड हुन्; आफैंमा ऊर्जाशील शक्तिले भरिएको युगका सुन्दर बिहानी हुन् । आजका युवा नै भोलिका कर्णधार हुन्, भोलिका दिनमा सबै क्षेत्रको नेतृत्व लिने अहिलेका युवाले नै हो । त्यसैले युवा सेयर बजारमा आवद्ध हुनु एकदमै जरूरी रहेको छ ।

## लगानीका केही सूत्र

थोरै रकमले व्यापार व्यवसाय गर्न सकिन्न तर सानोभन्दा सानो बचत पनि सेयरमा लगाएर आम्दानी गर्न सकिन्छ ।

सुरुमै धेरै कमाउन नसकिएला तर त्यो समय कमाउने भन्दा पनि सिक्न, बुझ्ने अभ्यस्त हुने, बेला हो ।

पढाइमै धेरै समय खर्चिनु पर्ने हुँदा अन्य कामको लागि समय हुँदैन तर सेयर बजारलाई धेरै समय दिनु जरूरी छैन ।

पत्रपत्रिका, मिडिया, सामाजिक सञ्जाल,

साथी भाइबाट पनि सेयर बजारबारे जानकारी लिन सकिन्छ ।

युवा अवस्थामा खर्च गर्ने मात्र थाहा हुन्छ । आम्दानी र बचतमा अरूको भर पर्नुपर्ने हुँदा यसबारे केही थाहा हुँदैन र थाहा पाउन आवश्यक पनि ठानिँदैन । तर यही बेलादेखि युवाले आम्दानी, खर्च, बचत र व्यवस्थापनबारे ज्ञान पाए भने अभिभावकमा पनि आर्थिक भार कम हुन जान्छ । यसका लागि सेयर बजार उत्तम विकल्प हो ।

पछिल्लो समयमा आएर सेयर बजारमा युवाको संलग्नता बढ्दै गएको पाइन्छ । खाजा खर्च, फजुल खर्च कटाएर सेयर बजारमा लगानी गर्ने गरेको पाइन्छ जुन राम्रो कुरा हो ।

अझ भन्ने नै हो भने स्कुल तहदेखि नै सेयर शिक्षा दिन जरूरी छ । पाठ्यक्रममा पनि यसलाई समावेश गर्न सके धेरै राम्रो हुन्छ ।

सरकार र धितोपत्र बोर्डले आफ्ना मातहतमा रहेका निकायलाई काम गर्न दबाब सिर्जना गरिदिएर कडा निर्देशन गरिदिने हो दिने हो भने हाम्रो पुँजी बजार पनि आधुनिक, प्रविधिमैत्री, अन्तर्राष्ट्रिय स्तरको र सबै नेपालीको पहुँचमा पुग्नसक्ने थियो । बेलाबखत सरकार र नियामक निकायले बेलाबेलमा गलत निर्णय र गलत अभिव्यक्ति दिएका कारण लगानीकर्तामा अन्यौल सिर्जना भई सेयर बजार बारम्बार कोमामा पुग्ने गरेको छ । आम लगानीकर्ताको भावनामा गम्भीर असर पार्दै पुँजी बजारप्रति निरूत्साहित बनाएको छ । बजार विस्तारका काम कार्यान्वयनमा देखिएको कमजोरी र रणनीतिक काम अवरूद्ध हुँदा, नियमनकारी निकायको उदासीनताले पुँजी बजारमा बेलाबेलमा गम्भीर समस्या ल्याउँदै लगानीकर्ताको बिचमा चरम निराशाको अवस्था उत्पन्न हुने गरेको छ ।

५० लाखभन्दा बढी लगानीकर्ताको सम्पत्तिको सुरक्षामा गम्भिर चुनौती देखा पर्छन् । त्यसैले नेपाल सरकारले पनि पुँजी बजारप्रति हेर्ने दृष्टिकोण स्पष्ट र सकरात्मक हुनुपर्छ । आर्थिक विकासका लागि पुँजी बजारको विकास अपरिहार्य छ । चार दशक बढीको समयमा काटिसक्दा पनि यो बजार अझै बामे सर्दै गरेको अवस्थामा रहेको हुँदा यसको विकास र विस्तारमा सरकार, नियामक निकाय, लगानीकर्तासहित अन्य सरोकारवालाले ध्यान दिनु जरूरी छ ।

पछिल्लो समयमा आएर सेयर बजारमा युवाको संलग्नता बढ्दै गएको पाइन्छ । खाजा खर्च, फजुल खर्च कटाएर सेयर बजारमा लगानी गर्ने गरेको पाइन्छ जुन राम्रो कुरा हो ।

## सङ्कटमोचनका लागि नीतिगत र कानुनी कदम

धितो बोर्डको नेतृत्वले बजारको तत्कालीन कारोबार र पुँजीकरण मात्र नहेरी दीर्घकालीन र दिगो विकास एवम् लगानीकर्ताको हित संरक्षणका लागि काम गर्नुपर्छ । नेपाल राष्ट्र बैंकले मौद्रिक नीति मार्फत सेयर कर्जामा लगाएको सेयर धितो कर्जाको सीमा हटाउनु पर्छ ।

बजारको सुधार अनि अगाडि बढाइएका सेयर कारोबार वृद्धि र व्यवस्थापनका प्रयासले कारोबारी र लगानीकर्तालाई केही आकर्षित त गर्ला, तर दीर्घकालसम्म टिकाउन मुस्किल हुन्छ । अहिलेको अवस्थालाई अवसरका रूपमा लिँदै धितो बोर्डको नेतृत्वले बजारको तत्कालीन कारोबार र पुँजीकरण मात्र नहेरी दीर्घकालीन र दिगो विकास एवम् लगानीकर्ताको हित संरक्षणका लागि काम गर्नुपर्छ । नेपाल राष्ट्र बैंकले मौद्रिक नीति मार्फत सेयर कर्जामा लगाएको सेयर धितो कर्जाको सीमा हटाउनु पर्छ ।

पुँजी बजारमा प्रविधिको उपयोग बढ्दै कारोबारमा सहजता सँगै बढ्दो लागत, तथ्यांक भण्डारण, सुरक्षा र उपयोग तथा प्रविधिकै दुरूपयोगबाट लगानीकर्तामा हुने हानी, बजार सञ्चालन र व्यवस्थापनमा आइपर्ने चुनौतीका साथै डिजिटल डिभाइडबाट बजार पहुँच वा बहिष्करणको सम्भावनालाई प्रभावकारी ढङ्गले सम्बोधन गरिनुपर्छ । प्रविधिकै दुरूपयोग गर्दै सीडीएसले लगानीकर्ताको जानकारी-स्वीकृतिबिना डिम्याट खाताबाट सेयर झिक्ने, मर्चेन्ट बैंकरले बैंक खातामा पैसा राख्ने र झिक्ने काम गरेको छ । यस्तो गैरकानुनी काम अन्त्य गर्नुपर्छ ।


बजार पुँजीकरण र सूचकांकको विश्वसनीयता कायम गर्न पारदर्शिता, विधिमा एकरूपता कायम गर्नुका साथै बाँडफाँड नीतिमा पुनरावलोकन, आइपिओ, हकप्रद र बोनसको बाँडफाड र सूचीकरण, मर्ज वा प्राप्ति गरेका कम्पनीको सूचीकरण र आरम्भिक मूल्य गणनामा आवश्यक निर्देशन र नियमन हुनुपर्छ ।

कारोबारलाई सहज बनाउन चुस्त र प्रभावकारी कारोबार प्रणाली, सिडिएस तथा डिपी, बैंक तथा वित्तीय संस्था र दलालबीच कारोबार, सेयर तथा भुक्तानी राफसाफका लागि 'सिस्टम इन्टिग्रेसन' र कानुनी प्रावधान हुनुपर्छ ।

अनलाइन कारोबार प्रणालीलाई विश्वसनीय र प्रभावकारी बनाइनु पर्छ । औसत लागत गणना र स्वघोषणाको विद्यमान प्रणालीमा सुधार गर्दै नेप्से वा सिडिएससी र सफ्टवेयरबाटै वैज्ञानिक र व्यावहारिक लागत गणना र कर निर्धारणको व्यवस्था गरिनु पर्छ ।

कम्पनीको व्यावसायिक र वित्तीय सूचनामा शुद्धता, यथार्थपरकता, पर्याप्तता र एकरूपताका लागि त्रैमासिक विवरणको ढाँचामा पुनरावलोकन गर्दै विभिन्न उपसमूहका कम्पनीको विवरणमा एकरूपता, सार्वजनिक सूचनाप्रति कम्पनीका सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउँदै र गलत सूचना प्रवाहबाट हुने हानि-नोक्सानीमा क्षतिपूर्ति तथा कारबाहीको व्यवस्था, सार्वजनिक सूचनाको पर्याप्तता, यथार्थता र शुद्धताको परीक्षण गरिनुपर्छ ।

*- पोखरेल पुँजीबजार लगानीकर्ता संघकी अध्यक्ष हुन् ।*


दिगो समृद्धिको लक्ष्य पूरा गर्न
लक्ष्मी बैंक र सन्राइज बैंक
एक भई बनेका छौं हामी
Laxmi Sunrise
लक्ष्यमा सँग-सँगै

# लगानीमा जोखिम व्यवस्थापन

स्थायी प्रकृतिको सरकार नबन्दा निजी क्षेत्र लगानी गर्न तयार हुने गरेको छैन । अर्को सरकार आएर बजेटमा परिवर्तन गर्छ कि भन्ने डर उसमा हुन्छ । ठूला पूर्वाधार आयोजना समयमै नसकिनुको एउटा जिम्मेवार निकाय सरकार हो– पूर्वाधार निर्माणमा सरकारको कार्यसम्पादन कमजोर छ ।



राधेश पन्त

कुनै पनि देशको विकासका लागि पूर्वाधार निर्माण अपरिहार्य हुन्छ । नेपाल जस्तो देशका लागि त ठूलो परिमाणमा लगानी र जनशक्तिको आवश्यकता अरु क्षेत्रमा पनि हुन्छ । परियोजना तर्जुमा र कार्यान्वयनमा व्यवस्थापकीय दक्षताको पनि उत्तिकै आवश्यकता हुन्छ । यी कुरामा समन्वय नहुँदा नेपालको पूर्वाधार क्षेत्र सोचे अनुसार विकास हुन सकेको छैन । यसै कारण देशमा आर्थिक गतिविधि विस्तार हुन नसकी रोजगारी सिर्जनासमेत नहुँदा नेपालको युवा जनशक्ति विदेश पलायन पनि बढेको छ । तथापि विदेशिएको जनशक्तिले पठाएको विप्रषणले अर्थतन्त्रलाई भरथेग त गरेको छ तर विप्रेषणमा आएको विदेशी रकम पुँजीका रूपमा नभई उपभोगमा सीमित हुँदा समुचित प्रतिफल प्राप्त हुन सकेको छैन ।

ठूला पूर्वाधार आयोजना आन्तरिक लगानीले मात्र सम्भव हुँदैन; विदेशी लगानी अपरिहार्य हुन्छ । सीमित आन्तरिक र बाह्य लगानीका पनि ठूला पूर्वाधार आयोजना निर्माण गरेर देखाउन सकिएको छैन । निर्माण सकिएका आयोजना विरलै छन् । विनातयारी र भविष्यमा आइपर्ने जोखिमको मूल्याङ्कन नै नगरी निर्माण गरिएका आयोजनाको दिगोपनामा प्रश्न देखिएको छ । अहिले सुरू भएका आयोजना समस्यामा रूमलिएका छन् । लगानी ठूलो भएर पनि ससाना समस्याले निर्माणले गति लिन सकेको छैन ।

जलविद्युत् होस् वा सडक पूर्वाधार सबै क्षेत्रका आयोजना समस्याग्रस्त छन् । यस्ता आयोजनामा गरिएको लगानीको महत्त्व बुझेर जिम्मेवार निकायले छिटो समस्याको समाधान गर्नेतर्फ ध्यान दिनुको विकल्प छैन । खर्बौं लगानी भएका अरूण तेस्रो जलविद्युत् आयोजना, काठमाडौं-तराई मधेस द्रुतमार्ग (फास्ट ट्र्याक) को निर्माणमा अझै मुआब्जाको समस्या छ । यी आयोजना सम्पन्न हुँदा मुलुकको अर्थतन्त्र चलायनमान बनाउने छ ।

ठूला पूर्वाधार आयोजनाको योजना र रणनीति दीर्घकालको हुन्छ । एक त आयोजनाको अध्ययन गरेर प्रस्तावना तयार गर्न र आयोजना सम्पन्न गर्न समय लाग्छ । कुनै पनि पूर्वाधार बनेपछि त्यसको फाइदा आसपासको क्षेत्रलाई नै हुने हो । मुलुकले पनि त्यही अनुसार आर्थिक लाभ लिन्छ । हाम्रा पूर्वाधार योजना अनुसार नै बनाइदैन् जसले गर्दा ती आयोजनाबाट जनताले समयमै प्रतिफल लिन सकेका छैनन् ।

कमजोर कार्यसम्पादनले पूर्वाधार निर्माणमा असर पार्छ । असोजसम्म सरकारको तिर्न बाँकी सार्वजनिक ऋण साढे २३ खर्ब रूपैयाँभन्दा बढी पुगेको छ । पुँजीगत खर्च गर्न सकिएको छैन । सरकार चलाउनमै बढी खर्च छ । सबैभन्दा बढी खर्च प्रदेशमा छ । आवश्यक नै नभएका भवन निर्माण र गाडी खरिदमा अनावश्यक खर्च गरिएको छ । उत्पादनमूलक क्षेत्रमा खर्च भएको छैन । पूर्वाधार निर्माणका लागि राजनीतिक स्थिरता अनिवार्य हुन्छ, तर स्थायी सरकार नहुँदा समस्या भएको छ ।

जलविद्युत्, ठूला सडक पूर्वाधार दीर्घकालीन योजना हुन् भनेर सोच्न जरूरी छ । एउटा ठूलो जलविद्युत् आयोजना बनाउन १५ वर्षभन्दा बढी लाग्छ । लगानी जुटाउन त्यत्तिकै गारो छ । अहिलेको अवस्थामा यस्तो क्षेत्रमा बाहिरबाट कसरी लगानी नै ल्याउने हो । सरकारले लगानीको वातावरण बनाउनुपर्छ ।

## समस्या

सुरू भएका ठूला आयोजना सम्पन्न हुने हो भने नेपालले राम्रै प्रतिफल पाउँछ । उदाहरण हो, द्रुतमार्ग (फास्ट ट्र्याक) । यो आयोजना सम्पन्न हुन सके मुलुकले आर्थिक समृद्धिमा फड्को मार्ने छ । तर यो आयोजना सुरू हुन नदिन अनेकौँ राजनिति गरियो । भारतलाई दिने कुरा भए । भारतलाई दिन सकेको भए आयोजना सस्तोमा बन्ने थियो । अहिले लागत बढाइएको छ । संशोधन गरेर २ खर्ब ११ अर्ब रूपैयाँ पुर्‍याइएको छ । निर्माण सम्पन्न हुँदासम्म लागत ३ खर्ब रूपैयाँ पुग्ने छ । विनायोजना काम गर्दा लागत बढेको हो । यस्तो समस्या अन्य आयोजनामा पनि छ ।

ठूला आयोजना सरकारले मात्रै बनाउनु पर्छ भन्ने छैन; निजी क्षेत्रको साथ लिनु पर्छ । सार्वजनिक निजी साझेदारी (पिपिपी) मा ठूला आयोजना निर्माण गर्न सकिन्छ । लगानीकर्ताले जोखिम मोलेर आयोजना ल्याएको हुन्छ । त्यसको सहज निर्माणको वातावरण सरकारले बनाइदिनु पर्छ । निर्माणको ठेक्का लिइसकेपछि ठेक्का सम्झौता गर्दा तयार भएका कानुन परिवर्तन गर्नु हुँदैन ।

निजी क्षेत्रले लगानी, प्राविधिक तथा भौगोलिक जोखिम बहन र गुणस्तर सुनिश्चित गर्दछ भने अनुगमन गर्ने जिम्मा सरकारको हो । तर कर्मचारीतन्त्र उत्तरदायी छैन । मन्त्रालयको आयोजना भए पनि त्यसमा ऊ उत्तरदायी बन्दैन । उनीहरूको भनाइ यसले कामै गरेन, भने अनुसार काम भएन भन्ने मात्र हुन्छ । कर्मचारी आफु चोखिन तथ्यहीन गफ लगाउँछन् । त्यसैले जोखिमको बाँडफाँड हुनुपर्छ; निर्माणमा हुने जोखिम कुनै न कुनै पक्षले लिनैपर्छ । त्यसपछि मात्र बैंक तथा वित्तीय संस्थाहरू लगानी गर्न तयार हुन्छन् । ठूला पूर्वाधार आयोजनामा धेरै लागत लाग्छ तर बजेट कम राखिन्छ । फेरि पुँजीगत खर्च एकदमै कम हुनेगर्छ ।

आयोजनाको मोडलमा पनि समस्या छ । ठूला सडक पूर्वाधार गुणस्तरयुक्त बनाउने हो भने पिपिपी जान सकिन्छ । फास्ट ट्र्याकमा पिपिपी मोडलमा गएको भए निजगढ अन्तर ाष्ट्रिय विमानस्थल पनि बन्ने थियो । जसले मुलुकको आर्थिक विकासमा ठूलो टेवा पुग्ने थियो । यसले भारतसँगको व्यापार सहज बनाउने थियो ।

अर्को समस्या प्राथमिकताको हो । अहिले सडक पूर्वाधार वडा अध्यक्ष, मेयर/उपमेयर र सांसदको घरघर पुर्‍याइएको छ । त्यस्तैमा मात्र बजेट बग्ने गरेको छ । यस्ता पूर्वाधार हचुवाका भरमा बनाइएका छन् । डोजरको भरमा विकास गरिएको छ । त्यहाँ न प्राविधिक हुन्छन्, न कुनै विज्ञ कर्मचारी नै । यस्ता पूर्वाधार निर्माणले प्रतिफल दिँदैन बरू बाढी पहिरोको जोखिम निम्त्याएको छ ।

> आयोजना निर्माणका लागि सम्झौता हुन्छ तर ती कसरी बनिरहेका छन् ? अवस्था के छ भनेर ठेक्का व्यवस्थापनको पाटो मात्र हेर्ने छुट्टै निकाय छैन । ठेक्का व्यवस्थापन गर्ने र त्यसको अनुगमन गर्ने बेग्लै निकाय खडा गरेर काम गर्नुपर्छ ।

पूर्वाधार निर्माणमा सरकारको ध्यान गएकै छैन । उदाहरण माथिल्लो तामाकोसी जलविद्युत् आयोजनालाई दिन सकिन्छ । यो बनाउन धेरै समय लाग्यो । यसले सरकारको क्षमतामा ठूलो समस्या छ भन्ने देखायो । अहिले सानो काम लिएर वन, प्रशासन जाँदाजाँदै थाकिन्छ । स्थायी प्रकृतिको सरकार नबन्दा निजी क्षेत्र लगानी गर्न तयार हुने गरेको छैन । अर्को सरकार आएर बजेटमा फेरि केही परिवर्तन गर्छ कि भन्ने डर हुन्छ । ठूला पूर्वाधार समयमै नसकिनुको एउटा जिम्मेवार निकाय सरकार हो । सरकारको कार्यसम्पादन पूर्वाधार निर्माणमा कमजोर देखिने गरेको छ ।

सरकारले भविष्यमा आइपर्ने जोखिमलाई नहेरी आयोजना तर्जुमा गर्ने गरेको छ । जलवायु परिवर्तनले नदीनाला सुक्दै गएका छन् । विशेष गरी जलविद्युत् आयोजनाको अवस्था ५० वर्षपछि के हुन्छ भन्ने जोखिम छ । त्यो बेलासम्म नयाँनयाँ प्रविधि आइसकेको हुन्छ । आयोजनाको विकास गर्ने काम सरकारको हो । अध्ययनदेखि सबै तयारी पुरा गरेर निर्माण गर्न योग्य बनाएर निजी क्षेत्रलाई आह्वान गर्नुपर्नेमा आयोजनाको अध्ययन र तयारी नै नगरी निजी क्षेत्रलाई जिम्मा लगाउने चलन छ । राष्ट्रिय योजना आयोगले प्रधानमन्त्री, मन्त्रीले कतै देखेका आधारमा आयोजनालाई निर्माण गर्ने भनेर योजनामा राख्ने गरेको छ । आयोजनामा के के गल्ती भए भनेर गम्भीर बनेर लाग्ने हो भने अन्य आयोजनामा ती गल्ती दोहोरिँदैनन् ।

## पूर्वाधार निर्माणमा देखिएका मुख्य समस्या

- मुआब्जा र वनको समस्या
- बजेट अभाव
- पूर्वतयारी नहुनु
- अध्ययनविना नै ठेक्का लगाइनु
- ठेक्का लिएर काम नगर्नु
- ठूला पूर्वाधारको सट्टा अनावश्यक क्षेत्रमा बढी लगानी गर्नु
- निर्माणमा निजी क्षेत्रलाई वेवास्ता गर्नु
- पिपिपी मोडलमा काम गर्न नसक्नु
- स्वार्थ बाझिने गरी ठेक्का गर्नु
- समयमै काम नगर्ने ठेकेदारलाई कारबाही गर्न नसक्नु ।

## सङ्कटमोचनका उपाय

कुनै पनि ठूलो आयोजनामा लगानी गरेको १५ वर्षपछि मात्र प्रतिफल आउन थाल्छ । हाम्रोमा लगानी गर्न आएका लगानीकर्तालाई समेत फर्काउने गरिएको छ । हाम्रो समाज धेरै नकारात्मक छ । कसैले राम्रो गरेको देखी सहँदैनौँ । तथ्यमा जाँदैनौँ; गफैमा भुल्ने प्रवृत्ति छ । जहाँजहाँ सडक जान्छ त्यहाँ बजार खुल्छ । कृषि उत्पादनले सहजै बजार पाउँछ । होटल, रेस्टुरेन्ट थपिन्छन् । ती क्रमशः ठाउँ सहर बन्छन् र आर्थिक गतिविधि बढ्छ । पूर्वाधारले यसरी आर्थिक पाटोलाई जोड्छ ।

सडक बनेपछि त्यहाँ आयोजना निर्माणमा आर्थिक रूपमा स्वार्थ बाझिने काम पनि हुने गरेका छन् । यस्तो विशेषगरी बजेटमा हुने

गरेको छ । कुनै एक व्यवसायीको चाहनामा बजेटको बुँदा नै परिवर्तन हुने गरेको छ । कुन व्यवसायीको चाहनामा र फाइदाका लागि कुन बुँदा कहाँ कसरी राखियो वा कसरी परिवर्तन भयो भन्ने बुँदा हेर्नसाथ थाहा हुन्छ ।

ठूला आयोजनामा अर्बौं, खर्बौं लगानी हुन्छ । आयोजनाको विकास गर्ने काम सरकारको हो । तर अध्ययन अनुसन्धान गरेर निर्माण गरिएको आयोजना कमै छन् । कतिपय ठाउँमा राम्रो तयारी नगर्दा सुरू गरेका आयोजनामा समस्या छ । मेलम्ची खानेपानी आयोजना, फास्ट ट्र्याक निर्माणका क्रममा भइरहेको डिपिआर परिवर्तन त्यसका उदाहरण हुन् ।

ठूला आयोजनामा धेरै खर्च भइसक्यो तर आयोजना अझै बनेन भनेर बस्न हुँदैन । त्यसलाई टुङ्ग्याउनेतर्फ लाग्नुपर्छ । अरूण तेस्रोमा जग्गाको समस्या आएकाले त्यसलाई समाधान गर्न जरूरी छ । यस्ता आयोजनामा समस्या आउनसाथ प्रधानमन्त्री आफैंले सम्बन्धित निकायलाई बोलाएर समाधान गर्नतिर लाग्नु पर्छ । जति ढिला गऱ्यो त्यति आयोजना सम्पन्न हुन त्यतिकै समय लाग्छ र लागत बढ्छ । त्यसैले चालु ठूला आयोजनामा के के समस्या छन् ? किन ढिलो भइरहेको छ ? भन्ने मिहिन ढङ्गले केलाएर अघि बढ्नु पर्छ । त्यस्ता आयोजनामा बजेटको समस्या हुन हुँदैन । छिटो सम्पन्न गर्न त्यही अनुसारको बजेट व्यवस्थापन भने गर्नुपर्छ ।

हरेक आयोजनाबारे महिनाको प्रत्येक साता एक घण्टा समय निकालेर छलफल गर्नुपर्छ । बेलाबेलामा लगानी सम्मेलनको आयोजना गरेर ठूला पूर्वाधार निर्माणमा लगानी भित्र्याउनु आवश्यक छ । मुख्य दलका शीर्ष नेताहरू प्रायः राजनिति टुङ्गोमा पुगेपछि मुलुकको विकास गर्ने हो भन्छन् । तर नेपालको राजनिति कहिल्यै पनि टुङ्गोमा पुग्दैन । विकास गरेर जनताको मन जित्ने हो भने टुङ्गो लाग्ला, तर विकास नै नगरी राजनीति गरेर कसरी टुङ्गो लाग्छ ?

निर्माण व्यवसायीका कारण ठूला आयोजना वर्षौं अल्झिइरहेका छन् । काममा मनपरी र लापरबाही गर्नेलाई सरकारले न कारबाही गर्न सक्छ न लाइसेन्स नै रद्द गर्न सक्छ । कतिपय निर्माण व्यवसायी सरकारसँग जोडिएका छन् । उनीहरूले राजनितिक दलका नेताहरूसँग पनि काम गरीरहेका हुन्छन् । कति त पार्टीकै नेता ठेकेदार छन् । यस्तो अवस्था रहिरहँदा ठूला आयोजना समयमै सम्पन्न हुँदैनन् । त्यसैले अनुगमन हरेक क्षेत्रमा हुनु पर्छ । खर्बौंका आयोजना निर्माणका लागि सम्झौता हुन्छ तर ती कसरी बनिरहेका छन् ? अवस्था के छ भनेर ठेक्का व्यवस्थापनको पाटो मात्र हेर्ने छुट्टै निकाय छैन । ठेक्का व्यवस्थापन गर्ने र त्यसको अनुगमन गर्ने बेग्लै निकाय खडा गरेर काम गर्नु पर्छ । काम नगरे ठेक्का तोडेर कारबाही गर्न सक्नुपर्छ ।

पूर्वाधार निर्माणमा वातावरण महत्त्वपूर्ण हुन्छ । त्यसैले हरियालीयुक्त पूर्वाधार निर्माणको आवश्यकता छ । सबैको पहुँच र सुविधाका शिक्षा, स्वास्थ्य, यातायात पूर्वाधार बनाउने व्यवस्था गर्नुपर्छ । सरकार आफैंले मात्र लगानी गर्न खोजेर पनि यी क्षेत्रका पूर्वाधार निर्माणमा धेरै समस्या आउने गरेका छन् । त्यसैले यस्तो कार्यमा निजी क्षेत्रलाई साथै लग्न सक्नुपर्छ । पूर्वाधारमा लगानीकर्तालाई 'वान विन्डो' सेवा उपलब्ध गराउनु पर्छ; सरकार र निजी क्षेत्रको हातेमालो हुनुपर्छ ।

कुनै नीतिगत कुराले समस्या पारे छिटो मन्त्रिपरिषद्बाट निर्णय गराएर छिटो समाधान खोज्नु पर्छ । दीर्घकालमा लगानीका निम्ति दीर्घकालीन पुँजी चाहिन्छ । यसमा पूर्वाधार बैंकहरूले लगानीको काम गर्न सक्छन् । त्यस्ता बैंकको संख्या बढाउनु पर्छ । दातृ निकायबाट आउने अनुदानको रकममा गुणस्तरीय काम कम हुने गरेको छ । यस्ता अनुदानमा भ्रष्टाचारको जोखिम बढी हुन्छ ।

दातृ निकायले दिने ऋणमा काम गर्दा पछि तिर्नुपर्ने दायित्व हुन्छ । त्यसैले छिटो काम हुने र भ्रष्टाचारको सम्भावना कम हुन्छ । बाह्य लगानीकर्तालाई प्रोत्साहन गर्न ठूला पूर्वाधार पनि नेपालमा बन्दा रहेछन् भनेर देखाउने गरी काम गर्नुपर्छ । आयोजना सुरू भएको देखेका नेपाली जनताले आयोजना पुरा भएर त्यसले पारेको सकरात्मक प्रभाव देख्ने गरी काम हुनुपर्छ । आयोजनाको अध्ययन वर्तमानलाई मात्र नहेरी भविष्यमा के हुनसक्छ र त्यसका लागि कसरी पूर्वाधार निर्माण गर्दा उपयुक्त हुन्छ भनेर गर्नुपर्छ । सरकारले कुन आयोजना निर्माणको जिम्मेवारी निजी क्षेत्रलाई दिने र कुन आयोजना आफैंले गर्ने भनेर छुट्याउन जरूरी छ । समुदाय र ठाउँलाई आर्थिक रूपमा चलायमान बनाउन सहयोगी आयोजना हुनुपर्छ । नेपालको नक्सा नै राखेर कुन आयोजना पहिला कता बनाउने भनेर ठाउँ नै तोकेर काम गर्नुपर्छ । ठाउँ र क्षेत्र छानेर प्राथमिकता तोक्दै काम गर्नुपर्छ ।

*- पन्त लगानी बोर्डका पूर्वप्रमुख कार्यकारी अधिकृत हुन् ।*






**SIPRADI TRADING PVT. LTD.,**
An ISO 9001:2015 and ISO 45001:2018 Certified Company
Toll Free No.: **16600155777, 9801575777**
For online booking
SIPRADI

# लघुवित्तका समस्याको निकासका नौ सूत्र

लघुवित्तको सबैभन्दा ठूलो समस्या भनेको पछिल्लो समय भएको आन्दोलन हो । संघर्ष समिति बनाएर लघुवित्तविरुद्ध चलाइएको आन्दोलनका कारण लघुवित्तको कर्जा नउठ्ने समस्या भएको छ । समयमा साँवा, किस्ता, ब्याज नउठ्दा खराब कर्जामा जाने सम्भावना बढी छ ।



रामबहादुर यादव

नेपालमा लघुवित्त वित्तीय संस्था सञ्चालनको तीन दशक बितिसकेको छ । यस अवधिसम्म ५७ ओटा लघुवित्तले पाँच हजार १५८ शाखा सञ्जालमार्फत देशव्यापी ६० लाख घरपरिवारलाई सेवा दिएका छन् । तीमध्ये ३० लाखले कर्जा सुविधा लिएका छन् । संस्थाहरूले चार खर्ब ३२ अर्ब कर्जा लगानी गरेका छन् । कुल कर्जामध्ये २० प्रतिशत धितोमा लगानी भएको छ भने बाँकी ८० प्रतिशत विनाधितो सामूहिक लगानी छ । कुल ६० लाख ग्राहकमध्ये ९५ प्रतिशत महिला र ५ प्रतिशत मात्र पुरूष लघुवित्तका कार्यक्रममा आवद्ध छन् ।

वाणिज्य बैंक, विकास बैंक तथा अन्य वित्त कम्पनीको पहुँच नभएको र गरिबलाई विनाधितो कर्जा दिन नसकेको अवस्थामा लघुवित्तले दूरदराजसम्म विनाधितो कर्जा प्रवाह गर्दै आएका छन् । यी वर्गका लागि लघुवित्त आर्थिक स्रोत, आयस्रोत बढाउन र व्यावसाय गर्न पुल सावित भएका छन् । करिब ३० वर्षअघि बङ्गलादेशको ग्रामीण बैंकबाट सुरू भएको लघुवित्त नेपालमा पनि थालिएको हो । नेपालमा यसको सुरूवात डा. हरिहरदेव पन्तले गरेका थिए । यसैले उनलाई नेपालमा लघुवित्तका पिता पनि भनिन्छ ।

हाल समग्र लघुवित्तहरूको कुल बचत एक खर्ब ६४ अर्ब स्र्पैयाँ छ । हामीले सार्वजनिक निक्षेप लिन पाउँदैनौँ । यो समूहमा बसेका ऋणी सदस्यहरूको बचत हो । कुल कर्जाको ३८ प्रतिशत बचत छ । कुल प्रवाहित कर्जामध्ये एक खर्ब ६७ अर्ब बचतबाट पूरा भएको छ भने दुई खर्ब १४ अर्ब स्र्पैयाँ वाणिज्य बैंकहरूबाट लिएर प्रवाह भएको छ । अहिले लघुवित्तहरूको कुल चुक्ता पुँजी ३४ अर्ब स्र्पैयाँ र कुल पुँजी कोष करिब ६० अर्ब स्र्पैयाँ छ । यो ६० अर्ब सार्वजनिक लगानी हो । एक खर्ब ६७ अर्ब स्र्पैयाँ ग्राहकहरूको बचतबाट परिचालन भएको छ । बाँकी लघुवित्तहरूले वाणिज्य बैंकबाट ऋण लिएर लगानी गरेका छन् ।

यी वित्तीय परिसूचकबाहेक तत्कालीन अवस्था लघुवित्तलाई पहिलाको जस्तो सहज छैन । अहिले लघुवित्त गाह्रो अवस्थामा गुज्रिइरहेका छन् । एकदमै थोरै मार्जिन, अफ नाफा मार्जिनै नहुने गरी काम भएको छ । किनभने वाणिज्य बैंकबाट १२-१३ प्रतिशत ब्याजदरमा पैसा लिनु पर्ने र लघुवित्तले १५ प्रतिशतभन्दा माथि तोक्न नपाउने हुँदा खासै मार्जिन छैन किनभने लघुवित्तले ऋणी सदस्यलाई तालिमलगायतका सेवा सुविधा पनि दिन्छन् ।

## लघुवित्तको पहुँच र योगदान

नेपालमा वित्तीय पहुँचमा लघुवित्तको अहम् भूमिका रहेको छ । हाल ११२ ओटा बैंक संस्था वित्तीय संस्थाको ५७ प्रतिशत काम लघुवित्त संस्थाले गरेका छन् । बैंक प्रणालीप्रति बानी बसाल्न र वित्तीय साक्षरताका लागि लघुवित्तको भूमिका छ । विशेष गरी करिब ५५ लाख महिलालाई आयआर्जनमा जोडेर व्यवसायिक बनाउन, आर्थिक आत्मनिर्भरता बढाउन र सामाजिक तथा आर्थिक सशक्तीकरण गर्न लघुवित्तको हात छ । यति हुँदाहुँदै पनि लघुवित्त क्षेत्र समस्यामा रहेको छ । मुख्य समस्या निम्न बमोजिम छन् :

- सुरुमा राष्ट्र बैंकबाट हवाह्वार्ती लाइसेन्स प्रदान हुनु,
- धेरै लघुवित्त संस्था र शाखा हुँदा अस्वस्थ

प्रतिस्पर्धा हुनु,

- एउटै व्यक्तिले धेरै लघुवित्तबाट ऋण लिनु,
- तोकिएको क्षेत्रमा कर्जा लगानी नगरी अन्य क्षेत्रमा गरिनु अर्थात कर्जाको दुरुपयोग,
- कतिपय व्यक्तिबाट ठग्ने नियतले समूह बनाएर सर्वसाधारणका नामबाट पैसा चलाउने प्रवृत्ति हाबी,
- त्यसैका आधारमा आन्दोलन गर्ने काम हुनु,
- घुवित्तहरूबाट प्रवाहित कर्जाको अनुगमन नहुनु,
- १५ प्रतिशत ब्याजदरको क्यापले कर्जा प्रवाहबाट नाफा मार्जिन नहुनु,
- लघुवित्तको भरपर्दो स्रोत नहुनु,
- सहुलियत ब्याजको विपन्न वर्ग कर्जा लघुवित्तमार्फत गरिनुपर्नेमा आफै गर्नु
- लघुवित्तलाई दिने ब्याजदर भने पब्लिक बराबर हुनु,
- लघुवित्तका सकारात्मकभन्दा बढि नकारात्मक टिप्पणी हुनु,
- विभिन्न स्वार्थ समूहले सबै संस्थालाई गलत दृष्टिले हेर्ने प्रवृत्ति हुनु, र
- लघुवित्तहरू बढी व्यवसायीकरण हुने नाममा अनैतिक पनि काम हुनु ।

## संस्था टिकाउनै समस्या

यीबाहेक लघुवित्तका अरू समस्या पनि छन् । पछिल्लो समय नेपाल राष्ट्र बैंकले एक ग्राहक एक संस्था नीति लागू गरेको छ । एउटै व्यक्तिले १२–१५ संस्थाबाट ऋण लिएर नतिर्ने प्रवृत्ति देखिएपछि केन्द्रीय बैंकले कडाई गर्दै एक व्यक्तिले एउटै संस्थाबाट मात्रै कर्जा लिन पाउने व्यवस्था गरेको हो । यसले गर्दा अहिले कर्जा लगानी गर्न नसक्ने अवस्था । ग्राहकहरू २–३ ओटामा बसेका छन् त्यसैले अब एउटामा मात्रै नभएसम्म थप लगानी गर्न पाइएन ।

लघुवित्तको सबैभन्दा ठूलो समस्या भनेको पछिल्लो समय भएको आन्दोलन हो । संघर्ष समिति बनाएर लघुवित्तविरूद्ध चलाइएको आन्दोलनका कारण लघुवित्तको कर्जा नउठ्ने समस्या भएको छ । समयमा साँवा, किस्ता, ब्याज नउठ्दा खराब कर्जामा जाने सम्भावना बढी छ । पैसा नतिर्न आन्दोलन गर्दा अरूलाई पनि नतिर्ने भड्काउने प्रवृत्ति छ । संस्थाका कर्मचारीलाई पनि राम्रोसँग व्यवहार नगर्ने र थम्की दिने स्थितिले ठूलो समस्या निम्तिएको छ । जबकि लघुवित्तबाट प्रवाहित ऋण अन्ततः आम सर्वसाधारणले जम्मा गरेको बचत हो । ऋण लगेर सर्वसाधारणको पैसामाथि खेलबाड गर्न पाइँदैन ।

आन्दोलनको स्थिति आउनुको कारण सुरूमा राष्ट्र बैंकबाट अत्यधिक संख्यामा लघुवित्तको लाइसेन्स दिइनु हो । पहिला सय ओटा पुगेको लघुवित्त अहिले मर्जर तथा प्राप्तिपछि घटेर ५७ ओटा छन् । सुरूमा संख्या वृद्धि हुँदा शाखा पनि आफूखुसी खोल्ने व्यवस्था गरियो । यसले एकै ठाउँमा धेरै शाखा भए । संख्यात्मक रूपमा संस्था र शाखा बढ्दा अस्वस्थ प्रतिस्पर्धा सुरु भो । यससँगै संस्था र ग्राहक दुवैका तर्फबाट कमजोरी भए । गलत नियतका ग्राहकले पैसा उठाउने तर काम नगर्ने, कर्जाको दुरूपयोग गर्ने देखियो । त्यस्ता ऋणीले कहाँ कहाँबाट ऋण लियो भनेर कर्जा सूचना केन्द्रको सहज बनाएको छ ।

यस्तैमा आर्थिकमन्दी सुरू भयो । पैसा तिर्नसक्ने क्षमता भएन । अन्तमा तिर्न नसक्ने स्थिति देखापर्‍यो । बहुबैंकिङ कर्जाले ठूलो समस्या निम्तियो । यस्तो समस्या आएपछि कर्जा मिनाहा हुनुपर्ने, संस्था खारेज हुनुपर्ने जस्ता नसुहाउने माग राखेर केही समूह सङ्गठित भए । अझ यस्ता सङ्गठनमा रहेका केही व्यक्ति लघुवित्तको लक्षित समूहभन्दा बाहिरका देखिए । वाणिज्य बैंकमा जाने कतिपय व्यक्तिले समूह बनाएर गाउँघरका १०–२० जनालाई जम्मा गरेर सबैको पैसा एउटैले चलाइदिए । हुनेखाने व्यक्तिले सामान्य वर्गलाई समूहमा समेटर लघुवित्तबाट तिनीहरूका नाममा पैसा उठाएर एक्लैले पैसा तोकिएको क्षेत्रबाहेकमा लगायो । व्यवसाय गर्न दिएका पैसा, घर, गाडी किन्न र मिटरब्याजीको रूपमा समेत काम गर्‍यो । तर त्यसमा सामान्य वर्ग फसे । ऋण सदस्यले लगेको कर्जा उपयोगिताबारे हेर्ने, अनुगमन गर्ने पक्षमा लघुवित्तबाट पनि




व्यवस्था थिएन । जसले गर्दा एउटै व्यक्तिले थुप्रै समूहमा बसेर धेरै लघुवित्तबाट ऋण लिए र संस्थाले विश्वासको भरमा हेर्दै नहेरी दिए ।

सबैले त होइन तर एउटै ग्राहकले १०–१२ ओटा लघुवित्तबाट क्षमताभन्दा बढी कर्जा लिए । अझ जुन प्रयोजनका लागि लिएको हो त्यसमा खर्च नगरी दुरूपयोग गरियो । कतिपयले व्यवसाय गर्न दिएको ऋण घर बनाउन, जग्गा किन्नमा गरे । अहिले भने यसलाई हेरेर नियन्त्रण गर्न कर्जा सूचना केन्द्रको व्यवस्था छ । यसले थाहा पाउन कमजोरी भयो । त्यतिखेरै कर्जा सूचना केन्द्र भएको भए कसले कति लिएको थाहा हुन्थ्यो र अहिलेको जस्तो स्थिति आउँदैन थियो ।

लघुवित्तले सर्वसाधारणबाट निक्षेप लिन पाउँदैन । यसको भरपर्दो आफ्नो स्रोत राख्न नपाउँदा पूर्णरूपमा वाणिज्य बैंकमा निर्भर हुनुपरेको छ । जबकी अन्य मुलुकमा लघुवित्तको स्रोतका लागि छुट्टै ईन्स्टिच्यूसशन छ । यसले संस्थालाई कोषबाट स्रोत उपलब्ध गराउने काम गर्छ । संस्थाको क्षमतादेखी ईन्नेभेशनका लागी अनुसन्धान गर्छ । तर

नेपालमा यस्ता वयवस्था छैन । तर यहाँ वाणिज्य बैंकसँग मात्रै जोडियो । वाणिज्य बैंकले कुल कर्जाको ५ प्रतिशत अनिवार्य रूपमा सहुलीयत ब्याजमा विपन्न वर्गमा कर्जा प्रवाह गर्ने भनिएको छ । यो कर्जा लघुवित्तमार्फत गरिनु पर्ने व्यवस्था छ तर केहिबाहेक धेरै आफैले सिधै लगानी गर्छन । अझ सहुलीयत ब्याजमा लघुवित्तलाई दिनुपर्ने विपन्न वर्गको नाममा दिने कर्जाको ब्याजदर र सार्वजनिक रूपमा दिने ब्याजदर एउटै छ । विपन्न वर्ग नामको कर्जा ५ प्रतिशतमा २ प्रतिशतजति लघुवित्तमार्फत होला बाँकी ३ प्रतिशत आफैले लगानी गरेका छन्, त्यो पनि धितोमा । यो शीर्षकको सबै लघुवित्तमा आएको भए केही हदसम्म स्रोतको अभाव हुँदैन थियो ।

लघुवित्तमा आफ्नो स्रोतको अभाव छ । पछिल्लो समय केही व्यक्तिबाट लघुवित्तले गरेको योगदानको राम्रा पक्षभन्दा गलत तथा नकारात्मक सूचना बढी फैलाइयो । राष्ट्र बैंकले तोकेको कर्जाको ब्याजदर १५ प्रतिशतभन्दा माथि जान पाइँदैन तर बजारमा भने २०-२२ प्रतिशत लिएको आरोप लगाइन्छ । सेवाशुल्क डेढ प्रतिशतभन्दा माथि लिन पाइँदैन तर यसभन्दा माथि लिएको भन्ने गलत प्रचार हुन्छ ।

पछिल्लो समय लघुवित्तहरू बढी व्यवसायीकरण भए । संस्थाहरूले सामाजिक र वित्तीय दुवै क्षेत्रलाई सन्तुलन गरेर लैजानु पर्नेमा बढी वित्तिय क्षेत्रमा केन्द्रित हुँदा व्यवसयीकरण भए । यसो हुँदा अनैतिक अभ्यास बढेको हो ।

## सङ्कटमोचनका नौ उपाय

लघुवित्त संस्थाहरू ५७ बाट घटाएर २५ देखि ३० ओटासम्म भए पर्याप्त हुन्छन् । यति भएमा पुँजीगत आकार ठूलो हुन्छ; स्वस्थ प्रतिस्पर्धा पनि हुन्छ र पुँजीगत जोखिम पनि लिन सक्छन् । त्यसैले मर्जर र प्राप्तिलाई व्यापक रूपमा लैजानुपर्छ ।

१. घुवित्तलाई संरचनागत रूपमा बलियो बनाउन बैंकिङ संस्थाका रूपमा विशिष्टीकृत गरिनुपर्छ । यसको सुपरिवेक्षण, अनुगमनदेखि हेर्ने पक्ष सही हुनुपर्छ । वाणिज्य बैंकका कतिपय नीति कपी पेस्ट भएर लघुवित्तमा आए । वाणिज्य र लघुवित्त फरक हुन् । यसर्थ केन्द्रीय बैंकले लघुवित्तको मूल्य मान्यताका आधारमा तिनलाई विशिष्टीकृत बैंकिङ प्रणालीमा ल्याउन जरुरी छ ।

२. लघुवित्तका ग्राहक सदस्यलाई अपनत्व हुनेगरी स्वामित्व दिनुपर्छ । लघुवित्तको आइपिओ जारी गर्दा ऋणी सदस्यका लागि छुट्टै हिस्सा दिनु जरुरी छ । पहुँच र सेवा सुविधा पुग्यो कि पुगेन भनेर जाँच्नु पर्छ । यी सबै निर्णय सञ्चालन समितिले गर्ने हो । यसर्थ सञ्चालक समितिको संरचनामा पनि सदस्यहरूको आवाज समेटिनु आवश्यक छ ।

३. लघुवित्त संस्थाहरू अझै धेरै छन्; ५७ बाट घटाएर २५ देखि ३० ओटासम्म भए पर्याप्त हुन्छन् । संख्या यत्ति भएमा स्वस्थ प्रतिस्पर्धा हुन्छ । पुँजीगत आकार ठूलो हुन्छ । यसो हुँदा पुँजीगत जोखिम पनि लिन सक्छन् । यसो गर्दा समाजमा विकृति नआउने गरी काम गर्ने वातावरण बन्छ । यसर्थ मर्जर र प्राप्तिलाई व्यापक रूपमा लैजानुपर्ने स्थिति छ । यसका लागि राष्ट्र बैंकबाट विशेष रूपमा अनुभूति हुने छुट्टै खालका सुविधा दिएर प्रोत्साहन दिनुपर्ने अवस्था छ ।

४. अहिले धेरै संस्थाका शाखा एकै ठाउँमा बढी छन् । उक्त क्षेत्रको माग कति हो सोही अनुसार मात्रै शाखा राख्ने गरी शाखा खरिद बिक्री गर्न पाउने व्यवस्था गर्नुपर्ने देखिन्छ । साथै संस्थाहरूबिच कर्जा स्वाप गर्न पाउनु पर्ने व्यवस्था ल्याउनु पर्छ । यसो नहुने हो भने राष्ट्र बैंकले विकृति हटाउन ल्याएको एक ग्राहक एक संस्था नीति कार्यान्वयन हुन सक्दैन ।

५. एक संस्था बराबर एक ग्राहक व्यवस्था एकदमै राम्रो हो तर कार्यान्वयन गर्न गाह्रो छ । ग्राहकलाई पनि कम्तीमा २-३ ओटा संस्था छनोट गर्ने मौका दिनुपर्छ । भारतमा पनि नेपालको जस्तै बहुबैंकिङ समस्या आएर एक ग्राहकलाई २ ओटा संस्थासम्म बाट कर्जा लिन पाउने व्यवस्था छ ।

६. लघुवित्तलाई लगाएको ब्याजदरको १५ प्रतिशतको क्याप हटाउनु पर्छ । बरू वाणिज्य बैंकले जस्तै आधार दरमा निश्चित प्रिमियम वा 'कस्ट अफ फन्ड प्लस' निश्चित प्रिमियममा ब्याजदर निर्धारण गरिनु पर्छ । यसो गर्दा ब्याजदर कम वा बढी दुवै हुनसक्छ । यसर्थ संस्था र ग्राहकलाई 'विन विन' अवस्था हुनेगरी अहिलेको ब्याजदरको सीमा हटाउनु पर्छ । यसो हुँदा ग्राहकलाई कम ब्याजदर छान्ने अवसर हुन्छ । यसले स्वस्थ प्रतिस्पर्धा हुन्छ । यसमा केन्द्रीय बैंकले विशेष चासो दिनुपर्छ ।

७. लघुवित्तलाई स्रोतमा आत्मनिर्भर बनाउनु पर्छ । यसका लागि गाउँघरबाट निश्चित सीमासम्म निक्षेप सङ्कलन गर्न पाउने गरी लघुवित्तलाई छोडिदिनु पर्छ । यसबाहेकको विकल्प अन्य मुलुकको जस्तै सरकारले बजेटमार्फत यस्ता संस्थाको स्रोतका लागि कोष छुट्याउनु पर्छ । यद्यपि नेपाल सरकारले पनि बजेटमार्फत छ खर्ब बराबर रूपैयाँको कोष बनाउने कुरा आएको थियो तर त्यो कार्यान्वयन भएन । यद्यपि लघुवित्त कोष भनेर बनाउने र त्यसबाट सस्तो ब्याजदर अर्थात ४ प्रतिशतमा दिने र ५ प्रतिशतभन्दा बढी मार्जिन राख्न नपाउने गरी कर्जा दिए ग्राहकमा अधिकतम १० प्रतिशतसम्ममा प्रवाह हुन्छ । यसरी संस्था र ग्राहकलाई पनि सस्तो हुने भएकाले सरकारले कोष बनाउनु अत्यावश्यक छ ।

८. लघुवित्तको पहुँच गाउँगाउँमा छ । यसैले सरकारले कृषि मन्त्रालय, स्वास्थ्य, शिक्षा मन्त्रालयसँगको समन्वयमा गाउँघरमा जाने क्षमता अभिवृद्धि, जनचेतना जस्ता कार्यक्रममा लघुवित्तलाई जोडेर लैजानु पर्छ ।

९. दूरदराजसम्म पुगेर कृषिमा बढी लगानी गर्ने लघुवित्त नै हुन् तर लघुवित्तलाई कृषिमा अनुदान दिइँदैन । अनुदानको प्रयोग लघुवित्तका ऋणी सदस्यले पाउँदैनन् वाणिज्य बैंकका ऋणीले मात्रै पाउँछन् । यसर्थ सरकारले यस्ता किसिमका अनुदान गरिबसम्म पुऱ्याउन लघुवित्तमार्फत जानु पर्छ । यसर्थ सरकारले एकीकृत दृष्टिकोणमा लघुवित्त संस्थालाई लैजानु पर्छ । जस्तै बङ्गलादेशमा लघुवित्तको मूल्य मान्यता, सिद्धान्त र उद्देश्यलाई बचाउने संस्था पिटिएसएफ छ । यसमार्फत कोष व्यवस्थापनदेखि अनुदान, साक्षरता कार्यक्रम, अनुसन्धान र सुपरिवेक्षण लगायत सबै काम हुन्छ । भारतमा पनि लघुवित्तलाई व्यवस्थापन गर्ने 'नवाज' संस्था छ । नेपालमा मात्रै केन्द्रीय बैंकले गर्छ तर अब यहाँ पनि यस्तो जरुरी भइसकेको छ ।

*- यादव नेपाल लघुवित्त बैंकर्स संघका कार्यवाहक अध्यक्ष हुन् ।*




उच्च ब्याजदर

रू. १० लाखको दुर्घटना तथा रू. ३ लाखको १३ घातक रोगहरूको बीमाका साथै विविध बीमा सुविधा

रू. ५ हजारको वार्षिक स्वास्थ्य परीक्षण सुविधा

अन्य थुप्रै सुविधाहरू

विस्तृत जानकारीका लागि ९८०११९०११९ मा सम्पर्क गर्नुहोला ।

नोट:

१. बैंकको ब्याजदर नेपाल राष्ट्र बैंकको नीति अनुसार समय समयमा परिवर्तन हुन सक्नेछ ।

२. बैंकद्वारा प्रदान गरिएका अन्य सेवा तथा सुविधाहरू खाता खोलेको मितिबाट एक बर्ष पछि हटाउने वा परिवर्तन गर्ने अधिकार बैंकमा निहित हुनेछ ।

सानिमा बैंक

# परिवर्तनीय सूचना प्रविधिलाई नीतिगत प्राथमिकता

आज विश्व अर्थतन्त्र खुम्चिएको अवस्था छ । आर्थिक मन्दीको असर विश्वका सबै मुलुकमा देखिएको छ । हजारौं व्यवसाय धराशायी हुने अवस्थामा छन् । लाखौंले रोजगारी गुमाएका छन् । यस्तो अवस्थामा पनि डिजिटल अर्थतन्त्रको विकास भने रोकिएको देखिँदैन ।



रिचन श्रेष्ठ

अहिले हामी सूचना प्रविधिको विकास र प्रयोगको विशिष्टीकृत परिस्थितिमा छौं । आज त्यस्तो कुनै ठाउँ छैन, जहाँ सूचना प्रविधि प्रयोग भएको छैन । त्यस्तो कुनै क्षेत्र छैन, जहाँ डिजिटल प्रविधि प्रयोगको औचित्य देखिँदैन । विश्वलाई एउटा सानो समाजका रूपमा स्थापित गर्न सफल यसले विश्व अर्थतन्त्रलाई चलायमान बनाउन ठूलो योगदान पुऱ्याइरहेको छ ।

सूचना प्रविधि कैयौं राष्ट्रको अर्थतन्त्रको मुख्य स्रोत बनेको छ । अमेरिका, चीन, दक्षिण कोरिया, जापान, भियतनाम, भारत जस्ता देशका अर्थतन्त्रको मुख्य आधार नै प्रविधि हो । प्रविधिको विकास, विस्तार र बजारीकरणमा पाएको सफलताले विश्वमा यी देशको उपस्थिति झन् प्रभावशाली हुँदै आएको देखिन्छ । कुनै समय कृषिमा आधारित विश्व अर्थतन्त्र बिस्तारै औद्योगिक हुँदै आज डिजिटल अर्थतन्त्रमा प्रवेश गरेको छ ।

विश्व डिजिटल अर्थतन्त्रमा प्रवेश गरिरहँदा यसका आयाम थप विस्तारित भएका छन् । इन्टर नेटमा आधारित डिजिटल कारोबार, अनलाइन व्यापार, टेलिमेडिसिन र अनलाइन शिक्षाले प्रश्रय पाइरहेका छन् । एप्पल, अमेजन, फेसबुक, सामसङ, हुवावे जस्ता ठूला प्रविधि कम्पनीको उदय भएको छ । आर्टिफिसियल इन्टिलिजेन्स (एआई), बिगडेटा, मेसिन लर्निङ जस्ता प्रविधिको उदयले समाजको एकीकृत विकाससँगै विश्व अर्थतन्त्रलाई फराकिलो बनाएको छ । विश्व बैंकको पछिल्लो तथ्यांकअनुसार डिजिटल अर्थतन्त्रले विश्वको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा १५ प्रतिशत योगदान पुऱ्याएको छ । सन् २०३० मा यसको दायरा बढेर ३० प्रतिशत पुग्ने अनुमान छ । यस क्षेत्रले ३ करोडलाई रोजगारी प्रदान गर्नेछ ।

हुन त आज विश्व अर्थतन्त्र खुम्चिएको अवस्थामा छ । आर्थिक मन्दीको असर विश्वका सबै मुलुकमा देखिएको छ । हजारौं व्यवसाय धराशायी हुने अवस्थामा छन् । लाखौंले रोजगारी गुमाएका छन् । यस्तो अवस्थामा पनि डिजिटल अर्थतन्त्रको विकास रोकिएको देखिँदैन । विश्व बैंकको तथ्यांकअनुसार पछिल्लो १० वर्षमा अन्य क्षेत्रभन्दा डिजिटल अर्थतन्त्रको विकास २.५ गुणा बढीले भइरहेको छ । जुन नेपालको परिवेशमा पनि सान्दर्भिक देखिन्छ ।

केही समयअघि मात्रै इन्स्टिच्युट फर इन्टिग्रेटेड डेभलपमेन्ट स्टडिज (आईआईडीएस) ले नेपालमा सूचना प्रविधिको समग्र अवस्था र सेवा निर्यातसम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक गरेको थियो । उक्त प्रतिवदेनअनुसार नेपालमा आईटी क्षेत्रले वार्षिक ६७ अर्ब ४६ करोड ५० लाख रूपैयाँ (५१५ मिलियन डलर) आम्दानी गरिरहेको देखिन्छ । अध्ययनअनुसार सन् २०२२ मा सूचना प्रविधि सेवा निर्यातबाट देशको जीडीपीमा १.४ र वैदेशिक मुद्रा सञ्चितिमा ५.५ प्रतिशत योगदान देखिएको छ ।

आईटी सेवा निर्यातबाट हुने आम्दानी सन् २०२१ को तुलनमा ६४.२ प्रतिशतले वृद्धि भएको छ । यस अवधिमा नेपालमा सात हजार छ सय ३७ आईटी कम्पनीमध्ये एक सय छ वटाले सेवा निर्यात गर्ने र यसमा १४ हजार सात सय २८ फ्रिलान्सरसहित ६६ हजार पाँच सय नौ जना आईटीसम्बन्धी काम गर्ने जनशक्ति रहेको देखाएको छ । यो तथ्यांकले नेपालमा सूचना प्रविधिको प्रयोग र यसको सम्भावना बलियो

देखाउँछ । अर्कोतर्फ नेपालको डिजिटल रूपान्तरणका लागि पनि यो निकै महत्त्वपूर्ण छ । सेवालाई सरल, सहज र भरपर्दो बनाउन मद्दत पुऱ्याएको छ । पारदर्शितालाई बढावा दिएर देशमा बढ्दै गएको भ्रष्टाचार कम गर्नसमेत मद्दत पुऱ्याएको छ । सेवा प्रवाहमा देखिएका विद्यमान समस्या समाधान गर्दै उत्पादकत्व बढाएको छ ।

सूचना प्रविधिको योगदानका विषयमा कुरा गर्दा सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको यसले देशको अर्थव्यवस्थामा पार्ने प्रभाव नै हो । यसले देशको जीडीपीमा योगदान पुऱ्याउनुका साथै रोजगारीका अवसरसमेत खोलिदिएको छ । नेपालको परिवेशमा एफवान सफ्ट ग्रुप एउटा प्रभावकारी उदाहरण हो । एउटा आईटी कम्पनी सफल हुँदा देशको डिजिटल कारोबारले नयाँ रूप लिएको छ । आज अनलाइनमार्फत हुने कारोबार उल्लेख्य वृद्धि भएको छ । अनलाइन सपिङले प्रश्रय पाएको छ । सँगै हजारौँले रोजगारी पाएका छन् । यसअघि उपलब्ध नभएको रोजगारी टुटल, पठाओ जस्ता राइड सेयरिङको सुरुवातसँगै भित्रिएको छ । आन्तरिक रूपमा यसले रोजगारीको अवसर सिर्जना गरिरहँदा सेवा विस्तार र प्रभावकारितामा समेत सहयोग पुऱ्याइरहेको छ ।

अर्को महत्त्वपूर्ण पक्ष देशको आयात-निर्यातको रेसियोलाई समान पार्न पनि यो क्षेत्रले योगदान दिँदै आएको छ । आईआईडीएसको अध्ययन प्रतिवेदनले नेपालबाट सेवा निर्यात गर्न सकिने सबैभन्दा राम्रो क्षेत्र सूचना प्रविधि भएको औँल्याएको छ । गएको १५-२० वर्षमा नेपाली कम्पनीहरूले विदेशी कम्पनीहरूलाई कसरी राम्रो र गुणस्तरीय सेवा उपलब्ध गराउने भन्ने हिसाबले काम गरिरहेका छन् । यो हाम्रा लागि सिकाइ हो । हामीले सिकेका यस्ता विषयलाई अब द्रुत रूपमा विस्तार गर्न सकिए अबको १० वर्षमा सूचना प्रविधि अर्थतन्त्र ५ अर्ब डलरको बन्न सक्छ । त्यसका लागि हाल यस क्षेत्रमा कार्यरत ६० हजार जनशक्ति बढाएर ५ लाख पुऱ्याउनुपर्छ । नेपालका युवा जनसंख्यालाई हेर्ने हो भने यो सहजै हासिल गर्न सकिन्छ । यसका लागि हामीले सही बाटो पहिल्याउन भने आवश्यक छ ।

## आएको परिवर्तन

यो क्षेत्रमा निकै ठूलो परिवर्तन हुँदै आएको छ । आजभन्दा १०-१५ वर्षअघिसम्म सफ्टवेयर के हो भन्ने थाहा नभएको समाज आज आफैं सफ्टवेयर निर्माणसम्म पुगेको छ । आज देशभित्र सयौं कम्पनीसँग विश्वस्तरमा काम गरेको अनुभव छ । सयौं कम्पनीले आज यस क्षेत्रलाई बुझ्दा थप पाँच सय कम्पनी र हजारौं व्यक्तिले यसलाई सहजै बुझ्न सक्छन् । किनभने आजको दिनमा प्रविधिमा मानिस निकै आकर्षित हुँदै आएका छन् । आजको नयाँ पुस्ता यसैमा निर्भर हुन थालेको छ । यसमा ठूलो अवसर पनि छ । नेपाली युवासँग यसका लागि आवश्यक क्षमता छ । तर यत्ति हो, यसलाई विस्तारका लागि आवश्यक वातावरण सिर्जना गर्नुपर्नेछ । सरकारले यस क्षेत्रमा अवसर दिन सक्यो भने विश्वका जुनसुकै देशमा हामी प्रतिस्पर्धा गर्न सक्छौं ।

यसरी नै गएको खण्डमा अबको १५ वर्षमा कम्तीमा पनि १० बिलियन डलरको उद्योगका रूपमा यो स्थापित हुनेछ । लाखौं रोजगारीका अवसर सिर्जना हुनेछन् । आज रेमिट्यान्सबाट भित्रिने रकमभन्दा यसबाट भित्रिने रकम तीन गुणाले बढी हुनेछ । त्यो हुँदा रेमिट्यान्समा भर पर्नुपर्ने अवस्था रहँदैन । विदेश पलायन हुने समस्या पनि समाधान हुँदै जानेछ । यो हासिल गर्न सकिन्छ । यसमा हामी पूर्ण रूपमा सकारात्मक छौं । तर सँगै डर पनि छ, कतै सरकारले अन्य मुलुक सरह यसलाई प्राथमिकतामा नराखे हामी पछि त पर्ने होइनौं ? यसका लागि आजैबाट कदम चाल्न आवश्यक छ ।

भारतमा जस्तो एफडीआईमा सहजता प्रदान गर्ने हो भने ठूला कम्पनी नेपालमा भित्रिने थिए । दुबईले आफ्ना विभिन्न सहरमा अहिले इन्टरनेट सिटी निर्माण गरिरहेको छ । त्यहाँ आईटी कम्पनी दर्ता गर्दा कुनै कर लाग्दैन । तेल र पर्यटनबाट प्रविधिमा रूपान्तरणको तयारीमा रहेको दुबईमा एउटा नेपालीले ७ हजार डलर खर्च गरेको खण्डमा तीन वर्षका लागि तीन जना कर्मचारी बसेर काम गर्न सकिने ठाउँ उपलब्ध हुन्छ । ती तीन जनालाई त्यहाँको भिसा पनि सहजै सरकारले दिन्छ । उक्त भिसा १५ दिनमै उपलब्ध हुन्छ । त्यहाँको जस्तो सहजता र सरलता हामीले कसरी हासिल गर्ने भन्ने हो । यसका लागि सरकार दत्तचित्त भएर लाग्न आवश्यक छ ।

## समस्या र समाधान

यो क्षेत्रको विकास अब यसमा हुने लगानी र यसलाई दिइने प्राथमिकताले निर्धारण गर्छ । विद्युत् उत्पादन गर्ने कम्पनीहरूको हकमा उनीहरूसँग संरचना हुन्छ । जग्गा-जमिन हुन्छ । भनौं, उनीहरूसँग धरौटी हुन्छ । सोही धरौटी राखेर उनीहरूले बैंकबाट कर्जा लिन सक्ने अवस्था छ । तर प्रविधिमा काम गर्ने कम्पनीको सम्पत्ति भनेको जनशक्ति र इन्टेलेक्चुअल प्रोपर्टी मात्रै हो । अर्को भनेको व्यावसायिक सम्झौता हो, जुन एक-दुई वर्षको मात्रै हुन्छ । यस्ता विषयलाई सरकारले सम्पत्तिका रूपमा कसरी हेर्न सक्छ भन्ने कुराले अब धेरै अर्थ राख्नेछ । जसरी घरजग्गा राखेर कर्जा लिन सकिन्छ । हाम्रो सम्पत्तिका रूपमा रहेका यस्ता विषयलाई आधार बनाएर समेत कर्जा प्रवाह गर्न सक्ने आधार सरकारले बनाउन आवश्यक छ ।

अर्को भनेको सूचना प्रविधिको क्षेत्रमा अध्ययनअनुसन्धान आवश्यक छ । भएका सबै अध्ययनअनुसन्धान सफल हुन्छन् भन्ने हुँदैन । त्यसैले पनि ९० प्रतिशत स्टार्टअप कम्पनी असफल भएका छन् । तर सफल भएको कम्पनी युनिकर्न बन्न सक्छ, जसले बिलियन डलर आम्दानी गर्न सक्छ । त्यसैले पनि त्यो चुनौती र अन्वेषणका लागि सरकारले सहयोग गर्न आवश्यक छ । आज हाम्रो शिक्षण संस्थाबाट वार्षिक १० हजार आईटी विद्यार्थी तयार हुन्छन् । त्यसको १० प्रतिशतले पनि सोझै उद्योगमा काम गर्न सक्दैनन् । यसको अर्थ चार वर्ष लगाएर उत्तीर्ण विद्यार्थीलाई थप ९-१० महिना लगानी गरी तयार पार्नुपर्ने अवस्था छ । यसले उद्योगको ९-१० महिनाको उत्पादकत्व र लगानी खेर गइरहेको छ । यसका लागि हामी पुनः पछि गएर अध्ययनका विषयसूची नै परिमार्जन गर्न आवश्यक देखिएको छ । ता कि कुनै विद्यार्थी कलेजबाट निस्किँदा सीधै प्रोजेक्टमा काम गर्न सक्ने तयार होस् ।

यसका लागि उद्योग, कलेज र सरकारबीच एकदमै सहकार्य हुनु आवश्यक छ । किनभने यो शैक्षिक क्षेत्रको पहलले मात्रै सम्भव छैन । यो भएको खण्डमा १० वर्षपछि हामीलाई आवश्यक पाँच लाख जनशक्ति तयार गर्न सकिन्छ । सँगै विदेश पलायन हुने क्रममा पनि रोक लगाउन आवश्यक छ । यहाँ केही वर्ष खर्च गरेर सिकाएका जनशक्ति बिदेसिने गरेका छन् । यसले उद्योगलाई नै ठूलो असर पारिरहेको छ । उनीहरूलाई यहाँ नै राम्रो अवसर छ भनेर सन्देश दिन सक्ने खालको वातावरण आवश्यक छ ।

यी सबैभन्दा पनि महत्त्वपूर्ण पक्ष नीति नै हो । सरकारले सूचना प्रविधिलाई प्राथमिकतामा राख्ने गरी आवश्यक नीतिगत व्यवस्था गर्न जरुरी छ । त्यसरी बन्ने नीतिहरू लामो

समयलाई लक्षित गरेर बन्नुपर्छ । अघिल्लो वर्ष विदेशमा सेवा दिनेहरूलाई एक प्रतिशत मात्रै कर थियो । चालु आर्थिक वर्ष २०८०/८१ मा बढेर १२ प्रतिशत पुग्यो । अर्को वर्ष कति हुन्छ भन्ने यकिन हुँदैन । यसले हामी व्यवसायीलाई व्यावसायिक योजना बनाउनसमेत असर पारिरहेको छ । सरकारले बनाउने नीति जस्तोसुकै होस्, करको दायरा एकको ठाउँमा पाँच प्रतिशत नै किन नहोस् तर थोरैमा पनि १० वर्षसम्म एउटै लागु होस् । यसले व्यवसायीलाई व्यवसाय सञ्चालनका लागि आवश्यक खर्च व्यवस्थापनमा सहज हुन्छ ।

यहाँ त आज एउटा हुन्छ, भोलि अर्को । परिणाममा हामीले एक वर्ष बनाएको व्यावसायिक योजनाले अर्को वर्ष काम गर्दैन । सरकारले दूरगामी नीतिगत व्यवस्था गरिदिएको खण्डमा लगानी थप गर्न सकिन्थ्यो । विदेशी कम्पनीहरू लगानीका लागि आकर्षित हुने थिए । तर यहाँको नीतिगत व्यवस्थामा हुने अस्थिरताले विदेशी लगानी रोकिएको छ । अर्को, सरकारले नियामकभन्दा पनि सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्छ । सरकारले यस क्षेत्रलाई अबको १०–१५ वर्षका लागि आँखा चिम्लिएर सहयोग गर्न आवश्यक छ । किनभने सूचना प्रविधिको क्षेत्र हालको अवस्थामा अन्य व्यवसायको तुलनामा एउटा नवजात शिशु सरह हो । यसलाई हुर्किन दिन तत्काल यसलाई नियमनभन्दा पनि सहयोगको आवश्यकता छ ।

सरकारले चालु आवको बजेटमा नेपाली कम्पनीले विदेशमा कार्यालय खोल्न सक्ने व्यवस्था गरेको छ । तर त्यसको प्रक्रिया के हो भन्ने विषय कसैलाई पनि जानकारी छैन । हामी व्यवसायी धेरै पटक सम्बन्धित निकायमा गएर यस विषयमा कुराकानी गरिसकेका छौं । तर पनि यसको कुनै प्रक्रिया अघि बढ्न सकेको छैन । बजेटमा कार्यक्रम राख्ने तर त्यसलाई कार्यान्वयनमा नल्याउने प्रवृत्ति छ ।

सूचना प्रविधि अन्य क्षेत्रको तुलनमा परिवर्तनीय क्षेत्र हो । हामीले कुनै कुरालाई पछ्याउन सकेनौं भने त्यो सकियो । त्यसैले यसलाई समयअनुसार चल्न दिनुपर्छ । यसका लागि सरकारले यो क्षेत्रलाई प्राथमिकतामा राखेर काम गर्न आवश्यक छ । किनभने यसरी विदेशी कम्पनीलाई सेवा दिन अर्थात् आउटसोर्सिङको काम गर्ने हामी मात्रै एउटा देश होइनौं । बंगलादेश, श्रीलंका, भियतनाम, भारतलगायत उदाउँदा देशले स्टार्टअप कम्पनीहरूलाई विस्तार हुन ठूलो सहयोग गरिरहेका छन्, जसको परिणाम उनीहरूको तुलनामा हामी निकै पछाडि परेका छौं । यो खाडल अबको १० वर्षको थप गहिरो भएर जानेछ । त्यो हुँदा हामी विस्तार हुनेभन्दा पनि थप खुम्चिनुपर्ने अवस्था सिर्जना हुन सक्छ । यसको अर्थ हामीले अवसर गुमाउन सक्छौं । यो हामी व्यवसायीका लागि सबैभन्दा चिन्ताको विषय हो । कतै भोलिका दिनमा हामी हराउने हौं कि भन्ने चिन्ता यस क्षेत्रमा काम गरिरहेका हामी जस्ता कम्पनीमा छ । त्यो हुँदा सरकारले समयलाई अवलम्बन गर्दै आवश्यक रूपमा यो क्षेत्रलाई सहजीकरण गरिदिन आवश्यक छ ।

अर्कोतर्फ, सरकारले सामान निर्यात गर्दा लाग्ने करको ८ प्रतिशत व्यवसायीले फिर्ता पाउने व्यवस्था गरेको छ । अन्य सामानमा लागु भएको यो व्यवस्था सरकारले सूचना प्रविधिमा समेत लागु गर्न सक्नुपर्छ । जसरी कृषि क्षेत्रमा बैंकहरूले अनिवार्य रूपमा लगानी गर्नुपर्ने बाध्यता बनाइएको छ, त्यसरी नै सूचना प्रविधिको क्षेत्रमा पनि कर्जा प्रवाहलाई अनिवार्य बनाएर सहयोग गर्नुपर्छ । अर्को महत्त्वपूर्ण कुरा, हाम्रो बौद्धिक सम्पत्तिको सुरक्षा हो । यसलाई कसरी सुरक्षा प्रदान गर्ने र कसरी विश्वव्यापीकरण गर्ने भन्ने विषयमा पनि सरकारले ध्यान दिन आवश्यक छ ।

साइबर सुरक्षा अर्को पाटो छ । हामी साइबर सुरक्षाका हिसाबले विश्वका सयौं देशपछाडि छौं । यस्तोमा विश्व सूचना प्रविधि क्षेत्रले हामीलाई हेर्ने नजरमा फरक पारिरहेको छ । बाहिरबाट हेर्दा हाम्रो देशको साइबर सुरक्षा निकै कमजोर छ । यस्तो अवस्थामा उनीहरू हामीलाई काम दिन हिचकिचाउँछन् । यसका लागि सरकारले लगानी गर्न आवश्यक छ । साइबर सुरक्षाको विषय बोल्ने मात्रै होइन । यो यथार्थ हो । त्यो हुँदा यसलाई बलियो बनाउन आवश्यक छ । यसले राष्ट्रिय सुरक्षामै ठूलो असर पार्न सक्छ ।

अर्को भनेको सरकारले वार्षिक रूपमा १०–१५ अर्ब रूपैयाँ सफ्टवेयरमा खर्च गरिरहेको तथ्यांकले देखाउँछ । यसको ९० प्रतिशत रकम सबै बाहिर जान्छ । सरकारले खोल्ने टेन्डरमा हामी स्थानीय कम्पनी भाग लिन सक्ने अवस्था छैन । टेन्डर प्रक्रिया र नीतिगत व्यवस्थालाई परिमार्जन गरी स्थानीय कम्पनीको सहभागितालाई प्राथमिकता दिन आवश्यक छ । यसले नेपालको पैसा नेपालमै रहने वातावरण सिर्जना हुन्छ । त्यति मात्र होइन, सरकारले विदेशी कम्पनीलाई उपलब्ध गराउने १०–१५ अर्बमा त थप चार-पाँच सय कम्पनीका लागि बजार सिर्जना हुन्छ । यसले नेपालकै कम्पनी बलियो हुने थिए । रोजगारीका अवसर सिर्जना हुने थियो । सरकारले सस्तोमा सेवा पाउनुका साथै आवश्यक पर्दा मर्मतसमेत समयमा पाउने थियो । अहिले सरकारको कुनै सिस्टम बिग्रियो भने विदेशबाट मान्छे आएर हेर्नुपर्ने अवस्था छ ।

सँगै सरकारले विदेशी मुलुकमा जस्तो सूचना प्रविधि पार्क खडा गर्न आवश्यक छ । सबै सेवा–सुविधा एकै ठाउँमा उपलब्ध हुने गरी सूचना प्रविधि पार्क बनाएर त्यसलाई विस्तार गर्न सकिन्छ, जहाँ स्टार्टअप कम्पनीका लागि इक्युबेसन सेन्टर, हल, बत्ती, पानी, इन्टरनेट जस्ता हुन् । अध्ययनअनुसन्धान गर्ने ठाउँ होस् । त्यो भएको खण्डमा प्रविधिमा नयाँ आविष्कार हुने थियो । त्यस्ता पार्कहरूको प्रचार गरी विदेशबाट आउनेलाई देखाउन सकिन्थ्यो, जसले हाम्रो सूचना प्रविधिको क्षेत्र विस्तार हुनुका साथै विदेशीले हामीलाई हेर्ने नजरमा पनि परिवर्तन हुँदै जाने थियो ।

आज यो क्षेत्र जहाँ पुगेको छ, यहाँ कार्यरत कम्पनी तथा व्यक्तिहरूको योगदानले हो । यहाँ कुनै सुरक्षा छैन, कुनै सपोर्ट सिस्टम छैन । आज व्यवसायीहरूको योगदानले यहाँ आइपुगेका छौं । यो क्षेत्रलाई सरकारको समेत साथ हुने हो भने निकै माथि पुग्न सकिन्छ । त्यसैका लागि हामीले संगठित भएर नेपाल एसोसिएसन फर सफ्टवेयर एन्ड आईटी सर्भिसेज (न्यास आईटी) गठन गरेका छौं । संगठित भएर लागेको ९–१० महिनामै पनि हामी धेरै कुरा हासिल गर्न सफल भइसकेका छौं ।

हामीले यस वर्ष नेपालको प्रतिनिधित्व गर्ने गरी कुनै एउटा अन्तर्राष्ट्रिय कार्यक्रममा पेभिलियन राखी सहभागी हुने योजना बनाएका छौं । त्यसका लागि अमेरिकाको टेक्सासबाट प्रस्ताव आएको थियो । उक्त कार्यक्रममा यहाँका १० ओटा कम्पनी अटाउने गरी सानो बुथ लिन एक लाख ५० हजार डलर आवश्यक पर्ने भयो, जुन हाम्रो स्रोतभन्दा बाहिरको विषय थियो । अर्को दुबईमा हुने कार्यक्रममा ५० हजार डलर लाग्ने देखियो । आजको दिनमा यस हिसाबले लगानी गर्न हामीसँग क्यापिटल तयार भएको छैन । सरकारले यस क्षेत्रलाई ५ अर्ब डलरको क्षेत्र बनाउने हो भने आजकै दिनबाट केही लगानी गर्न आवश्यक छ । तर यहाँ त सरकारले यो क्षेत्रको गहिराइलाई नियाल्नै सकेको देखिँदैन । केही वर्षअघिको हकमा परिवर्तन भएको छ । तर अझै पनि हाम्रो र सरकारको बुझाइमा ठूलो अन्तर छ । यसका लागि सरकारले आफू मातहतका क्षेत्रका विज्ञ राखेर यसलाई विस्तार गर्नुपर्ने देखिन्छ ।

*– श्रेष्ठ नेपाल एसोसिएसन फर सफ्टवेयर एन्ड आईटी सर्भिसेजका अध्यक्ष तथा क्विक फक्स टेक्नोलोजिजका सीईओ हुन् ।*


Dabur
Honey
CHOOSE
WORLD'S NO.1*
HONEY BRAND
STAY FIT, FEEL YOUNG.
Dabur
Honey
PURITY
GUARANTEED
Dabur
Honey
SQUEEZY
*As per global syndicate study report of Honey category 2019-2020 by a market research agency. Dabur Honey is the highest selling brand by volume in the world.

# अर्थतन्त्र सुधार्न स्थानीय तह महत्त्वपूर्ण

अर्थतन्त्रमा अहिले देखिएको समस्या समाधानका लागि संघीय सरकारले धेरै प्रयास गरेको पनि देखिन्छ । तर ती प्रयास कामयावी भइरहेका छैनन् । अर्थात् प्रयासअनुसार उपलब्धि हासिल हुन सकेका छैनन् । अर्थतन्त्रलाई संघीय सरकारले मात्र कुनै अमूक नीति बनाएर चलायमान बनाउन सक्दैन भन्ने अब पुष्टि भइसक्यो ।



लक्ष्मी पाण्डे

नेपालको अर्थतन्त्र यति बेला गम्भीर संकटमा छ । अर्थतन्त्रमा मन्दीको प्रभाव राजधानी काठमाडौंमा मात्र नभई मुलुकभर फैलिएको छ । नेपाल राष्ट्र बैंकसहित सरकारी तथ्यांकले जस्तो अवस्था देखाए पनि यति बेला उत्पादन तथा व्यापार व्यवसायमा बहार आउन सकेको छैन । भूकम्प, कोभिड महामारी जस्ता ठूला राष्ट्रिय संकटका बेलामा भन्दा अहिले देशको अर्थतन्त्र शिथिल रहेको यथार्थ हो । यसको कारण राष्ट्रिय होस् वा बाह्य, परिणाम हामी सबैले भोगिरहेका छौं । त्यसैले अहिले देशको मूल मुद्दा अर्थतन्त्रलाई कसरी चलायमान बनाउने भन्ने नै हो । यसका निमित्त सबै गम्भीर हुनुपर्छ ।

२०७२ को संविधान निर्माणसँगै मुलुक संघीय व्यवस्थामा प्रवेश गरेको एक दशक पुग्नै लागिसकेको छ । यसबीच दुई पटकसम्म संघीय, प्रादेशिक र स्थानीय निर्वाचन सफलतापूर्वक सम्पन्न भएका छन् । आवधिक निर्वाचनले देशको राजनीतिक व्यवस्थालाई सही दिशामा हिँडाउन सफल भए पनि यो व्यवस्थाको स्थायित्वका लागि जनताको जीवनस्तरमा परिवर्तन हुनैपर्छ । जनताको जीवनस्तरमा रूपान्तरणका लागि आर्थिक समुन्नति अपरिहार्य छ । स्थानीय स्तरमै उद्योग व्यवसाय सञ्चालन हुन सके, स्थानीय उत्पादनले बजारसम्म सहज पहुँच पाउन सके वा स्थानीय स्तरमै रोजगारीका अवसर सिर्जना हुन सके मात्र परिवर्तनको महसुस आम नागरिकले गर्न सक्छन् । पूर्वाधार विकासप्रति जनताको तीव्र आकांक्षा रहेको यथार्थलाई नीति निर्माताले पनि हृदयंगम गर्न सक्नुपर्छ र भएका स्रोतसाधनको अधिकतम उपयोग गर्दै अघि बढ्न सक्नुपर्छ । यसैले जनअपेक्षा, स्रोतसाधनको सीमितता तथा कुशल व्यवस्थापनको अपरिहार्य जस्ता विषयमा सन्तुलन कायम गर्न सके मात्र तीनै तहका सरकारको 'डेलिभरी' पनि राम्रो ढंगले देखिन सक्छ भन्नेमा सन्देह छैन ।

अर्थतन्त्रमा अहिले देखिएको समस्या समाधानका लागि संघीय सरकारले धेरै प्रयास गरेको पनि देखिन्छ । तर ती प्रयास कामयावी भइरहेका छैनन् । अर्थात् प्रयासअनुसार उपलब्धि हासिल हुन सकेका छैनन् । अर्थतन्त्रलाई संघीय सरकारले मात्र कुनै अमूक नीति बनाएर चलायमान बनाउन सक्दैन भन्ने अब पुष्टि भइसक्यो । हिजोका दिनमा मुलुक एकात्मक राज्य थियो । केन्द्रीय सरकारले बनाएका नीतिका आधारमा परिणाम पनि तत्काल देखिने गर्थ्यो । तर अहिले संघीयताको मर्मअनुसार संघीय सरकार चल्न नसक्दा र हरेक विषयमा आफैं हाबी हुन खोज्दा यसको परिणाम देखिन सकेको छैन । अझ भनौं भने संघीय सरकारले संघीयताको मर्मलाई आत्मसात् गर्न नसक्दा त्यसको असर समग्र व्यवस्थाप्रति र खासमा प्रदेश र स्थानीय सरकारलाई परिरहेको छ । अर्थतन्त्रको समस्या पनि त्यही हो ।

अर्थतन्त्रको मूल आधार भनेको संघीय सरकारले ल्याउने बजेट नै हो । तर त्यही बजेट हामीले अध्ययन गर्ने हो भने उहाँहरू हिजोको केन्द्रीकृत मानसिकताबाट माथि उठ्नै सक्नुभएको छैन । नीति निर्माण गर्ने भनेर संघीय संसद्मा पुग्नुभएका सबैजसो सांसद आफ्नो क्षेत्रमा टुक्रे बजेट पार्न सकिएको भनेरै पुलकित हुनुभएको हामीले देखेका छौं । सबै दलको यसमा स्वार्थ मिलेको देखिन्छ । सोहीअनुसार बजेट विनियोजन भएको हुन्छ । हामी स्थानीय सरकारले समेत साना र टुक्रे योजना भन्ने परियोजनामा संघीय सरकारको बजेट सीमित भएको देखिन्छ । यसले एकातर्फ संघीयताको मर्मलाई अवमूल्यन गरेको छ भने अर्कोतर्फ मुलुकले गम्भीर आर्थिक संकटको सामना गर्नुपरिरहेको छ ।

हामी वित्तीय संघीयता कार्यान्वयनमा कति इमानदार बन्न सक्यौं भन्ने समीक्षा आवश्यक छ । यही समीक्षा नै अर्थतन्त्रको पुनर्संरचना र अहिलेको बृहत् आर्थिक संकट समाधानको प्रस्थानबिन्दु

बन्न सक्छ । जुन किसिमले संघीयतालाई संस्थागत गर्ने हो, त्यही हिसाबले बजेट विनियोजन हुनुपर्छ । त्यही हिसाबले निर्माण भएका संरचनालाई अक्षरशः पालना गर्नुपर्छ । तीन तहका सरकारले आफ्नो दायराभित्र रहेर अगाडि बढ्नुपर्छ । स्थानीय तहका तर्फबाट अहिले भएको राज्य संरचनाको बाँडफाँट, त्यसले सबैलाई आफ्नो क्षेत्रभित्र रहेर काम गर्ने वातावरण खुला गरेको छ । हामी त्यो बाटोमा इमानदारीपूर्वक अगाडि बढ्नुपर्छ । स्थानीय, प्रदेश संघीय सरकार कमजोर हुँदैन । तर यसमा केही नमिलेको मुलकुभरका स्थानीय तहलाई महसुस भएको छ, जसले गर्दा संघीयता कमजोर हुन जान्छ । संघीयतालाई संस्थागत गराउन सकिन्न । अहिले संघीयताको पूर्ण कार्यान्वयन नै नभई यसविरुद्ध आक्रमण सुरु हुनुको मूल कारण पनि यही हो । केन्द्रीकृत मानसिकता र व्यवहारले हामीलाई कहिल्यै अगाडि बढ्न दिएन । प्रदेश र स्थानीय तह असफल हुने अनि संघीय सरकार मात्र सफल हुने भन्ने एकदमै विरोधाभाषपूर्ण भाष्य सिर्जना गर्न खोजिँदै छ ।

वित्तीय संघीयताको मूल मर्मअनुसार एक दशक अभ्यास गर्न सक्यौं भने हामीले एक दशकभित्रै देखिने नतिजा निकाल्न सक्छौं । आज स्थानीय तहमा कुनै ठूलो उद्योग व्यवसाय स्थापनाका लागि हामीले आकर्षित नै गर्न सक्दैनौं । संघीय ऐनका करका दरहरूका कारण हामी बाँधिएका छौं । हामीले दिने छुटका भरमा ठूला लगानी आकर्षित हुन सक्दैनन् । किनकि यसले व्यवसायमा पार्ने लागतको हिस्सा नै न्यून मात्र हुन्छ ।

आज देशबाट एकै वर्षमा ७ लाख ७१ हजार ३ सय २७ जना श्रमिक श्रम स्वीकृति लिएर बिदेसिए भनेर हामी मक्ख परेका छौं । भदौ र असोजमा रेमिट्यान्सले नयाँ रेकर्ड राख्यो भनेर पनि उत्साहित छौं । तर गाउँगाउँमा खेतबारी बाँझै रहेको, कृषिप्रधान मुलुकमा चामललगायत अधिकांश खाद्यान्न आयात गर्नुपरेको एवम् चाडपर्वमा विदेशीकै भर पर्दासमेत चिनी नपाएर खल्लो भएको समाचार सुन्नुपरेको छ । काम गर्ने उमेरका युवा विदेश पठाएर नेपाली अर्थतन्त्र आत्मनिर्भर र स्वावलम्बी बनाउँछु भन्ने तर्क आफैंमा विरोधाभाषपूर्ण छ । यसैले अर्थतन्त्रको समग्र विकासका निमित्त स्थानीय सरकारलाई अधिकतम अधिकार दिइनुपर्छ । यो अधिकार वित्तीय संघीयताको मर्मअनुसार नै हुनुपर्छ । अनि मात्र स्थानीय अर्थतन्त्र चलायमान भई मुलुकको कुल गार्हस्थ्यय उत्पादनमा दिगो वृद्धि सम्भव देखिन्छ । स्थानीय सरकारले अधिकार मात्र मागेका होइनन्, जिम्मेवार बन्न खोजेका हुन् भनेर बुझ्नुपर्छ ।

देशका हरेक गाउँपालिकाको कथा र व्यथा उस्तै छ । गाउँमा युवापुस्तालाई टिकाउनै सकिँदैन । गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा पूर्वाधारको अभाव एकातिर छ भने अर्कोतर्फ रोजगारीको अवसर एकदमै सीमित छन् । स्वरोजगारमूलक व्यवसायलाई प्रवर्द्धन गर्न सबैजसो स्थानीय तहले कुनै न कुनै कार्यक्रम ल्याइरहे पनि त्यसमा संघीय र प्रदेश सरकारको सहयोगबिना स्थानीय सरकार मात्रैको प्रयासले सफलता हासिल हुने अवस्था छैन ।

स्थानीय स्तरमा रोजगारी सिर्जना गरेर नै अर्थतन्त्रलाई बलियो बनाउन सकिन्छ । आफ्नो गाउँ, जिल्ला र देशलाई चाहिने उत्पादन गाउँमै फलाउन सकियो भने न युवाहरू कामको खोजीका लागि बिदेसिनुपर्छ, न विदेशमा नेपालीले कमाएर पठाएको पैसा फेरि विदेश नै फर्काउनुपर्छ । यसैले हाम्रा नीतिनियम स्थानीय उत्पादनमैत्री भएनन् भनेर हात बाँधेर बस्ने वा पासपोर्ट बनाउन प्रेरित गर्ने होइन, नीतिनियमलाई उत्पादनमैत्री, बजारमैत्रीसँगै प्रविधिमैत्री पनि बनाउनु आवश्यक छ । यसका निमित्त स्टार्ट अप फन्ड जस्ता कोषको परिचालन उत्तिकै जरूरी छ ।

स्थानीय तहले मात्र चाहेर केही हुने अवस्था नै छैन । हाम्रो मुलुकभित्र लगानीको वातावरण बनाउनुपर्छ । यसका निमित्त संघीय कानुनमै परिमार्जन आवश्यक छ । हामी स्थानीय तहले विकास निर्माण र निजी क्षेत्रका आर्थिक परियोजनालाई सहयोग र सहजीकरण नै गरिरहेका छौं । विगतमा स्थानीयको अवरोधका कारण कुनै परियोजना सञ्चालनमा अवरोध आयो भन्ने जस्ता समाचार धेरै आउँथे । तर अहिले हेर्नुहुन्छ भने स्थानीय सरकारको गठनयता यस्ता घटना भएकै छैनन् भन्दा पनि हुन्छ । केही समस्या छन् भने पनि वित्तीय संघीयता कार्यान्वयनमा भएका जटिलताका कारण भएका छन् । र, तिनको समाधान पनि भइरहेकै छ । हामी पहिले आफ्नो मुलुकमा लगानी भित्त्याउन अरू मुलुकभन्दा बढी सुविधा दिन सकौं । र मुलुक भित्रिएको लगानीलाई पनि आफ्नो प्रदेश र स्थानीय तहमा आकर्षित गरेर प्रतिस्पर्धा गरौं । यसले थप लगानी ल्याउन प्रेरित गर्दछ ।

हाम्रो संविधानले नै सुन्दर र सबल स्थानीय सरकारको परिकल्पना गरेको छ । यो समावेशी चरित्रको छ । सामान्य सीमान्तकृत वर्ग, दलित वर्ग, महिला, जनजाति वर्गले प्रतिनिधित्व गरेर सरकार बनेको छ । सरकार चलाउन अवसर प्रदान गर्न सक्ने अवसर दिएको छ । तिनीहरूको अनुहार कस्तो छ भन्ने कुरालाई पनि मध्यनजर गरेर क्षमता विकास गरी नागरिक समाजलाई बलियो बनाउनुपर्छ । यसतर्फ सबैले ध्यान दिनु जरूरी छ । यो हुँदा मात्रै संघ सरकार बलियो हुन्छ । स्थानीय तह बलियो हुँदा प्रदेश सरकार बलियो हुन्छ । यसले मात्र शासनसत्ताको स्थायित्व र आर्थिक सबलीकरणमा योगदान पुग्ने देखिन्छ । सरकारी सेवालाई प्रभावकारी बनाउने प्रयत्नमा हामी सबै लागेका छौं । आज संघीय सरकारले दिने सेवाभन्दा स्थानीय सरकारले दिने सेवा बढी प्रभावकारी छ भन्न हामीले डराउनुपर्दैन । हामीमध्ये सबै गाउँपालिकाले पर्यटन प्रवर्द्धनदेखि शिक्षा, सामाजिक क्षेत्र र व्यावसायिक कृषिलाई प्राथमिकतामा राखेका छन् । यसलाई अझै आफ्नो क्षमताअनुसार अघि बढाउन सकिन्छ ।

स्थानीय तहलाई कसरी आर्थिक रूपमा समृद्ध बनाउने भन्ने नै प्रश्न महत्त्वपूर्ण छ । हामीले देखेका छौं, चाडबाडका बेला खसीबोकादेखि जनैसम्म आयात हुन्छ । देशमा पर्याप्त आलु उत्पादन हुने भए पनि आलुचिप्स आयात हुन्छ । लसुन प्याजको आयात, गोलभेंडा सडकमा फाल्नुपर्ने तर केचप पनि आयात हुने अवस्था छ । मह उत्पादनको सम्भावना हुँदाहुँदै करोडौंको आयात हुने तथ्यांकले देखाउँछ भने अदुवा र बेसारसमेत आयात हुने मुलुकमा कतिपय अवस्थामा पानीसमेत आयात हुने गरेको देखिन्छ ।

दाल, चामललगायत खाद्यान्न आयात त सामान्य भइसकेका छन् । पूजा गर्ने जौदेखि तरकारी खाने केराउ, मकै, सिन्केधुप, धनियाँलगायत सबैजसो कुरा हामी फलाउन नसक्ने अवस्थामा छौं । यी वस्तु नेपालमै उत्पादन, प्रशोधन र वितरण गर्न सकिने नै हुन् । यी वस्तुलाई ठुल्ठूला प्रविधि, पूर्ण दक्ष र सीपले भरिपूर्ण जनशक्ति आदि अनिवार्य छैनन् । केवल खाँचो छ त स्थानीय बजार व्यवस्थापनको, जसमा हामी चुकिरहेका छौं । एकभन्दा बढी स्थानीय तह मिलेर भए पनि हामी यसको उत्पादन गर्न सक्छौं । तर बजार हामीले चाहेर मात्र सिर्जना गर्न सक्ने अवस्था छैन । हरेक स्थानीय तहले स्थानीय वस्तुको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण र तिनको मूल्य निर्धारण गर्न सक्नुपर्छ । आर्थिक चक्रको संस्थागत विकास नै समृद्धिको आधार हो । यी जिम्मेवारी स्थानीय तहले पूरा गर्न स्रोतको अभाव नहोस् भन्न साझेदारी वा संयुक्त व्यवस्थापनमा अर्थात् सार्वजनिक निजी साझेदारीमा समेत स्थानीय तहले कार्य गर्न सक्ने अवस्था छ, जसले गर्दा स्थानीय तहरूको लागत न्यूनीकरण हुन जान्छ । तर यसका लागि कसै न कसैले पहल गर्नु आवश्यक छ ।

*- पाण्डे गाउँपालिका राष्ट्रिय महासंघ नेपालकी अध्यक्ष हुन् ।*

# अर्थतन्त्र सुधारलाई सबैको हातेमालो

भूकम्पले पारेको प्रभाव, क्षति र पुनर्निर्माण गर्दै तंग्रिन थालेको हाम्रो अर्थतन्त्र कोरोनाले थला पर्‍यो । त्यसयता सरकारले अर्थतन्त्र सुधार गर्न प्रयास गरिराखेको छ । त्यस्तै निजी क्षेत्रले अर्थतन्त्र सुधार गर्न आफ्नो ढंगले प्रयास जारी राखेको छ । तर अपेक्षाकृत रूपमा अर्थतन्त्र लयमा फर्किन सकेको छैन ।



वर्षमान पुन

अहिले अर्थतन्त्र दबाबमा छ । खासगरी २०७२ सालको भूकम्पले अर्थतन्त्रलाई क्षतविच्छेद बनायो । त्यति बेला पुनर्निर्माणका क्रममा जति स्वदेश तथा विदेशी सहयोग आए, त्यसमा हामीले जति लगानी गर्‍यौं, त्यसले थोरै भए पनि अर्थतन्त्रलाई चलायमान बनायो । त्यसपछि लगातार तीन वर्षसम्म सात प्रतिशत हाराहारीमा आर्थिक वृद्धि भई माथिल्लो स्तरको आर्थिक वृद्धि हुन गयो । त्यो हाम्रो पछिल्लो इतिहासकै राम्रो आर्थिक वृद्धि हो । त्यसपछि लगत्तै विश्वव्यापी कोरोना महामारी आयो । नेपालको मात्रै नभएर विश्वकै अर्थतन्त्र थला पर्‍यो । त्यसले नेपाल जस्ता मुलुकलाई काफी मात्रामा असर गर्‍यो । सापेक्षित रूपमा अरू देशहरूको तुलनामा कम असर परे तापनि समग्रमा हाम्रो अर्थतन्त्रमा गम्भीर असर देखिए । त्यसैगरी पछिल्लो रूस–युक्रेन युद्धले समेत असर देखियो ।

भूकम्पले पारेको प्रभाव, क्षति र पुनर्निर्माण गर्दै तंग्रिन थालेको हाम्रो अर्थतन्त्र कोरोनाले थला पर्‍यो । त्यसयता सरकारले अर्थतन्त्र सुधार गर्न प्रयास गरिराखेको छ । त्यस्तै निजी क्षेत्रले अर्थतन्त्र सुधार गर्न आफ्नो ढंगले प्रयास जारी राखेको छ । तर अपेक्षाकृत रूपमा अर्थतन्त्र लयमा फर्किन सकेको छैन । कुनै बेला छिमेकी मुलुक श्रीलंकाको उदारण दिँदै विदेशी मुद्राको सञ्चित रित्तिँदै छ । अरू धेरै अर्थतन्त्रका सूचक नकारात्मक हँदै छन्, जसका कारण अत्यावश्यक औषधि, इन्धन, खाद्यन्न आयात गर्न सक्दैनौं भनेर भयावह स्थिति देखाइन्थ्यो । यो एक वर्षअघिसम्म यस खालका चर्चा गरिन्थ्यो । तर बिस्तारै अर्थतन्त्र सम्हालिँदै आएर बाह्य क्षेत्र राम्रो हुँदै गएको छ । वस्तु वा सेवा आयात एक वर्ष पुग्ने गरी विदेशी मुद्राको सञ्चित छ । रेमिट्यान्स आप्रवाहमा बढोत्तरी भएको छ । विदेशी पर्यटकको आवागमन बढेको छ । साथै उनीहरूले देशमा आएर गर्ने खर्च बढेको छ । गत अक्टोबरमा इतिहासकै सबैभन्दा बढी पर्यटक आएर रेकर्ड नै कायम भएको छ । कृषि क्षेत्रमा अझै सुधार गर्नुपर्नेछ । तथापि कृषि क्षेत्रमा ठूला संकट देखिएका छैनन् । घर जग्गामा आएको मन्दी, सेयर बजारमा आएको गिरावट, कोरोनापछिको प्रभावले साना तथा मझौला उद्योगलाई पारेको प्रभाव र पर्यटन क्षेत्रमा पारेको प्रभावले गर्दा ठूलो संख्यामा आफ्नो व्यवसायबाट पलायन हुनेको संख्या बढ्दो छ । यसले एक खालको सामाजिक असन्तुष्टि पैदा गरेको छ ।

सहकारीले बिनानियमन भएको बचतलाई घरजग्गामा लगानी गरे । यसले घरजग्गा कारोबारमा मन्दी हुनेबित्तिकै सहकारीहरू अप्ठ्यारोमा परे । केही साना व्यापार व्यवसायमा लघुवित्तबाट ठूलो मात्रामा लगानी गरियो । साना उद्योगी व्यवसायहरू समस्यामा पर्दा लघुवित्त समस्यामा परेका छन् । त्यसैले लघुवित्त तथा सहकारीमा नियमन र अनुशासनको अभाव देखियो ।

यस संकटले उत्पादनमूलक उद्योग स्थापना नहुनु, युवा जनशक्ति पलायन हुनु, सहकारी र लघुवित्तमा समस्या आउनु, घरजग्गा कारोबार र सेयर कारोबारमा गिरावट आउनु, समग्रमा जनताको आय घट्नु, जसले गर्दा उपभोग गर्ने क्षमता घट्न जाँदा समग्र अर्थतन्त्रमा सङ्कुचन देखिएको हो । यद्यपि गत वर्षको तुलनामा अर्थतन्त्र क्रमशः सुधार उन्मुख देखिन्छ ।

अब अर्थतन्त्र सुधार गर्न अर्थतन्त्रमा देखिएका

समस्यालाई एक एक गरी केलाउन जरूरी छ । अर्थतन्त्रमा संकट छ भनेर एउटै टोकरीमा हालेर चर्चा गर्नुभन्दा राम्रा क्षेत्र अर्थात् बाह्य क्षेत्र राम्रो छ । त्यसलाई थप व्यवस्थित गर्दै लैजानुपर्छ । अहिले कृषि क्षेत्रमा ठूला समस्या छैनन् । बरु संघ, प्रदेश र स्थानीय सरकारले किसानलाई दिने मल, बीउ र अन्य अनुदान थप व्यवस्थित गर्नुपर्छ ।

अर्थतन्त्रमा जहाँ बढी समस्या छन्, त्यसमा बढी केन्द्रित हुनुपर्छ । अहिले समस्याग्रस्त भएको घरजग्गा कारोबारलाई चलायमान बनाउन सरकारका केही निर्णय भएका छन् । त्यति गर्दा पनि घरजग्गा कारोबार बढ्न सकेको छैन । खासगरी हिजोका दिनमा कोरोना प्रभावित अर्थतन्त्रलाई पुनरूत्थान गर्न दिएको सहुलियतपूर्ण कर्जालाई घरजग्गा र सेयर कारोबारमा लगानी गरियो । यसले एकातिर कोरोना प्रभावित व्यवसायी पुनःस्थापना हुन सकेनन् भने अर्कोतिर घरजग्गा र सेयरको मूल्य अप्राकृतिक रूपमा बढ्न गयो । अनावश्यक घरजग्गा कारोबारको मूल्य अप्राकृतिक रूपले बढेको थियो । त्यो आफैं सुधार हुँदै जान्थ्यो । तर अहिले घरजग्गा बिक्री गर्न कसैले चाहेको छैन । त्यसलाई होल्ड गरेर बसेका छन् । घरजग्गा कारोबार बढ्यो भने अर्थतन्त्र थोरै भए पनि चलायमान हने अवस्था छ । सरकारले त्यसमा केही नीतिगत निर्णय गरेको छ । जस्तै जग्गा कित्ताकाट खोल्ने, अरू नीतिगत सहुलियत दिने आदि ।

यता सेयर कारोबार हिजोका दिनमा अस्वाभाविक रूपमा बढेको थियो । यसरी बढेको सेयर घटेको छ । तर योभन्दा तल जाने अवस्थालाई रोकेर आवश्यक नियमन र सुधार गर्दै लगानीकर्ताको मनोबल उठाउने गरी कानुनी, संरचनागत र कार्यशैलीगत सुधार गर्नुपर्ने देखिन्छ ।

सहकारीको समस्या पत्ता लगाएर नियमन गरिनुपर्छ । त्यहाँ भएका बेथितिलाई कानुनी दायरामा ल्याइनुपर्छ । जहाँसम्म पीडित छन् । सबै पीडितहरूका समस्या अलग अलग रूपमा केलाएर हल गरिनुपर्छ । किनभने सहकारीपीडित एकै प्रकृतिका छैनन् । यी तत्काल गर्नुपर्ने सुधार भए ।

तर संरचनात्मक सुधार गर्न सरकारका तर्फबाट प्रधानमन्त्रीले विभिन्न क्षेत्र, उद्योगी व्यावसायिक, विषय विज्ञसँग लगातार संवाद गरिराखेका छन् । राजनीतिक दलका प्रतिनिधिहरूसँग संवाद गरिराखेका छन् । त्यसैगरी, विकास साझेदारसँग संवाद जारी राखेका छन् । यो राम्रो पक्ष हो ।

सरकारले आगामी वैशाखमा लगानी सम्मेलन गर्ने घोषणा गरेको छ । यो सकारात्मक पक्ष हो । सरकारले सुशासनको पक्षमा चालेको कदम उत्साहजक देखिएको छ । त्यसमा एक खालको इच्छाशक्ति देखिएको छ । त्यसले निरन्तरता पाउनुपर्छ ।

सरकारले सबैपक्षसँग परामर्श गरी अर्थतन्त्रको संरचनागत सुधार गर्दै जानुपर्छ । हाम्रोमा आयातमुखी अर्थतन्त्र छ । त्यसलाई विस्थापित गरी उत्पादन वृद्धि गर्न बल गर्नुपर्छ । देशमा उत्पादनमूलक उद्योगलाई प्रोत्साहन गर्नुपर्छ ।

सेवामूलक क्षेत्रमा राम्रो हुँदै गएको छ । राम्रो विकाससमेत भएको छ । त्यसलाई प्रवर्द्धन र व्यवस्थित गर्दै लग्नुपर्छ । अरू कानुनी रूपमा केही सुधार गर्नुपर्ने देखिएको छ । जस्तै, वनसम्बन्धी कानुनमा संशोधन गर्नुपर्ने देखिएको छ । अरू सार्वजनिक खरिदसँग जोडिएका र लगानीसँग जोडिएका कानुन छन् । त्यसलाई समयसापेक्षताअनुसार संशोधन र परिमार्जन गर्नुपर्ने देखिएको छ । आन्तरिक र वैदेशिक लगानीसम्बन्धी कानुन संशोधन गर्न जरूरी छ । सरकारले वित्तीय संस्थामार्फत ऋण प्रवाह गरेर त्यसको ब्याजदरलाई एकल अंकमा ल्याउने कोसिस गर्नुपर्छ । सरकारसँग सम्बन्धित थुप्रै कोष छन् । ती कोषहरूका ब्याजदर एकल अंकमा ल्याउनुपर्छ । अन्तर्राष्ट्रिय वित्तीय निकायसँग वा मित्रराष्ट्रसँग बहुपक्षीय वित्तीय संस्थासँग संवाद गरेर ठूलो मात्रामा वैदेशिक ऋण ल्याउन वाणिज्य बैंकमार्फत प्रवाह गर्न सकिन्छ । उपाय खोज्नुपर्छ, जसले ब्याज एकल अंकमा ल्याउन सकोस् । यसरी एकल अंकमा ब्याज आउनेबित्तिकै उत्पादनमूलक क्षेत्रमा लगानी बढ्छ । यसबाट व्यवसायीहरूमा प्रतिस्पर्धा गर्ने अवस्था बन्छ । अहिले चर्को ब्याज, ऋण नपाउने र कानुनी झन्झट हटाउन सरकार आफैं अघि सरेर लाग्नुपर्छ । अर्को गुनासो आएको छ । सरकारले गरिसकेको कामको समयमा भुक्तानी दिँदैन । यस्ता कुरामा सरकार र अर्थ मन्त्रालयले छिटो भन्दा छिटो भुक्तानी दिनुपर्छ, जसले गर्दा अर्थतन्त्रलाई चलायमान बनाउँछ ।

पुँजीगत खर्च गर्न अधिकतम तदारूकता देखाउन प्रधानमन्त्रीकै तहबाट अनुगमन, निर्देशन गर्नुपर्छ । सम्बद्ध मन्त्रालयहरूले नतिजामा आधारित काम गर्नुपर्ने र नतिजा देखाउन नसकेमा आवश्यक परेमा फेरबदल गर्न सोच्नुपर्छ ।

अरू नियामक निकायहरू कार्यकारीलाई अप्ठ्यारो पार्नेभन्दा पनि अर्थतन्त्रका समस्या हल गर्न राम्रोसँग नियमन र समन्वय गर्नुपर्छ । तर नियमनका नाममा अवरोध गर्ने, खर्च गर्न निरूत्साहित गर्ने, लगानी ल्याउन निरूत्साहित गर्ने, ठाउँठाउँमा अवरोध गर्ने, लगानीकर्तालाई तर्साउने प्रवृत्तिलाई निरूत्साहित गनुपर्छ । समग्रमा विकासका लागि अर्थतन्त्रको सुदृढीकरण गर्ने, लगानीमैत्री वातावरण बनाउन, रोजगारी सृजना गर्न, उद्यम र व्यवसाय गर्न उपयुक्त वातावरण बनाउन राज्यका सबै निकायको दायित्व हो ।

कार्यकारी प्रमुख राजनीतिक दल, निजी क्षेत्र, संवैधानिक निकाय, सञ्चारमाध्यम, नागरिक समाज, सबैलाई विश्वासमा लिएर कोसिस गर्नुपर्छ । अर्थतन्त्र सुधार गर्न एक खालको राष्ट्रिय बहस गर्न सकियो भने ठुल्ठूला संकट अवसरमा बदलिन सक्छन् । यो विश्व इतिहास मात्रै होइन, हाम्रै देशमा भूकम्पपछि लगातार सात प्रतिशत आर्थिक वृद्धिले देखाइसकेको छ । यसरी आर्थिक वृद्धि हुनुमा देशमा ठूलो जनधनको क्षति भयो । धेरै देशबाट सहायता आए, सरकारले तदारूकता देखायो, खर्च भयो त्यसले अर्थतन्त्रलाई चलायमान र आर्थिक वृद्धि गऱ्यो । अहिले त्यो अवसर छ । सरकार र राज्यका विभिन्न अंगले इच्छाशक्ति देखाएर केन्द्रबिन्दुमा अर्थतन्त्र सुधार गर्ने हुनुपर्छ । अर्थतन्त्रलाई गतिशील बनाउने, उद्यम, व्यवसाय प्रवर्द्धन गर्ने हुनुपर्छ । यो खालको राष्ट्रिय संकल्प पैदा गर्न सक्नुपर्छ । यसमा कार्यकारीले बल गरेर अरूले सहयोग गर्ने वातावरण बनाउनुपर्छ ।

अर्थतन्त्र सुधार गर्न सरकारको एक्लो प्रयासले मात्र सम्भव छैन । हिजोका सरकारभन्दा अहिलेको सरकारले अर्थतन्त्र सुधार गर्न राम्रो काम गरेको छ । अब हिजोका सरकारले बिगाऱ्यो भनेर आजको सरकारले दोष दिएर मात्र हुँदैन । हिजोका केही संरचनागत, व्यावहारिक र योजनागत कारणले यस्ता परिणाम आइरहेका छन् । कसैले कसैलाई दोष दिनुभन्दा पनि हामी सबैले सकारात्मक सोचका साथ पहल गर्नुपर्छ । यसमा मुख्यगरी सरकारले पहल लिनुपर्छ । त्यसमा कसैलाई जस-अपजस दिने वा कसैलाई अपजसको भारी बोकाउनेभन्दा पनि यो अर्थतन्त्र सुधार गर्ने राष्ट्रिय जिम्मेवारी हो । यो राष्ट्र निर्माण गर्ने हामी सबैको जिम्मेवारी हो । आर्थिक क्षेत्रको सुधार र अर्थतन्त्रको सदृढीकरण गर्ने हामी सबैको दायित्व हो । यसमा हामी सबैले हातेमालो गर्नुपर्छ ।

*- पुन पूर्वअर्थमन्त्री हुन् ।*

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी


# नेपाल आयल निगम लि. को

# अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।


## दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :






१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

## ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :





१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

*"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"*

उपभोक्ता जनहितका लागि जारी

# नेपाल आयल निगम लि.

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल

०१-४२६३४८५, ४२६३४८१

**नेप्से अनलाइन ट्रेडिङ सिस्टम (NOTS) मार्फत शेयर खरिदबिक्री गर्दा निम्न कुराहरुमा जानकारी राख्न हुन NEPSE सम्पूर्ण लगानीकर्तामा अनुरोध गर्दछ :**

- नेप्सेको सदस्यताप्राप्त धितोपत्र दलाल कम्पनी/शाखाबाट नट्स प्रयोग गर्नका लागि युजरनेम (USER NAME) र पासवर्ड (PASSWORD) निःशुल्क प्राप्त गर्न सकिन्छ। धितोपत्र दलाल कम्पनीहरुको नाम, ठेगाना र फोन नम्बर नेप्सेको वेबसाइट www.nepalstock.com tyf www.nepalstock.com.np मा उपलब्ध छ।

- लगानीकर्तालाई ब्रोकर तथा नेप्सेको प्रणालीमा जोड्ने माध्यम टिएमएस हो जसबाट लगानीकर्ताले खरिद तथा बिक्री आदेश प्रविष्ट गराउन सक्छन्। प्रविष्ट गरिएको आदेशको हरेक अवस्थाको जानकारी इचमभच द्ययप मा गई प्राप्त गर्न सकिन्छ।

- अनलाइन युजरले ब्रोकर मार्फत वा आफैले खरिद विक्री आदेश प्रविष्टि गरी कारोवार गर्न सक्छन्।

- लगानीकर्ताको एउटा हितग्राही खातालाई ब्रोकरसँग खोलिएको एउटा कारोबार खातासँग मात्र आवद्ध गरेपछि नट्समा कारोबार गर्न सकिन्छ। राफसाफ तथा फछ्र्यौट सम्वन्धी कार्य समेत यसैवाट हुन्छ।

- कारोबार गर्नको लागि ग्राहकले आफ्नो ब्रोकरसँग धितो जम्मा गर्नुपर्छ। धितो जम्मा गरेको आधारमा ब्रोकरले लगानीकर्तालाई कारोबार सीमा (Trading Limit) प्रदान गर्छन सोही कारोबार सीमाको अधिनमा कारोवार गर्न सकिन्छ।

- कारोबार सीमा तथा धितोपत्र खरिद पछिको राफसाफ तथा फछ्र्यौट कार्यका लागि टिएमएसबाट क्लियरिङ बैंकको e-Banking Portal मा गई लगानीकर्ताले ब्रोकरको Account मा Fund/Collateral Transfer गर्न सक्छन्। नेपाल क्लियरिङ हाउस लिमिटेडसँग आवद्ध बैंक तथा वित्तीय संस्थाबाट पनि यो सुविधा लिन सकिन्छ।

- धितोपत्र बिक्री पश्चात www.meroshare.cdsc.com.np मार्फत MY EDIS खोली Transfer share गर्नु पर्ने हुन्छ। यसरी त्चबलकाभच कजबचभ गरे पश्चात मात्र धितोपत्रको राफसाफ गर्न सम्भव हुन्छ।

**नेपाल स्टक एक्सचेञ्ज लि.**

युएनआई शान्ति मार्ग, भद्रकाली, काठमाडौं

# श्रमबजारको हल्ला र वास्तविकता

आज विश्व अर्थतन्त्र खुम्चिएको छ । आर्थिक मन्दीको असर विश्वका सबै मुलुकमा देखिएको छ । हजारौं व्यवसाय धराशायी हुने अवस्थामा छन् । लाखौंले रोजगारी गुमाएका छन् । यस्तो अवस्थामा पनि डिजिटल अर्थतन्त्रको विकास भने रोकिएको देखिँदैन ।



डा. समीर खतिवडा

रोजगारी सृजना गर्ने नीतिबारे कुरा गर्नुअघि नेपालको श्रमबजारको सङ्क्षिप्त झलक देखाउनु उपयुक्त हुन्छ । यहाँ प्रस्तुत अधिकांश तथ्यांक नेपाल श्रमशक्ति सर्वेक्षण (२०७४/७५) बाट लिइएको छ । नेपाल श्रमशक्ति सर्वेक्षण (२०७४/७५) नेपालको तेस्रो श्रमशक्ति सर्वेक्षण हो र यसमा अन्तर्राष्ट्रिय श्रम सङ्गठनले निर्धारण गरेको श्रम तथ्यांकसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड अनुसार रोजगार र बेरोजगारीको मापन गरिएको छ ।

नेपालमा काम गर्ने उमेरको जनसंख्या २ करोड ७ लाख छ । यसको अर्थ करिब २ करोड ७ लाख नेपाली १५ वर्ष माथिका छन् र काम गर्न सक्षम छन् । तर, वास्तविक श्रमशक्ति भने ७९ लाख ९४ हजारमात्र रहेको छ । यसको अर्थ श्रमशक्तिमा सहभागिताको दर (काम गरिरहेका या रोजगारीको खोजीमा रहेका) एकदमै न्यून ३८.५ प्रतिशत मात्रै छ । रोजगारीमा रहेकाको संख्या ७० लाख ८६ हजार छ भने बेरोजगारको संख्या ९ लाख ८ हजार छ । बाँकी कामकाजी उमेरको जनसंख्याको अवस्था के छ ? ठ्याक्कै भन्दा, १ करोड २७ लाख नेपाली के गरिरहेका छन् त ? यी काम गर्ने उमेरका तर श्रमशक्तिभन्दा बाहिर रहेका व्यक्ति हुन् । तीमध्ये धेरै वृद्धवृद्धा छन् र काम गर्न सक्दैनन् । केही शिक्षा वा तालिम लिइरहेका छन् । कोही घरमा बालबच्चा हेरिरहेका छन् । केही असत्तताका कारण काम गर्न असमर्थ छन् भने धेरैले चाहिँ वैदेशिक रोजगारीका लागि नेपाल छोडेका छन् । नेपाल छोड्ने वा बाहिरिनेको हिस्सा पछिल्ला वर्षहरूमा निरन्तर बढेको छ ।

आर्थिक वर्ष २०७९/८० मा ७ लाख ७५ हजार व्यक्तिले मलेसिया, कतार, साउदी अरब र युएई जस्ता मुलुकमा वैदेशिक रोजगारीमा जान नेपाल छाडे । यसैगरी, एक लाख १० हजार नेपालीले अस्ट्रेलिया, क्यानडा र अमेरिका जस्ता मुलुकमा उच्च शिक्षाका लागि नेपाल छाडे । वैदेशिक रोजगारीका लागि नेपालीलाई के कस्ता कुराले तानिरहेको (आकर्षित गरिरहेको) छ त ? मुख्य आकर्षण (पुल फ्याक्टर) आम्दानी हो । अन्य मुलुकमा ज्याला वा पारिश्रमिक धेरै छ । नेपालीहरू नेपालभन्दा धनी देशमा रोजगारीका लागि गइरहेका छन् । यसर्थ, यो आश्चर्य मान्नु पर्ने विषय होइन । मलेसियालाई नै उदाहरणमा लिऔं, त्यहाँ एकजना कामदारले महिनामा औसतमा १४ सय डलर कमाउन सक्छ । यो भनेको एउटा श्रमिकले नेपालमा कमाउने भन्दा झन्डै १० गुणा बढी हो ।

नेपाल श्रमशक्ति सर्वेक्षण ०७४/७५ का अनुसार नेपालमा एउटा औसत कामदारले महिनामा १६९ डलर कमाउँछ । यसैगरी, नेपाली कामदारका लागि अर्को लोकप्रिय गन्तव्य कतार हो । कतारमा एउटा सामान्य कामदारले महिनामा ३३ सय अमेरिकी डलर कमाउँछ । यो नेपालमा कमाउने भन्दा झन्डै २० गुणा धेरै हो । यसैगरी अमेरिकामा एउटा औसत कामदारले लगभग ६ हजार २ सय डलर कमाउँछ । यो भनेको नेपालभन्दा करिब ४० गुणा धेरै हो ।

नेपालबाट रोजगारीका लागि बाहिरिनुको आर्थिक प्रोत्साहन निकै बलियो छ । मलेसिया, कतारजस्ता देशमा काम पाउन सकिन्छ भने नेपाल छाड्नु कुनै नौलो कुरा होइन । स्विटजरल्यान्डमा काम गर्ने एउटा इटालियन कामदारका हकमा पनि यही तर्क लागू हुन्छ । स्विटजरल्यान्डमा एक कामदारले औसतमा प्रति महिना ७,३००

अमेरिकी डलर कमाउन सक्छ जबकि इटालीमा उनीहरूले महिनामा ३,१४० डलर जतिमात्रै कमाउन सक्छन् । यस मामलामा पनि आप्रवासनको आर्थिक तर्क सुस्पष्ट छ ।

मलेसिया र कतारजस्ता मुलुकको तुलनामा नेपालमा पारिश्रमिक/ज्याला किन कम छ/हुन्छ? न्यून ज्याला पछाडिका कारण बुझ्न धेरै माथापच्ची गर्नै पर्दैन किनभने हाम्रा छिमेकी मुलुकहरूको भन्दा हाम्रो श्रम उत्पादकत्व निकै कम छ ।

आर्थिक वृद्धि र रोजगारी सृजनाको मुख्य इन्जिनका रूपमा रहेको उत्पादन (म्यानुफ्याक्चरिङ) क्षेत्रलाई नै हेरौँ न । नेपालको उत्पादन क्षेत्रमा श्रम उत्पादकत्व वार्षिक करिब १,१९४ डलर मात्रै छ । यसको अर्थ नेपालका उद्योगमा काम गर्ने प्रत्येक कामदारले एक वर्षमा करिब १,१९४ डलर बराबरको उत्पादन गर्छन् । यसको तुलनामा बङ्गलादेशको श्रम उत्पादकत्व ४,८२३, भारतमा ६,९८१ र श्रीलङ्कामा ९,८१२ अमेरिकी डलर छ । चीनको श्रम उत्पादकत्व नेपालको भन्दा कयौँ गुणा बढी २५,३७८ अमेरिकी डलर छ । सरल कुरा के हो भने उत्पादकत्व उच्च हुन्छ भने ज्याला पनि उच्च हुन्छ नै । कामदारले धेरै वस्तु उत्पादन गर्छ भने उसलाई ज्याला पनि बढी नै दिइन्छ ।

अधिकांश नेपाली कामदार संलग्न रहेको कृषि क्षेत्रमा श्रमको उत्पादकत्व हाँसउठ्दो छ । नेपालमा कृषि क्षेत्रको श्रम उत्पादकत्व प्रतिवर्ष ७४३ डलर मात्र छ जबकि भारतमा यो २,०७२, श्रीलङ्कामा ३,२४३ र चीनमा ४,९८३ डलर रहेको छ । श्रम उत्पादकत्व यति न्यून छ भने हामी नेपालको कृषि क्षेत्रका कामदार (श्रमिक) ले धेरै ज्याला पाउने अपेक्षा गर्न सक्छौँ र ? हामीले कृषि क्षेत्रमा काम गर्ने श्रमिकको उत्पादकत्व किन बढाउन सकेका छैनौँ ? नेपालमा एग्रिबिजनेस र कृषिको व्यवसायीकरणको गफ त हुने गरेको छ तर हामीले जमिनीस्तरमा ठोस प्रभाव भने देखाउन सकेका छैनौँ ।

नेपालमा अर्थतन्त्रको अन्य हिस्साको तुलनामा एउटा क्षेत्रमा औसत ज्याला राम्रो छ । बैंक तथा वित्तीय क्षेत्रमा औसत ज्याला अलि बढी छ किनकि यस क्षेत्रमा श्रम उत्पादकत्व पनि उच्च छ । नेपालको वित्तीय सेवा क्षेत्रमा श्रम उत्पादकत्व ९,५३० अमेरिकी डलर छ, जुन उत्पादन, निर्माण र व्यापार क्षेत्रको तुलनामा कैयौं गुणा बढी हो । तर, यो अधिक कुशल र गतिशील भनिएको क्षेत्रमा पनि, छिमेकी मुलुकहरूको तुलनामा हाम्रो प्रदर्शन निकै कमजोर लाग्छ । भारतको वित्तीय क्षेत्रमा श्रम उत्पादकत्व २३,२७६ र बङ्गलादेशमा १९,४०४, श्रीलङ्कामा २५,९४६ र चीनमा १,०६,५०३ अमेरिकी डलर बराबर छ । यसको अर्थ यदि तपाई नेपालको वित्तीय क्षेत्रमा हुनुहुन्छ भने, तपाई अर्थव्यवस्थाका अन्य अधिकांश कामदारहरू भन्दा राम्रो पारिश्रमिक पाउनुहुन्छ । तर, यदि भारत वा बङ्गलादेशमा जानुभयो भने तपाईंले अझै धेरै पारिश्रमिक पाउन सक्नु हुनेछ ।

हामीले नेपाललाई एसियाका धनी देशहरूसँग तुलना गरेर हेर्यौं भने हाम्रो श्रमबजारका सूचकहरू कहाँ कमजोर छन् भनेर बुझ्न थाल्नेछौं । उदाहरणका लागि, रोजगारी-जनसंख्याको अनुपातलाई लिन सकिन्छ । यो अनुपात नेपालमा ३४.२ प्रतिशत छ जबकि कम्बोडियामा ७५.७ प्रतिशत, भारतमा ४९.८ प्रतिशत, इन्डोनेसियामा ६४.७ प्रतिशत, फिलिपिन्समा ५४.६ प्रतिशत र थाइल्यान्डमा ६६.१ प्रतिशत छ । यसको अर्थ यी अन्य देशको तुलनामा नेपालमा काम गर्ने उमेर समूहका थोरै मानिस मात्रै कार्यरत छन् भन्ने हो ।

नेपालको कुल रोजगारीको १५.४ प्रतिशत रोजगारी मात्र औपचारिक क्षेत्रमा छ, जहाँ कामदारले आफ्नो रोजगारदातासँग नियमित रोजगारीको अपेक्षा गर्न सक्छन् । यसको अर्थ मासिक ज्याला, बिरामी बिदा, प्रसूति बिदा/भत्ता आदि सुविधा सहितको रोजगारी हो, जुन अनौपचारिक कामदारलाई उपलब्ध हुँदैन ।

पछिल्लो आँकलन अनुसार नेपालको बेरोजगारी दर ११.३६ प्रतिशत छ भने रोजगार, शिक्षा वा तालिम (एनइइटी)मा नरहेका युवाको हिस्सा ३५.४ प्रतिशत छ । एनइइटीको यो दर धेरै उच्च हो, यसले हाम्रो भविष्यका लागि राम्रो सङ्केत गर्दैन । विकासशील एसियाका अन्य देशहरूमा एनइइटी दर बङ्गलादेशमा २८.८५ प्रतिशत, कम्बोडियाको ११.४५, भारतमा ३०.७५, इन्डोनेसियामा २२.५५ र फिलिपिन्समा १७.५५ प्रतिशत छ । अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ)का अनुसार युवा बेरोजगारी र एनइइटीको उच्च दरको सम्बन्ध सामाजिक अशान्ति र राजनीतिक उथलपुथलको बढ्दो जोखिमसँग हुन्छ ।

अर्थतन्त्रमा रहेको रोजगारीको गुणस्तरको एउटा सूचक भनेको 'ज्यालायुक्त एवं तलबी रोजगारी' हो । आइएलओको परिभाषा अनुसार यस्ता रोजगारीलाई मर्यादित रोजगारी मानिन्छ । नेपालमा एक तिहाइभन्दा कम (१९.८ प्रतिशत) रोजगारीमात्रै ज्यालायुक्त र तलबी छ । एसियाका अन्य देशहरू जस्तै इन्डोनेसियामा यो दर ४८.८५ प्रतिशत, पाकिस्तानमा ६१.२५ र भियतनाममा ४१.२५ प्रतिशत छ ।

लेखको सुरुमा उठाइएको नेपालको श्रमबजार कस्तो छ ? भन्ने प्रश्नको छोटो जवाफ हुन्छ- राम्रो छैन, छिमेकी देशहरूको भन्दा धेरै खराब छ । नेपालको निजी क्षेत्रले केही उच्च उत्पादकत्व र राम्रो पारिश्रमिकयुक्त रोजगारी सिर्जना गरिरहेको छ । यीमध्ये अधिकांश रोजगारी आइटी उद्योग, बैंक तथा वित्तीय क्षेत्र र स्वास्थ्य सेवाका छन् । यी रोजगारी 'अर्ध बेरोजारी' र 'सीमान्त रोजगारी'मा रहेका सबै कामदारलाई अवशोषित गर्न पर्याप्त छैनन् । बेतलबी काम र निर्वाहमुखी कृषि व्याप्त रहेको ग्रामीण क्षेत्रका महिला तथा कामदारको वास्तविकता यही हो । यथार्थमा, अनौपचारिक र निर्वाहमुखी आर्थिक गतिविधिले नै नेपालको श्रमबजारमा प्रभुत्व जमाएको छ ।

## रोजगारी केले सृजना गर्छ ?

रोजगारी सृजना एउटा जटिल र बहुआयामिक घटना/विषय हो, जुन आर्थिक वृद्धि, प्रविधिगत नवप्रवर्तन, जनसाङ्ख्यिकी परिवर्तन, सामाजिक नीति तथा संस्थागत जस्ता विभिन्न तत्त्वमा निर्भर गर्छ । यहाँ नेपालमा रोजगारी सृजनाका केही मुख्य चालक र चुनौतीबारे सङ्क्षेपमा चर्चा गरिने छ ।

आर्थिक वृद्धि : आर्थिक वृद्धि रोजगारी सृजनाको सबैभन्दा आधारभूत र प्रत्यक्ष स्रोत हो । यसले वस्तु तथा सेवाको माग बढाउन्छ र श्रमको माग पनि बढ्छ । पछिल्ला दुई दशकमा नेपालले सन् २०१७ र २०१८ मा दुई वर्षमात्र ७ प्रतिशतभन्दा बढीको वृद्धिदर हासिल गरेको छ । आइएमएफका अनुसार सन् २००० र २०२२ का बिचमा नेपालको आर्थिक वृद्धिदर औसतमा ४.२ प्रतिशत रह्यो । यस अनुसार यो अवधिमा रोजगारीको वृद्धिदर १.२ प्रतिशतको हाराहारीमा रह्यो, जुन नेपालमा रोजगारी सिर्जना गर्न पर्याप्त छैन । आर्थिक वृद्धिलाई पुँजी सञ्चय, मानव पुँजीको विकास, उत्पादकत्व सुधार, व्यापारमा खुलापन र समष्टिगत (वृहत् अर्थशास्त्रीय) स्थायित्व जस्ता विभिन्न कारकतत्त्वद्वारा प्रोत्साहित गर्न सकिन्छ । तर, रोजगारी सृजनाको सुनिश्चितता गर्न आर्थिक वृद्धिमात्रै पर्याप्त हुँदैन । यसका लागि, उपलब्ध रोजगारीको गुणस्तर र संख्यालाई प्रभावित गर्न सक्ने क्षेत्र र प्रविधिगत परिवर्तन तथा स्किल मिसम्याच (सीपको माग तथा आपूर्तिसम्बन्धी समस्याको

सम्बोधन) जस्ता संरचनात्मक परिवर्तन पनि गर्नुपर्ने हुन्छ ।

प्रविधिगत नवप्रवर्तन : प्रविधिगत नवप्रवर्तनले उत्पादकत्व अभिवृद्धि गराउन सक्ने, लागत घटाउन सक्ने, गुणस्तरमा सुधार गर्न सक्ने र नयाँ वस्तु र बजारको सृजना गर्नसक्ने भएकाले यो रोजगारी सृजनाको अर्को मुख्य चालक हो । प्रविधिगत नवप्रवर्तनले उपभोक्ताको आय एवं उपभोग बढाएर र अन्य भौगोलिक तथा आर्थिक क्षेत्रमा विस्तारित प्रभाव तथा सम्बन्धका कडी सृजना गरेर परोक्षरूपमा रोजगारी सृजनालाई समेत प्रोत्साहित गर्नसक्छ । हुनत, प्रविधिगत नवप्रवर्तनले कामदार (विशेषगरी कम सीप र शिक्षा भएका कामदार) लाई विस्थापित गर्न र सीप-खाडल र ज्याला-असमानता सृजना गर्न पनि सक्ने भएकाले रोजगारी सृजनामा चुनौती पनि खडा गर्नसक्छ । सन् २०१८ मा एसियाली विकास बैंकको प्रमुख प्रकाशन एसियन डेभलपमेन्ट आउटलुकका लागि यस लेखकले गरेको अनुसन्धानमा प्रविधिले मौजुदा रोजगारीलाई विस्थापित गरेको भए तापनि यसबाट गुमेको रोजगारीभन्दा यसले सृजना गरेका नयाँ रोजगारीको संख्या बढी भएको देखिएको थियो । तर प्रविधिले सृजना गर्ने/गरेको यस्ता अवसरबाट लाभ लिन सरकारले सीप विकास, उच्च शिक्षा र सामाजिक सुरक्षामा लगानी गर्न आवश्यक छ ।

जनसाङ्ख्यिकी परिवर्तन : जनसंख्या वृद्धि, वृद्धवृद्धाको संख्यामा वृद्धि, बसाइसराई तथा सहरीकरण जस्ता जनसाङ्ख्यिकी परिवर्तनले पनि रोजगारी सृजनालाई सकारात्मक र नकारात्मक दुवै तरिकाले प्रभावित गर्न सक्छन् । जनसंख्या वृद्धिले श्रमिक वा कामदारको आपूर्तिमा वृद्धिका साथै वस्तु तथा सेवाको मागमा पनि वृद्धि गराउन सक्छ । यद्यपि यसले वातावरण, पूर्वाधार र सामाजिक सेवामाथि दवाव पनि सृजना गर्नसक्छ । वृद्धवृद्धाको संख्यामा वृद्धिले श्रमबलमा सहभागिता र कामदारको उत्पादकत्व घटाउन सक्छ तर यसले पनि हेरचाह तथा स्वास्थ्यका सेवामा रोजगारीका नयाँ अवसर सृजना गर्नसक्छ । बसाइसराईले कामदारको विविधता र गतिशीलतालाई अभिवृद्धि गराउन सक्छ । तर यसले समायोजन, विभेद र विप्रेषण (रेमिट्यान्स) जस्ता सामाजिक तथा आर्थिक चुनौती पनि खडा गर्नसक्छ । सहरीकरणले आर्थिक गतिविधिको जमघट तथा सघनीकरण बढाउन सक्छ साथै भिडभाड, प्रदूषण र असमानता पनि सृजना गर्नसक्छ ।

सामाजिक नीति : शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र श्रम-बजारसम्बन्धी नीति जस्ता सामाजिक नीतिले पनि श्रमको आपूर्ति र मागका साथै रोजगारीको गुणस्तर र वितरणलाई प्रभावित पारी रोजगारी सिर्जनामा प्रभाव पार्न सक्छन् । शिक्षा र स्वास्थ्यका नीतिले मानव पुँजी एवं श्रमिकको कल्याण सुधार्न, रोजगारी र उत्पादकत्व बढाउन सक्छन् । सामाजिक सुरक्षाका नीतिले श्रमिकलाई आय-सुरक्षा र सामाजिक सेवा प्रदान गर्न अनि गरिबी र जोखिम घटाउन सक्छन् । श्रमबजारसम्बन्धी नीति नियमले कामको अवस्था र सम्बन्धलाई नियमन गर्न र मर्यादित काम र श्रमिकको अधिकारलाई बढावा दिन सक्छन् ।

संस्थागत कारक : (सु)शासन, विधिको शासन, लोकतन्त्र र नागरिक समाज जस्ता संस्थागत कारकले पनि आर्थिक वृद्धिका तत्त्वको सीमा, अवसर र प्रोत्साहनलाई प्रभावित गरेर रोजगारी सृजनाको वातावरण र नतिजालाई आकार दिन सक्छन् । सुशासन र विधिको शासनले सार्वजनिक क्षेत्रमा पारदर्शिता, जवाफदेहिता र दक्षता सुनिश्चित गर्नसक्छ । निजी क्षेत्रको सम्पत्ति अधिकार र सम्झौता (करारीय दायित्व)को संरक्षण गर्नसक्छ । नेपालमा नीतिगत एवं राजनीतिक स्थायित्वको दीर्घकालीन अभाव एउटा गम्भीर चुनौती रही आएको छ । नीतिगत अनिश्चितता नै नेपालको एउटा ठूलो चुनौती हो । नीतिगत निरन्तरता रहँदासम्म सरकार अस्थिर हुँदा पनि फरक त पर्दैन, तर नेपालको अवस्था त्यस्तो होइन ।

## रोजगारी सिर्जना कसले गर्छ ?

रोजगारी फर्म, उद्यमी, सरकार, गैरनाफामुखी संस्था र कामदार स्वयं जस्ता विभिन्न खेलाडी (एक्टर) बाट सिर्जना हुन्छन् । यी प्रत्येकको उद्देश्य, क्षमता र सीमा अलग-अलग हुन्छन् । उनीहरूले गर्ने रोजगारीको संख्या, गुणस्तर र समावेशितामा प्रभाव पनि फरक-फरक हुनसक्छ । उदाहरणका लागि, फर्महरूले आफ्नो मुनाफा बढाउन रोजगारी सिर्जना गर्न सक्छन् । उद्यमीले आफ्नो नवप्रवर्तनलाई अघि बढाउन रोजगारी सिर्जना गर्छन् । सरकारले सार्वजनिक वस्तु तथा सेवा प्रदानका लागि रोजगारी सिर्जना गर्न सक्छन् । गैरनाफामुखी संस्थाले सामाजिक तथा वातावरणीय मुद्दाको सम्बोधनका क्रममा रोजगारी सिर्जना गर्न सक्छन् । र, कामदारले आय र जीविकोपार्जन सिर्जनाका लागि स्वयं र अरुका लागि रोजगारी सिर्जना गर्न सक्छन् । यी खेलाडीहरूमाझ अन्तरक्रियाका साथै त्यस अन्तरक्रियाको वातावरणलाई आकार दिने संस्थागत कारकले अर्थतन्त्रमा रोजगारी सिर्जनाको गतिशीलता र परिणामलाई प्रभावित गर्न सक्छन् ।

निजी क्षेत्र : सार्वजनिक क्षेत्रको रोजगारी महत्त्वपूर्ण छ तर ठूलो रोजगारी निजी क्षेत्रबाट सृजना हुन्छ । निजी क्षेत्रको राम्रो रोजगारीको अवसर सिर्जना गर्ने क्षमता मुलुकको श्रमबजारका लागि निकै महत्त्वपूर्ण हुन्छ । फस्टाउँदा उद्योगधन्दा र गतिशील व्यापार क्षेत्रविना कुनै पनि देश कहिल्यै धनी हुन सक्दैन । अर्थतन्त्रको विकास कसरी हुने र कस्ता प्रकारका रोजगारीका अवसर सिर्जना हुन्छन् भन्ने कुरा निजी क्षेत्रले नै निर्धारण गर्छ ।

तुलनात्मक रूपमा सार्वजनिक क्षेत्र ठूलो रहेको युरोपका स्क्यान्डिनेभियन देशहरूकै उदाहरण लिँदा नर्वे, डेनमार्क, स्विडेन र फिनल्यान्डमा समग्र रोजगारीमा सार्वजनिक क्षेत्रको योगदान २५ देखि ३० प्रतिशतसम्म छ । यी देशका सरकारले आफ्ना नागरिकका लागि शिक्षा र स्वास्थ्य जस्ता सार्वजनिक सेवामा गुणस्तरीय र सुलभ सेवामा जोड दिँदै समाजवाद र पुँजीवाद मिश्रितशैली अङ्गीकार गरेका छन् । यो लक्ष्य प्राप्त गर्न सार्वजनिक सेवा महत्त्वपूर्ण हुन्छन् । यसैले त्यहाँ सार्वजनिक वृत्त वा सरकारी सेवामा अपेक्षाकृत ठूलो संख्यामा सरकारी कर्मचारी छन् ।

तर, स्क्यान्डिनेभियन देशहरूमा पनि ७० प्रतिशत वा त्यसभन्दा अधिक रोजगार निजी क्षेत्रकै छ । नोकिया, एरिक्सन, भोल्भो र इलेक्ट्रोलक्सजस्ता कम्पनीले नै निजी क्षेत्रमा रोजगारीका अवसर सिर्जना गर्छन् । यस्ता कम्पनी नफस्टाएको भए युरोपका विश्वका सबैभन्दा समाजवादी भनिएका देशसमेत धनी हुने थिएनन् ।

चीनको अनुभवले कम्युनिस्ट सरकारलाई समेत आर्थिक वृद्धि र रोजगारीका अवसर सिर्जना गर्न बलियो र फस्टाउँदो निजी क्षेत्रको खाँचो पर्छ भन्ने देखाउँछ । एमआइटीका प्राध्यापक यासेङ हुवाङले आफ्नो पुस्तक 'क्यापिटालिज्म विथ चाइनिज क्यारेक्टरिक्स'मा भनेका छन्, 'पुँजीको पहुँचले सहजीकरण गरेको निजी उद्यमशीलता नै सन् १९८० को दशकको चीनको उदय (टेक अफ) को केन्द्र थियो ।' आजको विश्व अर्थतन्त्रमा नेपालको निजी क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता एकदमै

सीमित छ । नेपालको निजी क्षेत्र सानो छ, जसमा अनौपोचारिक क्षेत्र ठूलो छ भने नवप्रवर्तनको अभाव छ । अधिकांश फर्महरू साना छन्, तिनले बजारको अनौपचारिक क्षेत्रमा काम गर्छन्, ती प्रतिष्पर्धी छैनन् र लागत लाभको हिसाबले पनि ती प्रभावकारी छैनन् । नेपालका १८ प्रतिशत औपचारिक फर्ममा मात्र २० जनाभन्दा बढी कर्मचारी छन् । नयाँ फर्मको प्रवेश दर न्यून छ । अधिकांश फर्म वर्षौँसम्म पनि (उमेर अनुसार) फस्टाउन सकिरहेका हुँदैनन् । यसले उनीहरूले आफ्नो उत्पादकत्व वा उत्पादनको गुणस्तर बढाउने गरी लगानी गरिरहेका छैनन् भन्ने देखाउँछ ।

प्रमुख ठूला फर्म पनि सामान्यतया परिवारबाट सञ्चालित छन् र प्रतिस्पर्धाको अभावका कारण टिकेका छन् । यी व्यापारिक समूह राजनीतिक दलहरूसँगको घनिष्ठ सम्बन्धमार्फत् नीति नियमलाई आफू अनुकूल बनाउने (नियामकीय अवरोध पार गर्ने) क्षमता प्रदर्शन गरेर मात्रै नेपालको लामो राजनीतिक अस्थिरताबाट बचेका छन् । यसमा परिवर्तन त भइरहेको छ, तर निकै सुस्तसँग । नेपालको निजी क्षेत्र प्रतिस्पर्धी र गतिशील हुन सकेको छैन ।

नेपालको आर्थिक इतिहासले हाम्रो आन्तरिक राजनीतिक संघर्ष र अस्थिरताका कारण निजी क्षेत्रले राम्रो काम गर्न नसकेको देखाउँछ । सन् १९९० को दशकमा नेपाल सरकारले लागू गरेको उदारवादी आर्थिक नीतिले निजी क्षेत्रलाई विकासको महत्त्वपूर्ण अवसर प्रदान गऱ्यो । तर, पर्याप्त उपलब्धि हासिल गर्नुअघि नै सन् १९९६ मा सशस्त्र द्वन्द्व सुरूवात भयो । सन २००६ मा द्वन्द्व अन्त्य हुँदासम्म आफ्नो लचिलोपनका बाबजुद निजी क्षेत्रले जीवन्तता र वृद्धि (विस्तार एवं वृद्धिको क्षमता) गुमाइसकेको थियो । जसकारण नेपालको अर्थतन्त्र भारत, बङ्गलादेश र चीनको तुलनामा पछाडि पऱ्यो ।

नेपाल ठूलो अर्थतन्त्र होइन, त्यसैले हामीलाई नेपाली कम्पनीहरूको बजारसम्म पहुँच पुऱ्याउन उनीहरूले उत्पादन गर्ने वस्तु तथा सेवाको लागत घटाई आयतनको अर्थलाभ हुने गरी प्रतिस्पर्धी र बढी मुनाफादायी बनाउन बाह्य अभिमुखीकरणको खाँचो छ । तर विदेशी बजारमा सफल हुन नेपाल अझ बढी प्रतिस्पर्धी हुन जरूरी छ । हामीले निर्यात गर्ने उत्पादन प्रतिस्पर्धी मूल्यसहित उच्च गुणस्तरको हुनु आवश्यक हुन्छ । हाम्रा उद्योग धन्दाको उत्पादकत्व बढाउनु एकदमै महत्त्वपूर्ण छ । राम्रो पारवहन सञ्जाल तथा व्यापारिक बन्दोबस्ती, बिजुली र आइटी कनेक्टिभिटीको

**सन् १९९० को दशकमा नेपाल सरकारले लागू गरेको उदारवादी आर्थिक नीतिले निजी क्षेत्रलाई विकासको महत्त्वपूर्ण अवसर प्रदान गऱ्यो । तर, पर्याप्त उपलब्धि हासिल गर्नुअघि नै सन् १९९६ मा सशस्त्र द्वन्द्व सुरूवात भयो ।**

विकास मार्फत् सरकारले अनुकूल वातावरण सिर्जना गरिदिन सक्छ ।

सरकार : नेपालजस्तो विकासोन्मुख मुलुकमा अधिक रोजगारी सिर्जना गर्न सरकारको महत्त्वपूर्ण भूमिका हुन्छ । सरकारले सबल आर्थिक नीति लागू गरेर, संस्थागत सुदृढीकरण गरेर, सुशासनमा सुधार गरेर र सुरक्षाको प्रत्याभूति गरेर निजी क्षेत्रको विकासका लागि अनुकूल वातावरण सिर्जना गर्नसक्छ । सरकारले श्रमशक्तिको उत्पादकत्व र रोजगारीको सम्भावनालाई अभिवृद्धि गर्न मानव पुँजीको विकास विशेषगरी शिक्षा, स्वास्थ्य र सीप प्रशिक्षणमा लगानी गर्नसक्छ । यसबाहेक, सरकारले रोजगारी सिर्जनाका मुख्य स्रोत साना तथा मझौला उद्यमहरूलाई वित्त, प्रविधि र बजारको जानकारी दिएर सहयोग गर्नसक्छ । यसका अतिरिक्त सरकारले अर्थव्यवस्थाको विविधीकरण गरी क्षेत्रीय एकीकरणलाई बढावा र वातावरण संरक्षण तथा जलवायु परिवर्तनको प्रभावलाई कम गर्ने हरित नीति अपनाएर समावेशी एवं दिगो विकासलाई बढावा दिनसक्छ ।

वर्तमान सरकारले रोजगारी सिर्जनाका लागि गर्नसक्ने धेरै कुरा छन् : (१) कृषिको व्यावसायीकरणलाई बढावा दिने नीति ल्याउने, (२) उत्पादनमूलक कम्पनीहरूलाई विदेशी फर्महरूसँग संयुक्त उद्यममा संलग्न हुन प्रोत्साहित गर्ने, (३) उत्पादनमूलक र कृषि व्यवसाय क्षेत्रका फर्महरूलाई वित्तीय प्रोत्साहन दिने, (४) रोजगारी सिर्जना गर्नेलाई वित्तीय प्रोत्साहन गर्नेगरी सातै प्रदेशमा व्यवसाय सिर्जना र निजी क्षेत्रको वृद्धिलाई प्रोत्साहित गर्ने, (५) वातावरणीय दिगोपन र जलवायु परिवर्तनसँग सम्बन्धित आर्थिक विकासका नयाँ क्षेत्रको पहिचान र प्रवर्द्धन गर्ने ।

हाम्रो श्रमशक्तिको गुणस्तर सुधार्न नेपाल सरकारले विभिन्न कुरामा लगानी गर्न सक्छ :

(१) उच्च शिक्षा र प्राविधिक तथा व्यवसायियक तालिम (टिभिइटी)का कार्यक्रमको आधारका रूपमा रहेको प्राथमिक तथा माध्यमिक शिक्षाको गुणस्तर सुधारमा लगानी गर्ने, (२) नेपालका सातवटै प्रदेशमा टिभिइटी, विश्वविद्यालय र निजी क्षेत्रबिच साझेदारी गर्ने, (३) कृषि व्यवसायका कार्यक्रमको प्रवर्द्धनमा लगानी गर्ने, (४) स्टेम (विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित) क्षेत्रका कार्यक्रम प्रवर्द्धन गर्न लगानी गर्ने, (५) विदेशी विश्वविद्यालयहरूलाई नेपालमा 'स्याटेलाइट क्याम्पस' स्थापना गर्न आर्थिक प्रोत्साहन प्रदान गरी आमन्त्रण गर्ने आदि ।

उद्यमी, व्यवसायी : नेपालजस्तो विकासोन्मुख मुलुकमा रोजगारी सिर्जनामा अर्को प्रमुख भूमिका उद्यमीको हुन्छ । उद्यमी भनेका नयाँ अवसर पहिचान गर्ने, नयाँ उत्पादन र सेवा सिर्जना गर्ने र बजारको आवश्यकता र माग पूरा गर्ने गरी नयाँ व्यवसाय स्थापना गर्ने नवप्रवर्तक हुन् । ईसेवा र पठाओ यसका उत्कृष्ट उदाहरण हुन् । पछिल्लो समय यस्ता धेरै उदाहरण देखा परेका छन् । धेरै युवाले आफ्नो व्यवसाय सुरू गर्दैछन् र उद्यमी बन्दैछन् ।

उद्यमीले कामदार भर्ती गरेर, आफ्ना उद्योग, व्यवसाय विस्तार गरेर र अर्थतन्त्रका अन्य क्षेत्रसँग सम्पर्क स्थापना गरेर रोजगारी सिर्जनामा योगदान पुऱ्याउँछन् । यस्तै, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गरेर तथा आय एवं कर राजस्व सिर्जना गरेर पनि आर्थिक वृद्धिलाई प्रोत्साहित गर्छन् । यसबाहेक, मानिसको जीवनस्तर र कल्याणमा सुधार ल्याउने र नेपालको प्राकृतिक स्रोतसाधन एवं जैविक विविधताको संरक्षण गर्ने समाधान खोजेर सामाजिक तथा वातावरणीय चुनौतीलाई सम्बोधन पनि गर्न सक्छन् ।

*- खतिवडा अर्थशास्त्री हुन् ।*

# सार्वजनिक वित्तीय व्यवस्थापन र अभ्यास

सार्वजनिक वित्त के हो, सार्वजनिक वित्त व्यवस्थापन के हो, यसले कसरी काम गर्छ र यसको अवधारणा कसरी सुरु भयोलगायत विषयमा सरकारलगायत सरोकारवाला सबैले बुझ्नुपर्ने भए पनि यस क्षेत्रमा आवश्यक ज्ञानको कमी देखिन्छ ।



सरोज आचार्य

सार्वजनिक वित्त व्यवस्थापनलाई कसरी प्रभावकारी, पारदर्शी र गुणस्तरीय बनाउने भन्ने विषय विश्वभरमा आजको चासोको विषय हो । संघीय अभ्यासमा नयाँ नेपालका लागि संघीय संरचनामा सार्वजनिक वित्तीय व्यवस्थापनको महत्त्वलाई मनन गर्दै सरकारको तीन तहमै थप प्रभावकारी बनाउनु अझ बढी आवश्यक छ ।

सार्वजनिक वित्त के हो, सार्वजनिक वित्त व्यवस्थापन के हो, यसले कसरी काम गर्छ र यसको अवधारणा कसरी सुरु भयोलगायत विषयमा सरकारलगायत सरोकारवाला सबैले बुझ्नुपर्ने भए पनि यस क्षेत्रमा आवश्यक ज्ञानको कमी देखिन्छ । यसअन्तर्गत यस क्षेत्रमा नेपालमा भएका विभिन्न कार्यको समीक्षा र अबको सुधार आवश्यकतालाई ध्यान दिई गर्नुपर्ने सुधार कार्यको विषयमा पनि तीनै तहका सरकारी निकायबाट थप बहस हुनु जरूरी देखिएको छ ।

पहिलो विषयका सन्दर्भमा भन्नुपर्दा सरकारको नागरिकप्रतिको प्रमुख दायित्व भनेको नागरिकहरूको जीवनस्तरलाई उकास्दै सामाजिक अपेक्षा पूरा गरी सुखी र समृद्ध समाजको निर्माण गर्नु नै हो । यस अर्थमा सरकारलाई कर तिर्ने नागरिकले आफ्नो राज्यको राज्यव्यवस्था राम्रोसँग व्यवस्थित भएको होस् भन्ने मुख्य अपेक्षा राखेका हुन्छन् । उनीहरूले विशेषगरी गुणस्तरीय सेवा कुशल ढंगबाट प्रदान हुनुका साथै सुरक्षित र स्थिर वातावरण तथा विभिन्न किसिमका स्रोतसाधनको प्रभावकारी बाँडफाँटको सुनिश्चितता जस्ता महत्त्वपूर्ण विषयको अपेक्षा गरेका हुन्छन्, जसबाट समाज विकसित, व्यवस्थित र समृद्ध हुन सकोस् । उनीहरूले घाटा र ऋणको स्तरलाई बुझेर राज्यको क्षमताअनुसार सार्वजनिक वित्त नियन्त्रणमा रहे/नरहेको तथा कानुनबमोजिम आर्थिक संकलनको निष्पक्ष र पारदर्शी रूपमा खर्च हुने गरे/नगरेको विषयमा पनि चासो राखेका हुन्छन् ।

यसप्रकार विभिन्न सरकारी संयन्त्रबाट नागरिकले न्यायसंगत र कुशल सेवाको प्रदान होस् भन्ने अपेक्षा राख्छन् । निजी र सार्वजनिक क्षेत्र एकअर्कामा अत्यधिक अन्तर-निर्भर रहेका हुन्छन् र तिनीहरू दुवैले समाज र राष्ट्रको विकास सँगसँगै गर्नुपर्ने भएकाले एकअर्कामा बलियो विश्वास निहित भएको हुनुपर्छ ।

यस प्रकारको विश्वासलाई मजबुत बनाउन सरकारको जवाफदेहिता, प्रभावकारी ढंगबाट समयअनुसारको सही निर्णय तथा मुख्यतया सार्वजनिक आय र व्ययसँग सरोकार राख्ने सबै विषयको प्रतिवेदन दुवैमा बलियो पारदर्शिता अपरिहार्य रहन्छ । यसका निम्ति मुख्य रूपमा पर्याप्त वित्तीय स्रोतको संकलन तथा त्यसको कुशल र समुचित विनियोजनको आवश्यकता हुन्छ, जसका लागि सरकारका प्रणाली र प्रक्रिया बलियो र प्रभावकारी हुनुपर्छ । जब त्यस्ता अपेक्षा पूरा हुँदैनन् वा नागरिकबाट अपेक्षित हुने विश्वासमा कमी हुन्छ, तब यसबाट उल्लेखनीय नकारात्मक परिणाम निम्त्याउने वातावरण तयार हुन सक्छ । जस्तै, वैदेशिक लगानी प्राप्त हुन गाह्रो हुने, सार्वजनिक ऋणको लागत बढ्न सक्ने र दाताहरूको सहयोगलाई आकर्षित गर्न चुनौतीपूर्ण हुने आदि । यस्ता परिणामले रोजगारी र आर्थिक वृद्धिलाई घटाउँदै नागरिकको जीवन स्तरलाई नकारात्मक रूपमा प्रभाव पार्छ, जसबाट अन्ततः महत्त्वपूर्ण विषय बेरोजगारी वा गरिबी निम्त्याई समाजमा सामाजिक अशान्ति पैदा हुन

सक्छ । तसर्थ सरकारले आफ्ना हरेक प्रणाली र प्रक्रिया सबल, कुशल एवम् दक्ष रूपमा स्थापित गर्नुपर्छ, जसलाई सरल भाषामा सार्वजनिक वित्तीय व्यवस्थापन भनिन्छ ।

पहिले सार्वजनिक वित्तीय व्यवस्थापन (पीएफएम) को अवधारणाबारे चर्चा गरौं ।

पीएफएममा तीन शब्द जोडिएका छन् । सार्वजनिक, वित्तीय र व्यवस्थापन । सार्वजनिक भन्नाले सबैले अपनत्व महसुस गर्ने साझा कुरालाई बुझ्नुपर्दछ । वित्तीय भन्नाले आर्थिक कारोबार र व्यवस्थापन भन्नाले योजना र त्यसको संगठित कार्यान्वयनलाई बुझ्नुपर्दछ । यस अर्थमा सार्वजनिक वित्त भनेको सरकारले प्राप्त गर्ने आय र गर्ने खर्चबाट अर्थतन्त्रलाई कसरी प्रभावित गर्दछ भन्ने विषयको अध्ययन हो । यसले सरकारी राजस्व र सार्वजनिक निकायले गरेको व्ययको मूल्यांकन गर्छ ।

कासार्वजनिक वित्तीय व्यवस्थापनको परिभाषाका सन्दर्भमा विभिन्न विद्वान्को परिभाषा विभिन्न किसिमबाट गरेको पाइएको छ । यस अर्थमा पीएफएमलाई कसैले स्थापित नियम, औजार, उपकरण र प्रक्रियाको संकलन हो भनेका छन् भने कसैले सार्वजनिक क्षेत्रमा स्रोत परिचालन र खर्च व्यवस्थापनका पक्षसँग सम्बन्धित हुने विषय नै सार्वजनिक वित्तीय व्यवस्थापन हो भनेका छन् । तसर्थ धेरै विद्वान्ले पीएफएमको परिभाषालाई स्रोतको कुशल बाँडफाँट र दक्ष परिचालनसहितको समग्र वित्तीय अनुशासनका उद्देश्य प्राप्त गर्ने वरिपरि नै केन्द्रित गरेको पाइन्छ । त्यसैगरी व्यावहारिक पक्षबाट बुझ्दा पीएफएमले संरक्षित रूपमा स्रोतहरूको कुशल, प्रभावकारी र पारदर्शी ढंगबाट प्रयोग गर्न सरकारसँग उपलब्ध कानुन, संस्था, प्रणाली र प्रक्रियासँग सोझो सम्बन्ध राख्छ ।

विशेषगरी सार्वजनिक बजेटका सन्दर्भमा यसको मुख्य ध्यान व्यय व्यवस्थापनका साथै कर र अन्य आय, उधारो र ऋण व्यवस्थापनलाई समेट्न रहेको हुन्छ । सार्वजनिक वित्तीय व्यवस्थापनको मुख्य उद्देश्य सार्वजनिक वित्तको राम्रो व्यवस्थापनमार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउनु नै हो । यो सरकारका लागि एक प्रकारको यस्तो ढाँचा हो, जसबाट सरकारलाई आजको नीतिगत निर्णयबाट पर्ने मध्यमदेखि दीर्घकालीन प्रभावलाई समीक्षा गर्ने र सम्भावित जोखिमको मूल्यांकन गर्नसमेत सहयोग पुग्छ । सार्वजनिक वित्तीय व्यवस्थापन शब्दले सामान्यतया वार्षिक बजेट चक्रका विभिन्न चरणअन्तर्गतका तत्त्वलाई वर्णन गर्दछ ।

**सरकारी तथ्यांक सहज र सरल ढंगबाट खुला रूपमा पारदर्शी गर्दै लैजानुपर्छ, जसका माध्यमबाट नवीन सेवा सिर्जना गर्न, सार्वजनिक सहभागिता र सकारात्मक सहयोगका लागि आधार प्रदान गर्न सहयोगी हुन सक्छ ।**

सार्वजनिक वित्तीय व्यवस्थापनमा पनि यसको आफ्नै चक्र छ, जसले अन्ततः नागरिकहरूलाई सशक्त बनाउँदै सरकारलाई उत्तरदायी र पारदर्शी हुन स्पष्ट औजार वा उपकरण प्रदान गर्दछ । यसअन्तर्गत छ वटा चरण– नीति पुनरवलोकन, बजेट तर्जुमा, बजेट स्वीकृति, बजेट कार्यान्वयन, लेखांकन तथा अनुगमन र प्रतिवेदन तथा बाह्य लेखापरीक्षण रहेका हुन्छन् ।

सार्वजनिक वित्तीय व्यवस्थापनको उद्देश्यका विषयमा छोटकरीमा चर्चा गर्दा यसको मुख्य उद्देश्य भनेको खाद्य, स्वास्थ्य, आवास, शिक्षा, पूर्वाधारलगायत जनताका आधारभूत आवश्यकताको न्यायोचित र कुशल व्यवस्थापन गर्नु नै हो, जसबाट सार्वजनिक आवश्यकता समयमै पूरा भई देशको अर्थतन्त्रको आर्थिक वृद्धि र विकासमा योगदान पुऱ्याउन सहयोग गर्दछ । अर्को उद्देश्य भनेको सार्वजनिक ऋणको स्तरमा अस्थिरता उत्पन्न हुन नदिनु तथा राजस्व (कर) संकलन र सार्वजनिक खर्चको समग्र स्तर वित्तीय घाटाको लक्ष्यसँग मेल खाने विषय सुनिश्चित गरी समग्र वित्तीय अनुशासन कायम राख्नु नै हो ।

सार्वजनिक वित्तीय व्यवस्थापनको महत्त्वका विषयमा छोटकरीमा चर्चा गर्दा सार्वजनिक सेवा प्रवाहमा सुधार गर्न, गरिबी न्यूनीकरणको गति बढाउन र दिगो विकास लक्ष्य हासिल गर्न सशक्त सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली आवश्यक हुन्छ । सार्वजनिक वित्तीय व्यवस्थापनमा वित्तीय नीतिहरूको कार्यान्वयनलाई सहज बनाउन सरकारका सबै संस्थागत भएका व्यवस्था/प्रणाली समावेश हुन्छन् । सशक्त र प्रभावकारी रूपमा संस्थागत गरिएका विभिन्न सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीले पारदर्शिता, जवाफदेहिता र वित्तीय कुशलता वा दक्षतामार्फत सार्वजनिक वित्तीय व्यवस्थापनका लागि आवश्यक महत्त्वपूर्ण तत्त्व विश्वसनीयताअनुकूल वातावरण तयार गर्न अहम् भूमिका खेलेको हुन्छ ।

यसप्रकार समान्यतया सार्वजनिक वित्तीय व्यवस्थापनले अर्थतन्त्रमा सार्वजनिक वित्तको संकलन, व्यवस्थापन र व्ययलाई जनाउँछ । वित्तीय व्यवस्थापन प्रणाली एक प्रकारको विश्वव्यापी संयन्त्र भएकाले नै विभिन्न आर्थिक क्षेत्रहरूमा वित्तीय व्यवस्थापन प्रणालीहरूका साझा उपकरण प्रयोग गर्न सम्भव भएको छ । यसर्थ सार्वजनिक सेवाहरूको कुशल र प्रभावकारी वितरण, पारदर्शी सार्वजनिक वित्त, सरकार र नागरिकबीचको बलियो विश्वासका लागि सबल पीएफएम प्रक्रिया र प्रणाली आवश्यक हुन्छ ।

यसप्रकार विशेषगरी सरकारलाई सार्वजनिक वित्तको कमी भएको समयमा सार्वजनिक क्षेत्रमा बजेट र सार्वजनिक सेवाको व्यवस्थापन गर्न हरेक तहमा देखा पर्न सक्ने विभिन्न किसिमका चुनौती र देखा पर्न सक्ने कठिन परिस्थितिले गर्दा संवेदनशील ढंगबाट छिटो समस्याको समाधानका लागि विगतको तुलनामा सार्वजनिक वित्तीय व्यवस्थापनको महत्त्व झनै बढ्दै गएको देखिन्छ । यसर्थ पीएफएमको महत्त्वका कारण नै यसका सुधारको आवश्यकतालाई प्रतिबिम्बित गरेको हुन्छ । यसर्थ नेपालमा सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीको निरन्तर र दीर्घकालीन सुधार अत्यन्त जरूरी विषय हो ।

विश्वभर नै प्रायः सबै सरकारले आफ्नो मुलुकको सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीलाई सुधार गर्ने प्रयास गरिरहेका हुन्छन् । बढ्दो ऋण र अनिश्चित बृहत् आर्थिक दृष्टिकोणको सामना गर्दै प्रायः सबै राज्यका सरकारले बजेटका नयाँ नियम र वित्तीय परिषद् जस्ता संस्थागत अभ्यासको

प्रयोग गरिरहेका हुन्छन् । विश्वव्यापी रूपमा समग्र राज्यहरूको पीएफएम प्रणालीहरूको स्थिति मूल्यांकन गर्न र व्यावहारिक सुधारको क्रमागत विकासका लागि आवश्यक हुने क्षमतामा विकास गर्ने मुख्य लक्ष्यका साथ सार्वजनिक खर्च र वित्तीय जवाफदेहिता कार्यक्रम अवधारणाको संस्थागत सुरुवात सन् २००१ मा भएको हो ।

नेपालमा सार्वजनिक वित्तमार्फत समावेशी र फराकिलो विकासका लागि पीएफएमलाई सरकारले एक रणनीतिक तत्त्वका रूपमा लिएको छ । नेपालमा यसको सुरुवात सन् १९९० देखि नै भएको थियो । सन् १९९० देखि २०१५ सम्म आइपुग्दा सुशासनमार्फत आर्थिक विकासको लक्ष्य हासिलका लागि नेपालमा पनि पीएफएम सुधारका गतिविधि भएको देखिन्छ । त्यसअन्तर्गत नागरिक सेवा प्रवाह, गरिबी निवारण, दिगो आर्थिक विकासलगायतका लक्ष्य प्राप्तिका लागि विभिन्न सरकारी दस्तावेजबाट काम भइरहेको देखिन्छ । तसर्थ त्यसका लागि प्रयोग भएको सार्वजनिक वित्त र त्यसको सबल र दुर्बल पक्षहरूको मापनका लागि सार्वजनिक स्रोतहरूको प्रभावकारी र न्यायोचित परिचालनका विषयमा मूल्यांकन गर्न नेपालमा विगतदेखि नै पेफा अवधारणमा आधारित भई समय समयमा पीएफएम कार्यान्वयन मूल्यांकन हुँदै आएको छ । यसका आधारमा हाल सरकारले पीएफएम सुधारका लागि दोस्रो चरणको सार्वजनिक सुधार रणनीति तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

हाल नेपालमा संघीय सरकारबाट तेस्रो पेफा मूल्यांकन भइरहेको र उक्त प्रक्रियामा कुशल बाँडफाँट र विकास लाभहरूको प्रभावकारी न्यायोचित वितरण जस्ता उद्देश्य हासिल गर्न रहेका सरकारको योजना र बजेट प्रणालीहरूमा लैंगिक समानताको परिप्रेक्ष्यमा लैंगिक-उत्तरदायी सार्वजनिक वित्त व्यवस्थापन तथा जलवायु-संवेदनशील नीतिहरूलाई प्रवर्द्धन गर्न जलवायु-उत्तरदायी सार्वजनिक वित्तीय व्यवस्थापन जस्ता विषयलाई समेत पहिलो पटक समेटेर यही पेफा अवधारणमा आधारित मूल्यांकन गरिरहेको छ ।

पीएफएमको महत्त्वका कारण नै यस क्षेत्रको सुधार आवश्यकताले अझ बढी प्राथमिकता पाउनुपर्छ । पीएफएम सुधार रणनीतिको समग्र लक्ष्य भनेको राष्ट्रिय स्तरमा रहेको पीएफएम प्रणाली र यसका अभ्यासहरूको दक्षता, पारदर्शिता र

> **नेपालमा यसको सुरुवात सन् १९९० देखि नै भएको थियो । सन् १९९० देखि २०१५ सम्म आइपुग्दा सुशासनमार्फत आर्थिक विकासको लक्ष्य हासिलका लागि नेपालमा पनि पीएफएम सुधारका गतिविधि भएको देखिन्छ ।**

जवाफदेहिताका लागि यस प्रणालीको सुधार गर्नु नै हो । विकेन्द्रित प्रक्रियामा जस्तै यो पनि सरकारको शासन सुधारका लागि महत्त्वपूर्ण पूर्वसर्तका रूपमा रहेका प्रमाणमा आधारित पीएफएमका जानकारी प्राप्त गरेर, सूचनाका स्रोतहरूको सञ्जाल निर्माण गरेर र तिनीहरूलाई पहुँचयोग्य बनाएर पारदर्शिता सुधार गर्न मद्दत गर्दछ ।

सुधारका लागि भन्नुपर्दा पेफा मूल्यांकनका आधारमा सरकारले आफ्नो पीएफएम प्रणालीको मूल्यांकन गर्ने गरेको छ । सामान्यतया कुनै पनि मुलुकमा सरकारको सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीको प्रभावकारिता थाहा पाउन र आवश्यक सुधारका लागि उक्त राज्यको सार्वजनिक वित्तीय व्यवस्थापनको आवधिक मूल्यांकन गर्नु अत्यन्त जरुरी हुन्छ ।

यस प्रकार आर्थिक विकृतिमा सुधारका लागि सार्वजनिक वित्तीय व्यवस्थापनको प्रभावकारी कार्यान्वयन आवश्यक भए पनि यसका निम्ति अन्तर्राष्ट्रिय स्तरमा एकै किसिमका चुनौती तथा समस्या पनि देखिन्छ । नेपाल पनि यसबाट अछुतो हुने कुरै भएन । तसर्थ यस्ता समस्या र चुनौतीका विषयमा चर्चा गरौं ।

## अन्तर्राष्ट्रिय स्तरमा रहेका समस्या

- सुदृढ र स्थिर सार्वजनिक वित्तको निरन्तरताको आवश्यकता
- कर/राजस्व प्रणालीको सदुपयोगको सुनिश्चितता ।
- न्यूनतम लागतमा अपेक्षित लक्ष्य प्राप्त गर्नुको आवश्यकता ।
- वर्तमान र भविष्यका लागि स्रोत सुनिश्चितताको जिम्मेवारीबोधको आवश्यकता ।

यसरी पीएफएम सुधारका लागि योजना कार्यान्वयन गर्दा स्रोतको अभाव, कमजोर प्रशासन तथा सुशासन, संस्थागत सुधार संरचनाका लागि तत्परताको कमी र महत्त्वपूर्ण सहायक संरचनाको अभाव हुन सक्छ । यस्ता समस्या निःसन्देह, समस्या हुन्, जसले पीएफएम सुधारका लागि चुनौती दिएको हुन्छ । तर पनि यी समस्या समाधानका लागि सरकारको नियन्त्रण र व्यवस्थापन परिधिभित्र रहेका हुन्छन् ।

अनियन्त्रित समस्यामा, सबैभन्दा पहिले, विश्वव्यापीकरण र यसका परिणाम रहेका हुन्छन् । विशेषगरी विश्वव्यापीकरणले गर्दा आम्दानीको बाँडफाँटमा चुनौती थपिन सक्ने हुनाले यसले सरकारको नियमनकारी भूमिकालाई बढाउन आवश्यक हुन सक्छ । तसर्थ पीएफएम बृहत् आर्थिक विषयमा पनि केन्द्रित हुने हुनाले यस्ता विषयलाई पनि ध्यानमा राख्नैपर्छ ।

## समस्या

नेपालमा सार्वजनिक वित्तीय व्यवस्थापनका सम्बन्धमा संवैधानिक, कानुनी र संस्थागत व्यवस्था भएको छ । मुलुकमा तीन तहको सरकार सञ्चालनमा छ । तीनै तहको सरकारबाट सार्वजनिक वित्त व्यवस्थापनका कार्य भइरहेका छन् । साथै सुधारका प्रयास पनि हुँदै आएका छन् । यद्यपि यसमा विभिन्न समस्या देखिएका छन्, जसलाई निम्नानुसार

उल्लेख गर्न सकिन्छ–

- राजस्व पूर्वानुमान यथार्थपरक हुन नसक्नु,
- प्रभावकारी योजना र बजेटको तर्जुमा गर्न नसक्नु,
- मध्यमकालीन खर्च संरचना र आयोजना बैंक प्रभावकारी रूपमा अपेक्षाअनुसार कार्यान्वयन नहुनु,
- आवश्यकताअनुसार स्रोत प्राप्तिको अभाव,
- वैदेशिक अनुदानको तुलनामा ऋणको मात्रा बढ्दै जानु,
- विकास साझेदारबाट प्रतिबद्धता गरेअनुरूप सहायता प्राप्त हुन नसक्नु,
- पुँजीगत खर्च कम हुनु र चालु खर्च बढ्दै जानु,
- उत्पादनशील क्षेत्रमा पुँजीगत खर्चलाई परिचालन गर्न नसक्नु र दिगो राजस्व प्राप्ति गर्ने स्रोतका रूपमा विकास गर्न नसक्नु,
- सरकारका आयोजना समयमै सम्पन्न हुन नसक्नु (मेलम्ची खानेपानीलगायत राष्ट्रिय गौरवका आयोजना, बुटवल–नारायणगढ सडक खण्ड आदि)
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, नियम, बजेट दिग्दर्शन, कार्य सञ्चालन निर्देशिका जस्ता कानुनी प्रावधानको पूर्णरूपमा पालना नहुनु,
- समग्रमा नियमित रूपमा अनुगमन र मूल्यांकनको अभाव हुनु,
- सार्वजनिक आय र व्ययको व्यवस्थापनको हकमा समग्र वित्तीय अनुशासन कमजोर हुनु,
- चुस्त/दुरूस्त प्रशासन, समयअनुसारको सही निर्णय, प्रभावकारी सुशासनको कमी हुनु,
- सुधारका क्रियाकलापलाई प्राथमिकताका दिई कार्यान्वयनको कमी हुनु,
- संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वयको अभाव हुनु आदि ।

वास्तवमा चुनौती र समस्या अझ थप होलान् । तर मुख्य रूपमा उपर्युक्त समस्याले गर्दा नेपालको सार्वजनिक वित्तीय व्यवस्थापन अपेक्षा गरेबमोजिम उपलब्धिमूलक हुन अझै बाँकी देखिन्छ । यसका लागि प्रचलित कानुनको पूर्ण परिपालना गर्ने, तीन तहका सरकारबीच पर्याप्त समन्वय, सहकार्य गर्ने, कार्यान्वयन योग्य बजेट तर्जुमा गर्ने, कार्यान्वयन संयन्त्रको क्षमता विकास गर्ने, अनुगमन र मूल्यांकनलाई नतिजामुखी बनाउने गर्नुपर्छ ।

**आर्थिक, वित्तीय र तथ्यांकीय प्रतिवेदनले नागरिकहरूलाई किन र कसरी नीति कार्यान्वयन भए वा उक्त नीतिहरू पूर्वानुमान र योजनाहरूबाट विचलन हुनुका कारकतत्त्व के हुन् भनेर बुझ्नसमेत सहयोग गर्छ ।**

समस्या र चुनौतीका बाबजुद पनि पीएफएमलाई प्रभावकारी बनाउन आवश्यक केही विषयमा चर्चा गर्न सकिन्छ । यसका निम्ति सरकारी कार्यक्रम र गतिविधिप्रति सरकार जवाफदेही भई पारदर्शी हुनुपर्छ । र पीएफएम सम्बद्ध विषयमा जनचेतना अभिवृद्धि गर्नुपर्छ । सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली सुधारका लागि सबैभन्दा पहिले क्रमबद्ध सुधार लक्ष्यका लागि आवश्यक रहेका मुख्य तत्त्व जस्तै– सुधारका लागि वातावरण, कानुनी र संस्थागत रूपरेखासहितको शासन, आचारसंहितासहितको शासन, क्षमता र सामर्थ्य, वित्तीय र नीति ढाँचा, प्रतिवेदन, सुपरिवेक्षण तथा सुनिश्चितता आदिलाई पुनरावलोकन तथा विश्लेषण गर्नु महत्त्वपूर्ण विषय हो ।

तसर्थ समग्रमा भन्नुपर्दा बलियो पीएफएम स्थापित गर्न धेरै किसिमका चुनौती तथा समस्या रहेका हुन सक्छन्, जसलाई उचित ढंगबाट सम्बोधन गर्न बजेट तर्जुमा, कार्यान्वयन, लेखांकन र प्रतिवेदन तथा बाह्य निगरानी र लेखापरीक्षण जस्ता समावेश भएका विषयमा देखिएका कमीकमजोरीलाई क्रमागत सुधार गर्दै पारदर्शिता र जवाफदेहिता बढाउने र संस्थागत क्षमता सुदृढ गर्नु अत्यन्त जरूरी हुन्छ ।

पारदर्शिता र जवाफदेहिता आधुनिक अर्थतन्त्रका महत्त्वपूर्ण पक्ष हुन् । सरकारको पारदर्शिताका विषयमा चर्चा गर्दा सरकारको प्रमुख दायित्व भनेकै नागरिकका लागि हुने सरकारका कामकारबाही र खर्चका विषयमा नागरिकहरूप्रति खुला, जवाफदेही र इमानदार हुनु हो । यसका लागि सरकारी तथ्यांक सहज र सरल ढंगबाट खुला रूपमा पारदर्शी गर्दै लैजानुपर्छ, जसका माध्यमबाट नवीन सेवा सिर्जना गर्न, सार्वजनिक सहभागिता र सकारात्मक सहयोगका लागि आधार प्रदान गर्न सहयोगी हुन सक्छ ।

विशेषगरी आर्थिक, वित्तीय र तथ्यांकीय प्रतिवेदनले नागरिकहरूलाई किन र कसरी नीति कार्यान्वयन भए वा उक्त नीतिहरू पूर्वानुमान र योजनाहरूबाट विचलन हुनुका कारकतत्त्व के हुन् भनेर बुझ्नसमेत सहयोग गर्दछ । यस्ता गतिविधिले सरकारप्रतिको जनविश्वासलाई थप बलियो बनाउँदै लैजान्छ । यस किसिमबाट सुधारिएको तथ्यांकको सहज पहुँचले सरकारी निकाय, निजी क्षेत्र, नागरिक समाज, संगठन र नागरिकलगायत बृहत्तर समाजबीचको निकट सहयोग सुनिश्चित गर्न सक्छ । यसले सार्वजनिक क्षेत्रको संगठनात्मक संस्कृतिमा खुलापन, पारदर्शिता र जबाफदेहिता मात्र नभई सरकारप्रतिको जनताको अहम् भूमिकालाई व्यापक सहभागिताका लागि पनि उत्प्रेरित गर्न मद्दत पुग्छ ।

*– आचार्य अर्थ मन्त्रालयअन्तर्गत पेफाका परामर्शदाता हुन् ।*


www.machbank.com
माछापुच्छ्रे
बचत
खाता
आजको बचत,
उज्वल भविष्यको सुरुवात...
सम्पन्न भविष्यको लागि आजै देखि
बचतको सुरुवात गरौं ।
माछापुच्छ्रे बैंक
माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित

# सानो बजार स्टार्टअपका लागि सुखद

नेपालमा स्टार्टअपहरूको मुख्य समस्या भनेको व्यवसायको स्केल अप (आकार बढाउन) मा हुने गरेको छ । स्केल अप गर्दा वित्तीय सहायता चाहिन्छ, लगानीका लागि हाम्रा वैकल्पिक स्रोत त्यति विकसित छैनन् । वित्तीय सहायताका लागि हामी बैंकमै जानुपर्छ, त्यहाँको प्रक्रिया झन्झटिलो मात्रै होइन, बिनाधितो कर्जा पाइँदैन, बैंकले नयाँ कम्पनीलाई पत्याउँदा पनि पत्याउँदैनन् ।



सहारा जोशी

नेपालमा केलाई 'स्टार्टअप' मान्ने भन्नेमा स्पष्टता छैन । तर नेपाल युवा उद्यमी मञ्चले पाँच वर्षभन्दा कम आयुका र सूचना प्रविधिमा आधारित उद्यमलाई स्टार्टअप मानेर वर्षेपिच्छे स्टार्टअप अवार्ड गर्दै आएको छ । अवार्डमा जे-जति कम्पनीले भाग लिइरहेका छन्, त्यसका आधारमा हामीसँग स्टार्टअपको एउटा खेस्रा तथ्यांक छ । तथ्यांककै अभाव रहेको देशमा हामीसँग भएको विवरण ठूलै पुँजी हो ।

सो तथ्यांक हेर्दा पछिल्लो समय नेपालमा स्टार्टअपको संख्या बढिरहेको देखिन्छ । उद्यमी मञ्चमा जोडिन आउने नयाँ सदस्य पनि थपिँदै गएका छन् । युवाहरूले नयाँ-नयाँ व्यावसायिक पहल गरेको देखिन्छ, डिजिटल वा प्रविधि क्षेत्रमा धेरैको चासो छ । सफ्टवेयर र एप्लिकेसन विकासमा लागेका हाम्रा कतिपय स्टार्टअप कम्पनीले अन्तर्राष्ट्रिय बजारमा सेवा निर्यात गरिरहेका छन् । विशेषतः प्रविधि क्षेत्रमा इन्नोभेटिभ काम भएका छन् ।

अहिले सफ्टवेयर विकास, डिजिटल मार्केटिङ, शिक्षा-प्रविधि, वित्तीय-प्रविधिलगायत क्षेत्रमा स्टार्टअप कम्पनीहरूको वर्चस्व छ । लजिस्टिक्समा 'उपाय' जस्ता कम्पनी खुलेका छन् भने वीरगन्ज, बुटवल, विराटनगरलगायत सहरमा स्थानीय फुड डेलिभरी सेवा प्रदायकहरू सञ्चालनमा आइरहेका छन् । ई-कमर्समा पनि प्रशस्तै नयाँ स्टार्टअप कम्पनी दर्ता भइरहेको पाइन्छ । काठमाडौंमा स्टार्टअपलाई सघाउन मनग्गे बुट क्याम्प, एक्सिलेरेसन र स्केलिङका कार्यक्रमसँगै तालिम र सीप विकासका पहल भइरहेका छन् । कलेजहरूमा इन्क्युबेसन सेन्टर र इन्नोभेसन ल्याबहरू स्थापना भएको देखिन्छ ।

यद्यपि, स्टार्टअपसम्बन्धी धेरैजसो गतिविधि काठमाडौंकेन्द्रित छन् । यहाँका युवालाई को-वर्किङ स्पेसदेखि एक्सिलरेसन कार्यक्रमबारे जानकारी छ । बाहिरी जिल्लामा चाहिँ स्टार्टअपभन्दा पनि उद्यमशीलताका प्रयास बढी देखिन्छन् । हामीकहाँ उद्यमशीलता र नवप्रवर्तनलाई एउटै मान्ने चलन छ, जुन सही होइन । यी विशुद्ध फरक विषय हुन् । नयाँ चिया पसल खोल्नु स्टार्टअप होइन, उद्यमशीलता हो । स्टार्टअप चाहिँ प्रविधिको प्रयोगमार्फत समाजमा विद्यमान समस्या समाधान गर्दै अर्थ आर्जनको पनि सम्भावना भएका नवउद्यम हुन् ।

सरकारले तयार पारेको राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०७९ को मस्यौदामा स्टार्टअप र उद्यमशीलतालाई उस्तै-उस्तै रूपमा देखाइएको छ । त्यो परिभाषा परिमार्जन गर्न र स्टार्टअपलाई लिएर सरकारको बुझाइ अलि परिष्कृत हुनुपर्‍यो, नियन्त्रणमुखी नीति बनाउनु भएन, त्यसमा प्रविधि र इन्नोभेसनलाई बढी जोड दिनुपर्‍यो, नेपालका उत्पादनको पेटेन्ट अधिकारको विषय समेटिनुपर्‍यो, १० वर्षसम्मका कम्पनीलाई स्टार्टअप मान्नुपर्‍यो भन्नेलगायत सुझाव हामीले सरकार एवं नीति निर्मातालाई दिएका छौं । यस विषयमा हाल सरकारले प्रदेशहरूबाट सुझाव संकलन गरिरहेको छ । नीति मात्रै नभएर स्टार्टअपसम्बन्धी कानुनसमेत छिट्टै बन्नुपर्‍यो भन्ने हाम्रो माग हो ।

## समस्या

नेपालमा स्टार्टअपहरूको मुख्य समस्या भनेको व्यवसायको स्केल अप (आकार बढाउन) मा हुने गरेको छ । स्केल अप गर्दा वित्तीय सहायता

चाहिन्छ, लगानीका लागि हाम्रा वैकल्पिक स्रोत त्यति विकसित छैनन् । वित्तीय सहायताका लागि हामी बैंकमै जानुपर्छ, त्यहाँको प्रक्रिया झन्झटिलो मात्रै होइन, बिनाधितो कर्जा पाइँदैन, बैंकले नयाँ कम्पनीलाई पत्याउँदा पनि पत्याउँदैनन् ।

सुखको कुरा चाहिँ, पछिल्लो समय प्राइभेट इक्विटी र भेन्चर क्यापिटल (पीईभीसी) जस्ता वैकल्पिक लगानीका स्रोत विस्तार हुन थालेका छन् । तर तिनको सहायता पाउन स्टार्टअपहरू आफैं पनि सक्षम भइसकेको हुनुपर्छ । हाम्रा स्टार्टअपहरूलाई लगानी प्राप्त गर्ने वा व्यवसायको आकार बढाउनेबारे ज्ञानको अभाव छ । पीईभीसीहरूले पनि अधिकांश स्टार्टअपलाई आवश्यक साना लगानीभन्दा एकैचोटि ठूला लगानीका अवसरमा बढी चासो देखाउने गरेका छन् । नेपालमा लगानीकर्ताको चाहना स्टार्टअपले बुझिरहेका, लगानीकर्ताले पनि स्टार्टअपलाई बीउ पुँजी दिनुभन्दा ठूलो लगानी गरेर नाफा कमाउन सजिलो मानेका छन् । यसले गर्दा दुईबीच 'ग्याप' देखिन्छ ।

स्टार्टअपलाई ऋण र अन्य सहुलियत सुविधा दिने भनेर सरकारले बारम्बार घोषणा गर्ने भए पनि त्यसको कार्यान्वयन फितलो छ । यस्ता सुविधा लिन कर्मचारीतन्त्रमा विद्यमान ढिलासुस्ती र अस्पष्टता बाधक छन् । नेपालमा सरकार र निजी क्षेत्र दुवैसँग कुनै पनि किसिमको गतिलो तथ्यांक छैन । तथ्यांक नभएपछि नयाँ व्यवसाय गर्न, व्यसायसम्बन्धी आइडिया सिर्जना गर्न वा व्यवसाय विस्तार गर्न सहज हुँदैन । हामीहरू मिडियामा आएका समाचारमा उल्लिखित तथ्यांक र कहिलेकाहीँ त अनुमानको भरमा बजारको आकार निर्धारण गरेर वस्तु तथा सेवा उत्पादन गर्दै आएका छौं । वास्तविक माग र उत्पादनबीच अक्सर मेल नखाने समस्या छ ।

नीतिगत समस्या भनेको चाहिँ स्टार्टसम्बन्धी कानुनको अभाव नै प्रमुख हो । कानुन नभएकाले स्टार्टअपको परिभाषा छैन, नयाँ रेस्टुरेन्ट वा नयाँ प्रविधि कम्पनी दुवैले आफूलाई स्टार्टअप हुँ भन्दै सहुलियतलगायतमा दाबी पेस गर्दा वास्तविक स्टार्टअपलाई मर्का परेको छ । विशिष्ट कानुन नहुँदा स्टार्टअपले दर्ता, नवीकरणलगायत प्रक्रियामा अन्य कम्पनीकै बाटो जानुपर्छ । स्थापित वा ठूला उद्योगी र भर्खर कलेज पढ्दै गरेका युवा उद्यमीलाई एउटै व्यवहार गरिएकाले नवउद्यमीहरू दर्ता प्रक्रियाबाटै तर्सिएर भाग्ने गरेका छन् ।

> **हरित पर्यटन, दिगो पर्यटनका क्षेत्रमा इन्नोभेटिभ आइडियाको खाँचो छ । प्रविधि क्षेत्रमा त नेपालीहरूले अहिले नै अमेरिकी, जर्मनी, फ्रेन्च कम्पनीहरूका लागि एप्लिकेसन र सफ्टवेयर बनाइरहेका छन् । यसमा सरकारले थोरै मात्र सहजिकरणको पहल थाल्नासाथ यो क्षेत्र अझै झांगिनेवाला छ ।**

कम्पनी दर्ताका लागि वडा कार्यालय, नगरपालिका, कम्पनी रजिस्ट्रार, कर कार्यालयलगायत अनेकौं निकाय धाउनुपर्छ । कुनै एउटा विद्यार्थीले कम्पनी वा स्टार्टअप सुरू गर्नु भनेको बजारले उसको आइडिया स्वीकार गर्छ/गर्दैन भनेर परीक्षण गर्नु पनि हो । उसलाई सुरूमै दर्तासम्बन्धी यति लामो प्रक्रिया हुँदै कर, अडिट, कानुनी शुल्कका विषयमा दौडाउँदा ऊ आत्तिइसक्छ । अझ, एक/दुई वर्षपछि उसको स्टार्टअप माथि उठ्न सकेन भने त्यसलाई बन्द गर्न अर्को हैरानी हुन्छ । नेपालमा बिजनेसबाट एक्जिट हुने व्यवस्थासमेत छैन ।

स्टार्टअप सुरू गर्न जति समस्या छ, सुरू गरिसकेपछि कम्पनी चलेन भने के गर्ने वा त्यसबाट कसरी बाहिरिने भन्नेमा झनै अस्पष्टता छ । स्टार्टअपलाई वित्तीय पहुँचका अवसर कम छन्, करमा सहुलियत छैन । यसले गर्दा नेपालमा असफल स्टार्टअपको संख्या बढी छ । हुन त विश्वमै ९० प्रतिनशत स्टार्टअप फेल हुन्छन् भनिन्छ । नेपालमा दक्ष जनशक्तिको अभावदेखि यस्ता नीतिगत र व्यावहारिक चुनौतीका चाङले गर्दा धेरैजसो स्टार्टअप जाग्नै नपाई मरेका छन् ।

धेरैले नेपालमा जागिरै छैन भन्छन् । तर कम्पनीहरूले दक्ष जनशक्ति नपाएर हैरानी खेप्नुपरेको छ । मेरै हिमालय ब्याम्बो कम्पनीमा फर्निचर बनाउने मान्छे फेला पार्न र उनीहरूलाई टिकाइरहन मुस्किल छ । नेपालमा कामदार नपाएर भारतबाट ल्याउनुपरेको छ । नेपालको समग्र फर्निचर उद्योग स्थानीय कामदारको अभाव र भारतका आप्रवासी कामदारको भरमा चलिरहेको छ । मेरो बुझाइमा, नेपालमा रोजगारीका अवसर नभएका होइनन् । तर उद्योगले खोजेको जनशक्ति र नेपालमा उत्पादन भइरहेका जनशक्तिको सीप भने मिलिरहेको छैन । यसले गर्दा काम खोज्नेले काम पाएको छैन, जनशक्ति खोज्नेले जनशक्ति ।

काठमाडौं बाहिरको स्टार्टअप माहोल अझै निराशाजनक छ । स्टार्टअप संस्कृति काठमाडौंबाहिर पुग्नै सकेको छैन । त्यहाँ स्टार्टअपसम्बन्धी कुनै पनि कार्यक्रम गर्दा सुरूमा त इन्नोभेसन वा स्टार्टअप भनेको के हो भनेर बुझाउनुपर्ने हुन्छ । जुनसुकै नयाँ व्यवसाय स्टार्टअप होइन भन्नेबाट कुरा सुरू गर्नुपर्छ । तर हरेक ठाउँमा स्टार्टअप कम्पनी हुनैपर्छ भन्ने छैन, उद्यमशील मानसिकता चाहिँ चाहिन्छ । उद्यम विकास भए मात्रै त्यो ठाउँको आर्थिक गतिविधि चलायमान बन्छ ।

नेपालमा महिला नवउद्यमीलाई अतिरिक्त चुनौती छ । महिलाले काम गर्ने अवधि पुरूषको भन्दा कम हुने भएकाले उनीहरू उद्यमशीलतामा टिकिरहन सक्दैनन्, कि त बिहेअघि वा बिहेपछि काम गर्नुपरिरहेको छ । महिलालाई व्यवसायमा जोखिम मोल्न वा एक/दुई व्यवसाय असफल हुँदा अर्को व्यवसाय गर्न प्रोत्साहन गरिँदैन । जब कि पुरूषहरूले तुलनात्मक रूपमा यो अवसर पाउँछन् । चार-पाँच वटै व्यवसाय असफल हुँदासमेत पुरूषलाई नयाँ ट्राई गर्न निरूत्साहित गरिँदैन । तर महिलाले सञ्चालन गरेको एउटा मात्रै कम्पनी चलेन भने उसलाई व्यवसाय छाडेर जागिर खानतिर लाग्न दबाब आइहाल्छ ।

## संकटमोचन

नेपालमा अनेकौं समस्याबीच पनि स्टार्टअप र व्यवसाय राम्रै संख्यामा सञ्चालन भएको देख्दा कहिलेकाहीँ त मलाई जादु नै भइरहेको छ कि जस्तो लाग्छ । यद्यपि, अहिले समग्र आर्थिक मन्दीका कारण अलि बढी जटिलता देखिएको हो । सामान्य

अवस्थामा त नेपालको स्टार्टअप क्षेत्र सुधारकै बाटोमा हिँडिरहेको थियो । पछिल्लो समय स्टार्टअपहरूलाई स्रोत जुटाइदिने वैकल्पिक लगानीका माध्यम थपिँदै गएका छन् । प्राइभेट इक्विटी र भेन्चर क्यापिटल फार्मसँगै ठुल्ठूल्ला कम्पनीले पनि कतिपय स्टार्टअपमा लगानी गर्न थाल्नु सुखद पक्ष हो, यो अझै विस्तार हुने निश्चित छ ।

विभिन्न स्कुल/कलेजहरूले उद्योग, प्राज्ञिक क्षेत्र र स्टार्टअपहरूलाई आपसमा जोड्न विभिन्न नेटवर्किङ कार्यक्रम आयोजना गर्न थालेका छन् । यसले स्टार्टअपका आइडिया, प्रोडक्ट र सर्भिसहरूको प्रचारप्रसारमा राम्रै सघाएको छ । स्टार्टअपलाई मेन्टर र इन्भेस्टरसँग जोड्ने यस्ता प्लाटफर्मको संख्या अझै बढाउँदै लग्नुपर्छ, त्यसका लागि निजी क्षेत्र र सरकारले पनि चासो देखाइरहेको हुँदा हामी आशावादी बन्न सक्छौं । सञ्चारमन्त्रीले विभिन्न अन्तर्वार्ताहरूमा नेपालमा बृहत् आईटी प्रदर्शनी गर्नेबारे बताउँदै आएका छन् ।

स्टार्टअपसम्बन्धी कानुन बन्ने प्रक्रियामा रहेकाले त्यसले आगामी दिनमा यो क्षेत्रलाई दिशानिर्देश, व्यवस्थित र सहजीकरण गर्ने सम्भावना छ । कानुन बनेपछि पीईभीसीको वातावरण निर्माण र इकोसिस्टम तयार हुन सहयोग मिल्छ ।

स्टार्टअप क्षेत्रलाई बलियो बनाउन हामीले हाम्रा शैक्षिक संस्थाहरूलाई पनि बलियो बनाउनुपर्छ । किनभने वास्तविक इन्नोभेसन त्यहीँबाट आउने हो । शैक्षिक संस्थाहरूले रिसर्च एन्ड डेभलपमेन्टका काम गर्न सक्छन् । विश्वविद्यालयका विद्यार्थीले नयाँ-नयाँ इन्नोभेसन, विभिन्न प्रकारका प्रोटोटाइप वा प्रोडक्ट बनाउन थाले भने उनीहरूका काम बजारमा बिक्छन्/बिक्दैनन्, समाजलाई चाहिएको छ/छैन भनेर प्रोफेसर, मेन्टरहरूले औँल्याइदिन्छन् । त्यसकारण शैक्षिक क्षेत्रलाई इन्नोभेसन र आन्टरप्रेनरसिपमा सशक्त बनाउन आवश्यक छ । रिसर्च एन्ड डेभलपमेन्ट क्षेत्रमा स्टार्टअपहरूलाई पनि अवसर र प्रशस्त सम्भावना छ ।

नेपालका दक्ष जनशक्ति, उनीहरूका इन्नोभेटिभ आइडिया र यहाँ उत्पादित वस्तु तथा सेवा विदेशमा बिक्छन् भन्ने कुराको पुष्टि सूचना प्रविधि सेवाको निर्यातसम्बन्धी आकर्षक तथ्यांकले देखाइसकेको छ । तसर्थ अब सरकारले नेपालका पृथक् एवं निर्यातको सम्भावना रहेका वस्तु तथा सेवाको पहिचान गरेर व्यापारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि/सम्झौताअनुरूप जहाँ-जहाँ मिल्छ, त्यहाँ निर्यातका लागि पहल थाल्नुपर्छ । कुन प्रोडक्ट निर्यातका लागि सक्षम अवस्थामा पुगेको छ, कहाँ-कहाँ त्यसको माग छ भन्ने पहिल्याउनुपर्छ ।

दक्षिण कोरियाको निर्यातसम्बन्धी विभागले बेला-बेलामा अन्तर्राष्ट्रिय व्यापार सम्मेलन आयोजना गरेर 'हाम्रा कम्पनीहरूले यस्ता-यस्ता वस्तु तथा सेवा उत्पादन गरेका छन्, के तपाईंहरू यिनमा लगानी गर्न वा उत्पादन खरिद गर्न इच्छुक हुनुहुन्छ ?' भनेर अवगत गर्ने गरेको छ । निजी क्षेत्रले तयार पारेका प्रोडक्ट अन्तर्राष्ट्रिय बजारसम्म पुर्‍याउन हाम्रो सरकारले पनि यस्ता गतिविधि सञ्चालन गर्नुपर्छ ।

उद्यमशीलता क्षेत्रमा वैदेशिक लगानीको महत्त्वपूर्ण भूमिका हुन्छ । हामीकहाँ पछिल्लो समय सूचना प्रविधि क्षेत्रमा आउटसोर्सिङ र इन-सोर्सिङ दुवैतर्फ राम्रो सम्भावना देखिएको छ । तसर्थ सूचना प्रविधि क्षेत्रमा लगानी गर्न चाहने विदेशी लगानीकर्ता बढ्ने सम्भावना प्रचुर छ । यस्तोमा एफडीआई भित्र्याउने प्रक्रियागत झन्झट छोट्याउन, सकेसम्म धेरै देशसँग दोहोरो करमुक्ति सम्झौता गर्न र एकद्वार नीति कार्यान्वयन गर्न सरकारले तदारूकता देखाउनुपर्छ ।

हालको जटिल आर्थिक अवस्था पार गर्न निजी क्षेत्र एकजुट हुनुपर्छ । अहिले हामी सबै विभाजित भएकाले सरकारले पनि कसको मात्रै कुरा सुन्ने ! नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स, युवा उद्यमी मञ्च जस्ता निकाय एकत्रित भएर अघि बढे यस्ता आर्थिक संटक झेल्न सामूहिक बल मात्र हुन्छ । सबैको एकमुस्ट पहलले साना, ठूला, मझौला, नवउद्यमी सबैको उत्थानमा सघाउ पुग्छ । साथै ठुल्ठूला कम्पनीले स्टार्टअपलाई वित्तीयसँगै मेन्टरसिपमा सहयोग गर्नुपर्छ ।

पर्यटन क्षेत्रमा थेरैथोक गर्न बाँकी भएकाले स्टार्टअपका लागि यसमा स्कोप छ । हरित पर्यटन, दिगो पर्यटनका क्षेत्रमा इन्नोभेटिभ आइडियाको खाँचो छ । प्रविधि क्षेत्रमा त नेपालीहरूले अहिले नै अमेरिकी, जर्मनी, फ्रेन्च कम्पनीहरूका लागि एप्लिकेसन र सफ्टवेयर बनाइरहेका छन् । यसमा सरकारले थोरै मात्र सहजीकरणको पहल थाल्नासाथ यो क्षेत्र अझै फाङ्गिनेवाला छ ।

स्टार्टअपकै रूपमा सुरू भएको ई-सेवा हाल नेपालको एउटा प्रमुख वित्तीय-प्रविधि कम्पनी बनेको छ । समाज र बजार बुझेर सुरू गरेको स्टार्टअप कतिसम्म सफल हुन सक्छ भन्ने यो एउटा उदहारण पनि हो । यस्ता उदहारणीय पहल र सफल उद्यमीहरूबारे जानकारी दिन उद्यमी मञ्च जस्ता संस्थाले नेटवर्किङ र लर्निङ कार्यक्रम गर्दै आएका छन् । युवाहरूले यहाँ पनि सम्भावना छ, राम्रा काम भइरहेका छन् भन्ने बुझ्न पाएका छन् भन्ने लाग्छ ।

म आफैं पनि अस्ट्रेलियामा उच्च शिक्षा अध्ययनपछि नेपाल फर्किएर उद्यशीलता क्षेत्रमा लागेको आठ वर्ष भइसक्यो । यहाँ अवसर र सम्भावना देखेरै टिकिरहेकी छु र यहीँ अघि बढ्ने योजना छ । नेपाली समाज पक्कै थुप्रै समस्याबाट गुज्रिरहेको छ । तर उद्यमीका दृष्टिले हेर्दा समाजमा जति धेरै समस्या भयो, उति धेरै समस्या समाधान गर्ने अवसर हुन्छन् । समाधान गर्ने तरिका भनेको उद्यमशीलता नै हो । मैले यहाँ समस्या देखें र तिनलाई समाधान गर्ने अवसर पनि छन् भन्ने बुझेपछि विभिन्न पहल गर्दै आएकी छु । स्टार्टअप कम्पनीका रूपमा पछिल्लो समय महिलाकेन्द्रित ई-कमर्स प्लाटफर्म, तभिसी नेपाल डटकम सञ्चालनमा गर्दै आएकी छु ।

नेपालको समग्र स्टार्टअप र उद्यमशीलता क्षेत्र पुरुषप्रधान भए पनि पछिल्लो समय विभिन्न सहयोगी निकायहरूले महिलालाई प्रोत्साहन गर्न थालेका छन् । नीतिगत रूपमा पनि उद्यमशीलता सञ्चालन गर्न कुनै किसिमको लैंगिक विभेद छैन, उल्टै सरकारले महिला उद्यमीलाई कर्जा सुविधा र सहुलियत दिँदै आएको छ । यसले वित्तीय पहुँच प्राप्त गर्न महिलालाई केही न केही सहज बनाइदिएको छ । तर कर्जा लिन जाँदा बुबा र श्रीमान्को समेत बैंक ग्यारेन्टी माग्ने चलन छ, यसमा सुधार चाहिएको छ ।

हिजोआज जुनसुकै क्षेत्रमा पनि लैंगिक समावेशिता र महिलालाई अगाडि बढाउनुपर्छ भन्ने भावना विकास भइरहेकाले लगनशील भएर लाग्नेलाई स्टार्टअप वा व्यवसाय गर्न गाह्रो छैन । नेपालमा सानै पहलले ठूलो प्रभाव पार्न सक्छ । राम्रो कामको चौतर्फी प्रशंसा हुन्छ । यस हिसाबले हेर्दा बजार सानो हुनु पनि नेपाली स्टार्टअप र व्यवसायीलाई फाइदाकै कुरा हो । कुनै प्रोडक्टको ब्रान्डिङ वा मार्केटिङ गर्न सानो बजारमा सहज हुन्छ । राम्रो प्रोडक्ट बनाउन सक्यो भने कहिलेकाहीँ मौखिक प्रचार नै पर्याप्त भइदिन्छ । नेपालका यिनै विशिष्ट कुराहरू स्टार्टअप सञ्चालन गर्नलाई सहयोगी पक्ष हुन् ।

*- जोशी नेपाल युवा उद्यमी मञ्चकी अध्यक्ष हुन् ।*












Gharipatan (nearby Airport), Pokhara 061-466652, 9851054404
info@jalmahalpokhara.com | facebook.com/jalmahalpokhara

# अर्थतन्त्रको चरित्रीकरण र मध्यकालीन दिशा

राजस्व र खर्चबीचको खाडल भयावह छ । गत वर्ष राजस्व १० खर्बमै सीमित भयो । तर यो वर्ष १४ खर्ब २२ अर्ब उठाउने भनेर सरकारले लक्ष्य राखेको छ । यो वर्ष १७ खर्ब ५१ अर्बको बजेट ल्याइएकामा मंसिर ५ सम्म ३० अर्ब पुँजीगत खर्च भएको छ भने २ खर्ब ८५ अर्ब अर्थात् २० प्रतिशत राजस्व संकलन भएको छ ।



डा. स्वर्णिम वाग्ले

अर्थतन्त्रको अवस्था के-कस्तो छ भनेर विभिन्न सूचक र आधारलाई हेर्ने गरिन्छ । 'क्लिनिकल इकोनोमिक्स' भन्ने विधाकै उदय पनि हुन थालेको छ । रोगको डायग्नोसिस गरिनुपर्छ पहिला । त्यसमा आर्थिक वृद्धिदर मुख्य सूचक हो । गत वर्ष २ प्रतिशतभन्दा पनि न्यून थियो, यो वर्ष पनि भन्नका लागि सरकारले ६ प्रतिशतको लक्ष्य राखेको छ । तर उदार अनुमान गर्दा पनि ३.५ प्रतिशतभन्दा माथि नजाने अन्तर्राष्ट्रिय प्रक्षेपण छ ।

अन्य मिहीन (माइक्रो) सूचक पेचिलो बनेका छन् । हामीले गरेको एउटा सर्वेक्षणमा उपभोक्ता माग र कन्फिडेन्स निकै संकुचित पाइयो । कर्जा प्रवाह र लगानीमा गिरावट, कुशासन, अन्तरसरकारी समन्वयको अभाव, समाज र अर्थतन्त्रलाई जोड्न ग्लुका रूपमा काम गर्ने प्रशासनप्रति हुनुपर्ने विश्वासमा भारी गिरावट छ । युवा पलायनको अवस्थाले नै देखाउँछ खुम्चिएका रोजगारीको अवसर । यसलाई प्राविधिक रूपमा हेर्दा पनि उद्योग विभागका कति उद्योग दर्ता भए, त्यस्ता उद्योगले कति रोजगारी सिर्जना गर्छु भनेका छन् भनेर हेर्ने हो भने वर्षमा २५/३० हजारभन्दा धेरै देखिँदैन । वर्षमा ५ लाख जनशक्ति श्रमबजारमा आउँछन् । तर लोकसेवाको विज्ञापन वार्षिक ३/४ हजारको हाराहारीमा छ । मध्यमवर्गीय परिवारले सोच्ने जागिर 'ह्वाइट कलर'को आँकडा झनै संकुचित छ । स्वरोजगार वा अरु सबै जोड्दा वर्षमा एक लाख अवसर सिर्जना होला । तर बाँकी पलायन हुनुपर्ने अवस्था छ । अर्थतन्त्र शिथिल हुँदा रोजगारीका अवसर सिर्जना हुँदैनन्, बलेस ग्रोथ भनेको यही हो ।

वित्त नीतिमा दिन्छु भनिएका सहायता तथा उत्प्रेरणा दिनुपर्ने, मौद्रिक नीतिमा रहेका गुनासा पनि उत्तिकै छन् । पछिल्लो समय राष्ट्र बैंकले यसमा सुधार पनि गरेको छ । त्यसले समाज, बजार र उद्यमीलाई कत्तिको आश्वस्त पार्न सकेको छ भन्ने हेर्न बाँकी नै छ । करका कुरामा ठूलो गुनासो छ । कर अधिकृतहरूलाई दिइएको अनियन्त्रित स्वविवेको अधिकार नै कुशासनको जड हो भन्ने गुनासो पनि उत्तिकै आइरहेको छ । एकैथरी काममा कुरा मिलेमा शून्य कर, नमिलेमा कारोबारभन्दा ठूलो कर, मिले एकैछिनमा काम नमिले वर्षौंसम्म लाग्ने भन्ने प्रशासकीय चक्र छ । कम्पनी दर्तादेखि लगानी स्वीकृतसम्म प्रशासकीय निकायमा 'दर' नै फिक्स छ । कुशासन कतिसम्म सघन छ भन्ने यसबाट देखिन्छ ।

राजस्व र खर्चबीचको खाडल भयावह छ । गत वर्ष राजस्व १० खर्बमै सीमित भयो । तर यो वर्ष १४ खर्ब २२ अर्ब उठाउने भनेर सरकारले लक्ष्य राखेको छ । यो वर्ष १७ खर्ब ५१ अर्बको बजेट ल्याइएकामा मंसिर ५ सम्म ३० अर्ब पुँजीगत खर्च भएको छ भने २ खर्ब ८५ अर्ब अर्थात् २० प्रतिशत राजस्व संकलन भएको छ । कुल खर्च भने ३ खर्ब ५७ अर्ब भएको छ । अलिक लामो समयतालिका हेर्ने हो भने भूकम्पपछि राष्ट्र ऋण बढ्दै गएको छ । कुल गार्हस्थ्य उत्पादनको २२/२५ प्रतिशत राष्ट्र ऋण रहेकामा अहिले बढेर ४१ प्रतिशत नाघेको छ ।

## अब समस्याको चरित्रीकरण कसरी गर्ने ?

अर्थतन्त्र सुस्त मात्र हो ? शिथिल हो ?

मन्दीमै पुगेको हो ? वा संकट नै छ ?

अठार वटा कृषि-उद्योग-सेवा क्षेत्रको वर्गीकरण गरेर हेर्दा अर्थतन्त्रको करिब ४० प्रतिशत हिस्सामा ऋणात्मक वा सुस्त वृद्धि पाइएको छ । चरम मन्दीको भाष्य निर्माणका पछाडिको स्वार्थ कोभिडको समयको जस्तो छेलोखेलो कर्जा सस्तो ब्याजमा लिन पाइन्छ कि भन्ने हो भने प्रत्युपादक हुन्छ । यसर्थ विद्वान्हरूको निष्कर्ष छ– अर्थतन्त्र मन्द र सुस्त छ । तर चरम संकटकै भाष्य यथार्थपरक होइन । समस्याको एउटा जरो खोज्दा केही वर्षअघि बैंकको पुँजी वृद्धिले गर्दा ठूलो लगानीयोग्य स्रोतलाई निष्क्रिय बनाइदियो । तर बैंकिङ प्रतिफल त खोज्नैपर्ने भयो, जुन दबाबले कर्जा जति पनि, जहाँ पनि दिन तत्पर भए । गाडी, जग्गा, सेयर, आयातमा भारी वृद्धिलाई बढ्दो रेमिट्यान्सले सघायो, त्यसपछि अन्तर्राष्ट्रिय प्रतिकूलता पनि मिसियो । तर कोभिड, रसिया-युक्रेन द्वन्दले गर्दा मात्र हामी यहाँ पुगेका होइनौं, संकटका बीउ त्यसअघि रोपिएका हुन् ।

अर्थतन्त्रलाई टुक्र्याएर हेर्‍यौं भन्ने २४ प्रतिशत कृषि हो, त्यहाँ आपत्कालीन संकट छैन । उद्योग १४ प्रतिशत हो, त्यसमा ५.५ प्रतिशत उत्पादनमूलक उद्योग हो, त्यहाँ समस्या चर्केको छ । जलविद्युत् र पर्यटनले राम्रो गरेको छ । तर दुवैको हिस्सा २-२ प्रतिशत मात्रै हो अर्थतन्त्रमा । बाँकी ६२ प्रतिशत सेवा क्षेत्र छ । त्यसलाई टुक्र्याएर हेर्दा पनि मोटरसाइकल रिपेयर गर्ने, रिटेल, होलसेल, रेष्टुराँको झन्डै २० प्रतिशत छ । त्यहाँ मागको संकुचन छ । छेलोखेलो कर्जामा ब्रेक लाग्यो र घरजग्गाको कारोबार सुकेर मान्छेको 'सम्पत्ति इफेक्ट' झरेको छ । १२ प्रतिशत भनेको वित्तीय मध्यस्थता, उड्डयन हुन् । यसमा पनि मागको न्यूनताको केही धक्का छ । अर्को ३० प्रतिशत भनेको शिक्षा, स्वास्थ्य, सार्वजनिक सेवा जस्ता हुन् । हाम्रो राष्ट्रिय लेखा यही नै हो । वास्तविक क्षेत्रको अधिक वित्तीयकरणबाट हामी निस्कनुपर्छ । कोर्स करेक्सन गर्नुपर्छ ।

राजनीतिक आयामबाट हेर्दा मुख्य काम संरचनागत रूपान्तरण नै हो, भ्वाङ टाल्ने मात्र होइन । डुइङ बिजनेसका लो ह्याङ्गिङ फ्रुट धेरै छन् । त्यसका लागि पनि काम त गर्नैपर्छ । तर मध्यकालमा राजस्व बढाउनेतिरै केन्द्रित हुनुपर्छ । खर्चमा मितव्ययी हुनपर्छ । ४२ अर्ब डलरको अर्थतन्त्र ३ करोड जनतालाई बाँड्दा प्रतिव्यक्ति पर्ने भनेको जम्मा १३ सय डलर हो । एसियाको अफगानिस्तानपछिको सबैभन्दा

अर्थतन्त्रलाई टुक्र्याएर हेर्‍यौं भन्ने २४ प्रतिशत कृषि हो, त्यहाँ आपत्कालीन संकट छैन । उद्योग १४ प्रतिशत हो, त्यसमा ५.५ प्रतिशत उत्पादनमूलक उद्योग हो, त्यहाँ समस्या चर्केको छ । जलविद्युत् र पर्यटनले राम्रो गरेको छ ।

गरिब मुलुक हो नेपाल । अहिलेको ४० अर्ब डलरलाई आजको मूल्यमा सय अर्ब डलर पुर्‍याउन सकियो भने तीन हजार बढीको प्रतिव्यक्ति आय भएको मुलुक हुन्छ, जुन सम्मानजनक मध्यम आय भएको मुलुकमा दर्ज हुन्छ । तर त्यहाँ पुग्न संरचनागत रूपान्तरण नै चाहिन्छ ।

कर्जा नोक्सानीको भार घटाएँ भनेर केन्द्रीय बैंकले भन्दैमा पुग्दैन । सघन संरचनागत रूपान्तरण नै चाहिन्छ । आर्थिक विस्तारका नयाँ स्रोत थुप्रै छन् । उच्च मूल्यको कृषि उत्पादन, डिजिटाइजेसन, पर्यटन, स्वच्छ ऊर्जालगायत थुप्रै स्रोत छन् विस्तारका लागि । यी नयाँ खम्बामा टेकेर पुनः ग्रिन औद्योगिकीकरणमा जान सक्छौं । सन् १९९० को दशकमा एकसरो सुधारले यो मुलुकले एउटा बाटो समातेको हो । बीचमा पिसमिल सुधार भयो । तर अब बिगब्याङ रिफर्म चाहिएको छ । मुलुकको वैधानिक आर्किटेक्चरलाई नै बदल्ने गरी सुधार आवश्यक छ । बाँकी दुनियाँसँग क्याचअप गराउने खालको त्यो बिगब्याङ रिफर्म जनताबाट म्यान्डेट लिएर आएको बहुमतप्राप्त सरकारले मात्र गर्न सक्छ । टालटुले गठनबन्धन सरकारहरूबाट यो सम्भव छैन ।

उल्लिखित विषयवस्तु मेरै संयोजकत्वमा हालै (असोज २९-३०, २०८०) मा राष्ट्रिय स्वतन्त्र पार्टीको 'नीति मन्थन' राखिएका मेरै विचार हुन् । अर्थतन्त्रको सत्रमा पूर्वअर्थमन्त्री युवराज खतिवडा, पूर्वअर्थसचिव रामेश्वर खनाल, युवा उद्यमी मौसमी श्रेष्ठ र अर्थशास्त्री विश्वास गौचन मन्थनमा सम्मिलित हुनुहुन्थ्यो, जहाँ उहाँहरूले उठाएका केही सारगर्भित मुद्दामा म सहमत छु । 'अनौपचारिक सम्पादकीय टिप्पणी' लेखका रूपमा उतार्दै अर्थतन्त्रको सन्दर्भमा उहाँहरूले राख्नुभएका सामधानका उपायबारे यहाँ उल्लेख गरिएको छ ।

तत्काल के गर्ने भन्ने सन्दर्भमा रामेश्वर खनालले भन्नुहुन्छ–

अहिले समस्याका रूपमा देखिएको सार्वजनिक वित्तीय असन्तुलन हो । यद्यपि अझै पनि नेपाल सरकार (संघ, प्रदेश र स्थानीय) को ट्रेजरी ऋणात्मक छैन । केन्द्र सरकारको ट्रेजरी मात्र ऋणात्मक देखिएको हो । यो पनि केन्द्रबाट प्रदेश र स्थानीय तहमा तल पैसा पठाउने त्यहाँ खर्च नभएर सञ्चित हुने र बैंकमा निक्षेपका रूपमा रहने र त्यही पैसा केन्द्र सरकारले ऋणका रूपमा लिने गरिएको छ । तर पनि अहिलेको सार्वजनिक वित्तीय असन्तुलनलाई करेक्सन गर्न एक वर्षको समय पर्याप्त हुँदैन र छैन ।

धैर्य भएर २/३ वर्षसम्म काम गरेपछि यो करेक्सन हुन्छ । तत्काल किन सम्भव छैन भने राजस्व प्रशासनमा सुधार गर्न पनि समय लाग्छ । कम्तीमा पनि दुई वर्षसम्म सार्वजनिक खर्चको दायित्व बढ्न दिनुभएन । यसबीचमा चालु खर्चलाई वाञ्छित सीमामा राख्नुपर्छ । यति भएपछि आम्दानी र खर्चको खाडल न्यूनीकरण हुन्छ । तर चालु खर्च घटाउन सम्भव छैन । इन्धन खर्च तथा फर्निचरका सामग्रीमा कडाइ गरेर चालु खर्च घट्ने होइन ।

अर्को तत्काल गर्न सकिने सुधार भनेको लगानीमा हो । हामीले जतिसुकै सुधार गर्‍यौं भने पनि लगानीका लागि कैयौं अवरोध कायमै छन् । सानातिना अवरोधले पनि लगानीकर्ता बिच्किन्छन् । उनीहरू नेपालबाट बाहिर जान्छन् । नेपाली पनि नेपालमा लगानी गर्नुभन्दा अन्यत्र लगानी गर्न उत्प्रेरित छन् । त्यसकारण लगानीमा ज्यादै खुला दिलले स्वागत गर्न सुधार तत्काल गर्न सकिन्छ ।

यति गरियो भने पनि तत्काल विदेशी लगानी आयो भने विदेशी मुद्राको फ्लो बढ्छ । यसले सबैभन्दा पहिलो काम जनमानसमा उत्साहको सञ्चार गराउँछ ।

अर्को भनेको संघीयताको सुदृढीकरण हो । यसमा विशेषगरी स्थानीय तहलाई सक्षम र सुदृढ बनाउनुर्छ । हामीले ठूला उद्योग खोलेर भारत र चीनसँग प्रतिस्पर्धा गर्न सक्दैनौं । जसरी जर्मनी जस्तो ठूलो अर्थतन्त्र पनि साना तथा मझौला उद्यममा टिकेको छ । त्यसैगरी हामीले साना तथा मझौला उद्यमलाई विकास तथा विस्तार गर्न सकिन्छ । यसका लागि स्थानीय सरकार सबैभन्दा प्रभावकारी हुन्छन् । स्थानीय सरकारले पूर्वाधार निर्माण गरिदिएर आपूर्ति शृंखलामा सहयोग गर्ने हो भने यस्ता उद्यमको विकास भएको नमुना नेपालमै पनि छ । त्यसैले केन्द्र सरकारले हदैसम्म लचिलो भएर स्थानीय सरकारलाई सहयोग गर्नुपर्छ । तर अहिले त अड्काउने काम भइरहेको छ । प्रमुख प्रशासकीय अधिकृत नै केन्द्रबाट खटाउने र उसले स्थानीय सरकारको प्रमुखलाई नटेर्ने अवस्था छ । तर यसमा सुधार हुनुपर्छ । यति हुँदा पहिलो कुरा आत्मनिर्भर हुन सकिन्छ र त्यही आधारमा टेकेर निर्यातको प्रतिस्पर्धी वातावरण बन्छ ।

डा. विश्वास गौचनले भने सुधारका विविभन्न उपाय अघि सार्नुभएको छ । उहाँको सुझाव छ–

पछिल्लो समय ऋण प्रवाह तथा विस्तार हुनुर्नेभन्दा कडा भएको साँचो हो । यसलाई थोरै खुकुलो बनाउनुपर्छ । मौद्रिक नीतिमा राखिएको लक्ष्यअनुसारको कर्जा विस्तार कम्तीमा हुनुपर्ने आवश्यकता देखिन्छ । निजी क्षेत्रले मागे जस्तो विगतकै जस्तो २० प्रतिशतको विस्तार त अब हुँदैन । तर यसलाई एउटा बिन्दुमा स्ट्यान्डर्ड बनाउनुपर्छ ।

कम्तीमा पनि कुल गार्हस्थ्य उत्पादनको नोमिनल वृद्धिदरकै अनुपातमा ऋणको विस्तार हुनुपर्ने देखिन्छ । गत वर्षको ग्रोथ १० प्रतिशत देखिन्छ । विगत सात वर्षको औसत १२.५ प्रतिशत छ । त्यसैले ऋणको विस्तार अलि खुकुलो बनाएर १२ प्रतिशतस्म लिनुपर्ने देखिन्छ । यति भएपछि अर्थतन्त्र सहज अवस्थामा पुग्छ । सार्वजनिक वित्तीय कन्सोलेडेसेनमा जानैपर्छ । नेपालकै जस्तो आर्थिक क्षमता र अवस्था भएका अन्य देशमा जीडीपीको ९ प्रतिशतसम्म सार्वजनिक खर्च छ । तर हाम्रोमा २८ प्रतिशतसम्म पुगेको छ । यसमा पनि नियमित वा अनिवार्य दायित्व नै १९ प्रतिशत छ । यसलाई नियन्त्रण वा अनुशासित गर्न धेरै ढिला भइसकेको छ । यसका लागि सही नीतिगत छनोट र कठोर अनुशासनमा बसेर कार्यान्वयन गर्नैपर्छ ।

यो सुधारमा जोडिने अर्को मुख्य भनेको निजी क्षेत्र हो । यो सुधारको हिस्सा भएर निजी क्षेत्र पनि अघि बढ्नुपर्छ । निजी क्षेत्रले कोभिडअगाडिकै अवस्था चाहिन्छ भन्नेबाट बाहिर निस्कनुपर्छ । किनभने हामी नयाँ नेपालको अवस्थामा छिरिसकेका छौं । त्यो भनेको २० प्रतिशतको ऋण विस्तार हुन सक्दैन । निजी क्षेत्रले के बुझ्नुपर्छ भने, अब ऋणको विस्तार नोमिनल जीडीपी ग्रोथकै हाराहारीमा हुन्छ । पुँजीको उपलब्धता पनि यही अनुपातमा हुने भयो । त्यसैले निजी क्षेत्रले अब योजना तथा लगानी पनि त्यहीअनुसार गर्नुपर्छ । जति पनि ऋण पाइन्छ भनेर जेमा पनि लगानी गर्ने होइन । कम्तीमा उत्पादकत्व बढाउनेतिर निजी क्षेत्र अग्रसर हुनुपर्छ । पुरानो व्यवसायको सुविधाजनक प्लटबाट निजी क्षेत्र निस्कनुपर्छ । अहिले सुस्त भएको अर्थतन्त्रलाई नयाँ सुधारको प्रवेशविन्दु हो भनेर निजी क्षेत्रले स्वीकार गर्नुपर्छ । अर्को भनेको डायस्पोरासँग हामी जोडिनुपर्छ । सीप र पुँजी भएको ऊर्जाशील जनशक्तिलाई अर्थतन्त्रसँग जोड्न निकै ढिला भएको छ । त्यसबाट देशले लाभ लिन सक्छ ।

मोफसलमा रहेर लामो समय कृषि तथा उद्यमशीलतामा सक्रिय उद्यमी मौसमी श्रेष्ठका फरक प्रकृतिका अनुभव र सुझाव छन्–

राम्रो भविष्यको खोजीमा जसरी युवारहरू पलायन भइरहेका छन्, यो अहिलेको सबैभन्दा ठूलो समस्या हो । समस्या अरु पनि धेरै छन् । तर यसले गर्दा भएकै उद्यम व्यवसायमा श्रमिकको अभाव सिर्जना गरेको छ । म आफैंले पनि कृषिमा आधारित उद्यम तथा सेवामा काम गर्ने भएकाले गाउँगाउँमा मान्छेहरूको अभाव छ । घरमा भएका सीमित मान्छेले फराकिलो भएर व्यवसाय गर्न सकेका छैनन् । जसले गर्न चाहेका छन् उनीहरूले पनि पछि हट्नुपर्ने अवस्था छ । यो युवा पलायन उत्पादकत्व बढाउनेमा मुख्य बाधकका रूपमा उदाने देखिन्छ ।

ब्याजदर समस्या अलिकति भएकै हो । ब्याजदरभन्दा पनि पछिल्लो समय जसरी मौद्रिक नियमन गरियो, त्यसले गर्दा पनि समस्या ल्यायो । नीति आयो सबैलाई एउटै डालोमा हालेर । तर व्यापार गर्ने र उत्पादन गर्नेहरूको अवस्था फरक छ । चालु पुँजी कर्जामा कडाइ गर्दा हामी जस्ता उत्पादन गर्नेलाई झन् समस्या भयो । उद्योग चलाउनेलाई निरन्तर चलायमान बनाउन चालु पुँजी कर्जा आवश्यक हुन्छ, अहिलेको क्यापले पुग्दैन ।

अहिले हामी निजी क्षेत्रमा रहेका मान्छेको मुख्य समस्या भनेकै बजारको आकार हो । हामीले नेपालमा कसरी एउटा लगानीको वातावरणलाई राम्रो बनाउने र आन्तरिक लगानीलाई पनि कसरी बढाउने र साथै विदेशी लगानीलाई कसरी आकर्षित गर्ने भन्ने कुरामा हाम्रो अर्थतन्त्राई दिगो बनाउन बजार मुख्य पाटो हो । पछिल्लो समय केही सुधार त भएको छ । तर त्यसमा धेरै मिहिनेत गर्नुपर्ने देखिन्छ । लगानीको वातावरणका लागि बजारको सम्भाव्यता खोज्न पनि क्षेत्रीय साझेदारी पनि एउटा अग्रसरता हुन सक्छ । हाम्रा लागि त झन् क्षेत्रीय खुला व्यापार भयो भने राम्रो हुन्छ । यसलाई साझेदारीका माध्यमबाट काम गर्नैपर्ने देखिन्छ । कर, ब्याजदर, मुद्राको कुरा पनि यसमा आउँछ । भुक्तानीदेखि अन्य कैयौं प्राविधिक विषय यसमा जोडिएर आउँछन्, जसमा सुधार गर्नुपर्ने हुन्छ । हामीसँग यस्तो

**नेपाली पनि नेपालमा लगानी गर्नुभन्दा अरूतिर लगानी गर्न उत्प्रेरित छन् । त्यसकारण लगानीमा ज्यादै खुला दिलले स्वागत गर्न सुधार तत्काल गर्न सकिन्छ । यति गरियो भने पनि तत्काल विदेशी लगानी आयो भने विदेशी मुद्राको फ्लो बढ्छ । यसले सबैभन्दा पहिलो काम जनमानसमा उत्साहको सञ्चार गराउँछ ।**

क्षेत्रीय बजारको पहुँच भयो भने लगानी आकर्षित गर्न सक्छौं । यसमा कूटनीतिक साझेदारीको आवश्यकता देखिन्छ । आउने १/२ वर्षमा त्यसमा लाग्न सकियो भने धेरै लाभदायक हुन सक्छ । क्षेत्रीय बजारका लागि दत्तचित्त भएर सरकार लाग्ने हो भने समस्या देखिँदैन । जब हामीसँग बजार हुन्छ, तब हाम्रो सस्तो श्रमलाई उत्पादनशील बनाएर लाभ लिन सकिन्छ । यस्तो अवस्थामा धेरै कुरा सुधार भएर जान्छन् ।

अर्थतन्त्रमा चौतर्फी समस्या देखाउँदै पूर्वअर्थमन्त्री डा. युवराज खतिवडाका सुझाव छन्–

समस्या नभएका होइनन्, छन् । तर त्यसलाई समाधान गर्न सकियो भने हाम्रो अर्थतन्त्र पुनरूत्थान पनि हुन्छ । सकिएन भने थिग्रिएर बस्ने हो । तर यो एक वर्ष भने समस्यामै रहने देखिन्छ । अर्थतन्त्रको अवस्था के हो भनेर तत्काल हेर्ने थर्मामिटर भनेको बिक्री र खपतबाट हो । बिजुलीको खपत, नयाँ लगानी, पेट्रोलको खपत, प्रपर्टी बजारको मूल्य जस्ता धेरै सूचक छन्– मन्दी हो कि होइन भन्ने । यसमा हेर्दा अहिले नै अर्थतन्त्र पुनरूत्थानतिर गए जस्तो देखिँदैन । घरजग्गा बजार अहिले पनि शिथिल नै छ । यसका असर अन्यत्र पनि परेका छन् । अरु खपतको कुरा त शिथिल नै छ भनेर तथ्यांकले देखाएका छन् ।

प्रपर्टी मार्केटमा लगानी गर्नेहरूको शतप्रतिशत लागत भनेकै ब्याजदर हो । त्यसैले उहाँहरूले ब्याजदरकै कुरा गर्नुहुन्छ । अर्थतन्त्रको अन्य क्षेत्रबारे उहाँहरूको सरोकार छैन । अर्थतन्त्रका अन्य क्षेत्रमा परेको नकारात्मक असरलाई नजरअन्दाज गरेर सबै भारी बैंकको ब्याजरलाई बोकाइएको छ । यद्यपि ब्याजदर धेरै तल र माथि जान हुन्नथ्यो । ब्याजदर सबैभन्दा धेरै भारी परेको भनेको जसको लागत भनेकै ब्याजदर हो । जसको व्यवसायमा ब्याजदरको भार २५ प्रतिशतभन्दा थोरै छ, उहाँहरूलाई त्यति धेरै छैन । मिडियादेखि सामाजिक सञ्जालसम्म कब्जा गर्नेहरू पनि जोसँग धेरै धन छ, उसैले हो । उनीहरूकै प्रभावमा अन्ततः सबै पर्ने भए । त्यही भएर अस्थिरता र निराशा हुने । एकअर्कालाई गाली गर्ने कुरा पनि यहीँबाट आउने हो । बहालवालाले पहिलेकालाई गाली गर्ने, पहिलेकाले बहाललाई गाली गर्ने । यो गाली गरेर एकअर्काको जिम्मेवारी पन्छाउने कुराले हुँदैन । मैले गरेको गल्तीको जिम्मेवारी लिन म तयार छु । यो सबै पहिलेको सरकारले गरेको कुराले हो भन्न मिल्दैन ।

हाम्रो स्वाभाविक आर्थिक वृद्धि भनेकै ५–७ प्रतिशत नै हो । त्योभन्दा माथि जानुपऱ्यो भने बाहिरको पुँजी ल्याउनुपर्छ कि निर्यात बढाउनुपर्छ । यो सबैले लिएर पासअन गरेको विरासत हो, एउटा सरकार वा कालखण्डमा सिर्जना भएको होइन । अहिले ऋणको भार अलिकति बढी भएको हो । २०४७ यताको सामाजिक सूचक हेरौं– शिक्षा, स्वास्थ्य, खानेपानी हेरौं । सन्तोष लिने ठाउँ छ । तर आधा गिलाँस खाली कि आधा भरी भन्ने मात्र हो । अहिले आधा खाली देख्नेहरूको माहोल बढेको छ ।

अधिक वित्तीयकरण भएकै हो । यो किन र कुन बिन्दुबाट तीव्र भयो ? जब राष्ट्र बैंकले तीन वर्षको समयसीमा दिएर एकै पटक बैंकको पुँजी चार गुणा बढायो, त्यहीँबाट यो तीव्र भएको हो । बैंकमा यति धेरै पुँजी थपियो कि, त्यसले गर्दा व्यापार बढाउनुपर्ने भयो । तर त्यसका लागि अर्थतन्त्र त विस्तार भएको थिएन । विस्तार नभएको अर्थतन्त्रमा विस्तारित बैंकले सस्तो ब्याजमा ऋण दिने प्रतिस्पर्धा नै गरे त्यसबीचमा । त्यही सस्तो ऋण 'जंक एसेटमा' लगानी भयो । रियल इस्टेटको बबललाई रोकिएन भने संकट आउँछ भनेर मैले गभर्नर हुँदा पनि भनेको मात्र होइन, कडाइ गरेको थिएँ । तर म अर्थमन्त्री हुँदा भूउपयोग नीति पनि बनाइएको थियो । सो व्यवस्थाअनुसार स्थानीय सरकारलाई छ महिनाभित्र जग्गाको वर्गीकरण गरेर कित्ताकाट खोल भन्न सक्नुपर्ने थियो, जुन आजसम्म प्रभावकारी भएको छैन । यसरी लामो समय कित्ताकाट नखुल्दा पुँजी जति त्यहाँ फ्रिज भएर बस्यो ।


गत वर्ष गलत बजेट बन्यो । इन्फ्लेटेड खर्चका प्रस्ताव तयार पारेपछि बजेट वास्तविक धरातलमा टेकेको त हुने नै भएन । त्यही कारणले सार्वजनिक वित्त अलि धेरै खलबलियो पनि । अहिले त्यही जोखिम छ । अहिले पनि समग्र नेपाल सरकारको ढुकुटी घाटामा छैन । सरकारले ऋण लिएर भए पनि सन्तुलनमा राख्न खोजेको छ । त्यो अल्पकालीन हो । हामी संघीयताको कुरा गर्दा तल लगेर बजेट बैंकमा निक्षेप राख्ने तर माथि ब्याज तिरेर ऋण लिने भन्ने वित्तीय व्यवस्थापनको ढंग पुगेन । अहिले तत्काल गर्नपर्ने काम भनेको पुँजीको प्रवाह हो । सरकारसँग उपलब्ध सुविधा अहिले पनि उपयोग भएका छैनन् ।

*– वाग्ले राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष हुन् ।*

प्रपर्टी मार्केटमा लगानी गर्नेहरुको शतप्रतिशत लागत भनेकै ब्याजदर हो । त्यसैले उहााहरुले ब्याजदरकै कुरा गर्नुहुन्छ । अर्थतन्त्रको अन्य क्षेत्रबारे उहााहरुको सरोकार छैन । अर्थतन्त्रका अन्य क्षेत्रमा परेको नकारात्मक असरलाई नजरअन्दाज गरेर सबै भारी बैंकको ब्याजरलाई बोकाइएको छ । यद्यपि ब्याजदर धेरै तल र माथि जान हुन्नथ्यो ।

# आवश्यकता नयाँ सोचको

नेपालमा उद्यमी र उपभोक्ता दुवैको हित हुने गरी अर्थतन्त्रको नियमनका यी दुई औजार (प्रतिस्पर्धाको संरक्षण र प्रतिस्पर्धाबाट संरक्षण) को उपयोग गर्ने गरिएको छैन । यसको मारमा वास्तविक उद्यमी र आम उपभोक्ता परिरहेका छन् । अर्थव्यवस्थालाई व्यवस्थित र अनुमानयोग्य रीतले विकास गर्न अर्थतन्त्रको नियमनका दुई औजारलाई कुशलतापूर्वक लागु गर्न सक्ने कानुनी, संस्थागत व्यवस्था पनि हुन सकेको छैन ।



सुजन ओली

देशभित्र औद्योगिक विकास गर्न सरकारले अनेक सुविधा उपलब्ध गराउँदै आएको वर्षौं भइसक्यो । औद्योगिक क्षेत्रको विकासबिना दिगो आर्थिक वृद्धि असम्भव हुने बुझाइअनुरूप सरकारले उद्योगलाई संरक्षण गरिरहेको छ । चिनी, सिमेन्ट, जुत्ताचप्पल, स्टिल, खाद्यान्न, लत्ताकपडा, स्टिलजन्य उत्पादनलगायत दर्जनौं उद्योगको विकास गर्न सरकारले भन्सार 'प्रोटेक्सन'को नीति अवलम्बन गरेको छ ।

देशभित्र रोजगारी सिर्जना, मूल्य अभिवृद्धि गराएर वस्तु आयातलाई निरूत्साहित गर्नु सरकारको प्रमुख लक्ष्य हो । आन्तरिक उत्पादन प्रतिस्पर्धी बनाउन सरकारले लिएको नीतिले देशभित्र रोजगारी सिर्जना भएको छ । धेरथोर मूल्य अभिवृद्धि (भ्यालू ऐड) पनि भएको छ । तर उपभोक्ताले सस्तोमा सामान पाएका छन् ? सरकारले दिएको संरक्षणको लाभ व्यवसायीले मात्रै लिइरहेका छन् कि त्यसको हिस्सा उपभोक्तामा पनि हस्तान्तरण भएको छ ? सरकारले आन्तरिक उत्पादन बढाउन अख्तियार गरेको नीति नगण्य रूपमै भए पनि केही क्षेत्रको राम्रो विकास भएको छ । आयात पूर्ण रूपमा प्रतिस्थापन भएको पनि छ । सरकारको पहिलो लक्ष्य आन्तरिक माग पूरा गरेर आयात निरूत्साहित गर्ने र दोस्रो निर्यात बढाउने हो ।

अहिले सिमेन्ट, स्टिल, जुत्ताचप्पल, धागोलगायत धेरै वस्तु निर्यात पनि भइरहेका छन् । सरकारी पहलकदमीबाटै निर्यात सम्भव भएको हो । सरकारले आयातित वस्तुको भन्सार वृद्धि गरेर होस् वा कच्चा पदार्थ र तयारी वस्तुबीचको भन्सार एक तह फरक बनाएर नै किन नहोस्, देशभित्र औद्योगिक वातावरण बनाउने प्रयत्न गरेको देखिन्छ । तर सरकारले लिएको नीतिले औद्योगिक प्रवर्द्धन भए पनि त्यसले अर्थतन्त्रमा खासै योगदान पुगेको छैन ।

सरकारले औद्योगिक प्रवर्द्धन गर्दै गर्दा उपभोक्ताले त्यसको मूल्य चुकाउनुपरेको छ वा छैन, राम्रोसँग ख्याल गर्नुपर्छ । आयात निरूत्साहित सरकारको पहिलो सर्त हो । तर उपभोक्तालाई आर्थिक बोझ बनाएर उद्योगलाई संरक्षण दिनुहुँदैन । सरकारले औद्योगिक उत्पादनको लागत घटाउन आयातित सामानको भन्सार बढाउने गर्छ । नेपालमै उत्पादन हुने वस्तुको भन्सार बढाउँदा आयातित वस्तु महँगो हुने र स्वदेशी वस्तुको उपभोग बढ्ने गर्छ । तर त्यस्ता वस्तु विदेशी उत्पादनभन्दा सस्तो हुनुपर्छ, तब मात्रै भन्सार संरक्षणको सार्थकता हुन्छ । उपभोक्तामाथि महँगीको भार पर्दैन । उपभोक्तालाई आर्थिक बोझ बोकाएर आजीवन उद्योगलाई संरक्षण गर्नुहुँदैन ।

नेपालमा संरक्षणमुखी वाणिज्य नीतिको आवश्यकताका पक्षमा प्रशस्त पैरवी र पक्षपोषण हुने गरेको छ । स्वदेशी उद्योगको संरक्षण हुने गरी भन्सारका दर निर्धारण हुनुपर्ने मत बलिया हुँदै गएका छन् । परन्तु स्वदेशी उद्योगको संरक्षणमा भन्सारका दर वृद्धि गर्दै जाँदा आयात महँगो हुने र स्वदेशी उत्पादन पनि सस्तो नहुने अवस्थामा त्यसको गम्भीर असर आम उपभोक्तामा पर्ने र यसले आम सर्वसाधारणको जीवनयापनमा समेत गम्भीर खालका असर पर्ने मत पनि उत्तिकै बलियो रूपमा प्रस्तुत भइरहेको छ । नेपालमा आम उपभोक्ताप्रति निजीक्षेत्रको दायित्व जुन रूपमा सृजना हुनुपर्ने हो, त्यसअनुरूप सृजना हुन नसकिरहेको तीतो यथार्थ हाम्रा सामुन्ने छ ।

स्वदेशमा पनि उद्योग नभएका र आयातमा निर्भर रहेका दैनिक उपभोग्य वस्तुमा आपूर्ति र बजार मूल्यमा बारम्बार समस्या देखिने गर्छ । भारतले निर्यात प्रतिबन्ध लगाउनासाथ त्यसैको नेपाली उत्पादन पनि महँगोमा किन्नुपर्ने बाध्यतामा उपभोक्ता छन् । पर्याप्त मात्रामा स्टक हुँदाहुँदै पनि यस्तो अभाव सिर्जना हुनु, उपभोक्ता महँगोमा किन्न बाध्य हुनु र यसमा निजीक्षेत्रले आफ्नो दायित्व नसम्झनु आफैंमा उदेकलाग्दो विषय हो । परन्तु नेपालमा यस्तै प्रकृतिका प्रवृत्ति बारम्बार दोहोरिन्छन् ।

उपर्युक्त पक्षलाई सम्बोधन गर्न अमेरिकालगायत देशमा प्रतिस्पर्धाको संरक्षण र प्रतिस्पर्धाबाट संरक्षण जस्ता प्रावधान समानान्तर रूपमा लागु गरिएका हुन्छन् । अर्थव्यवस्थालाई व्यवस्थित र अनुमानयोग्य रीतले विकास गर्न अर्थतन्त्रको नियमनका यी दुई औजार (प्रतिस्पर्धाको संरक्षण र प्रतिस्पर्धाबाट संरक्षण) लाई कडाइका साथ लागु गरेको देखिन्छ । यी औजार यस्ता औजार हुन् जसले उपभोक्तालाई एकाधिकार, द्वयाधिकार, सिन्डीकेट र कार्टेल जस्ता गतिविधिबाट संरक्षण गर्छ भने अर्कोतिर उद्योगहरूले अनावश्यक प्रतिस्पर्धामा गई उद्योग नै धराशयी हुने खतराबाट समेत संरक्षण गर्छ । सम्बद्ध उद्योगमा अति लगानीबाट हुने जोखिमलाई न्यून गर्न पनि यी औजारको प्रयोग हुने गरेको छ । प्रतिस्पर्धाको संरक्षण र प्रतिस्पर्धाबाट संरक्षण हुने गरी कानूनी, संस्थागत व्यवस्थासहित उद्योग वाणिज्य प्रशासनमा अर्थतन्त्र नियमनको यो बाइनरी लागू गर्न सक्ने दक्ष जनशक्तिको विकास गर्न आवश्यक छ ।

परन्तु नेपालमा उद्यमी र उपभोक्ता दुवैको हित हुने गरी अर्थतन्त्रको नियमनका यी दुई औजार (प्रतिस्पर्धाको संरक्षण र प्रतिस्पर्धाबाट संरक्षण) को उपयोग गर्न गरिएको छैन । यसको मारमा वास्तविक उद्यमी र आम उपभोक्ता परिरहेका छन् । अर्थव्यवस्थालाई व्यवस्थित र अनुमानयोग्य रीतले विकास गर्न अर्थतन्त्रको नियमनका दुई औजारलाई कुशलतापूर्वक लागु गर्न सक्ने कानुनी, संस्थागत व्यवस्था पनि हुन सकेको छैन । यी औजार अभ्यासमा ल्याई उद्योग र उपभोक्ता दुवैको हित हुने व्यवस्था लागु गर्ने खालको दक्ष जनशक्तिको खाँचो पनि नेपाली प्रशासन संयन्त्रमा टड्कारो रूपमा छ ।

उपर्युक्त पक्षहरूलाई दृष्टिगत गरी भारत सरकारले उपभोक्ताको हित संरक्षण पनि हुने, आन्तरिक उद्योगको संरक्षण पनि हुने र राज्यलाई करमा समेत धेरै भार नपर्ने

> **उद्योग र व्यापारका नीतिको असर दूरगामी हुन्छ । अर्बौं, खर्बौं लगानी र हजारौं रोजगारीसँग जोडिएको सरोकारमा नीति ल्याउनुअघि गहन अध्ययन र अनुसन्धान हुनुपर्छ । यस्ता नीति कसैको आग्रहमा नभएर यथार्थ आवश्यकताका आधारमा बनाइनुपर्छ । एकपटक ल्याइसकेपछि त्यस्तो नीति कम्तीमा ५ वर्षका लागि कायम रहनुपर्छ ।**

गरी स्वदेशी उद्योगहरूलाई छुटको नयाँ व्यवस्था लागु गरेको छ, जुन भारतको हालै प्रकाशित वाणिज्य नीति २०२३ को महत्त्वपूर्ण खम्बाका रूपमा रहिआएको छ । आयकर, अन्तःशुल्कलगायत आन्तरिक रूपमा उद्योगका दायित्वका दरहरूमा न्यूनीकरण र छुटको व्यवस्था गर्दै उद्योगको लागत न्यूनीकरणमार्फत प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने भारत सरकारको नीति छ । तसर्थ भन्सार राजस्वका माध्यमबाट आन्तरिक उद्योगको संरक्षण गर्नुको साटो उद्योगहरूलाई आन्तरिक छुट र प्रोत्साहनको व्यवस्थाबाट प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्ने नीति भारत सरकारले अंगीकार गरेको छ । आयातलाई बढी उदार बनाउँदै गएको नेपालको उत्तरी छिमेकी मुलुक चीनले पनि भन्सारदरलाई न्यून गर्दै आयात प्रवर्द्धनमुखी नीति अंगीकार गरेको छ । विगत लामो समयदेखि चीनमा आयात प्रदर्शनी आयोजना गर्दै आएको छ ।

भारतमा झैं चीन सरकारले पनि आफ्ना उद्योगलाई आन्तरिक रूपमा छुट र प्रोत्साहनका माध्यमबाट प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने नीति अंगीकार गरेको देखिन्छ, ता कि उपभोक्ता र उद्यमी दुवैको संरक्षण हुन सकोस् ।

नेपालले पनि उपर्युक्त तथ्य र अनुभवलाई दृष्टिगत गर्दै उद्यमी र उपभोक्ता दुवैको सरोकारलाई एकसाथ सम्बोधन हुने गरी प्रतिस्पर्धाको संरक्षण र प्रतिस्पर्धाबाट संरक्षण हुने गरी कानुनी, संस्थागत व्यवस्थासहित उद्योग वाणिज्य प्रशासनमा अर्थतन्त्रको नियमनको यो बाइनरी लागु गर्न सक्ने दक्ष जनशक्तिको विकास गर्न आवश्यक छ ।

भन्सारदरमार्फत नेपाली उद्योगहरूको संरक्षण गर्ने नीतिको साटो करका दरहरूमा छुट, सहज जग्गाप्राप्ति, पहुँच मार्ग बिजुलीमा छुट, उद्योगमा इनपुटहरूमा अनुदान तथा ब्याजलगायत उद्योगका दायित्वमा माफी मिनाहा प्रावधानका माध्यमबाट नेपाली उद्योगको संरक्षण गर्ने रणनीति अंगीकार गर्नु आवश्यक छ । यसरी नेपाली अर्थतन्त्रमा विद्यमान समस्या समाधान गर्न उपभोक्ता र उद्यमी दुवै पक्षको हित संरक्षण हुने गरी उपर्युक्त विधिअनुसार अघि बढ्न सकेको खण्डमा यसले निश्चय नै नेपालको समग्र अर्थव्यवस्थालाई सुदृढ र गतिशील बनाउने निश्चित छ ।

हाम्रो औद्योगिकीकरण कि उच्च दरको भन्सार महसुलको तगारो र भन्सार महसुल अन्तरको फाइदा लिने प्रकृतिमा टिकेको छ । अहिले आत्मनिर्भर भनिएका केही उद्योगका उत्पादनको अस्तित्व त्यस्ता वस्तुको आयातमा लगाइएको उच्चदरको भन्सार महसुलले जोगाइदिएको छ । महसुललाई औसत वस्तुसरह बनायौं भने आत्मनिर्भर भनिएका उद्योगमा ताला लाग्न समय लाग्दैन ।

हामी स्पष्ट हुन आवश्यक छ, बाहिरबाट कच्चापदार्थ ल्याएर तयारी वस्तुको निकासी टिकाउ हुँदैन । यो भनेको भन्सार महसुलको अन्तरमा लाभ लिने मौसमी उपाय मात्रै हो । स्वदेशी कच्चापदार्थमा आधारित मौलिक उत्पादनलाई जोड दिनुपर्छ । बाहिरबाट झिकाएको कच्चापदार्थमा अधिक मूल्यअभिवृद्धि गर्न सकिन्छ र त्यस्ता वस्तुको उत्पादन लागत कम गर्न सकिन्छ भने मात्रै त्यो सम्भव हुन्छ ।

उद्योग र व्यापारका नीतिको असर दूरगामी हुन्छ । अर्बौं-खर्बौं लगानी र हजारौं रोजगारीसँग जोडिएको सरोकारमा नीति ल्याउनुअघि गहन अध्ययन र अनुसन्धान हुनुपर्छ । यस्ता नीति कसैको आग्रहमा नभएर यथार्थ आवश्यकताका आधारमा बनाइनुपर्छ । एक पटक ल्याइसकेपछि त्यस्तो नीति कम्तीमा ५ वर्षका लागि कायम रहनुपर्छ ।

उत्पादनमा मुख्य लागत ऊर्जाको हुन्छ । सरकारले नीति नै बनाएर उत्पादनमूलक उद्योगलाई सस्तोमा बिजुली दिनुपर्छ । ता कि त्यसले उत्पादन लागत घटाओस्, उपभोक्ताले संस्तो मूल्यमा सामान पाउन सकून् । सरकार बरू बिजुली खेर फाल्छ, सस्तो दरमा स्वदेशमै दिन तत्पर छैन ।

भारतलाई दिने दरमा स्वदेशकै उद्योगले विद्युत् मागिरहेका छन् । सरकार यसमा अनुदार देखिन्छ । ऊर्जा खपतको नीति पश्चगामी छ । बजारको एउटा नियम छ, बढी परिमाण उत्पादन वा खपत दुवैमा कम खर्च आउँछ । यस आधारमा बढी खपत गर्नेलाई कम महसुल हुनुपर्नेमा सरकार अझै लोडसेडिङकालीन कम खपत नीतिबाट बाहिर आउन सकेको छैन । लोडसेडिङको समयमा कम खपतमा कम महसुलको नीति लिएको थियो, आज पनि त्यही नीतिमै चलेको छ । विद्युत् बढी खपत गर्ने उद्योगले आज बढी महसुल तिरिरहेका छन् । एउटा अध्ययनले नेपालमा उद्योगले खपत गर्ने विद्युत् दक्षिण एसियामै सबैभन्दा महँगो देखाएको छ ।

श्रम उत्पादनको मुख्य खर्च हो । श्रम सम्बन्धलाई अहिलेसम्म उत्पादकत्वसँग जोड्न सकिएको छैन । दक्षतामा आधारित श्रम सम्बन्ध आजको आवश्यकता भइसकेको छ । विकसित अर्थतन्त्रले श्रमलाई प्रतिस्पर्धाको मुख्य उपाय बनाइराख्दा हामीकहाँ यसलाई संरक्षणको आँखाले मात्रै हेर्ने काम भएको छ । संरक्षणवादले दक्षताको पनि शोषण भइरहेको छ । पारिश्रमिकलाई उत्पादत्वसँग आबद्ध गर्न सक्दा उत्पादनको परिमाण विस्तार हुन्छ र स्वाभाविक रूपमा लागत कम हुन्छ ।

> **उत्पादनका लागि चाहिने पुँजीको लागत हामीकहाँ निश्चित छैन । यो वर्ष ७ प्रतिशत ब्याजदरमा लिएको कर्जा अर्को वर्ष नपुग्दै १४ प्रतिशत पुगेको हुन्छ भने उद्यमीले कुन योजनामा उत्पादन बढाउने ?**

कुल गार्हस्थ्य उत्पादनसँग राजस्वको अनुपात ५ प्रतिशत हुनुलाई स्वस्थ कर नीति मानिन्छ । हामीकहाँ यसको लेखाजोखा नै छैन । करदातालाई सकभर बढी निचोरेर कर उठाउनुलाई नै सरकारले उद्देश्य ठानेको छ, त्यो पनि भन्सारमा उठाउने कर नै मुख्य ध्येयमा हुन्छ भने उत्पादन लागत कम हुनै सक्दैन । उपभोक्ताले त्यसको भार खेप्नुपर्छ ।

भारत र चीन कसरी कम मूल्यमा वस्तु उत्पादन गर्न सकिन्छ भन्नेमा प्रतिस्पर्धा गरिरहेका छन्, सरकारको ध्यान पनि त्यतातिर नै बढी हुन्छ । भारतले वस्तु तथा सेवा करमार्फत कर प्रणालीमा व्यापक सुधार गरिरहेको अवस्थामा हामी भने तहगत सरकारका अव्यावहारिक करको सकसमा थिचिएका छौं । सहज र सरल कर नीति लगानी आकर्षण मात्र होइन, उत्पादनको खर्च घटाउने औजार बन्न सक्छ । त्यसैबाट हाम्रो उपभोक्ता हित संरक्षण हुन्छ ।

उत्पादनका लागि चाहिने पुँजीको लागत हामीकहाँ निश्चित छैन । यो वर्ष ७ प्रतिशत ब्याजदरमा लिएको कर्जा अर्को वर्ष नपुग्दै १४ प्रतिशत पुगेको हुन्छ भने उद्यमीले कुन योजनामा उत्पादन बढाउने ? सरकार माग र आपूर्तिलाई देखाएर जिम्मेवारीबाट पन्छिँदै आएको छ । यसलाई सन्तुलित बनाउने जिम्मेवारी पनि सरकारको होइन र ? यसमा दीर्घकालीन समाधानको सट्टा जहिले पनि टालटुले उपाय मात्र अपनाइएको छ ।

प्रविधि उत्पादनको लागत घटाउने महत्त्वपूर्ण औजार हो । हामीकहाँ अन्यत्र पुराना भइसकेका प्रविधि भित्र्याएर उत्पादन गर्ने र प्रतिस्पर्धाका लागि भन्सारमा महसुलको तगारो हाल्देऊ भन्ने परिपाटी छ । यो सबैभन्दा आत्मघाती तरिका हो । निकासीको मुख्य बजार भारतलाई मानेका छौं भने कम्तीमा भारतीय उद्योगले अपनाएको प्रविधि उपयोगमा ल्याउनैपर्छ । भारतले त्यहाँका उद्योगलाई प्रविधि आयातमा सहुलियत दिएको छ, यस्तो नीतिको हामीले पनि अनुसरण गर्नुपर्छ ।

*– ओली नेपाल आर्थिक पत्रकार समाजका अध्यक्ष हुन् ।*



# बैंकिङ क्षेत्रको असर र वित्तीय औजारसहितका उपाय

मुलुकको बाह्य क्षेत्र दबाबमा उलेख्य सुधार भए पनि अहिले निजी क्षेत्रको आत्मविश्वास घटेको छ । आर्थिक गतिविधि शिथिल भइरहेको छ । बैंकहरूमा लगानीयोग्य पुँजी भइरहेको अवस्थामा पनि कर्जा लगानी विस्तार सुस्त छ ।



सुनिल केसी

नेपालको बैंकिङलाई बंगलादेश, भारत, पाकिस्तानलगायत दक्षिण एसियाका बैंकसँग तुलना गर्दा सानो जनसंख्या, सानो अर्थतन्त्र हुँदाहुँदै पनि हामीले राम्रोसँग काम गरिरहेका छौं । विशेषगरी वित्तीय समावेशिताको सवालमा होस् वा कुल गार्हस्थ्यय उत्पादन (जीडीपी) को तुलनामा निजी क्षेत्रतर्फको कर्जा अनुपातमा हाम्रो अवस्था राम्रो देखिन्छ । बैंक सञ्चालनको छोटो इतिहास हुँदाहुँदै पनि दक्षिण एसियामा नेपाली बैंकहरूको स्थान राम्रो छ ।

नेपाल बैंक खुलेको ८०/८५ वर्ष भयो । तर नेपालको निजी क्षेत्रबाट बैंक खुलेको २०४२ (१९८४) सालतिर हो । यति छोटो अवधिमा पनि नेपालका बैंक पारिदर्शिताको सवालमा अब्बल र सक्षम छन् । नेपाल आर्थिक उदारीकरणमा गइसकेपछि यहाँको सामाजिक आर्थिक रुपान्तरणका लागि यो क्षेत्रले निकै सहयोग गरेको छ । पछिल्लो समय नेपालका बैंकले ५६ खर्बको निक्षेप संकलन र ४६ खर्ब कर्जा लगानी गरेका छन् ।

कर्जा लगानीअन्तर्गत कृषि क्षेत्रमा ५ खर्ब २० अर्बभन्दा बढी, ऊर्जा क्षेत्रमा करिब तीन खर्ब, साना तथा मझौला क्षेत्रमा ४ खर्ब र विपन्न समुदाय र अनुदानमा आधारित कर्जा गरेर हामीले १६ खर्ब हाराहारी कर्जा लगानी गरेका छौं । राज्यले पनि चाहेको र उत्पादनमूलक क्षेत्रलाई सहयोग पुग्ने क्षेत्रमा यसरी कर्जा लगानी भइरहेको छ । यो क्षेत्रले ६५ हजारलाई रोजगारी प्रदान गरेको छ । यो क्षेत्रले सरकारलाई ३० अर्ब कर तिरिरहेको छ । अहिले बैंकमा ५ करोड २० लाख निक्षेप खाता र १८ लाख ५० हजारभन्दा बढी कर्जा खाता खोलिएका छन् । अहिले बैंकिङ क्षेत्रमा ७ सय ३५ अर्ब पुँजी लगानी भएको छ । अहिले बैंकहरूको आकार जीडीपीको ९० प्रतिशत हाराहारी पुगेको छ ।

बैंकिङ क्षेत्र डिजिटाइजेसनमा पनि अगाडि बढिरहेको छ । मोबाइल बैंकिङ प्रयोग गर्ने सेवा ग्राहकको संख्या २ करोड २० लाख नाघेको छ । बैंक ६४ सय शाखामार्फत ७ सय ५३ पालिकामध्ये ७ सय ५२ मा छन् । बैंकिङ क्षेत्र मुलुकको एउटा मुख्य क्षेत्रका रूपमा अगाडि बढेको छ । पछिल्लो अवस्था हेर्ने हो भने, केही वर्षअघि मात्रै हामी कोभिडकालीन जस्तो ठूलो ऐतिहासिक संकट अवस्थाबाट गुज्रियौं । त्यहाँबाट बाहिरिँदै गर्दा फेरि रसिया-युक्रेन युद्धले पारेको प्रभावबाट हामी पनि प्रभावित भयौं । अहिले फेरि इजरायल र प्यालेस्टाइनबीचको युद्धले विश्वव्यापी रूपमा वित्तीय क्षेत्रका लागि समेत त्यति राम्रो देखिएको छैन । अहिले धेरैजसो मुलुकमा मूल्यवृद्धि बढेको छ । धेरै मुलुकमा ब्याजदरमा पनि उच्च दरमा वृद्धि भएको छ । हामी अहिले पनि अनिश्चितता र चुनौतीबाट अगाडि बढिरहेका छौं ।

नेपालको बैंकिङ क्षेत्रमा पनि त्यस्तै असर देखिएको छ । मुलुकको बाह्य क्षेत्र दबाबमा उल्लेख्य सुधार भएको छ । सरकार र राष्ट्र बैंकको नीतिका कारण हाम्रो विदेशी मुद्रा सञ्चिति बढेको छ । मुलुकको भुक्तानी सन्तुलनमा देखिएको छ । विस्तारै पर्यटन क्षेत्रमा सुधार देखिएको छ । यसरी सुधार भइरहँदा पनि अहिले निजी क्षेत्रको आत्मविश्वास घटेको छ । आर्थिक गतिविधि शिथिल भइरहेको छ । बैंङ्कहरूमा लगानीयोग्य पुँजी भइरहेको अवस्थामा पनि कर्जा लगानी विस्तार सुस्त छ । यो तीन महिनाको अवधि बितिसक्दा पनि कर्जा लगानी बढेको छैन । गत वर्ष पनि कर्जा लगानी विस्तार ऐतिहासिक रूपमै कम (३ प्रतिशतले

वृद्धि) भएको छ । यो वर्ष केही सुधार होला । तर चाडपर्व सकिँदा पनि माग बढिरहेको छैन । पछिल्लो समय युवा पुस्ताको विदेश जाने क्रम उच्च भएपछि पनि मागमा कमी आएको हो । भारततर्फ जाने क्रमसहित हेर्दा लगभग १५ लाख मानिस वैदेशिक रोजगारी वा अध्ययनका नाममा बाहिरिएका छन् । यसले समग्र माग घटाएको छ ।

बैंकिङ क्षेत्रमा पनि जनशक्ति व्यवस्थापनको चुनौती देखिएको छ । यो क्षेत्रमा राम्रो सेवासुविधा पाइरहेकाहरूसमेत बिदेसिइरहेका छन् । आगामी दिनमा वृद्धिको बाटोमा गइरहँदा पनि मानव संशाधनको तयारीमा समेत लाग्नुपर्ने देखिएको छ । सरकारले पुँजीगत खर्च गर्न नसकेका कारण यसले पुँजी चलायमान हुन सकेको छैन । निर्माण क्षेत्रको भुक्तानी रोकिएको छ भने यसले गर्दा तल्लो तहमा हुने रोजगारी सृजनामा समेत समस्या परेको छ । यिनै कारणले मागमा कमी आयो, जसले गर्दा उद्योग व्यवसाय पनि पूर्ण क्षमतामा चल्न सक्ने अवस्था रहेन । नयाँ आयोजना आउन सकेका छैनन् । यसले बैंकलाई समेत प्रभाव परेको छ ।

गत वर्ष पनि आर्थिक वृद्धि २ प्रतिशतभन्दा कम भएको छ । यस वर्ष पनि सरकारले ६.५ प्रतिशतको लक्ष्य रहे पनि दातृ निकायहरूले ४ प्रतिशत हाराहारी मात्रै वृद्धि हुने प्रक्षेपण गरिरहेका छन् । अहिले बैंकहरूको खराब कर्जामा वृद्धि भएको छ । खराब कर्जा औसत तीन प्रतिशत हाराहारी छ । यसलाई व्यवस्थापन गर्न थालिएको र नयाँ कर्जा विस्तारमा बैंकहरू सचेत भइरहेकाले पनि कर्जा लगानी विस्तार दर केही घटेको छ । जोखिम बढ्दै जाँदा बैंकहरूले समय लिएर नै लगानी बिस्तार गर्नुपर्ने हुन्छ ।

कर्जा विस्तार आर्थिक वृद्धि, बजारमा माग र यो क्षेत्रमा भएको समस्याहरूसँग पनि जोडिएका छन् । त्यसैले अर्थतन्त्र चलायमान बनाउन सरकारले पुँजीगत खर्च बढाउनुपर्छ । मुलुकभित्रको स्रोत पर्याप्त हुने अवस्था नरहँदा सरकारले बाह्य ऋण लिनुपर्छ । अहिले पनि सरकारको बाह्य ऋण जीडीपीको २०/२१ प्रतिशत हाराहारी मात्रै छ । दक्षिण एसियामै यो कम हो । यसमा सरकारले सक्रिय भूमिका देखाउनुपर्ने समय भएको छ । यस्तो आर्थिक वृद्धि गराउने लगानी ठूला पूर्वाधारमा हुनुपर्छ । यसले निजी क्षेत्रलाई पनि सँगसँगै चलायमान बनाउँछ । अहिले बैंकहरूसँग कर्जायोग्य पुँजी भए पनि तरलतामा केही दबाब छ । बैंकहरूले सरकारी ऋणपत्रमा लगानी गरिरहेका छन् ।

**बैंकिङ क्षेत्रमा पनि जनशक्ति व्यवस्थापनको चुनौती छ । यो क्षेत्रमा राम्रो सेवासुविधा पाइरहेकाहरूसमेत बिदेसिइरहेका छन् । आगामी दिनमा वृद्धिको बाटोमा गइर हँदा पनि मानव संसाधनको तयारीमा समेत लाग्नुपर्ने देखिएको छ ।**

## समस्या र चुनौती

खराब कर्जा समाधानका लागि बैंकहरू रिकभरीमा लाग्नुपर्ने अवस्था छ । खराब कर्जा बढ्दा बैंकहरूको पुँजी पर्याप्ततामा असर पुग्दै जान्छ । यसले नाफामा मात्रै कमी आउँदैन, जोखिमका लागि राखिने प्रावधानले बैंकको पुँजीमै कमी आउँदै जाने देखिन्छ ।

अहिले पनि जोखिम सम्पत्तिका आधारमा प्राथमिक पुँजी अनुपातमा केही बैंकलाई दबाब छ । कुल पुँजी कोष अनुपातका आधारमा थप केही बैंक दबाबमा छन् । वाणिज्य बैंक मात्रै नभएर केही विकास बैंकमा समेत यस्तो दबाब छ । यसले पनि भोलिका दिनमा बैंकिङ क्षेत्रलाई अगाडि बढ्न समस्या हुन सक्छ ।

त्यसैले खराब कर्जाको व्यवस्थापनमा अहिले अपनाउन सकिने तरिका अवलम्बन गर्नुपर्ने देखिन्छ । अन्य मुलुकको तुलनामा हाम्रो खराब कर्जाको दर कम नै भए पनि हामी सहज हुनुपर्ने अवस्थामा छौं । हामी जहिले पनि आन्तरिक स्रोतमै सीमित भयौं । रेमिट्यान्स कम आउनेबित्तिकै वा सरकारले खर्च गर्न नसक्नेबित्तिकै बैंकिङ क्षेत्रमा समेत तरलताको कमी देखिन थालिहाल्छ । हामीले त्योभन्दा बाहिर गर्न सोच्न सक्ने अवस्था नै रहेन ।

नेपालमा भित्रने प्रत्यक्ष वैदेशिक लगानीको हिस्सा दक्षिण एसियाको कुलमा मात्रै ०.५ प्रतिशत छ । प्रत्यक्ष वैदेशिक लगानीले अर्थतन्त्रलाई टेवा त दिन्छ नै, सँगसँगै बैंकहरूका लागि स्रोतका रूपमा समेत रहन्छ । यस्तो लगानीले नयाँ क्षेत्रहरू पनि देखिन्थे । आन्तरिक स्रोतले मात्र नधानिरहेको अवस्थामा यसरी आउने बाह्य पुँजीले यहाँ पुँजी अभावको समस्या कमै देखिन्थो ।

अहिले हाम्रो दायित्वको अवधि अल्पकालीन छ । तर लगानी दीर्घकालीन छ । त्यसैले पनि बाह्यबाट पुँजी ल्याउनेतर्फ दीर्घकालीन सोचका साथ अगाडि बढ्नुपर्छ । बैंकहरूले मात्रै होइन, नेपालका कर्पोरेटहरूले पनि यसरी पुँजी ल्याउन सके भने यसले प्रतिस्पर्धा पनि हुन सक्थ्यो । बाह्य क्षेत्रमा पनि ऋणपत्रहरूको बिक्री गर्न सक्नुपर्दछ । यस्तो लगानी ल्याउनु पनि चुनौतीका रूपमा देखिएको छ । पुँजीबजारमा ऋणपत्रको कारोबार बढाउन नसकिएकाले आन्तरिक स्रोतहरूसमेत बढ्न सकेका छैनन् ।

नेपालमा राजनीतिक स्थिरता नभइरहेकाले यसले पनि व्यवसायको वातावरण बन्न सकेको छैन । नीतिगत स्थिरतामा लगानीकर्ताहरूले शंका गर्नुपर्ने अवस्था बाँकी नै छ । त्यसैले बैंक वा व्यवसायीले दीर्घकालीन रणनीति लिएर काम गर्न सकेका छैनन् । जस्तो नीति आउँछ, त्यहीअनुसार छोटो अवधिको रणनीति बनाउँदै अगाडि बढ्नुपर्ने अवस्था छ । बैंकहरूले पनि योजनाबद्ध काम अगाडि बढाउन सकेका छैनन् ।

बैंकहरूलाई पछिल्लो समय धेरै किसिमले बाँधिएको छ । शुल्कको कुरा होस् वा स्प्रेड दरको, यसमा सीमा तोकिएको छ । यही कारण बैंकहरूको सेयरमा प्रतिफल (आरओई) उच्च दरमा ह्रास आएको छ । १०/१२ अघि २४ प्रतिशतसम्म यस्तो प्रतिफल हुने गरेकामा अहिले १०/११ प्रतिशत हाराहारी आएको छ । बैंकहरूलाई बाँधिएकै कारण डिजिटाइजेसन जस्ता नयाँ क्षेत्रमा बैंकहरूले लगानी गर्न सकिरहेका छैनन् । यसरी धेरै कुरा तोकिएकै कारण जोखिममा आधारित भएर मूल्य निर्धारण हुन सकेको छैन । यी मामिलामा खुला बजारको नीतिअनुसार काम भइरहेको छैन । यसले बैंकहरूलाई यथास्थितिमै राखिएको छ ।

बैंकहरूको नियामकीय शुल्क बढेका छन्, सम्पत्ति शुद्धीकरण निवारणका काममा लागत बढेको छ । बैंकहरूले डिजिटाइजेसनमा ठूलो खर्च गरिरहेका छन् । तर त्यहीअनुसारको इकोसिस्टम बन्न सकेको छैन । सरकारी संयन्त्रहरूले डिजिटाइजेसनको अनुशरण गर्न नसकेकै कारण यसले पूर्ण रूपमा प्रभाव देखाउन सकेको छैन । हामी सवारी कर्जा,

घरजग्गा कर्जा अनलाइनबाटै दिन सक्छौं । तर यातायात कार्यालय र मालपोतले दिने सेवा अनलाइन भइसकेको छैन । त्यसैले पनि पूर्ण रूपमा यसले काम गरिरहेको छैन । अहिले साइबर सुरक्षालगायतमा समेत लागत बढिरहेको छ । यो चुनौतीकै रूपमा छ ।

बैंकहरू सबैभन्दा धेरै दरमा कर तिर्नेमध्येमा पर्छन् । चुरोट, मदिराभन्दा पनि हाम्रो कर बढी छ । त्यसैले बैंकहरूले वास्तविक अर्थतन्त्रमा काम गर्ने भएकाले यसमा सरकारले पनि ध्यान दिनुपर्छ । हामीले बाह्य क्षेत्रबाट पुँजी ल्याउँदा समेत ब्याज आम्दानीमा १० प्रतिशत कर तिरिरहेका छौं । यसले बाहिरबाट पुँजी ल्याउन बैंकहरूलाई प्रोत्साहन गरेको छैन । पछिल्लो समय धेरै बैंक तथा वित्तीय संस्था मर्जरमा गए । तर मर्जरपछिको व्यवस्थापनका चुनौती देखिएका छन् । मानव संशाधनको व्यवस्थापनदेखि काम गर्ने वातावरणमा रहेको भिन्नतालाई समाधान गर्न समस्या भइरहेको छ ।

अहिले सहकारी, लघुवित्तमा समस्या देखिन थालेसँगै बैंकको कर्जा नतिर्दा हुन्छ भन्ने धारणा विकास गरिएको छ । यसले बैंकिङ क्षेत्रको आत्मविश्वासमा समेत कमी आउँछ । बैंक मध्यस्थकर्ता मात्रै हो । ५ करोडभन्दा बढीले बैंकलाई विश्वास गरेर निक्षेप राखेका छन् । बैंकले त्यही स्रोत लगानी गरेका हौं । यसलाई हल्का रूपमा नलिएर सरकारले नै नियन्त्रण गर्नुपर्ने हुन्छ । बैंक अर्थतन्त्रको एउटा खम्बा हो । मुलुकको अर्थतन्त्र विस्तारमा बैंकको ठूलो सहयोग छ । सहकारी र लघुवित्तको समस्या दीर्घकालीन समाधानमा समेत सरकारले गम्भीर हुनुपर्ने देखिएको छ । प्रणालीमा एउटा क्षेत्रमा समस्या आँउदा अरूमा पनि समस्या आउन सक्छ । सहकारी क्षेत्रबाट परिचालित पुँजी बैंकहरूको तुलनामा ठूलो होइन । तर यसले मानिसहरूमा पुऱ्याउने मनोवैज्ञानिक प्रभावले बैंकिङ क्षेत्रप्रतिको विश्वासलाई समेत खलबल्याउन सक्छ । बैंकहरू फेल हुने भनेको तरलता जस्ता कारणले नभई विश्वासमा आउने कमीले पनि हो ।

## समाधान

नेपालले बाहिरबाट पुँजी ल्याउन अवसर छ । हालै मात्र संयुक्त राष्ट्रसंघका महासचिव एन्टिनो गुटेरेसले नेपालप्रति विकसित राष्ट्रहरूबाट दिइनुपर्ने ध्यान नभइरहेको बताएका छन् । जलवायु परिवर्तनमा नेपालको ठूलो भूमिका नभए पनि असर भने बेहोर्नुपरिरहेको छ । नेपालमा हरित ऊर्जाको जुन सम्भावना छ, अहिले विश्वभर इन्धन ऊर्जाबाट यो हरित

> **अहिले आर्थिक गतिविधिमा देखिएको शिथिलता कम गर्न सरकारले ठूला पूर्वाधार, ऊर्जा क्षेत्रलगायतमा खर्च बढाउनुपर्छ । यहाँको स्रोतले नपुग्ने अवस्था भए बाहिरबाट ल्याउनुपर्छ । अहिले सरकारले जसरी तालिका बनाएर आन्तरिक ऋण उठाउछ । खर्च पनि त्यसरी तालिका बनाएरै गर्नुपर्छ । यसले बैंकहरूमा तरलता घटबढ भइरहने समस्या पनि समाधान हुन्छ ।**

ऊर्जातर्फ जाने जुन तयारी भइरहेको छ, त्यसलाई सहयोग पुग्नेछ । त्यसैले नेपालले हरित ऊर्जामा वैदेशिक सहयोग वा विदेशबाट पुँजी ल्याउन सक्ने सम्भावना छ । बजेटले पनि ग्रिन फाइनान्सिङ फ्रेमवर्क बनाउने घोषणा गरेको छ । त्यसलाई तुरुन्तै अगाडि बढाउनुपर्छ ।

अहिले सरकारले पनि 'ग्रिन रेजिलेन्ट इन्क्लुसिभ डेभलपमेन्ट' भनेर मुद्दा लिएर गएको छ । यसमा बाहिरबाट पनि थुप्रै प्रतिबद्धता आएका छन् । बैंकिङ क्षेत्रलाई पनि यसमा लैजानुपर्छ । ब्याजदरमा फरक नीति अख्तियार गरेर वा अनुदानको व्यवस्था गरेर पनि यसलाई पनि लैजान सकिन्छ । यसले सन् २०४५ सम्म कार्बन उत्सर्जन शून्य बनाउने सरकारको योजनालाई समेत सघाउँछ । अहिले संसारभर मौसममा आधारित जोखिम र त्यसको समाधानका लागि बहस भएका छन् । हाम्रो वनजंगलले ढाकेको क्षेत्र ४५ प्रतिशत हाराहारी छ । यसबाट लिन सकिने थुप्रै लाभ छ । वित्तीय स्रोत ल्याउनसमेत यसले लाभ पुग्छ । यसलाई आवश्यक नीतिगत व्यवस्था तथा पूर्वाधार तयारी गर्नुपर्ने हुन्छ । ग्रिन ट्याक्सोनोमीलाई तुरुन्तै ल्याउनुपर्नेछ ।

नेपालले मुलुकको सार्वभौम रेटिङ गराउन सके पनि विदेशी लगानी भित्र्याउन सहज हुनेछ । रेटिङ नभएका कारण बाहिरबाट पुँजी ल्याउँदा लागत बढ्छ, लगानीकर्ताहरू यहाँ लगानी गर्न सशंकित हुन्छन् । हामी जस्तो विकासोन्मुख मुलुकहरूमा ऋण ल्याएर त्यसको लाभ लिन नसक्ने अवस्था पनि हुन्छ । त्यसैले यसका लागि हेजिङसम्बन्धी व्यवस्था पनि ल्याउनुपर्छ । यसले जोखिम न्यूनीकरण गर्छ । यहाँबाट लगानी फिर्ता वा लाभांश लैजान सहज बनाउनुपर्छ ।

खराब कर्जा अहिलेसम्म डरलाग्दो अवस्थामा पुगेको छैन । तर अन्तर्राष्ट्रिय जगत्मा समेत अवस्था अनुकूल बनिसकेको छैन । ब्याजदर उच्च नै छ । मुलुकहरूबीच युद्ध चलिरहेको छ । यसले अझै अनिश्चितताको अवस्था ल्याउँछ । यहाँ पनि भोलिका दिन खराब कर्जा थप बढ्दै जाने हुन सक्छ । अहिले बैंकहरूले यसको व्यवस्थापन गरिरहेको छ । यसका लागि 'स्पेसल भेहिकल पर्पोज' मार्फत कोष बनाएर व्यवस्थापन गर्न सक्छौं । बैंकहरूले समेत यसमा लगानी गर्न सक्छन् । यसका लागि धितोपत्र बोर्ड ऐनमा व्यवस्था गर्नुपर्छ । यसले निकास पाउँछ । बैंकहरूले धितोमा रहेको यस्ता घरजग्गा कर्जा असुलीका लागि जसरी पनि बिक्री गरिरहँदा घरजग्गा क्षेत्रमा पनि प्रभाव पर्छ । घरजग्गा क्षेत्र हाम्रो अर्थतन्त्रमा धेरै तरिकाले जोडिएको छ । यस्तो कोष तत्काल बनाइहाल्नुपर्छ ।

दीर्घकालका लागि भने अन्य मुलुकमा भए जस्तो 'एसेट रिकन्स्ट्रक्सन कम्पनी' आवश्यक पर्छ । यसलाई छुट्टै ऐन नै चाहिन्छ । अहिले आर्थिक गतिविधिमा देखिएको शिथिलता कम गर्न सरकारले ठूला पुर्वाधार, ऊर्जा क्षेत्रलगायतमा खर्च बढाउनुपर्छ । यहाँको स्रोतले नपुग्ने अवस्था भए बाहिरबाट ल्याउनुपर्छ । अहिले सरकारले जसरी तालिका बनाएर आन्तरिक ऋण उठाउँछ, खर्च पनि त्यसरी तालिका बनाएरै गनुपर्छ । यसले बैंकहरूमा तरलता घटबढ भइरहने समस्या पनि समाधान हुन्छ ।

अहिले जसरी मुलुकबाट बिदेसिनेको क्रम बढिरहेको छ । त्यसमा वृद्धि हुन नदिन यहाँ विश्वासको वातावरण बनाउनुपर्छ । अहिले नेपाल विदेशी मुद्रा आर्जनका लागि रेमिट्यान्स र पर्यटनमा मात्रै भर परिरहेको छ । आइटी क्षेत्रबाट पनि आर्जन भइरहेको छ । यो क्षेत्रलाई केही नीतिगत सहुलियत दिइएको त छ । यसलाई संस्थागत गर्न थप काम हुनुपर्छ । यो तुलनात्मक लाभको क्षेत्र हो ।

*- केसी नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष हुन् ।*

# अर्थतन्त्र उकास्न दूरसञ्चार क्षेत्रको भूमिका

दूरसञ्चार उद्योगको विकासका लागि अन्य निकायसाग साझेदार गर्न सक्ने गरी बलियो नियामकीय संयन्त्र चाहिन्छ । दूरसञ्चारलाई आवश्यक सेवामा मात्रै नराखी अति आवश्यक सेवा (मोस्ट एसेन्सियल सर्भिस) मा राखिनुपर्छ । तर प्राथमिकतामा राख्नुको साटो यस क्षेत्रमा रहेको असमान कर व्यवस्थाले उल्टो चुनौती तेर्सिएको छ ।



सुनिल जाकिबाञ्जा

आधुनिक समाजमा दूरसञ्चार प्रणालीले खेलेको भूमिका अतुलनीय छ । विभिन्न विद्युतीय माध्यममार्फत तीव्र र सहज रुपले सूचना प्रसारण गर्ने क्रम बढ्दो छ । दूरसञ्चार प्रणालीले हरेक क्षेत्रमा कार्यसञ्चालन प्रभावकारी बनाउन सहयोगी भूमिका खेल्छ । दूरसञ्चार आफैमा सबैथोक होइन, तर यसको सही उपयोगले कुनै पनि उद्योग, व्यापार वा सामान्य काममा समेत अधिक परिणाम दिनसक्छ । यसमा देशको सुशासन प्रणालीमा कायापलट गर्ने क्षमता हुन्छ । स्वास्थ्य, शिक्षा, उद्योग, सुरक्षा, यातायात जस्ता क्षेत्रको विकासमा सहयोगी तर अत्यावश्यक भूमिका खेल्न सक्छ । अन्य सेवा नपुगेका ठाउँमा सबैभन्दा पहिले पुग्नसक्ने सेवा नै यही हो । यसकारण दूरसञ्चार क्षेत्रको महत्त्वलाई कसैले अस्वीकार गर्न सक्दैन ।

दूरसञ्चारको महत्त्व जगजाहेर भए पनि नेपालमा यस क्षेत्रको अवस्था भने पीडादायी छ । समयसापेक्ष परिवर्तन हुन नसक्दा यो क्षेत्रले आशातित प्रगति हासिल गर्न सकेको छैन । दूरसञ्चार क्षेत्र आफैमा एक्लै केही होइन; यो क्षेत्र सधैँ अन्य सेवासँग मिलेर जाने हो । अहिले हामीले विभिन्न प्रविधि उपभोग गर्न पाइरहेका छौँ, यसकारण हामी भाग्यमानी हौँ भन्छौँ । तर अमेरिका, चीन, भारतजस्ता देशले अहिलेजस्तो उन्नत दूरसञ्चार प्रविधिको सहाराबिनै धेरै उपलब्धि हासिल गरे । नेपालजस्तो देशलाई अगाडि बढ्न त अहिले दूरसञ्चार र सूचना तथा सञ्चार प्रविधि (आइसिटी) का विविध विकल्प छन् । यसको भरपुर उपयोगले नेपालमा विकासको सूचक फेरिनुपर्ने हो । तर बिडम्बना, दूरसञ्चार क्षेत्र नै अहिले 'स्ट्रेस' मा छ । औसत वृद्धि दर निकै कम छ । आम्दानी घटिरहेको छ । इन्टरनेट सेवा प्रदायकको हकमा केही सन्तोषजनक ग्राफ देख्न सकिन्छ । नत्र सबैको वित्तीय प्रगति खुम्चिइरहेको छ । दूरसञ्चार सेवा सञ्चालनका लागि प्रत्यक्ष खर्च बढ्दो छ । यहाँ बजार उस्तै छ, तर वृद्धिदर घटिरहेको छ । आम्दानी घट्दा खर्च बढिरहेको छ । यसबाट अनुमान गर्न सकिन्छ कि टेलिकम क्षेत्रमा धेरै दबाब छ ।

नेपालको टेलिकम बजार १०० अर्ब जतिको मात्रै छ । अनि राज्यले थोपरिदिएका अनेक प्रकारका कर प्रणालीले बजार माथि उठ्न सकेको छैन । आम्दानीमा कर, रोयल्टी, दूरसञ्चार सेवा शुल्क लगायतका करले कम्पनीहरूको कार्यसञ्चालनमा बाधा पुर्‍याइरहेका छन् । दूरसञ्चार क्षेत्रको आम्दनी बढाउन राज्यले सहजीकरण गर्न सक्नुपर्थ्यो तर यसलाई राजस्वको स्रोतका रूपमा लिँदा अनेकन् समस्या देखिएका छन् ।

केही इन्टरनेट सेवाप्रदायकको अवस्था तुलनात्मक रूपमा सन्तोषजक छ । तर टेलिकम क्षेत्रको अवस्था अगाडि बढ्न सकेको छैन । यस क्षेत्रमा अहिले अपरेटरका रूपमा नेपाल टेलिकम र एनसेल छन् । एनसेललाई २५ वर्षपछि के गर्ने भन्ने समस्याले पिरोलिरहेको छ । यही कारण उसलाई अरु लगानीमा प्रोत्साहन नभएको देखिन्छ । सरसर्ती हेर्दा दुवै सेवाप्रदायक आआफ्नै तालमा छन् । सेवाको गुणस्तरमा चुकिरहेका छन् । प्रतिस्पर्धा देखिँदैन । नयाँ अपरेटर आइहाल्ने अवस्था छैन । दूरसञ्चार क्षेत्र अन्यौलबाट मुक्त हुन नसक्दा यसबाट राज्यले पाउने असीमित लाभ पाउन सकेको छैन । अन्य क्षेत्रलाई सहयोग गर्न सक्ने यो क्षेत्र आफै समस्याग्रस्त छ ।

## असमान कर प्रणालीले निम्तिएका समस्या

दूरसञ्चार उद्योगको आर्थिक सूचक हेर्ने हो भने भयानक अवस्था छ । दूरसञ्चार सेवा सञ्चालनबाट हुने नाफा लगभग २७ प्रतिशतले घटेको छ । 'रिटर्नल इन्भेस्टमेन्ट' लगभग ३० प्रतिशतले घटेको छ । यसरी हेर्दा दूरसञ्चार क्षेत्र तनावमा छ । यसलाई नीतिगत हिसाबबाटै टुङ्ग्याउन सकिएन भने भोलिका दिनमा यो उद्योगमा थप भार हुने निश्चित छ । यसमा अर्को ठूलो समस्या नवीकरण शुल्क पनि हो । २० अर्ब लाइसेन्स नवीकरण शुल्कले यो क्षेत्रलाई धेरै 'स्ट्रेस' दिएको छ । भोलि यहाँ कम्पनी नै नरहने अवस्था छ । नेपाल टेलिकम र एनसेल दुवैको पछिल्ला वित्तीय प्रगति प्रतिवेदन हेर्ने हो आम्दानी र नाफा लगातार घटिरहेको छ ।

दूरसञ्चार क्षेत्रले घाटा व्यहोरिरहँदा राज्यको असमान कर नीति मुख्य टाउको दुःखाइको विषय हो । अहिले सेवा प्रदायकले रोयल्टी ४ प्रतिशत, ग्रामीण दूरसञ्चार विकास कोषमा (आरटीडीएफ) २ प्रतिशत, दूरसञ्चार सेवा शुल्क १० प्रतिशत, भ्याट, स्पेक्ट्रम शुल्क, नवीकरण शुल्क आदि भनेर राज्यलाई तिरिरहेका छन् । यस्तो महत्त्वपूर्ण र संवेदनशील क्षेत्रमा कर घटाएर सहजीकरण गर्नुपर्नेमा उल्टै 'बन्डलिङ' गरेर थोपरिएको छ । यसबाट उपभोक्ताले पनि महँगो सेवा लिनुपर्छ । सेवा महँगो हुँदा यसको उपयोग दर पनि घट्छ । असमान कर प्रणालीबारे पर्याप्त समीक्षा नै नभएको जस्तो लाग्छ ।

अहिले सेवाप्रदायकबाट रोयल्टी शुल्क लिइरहेको सन्दर्भ छ । राज्यले कुनै स्रोत साधन प्रयोग गर्न दिएवापत न रोयल्टी लिने हो । तर टेलिकम अपरेटरका लागि राज्यको स्रोत भनेको 'स्पेक्ट्रम' हो । 'स्पेक्ट्रम' मा पनि छुट्टै शुल्क तोकिएको छ । 'स्पेक्ट्रम' मा शुल्क लिएपछि दूरसञ्चार सेवा शुल्क किन लिएको ? दूरसञ्चार सेवा शुल्क लिने भए किन भ्याट लिएको हो ? दूरसञ्चार सेवा दिएवापत रकम लिने हो भने आम्दानी कर किन लिएको हो ? नेपाल सरकारले आफ्नो आर्थिक अवस्था गाह्रो भएर मन नलगाई नलगाई यसरी कर असुलेको होला । तर यो अभ्यास विश्वका अन्य देशमा छ जस्तो लाग्दैन । कर प्रणाली तर्कसङ्गत भएन । १० वर्षमा लाइसेन्स नवीकरण गर्ने भनेपनि प्रत्येक वर्ष तालिका बनाएर रकम बुझाउनुपर्ने बाध्यता छ । अर्को कुरा यो क्षेत्रमा वैदेशिक लगानी भित्र्याउन पनि नीतिगत झमेला छ । पूर्वाधार सहप्रयोगको नीति लागू हुन सकेको छैन । यी कारण यहाँ अन्य अपरेटर आउन सक्ने अवस्था छैन ।

## दूरसञ्चार क्षेत्रको भूमिका

दूरसञ्चार आफैंमा केही होइन, यसलाई प्रयोग गर्ने अन्य उद्योगले हो । अन्य उद्योग धराशायी हुँदा यस क्षेत्रमा पनि असर पर्छ । तथापि विश्वभर आर्थिक मन्दीका कारण उद्योग, व्यापार र व्यवसाय प्रभावित हुँदा दूरसञ्चार क्षेत्रले धेरै योगदान दिएका उदाहरण छन् । दूरसञ्चार प्रणालीले अन्य क्षेत्रमा हुने सञ्चालन खर्च घटाउँछ । परम्परागत काम डिजिटलमा आधारित बनाउन भूमिका खेल्छ । खस्कँदो अर्थतन्त्रमा दूरसञ्चार र नयाँ प्रविधिको प्रयोगले विकल्प दिनसक्छ । यसर्थ दूरसञ्चार उद्योगको विकासका लागि अन्य निकायसँग साझेदार गर्नसक्ने गरी बलियो नियामकीय संयन्त्र चाहिन्छ । दूरसञ्चारलाई आवश्यक सेवामा मात्रै नराखी अति आवश्यक सेवा (मोस्ट एसेन्सियल सर्भिस) मा राखिनुपर्छ । तर प्राथमिकतामा राख्नुको साटो यस क्षेत्रमा रहेको असमान कर व्यवस्थाले उल्टो चुनौती तेर्सिएको छ । यति महत्त्वपूर्ण क्षेत्रलाई त फटाफट नीति परिमार्जन गरी बढावा दिनुपर्ने हो ।

विश्व बैंकको एक तथ्यांक अनुसार एक डलर टेलिकम सेक्टरमा लगानी गर्दा देशको कुल गार्हस्थ्य उत्पादनमा यसले लगभग १० देखि २० डलरसम्म योगदान दिनसक्छ । यो 'टर्न अराउन्ड' चाँडो हुने क्षेत्र हो । फटाफट कानुन परिवर्तन गर्ने, अपरेटरलाई अप्ठ्यारो परे सहज वातावरण तयार पारिदिने, बदमासी गरे कारबाही गर्ने, दीर्घकालीन योजना तय गर्ने लगायतका काम गरिदिने हो भने यो क्षेत्र आफूमा आत्मनिर्भर मात्रै नभई अन्य क्षेत्रको अर्थतन्त्र उकास्न सक्ने हुन्छ । तर अहिलेको अवस्था त्यस्तो छैन । विश्व अर्थतन्त्रमा दूरसञ्चार क्षेत्रको योगदान ६ देखि ७ प्रतिशतसम्म छ । केही देशमा त १८ प्रतिशतसम्म कुल ग्राईस्थ उत्पादनमा योगदान छ । नेपालमा भने २ देखि २.५ प्रतिशतसम्म मात्रै योगदान होला, जुन निकै कम हो । यसलाई ५ प्रतिशतसम्म पु[illegible]्याउन सक्ने हो भने पनि देशको अर्थतन्त्रमा धेरै योगदान दिन सकिन्छ ।

## सङ्कटपछाडिका कारण

दूरसञ्चार क्षेत्रमा सङ्कट आउनुका पछाडि सबैभन्दा मुख्य त नीतिगत कमजोरी नै कारण हो । दूरसञ्चार क्षेत्र विकास भइरहे पनि यसलाई २०५३ सालमा बनेको कानुनले हेरिरहेको छ । जुन बेला कानुन बन्यो, त्यो बेला मोबाइल आएकै थिएन । टेलिफोनको परिभाषा फरक थियो । अहिलेको दूरसञ्चारमा टेलिफोन, इन्टरनेट र ब्रोडकास्टिङ कुनैलाई पनि छुट्याउन सक्ने अवस्था छैन, अर्थात् 'कन्भर्ज मोडेल' मा यो उद्योग अगाडि बढिरहेको छ । एउटै तारबाट इन्टरनेट, भ्वाइस, फिल्म, भिडिओ, पिक्चर, अडियो सबै आउन सम्भव भएको छ । तर पछिल्लो विकास र परिवर्तनलाई सम्बोधन गर्नेगरी नियमन गर्न कानुन पर्याप्त भएन । प्रविधिमा हामी बढोत्तरी हुँदै गर्दा नियमन पक्ष त्यसै अनुसार तयार हुँदै जानुपर्छ । मन्त्रालय र दूरसञ्चार प्राधिकरणले बेला बेलामा विभिन्न निर्देशिका ल्याउने गरे पनि कतिपय यस्ता सवाल छन्, जसको व्यवस्थापनका लागि ऐनमै परिवर्तन ल्याउनुपर्छ । मन्त्रालय र नियामकसँग यसका लागि औजार र क्षमता पनि छ, तर त्यहाँ नर्णयत तहमा बस्नेहरू पट्टी लगाएर बसेको भान हुन्छ । कानुनबाट हुनुपर्ने काम त पक्कै निर्देशिकाबाट हुँदैन ।

दूरसञ्चार क्षेत्रमा देखिएको एउटा देखिएको समस्या नवीकरण शुल्क पनि हो । २० अर्ब तोकिदिएपछि यस क्षेत्रमा अपरेटर नै टिक्न नसक्ने अवस्था छ । भएका उठिबास लागे । युटिएल पीडादायी अवस्थामा गुज्यो । स्मार्ट टेलिकमको अवस्था देखिरहेका छौं । सिजी, नेपाल स्याटलाइटजस्ता सेवाप्रदायक पनि समस्या भोगेरै निस्किए । पुरानो कानुनकै कारण सेवाप्रदायक मारमा परिरहेको अवस्था छ । अर्को कुरा प्रविधि परिवर्तनशील हुन्छ । यसमा नियामक पनि अपरेटरलाई अपडेट गर्न तयार हुनुपर्छ । पहिला पहिला अपरेटरको आम्दानी ३० देखि ३५ प्रतिशतसम्म इन्टर नेसनल कल (आइएसडी) बाट हुन्थ्यो । अहिले ह्वाट्सएप, मेसेन्जर, भाइबर जस्ता ओटिटी प्लेटफर्मका कारण उनीहरूको आम्दानी घटिरहेको छ । यसले पनि अपरेटरमाथि तनाव थोपरिएको छ । यो अवस्था आउन नदिन अपरेटरका लागि व्यवसाय विस्तार वा अर्को व्यापार मोडेल ल्याउनु पर्थ्यो । सरकारले त्यसका लागि सहजकर्ताको भूमिका खेल्नुपर्नेमा त्यसो भइरहेको छैन ।

## सङ्कटका उपाय

दूरसञ्चार क्षेत्र विदेशी लगानी ल्याउन सक्ने प्रचुर सम्भावना भएको उद्योग हो । ऐनमा केही अनुकूल व्यवस्था मात्रै हुने हो भने पर्याप्त विदेशी लगानी आउन सक्छ । यसो गर्दा अन्य उद्योगमा पनि लगानी भित्रिने वातावरण तयार भई नेपाल लगानीको गन्तव्य बन्न सक्छ ।

पहिलो कुरा त पुराना ऐन, कानुनलाई समयसापेक्ष परिमार्जन गर्नैपर्छ । प्रविधि झन् परिस्कृत हुँदै जाँदा नीतिगत पक्ष समयानुकूल हुनुपर्छ । टेलिकम क्षेत्रलाई जीवित राख्न यसमा देखिएका समस्या बुझ्न सक्नुपर्छ । नत्र सबै अपरेटरको सेयर सरकारले लिनुपर्ने अवस्था आउन सक्छ । त्यस्तै, नियमन स्वायत्त र बलियो हनुपर्छ । अहिले सरकारी दूरसञ्चार कम्पनी नेपाल टेलिकममा सञ्चार मन्त्रालयका सचिव अध्यक्ष हुने व्यवस्था छ । यसले कतिपय अवस्थामा स्वार्थ बाझिने (कन्फ्लिक्ट अफ इन्ट्रेस्ट) अवस्था छ । यसले नियामकको 'जुरिस्प्रुडेन्सु मा कहिलेकाहीँ अप्ठ्यारो हुनसक्छ । सरकारले नयाँ प्रविधि ल्याइरहँदा सेवाको गुणस्तर र महसुलमा ध्यान दिनुपर्छ । दूरदराजका नागरिकले पनि सेवा लिनसक्ने गरी शुल्क व्यवस्थापनको काम गर्नुपर्छ । त्यस्तै पूर्वाधार सहप्रयोगमा नीतिगत स्पष्टता र कार्यान्वयनको पाटो जरूरी भइसकेको छ ।

त्यस्तै, यो क्षेत्रमा जनशक्तिको पर्याप्त खाँचो छ । यसका लागि आइटी पढाउने कलेजहरूमा सहकार्य गर्नुपर्छ । यो प्राविधिक क्षेत्र भएकाले निश्चित उपकरण र सेवा यहीँबाटै उत्पादन गर्न थाल्नु पर्छ । भारतमा स्थानीय उत्पादनलाई बढावा दिँदा त्यहाँको प्रविधि क्षेत्रले फड्को माऱ्यो । हामी केही सानो कुराबाट सुरूवात गरौँ न । अनि सरकारले यी पहललाई प्रोत्साहन गर्ने गरी नीति ल्याउन सकोस् । हामी सधैँ किनेर कहिले पनि माथि जाँदैनौं । देशभित्र प्राविधिक सोच विकास गर्न जरूरी छ । यस्ता सोचलाई सरकार र कम्पनीहरूले जिम्मा लिनुपर्छ । सधैँ सामान आयात गर्ने, तर आम्दानी घटिरहने अवस्थाले अर्थतन्त्र झन् ओरालो लागिरहन्छ ।

## अबको बाटो

अर्थतन्त्रलाई बढावा दिन दूरसञ्चार उद्योगको सहयोगी भूमिका रहन्छ । अन्य क्षेत्रको अर्थव्यवस्था सुदृढ बनाउन दूरसञ्चारको सार्थक प्रयोग निर्णायक हुनसक्छ । अहिलेको मन्दीको समयमा प्रविधिले कार्यसम्पादन खर्च निकै घटाइदिएको छ । यसर्थ हरेक उद्योग र क्षेत्रमा आइसिटी अङ्गीकार गर्न सक्नुपर्छ । सामान्य पसलदेखि राज्यको सार्वजनिक सेवाप्रणाली (गभर्नेन्स) सम्ममा प्रविधि सदुपयोग गर्न सक्नुपर्छ । यसका लागि सरकारले नै अभिभावकीय भूमिका खेल्नुपर्छ । सरकारले बाटो नदेखाएसम्म जनतालाई विश्वास र भरोसा हुँदैन ।

प्रविधिलाई प्रश्रय दिँदा अर्थतन्त्र उकास्न सकिन्छ भन्ने चेतनाको विकास हुन जरूरी छ । दूरसञ्चार क्षेत्रमा देखिएका विद्यमान समस्याको पहिचान र विश्लेषण गरी नतिजामुखी कार्ययोजना ल्याउनुपर्छ । अहिले दूरसञ्चार सेवाको नाममा विभिन्न ठाउँमा सेवा विस्तार भएपनि कतिपय ठाउँमा नेटवर्कले काम नगरेको अवस्था छ । सेवामा गुणस्तर ल्याउनुपर्ने चुनौती छ । साथमा यो क्षेत्रमा लगानी बढाउनुपर्ने आवश्यकता छ । यसका लागि लगानीमैत्री नीति स्पष्ट हुनुपर्छ । अहिलेको मन्दीको समयमा हरेक क्षेत्रमा लगानी ल्याउनुपर्ने आवश्यकता छ । दूरसञ्चार क्षेत्र विदेशी लगानी ल्याउन सक्ने प्रचुर सम्भावना भएको उद्योग हो । ऐनमा केही अनुकूल व्यवस्था मात्रै हुने हो भने पर्याप्त विदेशी लगानी आउन सक्छ । यसो गर्दा अन्य उद्योगमा पनि लगानी भित्रिने वातावरण तयार भई नेपाल लगानीको गन्तव्य बन्न सक्छ ।

*- जाकिबाञ्जा आईटीविज्ञ हुन् ।*



# जलविद्युत्को उज्यालो बाटो

जलविद्युत् प्रवर्द्धक अहिले ७ वटा मन्त्रालय २२ विभागमा जानुपर्ने बाध्यता छ । ७ वटै मन्त्रालयको एउटै डेस्क बनाइदिए समस्या हुँदैन्थ्यो । यति धेरै तनाव लिएर पनि प्रतिफल भने १२ देखि १३ प्रतिशत प्रतिफल पाइरहेका छन् । यो निकै कम हो ।



सुमन जोशी

विद्युत् उत्पादनमा निजी क्षेत्र र सरकारी क्षेत्र दुबै संलग्न छन् । ३ हजार मेगावाट विद्युत् उत्पादनमा झन्डै २ हजार मेगावाट निजी क्षेत्रले उत्पादन गर्दै आएको छ । सरकारी स्वमित्वको नेपाल विद्युत् प्राधिकरणले जलविद्युत परियोजनाहरू धेरै बनाउँदैनौं, हाम्रो बढी ध्यान वितरण प्रणाली र प्रसारणलाइनमा हुन्छ भन्दै आएको छ । तर, वास्तविकता फरक छ । एक हिसाबले जलविद्युत् उत्पादनमा सरकारी र निजी क्षेत्र लडिरहेका छन् ।

सरकारी मातहतका कम्पनीहरू जस्तै हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआइडिसिएल), जगदुल्ला जलविद्युत् जस्ता कम्पनीले पनि विद्युत् उत्पादन गरिरहेका छन् । ती कम्पनीले १०० मेगावाटदेखि माथिका परियोजना बनाइरहेका छन् ।

सरकारी स्वामित्वका परियोजनालाई रकम र व्यवस्थापनको समस्या कहिल्यै पनि भएको छैन र हुने सम्भावना पनि देखिँदैन । सरकारी स्वामित्वका कम्पनीसँग सबैखाले संयन्त्र छन्, ती परिचालन गर्छन् । त्यसले गर्दा पनि परियोजना बनाउन सहज भएको छ ।

सरकारी स्वामित्वको १०६ मेगावाटको जगदुल्ला जलविद्युत् कम्पनीले धेरै छिटो वित्तीय व्यवस्थापन गऱ्यो । सरकारी स्वामित्वका तीन वाणिज्य बैंक, नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक, कर्मचारी सञ्चयकोष, नेपाल टेलिकम जस्ता संस्थाले लगानी गर्दा जगदुल्ला परियोजनालाई रकम जुटाउन कुनै समस्या भएन ।

जगदुल्ला जलविद्युत् कम्पनीको विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) गर्न पनि समस्या भएन् । तर, निजी क्षेत्रबाट निर्माण हुने आयोजनालाई रकम जुटाउन र पिपिए गर्न समस्या छ ।

निजी क्षेत्रका उद्यमीले आयोजना निर्णयमा लागेको करिब ३० वर्ष भयो । निजी क्षेत्रले सानो परियोजनाबाट सिक्ने मौका पाएका थिए । सिकाइ पनि ढिला थियो । निजी क्षेत्र बिचमा अल्मलियो पनि । माओवादी द्वन्द्वकाललगायतका थुप्रै समस्याले गर्दा धेरै पछाडि पऱ्यो ।

निजी क्षेत्रसँग भएको पनि त्यही वित्तीय स्रोत हो सरकारी स्वामित्वको विद्युत प्राधिकरणमातहत र एचआइडिसिएलजस्ता कम्पनीले पनि तान्ने गरेका छन् । स्रोत समान भए पनि दक्षताका हिसाबले सबै आयोजना निजी क्षेत्रले बनाउन सक्ने क्षमता छ । तर, आर्थिक क्षमता प्राधिकरण मातहतका परियोजनाको तुलनामा कम छ ।

उद्योग, व्यापारमा कहलिएका व्यक्तिलाई वित्तीय स्रोत जुटाउन अझै सहज छ । तर, जलविद्युत् क्षेत्रमा अधिकांश मध्यम स्तरका उद्यमी छन् । ती उद्यमीलाई वित्तीय स्रोत जुटाउन कहाँ जाने ? के गर्ने ? भन्ने समस्या छ ।

## उत्पादनसँगैका समस्या

विश्व बैंक मातहतको अन्तर्राष्ट्रिय वित्त निगम (आइएफसी) ले २० वर्षमा एउटा आयोजना बनाउँछ । २० वर्षसम्म एउटै आयोजनामा झुन्डिरहन्छ तर अरु आयोजनाले वित्तीय स्रोत पाउँदैनन् । आइएफसीले पनि अन्तर्राष्ट्रिय मान्यता भनेर वातावरण, स्वास्थ्यका कुरा गर्छ । परियोजना बनाउँदा अन्तर्राष्ट्रिय मान्यता हेर्नु पर्छ, हेर्दा राम्रो हुन्छ । तर, हामीले सानो परियोजना

बनाउँदा अन्तर्राष्ट्रिय मान्यतालाई अनुसरण गर्न सक्दैनौँ ।

अहिले हामीले ७ मेगावाटको आयोजना बनाउँदै छौं । त्यसपछि २१ र २४ मेगावाटको आयोजना बनाउने उद्देश्य लिएका छौँ । के अहिले हामीले बनाउन लागेको ७ मेगावाट क्षमताको आयोजना बनाउँदा त्यस्ता अन्तर ाष्ट्रिय मान्यता पूरा गर्न सक्छौं ? होइन, हामीले सर्वप्रथम स्थानीय आवश्यकतालाई पूरा गर्नुपर्ने हुन्छ ।

आइएफसीका परियोजना जस्तो अन्तर्राष्ट्रिय मापदण्ड हामीले पालना गर्न सक्दैनौँ । अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट वित्तीय व्यवस्थापन भएका परियोजनाको तयारी नै फरक खालको हुन्छ ।

यता, नेपाल विद्युत् प्राधिकरण मातहत कम्पनीहरूले पनि ठूला आयोजना बनाउँदै छन् । १४४ मेगावाटको परियोजना विद्युत् प्राधिकरण मातहतको कम्पनीले बनाउँदै छ । त्यस कम्पनीसँग पनि निजी क्षेत्रका परियोजनाले प्रतिस्पर्धा गर्नुपरेको छ । प्रतिस्पर्धामा फेरि नेपाल विद्युत् प्राधिकरणसँग पिपिएमा खुम्चिनु पर्छ । प्राधिकरणले पिपिए गर्न पनि कोटा निर्धारण गर्छ । त्यही कोटामा निजी क्षेत्र पनि पर्नुपर्छ ।

प्राधिकरणको काम वितरण पनि हो तर प्राधिकरणले प्रसारणलाइन गुणस्तरिय बनाउन सकेको छैन । १० वर्षपछि विद्युत् प्रवाह हुने क्षमतालाई हेरेर प्रसारण लाइन बनाउनु पर्नेमा त्यसमा प्राधिकरण चुकेको छ ।

अन्यत्रको प्रचलन हेर्ने हो भने विद्युत् उत्पादन एउटाले गर्छ र प्रसारण लाइन अर्कोले बनाउँछ । बङ्गलादेशलाई बिजुली बेच्ने पनि त्यही प्राधिकरण, उद्योगलाई बिजुली बेच्ने पनि त्यही प्राधिकरण । यस्तो पनि हुन्छ ? प्राधिकरणले यो सबै काम गर्न सक्दैन ।

अहिले प्राधिकरणले ५० वर्ष पहिला गर्ने काम गरिरहेका छ । त्यतिबेला निजी क्षेत्रसँग क्षमता पनि थिएन, नीति पनि थिएन । तर, अहिले त निजी क्षेत्रसँग क्षमता पनि छ । अहिले पनि प्राधिकरणले सबै कुरा च्यापेर बसेको छ ।

हामीले लमजुङको दमरे भन्ने गाउँमा आयोजना निर्माण गरेका छौं । आयोजना बनाउनु पूर्व कुनै पनि पूर्वाधार बनेका थिएनन् । सडक बनेको थिएन, बत्ती बलेको थिएन । अहिले आएर निजी क्षेत्रका परियोजना बनाउने कम्पनीले त्यस क्षेत्रमा बिजुली पुऱ्याएका छन् । लमजुङ जस्तो ठाउँमा स्थानीय गाउँलेले पानीबाट बिजुली पनि बल्दो रहेछ है भनेर छक्क परेका छन् ।

हामीले बिजुली बत्ती नपुगेको भनेर रोल्पा, डोल्पाको मात्र कुरा गर्छौं । लमजुङ जुन बेँसी सहरबाट ४० किलोमिटर मात्र टाढा रहेको लमजुङको त्यस ठाउँमा बिजुली बत्ती थिएन । त्यस्तो ठाउँमा बिजुली र बाटो हामीले पुऱ्यायौँ । अब विद्युत् प्राधिकरणले उक्त क्षेत्रमा गुणस्तरीय विद्युत् कसरी दिन सकिन्छ भन्ने सोच्नु पर्छ । प्राधिकरणको काम त्यही हो ।

प्राधिकरणले झन्डै ९० प्रतिशत जनतामाझ विद्युत् पुग्यो भन्ने गर्छ तर बत्ती बल्नु मात्रै विद्युतीकरण होइन् ।

आज पनि हामी सुध्रेनौँ । गाँउलाई सुविधा सम्पन्न बनाउन सकेनौँ । हुन त धेरै मानिस अहिले गाउँबाट विस्थापित पनि भएका छन् तर, सुविधा पुगेका ठाउँका मानिस पुनः गाउँमा फर्केका पनि छन् ।

हामीले अहिले नै ११ केभीको होइन, २३३ केभीको प्रसारण लाइन बनाउन सक त्यहाँ स्थानीय उद्योग चल्न सक्छन् । टान्सफर्मरलगायतका संरचना गुणस्तरीय र उच्च क्षमताको विद्युत् प्रवाह गर्न सकिने बनाउन सकियो भने त पछिसम्मलाई हुन्छ । तर, हाम्रो सोच त्यतातिर गएन ।

नेपालले चीनसाग पनि विद्युत् आदान प्रदान गर्न केरुङसम्मको प्रसारण लाइनको अवधारणा आएको हो । भविष्यमा चीनसँग विद्युत् व्यापार गर्न ४०० केभीको प्रसारण लाइन बनाउनेतर्फ सोच्नुपर्छ ।

११ केभीको सट्टा ३३ केभीको प्रसारणलाइन राख्दा २० देखि २५ प्रतिशत बढी खर्च लाग्ने त हो । दिगो र गुणस्तरीय बनाउनु पर्छ भन्ने सोचाइ नै छैन । अहिले पकाएर खाने मात्र कुरा प्राधिकरणले गर्छ । बेलुका र भोलि पनि के पकाउने भन्ने सोच्नु पर्छ ।

नेपालले चीनसँग पनि विद्युत् आदान प्रदान गर्न केरूङसम्मको प्रसारण लाइनको अवधारणा आएको हो । भविष्यमा चीनसँग विद्युत् व्यापार गर्न ४०० केभीको प्रसारण लाइन बनाउनेतर्फ सोच्नुपर्छ । तर, हामीले थोरै क्षमताको विद्युत् प्रवाह हुने प्रसारण लाइन मात्र बनाउने सोच बनाएका छौँ ।

भारतले लगाएको नाकाबन्दीको समयमा चीनबाट केही मात्रमा पेटोलियम पर्दाथ ल्याएर पनि काम चलाएको नै हो । पछि त्यस्तै समस्या आयो भने त चीनबाट पनि ऊर्जा आयात गर्नुपर्ने हुन्छ । त्यसका लागि बाटो खुला गर्नेतिर पनि सोच्नु पर्छ ।

भौतिक पूर्वाधार निर्माण गर्दा भविष्यका लागि पनि सोचेर बनाउनु पर्छ । मन अलिकति फराकिलो बनाएर भविष्यलाई समेत हुने गरी परियोजना बनाउनु पर्छ ।

अहिलेको हकमा विद्युत् उत्पादका लागि सबै लडिरहेका छन् । प्राधिकरण मातहतका कम्पनीले पनि राम्रो लाइसेन्स कहाँ छ भनेर आँखा लगाइरहेका छन् । निजी क्षेत्रले पनि आँखा लगाएर बसेका छन् । विदेशीले पनि राम्रा आयोजना निर्माण गर्न खोजिरहेका छन् ।

नेपाल सरकारले ऊर्जा दशक भनेर घोषणा गरेको छ । १० वर्षमा १५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने भनिरहेका छ । यतिधेरै विद्युत् उत्पादन गर्न 'वानडोर सिस्टम' हुनुपर्छ । वनको विषयलाई सरल बनाउनु पर्छ । रूख काट्न क्याबिनेटले निर्णय गरे पनि वन मन्त्रालयले अनुमति दिँदैन । जलविद्युत् प्रवर्द्धक अहिले ७ वटा मन्त्रालय २२ विभागमा जानुपर्ने बाध्यता छ । जलविद्युत् प्रवर्द्धकलाई यति धेरै तनाव लिएर पनि प्रतिफल भने ज्यादै कम छ । अहिले निजी ऊर्जा उत्पादकहरूले १२ देखि १३ प्रतिशत प्रतिफल पाइरहेका छन् । यो प्रतिफल निकै कम हो । ७ वटै मन्त्रालयको एउटै डेस्क बनाइदिए समस्या हुँदैन्थ्यो ।

## सङ्कटमोचनका क्षेत्र

विदेशी लगानीकर्तालाई रातो कार्पेट ओछ्याएर ठूला, बहुद्देश्यीय, जलाशययुक्त आयोजनामा लगानी गर्ने वातावरण निर्माण गर्नुपर्छ । समग्रमा जलविद्युत्का लागि आन्तरिक, वाह्य, निजी, साझेदारी सबैलाई प्रोत्साहन गर्न जरूरी छ । सरकारले पनि लगानीमैत्री नीति बनाउनुपर्दछ ।

स्वदेशी उद्योगहरूलाई पनि प्रयाप्त मात्रमा विद्युत्को आवश्यकता छ । पूर्ण क्षमतामा चलाउन होङसी जस्तो सिमेन्ट उद्योगलाई ३० मेगावाट बिजुली आवश्यक पर्छ । त्यो भनेको प्रतिदिन १ लाख २० हजार लिटर खपत हुने डिजेल बिजुलीले प्रतिस्थापन गर्नु हो । यसका लागि उपयुक्त नीति र कार्यक्रम चाहिन्छ ।

बिजुली युनिट ३ देखि ४ रूपैयाँ पर्छ । जबकि एक लिटर डिजेलको मूल्य १६४ रूपैयाँलाई मान्ने हो भने पनि सञ्चालन लागत १६० रूपैयाँ बचाउन सकिन्छ । डिजेलबाट चलाउँदा जेनेरेटर चाहियो, डिजेल ल्याउँदाको खर्चबाहेक यति धेरै बचत हुन्छ । विदेशी मुद्रा सञ्चितिमा पनि सहयोग पुग्छ ।

अहिले पनि सबैभन्दा बढी मूल्यको आयात हुने भनेकै पेटोलियम पदार्थ हो । विद्युत्ले पेटोलियम पदार्थलाई विस्थापित गर्न सकियो भने पनि नेपालले विकासमा काँचुली फेर्न सक्छ ।

छिमेकी मुलुक भारतलाई पनि विद्युत्को आवश्यकता छ । भारतमा ४ लाख मेगावाटभन्दा बढी बिजुली खपत हुनेवाला छ । त्यहाँ प्रत्येक वर्ष ४० हजार मेगावाट बिजुली खपत हुन्छ । भारतलाई बिजुली बिक्री गर्ने प्रयाप्त सम्भावना छ । तर, हामी ३, ४ हजार मेगावाट विद्युत् उत्पादन हुने बित्तिकै पिपिए नगर्ने कुरा गरिरहेका छौं ।

भारतले दक्षिणपूर्वी एसियाली देशहरूसँग विद्युत् व्यापार गर्न अन्तरदेशीय प्रसारण लाइन बनाइरहेको छ । पाकिस्तानसँग पनि विद्युत् व्यापार गर्न अन्तरदेशीय प्रसारण लाइन भारतले बनाएको छ । राजनीतिक रूपमा दुई देशबीच कुरा नमिल्न सक्छ । तर, व्यापारमा त कुरा मिल्छ र मिलाउनु पनि दुवै देश बाध्य छन् ।

**स्वदेशी उद्योगहरूलाई पर्याप्त मात्रमा विद्युत्को आवश्यकता छ । पूर्ण क्षमतामा चलाउन होङ्सी जस्तो सिमेन्ट उद्योगलाई ३० मेगावाट बिजुली आवश्यक पर्छ ।**

समुद्र तलबाट प्रसारण लाइन बनाउन सकिन्छ कि भनेर माल्दिभ्स र श्रीलङ्कामा भारतले अध्ययन गर्दैछ । भारतले बिजुली खरिद गर्ने र बेच्ने गर्ने सम्भावना देखेको छ । हामीले त्यस अनुसार नीति र योजना बनाउनु पर्छ ।

भारतले विद्युत खरिद बिक्रीलाई दीर्घकालीन रणनीति बनाइरहेको छ । नेपाल, भुटान, बङ्गालादेश, पकिस्तान, अफगानिस्तान, श्रीलङ्का र माल्दिभ्ससँग अन्तरदेशिय प्रसारणलाइन बनाएर बिजुली आदान प्रदान गर्न खोजिरहेको छ ।

भारतले नेपालबाट बिजुली खरिद गरेर प्रतियुनिट २५ पैसा मात्र नाफा लिएर बङ्गलादेशलाई बिक्री गर्न सक्छ । २५ पैसा मात्र कमिसन खाएर बिजुली बेच्यो भने पनि त भारतलाई फाइदा हुन्छ । नेपालले नै अरू देशसँग प्रत्यक्ष विद्युत् व्यापार गर्न पहल गर्नुपर्छ ।

भुटानले लगानीबिना भारतलाई ३ रूपियाँ ५० पैसामा बिजुली बेच्छ । यसले के बुझिन्छ भने भारतलाई बिजुली चाहिएको छ । नेपालले जति बिजुली दिए पनि भारतले किन्छ । बङ्गलादेशमा पनि बिजुली बेच्ने बाटो खुलिसकेको छ । त्यसैले भारत र बङ्गलादेश हाम्रो बिजुलीको बजार हुन सक्छन् ।

जलविद्युत्बाहेक नेपालसँग बिक्री गर्ने साधान नै छैन । अहिले नेपालले बिक्री गर्ने भनेकै पानीबाट उत्पादित बिजुली नै हो । खनिज पदार्थ छ भनिन्छ तर अहिलेसम्म पत्ता लागेको छैन् ।

जलजुङको दहरे गाउँलाई पनि बिजुली चाहिएको छ । त्यो गाँउ एउटा उदाहरण मात्र हो । दहरे गाउँमा जस्तो बिजुली अन्य क्षेत्रमा पनि चाहिएको छ । यो आन्तरिक बजारको स्पष्ट उदाहरण हो ।

लमजुङको उक्त क्षेत्रमा तीनवटा जलविद्युत आयोजना छन् । ती आयोजनामा कम्तीमा पनि सात सय कामदार छन् । उनीहरूले गर्ने खर्चले त्यहाँको आर्थिक गतिविधि बढाउने काम गरेको छ ।

सानो स्केलमा हेर्ने हो भने विद्युत् आयोजना निर्माण हुँदा स्थानीय जनताको आर्थिक स्थिति सुदृढ भएको छ । ठूलो स्केलमा कुरा गर्ने हो भने देशलाई नै आर्थिक रूपमा समृद्ध बनाउन पनि विद्युत् बिक्रीले मदत गर्न सक्छ ।

बिजुली निर्यात गर्न सक्यो भने मात्र पनि मुलुकले आर्थिक रूपमा काँचुली फेर्न सक्छ । अहिलेको आर्थिक सङ्कटबाट मुक्त हुन पनि अत्यधिक विद्युत उत्पादन गरेर बिक्री गर्न सक्नु पर्छ ।

विदेशी लगानीकर्तालाई रातो कार्पेट ओच्छ्याएर ठूला, बहुद्देश्यीय, जलाशययुक्त आयोजनामा लगानी गर्ने वातावरण निर्माण गर्नुपर्दछ । समग्रमा जलविद्युत्का लागि आन्तरिक, वाह्य, निजी, साझेदारी सबैलाई प्रोत्साहन गर्न जरूरी छ । सरकारले पनि लगानीमैत्री नीति बनाउनु पर्दछ । यति नेपालले गर्न सक्यो भने आर्थिक सङ्कटको सामना कहिल्यै पनि गर्नु पर्दैन ।

*- जोशी स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपालकी कार्यसमिति सदस्य हुन् ।*


KL DUGAR GROUP
ज्ञान
शुद्ध गहुँको
चक्की आटा
उत्कृष्ट गहुँबाट तयार गरिएको
फाइबर युक्त ज्ञान चक्की आटा Yummy
मनपर्नेहरूका लागि Perfect
ज्ञान
शुद्ध गहुँको
चक्की आटा
5 Kg. net.

# पारदर्शिता र समावेशिताका लागि विद्युतीय अर्थतन्त्र

न सरकारले सर्वसाधारणलाई डिजिटल अर्थतन्त्रमा समेट्ने गरी कुनै योजना ल्याउन सकेको छ न त बैंक तथा वित्तीय संस्था या अन्य डिजिटल प्लेटफर्मले नै यसबारे सोचेका छन् । बैंकहरू अहिले डिपोजिटमुखी भए । यसो गर्दा सर्वसाधारणले बैंकमा पैसा राख्न सक्दैनन् ।



सुवास शर्मा

नेपालमा पछिल्लो समय अझ भनौँ कोरोना महामारीपछि सबैभन्दा बढी चलेका शब्दमध्ये प्रमुख विद्युतीय (डिजिटल) अर्थतन्त्र हो । नेपालमा यसलाई कम्प्युटर र इन्टरनेटमा आधारित अर्थतन्त्र भनेर बढी बुझियो । खासमा डिजिटल अर्थतन्त्रलाई मोबाइल र कम्प्युटरको प्रयोगभन्दा माथि भएर बुझ्नुपर्छ । यसमा सबैभन्दा मुख्य विषय भनेकै पारदर्शिता र समावेशिता हुन्छ ।

हामीले गर्ने भौतिक कारोबार या कुनै क्रियाकलाप शतप्रतिशत पारदर्शी छ भनेर ठोकुवा गर्न सकिने अवस्था रहँदैन । डिजिटल अर्थतन्त्रको अभावमा कुनै कम्पनी वा संघ संस्थाको वा देशकै अर्थतन्त्र कता जाँदैछ, केले अर्थतन्त्रलाई डोऱ्याउँदैछ, यसको निष्कर्ष के आउँछ लगायतका कुराको पनि भेउ पाइँदैन । हरेक क्षेत्र डिजिटाइज्ड हुँदा गरिने पारदर्शी कार्यले दिने नतिजा पनि पारदर्शी नै हुन्छ । अर्थात डिजिटल अर्थतन्त्र भनेकै न्यून पारदर्शिता र न्यून समावेशीकरणबाट उच्च पारदर्शिता र समावेशीकरणको माध्यम हो ।

नेपाल डिजिटल अर्थतन्त्रको मामिलामा नयाँ छ । धेरै कुरा बुझ्न बाँकी छ । हाल डिजिटल प्लेटफर्ममार्फत जम्मा दैनिक दुई अर्ब बराबरको मात्रै कारोबार देखिन्छ । खास कारोबार कति भन्ने कुरा नै यकिन छैन । त्यसैले पनि नेपाल अहिले यसमा बामे सार्दै गरेको छ भन्न मिल्छ ।

सन १९९८ देखि नेपाली बैंकबाट विद्युतीय भुक्तानीका लागि कार्ड जारी गर्न थालिएको थियो । तर, त्यतिबेला कार्ड प्रयोग गरेर वस्तु किनमेल गर्ने या पैसा निकाल्ने कार्य अघि बढिसकेको थिएन । एटिएमबाट नगद निकाल्न मात्रै यसको प्रयोग धेरैजसो गरियो । त्यसबेला यो अलि झन्झटिलो र महँगो पनि भएकाले यसको प्रयोगमा आकर्षण बढेन ।

सन २००९ बाट भने ईसेवा आइसकेपछि नेपालमा डिजिटल वालेटको सुरूवात भयो । यसले त्यो समयमा विद्युत् महसुल, मोबाइलको टपअप, खानेपानीलगायतको अनलाइन भुक्तानीमा केहि सहजीकरण गरिदियो । तर त्यसबेलासम्म ईसेवामासमेत खुद्रा पसलमा भुक्तानीका लागि केही उपाय थिएन । त्यसको विकल्प खोज्दै जाँदा चीनमा क्युआरको प्रयोग भइरहेको जानकारी पाएपछि ईसेवाले २०१६ सालमा फोनपे सुविधा ल्यायो । यति भएपछि अब बैंकमा खाता मात्रै भए पुग्ने कार्ड पनि आवश्यक नपर्ने सुविधाले प्रयोगकर्ता यसमा आकर्षित भए । कार्डमार्फत हुने भुक्तानीका सम्पूर्ण झन्झटबाट मुक्ति पाइयो । आवश्यक भनेको एउटा स्ट्यान्ड थियो । त्यो पनि बैंकले उपलब्ध गराइहाल्थ्यो ।

यसबेलासम्म हरेक नेपालीको हातमा स्मार्टफोनको उपलब्धता राम्रै भएकाले फोनपेको व्यापकता बढ्यो । २०१८ पछि नेपालमा क्युआर कोर्डमार्फत हुने भुक्तानीको राम्रै सुरूवात भयो । विश्वभर फैलिएको कोरोना महामारीले यसलाई झनै गति दियो । त्यस बेलामा धेरैजसोले क्युआरमार्फत भुक्तानी गर्न सिके पनि जसका कारण क्युआर र मोबाइल बैंकिङको प्रयोग लगातार बढ्न थाल्यो ।

अहिले कार्ड प्रयोगकर्ताको तुलनामा मोबाइल बैंकिङका प्रयोगकर्ता दोब्बर छन् । हालसम्म डिजिटल भुक्तानीको अवस्था एकदमै राम्रो छ । गत वर्षको भुक्तानीकै तुलना गर्दा पनि यस वर्ष करिब शतप्रतिशतले डिजिटल प्लेटफर्ममार्फत हुने भुक्तानी बढेको छ ।

खासगरी दक्षिण एसियाभन्दा बाहिर विद्युतीय

भुक्तानीको वर्चस्व कार्डमार्फत नै बढी छ । उनीहरूले कार्ड नै बढी मन पराउँछन् तर नेपाल, भारतलगायत दक्षिण एसियाली मुलुकमा भने कार्डको तुलनामा अनलाइन भुक्तानीको परिमाण बढी छ । चीन मोबाइल बैंकिङमार्फत हुने कारोबारमा नेपालको तुलनामा धेरै अघि छ तर भारतको तुलनामा भने नेपाल पछि पछि नै छ । अहिले दक्षिण एसियाका धेरैजसो देशले कार्डभन्दा मोबाइल बैंकिङलाई नै प्राथमिकतामा राख्ने गरेका छन् ।

विद्युतीय भुक्तानीमा नेपालले आफ्नै नयाँ तरिका अपनाएको छ । नेपालले भारत, चीन या अन्य कुनै पनि एसियाली मुलुकको सिको गरेको छैन । केही देशका नागरिक नेपालमा क्युआरमार्फत भएको भुक्तानी हेरेर छक्क पर्छन् । हामीले अहिलेको भुक्तानीको प्रवृत्ति हेर्दा नेपाल पनि कम स्थानमा छैन ।

डिजिटल भुक्तानीका समस्या

तथापि नेपालमा सरकारले डिजिटल अर्थतन्त्र सबल बनाउन ठूलो प्रयास गरिरहेको जस्तो देखिए पनि सोही अनुसार काम भने भएको छैन । कुनै काम वा सरकारी सेवाका लागि अनलाइनबाट भुक्तानी हुन्छ त भनिन्छ तर, कति काम अनलाइनमार्फत भयो र कति सेवाग्राहीले भौतिक रूपमै सेवाको शुल्क तिरे भनेर यकिन तथ्यांक निकालिएको छैन ।

अझ कुनै कुनै कार्यालयमा सम्पूर्ण क्रियाकलाप अनलाइनमार्फत हुने भनिएको हुन्छ, तर त्यसैभित्रको कुनै न कुनै काम गर्न सर्वसाधारणलाई लाइन लाग्नैपर्ने बाध्यता छ । यसको पूर्ण रूपमा अन्त्य भएपछि मात्रै डिजिटल अर्थतन्त्रले सार्थकता पाउला । हाल नेपाल सरकारले डिजिटल अर्थतन्त्र निर्माणका लागि जे जति नीति निर्माण गरिसकेको छ तिनलाई नै राम्रोसँग कार्यान्वयन गरे मात्रै एक चरणको काम हुने छ ।

हुन त प्रविधिको विकास हुँदै जाँदा सोही अनुसार नीति निर्माण त गर्नुपर्ला तर, निर्माण गरिएका नीतिको कार्यान्वयनको पाटो कमजोर हुँदा नेपाल डिजिटाइजेसनको क्षेत्रमा पछि परेको छ । डिजिटल अर्थतन्त्रको नीति कार्यान्वयन गर्ने इच्छाशक्ति नै कसैसँग नभएर यस्तो अवस्था निम्तिएको हो । अर्थात जे गर्ने भनिएको छ त्यो गर्न सकिएको छैन ।

नेपालमा डिजिटल अर्थतन्त्रका लागि वातावरण नै बनाउन कसैले ध्यान नदिएको देखिन्छ । खास डिजिटल अर्थतन्त्रको सबल पक्ष भनेकै अन्तरआवद्धता र न्यूनतम आय भएका र दुुदराजका सर्वसाधारणलाई पनि इन्टरनेटको पहुँचमा दिलाएर आवश्यक सेवा दिनु हो । अहिले न सरकारले उनीहरूलाई समेट्ने गरी कुनै योजना ल्याउन सकेको छ न त निजी क्षेत्र अर्थात बैंक तथा वित्तीय संस्था या अन्य डिजिटल प्लेटफर्मले नै यसबारे सोचेका छन् । बैंककै कुरा गर्दा पनि तिनीहरू अहिले डिपोजिटमुखी भए । यसो गर्दा सर्वसाधारणले बैंकमा पैसा राख्न सक्दैनन् । यस्तो हुँदा बैंक तथा वित्तीय संस्थाहरूले सर्वसाधारणका लागि भन्दा पनि धनीमानीका लागि आवश्यक प्याकेज र स्किम मात्रै ल्याउँछन् ।

अर्थात कुनै पनि नेपाली पाँच सय रुपैयाँ जम्मा गर्न सिसाको ढोका खोलेर बैंकभित्र छिर्दैन । तर, डिजिटल प्लेटफर्मको माध्यमबाट भने यस्ता सर्वसाधारणलाई पनि पाँच सय रूपैयाँ नै निकाल्न, सापटी लिन र जम्मा गर्न सकिने सुविधा प्रदान गर्न सकिन्छ ।

विभिन्न बिमा कम्पनीका पोलिसी पनि त्यस्तै छन् । सर्वसाधारणको पहुँचभन्दा बाहिर, अर्थात उनीहरूले धान्न नै नसक्ने पोलिसी बेचेर बिमाको पहुँच बढाउनेतिर हामी लाग्यौं । अझ भर्नौं हाल बैंकको बचत खाता मात्रै जनसंख्याभन्दा बढी साढे पाँच करोडको हाराहारीमा छ । तर, बैंकबाट कर्जा पाउनेको संख्या जम्मा साढे १८ लाखको हाराहारीमा मात्रै छ । अझ साढे १८ लाखले लिएको कर्जामध्ये पनि ८० प्रतिशत केही निश्चित घरानाले मात्रै पाएको भन्ने एक अध्ययनले देखाएको थियो । यसरी सर्वसाधारणले वर्षभरि या महिनाभरि कमाएको पैसा बैंकमा केही हदसम्म त जान्छ तर, त्यसको फाइदा निश्चित व्यक्ति वा कम्पनीले मात्रै लिइरहेका छन् । अर्थात बैंकहरूले दिने कर्जा सुविधाका लागि आवश्यक पर्ने मापदण्ड र कागजात पनि सर्वसाधारणको पहुँचबाहिरको कुरा जस्तै भएको छ ।

बैंकले एक करोडको ऋण दिँदा र एक लाखको ऋण दिँदा पनि गर्ने प्रक्रिया त उही हो । त्यसैले बैंकहरूले पनि व्यापार मात्रै हेरेपछि सर्वसाधारण बैंकको कर्जाको पहुँचबाट पनि बाहिर पुगेका छन् । यस्ता समस्याको समाधान नै डिजिटल अर्थतन्त्रको सबल पक्ष हो ।

कुनै एक सर्वसाधारणले आफ्नो बिमा गर्नुपर्यो भने वार्षिक ४० देखि ५० हजार प्रिमियम तिर्नुपर्छ जुन उसले एकैपटक जम्मा गर्न सक्ने अवस्था नै हुँदैन । यस्ता सर्वसाधारणलाई ध्यानमा राखेर छोटो समयको कम पैसाको बिमालेख बेचे पनि त हुने हो नि ! डिजिटल अर्थतन्त्रको विकासको क्षेत्रमा पनि समस्या यही हो । ग्रासरूटमा आवश्यक कुरालाई भन्दा पनि पहुँचवाला वर्गका लागि मात्रै ध्यानमा राखेर डिजिटल अर्थतन्त्रको काम अघि बढाइएको छ । यसले न डिजिटल अर्थतन्त्रको विकासमा सहयोग पुग्छ न समावेशी रूपले सर्वसाधारणले यसमार्फत हुने सेवाको उपभोग गर्न पाउँछन् ।

त्यसैले डिजिटल प्लेटफर्मले हालसम्म बैंकमा नजोडिएकालाई पनि बैंकमा जोड्न मद्दत मिलेको छ । सरकारी सेवा सुविधामा प्रत्यक्ष भूमिका निर्वाह गर्न सहयोग पुगेको छ ।

नेपाल राष्ट्र बैंकको तथ्यांकमा जनसंख्याभन्दा बढी बैंक खाता भएको देखिए पनि नेपालका ३० प्रतिशत परिवारको अझै बैंक खाता छैन भनेर एक अध्ययनले नै देखाएको छ । ती परिवारलाई पनि बैंकमा जोड्न डिजिटल प्लेटफर्मले सहयोग पुर्‍याउँछ । यसका लागि सरकारले नीतिगत सुधारलाई नै जोड दिनुपर्छ । निजी क्षेत्र र बैंकहरू खुला हुनुपर्छ । नियामकले पनि लचिलो भएर नीति निर्देशिका बनाउनु पर्छ । यसमा निजी क्षेत्रले सरकारलाई बुझाउनु पर्ने ठाउँ पनि छ ।

## सङ्कटमोचन

सरकारले नीति बनाउँदा कुनै कम्पनी वा फर्मले गर्न नपाउने कुरा स्पष्टसँग भनिदिने र त्यसबाहेकका कुरामा छुट दिनेखालको बनाउनु आवश्यक देखिन्छ । तर, नेपालमा नीतिमा उल्लेख गरिएको, पाउने भनेको कुरा मात्रै पाउने त्यसबाहेकको कुरा नपाउने नै हो भन्ने बुझाइ बढी छ ।

खासगरी डिजिटल अर्थतन्त्र विकासका लागि सरकारको जति भूमिका रहन्छ सोही अनुसारको भूमिका निजी क्षेत्रको पनि छ । तर यसको विस्तारका लागि निजी क्षेत्रप्रति सरकारको धारणा भने तटस्थ जस्तै देखिन्छ ।

अर्थात् विद्युतीय भुक्तानी र विद्युतीय अर्थतन्त्र निर्माणका लागि निजी क्षेत्रले जसरी ठूलो मात्रामा बजार विस्तार गर्दैछन् त्यसरी नै सरकारले यसलाई प्रवर्द्धन गर्नुपर्छ । हुन त निजी क्षेत्रले गरेको काममा काम गर्न दिनुहुँदैन भनेर रोक्ने काम पनि गरेको छैन । यसर्थ विद्युतीय भुक्तानीको क्षेत्रमा सरकार तटस्थ जस्तै छ । यसैका कारण निजी क्षेत्रले काम गर्नुपर्ने जसरी नै काम गर्न भने पाइरहेकै छ ।

बरु कतिपय कुरामा नेपाल राष्ट्र बैंकले निजी क्षेत्रलाई बचाउ पनि गरेको छ । ईसेवाकै कुरा गर्दा पनि सन् २००९ मा आएको ईसेवा सन २०१६ सम्म नियामकको हस्तक्षेपविनै

चलिरहेको थियो । त्यसबेला ईसेवाविरूद्ध धेरै प्रश्न पनि उठेका थिए । राष्ट्र बैंकले त्यसैबेला बैंकसँग सम्झौता गरेको कारण देखाउँदै ईसेवाको बचाउ गरेको थियो । त्यसपछि पनि राष्ट्र बैंकबाट हुनुपर्ने सहयोग भइरहेकै छ । राष्ट्र बैंक पछिल्लो समय भने केही सक्रिय भएको जस्तो देखिएको छ । यसले सही समयमा सही नीति निर्माण गरिदिने कार्य गरिरहेको छ जसले नेपालको डिजिटल अर्थतन्त्रलाई ठूलो सहयोग पुगेको छ । तर यस्ता नीतिहरू दीर्घकालीन होऊन् भन्ने निजी क्षेत्रको अपेक्षा हो ।

पछिल्लो समय बजारमा डिजिटल भुक्तानीसँग सम्बन्धित धेरै प्लेटफर्म भित्रिएका छन् । यसरी धेरै कम्पनी भित्रिँदा बजारमा अस्वस्थ प्रतिस्पर्धा हुन्छ । बजारमा प्रतिस्पर्धा हुनु त राम्रो कुरा हो । प्रतिस्पर्धाकै नाममा केही कम्पनीले अस्वस्थ काम गरिदिनाले राष्ट्र बैंक पनि अब केही कडा रूपमा उत्रिएको जस्तो देखिएको छ । तर त्यस्तो नहोस् भन्ने हाम्रो अपेक्षा हो ।

नियामकले नीतिमा जति कडाइ गऱ्यो त्यति नै देशमा नवप्रवर्तन खुम्चिन्छ । यसले देशमा नयाँ आविष्कारलाई पनि केही हदसम्म रोकिदिन्छ । त्यसैले नियामकले नीति कडा ल्याउनेभन्दा पनि स्वच्छ प्रतिस्पर्धा हुनेगरी नीति बनाउनुपर्छ । कडा नीति आएमा नयाँ आविष्कार गर्न तम्सिएका आविष्कारक पनि निरूत्साहित हुन्छन् । सरकारले नीति बनाउँदा कुनै कम्पनी वा फर्मले गर्न नपाउने कुरा स्पष्टसँग भनिदिने र त्यसबाहेकका कुरामा छुट दिनेखालको बनाउनु आवश्यक देखिन्छ । तर, नेपालमा नीतिमा उल्लेख गरिएको, पाउने भनेको कुरा मात्रै पाउने त्यसबाहेकको कुरा नपाउने नै हो भन्ने बुझाइ बढी छ । यो बुझाइ नहुँदा नवप्रवर्तन बढ्छ र त्यसको प्रत्यक्ष असर उपभोक्तामा पर्छ र समग्र डिजिटल अर्थतन्त्राई नै राहत हुन्छ ।

बजारमा नयाँ नयाँ आउने कम्पनीको आआफ्नो बजार विस्तार गर्ने ध्येय त हुन्छ नै । यसरी बजार विस्तार गर्दै जाँदा यसको उचित सूचना र जानकारी नै नपुगेको समुदायसम्म बजार पुग्दा त्यसले अर्को समस्या निम्त्याउँछ कि भन्ने चिन्ता थपिएको छ ।

विद्युतीय युगमा सर्वसाधारणको जानकारीमा नै नआएको प्रोडक्ट समुदायमा भित्रियो भने त्यसले साइबर सुरक्षाको जोखिम पनि बढाउँछ । यसका लागि भने प्रविधिसँगै जनचेतना, वित्तीय साक्षरता र डिजिटल अर्थतन्त्रसम्बन्धी साक्षरता पनि एकसाथ लैजानु राम्रो हुन्थ्यो । नत्र यसले उल्टै खतरा थप्ने सम्भावना बढ्न सक्छ । सकेसम्म कुनै नयाँ डिजिटल सेवा लिएर यसबारे कम जानकारी भएका समुदायमा पुग्दा त्यसबारे नसिकाइकन पुऱ्याउनु हुँदैन भन्ने हो ।

यस्तो विद्युतीय साक्षरताको जिम्मेवारीको बोध सरकार र निजी क्षेत्र दुबैले उत्तिकै गर्नुपर्छ । निजी क्षेत्रलाई आफ्नो बजार विस्तार गर्दै गर्दा भविष्यमा आइपर्ने जोखिम हेर्नै पर्छ । सरकारमा पनि जनताको सुरक्षा र संवेदनालाई हेर्नैपर्ने कर्तव्य हुन्छ । तसर्थ डिजिटल अर्थतन्त्र अघि बढाउँदै गर्दा र यसको पहुँच हरेक क्षेत्रसम्म पुऱ्याउँदै गर्दा यस सम्बन्धी आवश्यक साक्षरता फैलाउनु पनि उत्तिकै आवश्यक छ जुन यसका सरोकारवाला सबैको दायित्व हो ।

हाल डिजिटल साक्षरताका लागि राष्ट्र बैंकले कार्यक्रम नै निर्माण गरेको छ । निजी क्षेत्रलाई पनि वित्तीय साक्षरता र विद्युतीय साक्षरता दुबैमा काम गर्नुपर्ने गरी दायित्व थपिदिएको छ । विद्युतीय अर्थतन्त्रको साक्षरता फैलाउनकै लागि सरकार र निजी क्षेत्र उत्तिकै मात्रामा सक्रिय त भएका छन्, तर केही समुदाय र समाजसम्म यस्तो साक्षरता पुऱ्याउन सकिएको अवस्था छैन ।

*- शर्मा एफवान सफ्टका निर्देशक हुन् ।*



# सार्वजनिक-निजी साझेदारी र निजी लगानी प्रवर्द्धन

लगानी बोर्डले अघि बढाएका ऊर्जा र गैरऊर्जा परियोजनाको विश्लेषण गर्दा– तुलनात्मक रुपमा जलविद्युत्‌का परियोजनाको धेरै भार देखिनुको कारण बजारको सुनिश्चितता नै हो । वित्तीय व्यवस्थापनको पाटो बजारसाग अन्योन्याश्रित हुन्छ । ठूला वैदेशिक लगानी परियोजनाले बजार पनि सुनिश्चित गरेका छन्‌ ।



सुशील भट्ट

सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, ०७५ ले लगानी बोर्ड नेपाललाई लगानी प्रवर्द्धन निकाय र सार्वजनिक-निजी साझेदारी (सानिसा) को नोडल एजेन्सीका रूपमा काम गर्ने जिम्मेवारी प्रदान गरेको छ । लगानी बोर्ड ऐन, ०६८ लाई प्रतिस्थापन गर्दै सानिसा तथा लगानी ऐनले ६ अर्ब रूपैयाँभन्दा माथिका लगानी र ऊर्जा परियोजनाहरूको हकमा २ सय मेगावाटभन्दा माथि र उल्लिखित परिमाणभन्दा माथिको लगानी दुवैको सम्पर्क बिन्दु लगानी बोर्डलाई तोकेको छ ।

सानिसा तथा लगानी ऐन र नियमावलीद्वारा प्रदत्त जिम्मेवारीलाई आत्मसात्‌ गर्दै लगानी बोर्ड नेपालले विदेशी लगानीसहित निजी लगानी प्रवर्द्धन र परिचालन गर्ने क्रममा सार्वजनिक-निजी साझेदारीमा र निजी प्रत्यक्ष लगानीका परियोजनाको कार्यान्वयन सहजीकरण, परियोजना खरिद प्रक्रियालाई व्यवस्थित बनाएको छ । समग्र परियोजना चक्रमा लगानीकर्तालाई सहजीकरण गर्दै आएको बोर्डले लगानी बोर्डको कार्यालयलाई सानिसा उत्कृष्टता केन्द्र (पीपीपी सेन्टर अफ एक्सिलेन्स) का रूपमा विकास गर्ने कार्यलाई तीव्रता दिएको छ । सानिसा आफैंमा विहंगम सवाल भएकाले ज्ञान र अनुभव संगृहीत गर्दै लगानी बोर्ड नेपालले ऊर्जा र गैरऊर्जा परियोजनामा सार्वजनिक-निजी साझेदारीमा लगानी परिचालनलाई मुख्य ध्येय बनाएको छ ।

सानिसा परियोजनाका विकास र व्यवस्थापनमार्फत ऊर्जा र गैरऊर्जा खासगरी भौतिक तथा डिजिटल पूर्वाधार, पर्यटन एवं उत्थानशील सहरी पूर्वाधार विकास, खानी तथा खनिज उत्खनन, सडक, विमानस्थल, स्वच्छ परिवहन, सूचना प्रविधिलगायत विविध क्षेत्रका परियोजना सबै भौगोलिक क्षेत्रमा विकास गर्ने सोच राखेको छ ।

राष्ट्रिय विकासका लक्ष्य हासिल गर्न विदेशी लगानीसमेत निजी लगानी परिचालनको अपरिहार्यताले प्रधानमन्त्रीले अध्यक्षता गर्ने रणनीतिक महत्त्वको विशिष्टीकृत संस्था भएको हुँदा बोर्डको विशिष्ट भूमिका र जिम्मेवारी छ, जसले राष्ट्रिय विकासमा संस्थाको भूमिका बढाएको छ । निजी लगानीको आवश्यकता र महत्त्वलाई आत्मसात्‌ गर्दै प्रभावकारी अन्तरनिकाय समन्वय र सहजीकरणमार्फत लगानीकर्ताको मनोबल बढाउँदै विश्वास आर्जन गर्ने र लगानीको अनुकूल वातावरण प्रदान गरी विदेशी र स्वदेशी निजी लगानीकर्तालाई उत्प्रेरित गर्न आवश्यक लगानी परियोजनाको पहिचान, अध्ययन पनि लगानी बोर्डले गर्दै आएको छ ।

## लगानी बोर्डका १२ वर्ष

लगानी बोर्ड नेपालले स्थापनाको १२औं वर्षगाँठ पूरा गरेको छ । स्थापनाको १२ वर्षमा लगानी बोर्डले ऊर्जा क्षेत्रका २८ र गैरऊर्जा क्षेत्रका १४ गरी कुल ४२ परियोजनाका लागि १ हजार २ सय ५० अर्ब रूपैयाँ बराबरको लगानी स्वीकृत गरिसकेको छ । यसमध्ये करिब ५ खर्ब २५ अर्ब रूपैयाँ लागतका परियोजना निर्माण चरणमा प्रवेश गरी यीमध्ये केही व्यावसायिक सञ्चालनमा आइसकेका छन्‌ ।

सरकार सञ्चालन, सार्वजनिक सेवा प्रवाह, पूर्वाधार विकासलगायत विविध क्षेत्रमा सरकारको अनिवार्य/प्रतिबद्ध दायित्व (कमिटेड लायबिलिटी) बढ्दै गएको सन्दर्भमा निजी क्षेत्रको लगानी

परिचालनका लागि अनुकूल व्यवस्थासहितको वातावरण सिर्जना गर्नुपर्छ, जसका निमित्त नीतिगत र प्रक्रियागत सुधारका कार्य अविलम्ब कार्यान्वयन गर्नुपर्छ ।

लगानी बोर्ड नेपालले आफ्ना क्रियाकलापलाई व्यवस्थित गर्ने सवालमा दुई वर्षअघि संस्थाकै इतिहासमा पहिलो पटक व्यावसायिक योजनासहितको रणनीतिक योजना सार्वजनिक गरेको छ, जसमा आर्थिक वर्ष ०८२/८३ सम्म १० अर्ब अमेरिकी डलर लगानी स्वीकृत गर्ने र त्यसमध्ये ६ अर्ब अमेरिकी डलरका सार्वजनिक–निजी साझेदारीका परियोजना व्यवस्थापन गर्ने, नेपालमा कम्तीमा एक लाख रोजगारी सिर्जना गर्ने, प्रभावकारी लगानी प्रवर्द्धनका माध्यमबाट लगानीमैत्री वातावरण निर्माण गर्ने र लगानी बोर्डको कार्यालयलाई सानिसाको उत्कृष्टता केन्द्रका रूपमा विकास गर्ने लक्ष्य छ । यसमा निर्धारित कतिपय लक्ष्य हामीले हासिल गरिसकेका छौं । केन्द्रीय फास्ट–ट्र्याकिङ एजेन्सीका रूपमा कार्यसम्पादनमा प्रभावकारिता ल्याउन वेबमा आधारित वन स्टप सेन्टर (ओएसएस) प्लेटफर्म, प्रोजेक्ट मोनिटरिङ टुल/पीएमयू ड्यासबोर्ड, नलेज म्यानेजमेन्ट प्लेटफर्म, जीआईएसमा आधारित परियोजना म्यापिङ वेबपेज विकास, विभिन्न स्ट्यान्डर्ड अपरेटिङ प्रोसिड्योर निर्माण गरेका छौं ।

रणनीतिक योजनाले लगानी बोर्डका क्रियाकलापलाई परियोजना विकास र व्यवस्थापन, लगानी प्रवर्द्धन, संस्थागत विकास र समन्वय, सहकार्य तथा साझेदारी गरी चार स्तम्भमा वर्गीकरण गरेको छ । लगानी प्रवर्द्धन र संस्थागत विकासका कार्य/गतिविधिलाई पनि व्यवस्थित ढंगले रणनीतिक योजनाअनुरूप लक्षित उपलब्धि हासिल गर्ने गरी मूलप्रवाहीकरण गरिएको छ । नेपाललाई आकर्षक लगानी गन्तव्यका रूपमा प्रवर्द्धन गर्नुका साथै लगानीकर्ताको विश्वास र उत्साह बढाउने काम लगानी बोर्डमार्फत भइरहेको छ । यस अवधिमा लगानी प्रवर्द्धनका क्षेत्रमा सानिसा र निजी प्रत्यक्ष लगानीका परियोजना विकास, व्यवस्थापन र सहजीकरणका क्षेत्रमा सानिसासम्बन्धी ज्ञान र दक्षता विकास एवं यस्ता प्रोफेसनल संस्थासँगको नेटवर्किङका हिसाबले अथाह काम भएका छन् ।

सानिसाका क्षेत्रमा विशेषज्ञता रहेका वर्ल्ड एसोसिएसन अफ पीपीपी युनिट्स एन्ड प्रोफेसनल्स (वाप) र विभिन्न देशका लगानी प्रवर्द्धन निकायहरूको सञ्जाल– वर्ल्ड एसोसिएसन अफ इन्भेस्टमेन्ट प्रमोसन एजेन्सिज (वाइपा) जस्ता संस्थासँग जोडिएका छौं । यसबाहेक विभिन्न देशका व्यापार र लगानी प्रवर्द्धनका क्षेत्रमा काम गरिरहेका दक्षिण कोरियाको कोरिया ट्रेड–इनभेस्टमेन्ट प्रमोसन एजेन्सी (कोत्रा), जापानको जापान एक्स्ट्रनल ट्रेड अर्गनाइजेसन (जेट्रो), संयुक्त अधिराज्य बेलायतको यूके एक्सपोर्ट फाइनान्स जस्ता संस्थासँगको सहकार्यमा लगानी प्रवर्द्धन गरिरहेका छौं ।

**हामीले लगानी ल्याउने सवालमा कति चुस्त ढंगले लगानीकर्तालाई परियोजना कार्यान्वयन तालिकाअनुसार नै कार्यसम्पादन हुने वातावरण निर्माण गर्न सक्छौं, विकासकर्ता वा लगानीकर्ताको विश्वास आर्जन गर्न सक्छौं, त्यसले धेरै हदसम्म विदेशी लगानी आकर्षण गर्ने सवाललाई प्रभावित गर्छ ।**

लगानी प्रवर्द्धन र सार्वजनिक–निजी साझेदारीको केन्द्रीय निकायका रूपमा स्थापित विशिष्टीकृत संस्था भएकाले बोर्डले पूर्वाधार, उत्पादन तथा सेवा क्षेत्रमा रणनीतिक महत्त्वका परियोजना अघि बढाएको छ । लगानी बोर्डलाई सार्वजनिक–निजी साझेदारी तथा लगानी ऐनले खुला प्रतिस्पर्धी आह्वानमार्फत, खुला आह्वानबिनै वार्ताका माध्यमबाट प्रत्यक्ष वार्ता गरी तीनै तरिकाले लगानी भित्र्याउने विकल्प दिएको छ । हामीले उल्लिखित तीन वटै माध्यमबाट परियोजनामा लगानी भित्र्याएका छौं ।

सार्वजनिक–निजी साझेदारी (सानिसा) का परियोजना सञ्चालनमा हाम्रो आफ्नै तीन दशक लामो अनुभव छ । पछिल्ला वर्षमा परियोजनाको संख्या उत्साहजनक रूपमा बढेको छ । लगानी बोर्डसँग करिब ४ हजार मेगावाटका जलविद्युत् परियोजना परिणाममुखी कार्यान्वयन ढाँचामा आबद्ध छन्, जसमध्ये नवीकरणीय ऊर्जातर्फ करिब ४९५ मेगावाटका दुई परियोजना कार्यान्वयनको चरणमा छन् ।

व्यावसायिक सञ्चालन सुरु गरिसकेका होङ्सी र ह्वासिन सिमेन्ट क्रमशः ६ हजार र ३ हजार टन प्रतिदिन क्षमतामा सञ्चालनमा छन्, जसले बजारलाई प्रतिस्पर्धी बनाउनुका साथै सिमेन्टको गुणस्तर अभिवृद्धि र निर्यातलाई समेत बढावा दिएको छ । खनिजजन्य उद्योग भएका कारण यसको 'ब्याकवार्ड लिंकेज'मा आधारित सबै गतिविधि मुलुकभित्रै रहेकाले रोजगारी एवं औद्योगिक गतिविधिमा अतिरिक्त लाभ थपिएको छ ।

अर्कोतर्फ, मुलुकभित्रै अथाह विकास निर्माणको आवश्यकता रहेको सन्दर्भमा ठूला निर्माण परियोजनासँग निर्माण सामग्री उत्पादन उद्योगको 'फरवार्ड लिंकेज' स्थापित हुँदै गएको छ । यी सिमेन्ट उद्योगले वातावरण प्रदूषण न्यून गर्नेलगायत ऊर्जा दक्षतासम्बन्धी नवीनतम प्रविधि भित्र्याएका छन् । मुलुकमा विदेशी लगानीसँगसँगै प्रविधि तथा सीप र दक्षतासमेत हस्तान्तरण हुने हुँदा त्यसले आर्थिक–सामाजिक विकासमा बहुआयमिक प्रभाव सिर्जना गर्छ ।

मुलुकको उच्च सम्भावनाको क्षेत्रका रूपमा हेरिएको स्वच्छ र नवीकरणीय ऊर्जा क्षेत्रमा सार्वजनिक–निजी साझेदारीमा लगानी परिचालनमा उल्लेख्य उपलब्धि हासिल गर्नेतर्फ हामी मुखरित भएका छौं । पूर्वी नेपालको संखुवासभामा अवस्थित ९ सय मेगावाटको निर्माणाधीन अरूण तेस्रो जलविद्युत् आयोजनाको भौतिक प्रगति ६६.३ प्रतिशतभन्दा बढी छ । विकासकर्ता आफैंले भारतमा विद्युत् निकासीका लागि नेपालभित्र २ सय १७ किमि ४ सय केभी डबल सर्किट प्रसारणलाइन निर्माण गरिरहेको छ, भारततर्फको भूभागमा ३६ किमि गरी यो अन्तरदेशीय प्रसारणलाइन सीतामढी सबस्टेसनसम्म विस्तार हुनेछ । विद्युत् निर्यातमा आधारित ६६९ मेगावाटको तल्लो अरूण जलविद्युत् परियोजना विकासका लागि विकासकर्ता एसजेभीएन लोअर अरूण पावर डेभलपमेन्ट कम्पनी (एसएलपीडीसी) सँग परियोजना विकास सम्झौता (पीडीए) सम्पन्न गरिसकेको छ ।

निर्यातमा आधारित ऊर्जा परियोजनाका अतिरिक्त आन्तरिक खपतका लागि निर्माण हुने ३ सय २७ मेगावाटको अपर मर्स्याङ्दी-२ को विस्तृत परियोजना प्रतिवेदन मूल्यांकन हुने भई परियोजना विकास सम्झौता वार्ता (पीडीए नेगोसिएसन) अगाडि बढाउन तयारी भइरहेको छ । ऊर्जाबाहेक औद्योगिक पूर्वाधारतर्फ दमक क्लिन इन्डस्ट्रियल पार्कको परियोजना विकास सम्झौताका लागि वार्ताको पूर्वतयारीमा जुटेका छौं ।

यसका अतिरिक्त अरूण नदी करिडोरमा रहेका अन्य परियोजना विकासका लागिसमेत छलफल अघि बढेका छन् । बहुराष्ट्रिय कम्पनी डाबरले नेपालमा लगभग ९ अर्ब ६८ करोड रूपैयाँ उत्पादन विस्तार एवं विविधीकरणमा थप लगानी गर्ने गरी पुनर्लगानीको प्रस्ताव स्वीकृत गराएको छ । डाबर नेपाल जस्ता पहिलो पुस्ताका विदेशी लगानीकर्ताको पुनर्लगानीको प्रस्ताव आफैंमा नेपालले लगानीकर्ताबाट आर्जित विश्वासको उदाहरण हो । नेपालमा रासायनिक मल कारखाना सञ्चालनका लागि विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्न जर्मनीस्थित डीआईएजी जीएमबीएच र मलेसियास्थित रिनिकोलासँग छुट्टाछुट्टै समझदारीपत्रमा हस्ताक्षर भई अध्ययन अनुमतिपत्र जारी गर्ने चरणमा प्रवेश गरेका छौं । गैरऊर्जा क्षेत्रका अन्य परियोजनासमेत अघि बढाउन लगानी बोर्डले गृहकार्य गरिरहेको छ ।

## परियोजना कार्यान्वयन र सहजीकरणको अनुभव

परियोजना कार्यान्वयन र सञ्चालनका क्रममा आउन सक्ने जोखिम न्यूनीकरणको प्रारम्भिक बिन्दु भनेकै विश्वसनीय अध्ययन हो । हामी परियोजनाको विश्वसनीय अध्ययनमार्फत लगानीकर्तालाई आकर्षित गर्न हामीले सार्वजनिक-निजी साझेदारीमा आधारित रहेर कार्यान्वयन गर्न सकिने, दिगो, विश्वसनीय, ऋणदाताका लागि स्वीकार्य (ब्यांकेबल) परियोजनाको संग्रह तयार गर्दै छौं । त्यस्ता परियोजनाको संग्रहले मुलुकमा बाह्य एवं स्वदेशी निजी लगानी प्रवर्द्धन गर्न सहज हुने लगानी बोर्डको विश्वास छ ।

एउटा परियोजनाको सम्पूर्ण चक्रमा मूलतः परियोजना पहिचान, छनोट तथा प्राथमिकीकरण, परियोजनाको अवधारणापत्र, परियोजनाको पूर्वसम्भाव्यता, सम्भाव्यता र विस्तृत परियोजना अध्ययन, त्यसपछि

नेपाल सरकारले यसअघि पनि सन् २०१७ र २०१९ मा लगानी सम्मेलन सफलतापूर्वक सम्पन्न गरिसकेको छ । लगानी सम्मेलनका क्रममा सोकेस गरिएका कतिपय परियोजनामा लगानी स्वीकृत भई निर्माण चरणमा प्रवेश पनि गरिसकेका छन्, कतिपय निर्माण चरणमा प्रवेश गर्ने तयारीमा छन् ।

निर्माण चरण, सञ्चालन चरण, मर्मतसम्भार र हस्तान्तरण जस्ता चरण समावेश हुन्छन् । उल्लिखित परियोजना ब्यांकले औद्योगिक, पर्यटकीय, स्वास्थ्य, यातायात, सूचना प्रविधि (आईसीटी) पूर्वाधारलगायत सबै क्षेत्र र भूगोलमा सम्भावित सार्वजनिक-निजी साझेदारीका परियोजना आगामी लगानी सम्मेलन तथा रोड सोहरूमा सोकेस (प्रदर्शन) द्वारा लगानी आकर्षण गर्ने अवसर प्राप्त हुनेछ ।

नेपाल सरकारले यसअघि पनि सन् २०१७ र २०१९ मा लगानी सम्मेलन सफलतापूर्वक सम्पन्न गरिसकेको छ । लगानी सम्मेलनका क्रममा सोकेस गरिएका कतिपय परियोजनामा लगानी स्वीकृत भई निर्माण चरणमा प्रवेश पनि गरिसकेका छन्, कतिपय निर्माण चरणमा प्रवेश गर्ने तयारीमा छन् । विगतका लगानी सम्मेलनको अनुभवलाई समेत दृष्टिगत गर्दै चालु आर्थिक वर्षको बजेटमार्फत घोषणा भएअनुरूप यसै आर्थिक वर्षभित्र राष्ट्रिय लगानी सम्मेलन गर्ने नेपाल सरकार, मन्त्रिपरिषद्ले निर्णय गरिसकेको छ । लगानी सम्मेलनका क्रममा लगानी बोर्डले ऊर्जा र गैरऊर्जा दुवै क्षेत्रका परियोजना सोकेस गर्नेछ । सार्वजनिक-निजी साझेदारी तथा प्रत्यक्ष निजी लगानीका परियोजनाको सन्तुलित (भौगोलिक रूपमा) विकासले समन्यायिक विकासले गति लिनुका साथै समुन्नत मुलुक निर्माण गर्ने आकांक्षा सार्थक हुनेछ ।

## परियोजना कसरी 'ब्यांकेबल' हुन्छन् ?

लगानी बोर्डले ब्यांकेबल परियोजना पहिचान, छनोट र प्राथमिकीकरण तथा परियोजना विकासको उपयुक्त मोडालिटी तय गर्न आईबीएन प्रोजेक्ट ब्यांक गाइडलाइन तयार गरी 'प्रोजेक्ट स्क्रिनिङ एन्ड एनालिटिकस टुल' र 'भ्यालु फर मनी' जस्ता प्रचलित मापदण्ड कार्यान्वयनमा ल्याएको छ ।

ऊर्जा तथा गैरऊर्जा क्षेत्रका विविध परियोजनाको पहिचान र विश्वसनीय अध्ययनले परियोजनामा लगानी जुटाउन सहज हुन्छ । परियोजनाको विश्वसनीय अध्ययन अत्यन्त महत्त्वपूर्ण हुन्छ । अध्ययन विश्वसनीय भए लगानी जुटाउन सहज हुने मात्र होइन, परियोजना कार्यान्वयन र सञ्चालनका क्रममा आउन सक्ने सम्भावित जोखिमसमेत न्यूनीकरणमा सहयोगी हुने हाम्रो अनुभव छ ।

बोर्डले अघि बढाएका ऊर्जा र गैरऊर्जा परियोजनाको विश्लेषण गर्दा तुलनात्मक रूपमा जलविद्युत्का परियोजनाको धेरै भार देखिनुको कारण पनि बजारको सुनिश्चितता नै हो । वित्तीय व्यवस्थापनको पाटो बजारसँग अन्योन्याश्रित हुन्छ । ठूला वैदेशिक लगानी परियोजनाले बजार पनि सुनिश्चित गरेका छन् । बजार महत्त्वपूर्ण पक्ष हो । ऊर्जा निर्यातमा केन्द्रित परियोजना सहजीकरण एवं व्यवस्थापनको हाम्रो अनुभवका आधारमा हामीले त्यसअनुसारका विकासकर्ता खोजिरहेका पनि छौं । मूलभूत कुरा, निजी क्षेत्रको जेजति संलग्नता जलविद्युत् विकासमा भएको छ, त्यो बजार सुनिश्चितताकै उपज हो ।

खरिदकर्तासँगको विद्युत् खरिद सम्झौता (पीपीए) आफैंमा 'ब्यांकेबल डकुमेन्ट' हो । जहाँसम्म हामीले जलाशययुक्त परियोजनाको चर्चा गरिरहेका छौं, ती पुँजी सघन छन् । र तिनको हकमा बहुराष्ट्रिय लगानीकर्ता जस्तै विकास लगानी संस्था, ग्रिन क्लाइमेट फन्ड जस्ता स्रोतबाट सहुलियतपूर्ण लगानीमार्फत लगानी अपुगलाई सम्भव तुल्याउन वित्तीय उपकरणसम्बन्धी अध्ययन र गृहकार्य आवश्यक देखिन्छ । त्यस्ता परियोजनाको प्रस्ताव गर्ने प्रस्तावकर्तासँग प्राविधिक र वित्तीय रूपमा परियोजना बनाउन सक्ने तथा वित्तीय जोखिम व्यस्थापन एवं त्यसका लागि स्वपुँजी

परिचालन गर्न सक्ने हैसियत हुनुपर्छ । त्यस्तै ऋण तिर्न सक्ने क्षमता हुनुपर्छ । वास्तविक, दक्ष र काविल लगानीकर्ता भित्र्याउन सकिए यसले ऊर्जा तथा गैरऊर्जा क्षेत्रमा धेरै लगानी बढाउने सम्भावना रहन्छ ।

लगानी भनेपछि स्वपूँजी मात्रै हुँदैन, त्यसमा ठूलो मात्रामा स्वदेशी एवम् विदेशी ऋणपुँजी पनि परिचालन हुन्छ । यसकारण स्वपुँजी लगानी गर्ने लगानीकर्तासँगसँगै बैंक तथा वित्तीय संस्थाहरूको क्षमता पनि जोडिन्छ । ऊर्जा परियोजना पुँजी र श्रम सघन हुने भएकाले क्षमता र दक्षता पनि उत्तिकै चाहिन्छ । विदेशी लगानीका ठूला परियोजनामा नेपालका वित्तीय संस्थाहरूको ऋण लगानी हुने कि नहुने भन्ने बहस पनि व्याप्त छ । तर नेपालका वित्तीय संस्थाहरूको ऋण लगानी सांकेतिक मात्र भयो भने पनि त्यसले हाम्रा बैंक तथा वित्तीय संस्थाको पनि लगानी व्यवस्थापन क्षमता विकास गर्न मद्दत गर्छ । विदेशी बैंकले नेपालको बैंक तथा वित्तीय संस्थाको नजरबाट परियोजनाको विश्लेषण गर्छन् । ठूला परियोजनाबारे स्वदेशी बैंकमा पनि अनुभव भयो भने वैदेशिक लगानी भित्र्याउन सहज वातावरण बन्न सक्दैन ।

परियोजनाको वित्तीय सम्भाव्यताका लागि जलवायु वित्तलगायतका उपकरणबाट निजी क्षेत्रले समेत ऋण लिन सक्ने नयाँ व्यवस्था आइरहेका छन् । त्यस्तै वित्तीय संस्थाहरूले यस प्रकारका बाह्य ऋणका लागि स्वीकृति लिएको अवस्था छ । आन्तरिक मात्र होइन, वैदेशिक तथा स्वदेशी लगानीको समिश्रण पनि लगानीका नयाँ स्रोत हुन सक्छन् ।

## विदेशी लगानी परिचालन

वैदेशिक लगानी भित्र्याउने सवालमा सबैभन्दा पहिला त मुलुकमा लगानीको वातावरण नै पहिलो सवाल हुन्छ । लगानी भित्र्याउने दौडमा हामी मात्र होइन, अरु धेरै मुलुक छन् । प्रधानमन्त्रीको अध्यक्षतामा यो संस्था किन स्थापना गरियो भन्ने सन्दर्भ सबैको जानकारीमा छँदै छ । लगानीकर्ताले ढिलासुस्ती, झन्झट बेहोर्न नपरोस् भनेर सेन्ट्रल फास्ट ट्र्याकिङ एजेन्सीका रूपमा यो संस्था छ । विदेशी लगानीलाई स्वागत गर्ने भनिसकेपछि लगानी बोर्डमार्फत सरकारमा विभिन्न निकायमा करेस्पोन्डेन्स भएका काम छिटोछरितो ढंगले हुनुपर्छ । हामी ३० भन्दा बढी निकायसँग काम गर्छौं । ती सबै निकायले सोही मर्मअनुसार काम गर्नुपर्छ ।

संघीय संरचनामा परियोजना कार्यान्वयनमा समन्वय गर्नुपर्ने निकाय अझै धेरै छन्, वडादेखि प्रदेशसम्म समन्वय गर्नुपर्छ । लगानी बोर्डका निर्णयलाई नियमित गर्न एवं सहजीकरण र समन्वयका लागि यसको सचिवालयको सानो संरचना राखिएको छ । सहजीकरण र समन्वयकारी भूमिकामा रहेकाले नै यसलाई एउटा छरितो संस्थाका रूपमा विकास गरियो । तसर्थ सचिवालयबाट नै परियोजना कार्यान्वयनमा सम्पूर्ण भूमिका खोज्न सकिँदैन, सरकारका सम्बन्धित निकायले प्रभावकारी सहजीकरण गर्नुपर्छ । तसर्थ हामीले लगानी ल्याउने सवालमा कति चुस्त ढंगले लगानीकर्तालाई परियोजना कार्यान्वयन तालिकाअनुसार नै कार्यसम्पादन हुने वातावरण निर्माण गर्न सक्छौं, विकासकर्ता वा लगानीकर्ताको विश्वास आर्जन गर्न सक्छौं, त्यसले धेरै हदसम्म विदेशी लगानी आकर्षण गर्ने सवाललाई प्रभावित गर्छ ।

**हामीले लगानी ल्याउने सवालमा कति चुस्त ढंगले लगानीकर्तालाई परियोजना कार्यान्वयन तालिकाअनुसार नै कार्यसम्पादन हुने वातावरण निर्माण गर्न सक्छौं, विकासकर्ता वा लगानीकर्ताको विश्वास आर्जन गर्न सक्छौं, त्यसले धेरै हदसम्म विदेशी लगानी आकर्षण गर्ने सवाललाई प्रभावित गर्छ ।**

लगानीका लागि नेपालमा विश्वसनीयताको वातावरण महत्त्वपूर्ण हुन्छ । लगानी बोर्डले ठूला परियोजना सहजीकरण र कार्यान्वयनमार्फत विश्वसनीयता आर्जन गरिरहेको पनि छ । अर्थतन्त्रको दिगो र उच्च विस्तारका लागि आवश्यक लगानीका लागि हामी तयार छौं भन्ने सन्देश पनि दिइसकेका छौं ।

ठूला परियोजना निर्माणका लागि परियोजना व्यवस्थापन उत्तिकै महत्त्वपूर्ण हुन्छ । विकासको फल आजै खान पाइँदैन, यसका लागि समय लाग्छ । यसका लागि एकीकृत रूपमा सबै निकाय उही रफ्तारमा अघि बढ्नु आवश्यक छ । एकीकृत रूपमा परियोजना पहिचान, निर्माण, व्यवस्थापन र सहजीकरण गर्न सकियो भने लगानीका लागि विश्वसनीय वातावरण बन्छ । परियोजनासँगै देशभित्रै धेरै क्षमता र दक्षताको विकास हुन्छ भन्ने बुझाइलाई व्यापकता दिन सके परियोजना कार्यान्वयनमा धेरै सहजीकरण हुने आशा गर्न सकिन्छ ।

विश्वसनीय अध्ययन भएका परियोजनामा लगानी गर्न इच्छुक गम्भीर, दक्ष तथा काविल लगानीकर्ताबाट प्राप्त आशयका आधारमा प्रतिबद्धता लगानीका रूपमा प्राप्त हुनेमा विश्वस्त छौं । उनीहरूले बोर्डसँग एक तहको आबद्धता, परियोजना पनि हेरेर वा आवश्यक तयारीसाथ आह्वान गरिएका वा आह्वानबिनै लगानीकर्ताबाट प्रस्ताव प्राप्त भएका र प्रत्यक्ष वार्ताद्वारा अघि बढाइएका तीनै तवरले व्यक्त भएका आशयलाई प्रतिबद्धताका रूपमा लिनुपर्छ ।

अर्कोतर्फ, परियोजना विकासका विभिन्न चरणमा स्वीकृत लगानी परिचालन हुने नै छ । विश्वसनीय, गम्भीर र काविल लगानीकर्ता आऊन् र प्रतिबद्धताअनुसारकै लगानी परिचालन साकार होस् भनेर हामीले अहिले विस्तृत परियोजना प्रतिवेदन मूल्यांकनपछि मात्र लगानी स्वीकृत गर्न थालेका छौं । यसले धेरै हदसम्म गम्भीर, काबिल र दक्ष लगानीकर्ताबाट मात्र लगानीको प्रस्ताव आउने साथै लगानी प्रतिबद्धता र प्राप्ति (रियलाइजेसन) को खाडलमा कमी आउने ठानेका छौं । बोर्डले लगानी स्वीकृत गर्दा उक्त लगानी परियोजनाको जेस्टेसन अवधि (निर्माण अवधि) मा परिचालन हुने गरी स्वीकार गरेकाले परियोजना सम्पन्न हुने बिन्दुमा स्वीकृत लगानी मुलुकमा भित्रिसकेको हुनेछ भन्ने तथ्यलाई दृष्टिगत गर्दै लगानी प्रतिबद्धता र लगानी प्राप्तिसम्बन्धी बुझाइमा समेत एकरूपता कायम गर्न जरूरी छ ।

अन्त्यमा, लगानी बोर्डले आम रूपमा आशा जगाउने गरी काम गरिरहेको छ । आगामी दिनमा यसलाई नयाँ उचाइ दिन र थप उल्लेख्य कार्यसम्पादन गराउन सबै पक्षबाट समन्वय र सहयोग प्राप्त हुने बोर्डको अपेक्षा छ ।

*- भट्ट लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत हुन् ।*

# कुशल मानव संसाधन, अर्थतन्त्र सुधार्ने साधन

कृषि क्षेत्रमा रहेको मानव स्रोत २०४६ अघि धेरै प्रयोग भयो । तर बिस्तारै आयात बढ्दा र निर्यात घट्दा देशको व्यापार घाटा चुलिँदै जाँदा नेपाली श्रम पलायनको गतिसमेत बढ्यो । त्यहीँबाट बेरोजगारीको समस्या सुरु भयो । कृषि क्षेत्रमा रहेको मानव स्रोतलाई अन्य स्थानमा लैजान नसक्दा मजदुर वर्ग विदेश पलायन हुँदै गए ।



प्रा.डा. शिवराज अधिकारी

मानव संसाधन भनेको मानिसमा हुने ज्ञान, सीप, दक्षता र तत्परता हो । कुनै पनि काम गर्न आवश्यक सामान्य तथा प्राकृतिक स्रोत-साधन नै मानव संसाधन हो । मानव संसाधन यस्तो चिज हो, जुन सधैं सक्रिय हुनुपर्छ । विश्वमै मानव संसाधनको कुशल व्यवस्थापनमा दिन प्रतिदिन नयाँ नयाँ चुनौती थपिँदै गएका छन् । पछिल्लो समय आर्टिफिसियल इन्टेलिजेन्स (एआई) का कारण मानव संसाधनको भविष्यबारे अन्तर्राष्ट्रिय जगत्मै प्रश्न उठेको छ । बढ्दो प्रविधिका कारण मानव संसाधनलाई व्यवस्थित गर्न चुनौती थपिने सम्भावना निकै छ । आर्टिफिसियल इन्टेलिजन्स (एआई) को दौडमा विश्व नै दौडिरहेको छ । त्यसैले मानव संसाधनलाई हेर्दा जनसंख्या जसरी वृद्धि हुँदै गएको छ, त्यसरी नै मानव संसाधनलाई कुशल बनाउँदै लैजानुपर्ने आवश्यकता छ ।

मानव संसाधनलाई सीप, तालिमका साथै प्रविधिको प्रयोगबाट उत्पादन क्षेत्रमा लगाउनुपर्ने समय आएको छ । जति नै उत्पादन क्षेत्रमा मानव संसाधनमा लगाउँछौं, त्यति अर्थतन्त्रको उत्पादकत्व क्षमतामा अभिवृद्धि हुँदै जान्छ । उत्पादनका साधनमध्ये भूमि, पुँजी र संगठन निष्क्रिय साधन हुन् भने मानव संसाधन चाहिँ एक क्रियाशील उत्पादनको साधन हो । कुशल मानव संसाधन नहुने हो भने अरु कुनै पनि उत्पादनका साधन चलायमान हुन सक्दैनन् ।

अर्को कुरा, जतिसुकै प्रविधि, एआई, च्याट जीपीटी जस्ता नयाँ प्रविधि उदीयमान भए पनि मानव संशाधनको महत्त्व कहिल्यै घट्नेछैन । अर्थव्यवस्थालाई अगाडि बढाउन अहिले चलाइएका नीतिलाई परिवर्तन आवश्यक छ । नेपालको श्रमबजार तेस्रो मुकुलका तीव्र गतिमा जाने क्रमलाई रोक्नसमेत अहिले भएका सरकारी नीतिको गम्भीर समीक्षा गर्नुपर्ने समय आएको छ । मानव संसाधन अब अर्थतन्त्रमा देखिएको समस्या समाधान, उत्पादन र सामाजिक विकासका क्षेत्रमा काम गर्नु आवश्यक छ । मानव संसाधन कुशल व्यवस्थापन भनेको हाम्रो श्रमको दक्षता होस् भन्न गरिने एक व्यवस्थापन हो । अर्कोतर्फ मानव संसाधन हुनासाथ सबै ठीक हुन्छ भन्ने होइन । त्यहाँ ठीक तरिकाले मानव संसाधन परिचालन गर्नुपर्छ । अहिले समस्या के देखिएको छ भने, दिनहुँ हजारौं मानिस नेपालबाट विदेश गइरहेका छन् । विदेशमा जानै हुन्न भन्ने होइन । तर स्वदेशमै किन बस्न चाहेनन् भन्नेतर्फ हाम्रो ध्यान जान जरूरी छ ।

## कता जाँदै छ समाजको मनोविज्ञान ?

नेपालले हुर्काएर युवा जनशक्ति विदेशमा गएर आफ्नो श्रम बेचेर पठाएको रेमिट्यान्सले नेपालको अर्थतन्त्र धानेको छ । नेपालीमा किन यसरी विदेशमोह बढिरहेको छ भन्नेमा एक मात्र कारण छैनन् । अहिले नेपाली राजनीतिक प्रणाली, सरकारी नीति र समाजको मनोविज्ञान जस्ता कारणले विदेशी श्रमबजारमा नेपाली गइरहेका छन् । तर यति मात्र होइन, हामीसँग भएको मानव संसाधन कृषि क्षेत्रमा प्रयोग भएको थियो ।

कृषिबाट गुजारा नचल्ने भएपछि युवामा विदेशमोह ह्वात्तै बढ्यो । कृषि क्षेत्र आत्मनिर्भर बन्नेभन्दा आयाततर्फ मोडियो । यसरी कृषि क्षेत्रमा पुँजीवाद हाबी हुँदा धेरैजसो बेरोजगार भए । कृषि

क्षेत्रको जनशक्ति अब कहाँ जाने ? विकल्प खाडी मुलुक बने । कृषि पेसाबाट बेरोजगारी भएकालाई व्यवस्थापन गर्ने नीतिमा सरकार चुक्यो । देशमै कृषि कर्ममा लगाउने नीति सरकारले बनाउन नसक्दा नेपालको कृषि क्षेत्र धराशायी बन्दै गएको छ, जसका कारण कृषिको योगदान विगत लामो समयदेखि घट्दै गएको छ ।

कृषि क्षेत्रमा रहेको मानव स्रोत २०४६ अघि धेरै प्रयोग भयो । तर बिस्तारै आयात बढ्दा र निर्यात घट्दा देशको व्यापार घाटा चुँलिदै गयो । नेपाली श्रमको पलायनको गतिसमेत बढ्यो । त्यहीँबाट बेरोजगारीको समस्या सुरु भयो । कृषि क्षेत्रमा रहेको मानव स्रोतलाई अन्य स्थानमा लैजान नसक्दा मजदुर वर्ग विदेश पलायन हुँदै गए । अहिले देशभित्रको प्रमुख समस्या नेपालमै श्रम गर्ने जनशक्ति विदेशमा छन् । विदेश जानबाट रोक्न कसैले सक्दैन । सरकारले स्वदेशमै बसेर काम गर्ने चाहना बढाउने नीति बनाउन सकेको छैन । मुख्य समस्या नै यही हो ।

अब नेपालमै रहेको मानव संसाधन कुशल बनाउन सकिएला त ? हामीसँग भएको मानव संसाधन कहाँ र कसरी प्रयोग गर्ने भन्ने नीति नहुँदा प्रश्नले उत्तर नै चुनौतीपूर्ण हुँदै गएको छ । अर्कोतर्फ, विश्वविद्यालय तथा शैक्षिक संस्था ज्ञान, सीप र सिकाइका केन्द्र हुनुपर्ने हो । तर विश्वविद्यालयले भोकेसन ज्ञान रटाइरहेका छन् । विश्वविद्यालयबाट दीक्षित विद्यार्थी राष्ट्र निर्माणभन्दा विकसित देशको श्रमबजारमा पुगिरहेका छन् । नेपालको एक मात्र प्राविधिक शिक्षा दिने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) छ । तर त्यहाँबाट उत्पादन हुने जनशक्तिको समेत व्यवस्थापन भइरहेको छैन । सीटीईभीटीले व्यावसायिकता, सीप, तालिम दिएको छ । तर हामी कति सफल भएका छौं प्रश्न गर्नैपर्छ ।

विश्वविद्यालयको डिग्री हासिल गर्न नसक्ने प्राविधिक क्षेत्रमा जाने कोर्स डिजाइनले मानव संसाधनको विकासमा अर्को समस्या देखा परिरहेको छ । एकेडेमिक शिक्षामा कमाजोर व्यक्तिले प्राविधिक विषय पढ्ने भाष्य निर्माण हुँदा शैक्षिक बेरोजगारीको केन्द्र नेपाल बन्दै गएको छ । हाम्रो सामाजिक, भौगोलिक र आर्थिक हिसाबले कोर्स डिजाइनमै त्रुटि छ ।

विश्वविद्यालयले दिने ज्ञान ८० र प्राक्टिकल २० प्रतिशत छ । तर त्यो हुनुपर्ने ठीक विपरीत हो । ८० प्रतिशत प्राक्टिकल र २० प्रतिशत मात्र सैद्धान्तिक । ठ्याक्कै उल्टो गरी कोर्सको डिजाइन गरिएको छ । त्यसमै ठूलो गल्ती भएको छ । शिक्षाका हिसाबले हाम्रा विश्वविद्यालय बजारकेन्द्रित हुँदै व्यावसायिकतातिर जानुपर्ने हो । विश्वविद्यालयको सिद्धान्त के हो भने, जुन विषय देशका लागि चाहिन्छ, त्यसैलाई अगाडि बढाउनुपर्ने हो । हामीले विश्वविद्यालयलाई बेरोजगार उत्पादन गर्ने कारखाना बनायौं । विश्वविद्यालयले ज्ञान दिने हो, रोजगारी दिनुपर्छ भन्ने होइन भन्ने गरिन्छ । विश्वविद्यालयले समाज परिवर्तन गर्न ज्ञान दिने हो । तर अहिले ज्ञानसँगसँगै रोजगारीको बाटो समेत कोरिदिनुपर्ने हो । हाम्रो विश्वविद्यालयले राजनीतिक परिवर्तन गर्न सहयोग ठूलो सहयोग गऱ्यो । तर रोजगारीका लागि काम गर्न सकेन ।

**हाम्रो उद्देश्य विकसित देशको नक्कल गर्नुभन्दा पनि हाम्रैबाट सिक्ने, करेक्सन गर्ने हो । प्राथमिकता क्षेत्रलाई आधार बनाएर अर्थतन्त्र निर्माणमा ध्यान दिनुपर्छ । कृषि, पर्यटन, उद्योग, सेवा जस्ता क्षेत्रमा रोजगारी सृजना गर्ने नै मुख्य उद्देश्य हुनुपर्छ । अरू देशको उत्पादनभन्दा पनि आफ्नो ससानो उत्पादनमै ध्यान दिऊँ ।**

हामी हाम्रो अर्थतन्त्रअनुसार चल्न सकेनौं । अहिलेको अवस्थामा माग र आवश्यकतालाई हेर्दा हाम्रो अर्थतन्त्र आयातमै निर्भर छ । आयात धेरै हुँदा हामीले रोजगारी दिने उद्योग, उत्पादन र सीप विकास गर्न सकेनौं । उद्योगमा लगानी नहुँदा रोजगारी सृजना हुन सकेन । अर्कोतर्फ, हाम्रो विश्वविद्यालयलले दिएको ज्ञान रोजगार बन्न सघाउने नै भएन । सीटीईभीटीले व्यावसायिक सीपका लागि काम गर्न सकेन । विश्वविद्यालय पनि परम्परात र सैद्धातिक व्याख्यामै हुँदा केही उपलब्धि देखिएन । अब कुशल मानव संसाधनमा हामीले फड्को मार्ने नै हो भने परम्परात शिक्षाको कोर्स परिवर्तन नै गर्नुपर्छ ।

कतिपय शैक्षिक संस्थाले यस्तो अभ्यास थालेका छन् । तर त्यो अझै प्रभावकारी छैन । विश्वविद्यालयमा अहिले पनि हामी नेविसंघ, अखिल क्रान्तिकारी आदि बन्न लगाइरहेका छौं । तर उद्यमी बन्नुपर्छ भनेर शिक्षा दिन सकेका छैनौं । अहिलेसम्म राजनीतिक ज्ञान धेरै दियौं । अहिले जसले जे-जसरी काम गरे पनि संस्थागत कमजोरी देखिन्छ । हामीले बनाएका कोर्स पनि परम्परागत नै छन् । उद्योगमा लगानीको वातावरण बनेको छैन, जसका कारण उद्योगबाट आउने जीडीपीको योगदान घट्दै छ । उद्योगको क्षेत्र पनि घट्दै जाँदा रोजगारी कम हुँदै गयो । अहिले बेरोजगारी तीव्र गतिमा बढ्नुको मुख्य कारण भएका उद्योगधन्दा बन्द हुनु र नयाँ खुल्ने वातावरण नबन्नु नै हो ।

## योजना निर्माण

सोह्रौं पञ्चवर्षीय योजना निर्माण भइरहेको छ । राष्ट्रिय योजना आयोगले देशभर दौडिएर योजनाको तयारी छ । विगतको जस्तो कोठाभित्र होइन, अब साँच्चिकै उत्पादनमुखी र रोजगारीसहित बृहत् आकारको रोजगारीमै केन्द्रित योजना ल्याउनुपर्ने आवश्यकता छ । नेपाल दक्षिण एसियामै गरिब मुलुक बनेको छ । यसको मुख्य समस्या भनेको बेरोजगारी नै हो । बेरोजगारी घटाउन गरी १६औं पञ्चवर्षीय योजनाले विशेष ध्यान दिन आवश्यक छ ।

आयात मात्र बढाएर अर्थतन्त्र चलाउने कि उत्पादन गरेर भन्ने प्रश्न नै अहिले समीक्षा गर्ने समय हो । दोस्रो चाहिँ रोजगारी सिर्जनाका लागि सीपयुक्त रोजगार नै हो । हामीले काम गर्नेलाई सम्मान गर्न सकिरहेका छैनौं । विदेशमा जे पनि काम गर्ने तर स्वदेशमा काम गर्न लाज हुने अवस्था सृजना भइरहेको छ ।

नेपालमा काम गर्नेभन्दा विदेशमा काम गर्नेलाई राम्रो देख्ने गरेका छौं । तेस्रो, हामीले यस्तो ह्युमर बनाइरहेका छौं कि विदेश

गएपछि सजिलै पैसा आउँछ, विदेश जानु राम्रो हो, स्वदेशमै बसेर काम गर्नु अपराध हो भन्ने भाष्य सृजना भइरहेको छ । अब यसमा नीति परिवर्तन गर्न आवश्यक छ । अहिले स्वदेशमै केही न केही गरौं भन्नेहरूले के कारणले गर्दा केही गर्न सकिरहेका छैनन् भनेर छुट्याउन सकिरहेका छैनौं । हामीले पुँजी, ज्ञान, सीप, इच्छाशक्ति अथवा के कारणले काम भएको छैन भनेर छुट्याउन सकिरहेका छैनौं । जसका कारण मानव संसाधनको जनसंख्यिकीय लाभ विदेशी मुलुकले लिएका छन् ।

अल्पकालमा विदेशबाट रेमिट्यान्सले केही फाइदा गरे पनि लामो समय यस्तै चल्दै गयो भने हामी सबै कुरामा परनिर्भरताको बाटोमा जान्छौं । यसलाई बिस्तारै रोक्नैपर्छ । अब हामी कुशल मानव संसाधनलाई लक्षित कार्यक्रम निर्माण गरेर अगाडि नबढ्ने हो भने प्रविधिको विकाससँगै मानिस विस्थापित हुनुपर्ने हुन्छ । अहिले पनि हाम्रा रोजगारी सृजना गर्ने कार्यक्रम सानासाना र परम्परात नै छन् । सबै संरचना ध्वस्त बनाएर नयाँ ढंगबाट अगाडि बढ्नुपर्ने बेला भएको छ । अहिले भएको संरचनाले रोजगारीका लागि काम गर्ने योजना नै बनाउन सकेन । परिवर्तन ल्याउनेभन्दा पनि उल्टो दिशातर्फ अगाडि बढेको देखिन्छ । जति अहिले काम भएको छ, त्यो पर्याप्त छैन । टालटुले मात्र भएको छ ।

समाधान के ?

अहिले समस्या जे जति भएको छ, त्यो सब प्रक्रिया पुर्‍याउनमै भएको छ । हामीले उद्देश्य र गोलमा अलिकति पनि ध्यान दिएका छैनौं । कानुन-योजना सबै प्रक्रियामुखी भए । विगत १५ वर्षको तथ्यांक हेर्ने हो भने पुँजीगत खर्च हुनै सकेको छैन । विगतका वर्षलाई मात्र हेर्ने हो भने अझै कम हुँदै गएको छ । अहिले हामी प्रक्रिया मिल्यो कि मिलेन भनेर मात्र हेरिरहेका छौं । तर गोल के हो भन्नेमै ध्यान दिन सकिरहेका छैनौं ।

उद्देश्यभन्दा पनि प्रक्रिया नपुग्दा जरिवाना तिराउने काम भइरहेको छ । यसले मानव संसाधन विकासमै बाधा पुर्‍याइरहेको छ । उद्देश्यलाई प्राथमिकता दिइएको छैन । अहिलको बजेट पनि प्रक्रियामै रूमल्लिएको छ, जसले कुनै गोल नै प्राप्त हुन सकेको छैन । हाम्रो नीति कर्मचारीतन्त्रले बनाएका छन् । तर नीति नेतृत्वले परिवर्तन गर्ने हो । कर्मचारीले नेतत्वको नीति कार्यान्वयन मात्र गर्ने हो । अन्यथा परिवर्तन हुन सक्दैन ।


कर्मचारी संयन्त्र कानुनी कन्ट्रोलबाट बनिरहेका छन् । कर्मचारीमा विकास र काम गर्ने मोडल सोचाइ नै छैन । राजनीतिक परिवर्तन भए पनि संरचनागत समाज परिर्वतन भएको छैन । अहिले पनि परम्परागत मान्यता परिवर्तन हुन सकिरहेको छैन । हामीले स्थानीय सरकारमा भ्रष्टाचार भयो भन्छौं । तर व्यक्ति हो, सरकार होइन । हाम्रो सोचाइ नै गलत छ । पुरानै मान्यताबाट सबै सञ्चालित छ । केही नयाँ गरौं भन्नेका लागि पनि प्रक्रियागत उल्झन ल्याउने काम गरेर हतोत्साहित गर्ने काम हुन्छ । परम्परागत आँखाबाट नै हेर्ने गरिन्छ ।

सरकारको सोच परिर्वतन हुनु आवश्यक छ । अर्कोतर्फ हाम्रो संविधानले नै यस्तो व्यवस्था गरिदियो कि प्रतिस्पर्धाभन्दा पनि आरक्षणले काम गरिदिएको छ । राजनीतिक भागबन्डामै देश चलिरहेको छ । कुनै क्षेत्रमा पनि प्रतिस्पर्धाभन्दा आरक्षणमै प्रतिस्पर्धा हुन्छ भने त्यहाँ मानव संसाधनको औचित्य समाप्त हुन्छ, जसको असर अहिले अर्थतन्त्रमा समेत देखिँदै गएको छ । अब यो समस्या समाधानको जिम्मेवारी सबैको काँधमा छ ।

अब पोजिटिभ छलफल गरेर कुशल मानव संसाधनको विकासमै केन्द्रित हुनुपर्छ । हाम्रो उद्देश्य विकसित देशको नक्कल गर्नुभन्दा पनि हाम्रैबाट सिक्ने, करेक्सन गर्ने हुनुपर्छ । प्राथमिकता क्षेत्रलाई आधार बनाएर अर्थतन्त्र निर्माणमा ध्यान दिनुपर्छ । कृषि, पर्यटन, उद्योग, सेवा जस्ता क्षेत्रमा रोजगारी सिर्जना गर्ने नै मुख्य उद्देश्य हुनुपर्छ । अरु देशको उत्पादनभन्दा पनि आफ्नो ससानो उत्पादनमै ध्यान दिनुपर्छ । अब प्रक्रियामा होइन, रिजल्टमै ध्यान दिनुपर्छ ।

*- अधिकारी त्रिभुवन विश्वविद्यालय, अर्थशास्त्र केन्द्रीय विभाग प्रमुख हुन् ।*






RBB LOCKER

## तपाईंको सुरक्षा हाम्रो प्राथमिकता

राष्ट्रिय वाणिज्य बैंकका विभिन्न शाखाहरूमा रहेका हाम्रो लकर सुबिधा प्रयोग गरी आफ्नो सामानको सुरक्षा गर्नुहोस् ।

राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय कार्यालय,
सिंहदरबारप्लाजा, काठमाण्डौ
फोनः (९७७-१) ४२५-२५९५ । फ्याक्सः (९७७-१) ४२५-२९३१
इमेलः rbb.info@rbb.com.np । वेबसाइटः www.rbb.com.np

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
नेरा.बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था

# युवा बिदेसिए भन्ने होइन, फर्किंदैनन् कि भन्ने चिन्ता

लाहुरे नेपालबाट बाहिरिने मानिसको बिम्ब हो । ऊ जहिले पनि घर फर्कन्छ । हिजो रेडियो बोकेर आउँथ्यो, आज फर्कनै छाड्यो यथार्थ यही हो । हिजो उसको गाउँ थियो, परिवेश थियो, परिवार थियो, संस्कृति थियो र ऊ फर्कन्थ्यो तर अहिले त्यो परिवेश जीवन्त छैन ।



हरि शर्मा

मैले दुई वर्षको उमेरबाटै विदेशमा बस्ने अवसर पाएँ । बुबा विदेशमा काम गर्नु हुन्थ्यो । मलाई सम्झना छ, म मलेसियामा वा हङकङमा हुँदा नेपाली कम मात्र विदेश यात्रा गर्थे । नेपालबाट गएका मानिस भेट्दा रमाइलो लाग्थ्यो । बुबाले घरमा खाना खान बोलाउनु हुन्थ्यो । विमानस्थलको परिदृश्यमा परिवर्तन आएको छ; अहिले त्यहाँ घुइँचो छ । विदेशमा प्रशस्त नेपाली पुगेका छन् । आउजाउ मात्र होइन, उतै बसोबाससमेत गर्न थालिसकेका छन् ।

विगतमा विदेश जाने कुनै खास वर्ग, समुदाय हुन्थ्यो । ५०, ६० वा ७० को दशकमा पनि धेरैजसो मानिस ब्रिटिस आर्मी, इन्डियन आर्मीमा भर्ती भएर जाने चलन थियो । केही प्रोफेसनल मानिस पढ्न गएर वा तालिमको सिलसिलामा गएर उतै बस्ने प्रचलनसमेत थियो ।

१९८८ मा म अमेरिका जाँदा न्यूयोर्कमा ५०–१०० जना, वासिङ्टनमा त्यति नै संख्यामा मानिस बस्थे । ती सबै संघसंस्थामा काम गर्ने उच्च दक्ष मानिस थिए । कोही डाक्टर र इन्जिनियर पनि थिए । १९९० मा नेपालमा लोकतन्त्र आपछि १९९६–९७ तिर राहदानी (पासपोर्ट) जिल्लाबाटै लिन सकिने निर्णय भयो । पञ्चायती व्यवस्थामा विदेश जाने मानिस केका लागि जान्छ ? किन जान्छ ? भनेर नियन्त्रण हुन्थ्यो । राहदानी राजनीति नियन्त्रण गर्ने माध्यम थियो । राहदानीको सुगमतासँगै विदेश जाने क्रम बढ्यो ।

७० को अन्त्यतिर मलेसिया, थाइल्यान्ड, कोरियाजस्ता मुलुकमा आर्थिक विकासको क्रम सुरू भयो । खासगरी प्रविधि र पूर्वाधारका निकै काम थालियो । ८० को दशकमा आइपुग्दा खाडी मुलुकहरूको अर्थतन्त्र निकै माथि उठ्न पुग्यो । उनीहरूले सेवा क्षेत्रमा समेत लगानी गर्न थाले । त्यसपछि आप्रवासी कामदारका रूपमा नेपाली विदेश जाने क्रम सुरु भयो ।

नेपालसँग ठ्याक्कै कति मानिस श्रमका लागि र कति आफ्नो बुद्धि विवेक बेचेर आम्दानी गर्न विदेश जान्छन् भन्ने तथ्यांक छैन । मानिस अवसरको खोजीमा हुन्छ । श्रमको खोजी पनि अवसर नै हो । धेरै मानिसले भन्ने गर्छन्, यहाँ छैन । त्यसकारण जहाँ छ, त्यसको खोजीमा मानिस निस्कन्छ । पछिल्लो समय अर्को प्रवृत्ति देखिएको छ । १८–१९ वर्षदेखि २५–२६ वर्षसम्मको उमेरका युवा विदेश जाने ताँती छ । धेरैजसो पढ्न भनेर गइरहेको देखिन्छ । यसलाई अब बौद्धिक पलायन भन्ने बेला आएको छ । उनीहरूले श्रमका रूपमा अर्थतन्त्रलाई योगदान गर्न सक्छन् । तर, यो उमेरका मानिस बौद्धिक रूपमा योगदान गर्न तयार भइसकेका हुँदैनन् । ती पढ्न गएका मानिस उतै अलमलिन्छन् । अहिले श्रम र बौद्धिक पलायन उत्तिकै मात्रामा भइरहेको छ ।

कति मानिस पढ्न गएपछि विदेशमा साँच्चिकै पढ्छन् ? डिग्री पुरा गर्छन् ? र बौद्धिक रूपमा सबल र सक्षम हुन्छन् भन्ने कुनै तथ्यांक छैन । यसभन्दा पहिला भारत, विभिन्न छात्रवृत्ति र अन्य सिलसिलामा पढ्न जान्थे । आधारभूत शिक्षा नेपालमै लिएर उच्च शिक्षाका नाममा विदेश जाने र उतै काम खोजेर बस्ने प्रचलन थियो । आज आधारभूत शिक्षा नै नेपालमा नलिई बिदेसिने पछिल्लो पुस्ता हो । अहिले त बजारमा राम्रै काम गरिरहेका डाक्टर, नर्स, इन्जिनियरसमेत नेपालमा केही हुँदैन भनेर धमाधम पलायन भइरहेका

छन् । कति मानिस बौद्धिक रूपमा पलायन भइरहेका छन् ? भन्ने तथ्यांकको खोज्ने बेला भइसकेको छ ।

पहिलो पुस्ता उच्च शिक्षाका लागि वा अझ राम्रो शिक्षाका लागि मात्र बिदेसिएको थियो । उच्च व्यवसायिक दक्षता हासिल गरेपछि उनीहरूका लागि नेपालमा फर्किएर यहीँ काम गर्ने ठाउँ थिएन । त्यसकारण विदेशमै अल्झिए । थोरै मात्र मानिस त्यसरी पलायन भएका थिए । अर्कातर्फ अमेरिकाको डिभी भरेर पलायन हुने र त्योभन्दा अर्को विश्वमा आएको उथलपुथलसँगै शरणार्थीका रूपमा पलायन हुने वर्गसमेत छ । त्यसकारण यसमध्ये बौद्धिक पलायन कति हो भन्ने तथ्यांकको खोजी हुनुपर्छ भनिएको हो । बिदेसिने एक सय जनामध्ये शारीरिक रूपमा सबै सक्षम हुन सक्छन्, तर सबै बौद्धिक रूपमा सक्षम नहुन सक्छन् । श्रम सबैले गर्न सक्छन् तर सबैले बौद्धिक श्रम गर्न सक्दैनन् ।

पछिल्लो समय कताकता बहस सुनिन्छ, स्नातक तह पढ्न विदेश जान दिनुहुँदैन । यो नियन्त्रित मानसिकता हो । मान्छेलाई स्वतन्त्र रूपमा आफूले चाहेको कदम चाल्न दिनुपर्छ । तर, को जाँदैछ, किन जाँदैछ भन्ने लेखाजोखा राख्नु जरूरी छ । मिनरस्थलमा बिदाई गर्नेको घुइँचो छ । मानिस विमानस्थलमा टीका लगाएको हुन्छ, बालबच्चा रोइरहेका हुन्छन् । मनमा इच्छा आङ्काक्षा मनमा होला तर साथमा संशय छ, डर छ । खुसीले मान्छे विदेश गएको निकै काम मात्र देखिन्छ । हाम्रो संयन्त्र पनि यस्तै छ । मानिसलाई दुःख दिने नियतले मात्र सोधिन्छ । सहजीकरण गर्ने किसिमले काम गरिँदैन । यस्तो हेलाइ हुँदा पनि मानिस किन बिदेसिन्छ भन्ने कुराले निकै प्रश्न उब्जाइरहेको छ ।

## खास समस्या

अहिलेको दशकमा विदेश गइरहेको युवा शारीरिक र बौद्धिक दुबै रूपमा तयार हुनुपर्ने वर्ग हो । यो मुलुकका लागि सबैभन्दा चिन्ताको विषय हो । पढेका मान्छे बाहिर गए भन्ने चिन्ताको विषय होइन । उनीहरू बाहिर जाँदा कमाउँछन्, आफु खुसी हुन्छन्, परिवारलाई खुसी राख्छन् । चिन्ता बाहिर गएर पनि भविष्य अनिश्चित हुन्छ कि भन्ने हो । उनीहरू सफल वा असफल ने पनि हुन सक्छन् । श्रमको सन्दर्भमा उनीहरूले रोजगार पाउलान् वा नपाउलान । पाउँदा जुन मुलुक गए त्यहीँ मुलुकको अर्थतन्त्रलाई फाइदा हुन्छ, हामीलाई घाटा । बौद्धिक क्षेत्रमा सफल भए भने उनीहरू नेपाल फर्कने वातावरण तयार छ कि छैन ? राजनीतिक, सामाजिक, आर्थिक, संरचनात्मक, संस्थागत पूर्वाधार तयार पारियो कि पारिएन ? यी तमाम प्रश्नको घेरामा आज हामी छौँ ।

अहिले समाजमा एउटा भाष्य स्थापित भएको छ, यहा केही पनि हुँदैन, बाहिर जानु पर्छ । हरेक मानिस यही सोचिरहेको छ । यसको जिम्मेवार को हो त ? मानिसलाई रोक्नु हुँदैन, ऐतिहासिक रूपमा मानिस घुमन्ते हो । प्रवृत्तिका हिसाबले पशु र मानिसमा फरक छैन । मान्छे भोको हुन्छ, त्यसलाई रोक्ने भनेको कठिन कुरा हो । तर, गर्नसक्ने भनेको उनीहरूलाई नेपालमा रोक्ने होइन कि विदेशबाट नेपाल फर्कने वातावरण बनाउने हो । हामी जहिले पनि राज्यका नीति निषेधात्मक बनाउँछौँ । यसलाई खुकुलो बनाएर मानिसलाई खुसीसाथ जन्मथलो फर्कने वातावरण बनाउनु पर्छ । जे कुरा गर्दा पनि बन्द गर, जान नदेऊ मात्र भनेको सुनिन्छ, त्यसो हो भने नेपालमा के दियौँ ? भन्ने पनि प्रश्न त उठ्छ ।

पढ्न जाने मान्छेमा शङ्का गर्नुहुँदैन । पढ्न गएका नेपालीलाई विदेशमा सहज छैन । पढ्दै केही गर्छु भनेर आँट बोकेका युवालाई हतोत्साही गर्ने काम राज्यले गर्नु हुँदैन । उत्साहित फर्कन गर्नु पछै । 'तिमी जुन मुलुकमा गएर पढ्ने हो पढ, तर याद राख यो तिम्रो मुलुक हो, तिम्रो परिवार यहाँ छ, समाज यहाँ छ, तिमीलाई यहाँ स्थान छ' परामर्श र विश्वासको वातावरण चाहिन्छ ।

सरकारमा हुनेले युवालाई रोक्नुपर्छ भन्ने तर्क सजिलै गरेको पाइन्छ । तर स्थान नदिने, सिर्जना नगर्ने, परिवेश नबनाउने अनि तर्क मात्र गरेर हुन्छ ? शिक्षाले मानिसलाई स्वतन्त्र बनाउँछ, शिक्षाले मान्छेलाई आफ्नाबारे सोच्ने बनाउँछ । जुन मानिसले आफ्नाबारे सोच्छ, उसले समाजबारे सोच्छ । समाजबारे सोच्ने मानिस स्वतः आफ्नो उद्देश्य पूरा गरेसँगै आफ्नो मुलुकमा फर्कन्छन् । तर, त्यसका लागि परिवेश सिर्जना गर्नुपर्छ । अहिले पनि विदेशमा भएका धेरै नेपाली मुलुकमा वातावरण बनाइदिने हो भने फर्कन चाहान्छन् । एउटा चरा सूर्योदयसँगै उड्छ । साँझ फर्केर आफ्ने गुँडमा आउँछ । तर, कोइलीको गुँडमा काग पस्यो भने कोइली आफ्नो गुँडमा कसरी फर्कन्छ ? त्यसकारण परिवेश चाहिन्छ ।

लाहुरे जहिले पनि घर फर्कन्थ्यो । हिजो लाहुरे भनेको नेपालबाट मुलुकबाहिर जाने मानिसको बिम्ब हो । ऊ जहिले पनि घर फर्कन्छ । हिजो लाहुरे रेडियो बोकेर आउँथ्यो, अब लाहुरे घर फर्कन छाड्यो, आजको यथार्थता यही नै हो । लाहुरे घर फर्केको छैन, किनकि हिजो उसको गाउँ थियो, परिवेश थियो, परिवार थियो, संस्कृति थियो, तर अहिले त्यो परिवेश जीवन्त राख्न हामीले सकिरहेका छैनौँ ।

मुख्य कुरा यो परिवेश कसरी सिर्जना गर्ने भन्ने नै हो । यसका लागि दृष्टिकोणमा परिवर्तन आवश्यक छ । अर्थमन्त्री डा. प्रकाश शरण महत नेपालबाट विदेश पढ्न जान रोक्नुपर्छ भन्नुहुन्छ तर, उहाँ नै अमेरिकाबाट पढेर फर्कनु भएको हो । उहाँले त देख्नुभएको छ; अनुभव गर्नुभएको छ । उहाँको परिवार राजनीतिमा थियो, परिवेश घर फर्कनु पर्ने थियो । के उहाँले विश्वविद्यालयमा पढेको विषय नेपालमा उपयोग गर्न पाउनु भयो ? के उहाँलाई जस्तै सबैलाई यति सहज परिवेश उपलब्ध छ त ? अवसर सिर्जना गरिदिनुहोस्, मानिस आफ्नै देशमा फर्कन्छ ।

परिवेश सिर्जना गर्ने सन्दर्भमा सुशासन सबैभन्दा महत्त्वपूर्ण पक्ष हो । प्रतिस्पर्धामा आधारित व्यवस्था हुनुपर्‍यो । पारदर्शी हुनुपर्‍यो । कोही मानिसले भनसुनका आधारमा सबै काम गर्न सक्छ; तर कसैले भने सीप छ, पढेको छ, जानेको छ, भने पनि अवसर पाउँदैन । यस्तो अवस्थामा कसरी मानिसले यहाँ बस्ने सपना देख्छ ? यो सबै विषय राजनीति अथवा भनौं शासकीय परिवेशमा निर्भर रहन्छ ।

## सङ्कटमोचन

अब नैराष्यलाई चिर्ने समय आएको छ । केही सकारात्मक पहल र सामूहिक चिन्तनको जरूरी छ । सबैतिर सकारात्मक चिन्तनबारे चर्चा गर्न जरूरी छ । समाजको नैराष्य र राज्यमा रहेका विकृति हटाएर मुलुकभित्र स्पेस सिर्जना गर्नासाथ बौद्धिक वर्गलाई मुलुकमा सहजै फर्काउन सकिन्छ ।

हामी लोकतन्त्रको कुरा गर्छौं तर व्यवहारमा मेरो मान्छे र तेरो मान्छे भनिरहेका हुन्छौँ । व्यवहारमा खुलापनः छैन । यो अवस्थामा मानिस जहाँ गएर पनि कामै गरेर खाने हो, ऊ विदेश नै बस्न खोज्छ । घर छाड्ने वा विस्थापन हुने कुरा निकै कठिन विषय हो । हेर्दा सहज लाग्छ, तर परिवेशले जब बाध्यतामा पार्छ, त्यो बेला निकै कठिन हुन्छ । नेपालमा अहिले भूकम्प गयो, विदेश

बसेका आफन्त आत्तिएका छन् । यहाँ जमिन हल्लियो, त्यहा मन हल्लिएको छ । मान्छे जहिले पनि म कहाँबाट आए, कहाँ जाँदैछु भन्नेबारे सचेत रहन्छ । यसमा दुई वटा धारणा छ । एउटा एक पटक घर छाडेपछि पुनः घर छाड्न गाह्रो हुँदैन भनिन्छ । थातथलो छाड्न गाह्रो हुँदैन भनिन्छ । यो नैतिक व्यवहारमा पनि लागु हुन्छ । तपाईं एक पटक चुक्नुभयो भने पटक पटक चुक्न गाह्रो हुँदैन । एक पटक घर छाडेको मान्छे घुमन्ते हुन्छ । तर, नेपालीको विशेषता यो होइन । हिजो जति टाढा पुगे पनि नेपालीहरू मुलुक फर्किएका हुन् । तर, अब फर्कने हुन कि होइनन्, अनिश्चित छ । अब फर्कने अवस्था सिर्जना गर्नुपर्छ ।

सम्भावित बौद्धिक जमात विदेशिनुबाट मुलुकको अर्थतन्त्रमा नकारात्मक असर गर्छ, यो त छर्लङ्ग भएको विषय हो । तर, अर्थतन्त्रमा विदेश गइरहेको युवाका कारण कस्तो प्रभाव परेको छ भन्नेबारेमा खै त तथ्यांक ? मानिसमा एउटा आङ्काक्षा थियो । अब नेपालमा प्रशस्त मात्रामा पूर्वाधार बन्नेछन् । नयाँ नयाँ सहर र घर बन्नेछन् । विकासले लहर लिनेछ । यसले जनतामा आशा जगाउँछ । मानिस यो हेर्न चाहन्छन् । अब हेरौं, नेपालमा कति प्लम्बर नेपाली छन् ? कति इलेक्ट्रिसियन नेपाली छन् ? ठुल्ठूला डाक्टर, इन्जिनियर, न्युक्लियर वैज्ञानिकका कुरा छाडौं, कलेजमा इकोनोमिक्स पढाउने मानिस छ कि छैन ? तथ्यांक खै ? आज पनि काठमाडौंमा प्लम्बरको खोजी गर्दा उडिसाका मानिस आउँछन् । तिनलाई नेपाली नागरिकबाट विस्थापन गराउन किन सकिएन ? हेर्दा देखिरहेको अवस्थाले पोलिरहेको छ, तर, समस्या कहाँ छ, कति गहिरो छ, यसको खोजी गर्न तथ्यांक चाहिन्छ ।

केही समय पहिला श्रमका लागि मात्र विदेशिने नेपाली क्रमशः सिप सिकेर विदेश जान थालेका छन् । यसले अब श्रमसँगै बोद्धिक पलायनको बाटो तय गरेको देखिन्छ । आजको जमानामा श्रम पलायन भनेकै बौद्धिक पलायन हो भन्न सकिन्छ । किनकि अबको काम सीपमा आधारित छ । अब अटोमेसनको जमाना छ । प्रविधिमा अभ्यस्त हुनुपर्ने छ ।

अहिले पढ्ने सिलसिलामा बिदेसिएका कम उमेरका व्यक्ति नफर्कने सक्ने सम्भावनालाई जोड दिने केही कारण छन् । एउटा त उनीहरूको उमेर कम छ, आफ्नो परिवेश आफै बनाउन सक्छन् । दोस्रो उनीहरूमा परिवारको दायित्व कम छ । तेस्रो मुलुकमा 'यो मुलुकमा केही हुँदैन' भन्ने भाष्य खडा गराइएको छ । वा अहिलेको नेतृत्वप्रति उनीहरूलाई विश्वास छैन । त्यसकारण उनीहरूले भविष्य देखेका छैनन् । नेपालमा केही हुँदैन भन्ने भाष्यकै कारण पढेलेखेको मान्छे र काम गर्न खोज्ने मानिस विदेश गइरहेको छ ।

पढ्नका लागि भारत जाने होस् वा कामका लागि कतार, कोरिया वा जापान जाने युवा, ऊ एउटा समयपछि नेपाल फर्कन्छ । तर, जो मान्छे क्यानडा वा अस्ट्रेलिया वा युरोप जान्छ, ऊ फर्कन सक्ने सम्भावना कम हुन्छ । त्यसकारण कुन युवा कहाँ जान खोजिरहेको छ र उसको भविष्यको चाहना के हो भन्ने जान्न समेत तथ्यांकको आवश्यकता पर्छ । मेरो मान्छे कहाँ जाँदैछ र किन जाँदैछ भन्ने बुझ्नु राज्यको दायित्व पनि हो । यो मामिलामा राज्य चुकेको हो । नियन्त्रण गर्ने नाममा नो अब्जेक्सन लेटर (एनओसी) गराउँछ, पैसा उठाउँछ, समस्या सिर्जना गर्छ । तर आजसम्म एनओसी नपाएर रोकिएको देखिँदैन । तर, धेरै दुःख दिन्छ । राज्यको काम नियन्त्रण गर्ने होइन, सरलीकरण गर्ने हो । जब राज्यले नागरिकलाई केयर गर्न थाल्छ, तब नागरिकसमेत आफ्नो राज्य खोजी खोजी फर्कन्छ । पलायनको बाटो रोज्दैन ।

अहिले राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय वा नीति बनाउन बसेका पढेलेखेका मानिसले आफ्नै परिवेश हेर्नु पर्‍यो । उहाँहरू अधिकांश विदेशमा पढ्नु भएको हो । आज नेपालमा काम गरिरहनु भएको छ । उहाँहरू फर्कन जुन परिवेशले काम गर्‍यो, त्यही परिवेश अब आम नागरिकको हकमा समेत सिर्जना गरिदिनु पर्‍यो । यसको सिर्जना गर्ने भनेको अर्थतन्त्र सबल बनाएर हो र सुशासन कायम गरेर हो । यहाँ पावरवालाले जे गरे पनि हुन्छ, दण्ड हुँदैन भन्ने भाष्य छ । अदालतले एउटी महिलालाई न्याय दिनासाथ मात्रै पनि मानिसमा ठूलो आशा पलाएको अवस्थामा सुशासनले मानिसलाई मुलुकप्रति आस्थावान् बनाउँछ । त्यसकारण अहिलेको सरकारको सबैभन्दा ठूलो असफलता भनेकै नेपालमा केही हुँदैन भनेर बनेको भाष्यलाई चिर्न नसक्नु हो । मिलिजुली खाने, आफ्ना मान्छेले जति गल्ती गर्दा पनि जोगिने परिपाटीका बीच आम नागरिकले यहाँ केही हुँदैन भन्न थालेका हुन् ।

अर्कोतर्फ आज समाज चरम निरासामा छ । मेरो विश्वास थियो, समाज कहिले पनि निरास हुँदैन । समाजलाई नेतृत्वले समेत निरास हुनबाट बचाउँछ भन्ने थियो । तर अब समाजमा नैराष्य बढेको छ । त्यसबाट पनि माथि उठेर सबै उस्तै हुन, जो आए पनि केही हुँदैन भनेर समाज निष्कृय बन्न थालेको छ । यसले न राजनीतिलाई ऊर्जा दिन्छ, न अर्थ व्यवस्थालाई न त सामाजिक परिवेशमलाई नै । कतिपय मानिस अब यी सबै परिवेशबाट टाढा बसेर वास्ता गर्न छाडेका छन् । यसले समाजलाई निष्कृय बनाउँछ जसले गर्दा आम युवालाई घर फिर्तीको परिवेश बनाउनबाट रोक्छ । २०६२/६३ ताका समाजमा रहेको ऊर्जा अब क्षयीकरण भएको छ । यो गम्भीर अवस्था हो । अब सकारात्मकता समाजमा पनि जरूरी छ ।

नेपाल बौद्धिक पलायन, श्रम पलायन र नैराष्यका बिचमा छ । नैराष्य आफैले पनि मानिसलाई पलायन गराउँछ । मानिस घरभित्र बस्न रूचाउँछ, अरूसँग कुरा गर्न खोज्दैन, बरू आफूमा रहेको नैराष्य चिर्न कसैसँग पनि गुनासो नगरी पलायनको बाटो रोज्छ । त्यसकारण पनि मानिस बाहिर गएको हुनसक्छ । अस्ट्रेलियामा नेपालीको आत्महत्याको दर बढ्दै गएकोप्रति अब गम्भीर बन्नु पर्ने देखिन्छ । नेपालमा बस्ने मानिस पनि निरासामा रहने र विदेश गएको नेपाली पनि निरास र हतास हुने हो भने यो कति गम्भीर परिस्थिति हो !


यसैबीचमा मानिसलाई अझ हतोत्साही बनाउने काम सामाजिक सञ्जालले गरिरहेको छ । व्यक्ति र संस्थाको व्यैयक्तिक गोपनीयता छैन । सामाजिक सञ्जालमा सबै छताछुल्ल भएको छ । कोही कसैसँग लुकेको छैन । यो हुने वित्तिकै अबको दुनियाँमा रत्नाकर ब्याधा वाल्मीकि हुने अवस्था अन्त्य भएको छ किनकि सामाजिक सञ्जालका माध्यमबाट रत्नाकरलाई वाल्मीकि हुने वातावरण नै दिइँदैन र निरन्तर लखेटिन्छ । व्यक्तिको सार्वजनिक र व्यक्तिगत जिन्दगी हुन्छ । सामाजिक उद्देश्यका लागि कसैले बोल्दा व्यक्तिगत जिन्दगीमा आक्रमण गर्न थालिन्छ, त्यसका लागि आज सामाजिक सञ्जाल माध्यम बनेको छ ।

त्यसकारण अब बोल्ने बेला आएको छ । नैराष्यलाई चिर्ने समय आएको छ । केही सकारात्मक पहलको खाँचो छ । सकारात्मक बोल्ने र समाजलाई सूसूचित गर्नेको एकै स्वर हुनुपर्ने बेला आएको छ । सामूहिक चिन्तनको जरूरी छ । विश्वविद्यालय, कलेज, सार्वजनिक फोरम र सञ्चार माध्यममा सकारात्मक चिन्तनबारे चर्चा गर्न समेत जरूरी छ । समाजको नैराष्य र राज्यमा रहेका विकृति हटाएर मुलुकभित्र स्पेस सिर्जना गर्नासाथ बौद्धिक वर्गलाई मुलुकमा सहजै फर्काउन सकिन्छ ।

*– शर्मा अर्थ-राजनीतिक विश्लेषक हुन् ।*


TASTE OF
KOREA
TASTE LIKE
RESTAURANT
ASIAN
2pm
Noodles
WITH DEHYDRATED VEGETABLES & SEAWEED
KOREAN RAMEN
WITH
SEAWEED
KOREAN SAUCE
KOREAN TASTEMAKER
DEHYDRATED VEGETABLES


Rmc FOODS
नेपालकै पहिलो
गुणस्तरीय बेकरी सर्टेनिङ
सम्पूर्ण बेकरी आइटमहरुमा उपलब्ध छ ।
NUTRIWELL CHOICE
BAKERY SHORTENING
15KG
NUTRIWELL LITE
BAKERY SHORTENING
स्वदेशी
हाम्रो सामान, हाम्रै स्वाभिमान
थप जानकारीका लागि: +९७७ ९८०१८६३००८ / ९८२८३०१७३८
www.nutrinepal.com
NUTRIWELL



Haier
Inspired Living
World's No.1* Brand for
14 CONSECUTIVE YEARS
TOP OF THE LINE
SIDE BY SIDE
REFRIGERATORS
FROM THE WORLD'S NO.1 HOME APPLIANCE BRAND.
EUROMONITOR INTERNATIONAL
Twin Inverter Technology
10 years warranty*
Dual Humidity Zone
Deo Fresh Technology
neoteric
Authorized Distributor
Neoteric Nepal Pvt. Ltd | Neo Complex ,
4/288, Bhanimandal, Lalitpur, Nepal
Email: haiernepal@gmail.com
Tel:+977 1 5454130 | 9802323383 | 9801200104
Service:1660-01-63631 | 9802304955
पूर्ण Product को Range तथा Scheme का अन्य जानकारीका लागि
नजिकैको बिक्रेता खोज्नका लागि


# पूर्वअध्यक्षहरू


प्रतीक प्रधान
२०५४-२०५७


गजेन्द्र विष्ट
२०५७-२०५९


गोपाल तिवारी
२०५९-२०६०


विजय घिमिरे
२०६०-२०६४


किरण नेपाल
२०६४-२०६६



नारायण सापकोटा
२०६६-२०६८


प्रदीप चापागाईं
२०६८-२०७०


विज्ञानविभु अधिकारी
२०७०-२०७२


गोकर्ण अवस्थी
२०७२-२०७४


पुष्पराज आचार्य
२०७४-२०७६


भीमप्रसाद गौतम
२०७६-२०७८


जनार्दन बराल
२०७८-२०८०

## कार्यसमिति


सुजन ओली
अध्यक्ष


बिनय बञ्जारा
उपाध्यक्ष


विश्वास रेग्मी
महासचिव


सोभित थपलिया
सचिव


अच्युत पुरी
कोषाध्यक्ष

## सदस्यहरू


केसु लामिछाने


हेमन्तराज जोशी


ममता थापा


बसन्तराज उप्रेती


छवी सापकोटा


संगम प्रसाई


आनन्द श्रेष्ठ

| नेपाल आर्थिक पत्रकार समाज (सेजन) सदस्यहरुको नामावली संस्था, फोन नम्बर र इमेल | | | |
|---|---|---|---|
| नाम | संस्था | फोन नम्वर | इमेल |
| अखिल सिटौला | आईसीटी नेपाल | ९८५११३५५१९ | akhilsitoula@gmail.com |
| अच्युत पौडेल | एपीवान टिभी | ९८५१०७४९७४ | achyootp@gmail.com |
| अच्यूत पुरी | अनलाइन खबर डटकम | ९८४९२१६३२३ | achutmalika@gmail.com |
| अजित अधिकारी | नयाँ पत्रिका दैनिक | ९८४९७१९९३७ | news.ajitkumar@gmail.com |
| अनिताबिन्दु पोखरेल | नेपाल टेलिभिजन | ९८५१०५५६१७ | anitabindu7@gmail.com |
| अनुजराज ढुंगेल | टेक्नोलोजी खबर | ९८४१६८८७३६ | anujraj.mail@gmail.com |
| अनुरागसिंह बर्मा | बिजनेश ३६० | ९८४१२६३७१० | anuragverma20@gmail.com |
| अमर बडुवाल | अभियान दैनिक | ९८५१२०६१९८ | amarbaduwal@gmail.com |
| अमित ढकाल | सेतोपाटी डटकम | ९८५१०३६६३८ | ameetdhakal@gmail.com |
| अरुण सापकोटा | नेपाल लाईभ डटकम | ९८४९३४७४४६ | arunodayabela@gmail.com |
| अर्जुन तामाङ्ग | टुरिजम मिडिया | ९८५१०६४१४६ | Pakhrin.arjun@gmail.com |
| अर्जुन पोखरेल | उज्यालो एफएम | ९८५१२७२५९९ | gyaniarjun@gmail.com |
| अर्जुन विष्ट | मिडिया होम | ९८५१०३६११६ | bistaarjun2008@yahoo.com |
| अर्पणा आले मगर | टेकपाना डटकम | ९८६०१२४६४७ | Arpanamagar59@gmail.com |
| आनन्द अधिकारी | ग्यालेसी फोरके | ९८४१५१७०६८ | anandadh@gmail.com |
| आनन्द श्रेष्ठ | नयाँ पत्रिका दैनिक | ९८५१०७०६६८ | charikotkoananda@gmail.com |
| आशिष ज्ञवाली | बाह्रखरी डटकम | ९८४१९४६७०२ | gyawali.nba@gmail.com |
| इशारा कोईराला | नेपाली पैसा डटकम | ९८४१०९२७७८ | isharakoirala@gmail.com |
| उत्तम प्रसाद काप्री | बिजनेश न्युज डटकम | ९८४११९०५५९ | kapriuttam559@gmail.com |
| उत्तम सिलवाल | रासस | ९८४१२१२५८४ | uttamsilwal@gmail.com |
| उद्धव थापा | देखापढी डटकम | ९८५१०६२५१७ | utmediapoint@gmail.com |
| उद्धव सिलवाल | कारोबार दैनिक | ९८४१२७८३०० | uddabsilwal@gmail.com |
| उमेश पौडेल | फिसकल नेपाल डटकम | ९८४१६७४७७२ | p.umesh8@gmail.com |
| एकराज पाठक | रासस | ९८५१०३८७०७ | pathakyekraj@gmail.com |
| एलिजा उप्रेती | नेपाल प्रेस डटकम | ९८४९६५४९७६ | eliupnews@gmail.com |
| ओजस्वी गौतम | द भास्कर | ९८५१०८२२६५ | ojaswijournalist@gmail.com |
| ओम थापा | बिजमाण्डु डटकम | ९८५१०८२८५३ | ombthapa@gmail.com |
| ओमप्रकाश घिमिरे | वाचडग मिडिया | ९८५१०९८५११ | prakashdocument@gmail.com |
| कञ्चन अधिकारी | इ कान्तिपुर डटकम | ९८५१०९५१७७ | kanchanenator@gmail.com |
| कमल अर्याल | नागरिक दैनिक | ९८४१२६३५६२ | aryalkamal244@gmail.com |
| कमला अर्याल | नेपाल टेलिभिजन | ९८४९९०३६०४ | aryal.kamala989@gmail.com |
| कल्पना खनाल | ग्लोबल मिडिया | ९८४९४९५९४३ | kalpanakhanal15@gmail.com |
| काजी श्रेष्ठ | वित्तिय पोष्ट | ९८५११८२३१३ | newskaji@gmail.com |
| किरण अधिकारी | पब्लिकपाना डटकम | ९८५११२१५७२ | voicekfm@gmail.com |

| | | | |
|---|---|---|---|
| किरण आचार्य | टक्सार म्यागजिन | ९८५१०८२१०२ | kiran.rolpa@gmail.com |
| किरण नेपाल | पूर्वअध्यक्ष | ९८५१०३४३४९ | kirannepal@gmail.com |
| कुवेर चालिसे | क्लिकमाण्डु डटकम | ९८५१०७६३०४ | kuber25@gmail.com |
| कृष्ण अधिकारी | रासस | ९८५११९७४०० | krishnarss72@gmail.com |
| कृष्ण आचार्य | कान्तिपुर दैनिक | ९८५११४१७१७ | kpahara@gmail.com |
| कृष्ण रिजाल | नयाँ पत्रिका दैनिक | ९८५१००८८६९ | mekrijal@gmail.com |
| कृष्ण विष्ट | आर्थिक पत्र | ९८४१२९७००६ | economicpost@gmail.com |
| केदार दाहाल | विजनेश न्युज डटकम | ९८४१६४५८४६ | kedar.apuro@gmail.com |
| केदार भट्टराई | गोरखापत्र दैनिक | ९८४१२९५५२९ | kaushaltar@gmail.com |
| केशव शरण लामिछाने | अन्नपूर्ण पोष्ट् दैनिक | ९८५६०२६१५० | sharan26150@gmail.com |
| गजेन्द्र बुढाथोकी | टक्सार म्यागजिन | ९८५१०५७९६६ | gbudhathoki@gmail.com |
| गजेन्द्र विष्ट | पूर्वअध्यक्ष | ९८५१०७०४९१ | gajendrabista@gmail.com |
| गोकर्ण अवस्थी | पूर्वअध्यक्ष | ९८४१३५०८०० | gokarna.awasthi@gmail.com |
| गोकुल अर्याल | नेपाल समय डटकम | ९८४१३२९९५१ | aryalgokul@gmail.com |
| गोपाल तिवारी | पूर्वअध्यक्ष | ९८५१११३६९८ | kajutiwari@gmail.com |
| गोपाल संग्रौला | कारोवार दैनिक | ९८४१६१३१२१ | gopal.sangroula2035@gmail.com |
| गोपाल साउद | टेकपाना डटकम | ९८५१२१३३१४ | saud.gopal@gmail.com |
| गोविन्द लुईटेल | नागरिक दैनिक | ९८४९८७३६२५ | nepal.b2019@gmail.com |
| चेत ब. अधिकारी (सीवि) | रासस | ९८५१०८४५८३ | adhikarirss@gmail.com |
| चिरञ्जिवी पौडेल | नेपाल प्रेस डटकम | | chiranjivi010@gmail.com |
| जनार्दन बराल | पूर्वअध्यक्ष | ९८५१०३८९९८ | janardanbaral@gmail.com |
| जीवनकुमार बस्नेत | नेपाल पूर्वाधार डटकम | ९८४१२९०४३९ | jbasnetji@gmail.com |
| जुनारबाबु बस्नेत | गोरखापत्र दैनिक | ९८४१२९५५९७ | junarb92@gmail.com |
| टिपी भुसाल | नेपाली रेडियो नेटवर्क | ९८५१०९०८०८ | tpbhusalpress@gmail.com |
| डम्बरजंग डाँगी | गोरखापत्र दैनिक | ९८४१२९५५२६ | djdangi@hotmail.com |
| डिल्लीप्रसाद सापकोटा | अर्थ बजार डटकम | ९८४९१५९५४१ | newsdilli@gmail.com |
| डुन्डुराज आचार्य | क्लिकमाण्डु डट कम | ९८५११५०८३२ | dracharya22@gmail.com |
| तपस वरसिंहँ थापा | रिपब्लीका दैनिक | | |
| तुलसीराम सुवेदी | | ९८४९७५४३४७ | tulsi953@gmail.com |
| तुला तिमिल्सिना | कान्तिपुर दैनिक | ९८४१३०७६३४ | tulatimilsina@gmail.com |
| दिनेश आचार्य | सेयर वजार | ९८५१०९१०३८ | dineshac@gmail.com |
| दिनेश रेग्मी | कान्तिपुर दैनिक | ९८५११४८०८२ | regmidinesh@gmail.com |
| दिपेन्द्र थापा | कारोबार दैनिक | ९८५१०७२०३९ | thapad97@gmail.com |
| दिलिप पौडेल | नागरिक दैनिक | ९८५७६२२०८२ | dilippaudel45@gmail.com |
| दिवाकर पन्त | रेडियो कान्तिपुर | ९८४१५२७५१० | diwakarpanta@gmail.com |
| दीक्षा रेग्मी | अर्थको अर्थ | ९८४११८४६२२ | dikshayaregmi@yahoo.com |

| | | | |
|---|---|---|---|
| धनवहादुर राउत | बजार पत्रिका | ९८४१६३१८०४ | roshan_bazar@yahoo.com |
| नन्दलाल अम्गाई | अन्नपूर्ण पोष्ट् दैनिक | ९८४१३९२६८८ | nandu.amgai@yahoo.com |
| नवराज अधिकारी | आर्थिक अभियान दैनिक | ९८४१३१९९२५ | journalist.n@gmail.com |
| नवराज चालिसे | न्यूज २४ टिभी | ९८५१०८८०६६ | navastar@gmail.com |
| नवराज ढकाल | नेपाली पैसा डटकम | ९८४१३४२२८७ | nabarajd@gmail.com |
| नवराज पोखरेल | मेगा टेलिभिजन | ९८४१३४३३१२ | |
| नविन अर्याल | नयाँ पत्रिका दैनिक | ९८५१०५२७५२ | nabinarjyal@gmail.com |
| नविना निरौला | इमेज च्यानल | ९८४१८००५५७ | niraula.nabina@gmail.com |
| नारायण सापकोटा | पूर्वअध्यक्ष | ९८४१२५६६७० | |
| नितु पण्डित | सञ्चारिका समुह | ९८४१२८१८६५ | panditnitum@gmail.com |
| निरु अर्याल | टक्सार म्यागिजन | ९८५१०३१४८७ | anjanniru@gmail.com |
| पदम न्यौपाने | नेपाली रेडियो नेटवर्क | ९८५१०६०७७० | pdmneupane@gmail.com |
| पुष्प दुलाल | क्लिकमाण्डु डटकम | ९८४९३६५१३५ | dulalpuspa@gmail.com |
| पुष्पराज आचार्य | पूर्व अध्यक्ष | ९८५१०३८४७२ | pracharyap@gmail.com |
| पुष्पराज कोइराला | उर्जा खबर डटकम | ९८५११९६६४५ | pushpkoirala@gmail.com |
| पूर्णभक्त दुवाल | राजधानी दैनिक | ९८४१३५८५५६ | purnaduwal@gmail.com |
| पृथ्वीमान श्रेष्ठ | दि काठमाडौं पोस्ट | ९८४१३६२९१३ | shrestha.prithvi6@gmail.com |
| पेशल आचार्य | इडेलेश्वर अनलाईन | ९८५१०२५३२० | peshal.acharya@gmail.com |
| प्रकटकुमार शिशिर | क्यापिटल म्यागजीन | ९८४७६२०१०६ | prakat.kumar@gmail.com |
| प्रकाश अधिकारी | आशा न्युज डटकम | ९८५११११२५३ | prakashdocument@gmail.com |
| प्रतिक प्रधान | संस्थापक अध्यक्ष | ९८५१०३२४७५ | prateekp@gmail.com |
| प्रतिक्षा खनाल | | ९८४१३५५६९९ | khanalpratiksha@gmail.com |
| प्रदीप चापागाईं | पूर्वअध्यक्ष | ९८५१०४०१०१ | chapagainpradeep@gmail.com |
| प्रमोद गिरी | भ्वाइस अफ काठमाण्डु | ९८४१३८२१०८ | giripramod90@gmail.com |
| प्रविण अधिकारी | बाह्रखरी डटकम | ९८५१०७५६३० | Meprabin.pokharel@gmail.com |
| प्रशान्त अर्याल | | ९८५१०३५८९७ | prashanta@kmg.com.np, |
| प्रसन्ना चित्रकार | द हिमालय टाइम्स | ९८५१०००६७२ | prashannaa@tht.com.np |
| प्राञ्जली बस्नेत | सत्यखबर डट कम | ९८५१२०००४१ | pranassbk@gmail.com |
| प्रेम खनाल | | ९८५२०२३३६० | premkhanal@gmail.com |
| प्रविण पोखरेल | रेडीयो नेपाल | ९८५१०५६१८१ | Meprabin.pokharel@gmail.com |
| बद्रीकुमार गौतम | नेपाल टेलिभिजन | ९८४१२२४५२५ | ntvnewsbadri@gmail.com |
| बलराम पाण्डे | बाह्र खरि डटकम | ९८४१७३१०२२ | pandey.balaram@gmail.com |
| बाबुकृष्ण महर्जन | अर्थको अर्थ | ९८४१३६६८७९ | bk.maharjan@gmail.com |
| बाबुराम खड्का | क्यापिटल नेपाल डटकम | ९८५१०९३९११ | khadka.baburam@gmail.com |
| बाबुराम ढकाल | हिपात मासिक | ९८५१०८१२८१ | hipatmashik@gmail.com |
| बालकृष्ण ज्ञवाली | कारोबार दैनिक | ९८५११९२९२८ | bgyawali9@gmail.com |

| | | | |
|---|---|---|---|
| बिनोदराज खनाल | सुविसा मिडिया | ९८५१०४५७८२ | watchdogmedia2000@gmail.com |
| भगवान खनाल | | ९८४६१२४७१९ | bhagawankhanal@gmail.com |
| भागवत भट्टराई | सेतोपाटी डटकम | ९८४९३८९६०४ | bhagwat2068@gmail.com |
| भीम गौतम | पूर्व अध्यक्ष | ९८४१३०२६२७ | journalistbhim@gmail.com |
| भुवन पौडेल | नोट बजार डटकम | ९८४१९५८२३६ | uniquepoudel@gmail.com |
| भूमिश्वर पौडेल | कान्तिपुर दैनिक | ९८४९१०४२४३ | sirishbhumi@gmail.com |
| भेषराज पोखरेल | नेपाल बहस डटकम | | |
| भेषराज बेल्वासे | गोरखापत्र दैनिक | ९८४१४२१९०० | belbase_bheshraj@yahoo.com |
| मणी लोहनी | कान्तिपुर टिभी | ९८४१९५३६८४ | manilohani@hotmail.com |
| मदन लम्साल | आर्थिक अभियान दैनिक | ९८५१०४१६५२ | madanlamsal@gmail.com |
| मदन लामिछाने | आर्थिक पाटी डटकम | ९८४१८९७२८१ | lamichhanemadan45@gmail.com |
| मधुकर दाहाल | | ९८५११४०९७६ | |
| मधुजंग पाण्डे | राजधानी दैनिक | ९८४१७२६२७२ | madhujung.pandey@gmail.com |
| मनबहादुर बस्नेत | हिमाल खबर | ९८५११०११०६ | mb.basnet@gmail.com |
| ममता थापा | अन्नपूर्ण पोष्ट् दैनिक | ९८४१५५३६१८ | thapamamata22@gmail.com |
| मातृका दाहाल | कान्तिपुर दैनिक | ९८४१६६९७०० | matrikadahal@gmail.com |
| माधव ढुंगेल | | ९८४१३४२१५७ | mpdhungel@gmail.com |
| माधव दुलाल | पहिचान डटकम | ९८५१०७८७९६ | madhav009@gmail.com |
| मुकुल हुमागाई | | ९८०१०३१३१४ | mukul.humagain@gmail.com |
| मुना कुँवर | नयाँ पत्रिका दैनिक | ९८५११०१८५४ | munakunwar012@gmail.com |
| मोहन बास्तोला | मैत्री खबर | ९८४१८८५६७५ | mbastola9@gmail.com |
| यज्ञ वन्जाडे | कान्तिपूर दैनिक | ९८५११६९६४९ | banjade.yagya@gmail.com |
| यादव हुमागाई | अर्थिक अभियान दैनिक | ९८५११६०४९८ | j.yadav2006@gmail.com |
| योगेश पोखरेल | दि राइजिङ नेपाल | ९८५१०४८३३९ | yogesh.pokharel@gmail.com |
| रक्षा रेग्मी | क्लाउड डट कम | ९८५११५६६७० | ojesbi@gmail.com |
| रञ्जित तामाङ | स्थानीयखबर डट कम | ९७४१०३२०५६ | ranjittamang1@gmail.com |
| रञ्जु काफ्ले | दि राइजङ नेपाल | ९८४१७८०४६५ | kafleranju@gmail.com |
| रमेश केसी | अर्थको अर्थ | ९८४१२०२११८ | rameshkc2013@gmail.com |
| रमेश ढकाल | इमेज च्यानल | ९८४१३७३५५२ | rameshdhakal29@yahoo.com |
| रमेश लम्साल | दि राइजिङ नेपाल | ९८५१०१०४६२ | lamsalrames@gmail.com |
| रमेश लम्साल | रासस | ९८४१५०४०९८ | rameshlamsal@gmail.com |
| रमेशकुमार न्यौपाने | हिमालखबर | ९८४१८३१६५२ | aswikrit46@gmail.com |
| रविचन्द्र पराजुली | नेपाल टेलिभिजन | ९८४१४६४९७१ | rcparajuli@yahoo.com |
| रविन्द्र कुमार शाही | बिजनेश न्युज डटकम | ९८६०५६८१०४ | shahisamir9@gmail.com |
| राजु चौधरी | कान्तिपुर दैनिक | ९८४१७३३२१२ | rajp20097@gmail.com |
| राजु बास्कोटा | क्लिकमाण्डु डट कम | ९८४१५०१००७ | news4raju@gmail.com |

| | | | |
|---|---|---|---|
| राजेश खनाल | दि रिपब्लिका दैनिक | ९८४१३२९५२९ | khanalrajesh1@gmail.com |
| राधा चालिसे | गोरखापत्र दैनिक | ९८४१२२१६२४ | radha.chalise79@gmail.com |
| राम प्रसाद दाहाल | दि राइजिङ नेपाल | ९८४१२७३२४१ | rpd9841@gmail.com |
| रामकृष्ण गजुरेल | चाणक्य मासिक | ९८५१०३६५४२ | sagar.gajurel@gmail.com |
| रामकृष्ण पौडेल | विकाश न्यूज डटकम | ९८५१०३०४५४ | rkpbikas@gmail.com |
| रामप्रसाद पुडासैनी | आर्थिक दैनिक | ९८५१०२३६१५ | pudasainirp@gmail.com |
| रामराजा श्रेष्ठ | विजखवर डटकम | ९८५१००८७९१ | rrshrestha365@gmail.com |
| रामेश्वर बोहोरा | उकालो डटकम | ९८५१०३६५५५ | rambohora@gmail.com |
| रुद्र खड्का | अभियान दैनिक | ९८५८०२०७२२ | rudrakhadka1@gmail.com |
| रुद्र पंगेनी | | ९८५११९१३६३ | rudra.pangeni@gmail.com |
| रुपक डी शर्मा | | ९८१३७५५०२ | rupak.dee@gmail.com |
| रोशन कार्की (कुल) | तिव्र खबर डटकम | ९८४१४७५९८२ | karkirimn@gmail.com |
| रोशन रेग्मी | | ९८५१०१७१२५ | rcregmi2006@gmail.com |
| लक्ष्मण काफ्ले | दि राइजिङ नेपाल | ९८४१५५७७६७ | laxman.kafle@yahoo.com |
| लक्ष्मण वियोगी | उर्जा खबर डटकम | ९८५१०१०६१४ | biyogi2@gmail.com |
| लक्ष्मी सापकोटा | गोरखापत्र दैनिक | ९८४१८५०११४ | sapkotalaxmi10@gmail.com |
| लक्ष्मीप्रसाद उपाध्याय | गोरखापत्र दैनिक | ९८४१५००९५९ | upa.laxmi07@gmail.com |
| लक्ष्मीप्रसाद खतिवडा | कारोबार दैनिक | ९८४१३०६८०७ | khatiwadalp@gmail.com |
| लवेश प्याकुरेल | बैंकिङ समाचार डटकम | ९८४१९३५६३४ | lavesh11@gmail.com |
| लिलानाथ घिमिरे | अर्थ संसार डटकम | ९८४१२८२१०० | lnghimire@gmail.com |
| लेखनाथ पोखरेल | हिमालय टाइम्स | ९८४१२१६७९२ | lekhnathpokhrel87@gmail.com |
| विजयकुमार तिमल्सिना | टेकपाना डटकम | ९८५१०९८२५५ | bijay@techpana.com |
| विजय घिमिरे | पूर्वअध्यक्ष | | BijayaGhamire@gmail.com |
| विजयराज खनाल | सेतोपाटी डटकम | ९८४१८९९१९ | vjkhanal05@gmail.com |
| विज्ञान अधिकारी | पूर्वअध्यक्ष | ९८४१४९०७०६ | badhikari2010@gmail.com |
| विदुर खतिवडा | केन्द्र बिन्दु डटकम | | bidur.khatiwada@gmail.com |
| विद्या बज्राचार्य | संस्थापक | ९८४१२०९१०२ | |
| विनय बञ्जरा | ग्यालेक्सी फोर के | ९८५११४९४९६ | binay.sabisagar@gmail.com |
| विपेन्द्र कार्की | जीडीपी नेपाल डटकम | ९८५१०९०९१४ | karkibipendra@gmail.com |
| विश्वास रेग्मी | गोरखापत्र दैनिक | ९८५१२७७७०० | bishwasregmi51@gmail.com |
| विष्णु तामाङ्ग | प्रभाव दैनिक | ९८५१०१०४९२ | tmgbishnu@gmail.com |
| विष्णु पोखरेल | नागरिक दैनिक | ९८४११५८३७८ | bppbiratnagar@gmail.com |
| विष्णु पोखेल | न्यूज सेवा डटकम | ९८४९४८५३८० | pokhrel24@gmail.com |
| विष्णु प्रसाद तारुके | शेयर बजार साप्ताहिक | ९८५१०९९८०० | taruke.journalist@gmail.com |
| विष्णु भट्टराई | हिमाल प्रेस डटकम | ९८५१२३०७९२ | jollybishnu@gmail.com |

| | | | |
|---|---|---|---|
| विष्णु वेल्बासे | मेरो लगानी डटकम | ९८५१००९७३१ | bb.belbase@gmail.com |
| वीरेन्द्र ओली | नयाँपत्रिक दैनिक | ९८४३५७०३५७ | olibirendra19@gmail.com |
| शंकर प्रसाद पण्डीत | हिमालय टेलिभिजन | ९८४१२२७४०१ | panditshankar110@gmail.com |
| शरद ओभ्रा | क्लिकमान्डु डटकम | ९८४९६२३१२५ | snepalmail@gmail.com |
| शरद भण्डारी | रासस | ९८४९३२५७१४ | sharachchandra@gmail.com |
| शर्मिला ठकुरी | अर्थ टुडे | ९८४१६०१८२० | payareesharmi@gmail.com |
| शिरोमणी ढुगांना | नेपाल लाइभ टुडे | ९८४१४३५३७४ | meshiromani@gmail.com |
| शालिकराम सुवेदी | नेपाल टेलिभिजन | ९८५१०६६७११ | subedi.salik@yahoo.com |
| शिक्षा रिसाल | | ९८४११९३०७८ | risal.shiksha@gmail.com |
| शिव दुवाडी | सुनाखरी न्यूजडट कम | ९८५१०२२८११ | shiva397@gmail.com |
| शिव बोहोरा | विजनेश न्युज डट कम | ९८४९३५३३७५ | brother.bohara@gmail.com |
| शिवप्रसाद सत्याल | वडापालिका डटकम | ९८५११३६८५४ | satyalshiva@gmail.com |
| श्रीकृष्ण न्यौपाने | सरोकार टिभि | ९८५१०५०२८४ | shanketz76@gmail.com |
| संगम प्रसाई | काठमाडौ पोस्ट दैनिक | ९८४१४६६९०० | prasaisangam@hotmail.com |
| सञ्जय पन्थी | एडुखबर डटकम | ९८४१४३४९४३ | kanchu42@gmail.com |
| सञ्जिव गिरी | बिबिसी नेपाली सेवा | ९८४१७७०१६२ | sanjeev1974ad@gmail.com |
| सञ्जीवकुमार पौडेल | | ९८४१२३३५५५ | sanjeev_doom@hotmail.com |
| सन्तगाहा मगर | हिमाल खबर | ९८५१०३५५३० | santagaha@gmail.com |
| सन्तोष न्यौपाने | | ९८५११२७३५४ | santyneupane@gmail.com |
| सन्तोष पोखरेल | विजखबर डटकम | ९८५१०४१८९८ | masantosh9@gmail.com |
| सरस्वती ढकाल | कारोबार दैनिक | ९८५१०६७५०९ | sarudhakal.2009@gmail.com |
| सरोज अधिकारी | गोरखापत्र दैनिक | ९८४१२२४२०० | schonsaroj@gmail.com |
| सरोज खनाल | न्यूज अर्थ डटकम | ९८४१३१११६६ | khanal.saroj@gmail.com |
| सिताराम विलासी | कर्पोरेट नेपाल | ९८४१३२०८८० | sitarambilashi@gmail.com |
| सुजन ओली | अध्यक्ष | ९८५११९८६४७ | sujan.oli2010@gmail.com |
| सुजन ढुंगाना | | ९८४९१६२९०६ | mesujan888@gmail.com |
| सुजित महत | उकालो डटकम | ९८५१०९२२७६ | sujit.mahat@gmail.com |
| सुदर्शन सापकोटा | विजमाण्डु डटकम | ९८४१८३६९२३ | darshanme08@gmail.com |
| सुदिप श्रेष्ठ | सेतोपाटी डटकम | ९८५१००९७१९ | shrestha.sudeep@gmail.com |
| सुदिल पोखरेल | कान्तिपुर टिभी | ९८५१२४९५८३ | sudil.pokharel@gmail.com |
| सुदीपकुमार ढुंगाना | नयाँपत्रिका दैनिक | ९७४१००७७७७ | aabrity@gmail.com |
| सुधा सापकोटा | | ९८४१४०९५४६ | knowme14@gmail.com |
| सुनिता कार्की | अन्नपूर्ण पोष्ट दैनिक | ९८४३७०८०४९ | peacesunita@gmail.com |
| सुमन पन्थ | कान्तिपुर टेलिभिजन | ९८४९०९७९०० | sumanpantha6@gmail.com |
| सुरज कुँबर | कान्तिपुर दैनिक | ९८५११६४००० | firstnepali@gmail.com |

| | | | |
|---|---|---|---|
| सुरेन्द्रबहादुर थापा | नोट बजार डटकम | ९८०३६५७३७८ | thapasurendra032@gmail.com |
| सुवास योञ्जन | क्यापिटल नेपाल डटकम | ९८५११९३५८७ | yonjansubash2018@gmail.com |
| सुशील भट्टराई | क्यापिटल नेपाल डटकम | ९८४१३४३४४५ | bhattarais007@hotmail.com |
| सुस्मिता लाल | रेडीयो शार्दुल | ९८०३३७३३०४ | sushmita2047@gmail.com |
| सोभीत थपलीया | क्लिकमाण्डु डटकम | ९८४९८६५९२९ | sovit.news@gmail.com |
| हरि लामिछाने | रासस | ९८४१८४०४११ | hlamichhane@gmail.com |
| हरिशरण न्यौपाने | एनएन टिभी | ९८४१८६९८६६ | harisharan99@yahoo.com |
| हिमा बिक | आर्थिक अभियान दैनिक | ९८४१३४१७०४ | himashruti117@gmail.com |
| हृदय गौतम | अर्थको अर्थ | ९८५१०४३४३२ | hridaygautam@gmail.com |
| होमबहादुर काकी | कान्तिपुर दैनिक | ९८४११७९४२६ | |
| कमल कुमार बस्नेत | रासस | ९८५११४७८८४ | kamalbasnet98@gmail.com |
| सुरेन्द्र पोखरेल | नेपाली पैसा | ९८४११४०००४ | surendrapokhrel56@gmail.com |
| दुर्गा लामिछाने | | ९८४५५७४०९६ | lamichhanedurga@gmail.com |
| गिता भुजेल | चाणक्य पोष्ट | ९८४३११५३७९ | geeta.host@gmail.com |
| सुजन सुवेदी | चाणक्य पोष्ट | ९८४३४९५६६५ | sujansubedi4u@gmail.com |
| कौशिला कुवँर | कारोबार दैनिक | ९८४९७८५१७८ | kunwarkaushila48@gmail.com |
| हिमाल लम्साल | नागरिक दैनिक | ९८४६२९१७१९ | himallamsal@gmail.com |
| केसु लामिछाने | उकालो डटकम | ९८४५५१७२८४ | journalistkeshu@gmail.com |
| कमल नेपाल | कान्तिपुर दैनिक | ९८४९७२९३८८ | kamal.nepal2@gmail.com |
| लक्ष्मण दर्लान | गोरखापत्र दैनिक | ९८४१४६०८४९ | journalist.laxman@gmail.com |
| बिनोद आचार्य | हिमालयन टिभी | ९८६०३४२३६३ | abinod975@gmail.com |
| मिनराज भण्डारी | गोरखापत्र दैनिक | ९८६९८४६३९० | bhandariminmahesh@gmail.com |
| राजेश बर्मा | क्लिकमान्डु डट कम | ९८४९०१७४०१ | raj.annapurna@gmail.com |
| सुमनराज गिरी | अर्थ र रोजगार | ९८५१०९२६९६ | suman.rojgarmanch@gmail.com |
| राजेन्द्र खनाल | मेरो लगानी डटकम | ९८५१०६३०५५ | ghritakausik@gmail.com |
| शिव बस्नेत | टेकपाना डटकम | ९८४९७९१८६९ | shivabasnet20@gmail.com |
| पूर्णप्रसाद मिश्र | रासस | ९८४१४६३३८५ | puranrss85@gmail.com |
| भोजराज भण्डारी | नयाँ पत्रिका दैनिक | ९८६४०१२१२९ | bhojrajb82@gmail.com |
| छविलाल सापकोटा | एनएन टिभी | ९८५१०८१९४३ | thisis.chhabi@gmail.com |
| प्रेम पुनथोकी | अभियान दैनिक | ९८४७१६३३०३ | prempunthoki@gmail.com |
| दिनेश खड्का | बिजमाण्डु डटकम | ९८४३७०७०६० | dineshkhadka885@gmail.com |
| उजिरमान काकी | नेपाल खबर | ९८४२२९३३११९ | ukeshk47@gmail.com |
| अशिम न्यौपाने | नेपाललाइभ टुडे | ९८४३५४८५९४ | neupaneyashim@gmail.com |
| मुना सुनुवार | रिपब्लीका दैनिक | ९८४९०८९२१७ | themunasun@gmail.com |
| रञ्जनहरी कोइराला | टेकपाना डटकम | ९८५१०८६८९७ | ranjan@techpana.com |

| | | | |
|---|---|---|---|
| भरतबहादुर रावल | कान्तिपुर टिभी | ९८५१११४०१० | bharatbrawal1990@gmail.com |
| किशोर दाहाल | विजनेश न्युज डटकम | ९८१६००५९३० | dahal.kishor@hotmail.com |
| पवन तिमिल्सीना | नयाँ पत्रिका दैनिक | ९८४१५९१५६० | timilsina.pawan@gmail.com |
| प्रेम बहादुर चन्द | हिमाल प्रेस डटकम | ९८४३८२०६७६ | bdrprem889@gmail.com |
| बसन्तराज उप्रेती | बिजमाण्डु डटकम | ९८४११६२४६३ | upretibasantaraj@gmail.com |
| धना ढकाल | पुर्वाधार डटकम | ९८४१६९६५६३ | sharma.dhanu@gmail.com |
| हेमन्तराज जोशी | रासस | ९८५१०८०५७० | aviyan.hrjoshi@gmail.com |
| चोलाकान्त खनाल | दि राइजिङ नेपाल | ९८५१०५१०३३ | newscknal@gmail.com |
| जिपी भण्डारी | नागरिक दैनिक | ९८६६३३२४८८ | journo.ganesh@gmail.com |
| आशा थपलिया | नेपाल टिभी | | ashathapaliya@gmail.com |
| अनन्त न्यौपाने | बिजमाण्डु डटकम | ९८४२०२३६५६ | anantabrt@gmail.com |
| ओम प्रकाश खनाल | आर्थिक अभियान दैनिक | ९८५५०२३४६३ | omkhanal@gmail.com |
| केशव समर्पण सेवदी | कारोबार दैनिक | ९८५५०७१२२४ | samarpan.keshav@gmail.com |
| चन्द्रप्रसाद खनाल | टक्सार म्यागजिन | ९८५७०२१९०० | hamrocp@gmail.com |
| ओमबहादुर शाही | शिलापत्र डटकम | ९८५८०८०५०७ | infoimomshahi@gmail.com |
| तेजराज भट्ट | नयाँ पत्रिका दैनिक | ९८४८४४२८१८ | tejdhn@gmail.com |
| अनिल न्यौपाने | बिजखबर डटकम | ९८४१६६८४३३ | neupaneanilkumar@gmail.com |
| गणेश सुवेदी | अभियान दैनिक | ९८५१२२२७८९ | subedisweet@gmail.com |
| सोमराज पोखेल | हाम्राकुरा डटकम | ९८४१२९६०९४ | somjournal@gmail.com |
| ऋगवेद शर्मा | विजनेश न्युज डटकम | ९८४१६२६५५५ | rigvedasharma@gmail.com |
| निर्मला घिमिरे | सेतोपाटी डटकम | ९८५११०२६४५ | nirmalaghimire02@gmail.com |
| मदनराज पन्त | बिजखबर डटकम | ९८४१९७६४५९ | madanrajpant@gmail.com |
| सुनिता सिटौला | सेतोपाटी डटकम | ९८६४३९८३५५ | reporterkhuc@gmail.com |
| उन्नत सापकोटा | बिजमान्डु डटकम | ९८५११५२५१३ | unnatsapkota18@gmail.com |
| हरिप्रसाद गजुरेल | मेरो अटो डटकम | ९८४१०१७६६४ | talkwithgajurel@gmail.com |
| सिमा तामाङ | कान्तिपुर दैनिक | ९८६६८८३०३५ | tamangseema99@gmail.com |
| नवराज न्यौपाने | बीमापोष्ट डटकम | ९८५११९९३२२ | nabarajneupane@gmail.com |
| कमल धिताल | कान्तिपुर दैनिक | ९८४११५२९१८ | kd152918@gmail.com |
| हदिश खुदार | नयाँ पत्रिका दैनिक | ९८५४०८३७८६ | hadisnaya@gmail.com |
| कृष्णा प्रसाईं | कान्तिपुर दैनिक | ९८०८०४१७४१ | prasainkrishana@gmail.com |
| विमल खतिवडा | कान्तिपुर दैनिक | ९८५१०६५४६५ | bimalnews@gmail.com |
| सजना बराल | कान्तिपुर दैनिक | ९८४९६४४५६१ | sazhimal@gmail.com |
| कृष्णा भट्टराई | अर्थ संसार डटकम | ९८५८४२३१३० | bhattaraikrisu49@gmail.com |




| Dealer Location | BIRTAMODE | BIRATNAGAR | JANAKPUR | BIRGUNJ | NARAYANGARH | BUTWAL | BHAIRAHAWA | DHANGADHI | POKHARA | BANEPA | DANG | NEPALGUNJ | KALANKI | TINKUNE |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Contact Details | 9816916688 | 9852024843 | 9801656446 | 9802916501 | 9851268461 | 9802622291 | 9808789516 | 9866703087 | 9802821770 | 9801846262 | 9857835414 | 9858080184 | 9851189272 | 9801846262 |

PARAMOUNT MOTORS

**PARAMOUNT MOTORS PVT. LTD.** (Authorized Importer & Distributor for Nepal)
Naxal, Kathmandu. Tel: 4543233/4545433 & Bhaktapur Tel: 9802353313
URL: www.mgmotors.com.np, Email: info@paramountmotors.com.np

# SURYA NEPAL

PRIVATE LIMITED

ENDURING VALUE FOR ALL STAKEHOLDERS

1st TIME IN NEPAL

# TIME TO TAP & WITHDRAW

**SECURE, RELIABLE & EFFICIENT**

Now, **TAP** your card on NIMB ATM Machine to make an easy transaction.




*Terms & Conditions Apply

**BENEFITS**

- Tap-to-Withdraw transactions are more secure with reduced risk of fraud (skimming).
- Tap-to-Withdraw is more secure and reliable than other forms of payments.
- Tap-to-Withdraw takes less time.

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

Contact: 9851126440, Toll Free Number: 16600100070
info@nimb.com.np, card@nimb.com.np
www.nimb.com.np

समृद्धिको पथमा सँगै अघि बढ्दै

# हामी तपाईंकै लागि

१८ वर्षदेखि नेपालीको सेवामा समर्पित

आधुनिक दूरसञ्चार जगतको नयाँ आयाम बनेर आफ्नो सेवा मार्फत आम नेपालीलाई जोड्न १७ सेप्टेम्बर, २००५ बाट हामीले सेवा शुभारम्भ गरेका थियौं ।

नवीन प्रविधिका साथ निरन्तर परिवर्तनको संवाहक बन्दै हामीले आफ्नो यात्राको १८ वर्ष सफलतापूर्वक पूरा गरेका छौं ।

एनसेललाई सफलताको उचाइतर्फ डोऱ्याउने यात्रामा अगाध माया, प्रोत्साहन, प्रेरणा र सद्भावका साथ सहयात्रा गरिदिनुहुने सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

हरपल यहाँहरुको साथै रही आधुनिक दूरसञ्चार मार्फत संसार जोड्ने कार्यमा निरन्तर समर्पित रहने वाचा गर्दछौं ।

## हामी तपाईंकै लागि

Ncell

Today. Tomorrow. Together.